

# एक धड्कन पर

## अनन्ततातर्फ तपाईंको यात्रा

मार्क केहिल

# एक धड्कन पर

अनन्ततातर्फ तपाईंको यात्रा

## मार्क केहिल

## विषय सूची


| | |
|---|---|
| परिचय | ५ |
| १. नोबल पुरस्कार | १ |
| २. अब म छर्लङ्ग देख्दछु | १६ |
| ३. रातो चाँदीको सिक्का | ४७ |
| ४. "ज्वालाहरू ! ज्वालाहरू !" | ८३ |
| ५. त्यो व्यवस्था हो ! | १०४ |
| ६. खराब खबर | १३५ |
| ७. असल खबर | १५० |
| ८. अर्को कदम | १७६ |
| ९. निर्णयहरू, निर्णयहरू | १८५ |
| १०. म को हुँ ? | २११ |
| ११. पुत्रको ज्योति चम्काउनु | २१६ |
| १२. टिक, टिक, टिक | २५४ |
| श्रोतहरू | २६१ |
| पश्चटिप्पणीहरू | २६२ |


हामीले महसुस नगरे तापनि
हामी सबैले कुनै न कुनै कुरामाथि
विश्वास गर्दछौं ।

उपहारस्वरूप

लाई

ले दिनुभएको

मितिः

समर्पण

यो पुस्तक सत्यप्रति समर्पण गरिएको छ।

तपाईंले खोज्नुभयो भने यो पाउनुहुनेछ।

# परिचय

**यो जीवनको लागि जुटाइदिने तर अनन्तताको निम्ति कत्ति पनि वास्ता नगर्ने व्यक्ति केही क्षणको लागि बुद्धिमान् हुन्छ, तर सधैंभरिको लागि भने मूर्ख हुन्छ ।**

***जोन टिलोट्सन***

सङ्युक्त राज्य अमेरिकाको कुरा गर्दा, राष्ट्रपतिपदका उम्मेदवारहरूले कतै आफू निर्वाचित भइहालेमा ठूलो सहायता पुगोस् भनेर आफ्नो सहयोगी छान्नमा अत्यन्त होश पुऱ्याउनुपर्दछ भन्ने भनाइ छ । कुनै पनि क्षणमा, उपराष्ट्रपतिचाहिँ सङ्युक्त राज्य अमेरिकाको राष्ट्रपति बन्नदेखि केवल एक धड्कन पर हुन्छ - जुन पद संसारको सबैभन्दा शक्तिशाली पद हो ।

सत्यताचाहिँ यो हो कि हामी सबैजना कुनै पनि क्षणमा अनन्ततादेखि एक धड्कन पर हुन सक्दछौं । तपाईंको मुटु चौबीस घण्टाको अवधिमा लगभग १००,००० पटक धड्कन्छ । एक दिन ती धड्कनहरूमध्ये एउटाचाहिँ तपाईंको अन्तिम धड्कन हुनेछ ।

के यो सोचाइले तपाईंलाई चिन्तित तुल्याउँदछ ? अधिकांश मानिसहरूमा स्वाभाविकरूपमा नै मृत्युको डर हुन्छ । हास्य कलाकार रोबिन विलियम्सले यसलाई यसरी प्रष्ट पारे, "मृत्युचाहिँ प्रकृतिले 'तेरो टेबल तयार भयो' भन्ने तरिका हो ।" अभिनेता डेविड निवेनले यसो भने, "म जानेछैनँ । म लात्ताले हिर्काउनेछु र चिच्चाउनेछु अनि डरलाग्दो सुस्केरा हाल्नेछु ।" अनि उडी अलेनले यसो भने, "म मर्नदेखि डराउनेछैनँ, म त केवल त्यो आउँदाखेरि उपस्थित हुन चाहन्नँ ।"

अनि यसो भन्ने स्टिकर गाडीको बम्परमा टाँसिन्छ, "मृत्युचाहिँ तपाईंलाई शान्त हुन आग्रह गर्ने प्रकृतिको तरिका हो ।"

तैपनि हामी सबैजना मर्नुपर्नेछ र हामी सम्पूर्ण अनन्तताभरिको लागि कुनै न कुनै ठाउँमा पुग्नेछौं । अबको तीन खर्ब वर्षपछि तपाईं कहाँ हुनुहुनेछ ?

योचाहिँ हामी सबैले जीवनको कुनै क्षणमा विचार गर्ने एउटा कुरा हो । चाहे त्यो बिमारी होस्, चाहे असजिलो हवाइयात्रा, गाडी दुर्घटना, कुनै साथीको वा जोन्नी कार्सन, डेल एर्नहार्ड वा पोपजस्ता कुनै प्रख्यात मानिसको

मृत्यु होस्; सेप्टेम्बर ११, इण्डियन सागरमा आएको सुनामीजस्तो अन्तिम समयको कुनै घटना होस् वा अन्य कुनै प्राकृतिक विपत्ति होस् – कुनै परिस्थितिले हाम्रा सोचाइहरूलाई हामीले यो ग्रह छोड्ने बेलामा के हुन्छ भन्ने कुरातिर फर्काइदिनेछ।

त्यसैले हामी यो ग्रहमा किन छौं त ? हाम्रो अस्तित्वको उद्देश्य के हो ? धेरै मानिसहरूले त्यो उद्देश्यचाहिँ विद्यालय जानु, रमाइलो गर्नु, जागिर खानु, विवाह गर्नु, छोराछोरी जन्माउनु, खेल हेर्न जानु, कपाल फुलेको हेर्नु, सेवानिवृत्त हुनु, गल्फ खेल्नु र मर्नु हो भन्ने सोच्दछन्।

तर हामीले दिनहुँ स्वास फेर्नुको कारण के यही नै हो त ? यो जीवनको यात्रामा जिउनु र मर्नुभन्दा अरू पनि कुरा हुँदैन र ? हामीले यो ग्रहमा बिताउने समय सफल भएको छ भनी हामी कसरी थाहा पाउन सक्दछौं ?

कोही-कोहीले कहिल्यै पनि जेलमा नपरेमा र कसैलाई पनि चोट नपुऱ्याएमा नै असल जीवन जिएको ठान्न सक्दछन्। अरूले चाहिँ केही कुरा - वा कुनै व्यक्ति - को नाउँसँग आफ्नो नाउँ जोड्नुलाई नै सफलता भन्दछन्। तपाईंको लागि भने तपाईंका छोराछोरी ठूलो समस्यामा नपर्नु वा तपाईंले रूपियाँपैसाको बारेमा कहिल्यै पनि चिन्ता गर्न नपर्नु नै असल जीवन हुन सक्दछ।

यो जीवनकालमा तपाईंको लागि सबैभन्दा महत्वपूर्ण कुरा के हो ? के त्यो माथि उल्लेखित कुराहरूमध्ये एउटा हो ? मैले एउटा विमानस्थलमा एकजना मानिसलाई यो प्रश्न सोधेँ र उसको लागि उसको परिवार नै सबैभन्दा महत्वपूर्ण कुरा थियो भनी उसले जवाफ दियो जुनचाहिँ यो प्रश्नको सामान्य जवाफ हो।

त्यसपछि मैले ऊ मर्ने दिनमा उसको लागि कुन कुरा सबैभन्दा महत्वपूर्ण हुनेथियो भनी उसलाई सोधेँ। उसले फेरि उसको परिवार नै त्यो कुरा हुनेथियो भनी जवाफ दिन थालेपछि उसले के भन्न खोजेको थियो भनी मैले सोधेँ। उसले व्याख्या गऱ्यो: ऊ मरेपछि उसको परिवारको पालनपोषण गर्न पुग्ने पर्याप्त पैसा ऊ छोड्न चाहन्थ्यो।

अनि मैले सुझाव दिएँ, "तपाईं मर्नुभएपछि कहाँ जानुहुनेछ भन्ने कुरा पत्ता लगाउनु र कुनै दिन तपाईंको परिवार पनि त्यहाँ भेला हुनु भन्ने कुरा महत्वपूर्ण हुँदैन र ?" उसले आँखा ठूल्ठूला पाऱ्यो र उसले त्यसबारे पहिला कहिल्यै पनि विचार नै नगरेको कुरा बतायो।

हामी सबैजना निश्चित आङ्कडाको अंश भएका हुनाले - दशमा दशैजना मानिसहरू मर्दछन् - हामी मरेपछि कहाँ जान्छौं र त्यहाँ हामीसँग को-को हुनेछन् भन्ने कुराचाहिँ हामी सबैले विचार गर्नुपर्ने कुरा हो ।

तपाईंले अन्तिम स्वास फेर्नुभएपछि, कुन कुराले पर्खिरहेको हुन्छ ? तपाईंले शरीर त छोड्नुहुन्छ, तर तपाईंको प्राणलाई चाहिँ के हुन्छ होला ?

तपाईंको अस्तित्व यो जीवनमात्र भन्दा बढी हुन्छ भनी तपाईंले विश्वास गर्नुहुन्छ भने तपाईं बहुमतमा पर्नुहुन्छ । द बार्ना ग्रुपले हालसालै गरेको एउटा सर्वेक्षणअनुसार, दशमध्ये आठजना अमेरिकीहरूले मृत्युपश्चात् हुने कुनै प्रकारको जीवनमा विश्वास गर्दछन् । अनि ७९ प्रतिशत अमेरिकीहरू यो कुरामा सहमत भए कि "हरेक व्यक्तिमा एउटा प्राण हुन्छ जुन सदासर्वदा बाँच्नेछ, या त परमेश्वरको उपस्थितिमा या अनुपस्थितिमा ।"[१]

तपाईं मुर्नहुँदा, अर्कोपट्टि के हुनेछ भनी तपाईं ठान्नुहुन्छ ? यससम्बन्धी धेरैवटा आस्थाहरू छन् । उदाहरणको लागिः

- हिन्दु धर्मले कर्मको नियमको आधारमा हरेक व्यक्तिले असङ्ख्यपटक पुनर्जन्म लिन्छ भनी भन्दछ । कर्मको नियम यो हो कि कुनै व्यक्तिले एउटा जीवनकालमा गर्ने असल तथा खराब कामहरू र सोचाइहरू अर्को जन्ममा तिनीहरूलाई नै गरिन्छन् र उसको प्राण ईश्वरीय सारमा विलिन नभएसम्म यो प्रक्रिया दोहोरिइरहन्छ ।
- यहूदी बाइबल (जसलाई क्रिश्चियनहरूले पुरानो करार भन्दछन्) र नयाँ कराले पनि एउटा स्वर्ग र एउटा नरक छन् भनी सिकाउँदछन् । विश्वासयोग्य यहूदीहरूले मृत्युपश्चात् कुनै न कुनै प्रकारको पुरस्कार वा दण्ड आउँदछ भनी विश्वास गर्दछन्, जसरी बाइबललाई विश्वास गर्ने यहूदीहरूले पनि विश्वास गर्दछन् ।
- इस्लाम धर्मले मृत्युपश्चात् स्वर्गलोक र नरकको आगो हुन्छ, अनि शहादतचाहिँ स्वर्गलोकमा जाने एकमात्र निश्चित टिकट हो भनी सिकाउँदछ ।
- बौद्ध धर्मले यो विश्वास गर्दछः ज्ञान पाएर प्राणको निरन्तर पुनर्जन्म हुन्छ र अन्त्यमा गएर त्यो निर्वाणा भनिने अस्तित्वविहीन अवस्थामा पुग्दछ ।
- नास्तिकहरूले मृत्युपश्चात् कुनै सचेत जीवन हुँदैन भनी विश्वास गर्दछन् । एक नास्तिकले मृत्युलाई "भौतिक धूलोमा विश्राम लिनु" भनी व्याख्या गर्दछ ।

- नयाँ युग नामक अभियानले धेरैवटा आस्थाहरूलाई समेट्दछ, जस्तै, मानिसहरूले परमेश्वरसँग नमिलेसम्म निरन्तर पुनर्जन्म लिइरहन्छन् भन्ने आस्था ।

सम्भाव्यताहरू अति धेरै छन्, तर तपाईंलाई आइपर्ने चाहिँ कुन हो त ? तपाईंले अन्तिम स्वास लिनुभएपछि के हुन्छ भनी तपाईं कसरी जान्न सक्नुहुन्छ ? के यो कुरा थाहा पाउन सम्भव हुन्छ ? अधिकांश मानिसहरूले प्राणको अस्तित्व र मृत्युपश्चात्को जीवनमा विश्वास गरे तापनि, धेरैजनाचाहिँ आफ्नो भाग्यको बारेमा अनिश्चित हुन्छन् । चारमध्ये एकजना वयस्कले आफू मरेपछि के हुनेछ भन्ने बारेमा "केही पनि थाहा नभएको" कुरा स्वीकार गर्दछ । आश्चर्यजनकरूपमा, नास्तिकहरू र भौतिकवादीहरूमध्ये दुई-तिहाइले मृत्युपश्चात्को जीवनको अस्तित्वमा विश्वास गर्दछन् । त्यसैले यो कुरा प्रष्टै छ कि धेरै मानिसहरूले आफूले विश्वास गर्ने कुरा र त्यसको कारणबारे गहिरोरूपमा सोचेका हुँदैनन् । अझ महत्वपूर्ण कुरा के हो भने, त्यो विश्वासलाई समर्थन गर्ने कुनै प्रमाण छ कि छैन भनी तिनीहरूले सोचविचार नै गरेका हुँदैनन् ।[२]

मानौं कि म डिसेम्बर महिनामा उत्तरी अमेरिकामा थिएँ र केही दिनसम्म असाध्यै जाडो भएपछि, नजिकैको एउटा तालमाथि हिउँ जम्न थाल्यो । मैले पहिला पनि हिउँ जमेको तालमाथि हिँडेर आनन्द लिइसकेको छु, त्यसैले मैले यसमाथि पनि हिँड्ने निर्णय गरें भन्ने मानौं । तर त्यसपछि मैले एउटा उत्तम उपाय पाउँदछु: मैले त्यो हिउँमा हिउँगाडी लैजाने निर्णय गर्दछु । मानिसहरूले त्यसो गरेका मैले टिभीमा देखेको छु र त्यो अत्यन्त रमाइलो हुन्छजस्तो देखिन्छ ।

त्योभन्दा पनि उत्तम कुरा, म हिउँमा एउटा बाटो बनाउनेछु ताकि म त्यो हिउँगाडीलाई हावामा हुत्याएर हिउँमा झार्न र केही परसम्म चिप्ल्याउन सकूँ । अब त्योचाहिँ अत्यन्त रमाइलोजस्तो देखिन्छ ! त्यहाँ एउटामात्र समस्या हुन्छ: मैले त्यसो गर्न सक्दछु भनी जतिसुकै विश्वास गरे तापनि त्यस्तो कदम चालेमा म सीधै त्यो हिउँभित्र पस्दछु किनभने त्यो अझै पनि अत्यन्त पातलो हुन्छ । यही नै वास्तविकता हो ।

अब मानौं हामी फेरि त्यो तालमा फेब्रुअरी महिनामा जान्छौं र त्यहाँ हिउँ जम्ने गरी जाडो भएका दुई महिनाहरू बितिसकेका छन् । मैले वास्तवमै त्यो हिउँमाथि हिँड्न चाहे तापनि म त्यसो गर्न डराउँदछु किनभने एकजना साथी केही महिना पहिला हिउँमुनि खसेका थिए । त्यसैले म त त्यो हिउँले मेरो

वजन थाम्दछ भन्ने कुरा निश्चित गर्न एउटामात्र खुट्टा हलुकासँग त्यसमाथि राख्दछु। त्यो हिउँले मलाईमात्र थाम्दैन, त्यसले त हिउँगाडीलाई हावामा हुत्याएर झार्दा पनि थाम्दछ। किन ? यस बेलासम्म हिउँ धेरै फीट बाक्लो भएको हुन्छ।

यी दुई अवस्थाहरूबीच के भिन्नता हुन्छ ? पहिलोमा, मैले सम्पूर्णरूपले संसारमाथि विश्वास गरेँ, तर मेरो विश्वासको सारचाहिँ मैले सोचेजस्तो थिएन: हिउँ ज्यादै पातलो थियो भनी मैले सोचेको थिएँ। मैले गलत कुरामाथिको विश्वासको अन्धाधुन्ध कदम चाल्नेथिएँ।

दोश्रो अवस्थामा, मैले प्रमाणमाथि सोचविचार गरेको भए थोरै विश्वासले मात्र पनि काम गर्न सक्दथेँ र म ठीकै हुनेथिएँ।

हामीले यो कुरा महसुस नगरे पनि हामी सबैले कुनै न कुनै कुरामाथि विश्वास गर्दछौं। वास्तवमा तपाईंले दिनहुँ धेरै कुराहरूमाथि विश्वास गर्नुहुन्छ। तपाईंले हरेकपटक गाडी चलाउनुहुँदा अन्य चालकहरूले रातो बत्तीमा रोक्नेछन् भनी विश्वास गर्नुहुन्छ। तपाईं बसिरहनुभएको कुर्सीले तपाईंलाई थामिराख्नेछ भनी तपाईं विश्वास गर्नुहुन्छ। तपाईंले हरेकपटक हवाइयात्रा गर्नुहुँदा पाइलटले आत्महत्या गर्ने मनसायले जहाज दुर्घटना गराउने योजना बनाइरहेको छैन भनी विश्वास गर्नुहुन्छ।

मुख्य कुराचाहिँ हामीसँग हुने विश्वासको मात्रा होइन, तर त्यो विश्वासको सार हो, अर्थात् के हामीले वास्तवमै सत्य कुनै कुरामाथि विश्वास वा भरोसा गरिरहेका छौं ?

त्यसैले मृत्युपश्चात्को जीवनबारे हामीले विश्वास गर्ने कुराले वास्तवमा केही फरक पार्दैन। तर हाम्रो विश्वासको सार भरोसायोग्य छ कि छैन र त्यसले हाम्रो भरोसालाई पुष्टि गर्दछ कि गर्दैन भन्ने कुरा पो महत्वपूर्ण हुन्छ। के तपाईं अनन्तताको लागि कुनै "पातलो हिउँ"माथि अन्धाधुन्धरूपमा हामफाल्न लाग्नुभएको छ कि तपाईं हामफाल्नुहुने "हिउँ" धेरै फीट बाक्लो छ ?

तपाईंले यो प्रश्नको जवाफ जे दिनुभए पनि तपाईंको जवाफ कुनै कुरामाथिको विश्वास वा आस्थामाथि आधारित हुन्छ। त्यसैले आफैसँग सोध्नुहोस्: त्यो आस्थालाई पुष्टि गर्ने कुन प्रमाण मसँग छ ?

चर्चित कार्यक्रम प्रस्तोता ओप्रा विन्फ्रीले कार्यक्रमका पाहुनाहरूलाई सोध्ने उनको मनपर्दो प्रश्न यो हो भनेर भनिन्, "तपाईंलाई निश्चय गरी कुन कुरा थाहा छ ?" अँ, हामी सबैलाई "निश्चय गरी थाहा हुने" एउटा कुरा यो हो: हामी मर्नेछौं, तर अब प्रश्न यो छ, "त्यसपछि हामी कहाँ जानेछौं ?"

आज हामी सबैजना अनन्तताको हिजोभन्दा एक दिन नजिक छौं। तपाईंले जे वा जसमाथि विश्वास गर्ने भनी निर्णय गर्नुभएको भए तापनि तपाईंले आफूसँग भएको एकमात्र जीवनलाई - तपाईंको अनन्त कुशलतालाई - आफ्नो निर्णयको दाउमा लगाइरहनुभएको छ।

तपाईंले सही छनौट गरिरहनुभएको छ भन्ने कुरा निश्चित गर्न के तपाईंले प्रमाणको जाँच गर्नुभएको छ ? तपाईंकै निम्ति, तपाईं आफैले विकल्पहरूलाई पूर्णरूपमा खोजतलास गर्नुपर्दछ। तपाईंले प्रमाणबारे सोचविचार नगर्नुभएको कारणले मात्र तपाईं सारा अनन्तताभरि गलत नहुनुहोस्।

त्यसैले तपाईंको अनन्ततातर्फको यात्रा सुरु हुनुभन्दा पहिला अनन्त सत्यताको प्रमाणको खोजी गर्न मसँगै एउटा छोटो यात्रा गर्नुहोस्। के परमेश्वर हुनुहुन्छ ? वा कि परमेश्वर हुनुहुन्न ? के मृत्युपश्चात् जीवन हुन्छ ? कि हुँदैन ? अनि तपाईंको विश्वासको सार कति भरोसायोग्य छ ?

सर विन्स्टन चर्चिलले यसो भने, "मानिसहरू कहिलेकाहीँ सत्यतामा ठेस खान्छन्, तर तिनीहरूमध्ये अधिकांश जुरुक्क उठ्दछन् र कहिल्यै केही भएकै थिएन कि झैं गरी हतारिँदै दगुर्दछन्।" तपाईंले सत्यतामा ठेस खाएर त्यसलाई बेवास्ता गर्नुहुनेछैन, तर तपाईंले उत्सुकतापूर्वक त्यसको खोजी गर्नुहुनेछ - र त्यसमाथि विश्वास गर्नुहुनेछ - भनी म आशा गर्दछु।

आउनुहोस्, तपाईं मर्नुहुने दिनमा "त्यो हिउँ" कति बाक्लो हुनेछ भन्ने हेर्नलाई केही प्रमाणहरूलाई हेरौं।

आउनुहोस् अनन्त सत्यताको रहस्यका गहिराइहरू खोतलौं र के पाइन्छ भनी हेरौं।

अध्याय १

# नोबेल पुरस्कार

**एक मानिस संसारलाई हेरेर एक नास्तिक बन्न कसरी सम्भव हुन्छ भन्ने कुरा म बुझ्न सक्दछु, तर उसले स्वर्गमा हेरेर कसरी परमेश्वर छैन भन्न सक्दछ भनी म बुझ्न सक्दिनँ ।**

– *अब्राहाम लिङ्कन*

धेरै मानिसहरू परमेश्वर हुनुहुन्न भनी विश्वास गर्दछन् किनभने हाम्रो संसार कसरी अस्तित्वमा आयो भनी विज्ञानले पूर्णरूपमा व्याख्या गरेको छ भन्ने कुरामा तिनीहरू विश्वस्त पारिएका छन् । 'हाम्रो उत्पत्तिको स्वाभाविक व्याख्या छँदैछ भने कसलाई अलौकिक व्याख्या चाहिन्छ र ?' भनी तिनीहरू सोच्दछन् । शायद, धेरैजना जस्तै, तपाईंले विज्ञान र धर्मबीच एउटा प्रतिस्पर्धा देख्नुहुन्छ र विज्ञानलाई नै विजेता घोषणा गरिएको छ भनी विश्वास गर्नुहुन्छ होला ।

तर हामी बस्ने यो अतुलनीयरूपमा सुन्दर र जटिल सृष्टिलाई के विज्ञान एक्लैले व्याख्या गर्दछ त ? के यसको वैभवले तपाईंलाई आश्चर्यचकित पार्दैन ?

हाम्रो ग्रहलाई प्रकाश र ताप दिनको लागि सूर्यले कसरी ठीक परिमाणमा उर्जा उपलब्ध गराउँदछ ? कुन कुराले हाम्रो व्यवस्थित संसारको सबै कुरालाई यति साह्रै मिलेर काम गर्न लगाउँदछ ? कसरी हामीले पूर्णिमा वा ग्रहणको निश्चित दिनको भविष्यवाणी गर्न सक्दछौं वा भीषण आँधीबेह्री वा सुन्दर हिमपातको अपेक्षा गर्ने कुरा निर्धारण गर्न सक्दछौं ?

चट्याङ वा मनमोहक इन्द्रेणी कहाँबाट आउँदछ ? हामीले सूर्यास्तका मनमोहक रङ्गहरू देख्दा यस्तो उत्कृष्ट कुरा कसरी सृष्टि हुन्छ होला भनी हामी प्रायः गम खान्छौं । पहाडहरूको भव्यता र समुद्रीतटहरूको सुन्दरता देखेर हामी अचम्भित हुन्छौं ।

पहिलोपटक ग्र्याण्ड क्यान्योन (अमेरिकाको विश्वप्रशिद्ध महान् खोँच) देख्दाखेरि म आश्चर्यचकित भएँ । त्यो खोँचको गहिराइ प्रशंसनीय थियो र त्यसका रङ्गहरू वास्तवमै आश्चर्यजनक थिए । त्यो खोँच कहाँबाट आयो ?

हामीले मानिसद्वारा निर्मित कुनै कुरालाई हेर्दा - उदाहरणको लागि घर - त्यसलाई बनाउने कुनै निर्माणकर्ता थियो भनी हामी जान्दछौं । रचना गरिएको कुनै कुरालाई हेर्दा, जस्तै घडी, त्यसको योजना बनाउने एक रचनाकार थियो भनी हामी जान्दछौं । हामीले कुनै हस्तकला देख्दा, जस्तै रङ्गचित्र, त्यो रङ्ग्याउने एक कलाकार थियो भनी हामी जान्दछौं । हामीले कुनै क्रमलाई नियाल्दा - मानौं एउटा पङ्क्तिमा मिलाएर राखिएका कोकका बीसवटा गिलासहरू - तिनलाई त्यसरी मिलाउने एक व्यक्ति थियो भनी हामी जान्दछौं ।

मानिसद्वारा बनाइएका कुराहरूलाई संसारमा यताउति हेर्दा हामी के देख्दछौं ? हामी सृष्टि, रचना, कला र क्रम देख्दछौं । त्यसैले मानवनिर्मित हरेक कुराको एक सृष्टिकर्ता, रचनाकार, कलाकार वा मिलाउने व्यक्ति हुन्छ भने यो संसारको पछाडि पनि एक सृष्टिकर्ता, रचनाकार, कलाकार र मिलाउनेवाला हुनुहुन्छ भनी हामी किन सोच्दैनौं ?

रस्मोर पर्वतलाई हेरेर किन हामी यसो भन्दैनौं, "आहा, भूक्षय पनि कति आश्चर्यजनक कुरा ! हेर्नुहोस् त, त्यसले कसरी अमेरिकाका चारजना राष्ट्रपतिहरूका शिरका आकृतिहरू बनाएको" ? त्यो एक मूर्ख भनाइ हुन्छ भन्ने हामी जान्दछौं । हामी कुनै पनि सृष्टि, रचना, कला वा क्रमलाई देख्दा त्यस्तो बनाउनको लागि त्यसको पछाडि कुनै बौद्धिक शक्ति थियो भन्ने कुरा प्रष्ट हुन्छ ।

म देशभरि धेरै स्थानहरूमा बोल्ने गर्दछु, त्यसैले म धेरै हवाइयात्रा गर्दछु । एकपटक विमानस्थलबाट फर्कँदै गर्दा मैले सूर्यास्तको सुन्दर दृश्य देखेँ - त्यो अत्यन्त आश्चर्यजनकरूपमा बहुरङ्गी थियो ।

कसैले त्यो सुन्दर सूर्यास्त देखोस् र कसले त्यसलाई आकाशमा पोत्यो होला भनी विचार गरोस् भन्दै मैले प्रार्थना गर्न थालेँ ।

त्यो रातचाहिँ हलोइनको चाड थियो । म केही साथीहरूसँग बसिरहेको थिएँ जसको ठूलो घर सडकदेखि धेरै पछाडि रहेको थियो । त्यो रात त्यस घरमा मिठाइ माग्न कोही पनि आएको थिएन - अन्त्यमा साढे ९ बजेतिर ढोकामा घण्टी बज्यो । घरकी दिदी ढोका खोल्न जाँदा मैले कुनाबाट टाउको निकालेर चियाएँ ।

ढोकामा दुईजना युवतीहरू थिए जसको अनुहार बिरालोको झैं गरी रङ्ग्याइएको थियो । तिनीहरू त्यो चाडमा रमाइलो गर्न नसुहाउने गरी धेरै ठूला नै भइसकेकाजस्तो देखिन्थ्यो, त्यसैले मैले तिनीहरूसँग उमेर सोधेँ । तिनीहरू २० र २१ वर्षका थिए भनी तिनीहरूले भने । तिनीहरूले किन त्यसो गरिरहेका थिए भनी मैले सोधेँ र तिनीहरूले केही मिठाइ चाहेको कुरा बताए ।

केही मिनटसम्म कुराकानी गरेपछि मैले अनन्ततासम्बन्धी प्रश्न उठाएँ । एउटी केटीले यस्तो जवाफ दिइन्, "तपाईंले हामीसँग परमेश्वरको बारेमा कुरा गरेर आफ्नो समय बर्बाद पार्दै हुनुहुन्छ । हामी त नास्तिक हौं ।"

त्यसैले परमेश्वर हुनुहुन्न भनी प्रमाणित गर्ने कुन प्रमाण तिनीहरूले भेट्टाएका थिए भनी मैले तिनीहरूलाई सोधेँ । तिनीहरूसँग कुनै पनि प्रमाण थिएन, जुन कुरा मलाई रोचक लाग्यो । धेरै मानिसहरूले झैं तिनीहरूले पनि त्यो तर्क आफ्नो पक्षमा थियो भनी सोचिरहेका थिए होलान् । तर तिनीहरूको विश्वासलाई पुष्टि गर्ने कुनै प्रमाण नभएकोले वास्तवमा तिनीहरूसँग भएको कुराचाहिँ अन्धविश्वास थियो र तिनीहरूले त्यसलाई नै आफ्नो अनन्त भविष्यको आधार बनाइरहेका थिए । केही मानिसहरूले परमेश्वरलाई विश्वास गर्नको लागि अन्धो विश्वास चाहिन्छ भनी विश्वास गर्दछन् । तर हामीले जीवनका अधिकांश निर्णय र अनन्ततासम्बन्धी हाम्रा निर्णयहरूको लागि पनि त्यसो नै गर्नुपर्दछ ।

परमेश्वर हुनुहुन्छ भन्ने कुरा तिनीहरूलाई प्रमाणित गर्न कुन कुरा पर्याप्त प्रमाण हुन्थ्यो भनी मैले तिनीहरूलाई सोधेँ । तिनीहरूसँग त्यसको पनि जवाफ थिएन । त्यसैले मैले तिनीहरूलाई सोच्न लगाउने केही कुरा दिने निर्णय गरेँ र संसारले सृष्टि, रचना, कला र क्रम प्रकट गर्दछ भन्ने धारणा व्याख्या गरेँ । मैले तिनीहरूलाई सोधेँ, "यदि अरू प्रत्येक कुराको पछाडि एक सृष्टिकर्ता, रचनाकार, कलाकार वा मिलाउनेवाला हुन्छ भने यो संसारको पछाडि एक सृष्टिकर्ता, रचनाकार, कलाकार र मिलाउनेवाला हुनुहुन्छ भनी तपाईं किन सोच्नुहुन्न ?"

अचानक तिनीहरूका आँखा ठूल्ठूला भए । ती युवतीहरूमध्ये एउटीले भनिन्, "हिजो म गोधुँलीमा बाहिर गएकी थिएँ र मैले अत्यन्त सुन्दर सूर्यास्तको दृश्य देखेँ । अनि मैले मनमनै सोचिरहेकी थिएँ, कसले यसलाई आकाशमा रङ्ग भऱ्यो होला ?"

मैले प्रार्थना गरेको चौबीस घण्टाभित्रैमा त्यो व्यक्तिलाई भेट्न पाएँ जसलाई परमेश्वरले मेरो प्रार्थनाको जवाफ दिनुभएको थियो !

ती दुवै युवतीहरू स्थानीय कला कलेजका विद्यार्थी थिए । कलाकारहरूको रूपमा तिनीहरूलाई हरेक सुन्दर चित्रकलाको पछाडि त्यसको सृजना गर्ने चित्रकार हुनुपर्दछ भन्ने कुरा थाहा थियो । अनि तार्किकरूपमा कुरा गर्दा यही कुरा यो अतुलनीय संसारमा भएका सबै कुराप्रति पनि लागू हुनुपर्दछ ।

तार्किकरूपमा कुरा गर्दा, कोर्दै नकोरिएको कुनै चित्र, नखोपिएको कुनै कला, रचना नगरिएको कुनै रचना हुन सक्दैन । त्यसले कुनै अर्थ नै दिँदैन । अनि हाम्रो अनन्त गन्तव्यलाई यस्तो कुरामाथि आधारित तुल्याउनुले कत्ति पनि अर्थ दिँदैन जुन कुरा उचित छैन भन्ने हामी जान्दछौं ।

एक दिन मैले एटलाण्टा सहरमा एकजना मानिससँग कुरा गरिरहेको थिएँ र मैले उसलाई आत्मिक विषयहरूसम्बन्धी एउटा प्रश्न सोधेँ । उसले जवाफ दियो कि ऊ नास्तिक थियो र परमेश्वर हुनुहुन्छ भनी कसै गरी पनि प्रमाणित गर्न सकिँदैनथ्यो ।

हामी अग्ला भवनहरूको माझमा उभिइरहेका थियौं, त्यसैले मैले एउटा गगनचुम्बी भवनतिर देखाउँदै यसो भनेँ, “त्यो भवनको निर्माणकर्ता थियो भनी मलाई प्रमाणित गरेर देखाउनुहोस् ।” उसले जवाफ दियो, “त्यो त सजिलै छ नि । त्यो भवन आफै नै त्यसको एक निर्माणकर्ता छ भन्ने कुराको प्रमाण हो ।”

ऊ १०० प्रतिशत सही थियो । हामी जान्दछौं कि तपाईंले केही रोडा, पाइपहरू, झ्यालहरू, रङ्ग, तारहरू, इत्यादि जम्मा गर्नुहुन्छ । त्यसपछि एक फन्को घुम्दाखेरि त्यहाँ एउटा भवन उभिएको देख्न सक्नुहुन्न । एउटा भवनको लागि एकजना निर्माणकर्ता चाहिन्छ ।

मैले यसो भनेँ, “ठीक भन्नुभयो । त्यो भवन नै त्यसको एक निर्माणकर्ता छ भन्ने कुराको प्रमाण हो ।” त्यसपछि मैले थपेँ, “सूर्य, चन्द्रमा, ताराहरू, समुद्रहरू, बालुवा, हरेक अद्वितीय हिउँको डल्ला, तपाईंको डीएनएका तीन खर्ब टुक्राहरू जुन मेराभन्दा भिन्दै हुन्छन्, यी सबै नै यो संसारका एक सृष्टिकर्ता हुनुपर्दछ भन्ने कुराका सिद्ध प्रमाणहरू हुन् ।”

उसले मलाई हेर्‍यो । उसका आँखा तेजिला भएका मैले देखेँ र त्यसपछि तिनले अन्तै नजर दौडाए । त्यो वाक्यको बारेमा सोचेपछि उसले आफ्नै प्रमाण उपलब्ध गराएको थियो भन्ने महसुस गर्‍यो ।

तपाईंले कुनै पनि गगनचुम्बीको निर्माणकर्तालाई देख्न, छुन, चाख्न, सुँघ्न वा सुन्न सक्नुहुन्न भन्ने कुराको अर्थ त्यस्तो व्यक्ति नै छैन भन्ने हुँदैन। तपाईंले देख्न सक्नुहुने कुनै भवनको निर्माणकर्ता थियो भनी विश्वास गर्न तपाईंलाई कुनै आश्चर्यजनक विश्वास चाहिँदैन, केवल तपाईंले प्रमाणलाई हेर्नुपर्दछ र प्रष्ट निर्णय गर्नुपर्दछ। अनि तपाईंले पाउन सक्नुहुने प्रमाणको सबैभन्दा उत्कृष्ट टुक्रा नै उक्त निर्माणकर्ताले सिध्याएर छोडेको काम हो।

यस संसारका परमेश्वरको सम्बन्धमा पनि यही कुरा साँचो हुन्छ। हामीले हेर्नको लागि छोडिएको प्रमाण नै हाम्रो संसारका सृष्टिकर्ता हुनुहुन्छ भन्ने कुरा थाहा पाउनको निम्ति हामीलाई आवश्यक पर्ने सम्पूर्ण प्रमाण हो।

## शून्यबाट कुनै कुरा

यो दृश्यको कल्पना गर्नुहोस्:

खरबौं वर्ष पहिला शून्यबाट एउटा कालो वस्तु निस्कन थाल्यो। त्यो शून्यबाट नै आयो। त्यसपछि एउटा ठूलो विष्फोट भयो। त्यो विष्फोट कसले र किन गरायो भन्ने हामी जान्दैनौं, तर त्यो भयो।

धेरै करोड वर्षहरू बितेपछि यो वस्तुले आफैमा एउटा बुदबुद आवाज निकाल्यो र त्यो गुलियो भयो। करोडौं वर्षहरूपछि शून्यबाट नै आल्मुनियमका केही अणुहरू तयार भए, एकसाथ भेला भए र एउटा बोत्तल हुने गरी निश्चित आकारमा त्यो तरल पदार्थको वरिपरि आफै बेह्रिए। त्यसपछि त्यो आल्मुनियमले उक्त बोत्तलको माथिपट्टि एउटा सानो प्वाल बनायो।

चालीस वा पचास वर्ष पहिला, केही राता र सेता रङ्गका अणुहरू त्यो बोत्तलमाथि खसे र "कोकाकोला" भन्ने शब्दहरू, उपभोग्य मिति र समावेश भएका सबै तत्वहरूको सूची लेखे। आहा - कति आश्चर्यजनक!

मेरा एकजना साथीले दिएका यो उदाहरणले हास्यास्पद किसिमको सोचाइलाई व्याख्या गर्दछ। माथिको दृश्य साँचो हो भनी मैले जोर गरेमा त्यसले तपाईंको विवेकको अपमान गर्दछ होला। यो संसार कोकको एउटा बोत्तलभन्दा असीमितरूपमा बढी जटिल छ तैपनि कुनै कारणवश मानिसहरू यो शून्यबाट आयो - शून्यबाट केही कुरा उत्पन्न भयो - भनी विश्वास गर्नुमै सन्तुष्ट हुन्छन्।

तर यदि कोकको बोत्तल र त्यसका सामग्रीहरू अनियमित संयोगका प्रक्रियाहरूद्वारा उत्पन्न हुन सक्दैनन् भने हाम्रो संसारजस्तो जटिलरूपमा र

व्यवस्थितरूपमा रचना गरिएको कुनै कुरा केवल संयोगवश एकिकृत भएको हुन कसरी सक्दछ ? तार्किकरूपमा त्यो असम्भव हुन्छ भन्ने हामी जान्दछौं ।

एक रात मैले आफू बोलिरहेको स्थानको सडकपारि जवानहरूले फुटबल खेल्ने अभ्यास गरिरहेका देखेँ । त्यसैले म त्यहाँ गएँ र आफ्नो छोरो खेलेको हेर्न आएको एकजना मानिससँग कुराकानी सुरु गरेँ । हामीले कुरा गर्दैजाँदा उसले आफू यहूदी भएको कुरा बतायो । हामीले यहूदी विश्वासको बारेमा अलिकति कुरा गर्‍यौं तर उसले आफ्नो विश्वासको पालना नगरेको मात्र थिएन, ऊ त वास्तवमा एक नास्तिक नै थियो भन्ने कुरा उसले उल्लेख गर्‍यो । मलाई एकजना यहूदी नास्तिक भन्ने कुरा अत्यन्त चाखलाग्दो मेल लाग्यो ।

त्यो रात सुन्दर थियो - राम्रो र चिसो, चहकिला जून र ताराहरूको सिंहासन । मैले उसलाई सोधेँ, “तपाईंले आजको जस्तो रातमा यो सुन्दर सृष्टिलाई हेर्नुहुँदा के यसले तपाईंलाई सृष्टिकर्ताको बारेमा सोच्न लगाउँदैन जसले यो ठाउँ बनाउनुभयो ?” उसले स्वीकार गर्‍यो, “म यही कुराको समस्यामा परेको छु ।”

उसले सङ्घर्ष गरिरहेको थियो किनभने उसले आकाशमा हेर्दा त्यो आश्चर्यजनक सृष्टि कहींबाट आएको हुनुपर्दथ्यो भन्ने उसलाई थाहा थियो । कसैले त त्यो सृष्टि गर्‍यो, तर प्रश्न यो छः कसले ?

परमेश्वरले संसारको सृष्टि गर्नुभयो भनी मानिसहरू विश्वास गर्दैनन् किनभने कुनै अनन्त प्राणी हुनुहुन्छ भनी तिनीहरू कल्पना गर्न सक्दैनन् । निश्चितरूपमा पमेश्वरको कुनै सुरुवात् हुनुपर्दथ्यो भन्ने तिनीहरू ठान्दछन् । उहाँ कहाँबाट आउनुभयो ? उहाँलाई कसले बनायो ? यदि तिनीहरूले सन्तोषजनक जवाफहरू पाएनन् भने विश्वास गर्न पनि अस्वीकार गर्नेछन् ।

मलाई यो कुरा रोचक लाग्यो कि, “ठूलो विष्फोटन” सिद्धान्त आविष्कार हुनुभन्दा पहिला वैज्ञानिकहरूले संसार अनन्त थियो भनी विश्वास गर्दथे । तिनीहरूले त्यो आफै कसरी अस्तित्वमा आयो भन्ने कुरा व्याख्या गर्न सकेनन्, त्यसैले यो सदैव रहिरहेकै थियो भनी दाबी गरे - यसको कुनै सुरुवात् थिएन ।

अहिले वैज्ञानिकहरूले संसार एउटा ठूलो विष्फोटनबाट सुरु भयो भनी दाबी गर्दछन् । तर यसले त जवाफभन्दा प्रश्नहरू नै धेरै उत्पन्न गराउँदछ ।

त्यहाँ "विष्फोटन" हुनको लागि कुनै कुरा हुनुपर्दथ्यो । पदार्थ कहाँबाट आयो ? कुन शक्तिको श्रोतले त्यो विष्फोटन गरायो ? संसार बन्नको लागि उक्त पदार्थलाई चलायमान बनाउने उत्प्रेरक के थियो ? कसरी अव्यवस्थित अवस्थाबाट व्यवस्थित अवस्था आउन सक्यो ?

यसबारे विचार गर्नुहोस् । यदि तपाईंले सारा अनन्तताभरि पदार्थ अस्तित्वमा थियो र त्यससँग स्वस्फूर्तरूपमा संसार सुरु गर्ने क्षमता थियो, अनि हाम्रो जटिल संसारलाई क्रमबद्धता, विशिष्टता र सुन्दरता भएको समेत बनाउने गरी त्यो अत्यन्त शक्तिशाली र बुद्धिमान् थियो भनी विश्वास गर्नुहुन्छ भने - के तपाईंले परमेश्वरलाई नै परिभाषित गर्नुभएको छैन ? उहाँलाई विश्वास गर्नको लागि तपाईंले ठान्नुभएजति कठिन हुँदैन । तपाईंले उहाँलाई बुझ्न सक्नुहुन्न, तर यही नै उहाँ हुनुहुन्न भनी विश्वास गर्ने कारण भने होइन ।

एक दिन साँझमा ढिलो घर आएपछि मैले टिभी खोलेँ र डेविड लेटरम्यानको कार्यक्रम आइरहेको देखेँ । तिनका पाहुना बेलायतका ८० वर्षीय वैज्ञानिक थिए जसले भर्खरै नोबेल पुरस्कार जितेका थिए । मलाई बेलायती भाषा मन पर्दछ, त्यसैले मैले त्यो वार्तालाप ध्यान दिएर सुनेँ ।

ती वैज्ञानिकले यसो भने, "डेविड, हामी विज्ञानमा त्यो स्थानमा पुगेका छौं जहाँ हामीले यो संसारको एउटा सुरुवात् थियो भनी साँचोरूपमा थाहा पाएका छौं ।" लेटरम्यान अचानक आफ्नो कुर्सीमै तन्किए र छक्क पर्दै आफ्ना पाहुनालाई हेरे । तिनले भने, "एकै छिन पर्खनुहोस् है, एकै छिन मात्र । यदि यो संसारको एउटा सुरुवात् थियो भनी हामी थाहा पाउँदछौं भने के यसको अर्थ...."

तपाईं बोलिरहनुभएको थियो भने तपाईंले त्यो वाक्यलाई कसरी पूरा गर्नुहुन्थ्यो होला ? केही मानिसहरूले यसो भन्न सक्दथे, "....के त्यसको अर्थ यो संसारको एउटा अन्त्य पनि हुन्छ भन्ने हुँदैन र ?" तर लेटरम्यानले भन्दै गए, "....के यसको अर्थ यो संसार सुरु गर्नेवाला हुनुपर्दछ भन्ने हुँदैन र ?" तपाईंले बुझ्न सक्नुहुन्छ, हाम्रो दिमागले तार्किकरूपमा हामीलाई यो निर्णय गर्नेतिर डोऱ्याउँदछ: यदि एउटा सुरुवात् थियो भने यो संसार सुरु गर्नेवाला पनि हुनुपर्दछ - यो सबैलाई चलायमान गराउने कोही एकजना हुनुपर्दछ ।

ती वैज्ञानिकको प्रतिक्रिया आश्चर्यजनक थियो । तिनले केही बेर भुइँमा एकटकले हेरे, त्यसपछि लेटरम्यानलाई हेरेर जवाफ दिए, "त्यो एउटा स्थान हो जहाँ हामी विज्ञानमा जान चाहँदैनौं ।" कति अतुलनीय स्वीकारोक्ति ! तिनले यसो भनिरहेका थिए कि तिनी एक वैज्ञानिक भएका हुनाले तिनले त्यसबारे सोच्न पनि चाहँदैनथे । जीवनको यात्रामा अगाडि बढ्दा हामीले गर्ने सत्यको खोजीमा हाम्रो तर्कलाई नचलाउने निर्णय गर्न सक्दछौं, तर त्यसो गर्नु अत्यन्त बुद्धिमानी कुरा हो भनी म विश्वास गर्दिनँ । लेटरम्यानलाई झैं हामीलाई पनि स्वाभाविकरूपमा थाहा हुन्छ कि सुरुवात्हरूको लागि सुरु गर्नेवालाहरू हुनुपर्दछ ।

## कारण र प्रभाव

विज्ञानमा कारण र प्रभाव भन्ने एउटा कुरा हुन्छ । यो एउटा अविवादास्पद, विश्वव्यापी नियम हो जसले भन्दछ कि हरेक भौतिक प्रभावको लागि एउटा कारण हुनु नै पर्दछ । संसारमा यस्तो कुनै पनि कुरा छैन जसको अस्तित्वको पछाडि कुनै पनि कारण हुँदैन । तपाईंका अभिभावकहरूको कारणले तपाईं जन्मिनुभयो, तपाईंका हजुरबुबा-हजुरआमाको कारणले तपाईंका बुबाआमा जन्मिनुभयो, इत्यादि ।

तर यदि तपाईं निरन्तर पछाडि जानुहुन्छ भने त्यसको असीमित लाम हुनेछ । तपाईं अन्त्यमा पहिलो कारण (अथवा एउटा उत्पन्न नगराइएको कारण) मा पुग्नुपर्दछ, जसले पहिलो प्रभाव उत्पन्न गरायो । कुनै पनि कुरा आफैद्वारा शून्यबाट उत्पन्न हुँदैन । अर्को शब्दमा, उक्त प्रक्रिया सुरु गराउने र हाम्रो सारा संसारलाई गतिशील बनाउने कुनै वास्तविक माध्यम हुनुपर्दथ्यो । रोबर्ट ज्यास्त्रो, नासाको गोडार्ड इन्स्टिच्युट फर स्टडिजका संस्थापक यो शर्त स्वीकार गर्दछन्:

> संसार र समयको सुरुवात्देखि त्यसमा भएका सबै कुराहरू कुनै स्पष्ट कारणबिनाका विशाल प्रभाव हुन् । कारणबिनाको प्रभाव रे ? यो विज्ञानको संसार होइन; यो त तन्त्रमन्त्रको, दुष्टात्माहरूका असभ्य कामहरू र लहडहरूको संसार हो, एउटा मध्ययुगीन संसार जसलाई विज्ञानले हटाउन प्रयास गरेको छ ।[३]

चार्ल्स डार्बिनले समेत यसरी स्वीकार गरेका थिए:

> यो विशाल र आश्चर्यजनक संसार, जसमा हाम्रा सचेत शरीरहरू पनि छन्, संयोगवश उत्पन्न भयो भनी विचार गर्नुको असम्भाव्यता नै मेरो लागि परमेश्वरको अस्तित्व छ भन्ने कुराप्रतिको प्रमुख तर्क हो....म यस कुरामा सचेत छु: यदि हामीले पहिलो कारणलाई स्वीकार गर्दछौं भने त्यो कहिले आयो र कसरी उत्पन्न भयो भन्ने कुरा थाहा पाउन दिमागले अझै पनि लालसा गर्दछ।[४]

केही वैज्ञानिकहरूले त्यो कारक तत्व के हुन सक्दथ्यो भनी स्वीकर गर्न मन पराउँदैनन्, तैपनि यो नियमअनुसार कुरा गर्दा यो संसारलगायत सुरुवात् हुने हरेक कुराको एउटा कारण हुन्छ भन्ने कुरा अकाट्य छ। संसार (एउटा प्रभाव) ले आफैलाई यत्तिकै अस्तित्वमा ल्याउन सक्दैन। यसको लागि एउटा कारण चाहिन्छ जुन त्योभन्दा बाहिर हुन्छ।

विद्वान् सी.एस. लेविसले *God in the Dock* पुस्तकमा यसरी लेखेका छन्:

> कुनै पनि चराबाट नआएको अण्डा सारा अनन्ततादेखि अस्तित्वमा रहेको एउटा चराभन्दा बढी "स्वाभाविक" हुँदैन। अनि अण्डा-चरा-अण्डाको क्रमले कुनै पनि विश्वसनीय सुरुवात्मा नपुऱ्याउने भएकोले यो क्रमभन्दा पूर्णतया बाहिर कतै वास्तविक उत्पत्ति खोज्नु उचित होइन र ? एउटा रकेटको वास्तविक निर्माणकर्ता खोज्नको लागि तपाईं इन्जिनहरूको क्रमभन्दा बाहिर, मानिसहरूको संसारमा जानुपर्दछ। के प्राकृतिक क्रमबद्धताका वास्तविक सृष्टिकर्तालाई खोज्न प्रकृतिभन्दा बाहिर जानु पनि उत्तिकै उचित होइन र ?

तपाईं के सोच्नुहुन्छ ?

प्रख्यात वैज्ञानिक लुइ पास्चरले हाम्रो संसारको बारेमा यसो भने: "म प्रकृतिलाई जति बढी अध्ययन गर्दछु, सृष्टिकर्ताको कामलाई देखेर म त्यति नै बढी आश्चर्यचकित हुन्छु।" तिनको तर्कले तिनलाई यो कुरामा विश्वस्त पाऱ्यो कि हाम्रो जटिल, व्यवस्थित सृष्टिका एक सृष्टिकर्ता हुनुपर्दछ।

सर आइज्याक न्यूटनले यसो भने, "सूर्य, ग्रहहरू र ताराहरूको यो सबैभन्दा सुन्दर प्रणाली एकजना बुद्धिमान् र शक्तिशाली प्राणीको सल्लाह र नियन्त्रणबाट मात्र उत्पन्न हुन सक्दथ्यो।"[6]

परमेश्वरले शून्यबाट सबै कुरा बनाउन सक्नुभयो भनी विश्वास गर्न तपाईंलाई कठिन हुन सक्दछ तर त्यसको विकल्प यो हो: शून्यबाट आफै सबै कुरा हुन आयो ।

कुनलाई विश्वास गर्न धेरै विश्वास चाहिन्छ होला ?

## रचनाको प्रमाण

हामीले कोकको बोत्तलको उदाहरणमा हेरेझैं अन्धाधुन्धको अनियमित संयोगले रचना उत्पन्न गराउँदैन। तपाईंले यस्तो ठूलो आँधीको बारेमा कहिल्यै पनि सुन्नुहुनेछैन जसले फोहोर फाल्ने थुप्रो भएको ठाउँमाथि घुमेर जाँदा पूर्णरूपमा तयार भएको एउटा ७४७ जेट, एउटा मर्सिडिज कार र एउटा गगनचुम्बी भवन बनाएर जाँदैन। किन ? अन्धो संयोगले त्यस्तो गर्न सक्दैन ।

यदि तपाईंले एउटा घडीका सबै पुर्जाहरू एउटा बट्टामा राखेर त्यसलाई दश मिनेटसम्म हल्लाउनुभयो भने त्यो जोडिएर काम गर्दै गरेको घडी बन्दछ भनी के तपाईं विश्वास गर्नुहुन्छ ? वास्तवमै गर्नुहुन्न । यदि तपाईंले त्यसलाई एक वर्षसम्म हल्लाउनुभयो भने नि ? के त्यसपछि त्यो बट्टाबाट काम गर्दै गरेको घडी निस्कन्छ ? मानौं कि तपाईंले त्यसलाई पाँच खर्ब वर्षसम्म हल्लाउन सक्नुभयो रे; के तपाईंले त्यसपछि काम गर्दै गरेको घडी पाउनुहुन्छ होला ? त्यस्तो हुने कुनै सम्भाव्य तरिका हुँदैन ।

अनि एउटा घडीजस्तो तुलनात्मकरूपमा सामान्य कुरा त संयोगवश हुन सक्दैन भने हाम्रो आश्चर्यजनकरूपमा जटिल संसार संयोगवश भएको हुन कदापि सक्दैन ।

हाम्रो सौर्यमण्डलमा प्रष्टरूपमा देखिने रचनाका केही आश्चर्यजनक पक्षहरूबारे विचार गर्नुहोस्:

१. पृथ्वी सूर्यदेखि अत्यन्त ठीक दूरीमा राखिएको छ जसले गर्दा हामीले जीवनलाई चाहिने तापको अत्यन्त उचित मात्रा पाउँदछौं । हाम्रो सौर्यप्रणालीका अन्य ग्रहहरू या त सूर्यको अति नजिक छन् (धेरै तातो) या धेरै टाढा (धेरै चिसो) छन् जहाँ जीवन रहन सक्दैन ।

२. पृथ्वीको परिक्रमाको गतिमा असामान्य परिवर्तन भयो भने त्यसले जीवन रहन असम्भव बनाइदिन्छ। उदाहरणको लागि, यदि पृथ्वी अहिलेको

दरभन्दा दश गुणा ढिलो दरले घुम्ने हो भने सम्पूर्ण वनस्पति जीवन या त दिउँसोमा डढेर खरानी हुन्छ या रातीमा कठाङ्ग्रिन्छ।

३. सूर्यको वरिपरि घुम्ने पृथ्वीको कक्ष लगभग गोलाकार भएको कारण, तापक्रमको फरकलाई उचित सीमाभित्र राखिन्छ।

४. चन्द्रमाले लगभग ३,८४,००० किमीको दूरीमा रहेर पृथ्वीको परिक्रमा गर्दछ र पृथ्वीमा हानि नपुऱ्याउने ज्वारभाटाहरू उत्पन्न गराउँदछ। यदि चन्द्रमालाई यो दूरीको पाँच भागको एक भाग मात्र टाढा राखिएको भए महादेशहरू दिनको दुईपटक पूर्णरूपमा डुब्नेथिए !

५. पृथ्वीको भूपटलको उचाइ र समुद्रहरूको गहिराइ सावधानीपूर्वक रचना गरिएकाजस्तो देखिन्छ। त्यो उचाइ र गहिराइमा केही फीट मात्र वृद्धि हुने हो भने त्यसले खुल्ला अक्सिजन र कार्बनडाइअक्साइडको खपत यति नाटकीय मात्रामा परिवर्तन गरिदिन्छ कि वनस्पति र पशु जीवन अस्तित्वमा रहन सक्दैन।

६. पृथ्वीको अक्ष यसको कक्षको धरातलको लम्बदेखि २३ डिग्रीमा ढल्किएको छ। यो ढल्काइले सूर्यको वरिपरि हुने पृथ्वीको परिक्रमासँग मिलेर हाम्रा मौसमहरू परिवर्तन गराउँदछ जुन मौसमहरू खाद्यान्नहरूको उत्पादनको निम्ति अत्यन्त अपरिहार्य हुन्छन्।

७. पृथ्वीको वायुमण्डल (विशेष गरी ओजोन तह) ले सूर्यबाट आउने घातक अल्ट्राभ्वाइलेट विकिरणहरूबाट बचाउने ढालको रूपमा काम गर्दछ जसले अन्यथा सबै जीवन नाश पार्नेथियो।

८. पृथ्वीको वायुमण्डलले लगभग ४८ किमी प्रति सेकेण्डको गतिमा त्यसभित्र प्रवेश गर्ने लगभग २ करोड उल्काहरूलाई दिनहुँ जलाएर पृथ्वीको रक्षा पनि गर्दछ! यो महत्वपूर्ण सुरक्षाबिना जीवनप्रतिको खतरा उच्च हुनेथियो।

९. पृथ्वीको वायुमण्डलका दुईवटा प्रमुख तत्वहरू नाइट्रोजन (७८ प्रतिशत) र अक्सिजन (२० प्रतिशत) हुन्। यो कमजोर र महत्वपूर्ण अनुपात सबै प्रकारका जीवनहरूको लागि अपरिहार्य हुन्छ।

१०. पृथ्वीको चुम्बकीय क्षेत्रले हानिकारक आकाशीय विकिरणदेखि महत्वपूर्ण सुरक्षा प्रदान गर्दछ।[७]

के यो सबै कुरा संयोगवश भयो ? मलाई लाग्दछ त्यसलाई विश्वास गर्नको लागि त हामीले बौद्धिक आत्महत्या गर्नुपर्दछ होला । तपाईंले यो प्रमाणबारे सोचविचार गर्नुहुँदा तपाईंको तर्कले के भन्दछ ?

प्रख्यात खगोलशास्त्री स्टिफन हकिङ्गले समेत यस्तो निष्कर्ष निकाले:

> संसार र भौतिकशास्त्रका नियमहरू विशेष गरी हाम्रै लागि तयार पारिएका हुन्जस्तो देखिन्छ । यदि लगभग ४० वटा शारीरिक गुणहरूमध्ये कुनै एउटामा अलिकति बढी महत्व दिने हो भने हामीले थाहा पाएअनुसारको जीवन अस्तित्वमा रहन सक्दैन: या त अणुहरू स्थिर हुँदैनन् या ती मिलेर परमाणु बन्दैनन् या ताराहरूले ग्रहहरू बनाउँदैनन् या जीवन विकास हुन सक्नुभन्दा अगावै संसार नाश हुन्छ र यस्तै-यस्तै ।[८]

डेविड लेटरम्यानको कार्यक्रममा आएका भलादमीजस्तो नभई धेरै वैज्ञानिकहरू उक्त प्रमाणलाई ईमानदारितापूर्वक, तार्किकरूपमा जाँच गर्न इच्छुक भएका छन् र हाम्रो अति उच्चरूपमा व्यवस्थित संसारको सृष्टिको श्रेय अन्धो संयोगलाई दिन सकिँदैन भन्ने निष्कर्ष निकालेका छन् । क्रमविकासवादी नै भइरहे तापनि हकिङ्गले यो कुरा स्वीकार गरे, “संसार यही प्रकारले किन सुरु हुनुपर्‍यो भन्ने कुराको व्याख्या गर्नु अत्यन्त कठिन हुन्छ, र त्यसको एक मात्र विकल्प यो परमेश्वरको काम हो भनेर व्याख्या गर्नु हो, जसले हामीजस्ता प्राणीहरू सृष्टि गर्न चाहनुभयो ।”[९]

संसारको रचनाबारे अन्य वैज्ञानिकहरूले निकालेका निष्कर्षहरूबारे मनन गर्नुहोस्:

सर फ्रेड होली (बेलायती खगोलशास्त्री):

> सहजबुद्धिले तथ्यहरूको व्याख्या गर्दासमेत यो कुरा निस्कन्छ कि एकजना महाबौद्धिक जनले भौतिकशास्त्रको साथसाथै रसायनशास्त्र र जीवशास्त्रलाई मूर्ख बनाउनुभएको छ र प्रकृतिमा त्यसरी व्याख्या गर्न योग्यको कुनै पनि अदृश्य शक्तिहरू छैनन् । तथ्यहरूबाट हिसाब गरेर निकालिने सङ्ख्याहरू मेरो लागि यो निष्कर्षलाई लगभग प्रश्न गर्नै नसकिने ठान्ने गरी अत्यन्त विशाल देखिन्छन् ।[१०]

पावल डेभिज (अष्ट्रेलियाली खगोलशास्त्री):

> मेरो लागि यो शक्तिशाली प्रमाण छ कि यो सबैको पछाडि कुनै कुरा भइरहेको छ....यो त कसैले संसार बनाउनको लागि प्रकृतिका सङ्ख्याहरू अति राम्रोसँग मिलाएको छ....रचनाको शैली अति उत्कृष्ट छ ।[११]

अलान सण्डेज (सबैभन्दा महान् जीवित खगोलशास्त्री र खगोलशास्त्रमा क्रफोर्ड पुरस्कार विजेता):

संसार यसका सबै भागहरूमा र अन्तरसम्बन्धहरूमा यति साह्रै जटिल छ कि यो संयोगवश भएको भनेर भन्नै सकिँदैन । सम्पूर्णरूपमा व्यवस्थित....जीवनको अस्तित्व सामान्यतया अति राम्रोसँग मिलाइएको छ भन्ने कुरामा म विश्वस्त भएको छु ।[१२]

जोन ओकिफी (नासाका खगोलशास्त्री):

खगोलशास्त्रीय स्तरहरूअनुसार, हामी पुलपुल्याइएका, मत्याइएका, माया गरिएका प्राणीहरूको समूह हौं....यदि संसार सबैभन्दा निर्दिष्ट तरिकाले नबनाइएको भए हामी कहिल्यै पनि अस्तित्वमा आउन सक्दैनथ्यौं । मेरो दृष्टिकोण यही छ कि संसारचाहिँ मानिस बसोवास गर्नकै लागि सृष्टि गरिएको थियो भन्ने कुरा यी परिस्थितिहरूले सङ्केत गर्दछन् ।[१३]

अर्नो पेन्जियास (भौतिकशास्त्रमा नोबेल पुरस्कार विजेता):

खगोलशास्त्रले हामीलाई एउटा अद्वितीय घटना, एउटा संसारतिर डोऱ्याउँदछ जुन शून्यबाट बनाइएको थियो, जसमा जीवन अस्तित्वमा रहन आवश्यक पर्ने सठीक शर्तहरू प्रदान गर्ने अत्यन्त सम्वेदनशील सन्तुलन छ र जसमा एउटा महत्वपूर्ण (जसलाई "अलौकिक" पनि भन्न सकिन्छ) योजना छ ।[१४]

जर्ज ग्रिन्स्टिन (खगोलशास्त्री):

हामीले सबै प्रमाणको सर्वेक्षण गर्दा यो विचार जोरदाररूपमा उत्पन्न हुन्छ कि कुनै अलौकिक माध्यम - वा, बरु, सर्वोच्च माध्यम - सङ्लग्न हुनुपर्दछ । हामी अचानक, अन्जानमै सर्वोच्च प्राणीको अस्तित्वको वैज्ञानिकीय प्रमाणमा ठेस खान पुगेका हुन के सम्भव हुन्छ ? के परमेश्वरले नै हस्तक्षेप गर्नुभएर हाम्रो लाभको लागि यति प्रबन्धपूर्वक संसारको रचना गर्नुभएको थियो ?[१५]

संसारकै सबैभन्दा महान् वैज्ञानिकहरूमध्ये एक अल्बर्ट आइन्स्टाइनले यसो भने:

परमेश्वरले यो संसार कसरी सृष्टि गर्नुभयो भनी म जान्न चाहन्छु ।[१६]

शायद तिनको चाहना नै कुनै कुरा होला जसको बारेमा हामी सबैले प्रमाणको सर्वेक्षण गर्दा ध्यान दिनुपर्दछ ।

## नैतिक नियम

परमेश्वरको अस्तित्वको अर्को तर्क नैतिक नियमको वास्तविकता हो। मानिस एउटा नैतिक प्राणी हो तर हाम्रो नैतिकताको ज्ञान कहाँबाट आउँदछ भन्ने कुरा क्रमविकासले व्याख्या गर्न सक्दैन। कुनै कुरा सही नभएसम्म गलत कुरा पनि हुन्छ भनी हामीले कसरी आफै जान्न सक्दछौं ? किन असल र खराब कुराहरू हुन्छन् ?

हाम्रो नैतिक स्वभाव न्याय गर्ने हाम्रो चाहनामा पनि देख्न सकिन्छ। हामी आफैले पनि सदैव असल काम नगर्ने भए तापनि, हामीप्रति कहिले गलत व्यवहार गरिएको थियो भन्ने कुरा थाहा पाउनमा भने हामीलाई निश्चित रूपमा कुनै कठिनाइ हुँदैन। अनि त्यस्तो हुँदाखेरि, हामी न्याय गरियोस् भनी माग गर्दछौं ! यो नैतिक नियम, जसअनुसार मानिसहरू जिउँदछन्, कहींबाट आउनुपर्दथ्यो। तर कहाँबाट ? बुद्धिहीन, अनियमित संयोगका प्रक्रियाहरूले एउटा नैतिक संहिताको अस्तित्वलाई व्याख्या गर्न सक्दैनन्।

त्यो नैतिक संहिता कारण र प्रभावको नियमसँग पनि सम्बन्धित हुन्छ, जसलाई हामीले पहिला हेर्‍यौं। यो नियमले यो आदेश दिन्छ कि प्रभाव कहिल्यै पनि कारणभन्दा पहिला आउँदैन र त्यसको कारणभन्दा कहिल्यै पनि महान् वा उच्च हुँदैन। त्यसकारण संसार अस्तित्वमा ल्याइनुभन्दा पहिला नै कुनै कुराको अस्तित्व हुनुपर्दछ र त्यो कारण हरेक कुरामा हाम्रो आश्चर्यजनक संसारभन्दा उच्च हुनुपर्दछ। एउटा भवनको उदाहरणमा झैं संसारले रचना प्रदर्शन गर्दछ, त्यसैले त्यसका एक रचनाकार हुनुपर्दछ; त्यसले बुद्धिको प्रदर्शन गर्ने भएकोले त्यसका रचनाकार बुद्धिमान् हुनुपर्दछ; यसमा जीवन भएको हुनाले यसका रचनाकारसँग जीवन हुनुपर्दछ र यसले नैतिकता प्रदर्शन गर्ने भएको हुनाले यसका रचनाकार नैतिकवान हुनुपर्दछ।

तपाईंले यसमा वास्तविकरूपमै ध्यान दिनुहुँदा परमेश्वर हुनुहुन्छ भन्ने कुरालाई विश्वास गर्नुभन्दा परमेश्वर हुनुहुन्न भन्ने कुरालाई विश्वास गर्न धेरै विश्वास चाहिन्छ। कसरी पदार्थहरू आफै शून्यबाट अस्तित्वमा आउन सक्दछन् ? कुनै पनि कारणबिना नै कसरी एउटा प्रभाव उत्पन्न हुन सक्दछ ? कसरी जीवनहीनताबाट जीवन आउन सक्दछ ? कसरी निर्बुद्धीबाट बुद्धि आउन सक्दछ ? अर्थहीनताबाट कसरी अर्थ आउन सक्दछ ? यी सबै यस्ता कुराहरू हुन् जसलाई एक नास्तिकले एकरूपको हुनको निम्ति विश्वास गर्नुपर्दछ - र ती सबै कारण र प्रभावको अकाट्य नियमसँग बाझिन्छन्।

त्यो कुरा तपाईंको तर्कसँग कसरी मिल्दछ ? सदैव तपाईंका निष्कर्षहरू प्रमाण, तथ्यहरू र सत्यमाथि आधारित तुल्याउनुहोस् । निर्णयहरू गर्दाखेरि भावनाहरूको पछि मात्र नलाग्नुहोस् । जीवनका केही पक्षहरूमा भावनाहरू महत्वपूर्ण हुन सक्दछन् तर तिनले सत्य के हो भन्ने कुरा निर्धारण गर्दैनन् ।

अँ, तपाईंको खुट्टामुनि रहेको हिउँ बाक्लो हुन थालिरहेको छ । सृष्टि, रचना, कला, क्रमबद्धता, विज्ञान र नैतिक नियमबाट आउने प्रमाणबारे सोचविचार गर्दाखेरि अनन्त सत्यताको हाम्रो खोजी साँघुरो हुन थाल्दछ ।

अर्को अध्यायमा हामी हाम्रो संसारको रचनाको प्रक्रियालाई ज्यादै नजिकबाट हेर्नेछौं । त्यसपछि अध्याय ३ मा हामी यो रचनाकार को हुन सक्दथ्यो भन्ने कुराबारे मनन गर्नेछौं ।

अध्याय २

# अब म छर्लङ्ग देख्न सक्दछु

**विभिन्न दूरीहरूमा हेर्नलाई सङ्केन्द्र मिलाउने, विभिन्न परिमाणमा प्रकाश प्रवेश गराउने र ठाढो तथा तेर्सा दृष्टिगत कमजोरीहरू सच्याउने सम्पूर्ण अद्वितीय यन्त्रहरू भएको आँखा प्राकृतिक छनौटद्वारा बनेको हुन सक्दथ्यो भन्ने मानिलिनुचाहिँ सबैभन्दा हास्यास्पद कुराजस्तो देखिन्छ भनी म खुल्लारूपमा स्वीकार गर्दछु ।**

*चार्ल्स डार्विन*

हामीले अघिल्लो अध्यायमा देखेअनुसार हाम्रो संसार रचना गरिएको हो भन्ने कुराको प्रमाण अत्यन्त प्रष्ट छ । सृष्टिकर्ताको अस्तित्वतर्फ औंल्याउने तार्किक प्रमाण हुँदाहुँदै पनि धेरै मानिसहरूले परमेश्वरसम्बन्धी धारणालाई अस्वीकार गर्दछन् किनभने तिनीहरूले क्रमविकास नै साँचो हो भनी विश्वास गर्दछन् ।

साँनो छँदा हामीलाई शिशु कक्षामा यो कुरा सिकाइन्थ्यो कि एउटा भ्यागुता राजकुमार बन्दाखेरि त्यो कुरा एउटा दन्त्यकथा हुन्छ । तर म माध्यमिक विद्यालय र कलेजमा हुँदा एउटा भ्यागुता राजकुमार बन्दा त्यो कुरा विज्ञान हो भनी हामीलाई भनिन्छ !

त्यसैले केही वैज्ञानिकहरूले सारा संसार आफै नै अस्तित्वमा आएको थियो भन्ने कुराको निर्णायक प्रमाण आफूसँग छ भनी भन्दछन् भने कुनै दन्त्यकथाको "सृष्टिकर्ता" चाहिँदैन भनी मानिसहरूले सोच्न पुग्दछन् ।

म सार्वजनिक विद्यालयको वातावरणमा हुर्किएको र सार्वजनिक विश्वविद्यालयमा पढेको हुनाले, धेरै बालबालिकालाई झैं मलाई पनि विद्यालय गएदेखि नै क्रमविकास सिकाइएको थियो । त्यसैले वयस्क हुँदा मैले सोचेँ, "के क्रमविकास नै सारा सृष्टि अस्तित्वमा आउनुको कारण हुन सक्दैन र ?" त्यसपछि मैले केही अनुसन्धान गर्ने निर्णय गरेँ - र मैले भेट्टाएको कुरा देखेर म छक्क परेँ ।

परमेश्वर हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरा मात्र नभई उहाँ कस्तो किसिमको परमेश्वर हुनुहुन्छ भन्ने कुरा निर्धारण गर्नको लागि यो विषय अत्यन्त महत्वपूर्ण भएको हुनाले आउनुहोस् केही बेर ईमानदार भएर उक्त प्रमाणलाई जाँचौं र त्यसले कतातिर डोऱ्याउँदछ भन्ने हेरौं ।

क्रमविकास भनेको के हो ?

सर्वप्रथम, "क्रमविकास" भनेको के हो भन्ने कुरालाई हेरौं । क्रमविकासका दुईवटा मुख्य हाँगाहरू छन् । एउटाचाहिँ शूक्ष्म क्रमविकास हो, जसले एउटा जातिभित्र हुने स-साना भिन्नताहरूलाई समेट्दछ । हामी यसको प्रमाण सधैं देख्दछौं, जस्तै ब्याक्टेरियाले औषधिको प्रतिवाद गर्न सक्दछ । यसलाई अनुकूलता वा प्राकृतिक छनौट पनि भनिन्छ । शूक्ष्म क्रमविकास वैज्ञानिकीय छ किनभने यो देख्न र नाप्न सकिने छ ।

अर्को हाँगा ठूलो क्रमविकास हो, जुनचाहिँ समयको अन्तरालमा क्रमिक स-साना परिवर्तनहरूले एउटा जातिलाई अर्कोमा परिवर्तन गर्न सक्दछन् भन्ने धारणा हो । यसले स-साना भिन्नताहरूलाई समेट्ने मात्र होइन तर पूर्णतया नयाँ विशेषताहरू र शरीरका प्रकारहरू नै थपिदिन्छ ।

डा. जे.पी. मोरल्याण्डले यसलाई यसरी सारांशित गर्दछन्:

> ठूलो क्रमविकासचाहिँ सम्पूर्ण जीवन कुनै तरल पदार्थमा रहेको जीवनहीन अवस्थाबाट जीवन विकास भयो (जहाँ रसायनिक प्रतिक्रियाहरू र कुनै प्रकारको शक्तिले पहिलो जीवन उत्पन्न गराए) र त्यही पहिलो जीवनबाट अहिलेको मानवजातिसम्म सम्पूर्ण जीवन क्रमिकरूपमा विकास भए भन्ने साधारण सिद्धान्त हो ।[१७]

ठूलो क्रमविकास - हामीले शूक्ष्म क्रमविकासमा भइरहेका देख्न सक्ने परिवर्तनहरू (एउटा जातिभित्र) अबिरल र असीमित हुनुपर्दछ, जसले गर्दा एउटा जाति निरन्तर परिवर्तन हुनेछ र अन्त्यमा नयाँ जाति बन्नेछ भन्ने विश्वास - नै क्रमविकासको सिद्धान्तको मुटु हो ।

तैपनि ठूलो क्रमविकासलाई कहिल्यै पनि नियालिएको छैन; त्यसैकारण, यो वैज्ञानिकीय छैन ।

क्रमविकासको सत्यता खोज्ने क्रममा मैले थाहा पाएका सबैभन्दा वाध्यकारी तथ्यहरूमध्ये एउटाचाहिँ यो थियो कि शूक्ष्म क्रमविकास वंशाणु कोडद्वारा सीमित पारिन्छ । एउटा प्राणीको DNA मा पहिलादेखि नरहेका कुनै पनि विशेषताहरू प्राकृतिक छनौटद्वारा कहिल्यै पनि उत्पन्न हुन सक्दैनन् ।

त्यसैले, कुनै जातिभित्र परिवर्तन हुन्छ भने त्यो सदैव यी सीमाहरूभित्रै हुन्छ। उदाहरणको लागि, कुकुर धेरै प्रकारका हुन्छन् - चिहुआहुआदेखि आइरिस वल्फहाउण्डसम्म, मेक्सिकन खुइलेदेखि योर्कशायर फुच्चेसम्म - तैपनि ती सबै कुकुरहरू नै हुन्।

*द एन्सर्स बुक* मा केन हाम शूक्ष्म क्रमविकासको यो कमजोरीलाई व्याख्या गर्दछन्:

> अनुकूलता र प्राकृतिक छनौट जीवशास्त्रीय तथ्यहरू हुन्; अमिबादेखि मानिससम्मको सिद्धान्त त्यस्तो तथ्य होइन। प्राकृतिक छनौटले जीवहरूमा रहेको वंशाणुगत जानकारीमा मात्र काम गर्न सक्दछ - यसले नयाँ जानकारी सृष्टि गर्न सक्दैन। उदाहरणको लागि, कुनै पनि घस्रने जीवहरूमा भुवाको जीन नहुने भएकोले जतिसुकै छनौट भए तापनि भुवादार घस्रने जीवन उत्पन्न हुनेछैन। जीनहरूमा हुने कमजोरीहरूले अस्तित्वमा रहेका संरचनाहरू सुधार गर्न वा निर्मूल पार्न मात्र सक्दछन्, तर नयाँ संरचनाहरू उत्पन्न गराउन सक्दैनन्।

यसरी जीवशास्त्रीय परिवर्तनमा सदैव प्राकृतिक सीमितताहरू हुन्छन्। प्राकृतिक छनौट यति मात्र हो - छनौट। यसले कुनै पनि नयाँ कुरा उत्पन्न गराउन सक्दैन; यसले त जीवको जीनमा रहेको जानकारीबाट छनौट मात्र गर्न सक्दछ।

तैपनि क्रमविकासवादीहरूले यो मुख्य तथ्यलाई बेवास्ता गर्दछन् र एउटा जातिले नयाँ जानकारी हासिल गर्न र अर्को जातिमा विकास हुन सक्दछ भन्ने दाबी गर्दछन्। यसलाई प्रकृतिमा कहिल्यै पनि देखिएको छैन र वास्तवमा यो कहिल्यै हुनै सक्दैन।

आउनुहोस् ठूलो क्रमविकासका दुईवटा अवस्थाहरूलाई अझ नजिकबाट हेरौं जुन दुवै नै क्रमविकासको सिद्धान्त साँचो हुनको लागि आवश्यक हुन्छन्।

## जीवनको उत्पत्ति

ठूलो क्रमविकासको पहिलो दाबी यो हो कि निर्जीव पदार्थबाट सजीव पदार्थ आयो। यसमा एउटा मात्र समस्या हुन्छ: यो असम्भव हुन्छ भन्ने कुरा देखाइएको छ। कुनै कुरा प्रमाणित गर्नको लागि वैज्ञानिक विधिलाई दोहोरिने जानकारी चाहिन्छ, तैपनि वैज्ञानिकहरूको उत्कट प्रयासहरू र आधारहीन

दाबीहरू हुँदाहुँदै पनि तिनीहरूले कहिल्यै पनि जीवनहीनताबाट जीवन उत्पन्न गराउन सकेका छैनन् । वास्तवमा, त्यसको विपरीत पो भएको छ ।

क्रमविकासवादी मार्टिन मोएले यो कुरा स्वीकार गरेका छन्: "जीवशास्त्रीय विज्ञानहरूमा भएका सम्वेदनशील आविष्कारहरूको एक शताब्दीसम्मको अवधिले हामीलाई यो कुरा सिकएको छ कि जीवन त जीवनबाट मात्र उत्पन्न हुन्छ ।"[१८] त्यसकारण क्रमविकासवादीहरूले स्वस्फूर्त पुस्ता विकसित भए - अर्थात् धेरै पहिला निर्जीव रसायनहरूले सजीव जीवहरू उत्पन्न गराए - भनी दाबी गर्नु अवैज्ञानिक र अनुचित हुन्छ ।

लुइ पास्चर र अरूले स्वस्फूर्त पुस्ताको असम्भाव्यता देखाएका छन् र जीवोत्पत्तिको नियमलाई प्रमाणित गरेका छन्: जीवन त पहिला अस्तित्वमा रहेको जीवनबाट मात्र उत्पन्न हुन सक्दछ र त्यसको आफ्नै जातिमा मात्र रहिरहनेछ ।

प्रख्यात क्रमविकासवादी जर्ज गेलर्ड सिम्प्सन र तिनका सहकर्मीहरूले यसरी लेखे:

जीवोत्पत्ति नै मुख्य नियम हो, जीवन त अर्को जीवनबाट मात्र आउँदछ, एउटा कोष अर्थात् जीवनको एकाइ नै सदैव र प्रष्टरूपमा अर्को कोषको उत्पादन वा प्रजननको श्रोत हो भन्ने कुरामा कुनै गम्भीर शङ्का छैन ।[१९]

जीवोत्पत्तिको नियमले जीवनबाट मात्र जीवन उत्पन्न हुन्छ भनी आदेश दिने भएकोले यसले हाम्रो दिमागमा एउटा प्रश्न उठाउनुपर्दछः संसारको पहिलो जीवन कहाँबाट आयो ? यदि जीवन सदैव जीवनबाट नै आउँदछ भने एक मात्र तार्किक निष्कर्ष यो हो कि जीवन सदैव अस्तित्वमा रहेको छ । स्मरण गर्नुहोस्, कुनै कारणबिना कुनै प्रभाव उत्पन्न हुन सक्दैन र प्रभाव त्यसको कारणभन्दा ठूलो हुँदैन । त्यसकारण एक मात्र सम्भाव्यता यो हो कि हामी एक अनन्त, जीवित सृष्टिकर्ताबाट आयौं ।

नोबेल पुरस्कार विजेता फ्रान्सिस क्रिकले यसो भनेका थिए:

> जीवनको निम्ति आवश्यक पर्ने क्रमबद्धताहरूको ठूलो बहुमत कहिल्यै पनि कुनै पनि तरिकाले मिलाएर बनाउन सकिँदैन....अहिले हामीलाई उपलब्ध सम्पूर्ण ज्ञानले भरिएको एक ईमानदार मानिसले यसोमात्र भन्न सक्दछ कि कुनै अर्थमा जीवनको उत्पत्ति एउटा आश्चर्यकर्म जस्तै

देखिन्छ, त्यसलाई निरन्तरता दिनको लागि पूरा गर्नुपर्ने शर्तहरू अति धेरै छन् ।[२०]

जीवनबाट मात्र जीवन उत्पन्न हुन्छ भन्ने कुराको साथसाथै जीवोत्पत्तिको नियमले यो कुरा पनि उल्लेख गर्दछ कि जीवनले आफ्नै जातको मात्र जीवन उत्पन्न गराउँदछ । हरेक प्राणीका जीनहरू आफ्नै जातिहरू मात्र उत्पादन गर्ने गरी अद्वितीयरूपमा मिलाइएका हुन्छन् । यसले चाहिँ ह्वेलले ह्वेल मात्र, गाईले गाई मात्र, कमिलाले कमिला मात्र र मानिसले मानिस मात्र उत्पादन गर्नुको कारण दिन्छ - जसले हामीलाई क्रमविकासको अर्को समस्यातिर डोऱ्याउँदछ ।

## सङ्क्रमणकालीन स्वरूपहरू

ठूलो क्रमविकासको अर्को दाबी यो हो: समयको अन्तरालमा एउटा जाति क्रमिकरूपमा अर्को जातिमा परिवर्तन हुन्छ ।

ठूलो क्रमविकासलाई प्रमाणित गर्न वैज्ञानिकहरूले धेरैवटा प्राणीहरूको सूची बनाउँदछन्, समानताहरू देखाउँदछन् र प्रष्टरूपमा नै ती एउटै पूर्खाबाट आएका थिए भनी हामीलाई भन्दछन् । तपाईंले विद्यालयका पाठ्यपुस्तकहरूमा माछादेखि घस्रने जीव हुँदै दूध चुसाउने जीवहरूसम्मको लहर देखाउने तालिकाहरू पक्कै पनि देख्नुभएको होला ।

तर मानौं कि मैले कुनै कम्पनीका विभिन्न शैलीका, सामान्यदेखि आरामदायीसम्मका कारहरूलाई तिनीहरूको आकारअनुसार मिलाएर पङ्क्तिमा राखेँ र तिनका समानताहरू देखाएँ । ती प्रष्टरूपमा नै एउटै पूर्खाबाट आएका थिए भनी के तपाईं विश्वास गर्नुहुन्छ - कि तपाईंले आफ्नो सहजबुद्धिको प्रयोग गरेर तिनको एउटै निर्माणकर्ता थियो भनी सोच्नुहुन्छ ?

यी तालिकाहरू तयार पार्न प्रयोग गरिएका जीवावशेषहरूले शूक्ष्म क्रमविकासको प्रदर्शन गर्दछन्, जस्तै घोडाहरूभित्रका विविधता, तर एउटा जाति अर्कोमा परिवर्तन भएको कुनै प्रमाण छ ? छैन । वास्तवमा, ती परिवर्तन भएनन् भन्ने कुराको प्रमाण भने छ, किनकि ठूलो क्रमविकास साँचो भएको भए धेरै जातिहरूले पूर्ण हुनमा भन्दा परिवर्तन हुनमा धेरै समय खर्चिएका हुन्थे । त्यसैले जीवावशेषहरूको अभिलेखले लाखौंलाख सङ्क्रमणकालीन स्वरूपहरू प्रकट गर्दछ - क्रमविकासको मध्य अवस्थाका प्राणीहरू । यस्ता कुनै पनि जीवावशेषहरू पाइँदैनन् ।

*प्राकृतिक छनौटद्वारा हुने जीवहरूको उत्पत्ति वा जीवनको सङ्घर्षमा अनुकूल जीवहरूको सुरक्षा* भन्ने पुस्तकमा क्रमविकासको सिद्धान्त प्रतिपादन गरेका चार्ल्स डार्विनले यो सङ्क्रमणकालीन स्वरूपहरूको अभावलाई उनको सिद्धान्तका घातक त्रुटिहरूमध्ये एक भनी स्वीकार गरे । उनले यसो भनेः

> यो सिद्धान्तअनुसार असङ्ख्य सङ्क्रमणकालीन स्वरूपहरू हुनुपर्दछ तर किन हामीले तिनलाई पृथ्वीको भूपटलमा गडेका भेट्टाउँदैनौं त ? किन सम्पूर्ण प्रकृति हामीले देखेजस्तो सुव्यवस्थित नभई अव्यवस्थित हुँदैन ? भूवैज्ञानिक अनुसन्धानले उक्त सिद्धान्तले माग गरेजस्तो विगत र वर्तमानका जातिहरूको बीचमा अनन्तरूपमा धेरैवटा अवस्थाहरू पत्ता लगाउँदैन र उक्त सिद्धान्तको विरुद्धमा उठाउन सकिने धेरैवटा विरोधहरूमध्ये सबैभन्दा प्रष्टचाहिँ यही हो । तैपनि यसको व्याख्याचाहिँ भूवैज्ञानिक अभिलेखको पूर्ण असिद्धतामा रहन्छ ।[२१]

क्रमविकासको सिद्धान्तलाई साँचो प्रमाणित गर्नको लागि के आवश्यक पर्दथ्यो भन्ने कुरा डार्विनलाई ठोसरूपमा थाहा थियो र त्यो कुरा भन्न सक्ने गरी तिनी ईमानदार थिए । तिनले यो कुरा पनि स्वीकार गरे कि उक्त सिद्धान्तको विरुद्धमा उठाउन सकिने विरोधहरू असङ्ख्य थिए, जसमध्ये एउटाचाहिँ सङ्क्रमणकालीन स्वरूपहरूको अभाव हो । क्रमविकास साँचो हुने हो भने मध्य अवस्थाका लाखौंलाख जीवावशेषहरू हुनुपर्दथ्यो । डार्विनले अगाडि सारेका समस्या यो थियो कि हामीले अहिलेसम्म पर्याप्त मात्रामा जीवावशेषहरूको अभिलेख हेरेका छैनौं । अँ, त्यो अहिले आधुनिक भूविज्ञानले समाधान गरेको छ ।

डार्विनभन्दा लगभग १५० वर्षपछि आएर हामीले जीवावशेषको अभिलेखमा के पाउँदछौं त ? हामीले पूर्णरूपमा विकसित पूर्ण अजङ्गका हात्तीहरू, पूर्ण माछा, घस्रने पूर्ण जीवहरू र यस्तै जीवहरूका जीवावशेषहरू पाउँदछौं । जीवावशेषको अभिलेखमा पाइने हरेक कुरा पूर्णरूपमा विकसित र आफ्नै जातिको देखिन्छ । आंशिकरूपमा मेरुदण्ड बनेका वा आंशिकरूपमा पँखेटा वा चुच्चोहरू भएका प्राणीहरू छैनन् । भेट्टाइएका खर्बौं जीवावशेषहरूको माझमा डार्विनले आफ्नो सिद्धान्त साँचो हुनको लागि पाइनुपर्दछ भनी भनेका सङ्क्रमणकालीन स्वरूपहरूको एउटा पनि उदाहरण हामी देख्दैनौं ।

त्यसले हामीलाई के भन्दछ त ? यही कि यो सिद्धान्तमा केही कुरा अत्यन्त गलत छ ।

यो सिद्धान्त साँचो हुनको लागि जीवावशेषहरूको अभिलेखले साना स्वरूपहरूदेखि बढी जटिल स्वरूपहरूतर्फ भएको क्रमिक परिवर्तन देखाउनुपर्दछ। विशेषज्ञहरूले भनेका कुराहरूलाई एकपटक हेर्नुहोस् तः

जर्ज गेलर्ड सिम्प्सनले यसरी स्वीकार गरेः

> सङ्क्रमणकालीन स्वरूपहरूको नियमित अभाव दूध चुसाउने जीवहरूमा मात्र सीमित छैन तर यो त लगभग विश्वव्यापी प्रक्रिया नै हो, जसरी जीवावशेषशास्त्रीहरूले लामो समयदेखि उल्लेख गरेका छन्।[२२]

ए.जे. मार्शलले यसरी लेखेका छन्ः

> चराहरूको उत्पत्ति खास गरी अनुमानको विषय मात्र हो। घस्रने जीवदेखि चरामा भएको अतुलनीय परिवर्तनको बीचका तहहरूको कुनै पनि जीवावशेष पाइँदैन।[२३]

न्यूयोर्क विश्वविद्यालयका एच.डब्लू. स्मिथले मेरुदण्ड हुने जीवहरूको जीवावशेषहरूको अभावको विषयमा बोल्दै यसरी लेखेः

> त्यो रिक्तस्थान त्यत्तिकै रहिरहन्छ र मेरुदण्ड हुने जीवहरूको क्रमविकासलाई सुरु गर्ने सबैभन्दा असल स्थान भनेको कल्पनामा हो।[२४]

क्रमविकासको प्रमाण खोज्दै चालीस वर्षको समय बिताएपछि र कुनै पनि प्रमाण फेला पार्न नसकेपछि हेरिबर्ट निल्सनले यसरी लेखेः

> जीवावशेषको सामग्री अहिले यति पूरा भएको छ कि नयाँ जातिहरू बनाउन सम्भव भएको छ र सङ्क्रमणकालीन स्वरूपहरूको अभावलाई सामग्रीको अभावको कारणले भएको भनी व्याख्या गर्न सकिँदैन। ती अभावहरू वास्तविक छन्; ती कहिल्यै पूरा हुनेछैनन्।[२५]

यसले नै प्रष्ट पार्दछः जीवावशेषको अभिलेखमा ठूलो क्रमविकासको - अर्थात् एउटा जाति अर्कोमा परिवर्तन भएको - कुनै प्रमाण छैन। क्रमविकासवादीहरूले सङ्क्रमणकालीन स्वरूपहरूको अभावलाई यो दाबी गरेर रक्षा गर्ने प्रयास गर्दछन् कि जातिहरू यति तीव्र गतिमा क्रमविकास भए कि तिनले कुनै पनि जीवावशेष छोडेनन्। तर तिनीहरूले हामीलाई यसो पनि भन्दछन् कि आज कसैले पनि क्रमविकास भइरहेको देख्न सक्दैन किनभने त्यो अत्यन्त ढिलो गरी हुन्छ।

त्यसैले वास्तविकतामा - यो देख्न सकिने गरी अति छिटो वा अति ढिलो हुन्छ भन्ने माने तापनि - ठूलो क्रमविकासको कुनै जीवावशेषको प्रमाण छैन । त्यसैले कसैले पनि क्रमविकासको कुनै पनि प्रमाण कहीँ पनि देख्न सक्दैन !

के हामी यसलाई पुष्टि गर्ने कुनै पनि प्रमाण नभएको क्रमविकासको "तथ्य" भन्न सक्दछौं ? त्यो त एउटा असल सिद्धान्त पनि हुँदैन !

*क्रमविकास* पत्रिकामा डेविड किट्सले आफ्ना सङ्गी क्रमविकासवादीहरूलाई यसरी स्मरण गराए:

> जीवावशेषशास्त्रले क्रमविकासलाई 'हेर्ने' माध्यम उपलब्ध गराउँदछ भन्ने ठूलो प्रतिज्ञा हुँदाहुँदै पनि यसले क्रमविकासवादीहरूलाई केही गम्भीर कठिनाइहरू प्रस्तुत गरेको छ जसमध्ये सबैभन्दा खराबचाहिँ जीवावशेष अभिलेखमा भएका 'रिक्तस्थानहरू' को उपस्थिति हो । क्रमविकासले जातिहरूबीचको मध्यमार्गी स्वरूपहरूको माग गर्दछ र जीवावशेषशास्त्रले ती उपलब्ध गराउँदैन ।[२६]

बरु जीवावशेषको अभिलेखले देखाउने कुरा क्रमिक परिवर्तन होइन तर आकस्मिक प्रस्तुति र स्थिरता हो: अधिकांश जातिहरूका जीवावशेष सबै नै पूर्ण विकसित भएका रूपमा, एकै पटकमा देखा पर्दछन् ।

जीवावशेषशास्त्री रोबर्ट क्यारोलका अनुसार:

> ठूलो परिमाणको क्रमविकासका सबैभन्दा आश्चर्यजनक विशेषताहरू जीवहरू उत्पत्ति हुनेबित्तिकै तिनमा अत्यन्त तीव्र गतिमा आएको परिवर्तन हुन्, जसको पछि आएका लामो अवधिहरूमा सामान्य शरीर र जीवनशैलीहरू विकास भए । हराइरहेका कुराहरूचाहिँ डार्विनले कल्पना गरेका धेरैवटा मध्यमार्गी स्वरूपहरू हुन्....[२७]

जीवावशेषशास्त्रीहरूले "द क्याम्ब्रियन एक्सप्लोजन" भन्ने अवधिमा प्रष्टरूपमा नै जनावरको हरेक प्रमुख समूह एक्कासि आफै देखा पर्दछ र तिनीहरूभन्दा पहिला कुनै सङ्क्रमणकालीन स्वरूपहरू थिएनन् ।

त्यसैले जनावरहरू एउटै साझा पूर्खाबाट विभाजन हुनुको विपरीत जीवावशेषहरूको अभिलेखले यो कुरा देखाउँदछ कि सबै प्रमुख समूहहरू एकैपटकमा अचानक देखा परे । त्यसबारे विचार गर्नुहोस् । के यो प्रमाणले जीवन संयोगवश क्रमिकरूपमा विकास भयो भन्ने सिद्धान्तलाई पुष्टि गर्दछ - कि यसले एक सृष्टिकर्तालाई देखाउँदछ ?

क्रमविकासवादीहरूले सामान्यतया यस्तो तर्क गर्दछन् कि आवश्यक पर्ने सङ्क्रमणकालीन जीवावशेषहरू छन् तर तिनलाई अझैसम्म भेट्टाइएको छैन या ती नाश पारिएका छन् । तपाईंले कुनै प्रमाण नभईकन कुनै कुरालाई विश्वास गर्नुहुन्छ भने के त्यो विज्ञानको क्षेत्रभित्र पर्दछ - कि यो विश्वास हो ?

किन कसैले कुनै पनि प्रमाण नभएको क्रमविकासमाथि विश्वासद्वारा विश्वास गर्न चाहन्छ - र जसलाई वास्तवमा प्रमाणले खण्डन गर्दछ - तर विश्वासद्वारा एक सृष्टिकर्तामाथि विश्वास गर्दैन जसको पक्षमा हामीसँग प्रमाण छ ?

प्रख्यात वैज्ञानिक, लेखक तथा वक्ता डा. केन्ट होविन्डका अनुसार कुनै पनि सिद्धान्तको जाँच भनेको त्यसले सामान्य प्रश्नहरूको जवाफ दिन्छ कि दिँदैन भन्ने हो । तपाईंले यी प्रश्नहरूको कसरी जवाफ दिनुहुन्छ ?

१. मृत पदार्थबाट कहिले, कहाँ, किन र कसरी जीवन आयो ?

२. जीवनले कहिले, कहाँ, किन र कसरी आफैलाई प्रजनन गर्न सिक्यो ?

३. यौन सम्पर्कबाट प्रजनन गर्ने सामर्थ्य भएको पहिलो कोषले केद्वारा प्रजनन गऱ्यो ?

४. कुनै वनस्पति वा जनावरले किन आफ्नै जाति धेरै जन्माउन चाहन्छ, किनकि यसले त खाने मुख धेरै बनाइदिन्छ र बाँच्ने मौका कम बनाइदिन्छ ? (बाँच्ने चाहना एक्लो जीवमा हुन्छ कि जातिमा ? तपाईं यसलाई कसरी व्याख्या गर्नुहुन्छ ?

५. कसरी जीनहरूको संयोगले कुनै नयाँ, सुधारिएका जातिहरू उत्पन्न गर्न सक्दछ ? (अङ्ग्रेजी अक्षरहरूको कुनै पनि संयोगले कहिल्यै पनि चिनिया पुस्तकहरू बनाउँदैन ।)

६. प्राकृतिक छनौटले उपलब्ध वंशाणु जानकारीसँग मात्र काम गर्दछ र एउटा जातिलाई स्थिर राख्न मात्र पुग्दछ । वंशाणु जानकारीको बढ्दो जटिलतालाई तपाईं कसरी व्याख्या गर्नुहुन्छ, जुन कुरा क्रमविकास साँचो हो भने पूरा हुनै पर्दछ ।

७. कहाँ, कहिले, किन र कसरी यी कुराहरू भए:

क) एक कोषीय वनस्पतिहरू कसरी बहुकोषीय भए ? (बीचका दुई र तीन कोषीय वनस्पतिहरू कहाँ छन् ?)

ख) माछा जलथल दुवैमा बस्ने जीवमा परिवर्तन भयो ?

ग) जलथल दुवैमा बस्ने जीवहरू घस्रने जीवनहरूमा परिवर्तन भए ?

घ) घस्रने जीवहरू चराहरूमा परिवर्तन भए ? (तिनको फोक्सो, हड्डी, आँखा, प्रजनन अङ्गहरू, मृटु, चलहल गर्ने तरिका, शरीर ढाक्ने कुरा, इत्यादि सबै नै अत्यन्त भिन्दै हुन्छन् !) बीचका स्वरूपहरू कसरी जिए ?

८. कहिले, कहाँ, किन, कसरी र केबाटः

क) ह्वेलहरू विकास भए ?

ख) जलघोडाहरू विकास भए ?

ग) चमेराहरू विकास भए ?

घ) रौं, छाला, भुवा, कत्ला, नङ, पञ्जा, इत्यादि विकास भए ?

९. यीमध्ये कुनचाहिँ पहिला विकास भयो (यसले कसरी र कहिलेसम्म त्योबिना काम गर्‍यो) ?

क) पाचन प्रणाली, पचाउनुपर्ने खाना, भोक, खाना खोज्ने र खाने क्षमता, पाचन रसहरू, वा आफ्नै पाचन रसलाई सहने शरीरको क्षमता (पेट, आन्द्राहरू, इत्यादि) ?

ख) प्रजनन गर्ने चाहना वा प्रजनन गर्ने शक्ति ?

ग) फोक्सोहरू, तिनलाई सुरक्षा गर्ने चिप्लो झिल्ली, घाँटी, वा फोक्सोहरूभित्र पस्नुपर्ने हावाहरूको सिद्ध मिश्रण ?

घ) बोटबिरुवा वा त्यसमा बसेर परागसेचन गर्ने कीराहरू ?

ङ) हड्डीहरू, हड्डीहरू जोड्ने तन्तुहरू, मांसपेशी र हड्डीहरू जोड्ने तन्तुहरू, रक्तसञ्चालन वा हड्डीहरू चलाउने मांसपेशीहरू ?

च) प्रतिरक्षा प्रणाली वा त्यसको आवश्यकता ?

अब तपाईंका जवाफहरूलाई ध्यानपूर्वक विचार गर्न केही समय लिनुहोस् । ती उचित र वैज्ञानिकीयरूपमा प्रमाणित गर्न सकिने छन् भन्ने कुरामा के तपाईं निश्चित हुनुहुन्छ, वा के तपाईं त्यो कुरा त्यसरी नै भएको थियो भनी आशा र विश्वास गर्नुहुन्छ ? क्रमविकासले कुनै अर्थ दिन्छ भन्ने के तपाईं वास्तवमै ठान्नुहुन्छ ?

वैज्ञानिकहरूले हामीलाई यो कुरामा विश्वस्त पार्न चाहन्छन् कि शरीरका नयाँ योजनाहरू र जटिल अङ्गहरू - साथै तिनका अन्तरसम्बन्धित सबै

कामहरू - एउटा प्राणीको नयाँ आवश्यकता पूरा गर्नको निम्ति यत्तिकै देखा परे ।

तर तपाईंले यसलाई तार्किकरूपमा सोच्नुहुँदा यो सम्भव हुँदैन । प्राकृतिक छनौटले जीवहरूमा हुने निश्चित स-साना परिवर्तनहरूको व्याख्या गर्दछ, किनभने यसले अस्तित्वमा रहेका वंशाणु संरचनाहरूमा काम गर्दछ । तर सर्वप्रथम तपाईंले ती जटिल संरचनाहरू कहाँबाट पाउनुभयो भन्ने कुरा भने व्याख्या गर्दैन ।

डार्विनले केही चराहरूका चुच्चोहरूको आकार परिवर्तन भएका देखे र त्यो प्राकृतिक छनौटले गर्दा भएको थियो भन्ने सोचे - अर्थात् घुमेका चुच्चोहरू भएका चराहरू नयाँ वातावरणीय अवस्थाहरूप्रति राम्रोसँग घुलमिल भएका थिए ।

तर परिवर्तनहरू हुन आए किनभने ती चराहरूले खडेरीको अवधिमा सुकेका फलहरू खान सङ्घर्ष गर्नुपर्‍यो । उक्त सङ्घर्षले तिनीहरूका चुच्चो बङ्ग्याइदियो ।

ती चराहरूको चुच्चोको आकारमा आएको उक्त परिवर्तन वंशाणु थिएन भन्ने कुराको सङ्केत यो हो कि क्षणिक विपत्ति पार भएपछि तिनै चराहरूको चुच्चो पुरानै आकारमा फर्किआयो र तिनीहरूले खानको लागि त्यति साह्रै मेहनत गर्नुपरेन ।

यो प्राकृतिक छनौटको उदाहरण होइन भन्ने कुराको अर्को सङ्केत यो हो कि भर्खरै मात्र चुच्चो बाङ्गिएका बुबाआमाबाट जन्मिएका चराहरूका चुच्चोहरू सामान्यरूपमा सोझै थिए ।

प्राकृतिक छनौटबारे मनन गर्नुको साथसाथै हामीले सङ्क्रमणकालीन स्वरूपहरूको धारणालाई त्यसको तार्किक निष्कर्षसम्म नै पछ्याउनुपर्दछः के कुनै माछा आंशिक फुल्का लिएर बाँच्न सक्दछ ? सक्दैन; त्यो मर्दछ । के एउटा पखेँटा आधा भएको चरा बाँच्न सक्दछ ? सक्दैन; यो अर्को कुनै जनावरको आहारा हुन्छ ! के हामीले अपूर्ण पाचन प्रणालीले खाना पचाउन सक्दछौं ? अथवा अविकसित आँखाको नानीले देख्न सक्दछौं ? पूर्णरूपमा विकसित खुट्टाहरू नभएको चितुवा दगुर्न सक्दछ ? सहजबुद्धिले हामीलाई जवाफ दिन्छ ।

## हराइरहेको सम्बन्ध

अनि त्यसले हामीलाई सङ्क्रमणकालीन स्वरूपहरूको थुप्रोतिर डोऱ्याउँदछ - बाँदर र मानिसबीचको हराइरहेको सम्बन्ध । यदि मानिसहरू बाँदरहरूबाट विकास भएका भए जीवावशेषहरूको अभिलेखले धेरैवटा सङ्क्रमणकालीन स्वरूपहरू प्रकट गर्नुपर्दछ । अनि मानिसहरू तुलनात्मकरूपमा भर्खरै मात्र विकास भएका हुन् भनेर भनिने भएकोले जीवावशेषहरूले नाश हुने कम मात्र समय पाएका छन् र त्यसैकारण ती प्रशस्त हुनुपर्दछ ।

त्यसैले वैज्ञानिकहरूले के भेट्टाएका छन् त ? नेब्रास्का मानिस, पिल्टडाउन मानिस, जाभा मानिस, पेकिङ्ग मानिस, निन्डर्थल मानिस र लुसी नै ती “हराइरहेका सम्बन्धहरू” मानिएका कुराहरू हुन् । तर ती प्रत्येकलाई वैज्ञानिकीयरूपमा खण्डन गरिएको छ भन्ने कुरा के तपाईंले थाहा पाउनुभएको छ ? तैपनि तिनलाई मेरो विद्यालयका पुस्तकहरूमा समावेश गरिएको छ र - वैज्ञानिकीयरूपमा खण्डन गरिए तापनि - धेरैलाई त आजका पाठ्यपुस्तकहरूमा अझैसम्म पनि देख्न सकिन्छ !

आउनुहोस् त्यो प्रमाणलाई एकपटक हेरौं:

नेब्रास्का मानिसलाई नेब्रास्कामा भेट्टाइएको एउटा दाँतबाट सृष्टि गरिएको थियो । एउटा मात्र दाँतको (र प्रशस्त कल्पनाको) आधारमा नेब्रास्का मानिसलाई एउटा खप्पर, अस्थिपञ्जर, साधनहरू र परिवारसमेत भएको भनी पूर्ण नक्शा कोरियो । एक मात्र समस्या यो हो कि पछि त्यो दाँत उन्मुलन भएको एउटा सुङ्गुरको भएको पाइयो !

पिल्टडाउन मानस एउटा सुनियोजित छल भएको प्रमाणित भएको छ । खप्परको भागचाहिँ वास्तवमा एकजना आधुनिक मानिसको थियो र बङ्गारा भएको हड्डीको भाग र दुईवटा दाँतहरू एउटा ओराङ्गुटानका थिए । ती दाँतहरूलाई मानिसका जस्ता देखाउनको लागि मिलाएर काटिएको थियो र हड्डीहरू र दाँतहरूलाई प्राचीनजस्ता देखाउनको लागि दाग लगाइएको थियो । त्यो सम्पूर्ण “आविष्कार” लाई ती मानिसहरूलाई मूर्ख बनाउनको लागि सुरुदेखि नै किर्ते गरिएको थियो जसले सत्यताको खोजी गर्नेथिएनन् ।

जाभा मानिसलाई धेरै ठाउँमा छरिएका हड्डीहरूबाट बनाइएको थियो - खप्परको माथिल्लो भाग र तिघ्राको हड्डी एउटा चिहानको थुप्रोमा धेरै टाढा-टाढा भेट्टाइएका थिए । ती त वास्तवमा मानव प्राणी र ठूलो बाँदरका अङ्गहरू थिए ।

पेकिङ्ग मानिस त बाँदरको जस्ता खप्परहरूमाथि मात्र आधारित थियो जसको पछाडिपट्टि हिर्काइएको थियो । तिनलाई विभिन्न जनावरहरूका हड्डीहरू र साधनहरूसँग पाइएका हुनाले ती “साधन चलाउने बाँदरहरू” मानिसका पूर्खाहरू थिए भन्ने मानिएको थियो । त्यसको विपरीत यो कुरा पत्ता लाग्यो कि ती जनावरहरू मानिसको भोजन थिए र ती साधनहरू तिनीहरूले नभई तिनीहरूमाथि प्रयोग गरिएको थियो ।

निन्डर्थल मानिस पूर्णरूपमा मानिस थियो भनी निष्कर्ष निकालियो - सुविकसित संस्कृति, कला र धर्म भएको साधारण, आधुनिक मानिसहरूजस्तै, तर कुपोषणबाट ग्रस्त भएको ।

लुसी एउटा “हराइरहेको सम्बन्ध” हुन सक्दैन किनभने मानिस लुसीको समयभन्दा अगावै सीधा उभिएर हिँडेको थियो भन्ने कुरा निर्धारण गरिएको छ ।

“त्यो हराइरहेको सम्बन्ध” अझै पनि हराइरहेको छ - र सधैंभरि हराइ नै रहनेछ किनभने यो नियम मानिसहरूको साथसाथै अन्य सबै प्रकारका जीवनहरूप्रति लागू हुन्छ: सङ्क्रमणकालीन स्वरूपहरू छैनन् । जीवावशेषहरूको अभिलेखमा हरेक कुरा एक्कासि र सिद्धरूपमा विकास भएको देखा पर्दछ ।

फेरि, शूक्ष्म क्रमविकासको (एउटा जातिभित्रै हुने अनुकूलताको) प्रशस्त प्रमाण भए तापनि ठूलो क्रमविकास - एउटा प्राणी अर्कोमा विकास हुने कथित प्रक्रिया - सँग आफूलाई प्रमाणित गर्ने कुनै प्रमाण छैन । कुनै पनि छैन । वैज्ञानिकहरूले कुनै पनि सङ्क्रमणकालीन जीवावशेषहरू र हराइरहेका सम्बन्धहरू भेट्टाएका छैनन् ।

ब्रिटिश म्युजियम अफ न्याचुरल हिष्ट्रीका निर्देशक र अति प्रतिष्ठित क्रमविकासवादी डा. कोलिन प्याटर्सनले क्रमविकासको बारेमा एउटा पुस्तक लेखे । तिनको पुस्तकले सङ्क्रमणकालीन जीवावशेषहरूका कुनै पनि उदाहरणहरू समावेश नगर्नुको कारणबारे सोधिँदा तिनले, जसको सङ्ग्रहालयमा ७० लाखवटा जीवावशेषहरू छन्, यस्तो जवाफ दिए:

> मेरो पुस्तकमा क्रमविकासका सङ्क्रमणकालीन स्वरूपहरूको प्रष्ट उदाहरण नभएको सम्बन्धी तपाईंका टिप्पणीहरूसँग म पूर्णरूपमा सहमत छु । यदि मलाई त्यस्तो कुनै पनि जीवावशेष वा जीवित प्राणीको बारेमा थाहा भएको भए म अवश्य पनि त्यसलाई समावेश गर्नेथिएँ....म

यसलाई जम्मा गरेर राख्नेछु । यस्तो कुनै जीवावशेष छैन जसको बारेमा हामीले स्पष्टरूपमा तर्क गर्न सक्दछौं ।[२८]

मेरुदण्ड भएका जीवहरूको जीवावशेषका एकजना अग्रणी विशेषज्ञ नाइल्स एल्ड्रिजले प्रमाणको ईमानदारितापूर्वक जाँच गर्ने निर्णय गरे । तिनको निष्कर्ष यस प्रकार छः

> जीवावशेषशास्त्रीहरू धेरै समय पहिला नै क्रमविकासदेखि पछि हटेका कुरा आश्चर्यजनक छैन । यो कहिल्यै पनि हुन्छजस्तो देखिँदैन । लगनशीलतापूर्वक भीरमा चढ्दा, खाल्टाखुल्टीहरू, अलिकति हल्लिने अवस्थाहरू र प्रायः केही परिवर्तनहरू आउँदछन् - लाखौं वर्षहरूको अवधिमा, क्रमविकासको इतिहासमा भएको सम्पूर्ण अपूर्व परिवर्तनको वर्णन गर्नै नसकिने गरी अति ढिलो गतिमा । क्रमविकासको अनौठोपनको प्रस्तुतिमा हेर्ने हो भने यो सामान्यतया एउटा विष्फोटनको साथमा र जीवावशेषहरू जहीँतहीँ भेट्टाइँदैनन् भन्ने कुराको कुनै ठोस प्रमाणबिना नै देखा पर्दछ ! क्रमविकास सधैंभरि कुनै ठाउँतिर गइरहेको हुन सक्दैन । तैपनि जीवावशेषहरूको अभिलेखले क्रमविकासको बारेमा केही कुरा थाहा पाउन खोजिरहेका धेरैजना उदास जीवावशेषशास्त्रीहरूलाई यसरी नै प्रहार गरेको छ ।[२९]

अहो ! यी दुई भनाइहरू कति आश्चर्यजनकः क्रमविकासको सिद्धान्तलाई पुष्टि गर्ने *कुनै प्रमाण छैन* भनी तिनले भर्खरै बताए ।

त्यसैले सत्यता पत्ता लगाउनलाई अलिकति अनुसन्धान गरेपछि मैले "क्रमविकासको बारेमा केही कुरा सिकेँ ।" मैले विश्वास गर्नको लागि त्यहाँ कुनै प्रमाण नै छैन भनी मैले सिकेँ । तपाईंले नि ?

## सम्भाव्यता

हामीले देखिसकेअनुसार जीवोत्पत्तिको नियमले क्रमविकास सम्भव छैन भनी प्रमाणित गर्दछ । अनि जीवावशेषको प्रमाणको पूर्ण अभावले त्यो निष्कर्षलाई पुष्टि गर्दछ ।

क्रमविकासलाई अस्वीकार गर्न मलाई अगुवाइ गर्ने अर्को सत्यताचाहिँ सम्भाव्यताको नियम हो जसले पनि जीवनहीनताबाट जीवन उत्पन्न हुने असम्भाव्यता देखाउँदछ ।

प्रख्यात बेलायती खगोलविद् सर फ्रेडरिक होलीले यसलाई यसरी लेख्दछन्:

जीवनको लागि आवश्यक पर्ने विभिन्न इन्जाइमहरू उत्पादन गर्न आवश्यक पर्ने एमिनो एसिडहरूको परीक्षण झुण्डहरूको सङ्ख्या गन्ने हो भने अनियमित घोलाइद्वारा तिनलाई पत्ता लगाउने सम्भाव्यता $१\times१०^{४०,०००}$ मा एकभन्दा कम निस्कन्छ ।

तपाईंलाई यो सङ्ख्या कति हो भन्ने कुराको छनक मात्र दिनको लागि, एक खर्ब भनेको $१०^{१२}$ हो । अनि सारा संसारमा $१०^{८०}$ वटा इलेक्ट्रोनहरू छन् भनी अनुमान गरिन्छ ! त्यसैले $१०^{४०,०००}$ भनेको त कल्पना गर्न पनि लगभग असम्भव हुने कुरा हो ।

कुनै घटना घट्ने मौकाहरू $१०^{५०}$ भन्दा बढी हुन्छन् भने त्यो असम्भव हुन्छ भनी गणितिज्ञहरू भन्दछन् - यो यस्तो घटना हो जुन कहिल्यै पनि हुनेछैन भनी हामी निश्चयतासाथ भन्न सक्दछौं, चाहे त्यो घटना हुनको लागि जतिसुकै समय लागोस् र कल्पना गर्न सकिने जतिसुकै मौकाहरू होऊन् ।

स्मरण गर्नुहोस् कि एउटा इन्जाइम स्वस्फूर्तरूपमा उत्पन्न हुने सम्भाव्यता $१०^{४०,०००}$ भन्दा कम थियो भनी होलीले भनेका थिए - जुनचाहिँ $१०^{५०}$ भन्दा अतुलनीयरूपमा कम सम्भाव्यता हो जसले कुनै घटनालाई असम्भव बनाइदिन्छ ।

येल विश्वविद्यालयमा जीव-भौतिकशास्त्रका पूर्व प्राध्यापक डा. ह्यारोल्ड मोरोविजले एउटा सबैभन्दा सानो, सामान्य प्रकारको जीव बन्ने मौकाको सम्भाव्यता $१०^{३४०,०००,०००}$ मा १ हुन्छ भनी अनुमान गरे ।

अनि प्रख्यात खगोलविद् र क्रमविकासवादी यो अनुमान गरे कि पृथ्वीजस्तो कुनै एउटा ग्रहमा जीवन उत्पन्न हुने मौका $१०^{२,०००,०००,०००}$ मा १ हुन्छ ।

त्यो सङ्ख्या कति ठूलो हो भन्ने कुरा के तपाईं बुझ्नुहुन्छ ? यो सङ्ख्या लेख्नको लागि ३०० पृष्ठ भएका ६००० वटा कपीहरू चाहिन्छ । त्यसैले यदि कहिल्यै कुनै कुरा असम्भव हुन्थ्यो भने त्योचाहिँ स्वस्फूर्त जीवनको उत्पत्ति हुनुपर्दथ्यो ।

त्यसैले सम्भाव्यताको नियमअनुसार जीवनहीनताबाट जीवन उत्पन्न हुने सम्भावनाहरू सम्भाव्यताको क्षेत्रभन्दा धेरै पर हुन्छन् । अनि त्योचाहिँ एउटा मात्र परमाणुले जीवन धारण गर्ने सम्भावनाको कुरा हो । तपाईं विभिन्न

किसिमका जीवनहरूको जटिलतालाई वा असीमितरूपमा जानकारी बोक्ने DNA कोडको संरचनालाई कसरी व्याख्या गर्नुहुन्छ ?

उदाहरणको लागि मानव DNA मा तीन अर्ब जानकारीका टुक्राहरू हुन्छन् - सामान्यतया लेख्नको लागि दशौं हजार पृष्ठहरू लाग्ने । के त्यो जानकारी एकपटकमा एक पृष्ठ गरी क्रमिकरूपमा विकास भयो होला ?

कसरी अनिर्देशित, अव्यवस्थित संयोगले यस्तो जटिल जानकारी बनाउन सक्यो होला ? यसले दिमागलाई यसको बारेमा सोच्नसमेत हिचकिचाउने बनाइदिन्छ । यसले निश्चितरूपमा संयोगलाई होइन तर रचनालाई जनाउँदछ ।

एकपटक एकजना मानिसले मलाई यो प्रश्न सोध्यो: यदि तपाईंले एउटा कम्प्यूटर, एउटा यन्त्रमानव, एउटा ७४७ जेट र एउटा सानो कीरा एउटा पङ्क्तिमा राख्नुभयो भने यी चारवटामध्ये कुनचाहिँ सबैभन्दा जटिल रूपमा रचना गरिएको थियो भनी एक वैज्ञानिकले भन्दछ भन्ने तपाईं ठान्नुहुन्छ ?

त्योचाहिँ कीरा नै हुन्थ्यो भन्ने मलाई लाग्यो । उसले मलाई भन्यो कि मेरो जवाफ सही थियो र वैज्ञानिकहरूले पनि त्यसो नै भन्दछन् । तपाईंले एउटा पाचन प्रणालीलाई वा कुनै पनि सबैभन्दा सानो शारीरिक प्रणालीलाई जाँच गर्नुहुँदा ती प्रणालीहरूको अत्यन्त सुव्यवस्थित आन्तरिक कार्यप्रणालीको प्रशंसा गर्न थाल्नुहुन्छ ।

हामीलाई साँचोरूपमा थाहा छ कि त्यो कम्प्युटरको एकजना सृष्टिकर्ता र रचनाकार थियो; यन्त्रमानवको एउटा सृष्टिकर्ता र रचनाकार थियो भन्ने हामी जान्दछौं; ७४७ जेटको पनि एकजना सृष्टिकर्ता र रचनाकार थियो भन्ने हामीलाई थाहा छ; तर कसै गरी हामी सोच्दछौं कि त्यो कीराचाहिँ समयको अन्तरालमा भाग्यवश र संयोगवश हुन आएको थियो ? यसले त कुनै अर्थ नै दिँदैन ।

यदि ती निर्जीव वस्तुहरूलाई त एउटा सृष्टिकर्ता र एउटा रचनाकार चाहियो भने त्यो जटिल, जीवित, आफै प्रजनन गर्ने कीराको एकजना सृष्टिकर्ता र रचनाकार मात्र हुनुपर्दैन, तर त्यसका त ती तीनवटा निर्जीव वस्तुहरूका भन्दा अत्यन्त महान् सृष्टिकर्ता र रचनाकार हुनुपर्दथ्यो ।

अनि यो कुरा त्यो “सामान्य” कीराको बारेमा त साँचो हुन्छ भने मानिसको दिमागजस्तो आश्चर्यजनकरूपमा जटिल कुरा बन्नको लागि के चाहिन्छ होला ? कल्पना गर्नुहोस् त !

कार्ल सेगनसमेत यसरी स्वीकार गर्दछन्:

> मानवीय दिमागमा रहने जानकारीलाई विद्युतीय एकाइ बाइटमा व्यक्त गर्ने हो भने त्यसलाई स्नायु तन्तुहरूमाझ हुने सम्पर्कहरूको कुल सङ्ख्यासँग सम्भवतः तुलना गर्न सकिन्छ होला - लगभग एक सय खर्ब, $१०^{१४}$ बिट । यदि अङ्ग्रेजीमा लेख्ने हो भने त्यो जानकारीले लगभग दुई करोडवटा- विश्वको सबैभन्दा ठूलो पुस्तकालयमा भएजति - पुस्तकहरू भर्दछ । दुई करोड पुस्तकहरूमा हुने जति जानकारी हामी प्रत्येकको टाउकोभित्र हुन्छ । दिमागचाहिँ अत्यन्त सानो ठाउँमा हुने अत्यन्त ठूलो स्थान हो....दिमागको स्नायु प्रणाली आश्चर्यजनकरूपमा व्यस्त हुन्छ, मानिसले बनाएको कुनै पनि यन्त्रभन्दा अत्यन्त आश्चर्यजनक यन्त्रको कार्यशैली यस्तो छ ।[३०]

यदि मानिसले दिमागजस्तो आश्चर्यजनक कुरा बनाउन सक्दैन भने कसले सक्दछ त - र कसले बनायो त ?

डार्विनवादका विश्वप्रसिद्ध प्रचारक प्राध्यापक रिचार्ड डकिन्स यसो भन्दछन्:

> जीवित कुराहरू संयोगवश अस्तित्वमा आउनै नसक्ने गरी अत्यन्त असम्भाव्य र अत्यन्त सुन्दररूपमा "रचना गरिएका" छन् ।[३१]

## असाधारण जटिलता

जीवरसायनशास्त्री डा. माइकल बेहीले जीवनका जटिल संरचनाहरू क्रमविकासले कहिल्यै पनि उत्पन्न गराउन सक्दैनथ्यो भनी तर्क गर्दछन् । तिनले यस्तो कुनै कुरा पत्ता लगाएका छन् जसलाई तिनले "असाधारण जटिलता" भन्दछन् ।

यसले एउटा जीवलाई जनाउँदछ जुन यति जटिल हुन्छ कि यो टुक्रा-टुक्रा गरी एकै ठाउँमा भेला हुन त सक्दैन तर पनि काम गर्दछ; कुनै काम गर्नको लागि सबै भागहरू एकैपटकमा अस्तित्वमा हुन आउनुपर्दछ । बेही यसरी व्याख्या गर्दछन्:

> "असाधारण जटिलता" भनेर मैले सामान्य काम गर्न योगदान पुऱ्याउने धेरैवटा सुगठित, अन्तरसम्बन्धित भागहरूले बनेको एउटा सिङ्गो प्रणालीलाई जनाएको हुँ, जसबाट कुनै एउटा भाग हटाइएमा, त्यसले उक्त प्रणालीलाई प्रभावकारीरूपमा काम गर्नदेखि रोकिदिन्छ ।

> एउटा असाधारणरूपमा जटिल प्रणाली एउटा अग्रगामी प्रणालीका स-साना, क्रमबद्ध सुधारहरूद्वारा सीधै उत्पन्न हुन सक्दैन (अर्थात्, सुरुको कामलाई निरन्तर सुधार गर्दै, जसले उही प्रविधिद्वारा काम गरिरहन्छ), किनभने कुनै असाधारणरूपमा जटिल प्रणालीको अग्रदूत जसको एउटा भाग हराएको छ, त्यसको परिभाषाअनुसार नै निकम्मा हुन्छ....
>
> प्राकृतिक छनौटले पहिलादेखि नै काम गरिरहेका प्रणालीहरूलाई मात्र छान्न सक्ने भएको हुनाले, यदि एउटा जीवशास्त्रीय प्रणाली क्रमिकरूपमा उत्पन्न गराउन सकिँदैन भने यो एउटा पूर्ण एकाइको रूपमा एकैपटकमा उत्पन्न हुनुपर्दछ ताकि प्राकृतिक छनौटले काम गर्नको लागि कुनै कुरा पाओस्।[३२]

तिनले सामान्य मुसादानीलाई एउटा उदाहरणको रूपमा प्रस्तुत गर्दछन्। त्यसले काम गर्नको निम्ति सबै भागहरू एकै समयमा उपस्थित हुनुपर्दछ। काठको एउटा टुक्राले मुसा समात्नेछैन। काठको एउटा टुक्रा, एउटा स्प्रिङ्ग र एउटा कब्जाले मुसा समात्नेछैन। मुसादानीले काम गर्नको निम्ति सबै भागहरू उपस्थित हुनुपर्दछ र सहीरूपमा मिलाइएको हुनुपर्दछ। यही कुरा कुनै पनि असाधारणरूपमा जटिल प्रणालीमा लागू हुन्छ।

उदाहरणको लागि, घुँडाको जोर्नीमा कम्तिमा पनि १६ वटा अपरिहार्य विशेषताहरू हुन्छन्, जुन प्रत्येक आनूवंशिक सङ्केतमा मिलेर रहनको लागि हजारौं जानकारीका टुक्राहरू आवश्यक पर्दछन्। त्यसकारण घुँडा क्रमिकरूपमा विकास भएको हुन सक्दैन तर सिङ्गै, पूर्णरूपमा काम गर्ने जोर्नीको रूपमा एकैपटकमा सृष्टि गरिएको हुनुपर्दछ।

आश्चर्यजनकरूपमा चार्ल्स डार्विन आफैले यो कुरा स्वीकार गरे कि "असाधारण जटिलता" जस्तो एउटा धारणा प्रमाणित भएमा त्यसले तिनको सिद्धान्तलाई भताभुङ्ग पार्नेथियो। तिनले *जातिहरूको उत्पत्ति* मा यसरी लेखेका थिए:

> यदि असङ्ख्य, क्रमबद्ध, स-साना सुधारहरूद्वारा कुनै पनि जटिल अङ्ग विकास भएको हुन सक्दैन भन्ने कुरा देखाउन सकिन्छ भने मेरो सिद्धान्त पूर्णरूपमा असफल हुन्छ।[३३]

यो अध्यायको प्रारम्भमा उद्दरण गरिएअनुसार तिनलाई मानिसको आँखाको बारेमा व्याख्या गर्न सबैभन्दा कठिनाइ परेको थियो भनी तिनले भने। यस्तो

आश्चर्यजनक जटिलता भएको आँखा क्रमिकरूपमा विकास भएको हुन सक्दथ्यो भनी दाबी गर्नु भनेको "सबैभन्दा हास्यास्पद" हुन्छ भनी तिनले स्वीकार गरे ।

डा. स्कट ह्युज मानवीय आँखाले गर्न सक्ने कुरा प्रष्ट पार्दछन्:

> स्वचालितरूपमा निशाना लगाउने, स्वचालितरूपमा सङ्केन्द्र मिलाउने र स्वचालितरूपमा प्रकाश प्रवेश गराउने क्षमताले भरिएको मानवीय आँखाले लगभग पूर्ण अन्धकारदेखि चहकिलो घामसम्म काम गर्न सक्दछ, मसिनो कपालको जति व्यास भएको वस्तु देख्न सक्दछ र दिनहुँ लगभग १००,००० वटा छुट्टाछुट्टै चालहरू गर्न सक्दछ अनि लम्बाइ, चौडाइ र उचाइ देखिने रङ्गीन चित्रहरूको अबिरल श्रृङ्खला हामीलाई विश्वासयोग्यतापूर्वक देखाइदिन्छ । यी सबै कामहरू सामान्यतया कुनै पनि त्रुटिबिना नै सम्पन्न हुन्छन् र त्यसपछि हामी सुत्दाखेरि यसले आफ्नो मर्मत आफै गर्दछ ।[३४]

त्यसपछि कुनै ब्याक्टेरियाको फ्लाजेलमलाई हेर्नुहोस् - इन्जिनियरिङ्गको आश्चर्य । हार्वडका जीववैज्ञानिक होवार्ड बर्गले यसलाई "संसारको सबैभन्दा दक्ष यन्त्र" भन्ने नाउँ दिन्छन् ।

त्यो फ्लाजेलमचाहिँ एउटा सानो मोटरले चल्ने पङ्खा हो जुन निश्चित ब्याक्टेरियाको डाढमाथि बस्दछ र त्यसलाई पानीमा हिँड्न सहायता गर्दछ । यो एक मिनेटमा १००,००० पटकको गतिमा घुम्दछ र एक सेकेण्डमा चारपटक दिशा परिवर्तन गर्न सक्दछ। यो पारमाणविक मोटरमा रहेको जटिल यन्त्रप्रणालीलाई - एउटा घुम्ने भाग, एउटा बस्ने भाग, गोलाकार भागहरू, भुवादार भाग र जोड्ने डण्डीलगायत - लगभग चालीसवटा जटिल प्रोटिनका भागहरूको सुगठित अन्तरसम्बन्ध चाहिन्छ ।

यदि कुनै भाग हराउँदछ वा उचित अनुपातमा उपलब्ध छैन भने काम गर्ने फ्लाजेलम बन्नेछैन । त्यसैले कसरी यो क्रमविकास भएको हुन सक्दछ ?

माइकल बेहीका अनुसार, हामीलाई एक मात्र पर्याप्त कारकको बारेमा थाहा छ जसले पूर्णरूपमा काम गर्न सक्षम, असाधारणरूपमा जटिल प्रणालीहरू उत्पन्न गर्न सक्नुहुन्छः एक बुद्धिमान् रचनाकार ।

पारमाणविक जीवशास्त्रले एउटा मात्र कोष पनि अतुलनीयरूपमा जटिल हुन्छ भन्ने कुरा देखाएको छ । एकजना अग्रणी कोषीय जीववैज्ञानिक तथा नेशनल एकेडेमी अफ साइन्सेजका अध्यक्ष ब्रुस अल्बर्ट्स यसरी लेख्दछन्:

> हामीले कोषहरूलाई जहिले पनि गौण ठानेका छौं....एउटा पूर्ण कोषलाई एउटा कारखानाको रूपमा हेर्न सकिन्छ जसमा आपसमा जोड्ने रेखाहरूको झुण्डको एउटा विशाल सञ्जाल हुन्छ जुन रेशाहरू प्रत्येक ठूला प्रोटिन यन्त्रहरूको एउटा समूहले बनेको हुन्छ । किन तिनीहरूले त्यसलाई यन्त्र भन्दछन् त ? खास गरी यसकारणले कि मानिसहरूले शूक्ष्म संसारलाई राम्रोसँग अध्ययन गर्नको लागि आविष्कार गरेका यन्त्रहरूजस्तै यी प्रोटिन झुण्डहरूमा उच्चरूपमा सुगठित गतिशील अङ्गहरू हुन्छन् ।[३५]

अनि सबै अङ्गहरू मिलेर आ-आफ्नो ठाउँमा बस्नुपर्दछ अन्यथा त्यो कोषले काम गर्न सक्दैन ।

जीवन यी "यन्त्रहरू" ले बनेको हुन्छ जसले प्राकृतिक प्रक्रियाहरूले एउटा जीवित प्रणाली बनाउन सक्दछन् भन्ने धारणा एउटा हास्यास्पद कुरा हो भन्ने देखाउँदछ ।

बेही यो कुरा स्वीकार गर्दछन्:

> आश्चर्यजनक, असाधारण जटिलताका प्रणालीहरू कोषभित्र हुन्छन् । यसबाट उत्पन्न हुने जीवन एउटा बुद्धिले रचना गरेको थियो भन्ने ज्ञान हामी बीसौं शताब्दीमा रहेकाहरूलाई एउटा छक्क पार्ने कुरा हुन्छ जसलाई जीवन त सामान्य प्राकृतिक नियमहरूको परिणाम हो भनी सोच्ने बानी परेको छ ।[३६]

कोषहरूमा हुने ती अत्यन्त जटिल यन्त्रहरू मानिसहरूले तयार पारेकासँग मेल खाने मात्र होइनन्, धेरै अवस्थाहरूमा ती त मानिसले सृष्टि गर्न सकेको कुराभन्दा धेरै बढी जटिल हुन्छन् !

क्रमविकासवादी रिचार्ड डकिन्सले कोषहरूमा हुने DNA को बारेमा यसो भने, "अनुवंशको यन्त्रजस्तो सङ्केत आश्चर्यजनकरूपमा कम्प्युटरजस्तै हुन्छ ।"[३७]

माइक्रोसफ्टका सह-संस्थापक बिल गेट्सले यसो भने, "DNA कम्प्युटर प्रोग्रामजस्तै हुन्छ, तर हामीले अहिलेसम्म तयार पारेका कुनै पनि सफ्टवेयरभन्दा धेरै, धेरै बढी जटिल हुन्छ ।"

गेट्सले आफ्नो सफ्टवेयर तयार पार्न रचनाकारहरूलाई काममा लगाउने भएकाले के यसको अर्थ एउटा कोषमा रहेको “सफ्टवेयर” - जुन मानिसले बनाएको कुनै पनि सफ्टवेयरभन्दा धेरै बढी जटिल हुन्छ - त्यसको पनि एकजना रचनाकार हुनुपर्दछ भन्ने हुँदैन र ?

वास्तवमा अनुसन्धानकर्ताहरू यो विश्वास गर्दछन् कि DNA चाहिँ कम्प्युटरहरूको आश्चर्यजनकरूपमा शक्तिशाली नयाँ पुस्ताको आधार हुन सक्दछ ।

कम्प्युटर वैज्ञानिक लियोनार्ड अडलम्यानले मानवीय कोषहरू र कम्प्युटरहरूले प्रायः उस्तै तरिकाले जानकारी चलाउँदछन् र जम्मा गर्दछन् भन्ने कुरा थाहा पाएपछि संसारभरिका अनुसन्धानकर्ताहरूले जीवशास्त्रमा आधारित साना कम्प्युटरहरू बनाउन थाले जसमा तिनीहरूले धेरै सुत्रहरू तीव्र गतिमा चलाउन र जानकारी सम्प्रेषण गर्नको लागि DNA राखिएको पानी भएका मसिना नलीहरू प्रयोग गर्दछन् ।

अनुसन्धानकर्ताहरूले यस्तो पनि आशा गरिरहेका छन् कि आनुवंशिक सामग्री आफैले प्रजनन गर्न र यति शक्तिशालीरूपमा यन्त्रहरूमा चल्न सक्दछन् कि सिलिकनमा आधारित कम्प्युटरहरूले समाधान गर्न कठिन हुने समस्याहरू तिनले समाधान गर्न सक्दछन् ।

*नेचर बायोटेक्नोलोजी* पत्रिकाले दुईजना वैज्ञानिकहरूको बारेमा बताउँदछ जसले जीवशास्त्रमाथि आधारित एउटा कम्प्युटर बनाए जसले मानिससँग टिक-टाक-टोए खेल खेल्दा कहिल्यै पनि हार्न सक्दैन र प्रतिस्पर्धा गर्न बाहिरी श्रोतबाट कुनै पनि प्रेरणा चाहिँदैन ।

प्रश्नः यदि जीवनको साधारण एकाइ मानिसभन्दा चलाख हुन्छ भने यसको रचना गर्न मानिसभन्दा बढी बुद्धिमान् कुनै कुरा आवश्यक पर्दथ्यो भन्ने के तपाईंलाई लाग्दैन ?

पारमाणविक जीव-वैज्ञानिक जेम्स शापिरोका अनुसारः

> कुनै पनि आधारभूत जीव-रसायनिक वा कोषीय प्रणालीको क्रमविकासलाई व्याख्या गर्ने डार्विनको कुनै पनि विस्तृत व्याख्या छैन, त्यसमा त मनगडन्ते अनुमानहरूको थुप्रो मात्र छ। डार्विनवादका आधारभूत सिद्धान्तहरूले जीवशास्त्रीय अनुकूलता वा विविधताका निर्दिष्ट उदाहरणहरूलाई प्रष्ट पार्ने काम कति राम्रोसँग गर्दछन् भन्ने कुराको

जाँच नगरीकन यस्तो गहन विषयको सन्तोषजनक व्याख्याको रूपमा त्यसलाई स्वीकार गरिनु अतुलनीय कुरा हो।[३९]

कट्टर क्रमविकासवादी शापिरोले समेत प्रमाणको जाँच गर्न सुझाव दिन्छन् - तिनले पहिला नै स्वीकार गरेका कुरा त्यहाँ छैन।

## क्रमविकासलाई चुनौती दिने प्राणीहरू

यदि कुनै प्राणी भेट्टाउन सकिन्छ जसले आफू क्रमविकास भएको हुन नसक्ने गरी क्रमविकासका नियमहरूलाई चुनौती दिन्छ भने त्यो सृष्टि गरिएको हुनुपर्दछ।

अनि यदि एउटा मात्र यस्तो प्राणी छ जसलाई सृष्टि गर्न परमेश्वर चाहिएको थियो भने किन परमेश्वरलाई अरू सबै कुराका पनि सृष्टिकर्ता भनी विश्वास नगर्ने ? तपाईंले ईमानदारितापूर्वक प्रमाणको जाँच गर्नुहुँदा त्यो रचना कुनै रचनाकारबिना नै हुन आएको हुन सक्दथ्यो भन्नुको कुनै अर्थ हुँदैन। यहाँ क्रमविकासलाई चुनौती दिने आश्चर्यजनकरूपमा रचिएका प्राणीहरूका केही उदाहरणहरू छन्।

***उपियाँ:*** हामीले हेर्न लागेका पहिलो "आश्चर्यजनकरूपमा रचिएको" प्राणीचाहिँ घिनलाग्दो उपियाँ हो।

नेशनल इन्स्टिच्युट अफ हेल्थका डा. जोश रिबेइरोले उपियाँको धेरै प्रशंसा गर्दछन्: "औषधिविज्ञानको बारेमा हामीलाई थाहा हुने र थाहा नहुने (रसायनिकरूपमा) हरेक कुरा उपियाँलाई थाहा हुन्छ।"

सानो उपियाँसँग त्यसको र्‍यालग्रन्थीमा दर्जनौंवटा विशाल रसायनिक हतियारहरू हुन्छन्, जसलाई त्यसले घाउभित्र फालिदिन्छ। त्यो बस्ने जनावरमा केही दिनसम्म रहन र पत्ता नलाग्नको लागि उपियाँको र्‍यालमा बेहोश पार्ने एउटा रसायन हुन्छ जसले गर्दा उक्त जनावरले त्यसको पत्तो पाउँदैन र त्यसको भोजनमा दख्खल पुर्‍याउँदैन।

त्यो जनावरको रगत बगाइरहनको लागि उपियाँको र्‍यालमा रगत जम्न नदिने तत्वहरू हुन्छन्। यसले उक्त जनावरको प्रतिरक्षा प्रणालीलाई सेता रक्तकोषहरू थामिराख्न पनि लगाउँदछ ताकि त्यसले आफूलाई चाहिने रातो रक्तकोषहरूको आनन्दसँग भोजन गर्न सकोस्।

कीटवैज्ञानिक स्टिफन विकेलले १०,००० उपियाँहरूको अध्ययन गरेका छन् र तिनी यसो भन्दछन्, यो जटिल प्रक्रियाले कसरी काम गर्दछ भन्ने कुरा पत्ता लगाउनको निम्ति "हामीसँग सम्भवतः जीवनभरिको काम बाँकी छ।"

डा. रिबेइरोले यो कुरा बताए कि यी साना प्राणीहरूसँग "धेरै प्राचीन बुद्धि छ।" अव्यवस्थित प्राकृतिक प्रक्रियाहरूले यो अतुलनीय रसायनिक मिश्रण उत्पन्न गराउन सक्दथे भन्ने के तपाईं ठान्नुहुन्छ - कि यो एक बुद्धिमान् सृष्टिकर्ताबाट नै आएको हुन सक्दछ ?[४०]

***माउसुली:*** अर्को, आश्‍चर्यजनक माउसुलीको बारेमा विचार गर्नुहोस्, जो छानामा उल्टो गरी हिँड्न सक्दछ र भुइँमा खस्दैन। त्यसका पाइतलाहरूमा लगभग ५० करोड स-साना रेशाहरू हुन्छन् जसको टुप्पामा हावा चुस्ने सानो भाग हुन्छ। त्यसको साथसाथै माउसुलीको खुट्टाका औंलाका टुप्पाहरू माथितिर फर्किएका हुन्छन् जसले गर्दा त्यसले हरेक कदम चाल्दा ती हावा चुस्ने भागहरूलाई बिस्तारै उचाल्न सक्दछ र हिँड्ने सतहमा टाँसिँदैन।

डा. रोबर्ट कोफाल यसरी व्याख्या गर्दछन्:

> माउसुलीको पाइतालाको असाधारण शूक्ष्म बनावटले उद्देश्यपूर्वक गरिएको बुद्धिमानी रचनाको प्रष्ट सङ्केत दिन्छ। क्रमविकासका पक्षधरहरूले माउसुलीको हावा चुस्ने भागको उत्पत्ति अव्यवस्थित परिवर्तनहरू र प्राकृतिक छनौटद्वारा भएको कुराको अलिकति पनि विश्‍वसनीय पुष्टि अहिलेसम्म दिन सकेका छैनन्। अनि कुनै वैज्ञानिकले चलाखी कल्पनाद्वारा यस्तो एउटा पुष्टि तयार पारे पनि क्रमविकासको काल्पनिक प्रक्रिया विगतमा वास्तवमै भएको थियो भन्ने कुरा देखाउने कुनै जीवावशेष प्रमाणको टुक्रा ऊसँग हुनेछैन।

अव्यवस्थित परिवर्तनहरू र अन्धो संयोगको प्रक्रियाले माउसुलीको पाइतालामा किन यस्तो हावा चुस्ने भागहरू राख्दथे र ? त्यस्तो हावा चुस्ने भाग आधा मात्र हुने हो भने त्यसले माउसुलीलाई अर्को कुनै प्राणीको आहारा बनाइदिन्छ ! हावा चुस्ने अति धेरै भाग र माउसुली जहींको त्यहीं !

कसरी विवेकहीन क्रमविकासले हावा चुस्ने कार्यलाई नियन्त्रण गर्न माथि फर्किएका औंलाहरू पनि बनाउन सक्यो ? परमेश्‍वरको बाहुलीले मात्र माउसुलीको उद्देश्यपूर्ण रचना सृष्टि गरेको हुन सक्दछ।

***समुद्री स्पञ्ज:*** दिमागलाई अलमल्ल पार्ने अर्को प्राणी सामान्य देखिने समुद्री स्पञ्ज हो जसले वास्तवमा हाम्रा सबैभन्दा आधुनिक उत्पादन विधिहरूले भन्दा उत्तम किसिमका मसिना तारहरू उत्पन्न गराउँदछ भनी वैज्ञानिकहरूले पत्ता लगाएका छन् ।

स्पञ्जका पातला सिसायुक्त रेशाहरूले दूरसञ्चारको लागि प्रयोग गरिने औद्योगिक मसिना तारहरूले भन्दा उत्तम तरिकाले प्रकाश सम्प्रेषण गर्न सक्दछन् । व्यावसायिक उत्पादन विधिहरूको लागि उच्च तापक्रम चाहिन्छ र तिनले अत्यन्त कमजोर तार उत्पादन गर्दछन् जुन धेरै बङ्ग्याइएमा टुक्रिन सक्दछ ।

चिसो तापक्रमहरूमा वृद्धि हुने उक्त स्पञ्जका रेशाहरू अति बढी लचिला हुन्छन् र गाँठो पार्दा पनि चुडिँदैनन् । ती रेशाहरूमा सोडियमका रेशाहरू थपेर, जुन कार्य व्यावसायिक उत्पादनमा गर्न सकिँदैन, उक्त स्पञ्जले प्रकाश सम्प्रेषण गर्ने क्षमता वृद्धि गराउँदछ ।

वैज्ञानिकहरूले यो तुच्छ स्पञ्जको उक्त उत्पादन प्रक्रियाको नक्कल गर्ने तरिका सिक्ने आशा गर्दछन् । त्यसैले के तिनीहरूले बौद्धिक रचनाको प्रमाण देख्दछन् र जसलाई श्रेय दिनुपर्ने हो उहाँलाई श्रेय दिन्छन् ?

रसायनशास्त्री गेरी रिचमण्डका अनुसार स्पञ्ज यस्तो हुन्छ:

> योचाहिँ जटिल प्रणालीहरूका रचनाकार र निर्माणकर्ताको अति उत्कृष्ट स्वभावको एउटा आश्चर्यजनक उदाहरण हो । हामीले यसलाई कपीमा कोर्न र यसको उत्पादन गर्ने विधि तयार पार्ने बारेमा विचार गर्न सक्दछौं, तर हामी *प्रकृतिको* तुलनामा ढुङ्गेयुगमै छौं ।

*नेचर* पत्रिकाका अनुसार बायोमिमेटिक्स भन्ने क्षेत्रको सुरुवात् भएको छ जसमा वैज्ञानिकहरूले जीवशास्त्रीय प्रणालीहरू कसरी बनेका हुन्छन् भन्ने कुरा बुझ्ने र ती सिद्धान्तहरूलाई प्रविधिमा लागू गर्ने प्रयास गर्दछन् ।

"बनाइएको" र वैज्ञानिकहरूले बनाउन सक्नेभन्दा बढी जटिल कुनै कुरा विवेकहीन, अन्धाधुन्ध संयोगका प्रक्रियाहरूबाट उत्पन्न भएको थियो भन्ने कुराले के तपाईंलाई छक्क पार्दैन ? योचाहिँ हामीले पहिला हेरेका तथ्याङ्कशास्त्रीय विवेचनाले पनि हामीलाई बताउने कुरा हो ।

हालसालै गरिएका अन्य आविष्कारहरूमा निम्न कुराहरू पर्दछन्: जेलिफिशमा हुने चम्कने प्रोटिन जसले क्यान्सर लागेका तन्तुहरू हटाउन

डाक्टरहरूले शल्यक्रिया गर्दा तिनलाई प्रष्टरूपमा देखाइदिन्छ र फुट्ने तारा भनिने तारेमाछा जुन साना सिसाहरूले ढाकिएको हुन्छ जसले सामूहिक "आँखा" को रूपमा काम गर्दछन् अनि जसलाई इन्जिनियरहरूले जाँच गर्ने र निर्देशन दिने प्रणालीहरू तयार पार्नको लागि नमूनाको रूपमा प्रयोग गरिरहेका छन् ।

जल जीववैज्ञानिक न्याण्डी कोचेवर तारेमाछालाई अतुलनीय भनी व्याख्या गर्दछन्:

> हामीले यस्ता कुराहरू खोजिरहेका छौं जुन देख्न सकिने जनावर भनेर चिनिँदैनन् तैपनि हामीले तिनका शरीरमा जडिएका यी आश्चर्यजनक प्रकाशीय गुणहरू भेट्टाइरहेका छौं ।

*Superforce: The Search for a Grand Unified Theory of Nature* शीर्षकको आफ्नो पुस्तकमा अष्ट्रेलियाली खगोल-भौतिकशास्त्री पावल डेभिज हामीलाई यी ज्ञानदायी प्रश्नहरूबारे मनन गर्न अनुरोध गर्दछन्:

यदि प्रकृतिचाहिँ ती प्रणालीहरूलाई उपयोग गर्ने गरी "चलाख" छ भने, जसले आफ्नो कौशलताद्वारा हामीलाई छक्क पार्दछन्, के यो यस संसारको पछाडि रहेको बौद्धिक रचनाको अस्तित्वको विश्वसनीय प्रमाण होइन र ? यदि संसारका सबैभन्दा निपुण दिमागहरूले प्रकृतिका अति गहन कामहरूलाई कठिनाइका साथ मात्र बुझ्न सक्दछन् भने ती कामहरू बुद्धिहीन संयोग, अन्धो संयोगको परिणाम मात्र हुन सक्दछन् भनी कसरी भन्न सकिन्छ र ?

जिराफ: म आफू नै धेरै अग्लो मानिस (साढे ६ फीट) भएको कारण मैले टाउको उठाएर हेर्नुपर्ने धेरै प्राणीहरू छैनन् - चिडियाखानामा बाहेक जहाँ माथि हेर्नुपर्दा आफै छक्क परें - धेरै माथि ! - धेरैवटा जिराफहरूलाई ! तिनीहरू जतिसुकै अग्ला भए तापनि - १८ फीटसम्म - ती अति छिट्टो दौडन सक्दछन् (मजसरी होइन !) । मैले यो असाधारण जनावरको बारेमा अझ धेरै कुरा पत्ता लगाउन चाहें ।

मैले थाहा पाएको एउटा कुरा यो हो कि जिराफलाई लामो घाँटी हुँदै दिमागसम्म रगत सम्प्रेषण गर्न एउटा शक्तिशाली मुटु चाहिन्छ ।

यदि हामी क्रमविकासमा विश्वास गर्न चाहन्छौं भने आउनुहोस् कल्पना गरौं कि सबैभन्दा पहिलो जिराफले त्यति लामो घाँटीमाथिसम्म रगत पुऱ्याउन त्यसलाई चाहिने दुई फीट लामो मुटु विकास गर्दछ । यसको मुटु अहिले यति शक्तिशाली छ कि जिराफले टाउको तल निहुराउँदा वृद्धि हुने

रक्तचाप त्यसको दिमागका रक्तनलीहरू फुटाउन आवश्यक पर्नेभन्दा धेरै बढी हुन्छ ।

त्यसैले यो पहिलो जिराफ एउटा सुधारचाहिँ गर्नु नै पर्दछ भन्ने कुरा महसुस गर्न सक्ने गरी बुद्धिमान् हुनुपर्दछ र त्यसपछि त्यो समस्या समाधान गर्न एउटा अतुलनीयरूपमा जटिल शारीरिक बनावट कसै गरी वृद्धि गराउनलाई हिँड्दछ ।

अनि यसले त्यो कार्य केही दिनभित्रैमा गर्नुपर्दछ - त्यो तिर्खा वा मष्तिष्कघातले मर्नुभन्दा पहिला नै - नत्र भने यो नयाँ जाति छिट्टै नै उन्मुलन हुनेछ । (वास्तवमा त्यसले एकपटक मष्तिष्कघात नभएसम्म त्यो सुधार गर्नुपर्ने आवश्यकता त्यसले कसरी थाहा पाउँदछ ? अनि त्यसपछि त्यसलाई केही पनि थाहा नभएको भए त्यो मर्नेथियो ।)

क्रमविकास लामो समयको अन्तरालमा भएको बुद्धिहीन, पूर्णतया अनियमित संयोगवश हुने प्रक्रियाहरूको परिणाम हो भनी कल्पना गरिन्छ । त्यही क्रमविकासद्वारा यो प्राणीले पहिलोपटक पानी पिउँदा आफ्नो दिमाग फुट्नदेखि रोक्ने सुरक्षा-प्रणाली तुरुन्तै तयार पार्ने चाँजो मिलाउँदछ ।

डा. जोबी मार्टिन यो आश्चर्यजनकरूपमा विस्तृत समाधानलाई यसरी व्याख्या गर्दछन्:

> उक्त जनावरले आफ्नो टाउको निहुराउँदा त्यसको घाँटीका नलीहरूमा रहेका कपाटहरू (ढोकाहरू) बन्द हुन थाल्दछन् । अन्तिम कपाटभन्दा माथिको रगत दिमागतिर बगिरहन्छ । तर तीव्र गतिमा बगेर दिमागमा चाप पारी त्यसलाई नष्ट गर्नुको विपरीत त्यो अन्तिमपटक सम्प्रेषण गरिएको रगतलाई दिमागभित्र स्पञ्जजस्ता अङ्गहरूको समूहभित्र पठाइन्छ । अक्सिजन मिसिएको रगतको त्यो शक्तिशाली सम्प्रेषणले दिमागभित्र रहेको यो "स्पञ्ज" लाई तन्काइदिन्छ अनि दिमाग सुरक्षित रहन्छ ।
>
> तैपनि यो प्रणालीबाट अर्को समस्या उत्पन्न हुन्छ । एउटा सिंह चाल मारेर अगाडि बढ्दछ र आफ्नो पाङ्ग्रे शिकारलाई मार्ने तयारी गर्दछ । जिराफले तुरुन्तै आफ्नो टाउको उठाउँदछ र घटेको रक्त प्रवाहलाई पूर्ति गर्ने कुनै कुरा नपाएर मर्दछ । यो अति छिट्टो उठ्दछ जसले गर्दा रक्तचाप कम हुन्छ र दिमागमा अक्सिजनको मात्रा घट्दछ । सिंहले स्वादिलो भोजन खान्छ र जिराफले, जीवितै भएभैं गरी, यस्तो महसुस गर्दछ कि अक्सिजन नपाएको दिमागलाई पुनः अक्सिजन उपलब्ध

गराउन कुनै प्रणाली विकास गरेको भए उत्तम हुन्थ्यो ! हामी सबैलाई थाहा छ कि सिंहले खाएका जनावरहरूले कुनै पनि कुरा विकास गर्दैनन् तैपनि क्रमविकासवादीहरूले हामीलाई यो कुरा विश्वास गर्न लगाउँदछन् कि प्राणीहरूले आफूलाई बाँच्नको लागि आवश्यक परेअनुसार जीवनको लागि आवश्यक सुधारहरू विकास गर्दछन् ।

त्यसैले जिराफ बाँच्दछ किनभने त्यसले टाउको उठाउन सुरु गर्दा ती नलीका कपाटहरू खुल्दछन् । "स्पञ्ज" ले आफूसँग रहेको अक्सिजनयुक्त रगत निचोरेर दिमागमा पठाउँदछ; घाँटीका नलीहरूमा रहेका कपाटहरू रक्तचाप सन्तुलनमा राख्नलाई बन्द हुन्छन्; अनि जिराफ तुरुन्तै सीधा हुन सक्दछ र नमरीकन तथा सिंहको आहारा नबनीकन दौडन सक्दछ । अनि यसले यी सबै कार्यहरू स्वचालितरूपमा गर्दछ ।[४१]

जिराफचाहिँ अर्को आश्चर्यजनक प्राणी हो जसले क्रमविकासको सिद्धान्तलाई चुनौती दिन्छ । क्रमविकासले माग गरेअनुसार जिराफले समयको अन्तरालमा अव्यवस्थितरूपमा कसै गरी आफ्ना विशेष गुणहरू क्रमिकरूपमा विकास गरेको हुन सक्दछ भनी के तपाईं वास्तवमै ठान्नुहुन्छ ? स्मरण रहोस्, यदि क्रमविकास नभएको कुनै एउटा मात्र प्राणी छ भने पनि त्यहाँ सृष्टिकर्ता हुनुपर्दछ ।

## प्रमाणलाई पछ्याउनुहोस्

यो प्रमाणलाई जाँच गरेपछि - जुन यस्तो प्रमाणको पूरा भागको एउटा सानो अंश मात्र हो - वैज्ञानिकहरूसँग क्रमविकासको सिद्धान्तलाई प्रमाणित गर्ने कुनै प्रमाण छैन भन्ने कुरा हामीले देखेका छौं ।

अनि जीवन कसरी उत्पत्ति भयो वा कसरी जीवन सामान्यदेखि जटिल स्वरूपहरूमा क्रमिकरूपमा विकास भयो भन्ने कुरालाई ठूलो क्रमविकासले व्याख्या गर्दैन भन्ने कुरा हामीले देखेका छौं ।

आउनुहोस्, यस प्रमाणलाई - वा प्रमाणको अभावलाई - मनन गरेका व्यक्तिहरूका थप केही उद्दरणहरू हेरौं ।

प्रख्यात क्रमविकासवादी, नोबेल पुरस्कार विजेता र हार्वर्ड विश्वविद्यालयका प्राध्यापक जर्ज वाल्डले जीवनको उत्पत्तिको बारेमा यसो भनेः

कुनै जीवित प्राणीको जाति स्वस्फूर्तरूपमा उत्पत्ति हुन असम्भव छ भनी स्वीकार गर्नको लागि हामीले यो कामको विशालताबारे मनन गरे

मात्र पुग्दछ । तैपनि हामी स्वस्फूर्त जातिको परिणामको रूपमा यहाँ छौं भनी म विश्वास गर्दछु ।[४२]

यी प्रख्यात् वैज्ञानिकले यो कुरा स्वीकार गर्दछन् कि स्वस्फूर्त पुस्ताको उत्पत्ति वैज्ञानिकीयरूपमा असम्भव हुन्छ तैपनि जीवन यसरी नै सुरु भयो भनी तिनी विश्वास गर्न चाहन्छन् ! यीचाहिँ नोबल पुरस्कार जित्न सक्ने गरी बुद्धिमान् मानिस हुन् तैपनि प्रष्ट तथ्यहरूलाई अस्वीकार गर्ने महामूर्ख हुन् ।

पेनिसिलिनको आविष्कारको लागि नोबेल पुरस्कारका सहविजेता सर अर्नेष्ट चेनले क्रमविकासको अर्को मुख्य पक्षलाई यसरी सम्बोधन गर्दछन्:

> सबैभन्दा अनुकूलको विकास र जीवितावस्था संयोगका परिवर्तनहरूको परिणाम मात्र हो भन्ने धारणा मलाई त कुनै पनि प्रमाणमाथि आधारित नभएको र तथ्यहरूसँग मेल नखाने एउटा सिद्धान्तजस्तो लाग्दछ । क्रमविकासका यी प्राचीन सिद्धान्तहरू एउटा अत्यन्तै जटिल तथा गहन तथ्यहरूको समूहको अनुमानित अनावश्यक सरलीकरण हो अनि तिनलाई कत्ति पनि आलोचना नगरीकन, सजिलैसँग र यति लामो समयसम्म यति धेरै वैज्ञानिकहरूले विरोधको गनगन पनि नगरीकन स्वीकार गरेका देख्दा म छक्क परेको छु ।[४३]

यदि तपाईं सत्य खोज्न चाहनुहुन्छ भने सदैव प्रमाणलाई पछ्याउनुहोस्, चाहे यसले जतासुकै पुऱ्याओस् ।

एउटा जातिबाट अर्कोमा क्रमविकास हुन्छ भन्ने सिद्धान्त मानवजातिभित्र प्रवेश गरेको सबैभन्दा ठूला झूटहरूमध्ये एक हो । जसरी अडोल्फ हिटलरले भनेका थिए, “झूट जति ठूलो हुन्छ, त्यति नै धेरै मानिसहरूले त्यसलाई विश्वास गर्नेछन् ।” मैले वर्षौंसम्म क्रमविकासको झूटलाई विश्वास गरेको थिएँ । तैपनि त्यसको प्रमाण छँदैछैन; तथ्यहरूले त्यसलाई समर्थन गर्दैनन् । त्यसैले अब त मैले त्यसलाई स्वीकार गरिरहेको छैन र तपाईंले पनि गर्नुहुनेछैन भनी म आशा गर्दछु ।

तर किन मानिसहरूले यसको प्रमाणले कहाँ पुऱ्याउँदछ भनी जाँच गर्न त्यसलाई राम्रोसँग नहेरीकन नै त्यो सिद्धान्तलाई विश्वास गर्दछन् ? किन वैज्ञानिकहरूले यसलाई कत्ति पनि आलोचना नै नगरीकन स्वीकार गर्दछन् ?

यस विषयको केन्द्रसम्मै पुग्ने एउटा आश्चर्यजनक भनाइको लागि हार्वर्ड विश्वविद्यालयका अनुवंश विषयका प्राध्यापक तथा क्रमविकासवादी रिचार्ड लिओन्टिनको यो ईमानदार स्वीकारोक्तिलाई मनन गर्नुहोस्:

> सहजबुद्धिको विरुद्धमा हुने वैज्ञानिकीय दाबीहरूलाई स्वीकार गर्ने हाम्रो चाहना विज्ञान र अलौकिक कुराबीचको वास्तविक सङ्घर्षलाई बुझ्नको लागि मुख्य कुरा हो । विज्ञानका व्याख्याहरूमध्ये केहीको स्पष्ट निरर्थकता हुँदाहुँदै पनि....अप्रमाणित दन्त्य कथाहरूलाई वैज्ञानिक समुदायले सहे तापनि हामी यसकै पक्ष लिन्छौं किनभने हामीले पहिला नै समर्पणता गरेका छौं, भौतिकवादप्रतिको समर्पणता....
>
> त्योभन्दा बढी, त्यो भौतिकवाद पूर्ण छ किनकि हामीले ढोकामा कुनै ईश्वरीय कदम राख्न अनुमति दिँदैनौं । एक सर्वशक्तिमान् ईश्वरलाई पुकारा गर्नु भनेको त कुनै पनि क्षणमा प्रकृतिका नियमहरू भङ्ग हुन, आश्चर्यकर्म हुन दिनु हो ।[४४]

अनि यो तपाईंसँग छ । सत्यको एक क्षण । डा. लिओन्टिन वास्तवमा यो कुरा स्वीकार गर्दछन् कि प्रमाणले जतासुकै पुऱ्याए तापनि तिनले त्यसलाई वास्ता गर्नेथिएनन् । यदि प्रमाणले प्रष्टरूपमा “ढोकामा टेकेको ईश्वरीय पाउ” लाई देखाउँदछ भने तिनले त्यसलाई स्वीकार गर्नेछैनन् ।

किन ? त्यसको कारण सबैको लागि एउटै छः परमेश्वर हुनुहुन्छ भनी थाहा पाएपछि हामीले तिनै परमेश्वरलाई जवाफ दिनुपर्दछ भन्ने हामी जान्दछौं । अनि केही मानिसहरू प्रमाण देखेपछि पनि त्यहाँ जान चाहँदैनन् । त्यो प्रमाणले तपाईंलाई कतातिर लैजाओस् भन्ने तपाईं चाहनुहुन्छ ?

नासाको गोडार्ड इन्स्टिटच्युट अफ स्पेश स्टडिजका निर्देशक रोबर्ट ज्यास्त्रो विकल्पहरूलाई प्रष्टरूपमा अगाडि सार्दछन्:

> शायद पृथ्वीमा जीवन देखा पर्नु एउटा आश्चर्यकर्म हो । वैज्ञानिकहरू यो दृष्टिकोणलाई स्वीकार गर्न अनिच्छुक हुन्छन् तर तिनीहरूका विकल्पहरू सीमित हुन्छन्: या त वैज्ञानिकीय समझले बुझ्न नसक्ने एउटा प्राणीको इच्छाद्वारा पृथ्वीमा जीवन सृष्टि भएको थियो या यो ग्रहको सतहमा रहेको निर्जीव पदार्थमा भएका रसायनिक प्रतिक्रियाहरूद्वारा स्वस्फूर्तरूपमा हाम्रो पृथ्वीमा त्यो जीवन विकास भएको थियो ।[४५]

विकल्पहरू दुईवटा मात्र छन्: हाम्रो अत्यन्त जटिल संसार संयोगवश अस्तित्वमा आयो या यो परमेश्वरको बाहुलीद्वारा सृष्टि गरियो । तपाईं कुनलाई रोज्नुहुनेछ ? तपाईंको छनौट अन्धो विश्वासमाथि नभई तथ्यहरूमाथि आधारित हुन्छ भन्ने कुरा निश्चित गर्नुहोस् । तपाईंको भविष्य यसैमाथि आधारित हुन्छ ।

मनन गर्नुपर्ने अर्को सत्यता यो हो। यदि तपाईंले तपाईंलाई सृष्टि गर्नुभएका परमेश्वरमाथि विश्वास नगर्ने निर्णय गर्नुहुन्छ तर त्यसको विपरीत तपाईं अरू केही नभई अनियमित संयोगका प्रक्रियाहरूको संयोगको परिणाम मात्र हुनुहुन्छ भन्ने सोच्नुहुन्छ भने तपाईंले निम्न कुराहरूमाथि विश्वास गर्नुहुन्छः

- मानिस र जनावरबीच कुनै गुणस्तरीय भिन्नता छैन।
- अन्ततः जीवनको कुनै अर्थ छैन।
- मृत्युपछि कुनै जीवन हुँदैन।
- मानव इतिहासको कुनै उद्देश्य छैन।

के यी सोचाइहरू तपाईंको विवेकसँग राम्रोसँग मेल खान्छन् ? कि मानिसहरूको विशेष महत्व हुन्छ र तपाईंको जीवनको पछाडि एउटा उद्देश्य छ भनी के तपाईंलाई भित्रैदेखि थाहा छ ?

केही मानिसहरूले झैं तपाईंले परमेश्वर हुनुहुन्छ भनी स्वीकार गर्न चाहनुहुन्न होला जसप्रति तपाईं जवाफदेही हुनुहुन्छ। हामी सबैजना एक दिन मर्नेछौं। हामीले हाम्रो शरीरको हरेक स्वासले त्यसलाई अस्वीकार गर्दछौं भने पनि अन्त्यमा हामी सबैले सत्यको सामना गर्नुपर्नेछ।

अन्तिम आङ्कडालाई सम्झनुहोस्ः दशमा दशैजना मानिसहरू मर्दछन्। अनि हामीले हाम्रो अन्तिम स्वास फेर्दा परमेश्वर अझै पनि त्यहीं हुनुहुनेछ। तब के ?

यो अध्यायमा आश्चर्यजनक प्रमाणलाई हेरेपछि तपाईंले यो कुरा देख्न सक्नुहुन्छ कि यदि एउटा भ्यागुता राजकुमारमा परिणत हुन्छ भने त्यो साँचो त हुन्छ तर दन्त्य कथाहरूमा मात्र हुन्छ र वैज्ञानिकीय तथ्यमा भने कहिल्यै पनि हुँदैन।

उक्त प्रमाणले हामीलाई बताउँदछ कि हामी एक सृष्टिकर्ताद्वारा बनाइएका हौं। हामी संयोगवश यहाँ आइपुगेका होइनौं; हामी एउटा उद्देश्यको लागि बनाइएका हौं।

हाम्रो अनन्त सत्यताको खोजी साँघुरिँदै जाँदा जीवनको रहस्य झन्झन् प्रष्ट हुँदैछ। अब आउनुहोस्, प्रमाणले हामीलाई कहाँ पुऱ्याउँदछ भनी हेरौं।

अध्याय ३

# चाँदीको रातो डलर

**एक शताब्दीभित्र बाइबल निर्मूल हुनेछ ।**

***भोल्टेयर*** *(१६९४-१७७८)*

अब सृष्टिकर्ताको प्रमाण बलियो छ र क्रमविकासको एक रत्ती पनि प्रमाण छैन भनी थाहा पाएपछि हामीले यो प्रश्न सोध्नुपर्दछः यी सृष्टिकर्ता को हुनुहुन्छ ? निश्चय पनि उहाँले सृष्टि गर्नुभएका प्राणीहरूले उहाँलाई जान्न सकून् भन्ने उहाँ चाहनुहुन्छ ।

किन उहाँले हामीलाई सृष्टि गर्नुभयो र त्यसपछि एक्लै अन्धकारमा यताउति छटपटाउन छोडिदिनुभयो ? परमेश्वरले मानिसहरूलाई उहाँलाई भेट्टाउने एउटा बाटो दिनुहुन्छ भन्ने कुरा तर्कसङ्गत हुन्छ – उहाँको, उहाँको चरित्रको र मानवजातिप्रति उहाँले बनाउनुभएको योजनाको बारेमा हामीलाई बताउने एउटा लिखित अभिलेख ।

यी परमेश्वर को हुन सक्नुहुन्छ भन्ने कुराका धेरैवटा सम्भावित जवाफहरू हुन सक्दछन् । बौद्धमार्गीहरूले निरन्तर पुनर्जन्म लिई अन्त्यमा संसारमा निर्वाणा हुने कुरामा जति परमेश्वरमा विश्वास गर्दैनन् । मुस्लिम ईश्वर अल्लाह एक कठोर, निर्दयी न्यायकर्ता हुन् । नयाँ युगका अनुयायीहरूका लागि सबैजना र हरेक कुरा ईश्वर हो - तपाईं र म ईश्वरहरू हौं । धेरै हिन्दुहरूले परमेश्वरलाई ब्रम्हा अर्थात् एउटा विश्वव्यापी आत्माको रूपमा हेर्दछन् जसको अंश सबैजना हुन् । तर धेरै हिन्दुहरूले सर्वोच्च प्राणी हुनुहुन्छ भनी स्वीकार नगरे तापनि तिनीहरूले उहाँभन्दा साना ३३ करोड देवीदेवताहरूको पूजा गर्दछन् ।

यहूदीहरूका लागि परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ - एक व्यक्तिगत, सर्वशक्तिमान् आत्मा जसले आफूलाई अब्राहामकहाँ र भविष्यवक्ताहरूकहाँ प्रकट गर्नुभयो अनि कुनै दिन मसीहको रूपमा प्रकट गर्ने लक्ष्य लिनुभयो ।

क्रिश्चियनहरूको लागि परमेश्वर उनै सृष्टिकर्ता हुनुहुन्छ । उहाँ आफ्नै बलिदानद्वारा मानिस र परमेश्वरबीचको पापको पर्खाल नष्ट गर्नको निम्ति येशू अर्थात् मसीहको रूपमा प्रकट गर्नुभयो र सबै राष्ट्रहरूले इस्राएलसँग गर्ने युद्ध पराकाष्ठामा पुग्दा उहाँ फेरि आउनुहुनेछ भनी तिनीहरू विश्वास गर्दछन् ।

परमेश्वर को र के हुनुहुन्छ भन्ने सम्बन्धी अरू धेरैवटा आस्थाहरू छन् ।

एउटा मात्र विश्वासको विधि सही छ त्यसैले अरू सबै गलत छन् भनी कसैले दाबी गर्नुचाहिँ असहिष्णुता र अहङ्कार हो भनी केही मानिसहरू सोच्दछन् ।

तर तपाईं देख्न सक्नुहुन्छ, हरेक धर्मले परमेश्वरसम्बन्धी एउटा धारणा प्रस्तुत गर्दछ जुन अन्य धर्महरूका धारणासँग बाझिन्छ । त्यसकारण ती सबै सही हुन सक्दैनन् । ती सबै गलत हुन सम्भव हुन्छ तर निश्चितरूपमा ती सबै सही हुन सक्दैनन् ।

यदि कुनै सही छ भने त्यो कुनचाहिँ हो भनी हामीले कसरी निर्णय गर्न सक्दछौं त ?

हरेक विकल्पको वैधता निर्धारण गर्नको निम्ति सर्वप्रथम हामीले विभिन्न आस्थाका धर्मग्रन्थहरूको जाँच गर्नुपर्दछ । त्यसपछि हामीले कुनचाहिँ सही हो भन्ने हेर्न कुनै प्रकारको जाँच गर्नुपर्दछ ।

ती धर्मग्रन्धहरूमध्ये केहीचाहिँ मृत्युको मिश्री पुस्तक, मोर्मोनको पुस्तक, अति मूल्यवान मोती, कुरान, हडिथ, बाइबल, भगवत गीता, वेद, पवित्र धम्मपद र यस्तै अन्य हुन् ।

कुनै धर्मग्रन्थ सही हो कि होइन भन्ने कुरा निर्धारण गर्न हामीले कुन-कुन आधारभूत जाँचहरू लागू गर्न सक्दछौं त ?

वैधताको जाँच छान्दाखेरि यो कुरा स्मरण गर्नुहोस्ः हामीले के विश्वास गर्दछौं भन्ने कुराले केही पनि फरक पार्दैन तर सही कुराले मात्र फरक पार्दछ । मैले पृथ्वी चेप्टो छ भनी विश्वास गर्न सक्दछु तर त्यो सही होइन । मैले आकाश हरियो छ भनी विश्वास गर्न सक्दछु तर त्यो सही होइन । मैले आफू एक करोडपति भएको विश्वास गर्न सक्दछु तर त्यो साँचो होइन । वास्तविकताले जे बताउँदछ त्यही नै सत्य हो ।

त्यसैले तपाईंले पहिलादेखि नै विश्वास गर्नुहुने कुरालाई होइन तर सत्य कुराको खोजी गर्नुहुन्छ भन्ने कुरामा होशियार हुनुहोस् । तपाईंले अनन्तताभित्र *अन्धाधुन्धरूपमा* होइन तर विश्वासको *विवेकशील* छलाङ्ग मार्दै हुनुहुन्छ भन्ने कुरा प्रमाणित गर्ने प्रमाण तपाईंसँग छ भन्ने कुरा निश्चित गर्नुहोस् ।

तपाईंले एउटा साँचो धर्मग्रन्थ भेट्टाउनुभएपछि कुन आस्था साँचो हो भन्ने बारेमा तपाईंले जवाफ पाउनुहुन्छ । त्यसैले आउनुहोस् धर्मग्रन्थहरूको बारेमा कुरा गरौं ।

मानौं कि तपाईंले धेरैवटा विकल्पहरू हुने जाँच दिँदै हुनुहुन्छ र तपाईंको सामु यो प्रश्न छः

२ + २ = क) ४; ख) ५; ग) ३; घ) ६

त्यसको जवाफ क) ४ हो भन्ने कुरा थाहा पाएपछि तपाईंलाई विकल्पहरू ख, ग र घ को अध्ययन गर्न कति समय चाहिन्छ ? कत्ति पनि चाहिँदैन ।

किन ती अन्य विकल्पहरूको अध्ययन नगर्ने ? किनभने परिभाषाअनुसार नै सबै सत्य साँघुरो हुन्छ । २ + २ = को जवाफ एउटा मात्र हुन्छ । एउटा सही जवाफ र लाखौं गलत जवाफहरू ।

उदाहरणको लागि हाल संयुक्त राज्य अमेरिकाको राष्ट्रपति एक व्यक्ति मात्र हुन्छः एउटा सही जवाफ र ६ अर्ब गलत जवाफहरू ।

कुनै पनि सत्यता, अनन्त सत्यताको बारेमा पनि त्यही कुरा साँचो हुन्छ । अनन्त सत्यता पनि साँघुरो हुनेछ र निश्चितरूपमा आफूले सही जवाफ नै पाएको कुरामा तपाईं निश्चित हुन चाहनुहुन्छ ।

मेरा धेरैवटा हवाइयात्राहरूमध्ये एउटामा मेरो छेउमा बसेको मानिसले "छरछिमेकमा आत्मिकता" शीर्षकको एउटा लेखबाट नोटहरू टिपिरहेको थियो । मैले उक्त लेखभरि बुद्धको मूर्तिका तस्वीरहरू देखें र त्यो के रहेछ भन्ने मलाई उत्सुकता भयो ।

ऊ विश्वव्यापी एकताको सेवक थियो र उसको झुण्डमा यहूदीहरू, क्रिश्चियनहरू, बौद्धमार्गीहरू, नास्तिकहरू, इत्यादि थिए भनी उसले मलाई भन्यो । उसको झुण्डमा हरेक कुराको अलिकति भाग रहेछ ।

मैले उसलाई "तपाईं मर्नुहुँदा अर्कोपट्टि के हुन्छ भन्ने ठान्नुहुन्छ ?" भनेर सोध्दा उसले यसरी जवाफ दियो, "मलाई वास्तवमै थाहा छैन ।" उसले पुनर्जन्ममा विश्वास गरिरहेको थियो तर मानिसहरूले जे मन लाग्यो त्यही

विश्वास गर्न सक्दथे भनी उसले भन्यो । उसको झुण्ड सामाजिक न्यायमा लागेको थियो र त्यसले अरूका लागि भलाइका कामहरू गर्दथ्यो । त्यसैले अर्कोपट्टि जेसुकै भए तापनि तिनीहरू ठीकै हुनेछन् भन्ने तिनीहरू ठान्दछन् ।

मैले यो प्रश्नले उसलाई चुनौती दिएँ: "कुनै मानिसले मृत्युपछि अर्कोपट्टि कुनै कुरा हुनेछ भनी विश्वास गर्न सक्दछ तर ऊ मरेपछि उसले त्यहाँ हुनेथियो भनी ठानेको कुरा वास्तवमा त्यहाँ छैन भन्ने कुरा पत्ता लगाउन के सम्भव हुन्छ ?"

उसले जवाफ दियो, "अवश्य सम्भव हुन्छ ।"

"तपाईं सही हुनुहुन्छ," मैले भनेँ । "यदि कसैले मरेपछि केही पनि हुँदैन भनी विश्वास गर्दछ र त्यहाँ कुनै कुरा हुन्छ भने ऊ १०० प्रतिशत गलत हुन्छ । तर तपाईंले के नभएसम्म गलत जवाफ पाउन सक्नुहुन्न ?"

उसले मलाई हेरेर घुटुक्क थुक निल्यो । उसले जवाफ दियो, "एउटा सही जवाफ ।"

"ठीक भन्नुभयो । अनन्ततासम्बन्धी एउटा सही जवाफ हुनुपर्दछ र तपाईंले भर्खरै त्यसो भन्नुभयो । त्यसको अर्थ यो हो कि अनन्त सत्यता हुन्छ । त्यसो भएको हुनाले तपाईंको झुण्डका केही मानिसहरूसँग अनन्तताको बारेमा गलत जवाफ छ । तपाईंले त्यसबारे के गर्नुहुनेछ ?"

उसको तर्कले उसलाई यो कुरा स्वीकार गर्न वाध्य पाऱ्यो कि त्यहाँ सही र गलत जवाफहरू थिए तैपनि उसले सही वा गलतमा विश्वास गरेन । तर हामी मर्दाखेरि या त कुनै कुरा हुन्छ या केही पनि हुँदैन । अनन्ततासम्बन्धी हाम्रा धारणाहरूको कुरा गर्दा हामी सबैजना सही हुन सक्दैनौं ।

अनि यदि अनन्तताको बारेमा गलत जवाफ हुन सक्दछ भने एउटा सही जवाफ पनि हुनुपर्दछ । त्यो सही जवाफ के हो भन्ने के तपाईंलाई थाहा छ ?

पुनर्जन्म प्रख्यात आस्थाहरूमध्ये एउटा भएको हुनाले (हिन्दु धर्म, बौद्धमार्ग, दुर्बोध मनन, र धेरैवटा धार्मिक झुण्डहरू साथै नयाँ युगका झुण्डहरूमा, अरूमाझ पनि) यसले कसरी काम गर्न सक्दछ भन्ने बारेमा म केही बेर सोच्न चाहन्छु ।

पुनर्जन्मको विधि अनिश्चित "कर्मको नियम" माथि आधारित हुन्छ जसमा असल कामहरू र खराब कामहरूको गणना गरिन्छ र अर्को जीवनमा मानिसको भाग्य के हुन्छ भन्ने कुरा निर्धारण गर्ने आधारको रूपमा प्रयोग गरिन्छ ।

असल कर्मले तिनीहरूलाई अर्को जीवनमा उत्तम ओहोदा वा कुनै असल भाग्य कमाइदिन सक्दछ जबकि खराब कर्मले त्यो जीवनमा कष्ट ल्याइदिनेछ जुन कष्ट विगतमा गरिएको गल्तीको अनुपातमा हुन्छ ।

पुनर्जन्म विशेष गरी तब मात्र अन्त्य हुन्छ जब मानिस न त असल कर्म न खराब कर्म नै भोग्न पर्ने गरी उच्च र निराकार हुन्छ । त्यसपछि ऊ अव्यक्तिगत "विश्वव्यापी सचेतना" वा "स्वर्गीय सचेतना" मा विलय हुनेछ जसमा त्यो व्यक्तिगत शरीरको अस्तित्व मेटिन्छ ।

अर्थात् अन्तिम परिणामचाहिँ सीमित शरीरको पूर्ण विलय हो । व्यक्ति "संसारसँग एक" बन्दछ ।

मैले सदैव मनमनै विचार गरेको छु: कर्मको चक्रलाई काम गर्ने बनाउनको निम्ति पृथ्वीमा जिउने प्रत्येक मानिसको हरेक कामको लेखा राख्न को वा के सक्षम छ ? यस्तो अस्तित्वका निम्न गुणहरू हुनुपर्दछ:

- सर्वव्यापी - हर समय सबै मानिसहरूलाई हेर्न र तिनीहरूका विचारहरू र अभिप्रायहरू बुझ्न सक्ने;
- सर्वज्ञानी - अरबौं मानिसहरू सबैको र तिनीहरूका कामहरूको चल्ती लेखा राख्न र कुनै व्यक्ति अर्को जीवनको लागि असल वा खराबको योग्य छ भनी निर्धारण गर्न सक्ने;
- सर्वशक्तिमान् - आफ्ना निर्णयहरू लागू गर्न सक्ने;
- असल - हृदयदेखि नै सबैको सर्वोच्च भलाइ चाहने र हरेक निश्चित अवस्थामा के "असल" हुन्छ र के "खराब" हुन्छ भनी सठीकरूपमा थाहा हुने सिद्ध नैतिकता भएको । निश्चित व्यक्तिले त्यो भविष्यको जीवन कसरी बिताउनेछ भन्ने कुरा तोक्नमा न्यायिक फैसला गर्न सक्ने गरी अत्यन्त धार्मिक हुनुपर्दछ ।

अब हामीले पुनर्जन्मको चक्र लागू गर्नको निम्ति "संसार" कस्तो हुनुपर्दछ भन्ने कुरालाई परिभाषित गरेका छौं । तर यस्तो देखिन्छ कि यी शर्तहरूले कुनै अव्यक्तिगत "आकाशीय शक्ति" लाई नभई एउटा छुट्टै, व्यक्तिगत, सर्वज्ञानी, सर्वव्यापी, सर्वशक्तिमान्, नैतिकवान्, न्यायी, बौद्धिक, धार्मिक प्राणीलाई जनाउँदछन् ।

त्यसको साथसाथै यदि मानिसहरूका कामहरू असल वा खराब छन् भनी धार्मिकरूपमा न्याय गरिनेछ भने असल र खराबका परिभाषाहरू के-के हुन् भनी तिनीहरूले पहिला नै थाहा पाउनुपर्दछ ।

कर्मको नापमा तिनीहरू कहाँनेर छन् भन्ने कुरा पनि तिनीहरूले थाहा पाउन सक्नुपर्दछ। आखिर के एक निष्पक्ष परमेश्वरले मानिसहरूलाई तिनीहरू कहाँ छन् भन्ने कुरा थाहा पाउन दिनुहुन्न र ? उदाहरणको लागि, कुनै मानिसले ७,२५८,२०६,४१८ वटा असल कामहरू जम्मा गर्न जीवनभरि कठोर परिश्रम गर्दछ - र त्यसपछि उच्च कर्म पाउनको लागि एउटा मात्र काम नपुगेको कुरा थाहा पाउँदछ (अर्को जीवनकालमा साङ्लेकीरा हुनुपर्दछ) भने त्यो कुरा क्रूरताको पराकाष्ठा हुन्छ !

त्यो त लाजमर्दो कुरा हुन्छ। अनि त्यस्तो परमेश्वर कदापि निष्पक्ष परमेश्वर हुँदैन ।

त्यसैले निश्चितरूपमा निष्पक्ष, धार्मिक, न्यायी परमेश्वरले उहाँ को हुनुहुन्छ, हामीले उहाँलाई कसरी जान्न सक्दछौं र हामीले अनन्ततामा के आशा गर्न सक्दछौं भन्ने कुरा हामीलाई प्रष्टरूपमा थाहा गराउनुहुन्छ। कुन कुरा असल र कुन कुरा खराब हो भन्ने सम्बन्धमा पनि उहाँले हामीलाई प्रष्ट मार्गदर्शनहरू दिनुहुन्छ र हामीले कस्तो काम गर्दैछौं भन्ने कुराको जानकारी पनि हामीलाई दिनुहुन्छ ।

अन्य धार्मिक लेखोटहरूजस्तो नभई बाइबलले वास्तवमै ती सबै कुराहरू गर्दछ ।

बाइबल के हो ? यो त ६६ वटा पुस्तकहरूको सङ्ग्रह हो जो १६०० वर्षहरू भन्दा लामो अवधिमा ४० भन्दा बढी लेखकहरूले लेखेका थिए जुन एकैजनाले एउटा पुस्तक लेखेजस्तो देखिन्छ। बाइबलको एकता, मिलाप र सठीकतालाई अन्य कुनै पनि पुस्तकका एकता, मिलाप र सठीकतासँग तुलना गर्न सकिँदैन । बाइबल, यसको सुरुवात्देखि नै, भक्त मानिसहरूद्वारा लेखिएको ईश्वरीय हस्तलिपिको प्रमाण हो ।

तपाईंले अरू धर्मग्रन्थहरूलाई बाइबलसँग तुलना गर्नुहुँदा कुनै दृष्टिकोणबाट हेर्दा बाँकी ग्रन्थहरू महान् लेखोटहरू हुन सक्दछन् तर एकपटक प्रमाणलाई जाँचेपछि तीचाहिँ बाइबलसँग तुलना गरिनयोग्यका हुँदैनन् । अहिलेसम्म लेखिएको कुनै पनि पुस्तकलाई यसरी मूल्याङ्कन गर्न सुरु पनि गर्न सकिँदैन ।

यदि तपाईंलाई मन पर्ने पवित्र पुस्तक बाइबलबाहेक अरू नै हो भने तपाईंले यो कुराको बारेमा तर्कवितर्क गर्न चाहनुहुन्छ होला । त्यसैले पहिला बाइबल अद्वितीय छ भनी मैले भन्नुको कारण म तपाईंलाई बताउन चाहन्छु ।

यसबारे बाइबलका एकजना विद्वान्ले भनेका कुरा यस प्रकार छः

एक छिन बाइबलको प्रष्ट आश्चर्यको बारेमा सोचविचार गर्नुहोस् । यो ६० पुस्ताहरू (लगभग १६०० वर्ष) भन्दा लामो अवधिमा ४० भन्दा बढी लेखकहरूद्वारा लेखिएको थियो ! ती लेखकहरू विभिन्न पृष्ठभूमिबाट आएका थिए: राजाहरू, गोठालाहरू, सिपाहीहरू, जालहारीहरू, कविहरू, शासकहरू, विद्वान्हरू, पूजाहारीहरू र भविष्यवक्ताहरू ।

ती लेखकहरूले एशिया, अफ्रिका र यूरोपका महादेशहरूमा हिब्रू, ग्रीक र अरामिक भाषाहरूमा लेखे । तैपनि (बाइबल) ले छुटकाराको एउटा रहस्यमय योजना (प्रस्तुत) गर्दछ । बाइबल कल्पना नै गर्न नसकिने गरी अत्यन्त जटिल र प्रत्युत्पादक तरिकाले लेखिएको र पनि अति सहीरूपमा मिलापमा रहन कसरी सम्भव हुन्छ ?[४६]

**बाइबल सधैंभरिको सर्वाधिक बिक्री हुने पुस्तक हो ।** धेरै पुस्तकहरू हजारौं प्रति बिक्री भएका छन्, केही त लाखौं अनि केहीले त करोडको सीमा पनि नाघेका छन् ।

तुलनात्मकरूपमा बाइबल प्रति वर्ष १५ करोडजति बिक्री हुन्छ अनि २,००० भन्दा बढी भाषाहरूमा लगभग ४ अर्ब बाइबलहरू छापिन्छन् ।[४७]

अर्को कुनै पनि पुस्तक यसको हाराहारीमा आउँदैन । यो पुस्तकमा केही कुरा छ जसले संसारभरिका मानिसहरूलाई यो पढ्न मन लाग्ने बनाइदिन्छ ।

अब संसारभरि अरबौं प्रतिहरू भएको हुनाले बाइबल साँचो हो भन्ने होइन तर योचाहिँ इतिहासकै सर्वाधिक बिक्री हुने पुस्तक भएको हुनाले के तपाईंले त्यसलाई एक पटक हेर्नुपर्दैन र ? तपाईं ती मानिसहरूमध्ये एक हुन चाहनुहुन्न जसले वास्तविकरूपमा त्यसलाई नपढीकन नै स्वतन्त्र तवरले आलोचना गर्दछन् वा बाइबल "जानेको" दाबी गर्दछन् ।

**बाइबलले आफू परमेश्वरद्वारा लेखिएको दाबी गर्दछ ।** अन्य सबै धर्मग्रन्थहरू मानिसहरूद्वारा लेखिएका थिए जसले परमेश्वरको तर्फबाट बोलेको दाबी गरे । मानिसहरूले भगवत गीता लेखे; महम्मदलाई चिनेका वा तिनको बारेमा थाहा पाएका मानिसहरूले तिनी मरेका धेरै समयपछि कुरान लेखे; एकजना मानिसले मोर्मोनको पुस्तक लेखे जसले एक स्वर्गदूतले प्राचीन सुनका पाताहरूको अनुवाद तिनलाई दिएको दाबी गरे; मेरी बेकर एडीले क्रिश्चियन साइन्सको मुख्य पुस्तक, *Science and Health with Key to the Scriptures*, लेखिन् जुन सर्वप्रथम १८७९ मा एडीले प्रकाशन गरेकी थिइन् ।

बाइबलले मात्र परमेश्वरले मानिसहरूलाई भन्नुभएको कुरा उहाँद्वारा लेखिएको दाबी गर्दछ। बाइबलले ३,००० भन्दा बढी पटक "परमप्रभु यसो भन्नुहुन्छ" भन्दछ। अहिलेसम्म लेखिएको अन्य कुनै पुस्तकले कुनै कुरा यति धेरैपटक भनेको छ होला ? त्यो पुस्तकले कुनै पनि तरिका, आकार वा स्वरूपमा मानिसद्वारा लेखिएको भनी दाबी गर्दैन।

मैले यो सत्यता पत्ता लगाउँदा मेरो प्रश्न यो थियो, "के बाइबलको अलौकिक उत्पत्तिलाई प्रमाणित गर्ने कुनै प्रमाण छ ?" मैले यस्ता धेरै जानकारीहरू पाएको छु - इतिहास, पुरातत्व, विज्ञान र भविष्यवाणी - यसले बाइबल वास्तवमै परमेश्वरको वचन हो भन्ने कुरा देखाउँदछ।

तल इदिएको प्रमाण नपढेसम्म मसँग सहमत नहुनुहोस्। त्यसपछि आफैले निर्णय गर्नुहोस्, एउटालाई वा अर्कोलाई।

**ऐतिहासिक प्रमाणले बाइबललाई समर्थन गर्दछ।** कुनै कुरालाई ऐतिहासिकरूपमा प्रमाणित गर्नको लागि तपाईंले धेरै कुराहरूलाई हेर्नुपर्दछ। मनन गर्नुपर्ने एउटा कुराचाहिँ त्यो कागजातको मौलिक वा प्राचीन हस्तलिपिहरू हुन्। त्यसपछि हामीले यसरी सोध्नुपर्दछः हामीसँग भएको कुरा मौलिक कुराको कति नजिक छ ?

बाइबलको सम्बन्धमा कुरा गर्दा आज हामीसँग नयाँ करारका खण्डहरूका २४,००० भन्दा बढी प्राचीन प्रतिहरू छन्। सम्पूर्ण प्राचीन पुस्तकहरूमध्ये सबैभन्दा नजिकको चाहिँ होमरको *इलियाड* हो जसका हामीसँग ६४३ प्राचीन प्रतिहरू छन्।

जोन मार्विक मोन्टगोमेरीका अनुसारः

> नयाँ करारका पुस्तकहरूको अन्तिम परिणामको बारेमा सन्देह गर्नु भनेको सम्पूर्ण प्राचीन कृतिलाई अस्पष्टताभित्र पस्न अनुमति दिनु हो किनकि प्राचीनकालका कुनै पनि कागजातहरू नयाँ करारजति ग्रन्थावलीको विवरणले पुष्टि भएका छैनन्।[४८]

कुनै पनि प्राचीन लेखोटहरूको माझमा बाइबलको जति प्राचीन मौलिक लेखोट अरू कुनै पनि पुस्तकको पाइँदैन। हामीले इलियाड वा ओडिसीका कुनै पनि प्राचीन खण्डहरूलाई कहिल्यै पनि बहिष्कार गर्दैनौं र बाइबलसँग यसलाई पुष्टि गर्ने धेरै उत्तम कागजात भएको हुनाले यसलाई पनि हामीले बहिष्कार गर्नुहुँदैन।

त्यसको साथसाथै, उक्त पुस्तक थाहा हुन आएका कुनै पनि विरोधाभाषहरूदेखि मुक्त हुनुपर्दछ । यदि कुनै पुस्तक आफैमा बाझिन्छ भने यो भरपर्दो हुँदैन । डा. ग्लिसन आर्करले यसो भने:

> मैले एकपछि अर्को प्रष्ट भिन्नताहरू भेट्टाएको र बाइबलीय अभिलेख तथा भाषाविज्ञान, पुरातत्व वा विज्ञानको प्रमाणबीचका विरोधाभाषहरूका आरोपहरूको अध्ययन गर्दा बाइबलको विश्वासयोग्यतामाथिको मेरो दृढता बारम्बार प्रमाणित भएको र बलियो पारिएको छ ।[४९]

बाइबलमा विरोधाभाषहरू छन् भनी धेरै मानिसहरू भन्दछन् तर कुनै एउटा दखाउन आग्रह गर्दा तिनीहरूले देखाउन सक्दैनन् । अरूले त्यसलाई सुरुदेखि अन्त्यसम्म पढेको कुरा गर्दछन् - तर तिनीहरूले वर्षौं पहिला एकपटक मात्र त्यसो गरेका हुन्छन् ।

यस अनुसार त केही मानिसहरूले आफ्नो अनन्त भविष्यलाई आफू बाह्र वर्षको हुँदा पढेको कुरामाथि आधारित तुल्याइरहेका हुन्छन् । आफैले सत्यताहरूको जाँच नगरीकन अन्य मानिसहरूले भनेका कुरालाई यत्तिकै विश्वास नगर्नुहोस् ।

बाइबलको बाहिरी प्रमाण पनि अचम्भको छ । एकजना रोमी इतिहासकार तासिटस र एकजना यहूदी इतिहासकार जोसेफस दुवैले बाइबलको ऐतिहासिक सठीकतालाई पुष्टि गर्दछन् । उदाहरणको लागि, येशूको मृत्यु क्रूसमा टँगाइएर भएको थियो भन्ने बारेमा लेख्ने सांसारिक इतिहासकारहरू सत्रजना छन् । यो मानिसहरूको एउटा समूहले बनाएको कथा हुन सक्दैन: बाहिरी ऐतिहासिक अभिलेखहरूले बाइबलको सत्यताको प्रमाण दिन्छन् ।

बाइबलले इतिहासलाई अत्यन्त साना विवरणहरूसम्म व्याख्या गर्दछ र इतिहासले बाइबलको सठीकतालाई प्रमाणित गर्दछ। उदाहरणको लागि, ग्रीस र रोमजस्ता महान् साम्राज्यहरूको उदय र पतन (दानियल २:३९-४०) र प्रमुख सहरहरूको विनाश (उदाहरणको लागि, टायर, सिडोन; यशैया २३) ।

टायरको विनाशलाई प्राचीन इतिहासकारहरूले उल्लेख गरेका छन् । तिनीहरूका अनुसार - बेबिलोनका राजा नबूकदनेस्सर उक्त समुद्रतटको शहर कब्जा गर्ने १३ वर्षको प्रयासमा असफल भएपछि - अलेक्जयाण्डर महान्ले त्यसलाई सात महिनासम्म कब्जा गरे अनि त्यो र त्यसका वासिन्दाहरूलाई नाश पारे ।

गहन र लामो समयसम्मको अध्ययनले यो कुरा देखाएको छ कि बाइबलको ऐतिहासिक सठीकता मिश्र, अस्सुर र अन्य प्राचीन देशहरूका लिखित अभिलेखहरूभन्दा धेरै उच्च छ ।

पुरातात्विक प्रमाणले बाइबललाई पुष्टि गर्दछ। बाइबलमा उल्लेख गरिएका मानिसहरू, तिनीहरूका पदहरू र स्थानहरूलाई पुष्टि गर्ने २५,००० भन्दा बढी पुरातात्विक प्रमाणहरू भेट्टाइएका छन्। चाखलाग्दो कुरा के भने, ती भेट्टाइएका कुराहरूमध्ये कुनै पनि कुरा बाइबलसँग बाझिएको छैन।

वास्तवमा यी आविष्कारहरूले बाइबल साँचो भएको कुरा प्रकट गर्दछन्। प्रख्यात यहूदी पुरातत्वविद् नेल्सन ग्लुएकले यसरी लेखेः

> कुनै पनि पुरातात्विक आविष्कारले बाइबलीय सन्दर्भलाई कहिल्यै पनि खण्डन गरेको छैन भनी किटान गरेरै भन्न सकिन्छ।[५०]

यो कुरा आश्चर्यजनक छ। यो पुस्तक विश्वासयोग्य छ।

मिलर बरोज यसो भन्दछन्:

> पुरातात्विक प्रमाणले बाइबललाई बारम्बार पुष्टि गरेको छ। समग्रमा, उत्खनन्का परिणामहरूले बाइबल ऐतिहासिक कागजातहरूको सङ्ग्रह हो भनी त्यसप्रति विद्वान्हरूको आदर बढाइदिएका छन् भन्नुमा कुनै शङ्का छैन।[५१]

वैज्ञानिकीय प्रमाणले बाइबललाई पुष्टि गर्दछ। बाइबलको सत्यतालाई समर्थन गर्ने प्रमाणका सबैभन्दा बढी विश्वसनीय टुक्राहरूमध्ये एउटाचाहिँ त्यो पुस्तकको वैज्ञानिक स्वभाव हो। विज्ञान र बाइबल कहिल्यै पनि मिलेनन् र मिल्न सक्दैनन्; ती दुई त वास्तवमा एक-अर्काका विपरीत थिए भनी मलाई सदैव विश्वास गर्न लगाइएको थियो।

अब म कति गलत थिएँ भन्ने कुरा पढ्नुहोस्।

लगभग २,५०० वर्ष पहिला विज्ञानले आकाशमा १,१०० वटा ताराहरू थिए भनी भनेको थियो। तर लगभग त्यति नै बेला भविष्यवक्ता यर्मियाले यसो भनेका थिए (३३:२२), "....आकाशका तारा गन्न सकिँदैन, न त समुद्रको बालुवा नाप्न सकिन्छ...."

"स्वर्गका सेना" भन्ने वाक्यांशलाई बाइबलमा परमेश्वरका स्वर्गदूतहरूको सेना अर्थात् "स्वर्गीय सेना"[52] लाई जनाउन प्रयोग गरिन्छ। उक्त वाक्यांशलाई ती स्वर्गदूतहरूका देख्न सकिने चिन्हहरूको रूपमा वा तिनीहरूका प्रभावका क्षेत्रहरूको रूपमा ताराहरूलाई जनाउनको लागि पनि प्रयोग गरिन्छ।

यर्मियाले तिनलाई गन्न सकिँदैन भनी भने। अहिले हब्बल डीप स्पेश टेलिस्कोपद्वारा पृथ्वीमा पठाइएका आश्चर्यजनक तस्वीरहरू हेरेपछि मानिसले आकाशका ताराहरू गन्न सक्दैन भन्ने हामी थाहा पाउँदछौं।

(वास्तवमा, परमेश्वरको लागि ती गन्न नसकिने छैनन्, जसले “ताराहरूको सङ्ख्या बताउनुहुन्छ ।” *भजनसङ्ग्रह १४७:४* )

संसार त एउटा विशाल जनावरको ढाडमाथि अडिएको थियो भनी विज्ञानले भन्ने गर्दथ्यो । वैज्ञानिकहरूले यो कुरा सिकाउनुको कारणचाहिँ यो हो कि चेप्टो पृथ्वी कुनै पनि कुराले थामेको थिएन भनी तिनीहरूले विश्वास गर्न सकेनन् ।

मैले हालसालै यो कुरा पढेको थिएँ कि पृथ्वी सामान्यरूपमा अन्तरिक्षमा झुण्डिन्छ भन्ने सत्यता सुनाइँदा एउटा सानो केटाले त्यो त बरु एउटा कछुवाको डाढमाथि अडिएको छ भन्ने कुरालाई नै विश्वास गर्ने निर्णय गर्‍यो । त्यो कछुवा केमाथि उभिएको थियो भनेर सोधिँदा उसले यसो भन्यो, “अर्को कछुवामाथि ।” *त्यो* कछुवा केमाथि उभिएको थियो भनी सोधिँदा उसले यसो भन्यो, “त्यहाँ त तलसम्मै कछुवाहरू मात्र छन् ।”

अय्यूब २६:७ परमेश्वरको बारेमा यसो भन्दछ, “परमेश्वरले उत्तरलाई रित्तो स्थानमा फैलाउनुभयो र पृथ्वीलाई अन्तरिक्षमा झुण्ड्याउनुभयो ।” (त्यो “रित्तो स्थान” आकाशको उत्तरतिरको भाग हो जहाँ ग्रहहरू कहिल्यै पनि देखिँदैनन् र विशाल तारामण्डलहरू देखिँदैनन् ।)

यो भनाइ लगभग ३,५०० वर्ष पहिला लेखिएको थियो । पृथ्वी अन्तरिक्षमा झुण्डिरहेको छ भनी बाइबलले सदैव भनेको छ । अनि वास्तवमा हाम्रो विज्ञान र आज हामीले गरेका अन्तरिक्षको खोजीबाट त्यो कुरा साँचो हो भनी हामी जान्दछौं ।

हिब्रूको पुस्तकमा यो भनाइ छः

> विश्वासैद्वारा हामी बुझ्छौं कि परमेश्वरको वचनद्वारा संसारहरू बनिए; यसकारण देखिएका कुराहरू देखा पर्ने कुराहरूद्वारा बनिएका होइनन् । *हिब्रू ११:३*

यो भनाइ लगभग २,००० वर्ष पहिला लेखिएको थियो ।

यसबाट हामी देख्दछौं कि हामीले देख्ने कुराहरू नदेखिने कुराहरूबाट बनाइएका हुन् भनी बाइबलले सदैव उल्लेख गरेको छ । यसले अधिकांश मानिसहरूलाई वास्तवमा तबसम्म कहिल्यै पनि कुनै अर्थ दिएन - जबसम्म “अणुहरू” भनिने नदेखिने कुराहरू वास्तवमै छन् भन्ने कुरा पत्ता लागेको थिएन ।

लगभग ३,५०० वर्ष पहिला लेखिएको अय्यूबको पुस्तकमा हामी यसरी पढ्न पाउँदछौं, "तैंले चट्याङहरूलाई चम्कन लाउँदा 'म तयार छु' भनी त्यसले भन्छ र ?" *अय्यूब ३८:३५*

> यहाँ बाइबलले वैज्ञानिकीय रूपमा हास्यास्पद कुरा भनिरहेको छ - कि चट्याङलाई पठाउन सकिन्छ र त्यसपछि त्यसले आफैलाई बोलीमा प्रकट गर्न सक्दछ। तर रेडियो तरङ्गहरू प्रकाशको गतिमा हिँड्दछन् भन्ने कुरा के तपाईंलाई थाहा छ ? यसैकारण तपाईंले पृथ्वीको अर्कोपट्टि भएको मानिससँग ताररहित सञ्चारद्वारा तुरुन्तै कुरा गर्न सक्नुहुन्छ। सन् १८६४ मा बेलायती वैज्ञानिक जेम्स क्लर्क म्याक्सवेलले विद्युत र प्रकाशका तरङ्गहरू एउटै कुराका दुईवटा स्वरूपहरू हुन् भन्ने सुझाव नदिएसम्म विज्ञानले यो कुरा पत्ता लगाएन।[५३]

एक पटक फेरि बाइबल वैज्ञानिकीयरूपमा सही छ।

२,८०० वर्ष पहिला लेखिएको एउटा वाक्यमा यशैयाले एउटा चाखलाग्दो निरीक्षण गरे। तिनले यसो भने:

> उहाँ तिनै हुनुहुन्छ जो पृथ्वीभन्दा उच्चमा विराजमान हुनुहुन्छ, र पृथ्वीका बासिन्दाहरू चाहिँ फट्याङ्ग्राजस्तै छन्। उहाँले आकाशलाई पर्दाझैं फिजाउनुहुन्छ, अनि त्यसमा वास गर्नलाई पालझैं त्यो फैलाउनुहुन्छ। *यशैया ४०:२२*

रे कम्फर्टले *Scientific Facts in the Bible* मा यो कुरा उद्दरण गरेका छन्:

> यहाँ *(यशैया ४०:२२)* बाइबलले हामीलाई यो कुराको जानकारी दिन्छ कि पृथ्वी गोलाकार छ। पहिला विज्ञानले पृथ्वी चेप्टो थियो भनी विश्वास गरेको समयमा बाइबलले नै क्रिष्टोफर कोलम्बसलाई संसारको वरिपरि पानीजहाजमा यात्रा गर्न प्रेरणा दिएको थियो। तिनले यसरी लेखे:
>
> "प्रभुले नै मलाई यो कुरा मेरो मनमा राखिदिनुभयो। उहाँले आफ्नो बाहुली ममाथि राख्नुभएको मैले महसुस गरेँ....त्यो प्रेरणा पवित्र आत्माबाट नै आएको थियो भन्ने कुरामा कुनै प्रश्न छैन किनभने उहाँले पवित्रशास्त्रहरूबाट आश्चर्यजनक प्रकाशका किरणहरूले मलाई अगुवाइ गर्नुभयो....।[५४]

वास्तवमा संसारका सृष्टिकर्ताले उहाँको सृष्टिले कसरी काम गर्दछ भन्ने कुरा जान्नुहुन्छ र उहाँले बाइबलभरि त्यस कुराको प्रमाण हामीलाई दिनुभएको छ ।

एक दिन एउटा विमानस्थलमा रहेको पत्रिका पसलभित्र जाँदा मैले भेनिला आइसलाई देखें जो केही वर्ष पहिलाका चर्चित ऱ्याप कलाकार थिए । मैले तिनीसँग कुराकानी सुरु गरेँ र एकपटक मैले यसो भनेँ, "तपाईं क्रिश्चियनमतमा लाग्नुभएको थियो भन्ने मैले सुनेको थिएँ ।" तिनले यसरी जवाफ दिए, "म त्यसमा लाग्ने गर्दथेँ ।" त्यो एउटा चाखलाग्दो भनाइ हो ।

हामीले कुराकानी गर्दै जाँदा तिनले भने कि बाइबलका अनुसार आत्महत्या गर्ने मानिस नरक जानेछ । तिनले बाइबलको उद्दरण गर्ने प्रयास गरिरहेका थिए, तर त्यसले के भनेको थियो भन्ने कुरा तिनलाई थाहा थिएन । बाइबलमा ६ वटा आत्महत्याका कुराहरू उल्लेख गरिएको छ र त्यसो गर्नु सही हो भनी एक ठाउँमा पनि भनिएको छैन भनी मैले तिनलाई भनेँ । त्यो त सीधै नरक पुऱ्याउने टिकट हो भनेर पनि यसले भन्दैन ।

तिनले यो कुरा पनि उल्लेख गरे कि तिनी वास्तवमा विज्ञानतिर लागेका थिए । त्यसैले मैले बाइबलमा रहेको केही वैज्ञानिकीय प्रमाण बताएँ । तिनले त्यो प्रमाणमा अत्यन्त रुचि देखाए र तिनले मलाई आफ्नो ठेगाना पनि दिए जसले गर्दा मैले थप जानकारीको साथमा एउटा पुस्तक तिनलाई पठाउन सकेँ !

हाम्रो तर्क र हाम्रो विवेकले हामीलाई यो कुरा बताउँदछ कि हामी यो जीवनमा - र अर्को जीवनमा पनि - हामीलाई सही जवाफतिर डोऱ्याउने प्रमाण वास्तवमै जान्न चाहन्छौं ।

के तपाईंको तर्क र विवेकले तपाईंलाई यो कुरा भनिरहेको छ ?

पूरा भएको भविष्यवाणीले बाइबललाई पुष्टि गर्दछ । बाइबलको वैज्ञानिकीय प्रमाण अत्यन्त आश्चर्यजनक छ तर यसले बाइबल परमेश्वरको वचन हो भन्ने कुरा पूर्ण निश्चयताको साथ देखाइदिएको सत्यतासँग तुलना गर्न सुरुसमेत गर्दैन ।

त्यो सत्यता के थियो ? बाइबल मानिसबाट आउनै सक्दैनथ्यो तर सर्वशक्तिमान् परमेश्वरको बाहुलीबाट आएको हुनुपर्दछ भनी प्रमाणित गर्ने कुरा के हो त ? भविष्यवाणीको शत प्रतिशत सठीकता । यदि हामीले कुनै

धर्मग्रन्थमा यस्तो कुरा पाउन सक्दछौं भने हामीले खोजिरहेका जवाफ पाउँदछौं ।

अर्को प्रश्नः सयौंवटा अति विस्तृत भविष्यवाणीहरू भएको र ती भविष्यवाणीहरूका पूर्णताहरू उल्लेख गर्ने विश्वको एक मात्र पुस्तक कुन हो भन्ने तपाईं ठान्नुहुन्छ ? त्यसको जवाफ होः बाइबल । पछिल्लो दिनका सन्तहरू भन्ने झुण्डको मोर्मोनको पुस्तक होइन, मुस्लिमहरूको कुरान होइन, हिन्दुको भगवत गीता होइन ।

बुद्ध, कन्फुसियस र लाओत्सेका सबै लेखोटहरूमा तपाईंले भविष्यवाणी पूरा भएको एउटा पनि उदाहरण पाउनुहुन्न । कुरानमा निर्दिष्टरूपमा गरिएको एक मात्र भविष्यवाणी त्यो हो जति बेला महम्मदले आफू मक्का फर्किने कुराको भविष्यवाणी गरे - यस्तो भविष्यवाणी जुन पूरा गर्न तिनलाई अत्यन्त सजिलो थियो ।

अर्कोतर्फ बाइबलमा पुरानो करारमा मात्र २,००० भन्दा बढी भविष्यवाणीहरू छन् । वास्तवमा बाइबलको २५ प्रतिशत भागले भविष्यवाणी गर्दछ । अनि अन्तिम समयमा हुने येशूको पुनरागमनको बारेमा बताउने भविष्यवाणीहरूबाहेक हरेक भविष्यवाणी - पृथ्वीमा हुने येशू ख्रीष्टको पुनरागमनसम्मका राजनैतिक, धार्मिक, बौद्धिक र भौगोलिक घटनाहरूलाई समेट्ने - स-सानो अंशसम्म पूरा भएको छ ।

बाइबलसम्बन्धी एउटा रोचक कुरा यो हो कि कसैले १०० सठीकतासाथ भविष्यवाणी गर्दैन भने ऊ झूटो भविष्यवक्ता हो । मानिसहरूले कुनै कार्यक्रममा जानकारी मागिँदाखेरि कुनै कुराको “भविष्यवाणी” गरेका हुनाले मात्र यसले तिनीहरूलाई साँचो भविष्यवक्ताहरू बनाउँदैन ।

पुरानो करारको समयमा यदि कसैले परमेश्वरको तर्फबाट बोलिरहेको दाबी गर्दथ्यो र उसको भविष्यवाणी पूरा हुँदैनथ्यो भने उसलाई ढुङ्गाले हानेर मारिन्थ्यो । (परमेश्वरलाई गलत तरिकाले लिने कार्यलाई उहाँले गम्भीरतापूर्वक लिनुहुन्छ ।) त्यसैले भविष्यवक्ताहरूले बोल्दाखेरि आफ्नै नभई उचित तरिकाले परमेश्वरका वचनहरू बोलिरहेका थिए भन्ने कुरा तिनीहरूले निश्चित गर्दथे !

भविष्यवाणी अति महत्वपूर्ण छ किनभने यसले परमेश्वर को हुनुहुन्छ र उहाँलाई भरोसा गर्न सकिन्छ भन्ने कुरा प्रदर्शन गर्दछ । यशैया ४६:९-११ यसो भन्दछः

अघि अघिका पुराना कुराहरूलाई सम्झ, किनकि म परमेश्वर हुँ, अनि मबाहेक अरू कोही छैनँ । म परमेश्वर हुँ, मजस्तै अरू कोही छैन । म आदिदेखि अन्त्यसम्मको र प्राचीन समयदेखि अहिलेसम्म नभएका कुराहरू यसो भनेर घोषणा गर्छु, 'मेरो उद्देश्य ठहर्नेछ, र म आफ्नो सबै इच्छा पूरा गर्नेछु ।' म पूर्वबाट शिकारी पंक्षीलाई र टाढा देशबाट मेरो युक्ति पूरा गर्ने मानिसलाई डाक्नेछु । मैले यो अभिप्राय गरेको छु । अनि म त्यो गर्ने नै छु । *यशैया ४६:९-११*

परमेश्वर भन्नुहुन्छ कि उहाँले सुरुदेखि नै अन्त्यसम्मको घोषणा गर्नुहुनेछ । उहाँले आफ्ना भविष्यवक्ताहरूद्वारा केही कुरा गर्नुहुनेछ भनी बताउनुहुन्छ भने उहाँले त्यो पूरा गर्नुहुनेछ ।

त्यो कुरा साँचो हो कि होइन भनी हेरौं ।

नयाँ करार लेखिनुभन्दा ४०० वर्षभन्दा बढी समय अगावै पुरानो करार लेखिसकिएको थियो । परमेश्वरको भविष्यवाणी गर्ने क्षमता कति असल थियो भन्ने कुरा हेर्नका लागि आउनुहोस् पुरानो करारका भविष्यवाणीहरू भएको एउटा सानो खण्ड हेरौं जसले मसीह अर्थात् यहूदीहरूका आउनुहुने उद्धारकर्ता को हुनुहुन्थ्यो भन्ने भविष्यवाणी गर्दछ ।

१. पुरानो करारमा यशैया ७:१४ मा यसरी पढ्न पाइन्छ, "यसैकारण परमप्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ । हेर, कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरो जन्माउनेछ, र उनको नाउँ इम्मानुएल *(परमेश्वर हामीसित)* राखिनेछ ।"

यो भविष्यवाणी यशूआ (येशूको हिब्रू नाउँ) ले पूरा गर्नुभयो जसरी हामी नयाँ करारमा पढ्न पाउँदछौं:

अब येशू ख्रीष्टको जन्म यस प्रकारले भयो - उहाँकी आमा मरियमको मगनी यूसुफसँग भएपछि, उनीहरू सँगै बस्नुभन्दा पहिला नै उनीचाहिँ पवित्र आत्मापट्टिबाट गर्भवती भएकी थिइन् ।

तर उनका पति यूसुफले, धर्मी मानिस भएका हुनाले र जनताका सामु उनलाई प्रकट गर्न नचाहेका हुनाले उनलाई गुप्तमै त्यागिदिने विचार गरे । तर जब तिनले यी कुराहरूका विषयमा सोचिरहेका थिए, तब हेर, सपनामा प्रभुका दूत तिनीकहाँ यसो भन्दै देखा परे: "यूसुफ, दाऊदका छोरा, आफ्नी पत्नी मरियमलाई आफूकहाँ ल्याउन नडराऊ,

किनकि जो उनको गर्भमा हुनुहुन्छ, उहाँचाहिँ पवित्र आत्माबाटकै हुनुहुन्छ । अनि उनले पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाम 'येशू' राख्नू, किनभने उहाँले आफ्ना जनहरूलाई तिनीहरूका पापबाट मुक्त गर्नुहुनेछ ।"

अब भविष्यवक्ताद्वारा प्रभुले भन्नुभएको कुरा पुरा होओस् भनेर यो सब भएको थियो:

'हेर, कन्या गर्भवती हुनेछन् र एउटा पुत्र जन्माउनेछिन्, अनि तिनीहरूले उहाँको नाम "इम्मानुएल" राख्नेछन्' जसको अर्थ हो 'परमेश्वर हामीसित' ।

तब यूसुफले निद्राबाट बिउँझेर प्रभुका दूतले तिनलाई आज्ञा दिएबमोजिम गरे, र आफ्नी पत्नीलाई आफूकहाँ ल्याए, अनि जबसम्म उनले आफ्ना जेठा छोरा जन्माइनन्, तबसम्म उनीसँग सहवास गरेनन् । अनि तिनले उहाँको नाम येशू राखे । *मत्ती १:१८-२५*

परमेश्वरले भन्नुभयो कि उहाँले एउटा कन्याबाट एउटा छोरा जन्माउनुहुनेथियो र उहाँले त्यसो गर्नुभयो ।

२. यो भविष्यवाणी (यशैया ९:६) पनि गरिएको थियो कि यी मसीह, यी पुत्र जो "इम्मानुएल, परमेश्वर हामीसित" हुनुहुनेथियो, उहाँ वास्तवमै सर्वशक्तिमान् परमेश्वरको मानवरूप हुनुहुनेथियो:

किनकि हाम्रा निम्ति एउटा पुत्र दिइएको छ । शासन उहाँको हातमा हुनेछ । उहाँको नाउँ उदेकका युक्ति निकाल्नुहुने, पराक्रमी परमेश्वर, सनातनका पिता, शान्तिका राजकुमार कहलाइनेछ ।" *यशैया ९:६*

अनि नयाँ करार यसो भन्दछ:

(येशूले भन्नुभयो) "....तिमीहरूले सामर्थ्य पाउनेछौ; र यरूशलेममा, सारा यहूदिया र सामरियामा, अनि पृथ्वीको छेऊसम्म तिमीहरू मेरा निम्ति साक्षी हुनेछौ ।" अनि उहाँले यी कुराहरू भनिसक्नुभएपछि तिनीहरूले हेर्दा-हेर्दै उहाँ माथि उठाइनुभयो; र बादलले उहाँलाई तिनीहरूको दृष्टिबाट ढाकिदियो ।

अनि उहाँ माथि जाँदै गर्नुहुँदा तिनीहरू आकाशतिर एक डिठ लगाएर हेरिरहेका थिए, तब हेर, दुईजना सेतो वस्त्र लगाएका मानिसहरू तिनीहरूको छेउमा उभिए; अनि उनीहरूले भने: "हे गालीलका मानिसहरूहो, तिमीहरू किन आकाशतिर हेर्दै उभिन्छौ ? तिमीहरूका बीचबाट स्वर्गमा

उठाइनुहुने यिनै येशू नै यही प्रकारले आउनुहुनेछ, जसरी उहाँलाई स्वर्गतिर जाँदै गर्नुभएको तिमीहरूले देख्यौ ।" *प्रेरित १:८-११*

येशूले तिनीहरूलाई भन्नुभयो: "साँचो-साँचो म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा पहिला म हुँ ।" *यूहन्ना ८:५८*

मसीहचाहिँ मानिसको रूपमा आउनुहुने "सर्वशक्तिमान् परमेश्वर, अनन्त पिता" हुनुहुन्थ्यो भनी परमेश्वरले भन्नुभयो - र उहाँ त्यस्तै हुनुहुन्थ्यो ।

३. यस संसारमा मानिसको शरीर धारण गर्दा समेत उद्धारकर्ता मसीह परमेश्वरका पुत्र हुनुहुन्थ्यो भनेर पनि भविष्यवाणी गरिएको थियो ।

म उर्दी घोषणा गर्नेछु: परमप्रभुले मलाई भन्नुभएको छ: "तिमी मेरा पुत्र हौ । आज मैले तिमीलाई जन्माएको छु ।" *भजनसङ्ग्रह २:७*

यी भविष्यवाणीहरू मत्ती ३:१७ मा पूरा भए जसले यसो भन्दछ:

अनि हेर, स्वर्गबाट एउटा आवाज आयो, जसले भन्यो: 'यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अत्यन्तै प्रसन्न छु' । *मत्ती ३:१७*

यसलाई मत्ती १७:५ मा फेरि पुष्टि गरिएको छ:

तिनी बोल्दा-बोल्दै हेर, एउटा चम्किलो बादलले उनीहरूलाई ढाकिदियो; अनि हेर, बादलबाट यसो भन्ने एउटा आवाज आयो: "यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अत्यन्त प्रसन्न छु; यिनैको कुरा सुन ।" *मत्ती १७:५*

लूका २२:६६-७१ यसो भन्दछ:

अनि दिन हुनासाथ जनताका बूढा प्रधानहरू, मुख्य पूजाहारीहरू र शास्त्रीहरू भेला भए, र यसो भन्दै उहाँलाई तिनीहरूको महासभामा लगे: "के तँ ख्रीष्ट होस् ? हामीलाई भन् ।" अनि उहाँले तिनीहरूलाई भन्नुभयो: "मैले तिमीहरूलाई भनेँ भने, तिमीहरूले विश्वास गर्नेछैनौ; अनि मैले तिमीहरूलाई सोधेँ भने पनि तिमीहरूले मलाई जवाफ दिनेछैनौ, न त मलाई जान नै दिनेछौ । अबदेखि उसो मानिसका पुत्र परमेश्वरको सामर्थ्यको दाहिने हातपट्टि बस्नेछन् ।"

तब ती सबैले भने: "त्यसो भए के तँ परमेश्वरका पुत्र होस् ? अनि उहाँले तिनीहरूलाई भन्नुभयो: "म हुँ भनी तिमीहरू नै भन्छौ ।" अनि तिनीहरूले भने: "अब हामीलाई अरू साक्षीहरूको के खाँचो पऱ्यो र ? किनकि हामी आफैले उसैको मुखबाट सुनेका छौं ।" *लूका २२:६६-७१*

त्यसैले परमेश्वरले पुरानो करारमा यसो भन्नुभएको हामी देख्दछौं कि उहाँले पुत्र जन्माउनुहुनेथियो र उहाँले त्यसो गर्नुभयो ।

४. अझै, यी मसीह जोसुकै हुनुभए तापनि उहाँ बेथलेहेममा जन्मिनुहुनेथियो भन्ने भविष्यवाणी गरिएको थियो । येशूको जन्म भएको समयमा बेथलेहेममा लगभग १,००० मात्र वासिन्दा थिए:

> तर ए बेतलेहेम एप्राता, तँ जो यहूदाका हजारौंका बीचमा सानो छस्, तँबाट मेरो निम्ति एकजना निस्कनेछ, जो इस्राएलको शासक हुनेछ, जसको सुरु अघिदेखि, अर्थात् प्राचीनकालदेखि नै छ । *मीका ५:२*

मत्ती २:१ ले यसको पूर्णता देखाउँदछ:

> अब हेरोद राजाको समयमा यहूदियाको बेथलेहेममा य’शूआ जन्मनुभएपछि हेर, पूर्वबाट ज्योतिषीहरू यरूशलेममा यसो भन्दै आए । *मत्ती २:१*

परमेश्वरले आफ्ना पुत्र बेथलेहेममा जन्मिनुहुनेथियो भनेर भन्नुभयो र उहाँ त्यहाँ नै जन्मिनुभयो ।

५. मीकाले मसीहको पूर्वअस्तित्वलाई पनि उल्लेख गर्दछन् (माथि), “जसको सुरु अघिदेखि, अर्थात् प्राचीनकालदेखि नै छ ।”

यहूदियामा हुनुहुँदा येशू आफैले यो भविष्यवाणी पूरा गर्नुभएको थियो भनी उहाँले आफ्ना विरोधीहरूलाई भन्नुभयो:

> तिमीहरूका पिता अब्राहाम मेरो दिन देख्ने आशामा हर्षित थिए, अनि उनले देखे र आनन्दित भए । तब यहूदीहरूले उहाँलाई भने: “तिमी अझै पचास वर्ष पुगेका छैनौ, अनि के तिमीले अब्राहामलाई देखेका छौ र ?”
>
> येशूले तिनीहरूलाई भन्नुभयो: “साँचो-साँचो म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा पहिला म हुँ ।” *यूहन्ना ८:५६-५८*

यो भविष्यवाणी कलस्सी १:१७ मा पनि पूरा भएको छ जसले यसो भन्दछ:

> ....उहाँ सबै कुराहरूका अघि हुनुहुन्छ, र सबै कुराहरू उहाँद्वारा नै स्थिर रहन्छन् । *कलस्सी १:१७*

परमेश्वरले उहाँका पुत्र पहिला नै अस्तित्वमा हुनुहुन्थ्यो भनेर भन्नुभयो र उहाँ हुनुहुन्थ्यो ।

६. व्यवस्था १८:१८ ले मसीह एक भविष्यवक्ता हुनुहुनेथियो भनेर भन्दछ:

तिनीहरूका निम्ति तिनीहरूमध्येबाट म एउटा भविष्यवक्ता खडा गर्नेछु । मैले बोल्ने कुरा म त्यसलाई भन्नेछु र त्यसले मेरो आज्ञाअनुसार मानिसहरूसम्म मेरो कुरा पुऱ्याउनेछ । *व्यवस्था १८:१८*

यो भविष्यवाणी मत्ती २१:११ मा पूरा भयो, जति बेलाः

....भीडहरूले भनेः यिनी गालीलको नासरतका भविष्यवक्ता येशू हुन् ।" *मत्ती २१:११*

परमेश्वरले उहाँका पुत्र भविष्यवक्ता हुनुहुनेथियो भनेर भन्नुभयो र उहाँ भविष्यवक्ता हुनुहुन्थ्यो ।

७. मसीहले पवित्र आत्मालाई असाधारणरूपमा प्रकट गर्नुहुनेथियो । यशैया ११:२ ले यसको बारेमा बताउँदछः

परमप्रभुका आत्मा उहाँमा रहनुहुनेछ – बुद्धि र समझको आत्मा, सल्लाह र शक्तिको आत्मा, ज्ञान र परमप्रभुप्रतिको श्रद्धाको आत्मा । *यशैया ११:२*

मत्ती यो भविष्यवाणीको पूर्णतालाई पुष्टि गर्ने घटनाहरूको बारेमा हामीलाई बताउँदछन्, उदाहरणको लागि मत्ती ३:१६-१७ माः

अनि बप्तिस्मा लिएर येशू तुरुन्तै पानीबाट माथि निस्कनुभयो; अनि हेर, उहाँका निम्ति आकाशहरू खोलिए, अनि उहाँले परमेश्वरका आत्मालाई ढुकुरझैं ओर्लंदै गर्नुभएको र आफूमाथि आउँदै गर्नुभएको देख्नुभयो । अनि हेर, स्वर्गबाट एउटा आवाज आयो, जसले भन्योः 'यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अत्यन्तै प्रसन्न छु' । *मत्ती ३:१६-१७*

परमेश्वरले आफ्ना पुत्रले पवित्र आत्मालाई असाधारणरूपमा प्रकट गर्नुहुनेथियो भनी भन्नुभयो र उहाँले त्यसो नै गर्नुभयो ।

८. मसीहले आश्चर्यकर्महरूको सेवकाइ पनि गर्नुहुनेथियो जसरी यशैया ३५:६ मा भविष्यवाणी गरिएको छः

तब लङ्गडा मृगझैं उफ्रनेछ, किनकि उजाडस्थानमा पानी फूटेर निस्कनेछ, र मरुभूमिमा खोलाहरू बग्नेछन् । *यशैया ३५:६*

यो भविष्यवाणी येशूको सेवकाइमा निरन्तर पूरा भयो । उदाहरणको लागि मत्ती ९:३५ यसो भन्दछः

अनि येशू सबै सहर र गाउँहरूतिर तिनीहरूका सभाघरहरूमा शिक्षा दिँदै, राज्यको सुसमाचार प्रचार गर्दै, अनि मानिसहरूमा भएको हरेक रोग र हरेक शारीरिक दुर्बलता निको पार्दै घुम्नुभयो । *मत्ती ९:३५*

अनि मत्ती १५:२९-३१ हामीलाई भन्दछ कि:

अनि येशू त्यहाँबाट निस्केर गालीलको समुद्रनेर आउनुभयो; र डाँडामाथि गएर त्यहाँ बस्नुभयो । अनि ठूला-ठूला भीड आफूसित लङ्गडा, अन्धा, लाटा, कूँजा, र अरू धेरैलाई लिएर उहाँकहाँ आए, अनि तिनीहरूलाई येशूका पाउमा राखिदिए; अनि उहाँले तिनीहरूलाई निको पार्नुभयो । यहाँसम्म कि लाटाहरू बोलेका, कूँजाहरू निको भएका, लङ्गडाहरू हिँडेका, अन्धाहरू देख्ने भएका देखेर भीडहरू छक्कै परे; र तिनीहरूले इस्राएलका परमेश्वरको महिमा गरे । *मत्ती १५:२९-३१*

परमेश्वरले आफ्ना पुत्रले आश्चर्यकर्महरू गर्नुहुनेथियो भनी भन्नुभयो र उहाँले त्यसो गर्नु पनि भयो ।

९. मसीह मरेकाहरूबाट बौरेर उठ्नुहुनेथियो भनी भविष्यवाणी गरिएको थियो । भजनसङ्ग्रह १६:१० यसो भन्दछः

किनभने तपाईंले मेरो प्राणलाई अधोलोकमा *(चिहान वा मरेकाहरू रहने स्थानमा)* छोड्नुहुनेछैन; न त तपाईंले आफ्नो पवित्र जनलाई सड्न दिनुहुनेछ । *भजनसङ्ग्रह १६:१०*

एकजना प्रेरितले प्रेरित २:३१ मा हामीलाई भनेका छन् कि यो भविष्यवाणी येशूको बौरिउठाइद्वारा पूरा भयो र तिनी माथिको पदलाई उल्लेख गर्दै यसो भन्दछन्:

अनि उनले यो कुरा पहिला नै देखेका हुनाले ख्रीष्टको बौरिउठाइको सम्बन्धमा, 'उहाँको प्राण अधोलोकमा छोडिएन, न त उहाँको शरीर नै सड्यो' भनी भने । *प्रेरित २:३१*

कस्तो आश्चर्यजनक भविष्यवाणी ! परमेश्वरका पुत्र मरेकाहरूबाट बौरेर उठ्नुहुनेथियो भनी उहाँ यो ग्रहमा हिँड्डुल गर्नुभन्दा सयौं वर्ष पहिला नै भविष्यवाणी गरिएको थियो र उहाँ बौरेर उठ्नु पनि भयो !

१०. बाइबल हामीलाई बताउँदछ कि मसीहलाई एकजना साथीले नै धोका दिनेथियो । यो घटनाका अन्य सन्दर्भहरूमध्ये भजनसङ्ग्रह ४१:९ यसो भन्दछः

हो, मेरो आफ्नै परिचित मित्रले, जसमाथि मैले भरोसा राखेको थिएँ, जसले मेरो रोटी खान्थ्यो, मेरो विरुद्धमा कुर्कुच्चा उठाएको छ । *भजनसङ्ग्रह ४१:९*

मत्ती १०:४ ले यसको बारेमा प्रष्टरूपमा बताउँदछ, "....र यहूदा इस्करयोती, जसले उहाँलाई पक्रायो पनि ।" *मत्ती १०:४*

अनि यूहन्ना १३:२१-२६ ले त्यो कसरी पूरा भयो भन्ने कुरा अत्यन्त प्रष्ट तरिकाले बताउँदछः

> जब येशूले यी कुराहरू भन्नुभयो, तब उहाँ आत्मामा विचलित हुनुभयो, अनि गवाही दिँदै भन्नुभयोः "साँचो-साँचो म तिमीहरूलाई भन्दछु, तिमीहरूमध्ये एकजनाले मलाई धोका दिनेछ । तब उहाँले कसको विषयमा भन्नुभएको होला भनी शङ्का गर्दै चेलाहरूले एक-अर्कालाई हेरे । अब उहाँका चेलाहरूमध्ये एकजना, जसलाई येशूले प्रेम गर्नुहुन्थ्यो, येशूको छातीमा अडेस लागिरहेका थिए । यसैकारण शिमोन पत्रुसले, 'जसको विषयमा उहाँले भन्नुभयो, त्यो को हो ? सोध' भनेर उनलाई ईशारा गरे । तब येशूको छातीमा अडेस लागेर नै उनले उहाँलाई भनेः "प्रभु, त्यो को हो ?" येशूले जवाफ दिनुभयोः "जसलाई म यो रोटीको टुक्रा चोपेर दिनेछु, उही नै त्यो हो ।" अनि रोटीको टुक्रा चोपेर उहाँले त्यो शिमोनको छोरो यहूदा इस्करयोतीलाई दिनुभयो । *यूहन्ना १३:२१-२६*

यसरी यहूदाले आफ्ना सबैभन्दा असल मित्रलाई धोका दिने योजना बनाएको थाहा पाएर त्यो रोटी लिई खायो ।

परमेश्वरले आफ्ना पुत्रलाई उहाँसँगै खाना खाने एकजना साथीले धोका दिनेथियो भनेर भन्नुभयो र उहालाई त्यसरी नै धोका दिइयो ।

११. मसीहलाई तीस टुक्रा चाँदीको लागि धोका दिइनेथियो भनेर भविष्यवक्ताहरूले भने । जकरिया ११:१२ उक्त धोकेबाजको बारेमा बताउँदछः

> तब मैले तिनीहरूलाई भनें, 'तिमीहरूलाई असल लागे मलाई मेरो ज्याला देऊ, नलागे नदेऊ ।' यसैले तिनीहरूले मेरो ज्याला चाँदीका तीस टुक्रा जोखेर दिए । *जकरिया ११:१२*

मत्ती २६:१५ ले उक्त भविष्यवाणीको पूर्णता देखाउँदछः

> ....(यहूदाले) भन्योः 'तपाईंहरू मलाई के दिन चाहनुहुन्छ, र म उहाँलाई तपाईंहरूका हातमा सुम्पिदिऊँ ?' अनि तिनीहरूले त्यससित चाँदीका तीस सिक्का दिने कबुल गरे । *मत्ती २६:१५*

येशूलाई सयौं वर्ष पहिला भविष्यवाणी गरिएजति नै मूल्यको लागि एकजना साथीले धोका दियो ।

परमेश्वरले आफ्ना पुत्रलाई धोका दिने व्यक्तिको मूल्य ३० टुक्रा चाँदी हुनेथियो भनेर भन्नुभएको थियो र त्यो त्यति नै भयो ।

१२. यी मानिस अर्थात् मसीहलाई गिल्ला पनि गरिनेथियो भनी भविष्यवाणी गरिएको थियो । भजनसङ्ग्रह २२:६-८ यसो भन्दछ:

तर म त कीरा हुँ, मानिस नै होइनँ; मानिसहरूको निन्दा र लोकहरूद्वारा तुच्छ ठानिएको । मलाई देख्ने सबैले मलाई खिसी गरेर हाँस्छन्; तिनीहरू ओठ लेप्राउँछन्; तिनीहरू यसो भन्दै टाउको हल्लाउँछन्: 'यवेले त्यसलाई छुटकारा दिनुहुन्छ भनी त्यसले उहाँमाथि भरोसा राख्यो; उहाँले नै त्यसलाई छुटकारा दिऊन्; किनकि उहाँ त्यसमा प्रसन्न हुनुभएको छ' । *भजनसङ्ग्रह २२:६-८*

फेरि मत्ती २७:२९ मा यसको पूर्णतालाई व्याख्या गरिएको छ:

अनि काँडाको मुकुट गाँथेर तिनीहरूले त्यसलाई उहाँको शिरमा लगाइदिए, र उहाँको दाहिने हातमा एउटा निगालो राखिदिए; अनि उहाँको अघिल्तिर घुँडा टेक्दै 'सलाम, यहूदीहरूका राजा !' भन्दै उहाँलाई खिसी गरे । *मत्ती २७:२९*

मत्ती २६:६७ यसो भन्दछ:

तब तिनीहरूले उहाँको अनुहारमा थुके र उहाँलाई मुक्का लगाए; अनि अरू-अरूले चाहिँ यसो भन्दै उहाँलाई थप्पड लगाए । *मत्ती २६:६७*

परमेश्वरले आफ्ना पुत्रको गिल्ला गरिनेथियो भनी भन्नुभयो र उहाँलाई गिल्ला गरियो ।

१३. भजनसङ्ग्रहले मसीह कसरी मर्नुहुनेथियो भन्ने बारेमा व्याख्या गर्दछ । भजनसङ्ग्रह २२ ले उहाँको मृत्युको विस्तृत विवरण दिन्छ:

पानीझैं म पोखिएँ, अनि मेरा सबै हड्डीहरू जोर्नीबाट फुस्केका छन्; मेरो हृदय मैनजस्तो भएको छ; त्यो मेरो पेटभित्रै पग्लेको छ ।

खपेटो झैं मेरो बल सुकेको छ; र मेरो जिब्रो मेरो तालुमा टाँसिन्छ; अनि तपाईंले मलाई मृत्युको धूलोमा पुर्‍याउनुभएको छ ।

किनकि कुकुरहरूले मलाई घेरेका छन्; दुष्टहरूको झुण्डले मलाई चारैपट्टिबाट थुनेको छ; तिनीहरूले मेरा हात र मेरा पाउ छेंडे ।

म मेरा सबै हड्डीहरू गन्न सक्छु; तिनीहरू मलाई हेर्छन्, टक लगाएर हेर्छन् ।

तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्छन् र मेरो पोशाकका लागि गोला हाल्छन् ।

तर हे परमप्रभु, मदेखि टाढा नहुनुहोस्; हे मेरा बल, मलाई सहायता गर्न हतार गर्नुहोस् !

मेरो प्राणलाई तरवारदेखि बचाउनुहोस्; मेरो एक मात्र प्राणलाई कुकुरको पञ्जाबाट छुटाउनुहोस् ! *भजनसङ्ग्रह २२:१४-२०*

येशूलाई क्रूसमा टाँगेर मृत्युदण्ड दिइएको घटनाका शारीरिक असरहरूको यो आश्चर्यजनक विवरण रोमीहरूले मृत्युदण्ड दिने माध्यमको रूपमा क्रूसमा टाँग्ने चलन सुरु गर्नुभन्दा सयौं वर्ष पहिला लेखिएको थियो ।

क्रूसमा टाँगेर मृत्युदण्ड दिने चलन ईशापूर्व २०० मा सुरु भएको थियो र यहूदी प्रान्तमा सर्वप्रथम ईशापूर्व ६३ मा प्रयोग गरिएको थियो । तैपनि यसलाई भजनसङ्ग्रह २२ मा विस्तृतरूपमा भविष्यवाणी गरिएको थियो जुन भजन राजा दाऊदले लेखेका थिए जो येशूभन्दा लगभग १,००० वर्ष पहिला जन्मिएका थिए ।

हो, मसीह त्यसरी मर्नुहुनेथियो भनी भविष्यवाणी गरिएको थियो र उहाँ त्यसरी नै मर्नुभयो ।

उहाँका हात र पाउ छेंडिनेथिए अनि उहाँका वस्त्रहरू बाँडेर लिनको लागि चिट्ठा हालिनेथियो भन्ने सत्यता भजनसङ्ग्रह २२ मा रहेका आश्चर्यजनक भविष्यवाणीका विवरणहरूमध्येका हुन् ।

यो कसरी पूरा भएको थियो भन्ने कुरालाई हेर्नुहोस् । लूका २३ ले येशूलाई क्रूसमा टाँगिएको दृश्यलाई वर्णन गर्दछ:

अनि जब तिनीहरू खोपडी भनिने ठाउँमा आइपुगे, तब तिनीहरूले उहाँलाई र ती कुकर्मीहरूलाई त्यहाँ क्रूसमा टाँगे - एउटालाई दाहिनेपट्टि, र अर्कोलाई देब्रेपट्टि । तब येशूले भन्नुभयो: "हे पिता, तिनीहरूलाई क्षमा गर्नुहोस्; किनकि तिनीहरूले के गरिरहेका छन्, सो जान्दैनन् ।" अनि तिनीहरूले उहाँका वस्त्रहरू भाग-भाग गरे, र गोला हाले । *लूका २३:३३-३४*

अनि मत्ती २७:३५ मा हामी यसरी पढ्न पाउँदछौं:

अनि तिनीहरूले उहाँलाई क्रूसमा टाँगे, र उहाँका वस्त्रहरू गोला हालेर बाँडे; योचाहिँ भविष्यवक्ताद्वारा बोलिएको वचन पूरा हुनलाई भएको हो:

'तिनीहरूले मेरा वस्त्रहरू आपसमा बाँडे, र मेरा पोसाकका लागि गोला हाले ।' *मत्ती २७:३५*

परमेश्वरले आफ्ना पुत्र एउटा निश्चित तरिकाले मर्नुहुनेथियो भनी भन्नुभयो र उहाँ त्यसरी नै मर्नुभयो ।

१४. यी मसीहले मर्नुहुने बेलामा एउटा पुकारा गर्नुहुनेथियो भनी भविष्यवाणी गरिएको थियो । भजनसङ्ग्रहले यसको व्याख्या गर्दछः

"हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो ?" *भजनसङ्ग्रह २२:१*

मत्ती २७:४६ ले यो भविष्यवाणीको पूर्णता उल्लेख गर्दछः

तीन बजेतिर येशू ठूलो सोरले यसो भन्दै कराउनुभयो: 'एली, एली, लामा सबकथनी ?' अर्थात्, 'हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो ?' *मत्ती २७:४६*

धार्मिक यहूदीहरू, पुरुषहरू र महिलाहरू दुवैले सदैव र अहिलेसमेत ती भजनहरू निरन्तर कण्ठस्थ पार्दछन् र दोहोऱ्याउँदछन् - विशेष गरी कठिन अवस्थाहरू आइपर्दा र अझ अविश्वासीहरूद्वारा घेरिँदा ।

म विश्वास गर्दछु कि येशूले भजनसङ्ग्रह २२ को सुरुवात्को पुकारा गर्नुहुँदा उहाँले भजनहरू आफू एक्लैले दोहोऱ्याइरहनुभएको थियो भन्ने बुझिन्छ, जस्तो यहूदी चलन थियो र अझै पनि छ ।

अनि उहाँ भजनसङ्ग्रह २२ मा पुग्नुहुँदा, जसले उहाँकै वरिपरिको दृश्यलाई अति पूर्णरूपमा व्याख्या गरेको थियो, उहाँले ती सुरुका वचनहरू छेउमा उभिएकाहरूले सुन्न सक्ने गरी ठूलो स्वरले भन्नुभयो - जो सबैलाई त्यो भजन थाहा थियो र त्यो मसीहसम्बन्धी भविष्यवाणी थियो भन्ने पनि तिनीहरूलाई थाहा थियो - अनि तिनीहरूले पनि उहाँसँगै त्यो उच्चारण गर्न थाले ।

त्यसपछि अचानक तिनीहरूले त्यो उच्चारण गर्दै गर्दा त्यो त येशूले मिलाउन नसक्नुहुने तरिकाले तिनीहरूकै आँखाको सामु पूरा भइरहेको थियो भनी तिनीहरूले महसुस गरे: उहाँको शरीर एउटा विशेष तरिकाले टाँगिएको थियो । उहाँका लुगाहरू लगेर बाँड्नको लागि चिट्ठा हालिँदैथियो । तिनीहरूले ठूल्ठूला कीलाहरूले उहाँका हात र पाउ छेंडे । यो भजनमा र अन्त जहीँतहीँ (यशैया ५३) भविष्यवाणी गरिएअनुसार मानिसहरूले उहाँको उपहास गरिरहेका थिए ।

अनि यशैयाले गरेका मसीहसम्बन्धी भविष्यवाणीमा यो सबैको अर्थ तिनीहरूले बुझ्दै जान थाले:

निश्चय उसले हाम्रै कष्टहरू सह्यो, र हाम्रा दु:ख भोग्यो । तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, पिटिएको र दु:खमा परेको ठान्यौं ।

तर ऊ त हाम्रा अपराधको निम्ति घाइते भयो । उसले हाम्रा अधर्मका निम्ति चोट पायो । हाम्रै शान्तिको निम्ति दण्ड उसमाथि पर्‍यो, र उसले पाएको कोर्राको चोटले हामी निको भयौं ।

हामी सबै भेडाझैं बरालिएका छौं । हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, अनि यवेले उसमाथि हाम्रा सबै अधर्म हालिदिनुभयो ।

ऊ थिचोमिचोमा पर्‍यो, र उसलाई कष्ट थियो, तापनि उसले आफूलाई नम्र तुल्याएर आफ्नो मुख खोलेन । मारिनलाई लगेको थुमा र आफ्नो ऊन कत्रनेको सामु भेडा लाटो भएझैं उसले आफ्नो मुख खोलेन ।

उसलाई अत्याचार गरियो, र दोष लगाएर ऊ लगियो । उसको पुस्तामध्येको कसले विचार गर्‍यो, कि ऊ जीवितहरूको देशबाट अलग गरियो र मेरो प्रजाको अपराधको निम्ति उसमाथि कुटाइ पर्‍यो ।

अनि तिनीहरूले उसको चिहान दुष्टहरूसित बनाए, र मृत्युमा धनी उसको साथमा भयो । उसले केही उपद्रव गरेन । उसको मुखमा केही छल थिएन ।

तापनि उसलाई चोट पार्न परमप्रभुको इच्छा भयो । उहाँले उसलाई दु:खमा पार्नुभयो । जब उसले आफैलाई पापको निम्ति बलिदान गर्छ, तब उसले आफ्नो सन्तान देख्नेछ । उसले आफ्नो दिन बढाउनेछ, र परमप्रभुको इच्छा उसमा पूरा हुनेछ ।

उसको प्राणको वेदना देखेर परमप्रभु सन्तुष्ट हुनुहुनेछ । आफ्नो ज्ञानद्वारा धर्मी जन, मेरो दासले धेरैलाई धर्मीको गणनामा ल्याउनेछ, र उसले तिनीहरूका अधर्म बोक्नेछ । *यशैया ५३:४-११*

परमेश्वरले आफ्ना पुत्र मर्ने बेलामा कराउनुहुनेथियो भनेर भन्नुभयो र उहाँ कराउनु पनि भयो ।

१५. मसीहलाई छेंडिनेथियो भनी भविष्यवाणी गरिएको थियो । उहाँका हात र पाउ छेंडिनेसम्बन्धी भविष्यवाणीहरू र ती पूरा भएका तरिकाहरू हामीले पढिसकेका छौं । उदाहरणको लागि, जकरिया यसो भन्दछन्:

म दाऊदका घराना र यरूशलेमका बासिन्दाहरूमाथि दयाको र प्रार्थना गर्ने आत्मा खन्याउनेछु । अनि तिनीहरूले मलाई हेर्नेछन्, जसलाई तिनीहरूले घोचेथे, र जसरी एकमात्र छोराको लागि कोही विलाप गर्दछ, त्यसरी नै तिनीहरू मेरो लागि विलाप गर्नेछन्, अनि यस्तो ठूलो शोक गर्नेछन्, जसरी पहिले जन्मेको पुत्रको निम्ति गरिन्छ ।" *जकरिया १२:१०*

तर उहाँलाई अर्कोपटक पनि घोंचिएको थियो । येशूको कोखामा कसरी र किन घोचिएको थियो भन्ने कुरा यूहन्ना व्याख्या गर्दछन् - यो कुरा देखाउँदै कि त्योचाहिँ भविष्यवाणी पूरा हुनको लागि थियो:

तर जब तिनीहरू येशूकहाँ आए, र उहाँलाई मरिसक्नुभएको देखे, तब तिनीहरूले उहाँका खुट्टा भाँचेनन् । तर सिपाहीहरूमध्ये एउटाले उहाँको कोखामा भालाले घोच्यो, अनि तुरुन्तै रगत र पानी निस्किए ।

अनि तिमीहरूले विश्वास गर्न सक भनेर जसले यो देख्यो, उसैले गवाही दिएको हो, अनि उसको गवाही सत्य छ; अनि उसले सत्य बोल्दछ भनी उसले जान्दछ । किनकि 'उहाँको एउटै पनि हड्डी भाँचिनेछैन' भन्ने पवित्रशास्त्रको वचन पूरा होओस् भनेर नै यी कुराहरू भएका हुन् । अनि फेरि अर्को ठाउँमा पवित्रशास्त्रले भन्दछ, 'जसलाई तिनीहरूले घोचेका थिए, उहाँलाई तिनीहरूले हेर्नेछन् ।' *यूहन्ना १९:३३-३७*

परमेश्वरले उहाँका पुत्रलाई घोचिनेथियो भनी भन्नुभयो र उहाँलाई घोचियो ।

१६. देशभरि अन्धकार छाउनेथियो । आमोस यसो भन्दछन्:

परमप्रभु भन्नुहुन्छ, 'म सूर्यलाई मध्यदिनमा अस्ताइदिनेछु, र उज्यालो दिनमा नै पृथ्वीलाई अन्धकार पारिदिनेछु । *आमोस ८:९*

यसको पूर्णतालाई मत्ती व्याख्या गर्दछन्:

अब छैटौं घडीदेखि नवौं घढीसम्म सारा देशभरि अँध्यारो भयो । *मत्ती २७:४५*

"छैटौं घडी" भनेको कुन समय हो ? यहूदी घडी बिहान ६ बजे सुरु हुन्छ । त्यसैले छैटौं घडी भनेको ठीक मध्यान्ह अर्थात् बाह्र बजेको समय हो ।

परमेश्वरले मध्यान्हमा तीन घण्टासम्म पृथ्वी अन्धकार बनाइदिने कुरा बताउनुभयो र उहाँले त्यसो गर्नु पनि भयो !

विचार गर्नुहोस्: यीचाहिँ सयौंवटा भविष्यवाणीहरूमध्ये केही मात्र हुन् जुन आश्चर्यजनक सठीकतासहित पूरा भएका छन् ।

मैले चुनेका भविष्यवाणीहरू सबैभन्दा चाखलाग्दा वा प्रष्ट हुनै पर्दछ भन्ने छैन तर तिनले येशूलाई जनाउँदछन् जसको कथासँग कम्तिमा पनि अधिकांश मानिसहरू परिचित छन् - विशेष गरी मेल गिब्सनको चलचित्र *The Passion of Christ* आएपछि ।

यी सबै भविष्यवाणीहरू यति महत्वपूर्ण हुनुको कारणचाहिँ सङ्युक्त सम्भाव्यता भनिने कुनै कुरा हो । यसको अर्थको एउटा उदाहरणचाहिँ यो हो: हामीले एउटै व्यक्तिद्वारा अति धेरैवटा शर्तहरू पूरा भएका घटनाको बारेमा विचार गर्दा यस्तो व्यक्ति भेट्टाउने सम्भाव्यता हरेक शर्तसँगै कम हुँदै जान्छ ।

अनि शर्त जति बढी असाधारण हुँदै जान्छ यस्तो व्यक्ति भेट्टाउने सम्भाव्यता त्यति नै कम हुन्छ ।

अब यसबारे विचार गर्नुहोस्: येशूले आफ्नो जीवनमा ३०० भन्दा बढी भविष्यवाणीहरू पूरा गर्नुभयो । यो घटनाको सम्भाव्यता बुझाउन तपाईंलाई सहायता गर्ने कुनै कुरा यहाँ छ: कुनै व्यक्तिमा ती ३०० वटामध्ये ८ वटा मात्र भविष्यवाणीहरू पूरा भएका भए त्यो कुरालाई निम्न कुराहरूसँग तुलना गर्न सकिन्थ्यो:

- नेपाल देशको वरिपरि बार लगाउनु,
- त्यसलाई चाँदीको सिक्काले दुई फीट माथिसम्म भर्नु,
- तीमध्ये एउटामा रातो रङ्ग लगाउनु
- ती सबैलाई मिसाउनु,
- त्यसपछि - पूर्वको सीमानाबाट सुरु गरेर - आँखा छोपेर नेपालभित्र चाहेजति टाढा जानु ।
- त्यसपछि आँखा छोपेरै निहुरनु,
- र त्यो रातो सिक्का टिप्नु ।

तपाईंले त्यो रातो सिक्का नै टिप्ने सम्भावनाहरू कति हुन्छन् भन्ने तपाईं ठान्नुहुन्छ ? त्यो रातो सिक्का टिप्ने कुरामा के तपाईंले आफ्नो जागिर नै जाने शर्त लगाउन सक्नुहुन्छ ? के तपाईंले आफ्नो अनन्त जीवनलाई यस्ता सम्भाव्यताहरूमा आधारित तुल्याउन सक्नुहुन्छ ?

तैपनि हामी सबैले हाम्रो अनन्त जीवनलाई यस्तै सम्भाव्यताहरूमाथि आधारित तुल्याइरहनेछौं, किनभने ती त एक व्यक्तिमा ८ वटा भविष्यवाणीहरू पूरा हुने सम्भाव्यताहरू मात्र हुन् । तर येशूको जीवनमा उहाँसम्बन्धी ३०० वटाभन्दा बढी भविष्यवाणीहरू पूरा भए ।

रब्बीहरू दुईजना मसीहहरू हुने पो हुन् कि भनेर सोच्ने गर्दथे किनभने उहाँलाई मानिसहरू र परमेश्वरबीचको पापको अवरोध हटाउन आउनुहुने कष्टरत दासको रूपमा र उहाँका जनहरूलाई सांसारिक अत्याचारबाट मुक्त पार्न आउनुहुने विजयी राजाको रूपमा उल्लेख गरिएको छ।

तर तिनीहरूले एउटै मसीहका दुईवटा आगमनहरूको बारेमा पढिरहेका थिए। एउटा आउने र एउटा जाने !

रब्बीहरूले तीनजना मसीहहरू पो हुने हुन् कि भनेर पनि सोच्ने गर्दथे किनभने उहाँ बेथलेहेममा जन्मिनुहुनेथियो, परमेश्वरले उहाँलाई मिश्रबाट बोलाउनुहुनेथियो र उहाँ नासरी भनिनुहुनेथियो भनेर लेखिएको छ।

एकैजना मानिसले यी तीनवटै शर्तहरू पूरा गर्नुहुने कुराको तिनीहरूले कल्पना गर्न सकेनन्। तर येशू बेथलेहेममा जन्मिनुभयो, हेरोद राजाद्वारा हत्या गरिनदेखि उम्कनको लागि उहाँका बाबुआमाद्वारा मिश्रमा लगिनुभयो र परमेश्वरले उहाँका बुबालाई इस्राएल फर्कन उचित छ भनी नभन्नुभएसम्म त्यहीँ रहनुभयो। त्यसपछि उहाँहरू नासरतमा बस्नलाई जानुभयो जहाँ येशू हुर्किनुभयो र ३० वर्षको नहुनुभएसम्म सिक्दै र काम गर्दै रहनुभयो।

यदि एकजना मानिसले ती तीनवटा शर्तहरू पूरा गर्नुको कल्पना गर्न कठिन थियो भने येशूमा पूरा भएका ३०० भन्दा बढी भविष्यवाणीहरूको सम्भाव्यताको बारेमा सोच्ने कल्पना गर्नुहोस् त !

सर्वप्रथम उचित नमुना भेट्टाउनको लागि तपाईं एउटा अणुको न्युट्रोन, प्रोटोन र इलेक्ट्रोनको तहसम्म पुग्नुपर्दछ। यो घटनाको सम्भाव्यतालाई व्याख्या गर्नको लागि पर्याप्त हुने अन्य कुराहरू संसारमा छैनन्।

मानिसले १०० प्रतिशत सठीकतासहित भविष्यवाणी गर्नु पूर्णरूपमा असम्भव हुन्छ भन्ने हामी जान्दछौं। निश्चितरूपमा यो अनुपातमा चाहिँ असम्भव नै हुन्छ। परमेश्वरले मात्र त्यसो गर्न सक्नुहुन्छ र उहाँले गर्नु पनि भयो !

मत्ती यसो भन्दछन्:

> तर उहाँले जवाफ दिएर भन्नुभयो: "यो लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्कने प्रत्येक वचनले बाँच्नेछ।'"
> *मत्ती ४:४*

अब हामीसँग उहाँको मुखबाट निस्किएका वचनहरू यहाँ बाइबलमा छन्। यसले अनन्तताको बारेमा हामीलाई के भन्नेछ त ?

यूहन्ना यसरी लेख्दछन्:

पिलातसले उहाँलाई भने: "सत्य के हो ?" अनि यसो भनेपछि उनी फेरि बाहिर यहूदीहरूकहाँ गए, र तिनीहरूलाई भने: "म उसमा एउटै पनि दोष पाउँदिनँ । *यूहन्ना १८:३८*

पिलातस झैं, हामीले सत्य खोजिरहेका छौं जसमाथि हामी निर्भर हुन सकौं - अन्धो विश्वास होइन तर असल, बलियो प्रमाणमाथि आधारित विश्वास ।

यूहन्ना यसो भन्दछन्:

तपाईंको सत्यद्वारा तिनीहरूलाई पवित्र पार्नुहोस्; तपाईंको वचन सत्य हो । *यूहन्ना १७:१७*

यी सबै कुरालाई जम्मा गर्दा: बाइबलमा उल्लेख गरिएअनुसार मसीहसम्बन्धी परमेश्वरको वचन साँचो छ भनी देखाइएको छ ।

अब विज्ञान, इतिहास, पुरातत्व र भविष्यवाणीका वास्तविक आविष्कारहरूको अनुसन्धान गरिसकेपछि हामीले - प्रमाणको आधारमा - यो कुरा देखाएका छौं कि परमेश्वर हुनुहुन्न भन्नुको कुनै तुक हुँदैन किनभने संसारमा भएका सबै कुराले बौद्धिक रचनालाई औंल्याउँदछन् र अरू कसैले नभई परमेश्वरले मात्र कहिलेकाहीं हजारौं वर्ष पहिलासमेत यति धेरै पूर्ण, विस्तृत भविष्यवाणीहरू दिन सक्नुहुन्छ अनि त्यसपछि सामान्य र असल तरिकाले एकजना **मानिस**को जीवनमा पूरा गर्न सक्नुहुन्छ ।

अहिलेसम्म विज्ञानले एक सृष्टिकर्तालाई पुकारा गर्दछ भन्ने हामीले देखेका छौं जसले हामीलाई र अरू सबै कुरालाई बनाउनुभयो । त्यसपछि बाइबल एउटा भरपर्दो, साँचो पुस्तक हो भन्ने कुरा हामीले पायौं ।

कसरी यो सबै कुरा मेल खान्छ त ? के बाइबलले विज्ञानका जस्तै धारणाहरूलाई पुष्टि गर्दछ ? आउनुहोस् एकपटक हेरौं ।

## बाइबल, प्रकृति, विज्ञान र सत्य

तपाईंले अनन्त सत्य खोज्नुहुँदा प्रभुले तपाईंको विवेक प्रयोग गर्न दिनुभएको सुझाव सम्झिनुहोस् । तपाईंको तर्क प्रयोग गर्नुहोस् । सत्यलाई विश्वास गर्नु भनेको बौद्धिक आत्महत्या होइन । हामीलाई सत्य खोज्नमा सहायता गर्नकै लागि बुद्धि अस्तित्वमा रहन्छ । तार्किक हुनुहोस् र सत्य प्रकट हुँदै गएको हेर्नुहोस् ।

परमप्रभु भन्नुहुन्छ, "आऊ, हामी बसेर आफ्ना कुरा छलफल गरौं...." *यशैया १:१८*

गल्ती गर्न सक्ने मानिसहरूले बाइबल लेखेका थिए भन्नुले बाइबलका वचनहरू परमेश्वरबाट आएका हुन् भन्ने भनाइलाई अमान्य बनाउँदैन। भविष्यवाणीको आश्चर्यजनक पूर्णता नै त्यसको मुख्य प्रमाण हो।

थपरूपमा भन्नुपर्दा मानिसहरूले सदैव गल्ती गर्दैनन्। हर समय गल्ती गर्दैनन्। हामीले गल्ती नगरीकन लेख्न सक्दछौं। हामीले सधैं त्यसो गर्दछौं। वास्तवमा हामीले यस्तो धेरै गर्नुपर्दछ - विद्यालयमा, काममा, चेकबुकहरूमा, र न्या आर्थिक मामिलाहरूमा।

बाइबलले "यसो लेखिएको छ....." भनेर बयानब्बे पटक भन्दछ र त्यसको अर्थ यो हो कि परमेश्वरले कुनै कुरा लेख्न मानिसको प्रयोग गर्नुभयो जसलाई अहिले परमेश्वरले बोल्नुभएको भनी मान्नुपर्दछ।

तपाईंले कुनै सुन्दर चित्र देख्नुहुँदा त्यो चित्रकारले कोरेको थियो भन्ने के तपाईं सोच्नुहुन्छ ? कि त्यो कूचीले पो त्यो कोरेको थियो भन्ने ठान्नुहुन्छ ? वास्तवमा त्यो चित्रकारले नै कोरेको थियो भन्ने हामी जान्दछौं तर त्यो चित्रकारले कूचीको प्रयोग गऱ्यो भन्ने पनि हामी जान्दछौं।

त्यसै गरी परमेश्वरले बाइबल उहाँले नै लेख्नुभएको हो भनी दाबी गरिरहनुभएको तपाईं देख्न सक्नुहुन्छ तर त्यसलाई चर्मपत्रमा लेख्न र यतिका समयसम्म सुरक्षित राख्न उहाँले मानिसको प्रयोग गर्नुभयो।

कसैले एकपटक यसो भनेका थिए, "परमेश्वरले बाङ्गो लट्ठीले सोझो धर्का कोर्न सक्नुहुन्छ।" अर्थात्, उहाँले कुनै कुरा सिद्ध तरिकाले पूरा गर्नको लागि एक असिद्ध मानिसको प्रयोग गर्न सक्नुहुन्छ।

परमेश्वरले गल्ती गर्न सक्नुहुन्न भन्ने हामी जान्दछौं। अनि बाइबल परमेश्वरको वचन हो भन्ने कुरा अब हामी जान्दछौं भने बाइबलले पनि गल्ती गर्न सक्दैन भनी हामी जान्दछौं। निश्चितरूपमा परमेश्वरले आफ्नो वचनको सुरक्षा गर्नुहुन्छ र गल्तीमुक्त राख्नुहुन्छ। हामीले त यो साँचो हो भन्ने बुझ्न प्रमाणलाई हेर्नु मात्र पर्दछः

- बनाइएका कुराहरूले तिनलाई बनाउनुहुनेको बारेमा अत्यन्त प्रष्टरूपमा बताउँदछन् भनी बाइबलले भन्दछः

  आकाशले परमेश्वरको महिमाको वर्णन गर्छ; अनि आकाश-मण्डलले उहाँको हातको काम देखाउँछ। दिनले दिनसित बात गर्छ, अनि रातले रातलाई ज्ञान प्रकट गर्छ।

न कुनै बोली छ, न भाषा, जहाँ तिनीहरूको आवाज सुनिँदैन । तिनीहरूको ध्वनि सारा पृथ्वीभरि गुञ्जायमान् भएको छ; अनि तिनीहरूका शब्दहरूचाहिँ संसारको कुनासम्म पुगेका छन् । तिनीहरूमा उहाँले सूर्यको लागि तम्बू टाँग्नुभएको छ । जो आफ्नो कोठाबाट निस्किरहेको दुलहाजस्तो छ, जो दौड दौडनलाई बलवान् मानिसझैं रमाउँछ ।

आकाशको एक छेउबाट त्यो निस्केर जान्छ, अनि यसका छेउहरूसम्म त्यसले चक्कर मार्छ; अनि त्यसको तापबाट केही कुरा लुकेको छैन । *भजनसङ्ग्रह १९:१-६*

आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो । *उत्पत्ति १:१*

- हामीले अध्याय १ मा दिइएको प्रमाणलाई हेर्दा संसारका एक सृष्टिकर्ता हुनुहुन्थ्यो भनी विश्वास नगर्नको लागि मानिससँग कुनै बहाना हुँदैन भनी निष्कर्ष निकाल्यौं । हामीभन्दा धेरै पहिला नै परमेश्वर यही निष्कर्षमा पुग्नुभएको थियोः

किनभने परमेश्वरको विषयमा जे जान्न सकिन्छ, त्यो तिनीहरूमा प्रकट भएको छ, किनकि परमेश्वरले त्यो तिनीहरूकहाँ प्रकट गर्नुभएको छ ।

किनकि संसारको उत्पत्तिदेखि नै उहाँका नदेखिने गुणहरू अर्थात् उहाँका अनन्त शक्ति र परमेश्वरत्व छर्लङ्ग देखा परेका छन् - सृष्टि गरिएका कुराहरूद्वारा जानिएका छन्; यसकारण तिनीहरूसँग कुनै बहाना छैन । *रोमी १:१९-२०*

मूर्खले मनमनमा भनेको छः 'परमेश्वर छैन ।' तिनीहरू भ्रष्ट भएका छन्, तिनीहरूले घिनलाग्दा कामहरू गरेका छन्; असल गर्ने कोही छैन । *भजनसङ्ग्रह १४:१*

- परमेश्वरले सबै कुराहरूको सुरुवात्को पनि घोषणा गर्नुभयो जब उहाँले आफूले यो संसार बनाएको कुरा भन्नुभयो ।

उहाँ नै हुनुहुन्छ, जसले पृथ्वीलाई आफ्नो सामर्थ्यले सृजनुभयो, जसले आफ्नो ज्ञानले संसारलाई स्थापित गर्नुभयो, आफ्नो बुद्धिले उहाँले आकाशलाई फैलाउनुभयो । उहाँको स्वरमा आकाशमा पानीको गर्जन हुन्छ । उहाँले पृथ्वीको पल्लो छेउदेखि कुइरो उठाउनुहुन्छ । उहाँले वृष्टिको लागि बिजुली चम्काउनुहुन्छ । र आफ्ना भण्डारबाट बतास चलाउनुहुन्छ । हरेक मानिस मूर्ख र बुद्धिहीन छ । हरेक सुनार त्यसका मूर्तिहरूद्वारा नै

लाजमा पर्नेछ, किनकि त्यसका मूर्तिहरू झूटा हुन्, अनि तिनमा स्वास छैन। *यर्मिया १०:१२-१४*

मेरो सहायता परमप्रभुबाट नै आउँछ, जसले आकाश र पृथ्वी बनाउनुभयो। *भजनसङ्ग्रह १२१:२*

त्यो मानिस धन्य हो, जसको सहायता याकूबका परमेश्वर हुनुहुन्छ, जसको आशा उसका परमेश्वर परमप्रभुमाथि राखिएको हुन्छ; जसले आकाश र पृथ्वी, समुद्र र त्यहाँ भएका सबै थोक बनाउनुभयो, जसले सदा-सर्वदा सत्यता कायम राख्नुहुन्छ। *भजनसङ्ग्रह १४६:५-६*

तपाईं मात्र परमप्रभु हुनुहुन्छ। तपाईंले नै स्वर्ग, सर्वोच्च स्वर्ग, त्यसका सबै तारा-मण्डल, पृथ्वी र त्यसमा भएका सबै थोक बनाउनुभयो। तपाईंले नै तिनीहरू सबैको रक्षा गर्नुहुन्छ। अनि स्वर्गदूतहरूले तपाईंको सेवा गर्दछन्। *नहेम्याह ९:६*

- परमेश्वरले जनावरहरू सृष्टि गर्नुभयो भनी उहाँले नै भन्नुभयो:

तर गएर गाईवस्तुहरूलाई आज्ञा दिनुहोस्, तपाईंहरूलाई जनाउनलाई आकाशका पंक्षीहरूलाई भन्नुहोस्, अथवा तपाईंहरूलाई सिकाइदिन घस्रने जन्तुहरूलाई र तपाईंहरूलाई शिक्षा दिन समुद्रका माछाहरूलाई अह्राउनुहोस्। परमप्रभुको आफ्नै हातले यी सबै गर्नुभएको हो भनी यी सबैबाट कसले सिक्न सक्दैन ? जीवितहरू सबैको प्राण, सबै मानिसजातिका आत्मा परमेश्वरकै हातमा छ। *अय्यूब १२:७-१०*

- परमेश्वरले हरेक जीवित प्राणीको स्वास उहाँकै हातमा र केवल उहाँकै हातमा राख्नुहुन्छ !

हे प्रभु, पुस्तादेखि पुस्तासम्म तपाईं हाम्रा वासस्थान हुनुभएको छ। पहाडहरू उत्पन्न हुनुभन्दा अघि, अथवा पृथ्वी र संसार तपाईंले सृष्टि गर्नुभन्दा अघिदेखि, अनादिदेखि अनन्तसम्म तपाईं नै परमेश्वर हुनुहुन्छ। *भजनसङ्ग्रह ९०:१-२*

परमप्रभु नै परमेश्वर हुनुहुन्छ भनी जान; हामीलाई बनाउनुहुने उहाँ नै हुनुहुन्छ; अनि हामीले आफैलाई बनाएका होइनौं; हामी उहाँका प्रजा र उहाँको खर्कका भेडाहरू हौं। *भजनसङ्ग्रह १००:३*

आकाश सृष्टि गरेर त्यो फैलाउनुहुने, अनि पृथ्वी र त्यसबाट उत्पन्न हुनेलाई फैलाउनुहुने, र त्यसमा भएका मानिसहरूलाई स्वास अनि

त्यसमा हिँड्डुल गर्नेलाई आत्मा दिनुहुने परमेश्वर परमप्रभु यसो भन्नुहुन्छ.... *यशैया ४२:५*

पृथ्वी मैले नै बनाएको हुँ, र त्यसमा मानिसहरूलाई सृजेको हुँ । मैले, मेरै हातले आकाशलाई फिँजाएको हो, र त्यसका सारा तारा-मण्डललाई मैले नै आज्ञा गरेको हुँ । मैले कोरेसलाई धार्मिकतामा खडा गरेँ, र म त्यसका सबै बाटो सीधा पार्नेछु । त्यसले मेरो सहर बनाउनेछ, र बन्धनमा परेका मेरा सबैलाई मुक्त गर्नेछ, दाम लिएर होइन, न त पुरस्कार लिएर, सेनाहरूका परमप्रभु यही भन्नुहुन्छ....

निश्चय परमेश्वर तपाईंसँग हुनुहुन्छ । अरू कोही छैन, उहाँबाहेक अरू कोही परमेश्वर छैन । हे इस्राएलका परमेश्वर, हे उद्धारक, साँच्चै तपाईं गुप्त रहने परमेश्वर हुनुहुन्छ । तिनीहरू लज्जित हुनेछन्, तिनीहरूका सबै काम विफल हुनेछन् । मूर्ति बनाउनेहरू सबैका मुख कालो हुनेछ । तर इस्राएलचाहिँ परमप्रभुद्वारा बचाइनेछ । उहाँको सदासर्वदाको उद्धारद्वारा नै तिनीहरू बचाइनेछन् । अनन्त कालसम्म तिमीहरू लज्जित हुनेछैनौ, न त तिमीहरूको मुख कालो हुनेछ ।

स्वर्ग सृजने परमप्रभु यसो भन्नुहुन्छ, उहाँ परमेश्वर हुनुहुन्छ ! जसले पृथ्वी रच्नुभयो र बनाउनुभयो । उहाँले त्यो स्थिर गर्नुभयो, उहाँले त्यो व्यर्थको वस्तु सृष्टि गर्नुभएन, उहाँले त्यो आवाद गर्नलाई बनाउनुभयो । म परमप्रभु हुँ, मबाहेक अरू कोही छैन । *यशैया ४५:१२-१८*

- परमेश्वरले जनावरहरू र मानिसलाई आ-आफ्नै जातका बनाउनुभयो । अर्थात्, एउटा जातले आफ्नै जात जन्माउँदछ, अर्को जात होइनः

यसैले समुद्रका विशाल जलजन्तुहरू, पानीहरूमा भरिएका चलहल गर्ने किसिम-किसिमका सबै जीवित प्राणीहरू र जात-जातका पखेटा भएका सबै पंक्षीहरू परमेश्वरले सृष्टि गर्नुभयो । अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो ।

अनि परमेश्वरले तिनीहरूलाई यसो भनेर आशिष् दिनुभयो, फुल्दै-फल्दै, वृद्धि हुँदै र समुद्रमा भरिँदै जाओ । अनि पंक्षीहरूको पनि पृथ्वीमा वृद्धि हुँदै जाओस् । अनि साँझ पऱ्यो र बिहान भयो - पाँचौं दिन ।

अनि परमेश्वरले भन्नुभयो, "पृथ्वीले जात-जातका जीवत प्राणीहरू, अर्थात् जात-जातका पाल्तु-पशुहरू, घस्रने जन्तुहरू र जात-जातका वन-पशुहरू उत्पन्न गरोस् । तब त्यस्तै भयो ।"

अनि परमेश्वरले पृथ्वीका जात-जातका वन-पशुहरू, जात-जातका पाल्तु-पशुहरू र जमीनमा घस्रने जात-जातका जन्तुहरू बनाउनुभयो। अनि परमेश्वरले यो राम्रो देख्नुभयो।

फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू आकाशका पंक्षीहरू, पाल्तु-पशुहरू र जमीनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" *उत्पत्ति १:२१-२६*

- बाइबलले अझ निर्दिष्ट हुँदै यस कुरामा जोर दिन्छ कि ठूलो क्रमविकास कहिल्यै पनि भएन:

  सबै मासु एकै किसिमको मासु हुँदैन, तर मानिसहरूको एक किसिमको मासु हुन्छ, पशुहरूको अर्कै किसिमको मासु, माछाहरूको अर्कै मासु र चराहरूको अर्कै किसिमको मासु हुन्छ। *१ कोरिन्थी १५:३९*

वैज्ञानिकीय प्रमाणले हामीलाई देखाएअनुसार हरेक किसिमको मासु भिन्दै हुन्छ र हरेक किसिमको मासुले आफ्नै किसिमको मासुमात्र उत्पादन गर्दछ। बाइबल यही कुरा बताउँदछ!

मुख्य कुरा: सत्य भेट्टाइएको छ। हामीले अनन्तता कहाँ बिताउनेछौं भन्ने कुरा रोज्नको निम्ति हामीले थाहा पाउनुपर्ने सबै कुरा बाइबलले हामीलाई बताउँदछ। वास्तवमा, हामीले BIBLE लाई एउटा महान् सङ्क्षिप्त रूप भन्न सक्दछौं जसले यो कुरा जनाउँदछ: "Basic Information Before Leaving Earth।"

तपाईं को हुनुहुन्छ भन्ने कुराले केही पनि फरक पार्दैन - माइकल जोर्डन, राष्ट्रपति, तपाईं वा म - हामी सबैले एक दिन यो पृथ्वी छोड्नेछौं। यदि तपाईंसँग अनन्ततासम्बन्धी सही जानकारी छ र तपाईंले त्यसको बारेमा सही काम गर्नुहुन्छ भने तपाईं सही गन्तव्यमा पुग्नुहुनेछ।

तर यदि तपाईंसँग गलत जानकारी छ र सही जानकारीको बारेमा तपाईंले गलत काम गर्नुहुन्छ भने तपाईं गलत गन्तव्यमा पुग्नुहुनेछ।

अब हामीमुनिको हिउँ धेरै बाक्लो भइरहेको छ। बाइबल साँचो हो भनी हामीलाई थाहा भएको हुनाले अनन्त सत्य अत्यन्त प्रष्ट हुँदै जान्छ।

अध्याय ४

# ज्वालाहरू ! ज्वालाहरू !

**हामी र स्वर्ग वा नरकको बीचमा एकमात्र जीवन छ, जुन संसारको सबैभन्दा कमजोर कुरा हो ।**

***ब्लैज पास्कल***

अब बाइबल साँचो हो कि होइन भन्ने रहस्य समाधान भएपछि हाम्रो यात्राको अर्को कदमतर्फको बाटो खुलेको छः हाम्रो अनन्त गन्तव्यबारे बाइबलले बताउने कुरा पत्ता लगाउनु ।

के तपाईंलाई यी शब्दहरू थाहा छ ?

हरेक कुराको लागि समय छ,
अनि स्वर्गमुनि सबै कामको लागि एउटा समय छ :
जन्मने एउटा समय छ, मर्ने एउटा समय ।
रोप्ने एउटा समय छ, उखेल्ने एउटा समय ।
मार्ने एउटा समय छ, निको पार्ने एउटा समय ।
भत्काउने एउटा समय छ, बनाउने एउटा समय ।
रुने एउटा समय छ, हाँस्ने एउटा समय ।
शोक गर्ने एउटा समय छ, नाच्ने एउटा समय....

यी शब्दहरू त दशकौं पहिला दि बिर्ड्सले एउटा गीतको लागि लेखेका शब्दहरू थिए भनी केही मानिसहरू सोच्दछन् तर वास्तवमा यी अनन्त वचनहरू त्योभन्दा हजारौं वर्ष पहिला परमेश्वरद्वारा अभिप्रेरित भएका थिए (उपदेशक ३:१-४) ।

यी वचनहरूले हामीलाई हृदयसम्मै छुन्छन् किनभने ती सत्य छन्: हामी सबैको लागि जिउने एउटा समय छ, मर्ने एउटा समय । प्रश्नचाहिँ यो हो कि हामी मर्ने समय आउँदा हामीलाई के हुनेछ ? त्यो अन्तिम धड्कनपछि हामीलाई के हुनेछ ? यदि तपाईंको लागि आजको दिन नै त्यो दिन हुन्छ भने के तपाईं तयार हुनुहुन्छ ?

परमेश्वरले हरेक पुरुष र स्त्रीको हृदयमा अनन्तताको ज्ञान राखिदिनुभएको छ । हाम्रा हृदयका अन्तस्करणमा हामी सबैलाई स्वतः थाहा हुन्छ कि यो जीवनमात्र सबै कुरा होइन, चिहानभन्दा पछि पनि केही कुरा हुन्छ ।

हामी सबैसँग शरीर, प्राण र आत्मा हुन्छ भनी बाइबल बताउँदछ (१थेस्सलोनिकी ५:२३) । मृत्यु हुँदाखेरि तपाईंले शरीर त्याग्नुहुन्छ तर तपाईंको प्राण र आत्मालाई के हुनेछ ? तपाईंले अनन्तता कहाँ बिताउनुहुनेछ ?

चिहानको ढुङ्गामा खोपिएका शब्दहरू हेर्नुहुँदा तपाईंले मृतकको नाउँ, जन्म मिति र मृत्यु भएको मिति देख्नुहुनेछ । उक्त व्यक्तिको जन्म र मृत्युबीच सत्तरी वा असी वर्ष बितेको भए त्यो व्यक्तिले असलरूपमा पूरा जीवन जियो भनी हामीमध्ये अधिकांशले विचार गर्दछौं होला ।

तैपनि अनन्तताचाहिँ असी वर्षभन्दा अनन्त मात्रामा लामो हुन्छ । म यो निश्चयता दिन सक्दछु कि तपाईंको शारीरिक मृत्युपछि तपाईं पृथ्वीमा जिउनुहुने समयभन्दा धेरै बढी समयसम्म कुनै ठाउँमा जिउनुहुनेछ ।

यो कुरा साँचो भएको हुनाले क्षणिक कुरामाथि ध्यान केन्द्रित गर्नुको सट्टामा मृत्युपछि हुने कुराको बारेमा सकेसम्म थाहा पाउनु अर्थपूर्ण हुन्छ ।

अबको एक सय पचास वर्षपछि तपाईंले एक करोड रुपियाँ कमाउनुभयो कि भएन, आरामदायी पजेरो कार चढ्नुभयो कि भएन, आलिसान बङ्गला किन्नुभयो कि भएन, वा सेमिफाइनलसम्म खेल्नुभयो कि भएन भन्ने कुरा के महत्वपूर्ण हुनेछ ? हुनेछैन ।

लाश बोक्ने गाडी वा बाकसको पछाडिपट्टि केही पनि जोडिएको वा झुण्ड्याइएको हामी कहिल्यै पनि देख्दैनौं किनभने हामीले मर्दाखेरि हाम्रो पछाडि केही पनि लैजाँदैनौं । तपाईं मर्नुहुने दिनमा महत्वपूर्ण हुने एकमात्र कुरा तपाईंलाई सृष्टि गर्नुभएका परमेश्वरलाई तपाईंले जान्नुहुन्छ कि जान्नुहुन्न भन्ने हुनेछः यदि तपाईंले जान्नुहुन्छ भने, तपाईं सदासर्वदा....उहाँसँगै हुनुहुनेछ ।

अनि यदि तपाईंले उहाँलाई जान्नुहुन्न भने तपाईं उहाँदेखि सदासर्वदा..... अलग हुनुहुनेछ किनभने तपाईंले उहाँको प्रेममय उपस्थितिलाई अस्वीकार

गर्नुभएको र त्यो अस्वीकारोक्तिसँगै आउने परिणामहरूलाई स्वीकार गर्नुभएको हुनेछ ।

अनन्त कुराहरूमात्र - क्षणिक कुराहरू होइनन् - महत्वपूर्ण हुनेछन् । आफैलाई यो प्रश्न सोध्नुहोस्: के तपाईंले अनन्तता कहाँ र कसरी बिताउनुहुनेछ भन्ने कुराबारे भन्दा यो छोटो जीवनका सम्बन्धहरू र धनसम्पत्तिहरूको बारेमा बढी फिक्री गर्नुहुन्छ ?

बाइबलले हामीलाई एकजना धनी मानिसको बारेमा बताउँदछ जो आफूले जीवनभरि कमाएको सारा धनसम्पत्तिहरूले अत्यन्त सन्तुष्ट भएको थियो । उसले आफैलाई यसो भन्यो:

> अनि त्यसले भन्यो, 'म यसो गर्नेछु; म मेरा ढुकुटीहरू भत्काउनेछु र झन् ठूला-ठूला बनाउनेछु; अनि त्यहाँ म मेरा सबै अन्न र मेरा मालहरू राख्नेछु । अनि म मेरो प्राणलाई भन्नेछु, "हे प्राण, तँसँग धेरै वर्षका लागि राखिएका थुप्रै सम्पत्ति छन्; आराम गर्, खा, पी र आनन्द गर् ।"' तर परमेश्वरले त्यसलाई भन्नुभयो, 'ए मूर्ख, आज राती नै तेरो प्राण तँबाट फिर्ता लिइनेछ; तब ती थोकहरू, जो तैंले जोहो गरेको छस्, कसका हुनेछन् ?' जसले आफ्नै निम्ति धन थुपार्दछ, तर परमेश्वरप्रति धनी छैन, त्यो त्यस्तै हुनेछ ।" *लूका १२:१८-२१*

मृत्यु अचानक आउँदछ । मृत्यु ननिम्त्याईकन नै आउँदछ । मृत्यु निश्चित छ । हामीले "मृत्यु" लाई हाम्रो योजना-पात्रोमा लेखेर राख्दैनौं तर एक दिन यो झ्वाट्ट देखा पर्दछ ।

यो यस्तो यात्रा हो जहाँबाट फर्कन सकिँदैन । अब हामीमध्ये कोही पनि कहिल्यै पनि मूर्ख भनिन चाहँदैन, न त यो जीवनमा न आउने जीवनमा । त्यसैले हामी मरेको एक मिनेटपछि हामी मूर्ख भएका रहेछौं भन्ने कुरा पत्ता नलागोस् भनी हामी कसरी निश्चित गर्न सक्दछौं होला ?

जीवनले धेरैवटा छनौटहरू गर्ने मौका दिन्छ, हामीले जेसुकै विषयबारे सोचिरहेका भए तापनि : हामी कस्तो किसिमको कार किन्नेछौं, आज राती के खानेछौं, कुन विद्यालयमा जानेछौं, कोसँग विवाह गर्नेछौं, कुन कलेजमा पढ्नेछौं, हाम्रो समय कसरी बिताउनेछौं र यस्तै यस्तै ।

तर अनन्तताले भने दुईवटा मात्र बिकल्पहरू प्रदान गर्दछ । हामी मरेपछि दुईवटा अन्तिम गन्तव्यहरूमध्ये एउटामा पुग्नेछौं भनी बाइबल हामीलाई बताउँदछ:

अनि पृथ्वीको धूलोमा सुत्नेहरू, कतिचाहिँ अनन्त जीवनको निम्ति अनि कतिचाहिँ शर्म र अनन्तका घृणाको निम्ति ब्यूँझनेछन् । *दानियल १२:२*

हामी सबैले अनन्त जीवन जिउनेछौं, या त खुसीसाथ स्वर्गमा या शर्म र अनन्त घृणासाथ नरकमा ।

मार्क ट्वेनले यसको एउटा ठट्यौली बनाए र त्यसमा तिनी यो सल्लाह दिन्छन्: हामी "वातवरणको लागि स्वर्ग र साथीको लागि नरक" जानुपर्दछ । तैपनि तपाईं नरकमा पुग्नुहुन्छ भने यो कुरा तपाईं वा कसैको लागि पनि एउटा ठट्यौली हुनेछैन ।

## "कल्पना गर्नुहोस्, स्वर्ग छैन"

जोन लेननले आफ्नो गीत "कल्पना" मा परमेश्वरको वचनले अनन्तताको बारेमा बताउने कुरालाई गम्भीररूपमा लिएनन् । (यसको पूरा शब्द इन्टरनेटमा पाउन सकिन्छ ।)

लेननले कल्पना गरेअनुसार संसारमा "स्वर्ग छैन," "नरक छैन," "देशहरू छैनन्," "मार्नुपर्ने र मर्नुपर्ने कुनै कुरा छैन," "धर्म छैन" र "धनसम्पत्ति छैन ।"

त्यति बेला चलेको ठट्यौली यो थियो कि जोन लेननले यो गीतमा साम्यवादी आदर्शलाई व्याख्या गरिरहेका हुनाले तिनले आफ्नो थर "लेनिन" भनी उच्चारण गर्नुपर्दथ्यो । यो गीतले चाहिँ हामी स्वर्ग, नरक, देशहरू, वाचाहरू, धर्म र धनसम्पत्तिदेखि मुक्त भएमा साम्यवादले प्रतिज्ञा गर्ने एउटा सपनाको संसारलाई व्याख्या गर्दछ ।

तैपनि लेननले गाएका जस्तो सपनाको संसार साम्यवादले कहिल्यै पनि उत्पन्न गराउन सकेको छैन । बरु त्यसका शिकार भएर करोडौं मानिसहरू मरेका छन् ।

त्यसैले यो संसारलाई कुन कुराले खुसी पार्दछ भन्ने सम्बन्धी लेननका कल्पनाहरू पूर्णरूपमा गलत भए । मानिसहरू खुसी चाहन्छन् तर धनसम्पत्ति, देशहरू र परमेश्वरदेखि हुने कार्यचाहिँ त्यो खुसी हासिल गर्ने तरिका होइन भन्ने कुरा प्रमाणित भएको छ ।

वास्तवमा साम्यवादीहरू यही कुरामा विश्वास गर्दछन् । तर परमेश्वर र हाम्रो लागि उहाँले चाहनुहुने भनी बाइबलले बताउने सबै कुराहरू -

धनसम्पत्ति, देशहरू र यस्तै कुराहरू - फालिदिनु के साँच्चै नै असल विचार हो ?

परमेश्वर वास्तविक हुनुहुन्छ भने त्यो विचार असल होइन। अनि अहिलेसम्म हामीले जाँच गरेका सबै प्रमाणले उहाँ वास्तविक हुनुहुन्छ भनी भन्दछन् ।

जहाँसम्म हामी मरेपछि के हुन्छ भन्ने कुरा छ, आउनुहोस् लेननले अस्वीकार गरेका गन्तव्यहरू वास्तवमै अस्तित्वमा छन् कि छैनन् भनी पत्ता लगाऔं ।

अनन्तताको बारेमा हाम्रो दृष्टिकोणभन्दा परमेश्वरको दृष्टिकोण धेरै असल भएको हुनाले - अनि हामीले सत्य थाहा पाऔं भन्ने उहाँ चाहनुहुन्छ जसले गर्दा हामीले उहाँसँग अनन्तता बिताउन सक्दछौं - आउनुहोस् हामीलाई अर्कोपट्टि पर्खने कुराको बारेमा बाइबलले बताउने कुरालाई हेरौं । तपाईंले पत्ता लगाउनुहुने कुरालाई देखेर तपाईं अचम्भित हुन सक्नुहुन्छ ।

बार्ना ग्रुपले गरेको सर्वेक्षणअनुसार अधिकांश अमेरिकीहरू (७८ प्रतिशत) ले स्वर्ग छ भनी विश्वास गर्दछन् । छयालीस प्रतिशतले त्यसलाई "परमेश्वरको उपस्थितिमा अनन्तसम्म रहने अवस्था" भनी व्याख्या गर्दछन्, जबकि तीस प्रतिशतले यसलाई "प्राणहरू मृत्युपश्चात् जाने विश्राम र पुरस्कारको एउटा वास्तविक ठाउँ" को रूपमा हेर्दछन् । अन्य १४ प्रतिशतले स्वर्ग त "साङ्केतिक" मात्र हो भन्ने सोच्दछन् ।[५५]

स्वर्ग कस्तो छ भन्ने तपाईं ठान्नुहुन्छ ?

धेरै मानिसहरूले स्वर्गलाई अन्तिम खेलमैदानको रूपमा हेर्दछन् जहाँ तिनीहरूले आफ्ना पुराना साथीहरू र परिवारलाई फेरि भेट्न र असीमितरूपमा रमाइलो गर्न र आनन्द मनाउन सक्दछन् । स्वर्गको मुख्य उद्देश्य भनेको व्यक्तिगत मनोरञ्जन हुनेछ र अगाडि आउने सबै लहडलाई तिनीहरूले अवलम्बन गर्नेछन् ।

तर यदि कसैले स्वार्थी भएर आफ्नै बारेमा मात्र सोचिरहेको छ भने के त्यो पृथ्वीकै जीवनको एउटा टुक्राजस्तो देखिँदैन र, जहाँ सबैले अरूलाई लत्याएर भने पनि आफूले चाहेको कुरा हासिल गर्न मरिमेटिरहेको हुन्छ ?

वास्तवमा सी.एस. लेविसका अनुसार, "निर्दयी भएर ननिदाईकन र नमुस्कुराईकन आफैमाथि केन्द्रित हुने कार्य....नरकको चिन्ह हो," स्वर्गको होइन ।

परमेश्वरको वचनले स्वर्गको राज्यलाई त्यसरी व्याख्या गर्दैन । बाइबलले स्वर्गलाई यसरी व्याख्या गर्दछ:

> अब उनीहरू अझै उत्तम देश अर्थात् स्वर्गीय देशको चाहना गर्दछन्; यसकारण परमेश्वर, उनीहरूका परमेश्वर भनिन शर्माउनुहुन्न; किनकि उहाँले उनीहरूका निम्ति एउटा सहर तयार पार्नुभएको छ । *हिब्रू ११:१६*

येशूले भन्नुभयो कि स्वर्गमा धेरै वासस्थानहरू छन् र हाम्रो लागि ठाउँ तयार पार्न उहाँ त्यहाँ जानुहुन्छ (यूहन्ना १४:२) ।

स्वर्गमा कुनै भौतिक नाश वा भ्रष्टता हुनेछैन; त्यो यस्तो ठाउँ हुनेछ जहाँ सबै कुरा असल हुन्छ भनी हामी निश्चित भएर भरोसा गर्न सक्दछौं:

> तर आफ्ना निम्ति सम्पत्ति स्वर्गमा थुपार, जहाँ न कीराले नष्ट पार्दछ न खियाले - जहाँ चोरहरूले न फोर्दछन् न चोर्दछन् । *मत्ती ६:२०*

हामीले नयाँ "आत्मिक" शरीरहरू पाउनेछौं जसको भौतिक स्वरूप हुन्छ । तिनीहरू स्वस्थ र सम्पूर्ण शारीरिक कमजोरीदेखि मुक्त हुन्छन् जुन कमजोरीद्वारा हामी पृथ्वीमा कष्ट भोग्दछौं (१कोरिन्थी १५:४४) ।

त्यहाँ सम्पूर्ण अनन्तताभरि कुनै भोक वा तिर्खा, कुनै आँशु वा पीडा हुनेछैन (प्रकाश ७:१६-१७) ।

हामीले स्वर्गमा पुरस्कारहरू पाउनेछौं र हाम्रा परिश्रमहरूदेखि विश्राम पाउन सक्नेछौं भनी बाइबल बताउँदछ । स्वर्ग त थाकेकाहरूको लागि शान्ति र आरामको स्थान हो अनि योचाहिँ तपाईं अहिले बस्नुहुने देशभन्दा उत्तम देश हो ।

त्यहीँ नै परमेश्वर र उहाँका स्वर्गदूतहरू हुनुहुनेछ । अनि हामी पनि त्यहाँ हुनेछौं कि हुनेछैनौं भनी हामीले आफैसँग सोध्नुपर्दछ ।

मेरा एकजना साथी हालसालै बिते - एकजना क्रिश्चियन । तिनको मुटु रोकिएपछि तिनलाई एउटा यन्त्रमा राखेर उपचार गरियो । डाक्टरहरूले तिनको मुटुमा झड्का दिएर फेरि चलाए ।

तिनले आफ्नो छेउमा बसिरहेका आफ्ना बुबालाई हेरेर यसो भने, "बुबा, मैले भर्खरै देखेको कुरा तपाईंले विश्वास गर्नुहुन्न होला !" त्यो भनाइमा रहेको आश्चर्यजनक कुरा यो थियो कि तिनले बीस वर्षसम्म आँखा देखेका थिएनन्; तिनले मधुमेह रोगको कारण दशकौं पहिला दृष्टि गुमाएका थिए जुन रोगले अहिले तिनलाई मृत्युमा पुर्‍याइरहेको थियो ।

तिनले व्याख्या गरे कि तिनको प्राण तिनको शरीरदेखि निस्किएर माथि उचालियो र तिनले आफ्नो बिस्ताराको छेवैमा राखिएको मुटुको धड्कन देखाउने यन्त्रमा सोझो धर्का देखे ।

त्यसपछि तिनले एउटा यात्रा सुरु गर्न लागे । तिनले भने कि प्रेमको महिमित उपस्थिति भएको एउटा सेतो, चहकिलो ज्योति तिनीमाथि आयो र तिनले तबसम्म देखेकामध्ये सबैभन्दा रङ्गीचङ्गी, सुन्दर फुलहरू देखे !

तिनले आफ्ना बुबालाई यसो भने, "बुबा, मृत्यु भनेको यही नै हो भने मर्नु ठीकै छ !" पाँच दिनपछि तिनी बिते ।

स्वर्ग अत्यन्त वास्तविक गन्तव्य हो जहाँ तपाईं एक दिन जान सक्नुहुन्छ ।

आफ्ना क्रिश्चियन श्रीमान्‌को अन्त्येष्टी समारोहमा श्रीमतीले यसो भनेकी सुनियो, "उहाँ भाग्यमानी हुनुहुन्छ; म पनि आज स्वर्ग जान पाएको भए हुन्थ्यो । किन मलाई यस्तो भएन ?"

हाम्रा प्रियजनहरू कहाँ जाँदैछन् र हामी कहाँ जाँदैछौं भन्ने कुरा थाहा पाएपछि मृत्युचाहिँ हामीले निडर भएर प्रतीक्षा गर्न सक्ने कुरा बन्दछ ।

मैले एकजना जवान मानिसको कथा सुनें जसले गर्मीयामको आकाशमा माथि हेरेर यसो भन्यो, "यदि स्वर्ग बाहिरपट्टि त त्यति सुन्दर छ भने भित्रपट्टि झन् कति सुन्दर होला !"

परमेश्वरलाई पछ्याउनेहरूका लागि उहाँले तयार पार्नुभएको कुराको महिमित स्वभावको कुनै पनि वास्तविक छनक हामी कसैसँग पनि छैन । बाइबल भन्दछ कि स्वर्गमा सुनका सडकहरू र मोतिहरू, पन्नाहरू र बहुमूल्य पत्थरहरूले बनाइएका पर्खालहरू छन् ।

हामीले यहाँ पृथ्वीमा अति धेरै मूल्यवान ठान्ने कुरामाथि स्वर्गमा हामी हिँड्नेछौं भन्ने कुरा मलाई चाखलाग्दो लाग्यो - जुन कुरा स्वर्गमा साधारण, सामान्य बिछ्याउने सामग्री हुन्छ ! स्वर्गको झलझलाकार सुन्दरताको बारेमा यसले के बताउँदछ त ?

त्यो कति आश्चर्यजनक हुनेछ भन्ने कुरा शब्दले व्याख्या गर्न सक्दैन । पीडा हुँदैन, कष्ट हुँदैन, रोग हुँदैन, रोदन हुँदैन, मृत्यु हुँदैन । त्यहाँ त साम्यवादले प्रतिज्ञा गर्ने सबै कुरा र अझ बढी पनि हुनेछ । अनि त्यो पहिलादेखि नै छँदैछ ।

तर स्वर्गको बारेमा सबैभन्दा असल कुराचाहिँ - हामी अन्ततः त्यहाँ पुग्दाखेरि हामीले वास्ता गर्ने एकमात्र कुरा - यो हो कि स्वर्गमा नै हामीले हाम्रा आश्चर्यजनक सृष्टिकतासँग मुखामुख गरेर कुरा गर्न सक्नेछौं ।

के यही नै तपाईंको सम्पूर्ण अनन्तताभरिको गन्तव्य हुनेछ ?

## "तल नरक छैन"

अर्को छनोटचाहिँ नरक भनिने ठाउँ हो । जोन लेननको गीतले हामीलाई "तल नरक छैन" भनी कल्पना गर्न आग्रह गर्दछ । आजका स्तरहरूअनुसार नरक पुरानो भइसकेको छ तर यो हटिगएको भने छैन !

हामीले नरकसम्बन्धी धारणा मन नपराउने हुनाले मात्र त्यसको अर्थ नरकको अस्तित्व नै छैन भन्ने हुँदैन । धेरै मानिसहरू भन्दछन् कि तिनीहरूले नरकमाथि विश्वास गर्दैनन्, त्यसैले नरकको अस्तित्व हुन सक्दैन । तर स्मरण रहोस्: हामीले विश्वास गर्ने कुराले केही पनि फरक पार्दैन; तर सत्यले मात्र फरक पार्दछ ।

अविश्वासले वास्तविकता परिवर्तन गर्दैन । विषले हामीलाई मार्नेछैन भनी हामीले विश्वास गर्न सक्दछौं तर त्यसले हामीलाई मार्नेछ । पृथ्वी चेप्टो छ भनी हामीले विश्वास गर्न सक्दछौं तर त्यो चेप्टो छैन । तपाईंले विश्वास गर्न मन पराउनुहुने कुनै कुराको मात्र नभई सत्यको पनि खोजी गर्नुहुन्छ भन्ने कुरा निश्चित गर्नुहोस् ।

धेरै मानिसहरूले मलाई यो कुरा भनेका छन् कि तिनीहरूलाई नरक जान कुनै सङ्कोच लाग्दैन किनभने तिनीहरूका सबै साथीहरू त्यहीँ हुनेछन् । तर नरक सुधार वा मनोरञ्जनको स्थान होइन । त्यो त सजाय भोग्ने स्थान हो ।

बार्ना ग्रुपको खोजअनुसार एक-तिहाइ वयस्कहरूले मात्र नरक यातनाको वास्तविक स्थान हो भन्ने सोच्दछन् जबकि दशमा चारजनाले यसलाई सामान्यतया परमेश्वरको उपस्थितिबाटको अनन्त अलग्गयाइँको रूपमा हेर्दछन् ।[५६] हामीले जेसुकै सोचे तापनि परमेश्वरको वचनले यसलाई कसरी व्याख्या गर्दछ त ?

बाइबलका अनुसार नरक अत्यन्त वास्तविक स्थान हो । येशूले यसका डरलाग्दा पक्षहरूलाई विस्तृतमा व्याख्या गर्दै यसको बारेमा तेत्तीसपटक बताउनुभएको हामीलाई थाहा छ । यो त अनन्त, सचेत यातनाको स्थान हो जहाँ डरलाग्दो कष्ट र "ननिभ्ने आगो" हुन्छ । *मत्ती ३:१२*

बाइबलका अनुसार परमेश्वरको आज्ञापालन नगर्नेहरूलाई "अनन्त विनाशको दण्ड" दिइनेछ, *२थेस्सलोनिकी १:९* र "आगोको भट्टीभित्र" फालिनेछ; "त्यहाँ रुवाबासी र दाह्राकिटाइ हुनेछन् ।" *मत्ती १३:४२*

यसलाई "नरकको आगो" भनिन्छ, मत्ती ५:२२ जहाँ रहनेहरूले "अनन्त दण्ड," *मत्ती २५:४६* र "रिस र क्रोध; दुष्ट काम गर्ने मानिसको हरेक प्राणमाथि सङ्कष्ट र वेदना" भोग्नेछन् । *रोमी २:८-९*

येशूले हामीलाई कुनै पनि हालतमा नरकमा नपर्न चेताउनी दिनुहुन्छ:

> अनि तिम्रो हातले तिमीलाई ठेस खुवाउँछ भने त्यसलाई काटिदेऊ, किनकि दुवै हातसित नरकमा, कहिल्यै पनि ननिभ्ने आगोमा जानुभन्दा डुँडो भएर जीवनमा पस्नु नै तिम्रो निम्ति उत्तम हो; जहाँ तिनीहरूको कीरा मर्दैन, र आगो निभ्दैन ।
>
> अनि तिम्रो पाउले तिमीलाई ठेस खुवाउँछ भने त्यसलाई काटिदेऊ, किनकि दुवै पाउसित नरकमा, कहिल्यै पनि ननिभ्ने आगोमा फालिनुभन्दा लङ्गडो भएर जीवनमा पस्नु नै तिम्रो निम्ति उत्तम हो; जहाँ तिनीहरूको कीरा मर्दैन, र आगो निभ्दैन ।
>
> अनि तिम्रो आँखाले तिमीलाई ठेस खुवाउँछ भने त्यसलाई निकालिदेऊ, किनकि दुवै आँखासित नरकको आगोमा फालिनुभन्दा कानो भएर परमेश्वरको राज्यमा पस्नु नै तिम्रो निम्ति उत्तम हो; जहाँ तिनीहरूको कीरा मर्दैन, र आगो निभ्दैन । *मर्कूस ९:४३-४८*

हामीलाई यो कुरा बताइएको छ कि स्वर्गमा स्वर्गदूतहरूले परमेश्वरको विरुद्धमा विद्रोह गर्दा उहाँले "तिनीहरूलाई नरकमा फाल्नुभयो, र न्यायका निम्ति साँचिराख्नलाई अन्धकारका साङ्लाहरूमा सुम्पिनुभयो ।" *२पत्रुस २:४*

यस्तो स्थान कति अँध्यारो हुनेछ होला भनी कल्पना गर्ने प्रयास गर्नुहोस् त । के तपाईं कहिल्यै कुनै गुफा घुम्न जानुभएको छ ? सामान्यतया तपाईंलाई घुमाउन लैजाने मार्गदर्शकले मानिसहरूलाई पूर्ण अन्धकार महसुस गराउनको लागि सबै बत्तीहरू निभाइदिनेछ । कत्ति पनि बत्ती नभएको अवस्थामा त्यहाँ यति निष्पट्ट अन्धकार हुन्छ कि तपाईंले आफ्नै औंलाले आफ्नो आँखा घोच्दा पनि देख्नुहुन्न ।

त्यो अन्धकार यति पीडादायी हुन्छ कि कहिलेकाहीँ मानिसहरू एक मिनेटमात्रै पछि आत्तिन थाल्दछन् । अन्त्यहीन अनन्ततामा कति धेरै मिनेटहरू हुन्छन् भनी कल्पना गर्नुहोस् त । अन्धकारमात्र पनि पर्याप्त यातना हुन्छ ।

बाइबलले नरकलाई “अन्धकारको राज्य” को रूपमा जनाउँदछ र यो घोषणा गर्दछ कि “राज्यका सन्तानचाहिँ बाहिरको अँध्यारोमा फालिनेछन्; त्यहाँ रुवाबासी र दाह्राकिटाइ हुनेछन् ।” *मत्ती ८:१२*

यसका अनुसार परमेश्वरलाई अस्वीकार गर्ने मानिसहरूले ज्योतिलाई भन्दा अन्धकारका कामहरू मन पराउने हुनाले त्यसरी अस्वीकार गर्दछन् । यी मानिसहरूले अन्धकारकै चाह गर्ने हुनाले तिनीहरूले सारा अनन्तताभरि त्यही नै पाउँदछन् । अनि यो ठाउँबाट उम्केर भाग्न सकिँदैन किनभने त्यहाँ प्रवेशमात्र गर्न पाइन्छ - तर निस्कने ठाउँ हुँदैन ।

## किन नरक ?

केही मानिसहरूले बाइबलका परमेश्वरलाई विश्वास नगर्ने निर्णय गर्दछन् किनभने तिनीहरूले क्रोधित परमेश्वरको धारणा मन पराउँदैनन् जसले मानिसहरूलाई नरकमा अनन्तरूपमा सजाय दिनुहुन्छ ।

मैले पनि त्यस्तै सोच्ने गर्दथैं । म क्रिश्चियन बन्नुभन्दा पहिला परमेश्वरका धेरैवटा गुणहरू हुन्छन् भन्ने कुरा मलाई थाहा थिएन । अधिकांश मानिसहरू “परमेश्वर प्रेम हुनुहुन्छ” भन्ने बाइबलको पदसँग परिचित हुन्छन् । तर उहाँ न्यायी पनि हुनुहुन्छ । उहाँ पवित्र हुनुहुन्छ । उहाँ धार्मिक हुनुहुन्छ । अनि यी अन्य गुणहरूको कारण उहाँसँग एउटा कठोर पक्ष पनि छ - अनि उहाँसँग त्यसको अधिकार पनि छ ।

सिद्धरूपमा प्रेम गर्नुहुने परमेश्वरले यस्तो जुनसुकै कुरालाई घृणा गर्नुपर्दछ जसले उहाँले प्रेम गर्नुहुने कुरालाई चोट पुऱ्याउँदछ ।

त्यसैले परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ किनभने यसले उहाँले प्रेम गर्नुहुने कुरालाई चोट पुऱ्याउँदछ । उहाँले पापलाई घृणा गर्नुहुन्छ । बस ।

परमेश्वरले सबैभन्दा सानो पापलाई समेत कति घृणा गर्नुहुन्छ भन्ने कुरा पृथ्वीमा रहेका हामीमध्ये कसैले पनि पूर्णरूपमा बुझ्न सक्दैन ।

यो कठोर पक्ष हुनुभएका परमेश्वरको मैले कल्पना गरेको थिइनँ । तर त्यसपछि एक दिन मैले आफ्नो इच्छाअनुसार परमेश्वर सृष्टि गर्न सक्दिनथैँ भन्ने कुरा महसुस गरेँ । परमेश्वर कल्पना वा दृश्याङ्कन वा विचारमा अभ्यास गरिने कुरा हुनुहुन्न । उहाँसम्बन्धी मेरा धारणाहरूदेखि स्वतन्त्र भएरै उहाँ अस्तित्वमा रहनुहुन्छ ।

तर बाइबलले परमेश्वरको बारेमा बताउने कुरालाई बेवास्ता गर्दा मैले यस्तै कुरा गर्ने प्रयास गरिरहेको थिएँ। साँचो परमेश्वर उहाँ नै हुनुहुन्छ जसको सामु म मरेपछि निश्चितरूपमा उभिनेछु, उहाँ मेरो काल्पनिक “परमेश्वर” हुनुहुन्न।

बाइबल साँचो छ भन्ने कुरा हामीलाई थाहा भएको हुनाले हामीले सामना गर्ने परमेश्वर बाइबलका परमेश्वर हुनुहुनेछ। त्यसैले उहाँसँग यो क्रोधमय पक्ष हुनुको कारण हामीले पत्ता लगाउनुपर्दछ र साँचोरूपमा बुझ्नुपर्दछ।

अनि हामी मर्दाखेरि हामीले उहाँको त्यो पक्ष देख्दैनौं भन्ने कुरा निश्चित गर्न हामीले गर्न सक्ने कुराहरू हामीले थाहा पाउनुपर्दछ।

हामीले किन परमेश्वरको क्रोध आफूमाथि ल्याउँदछौं र कसरी त्यसलाई हटाउन सक्दछौं भन्ने कुरा परमेश्वरको वचन बाइबल हामीलाई बताउँदछः

> यसकारण पृथ्वीमाथि भएका तिमीहरूका अङ्गहरूलाई मार - यौन-पाप, अशुद्धता, प्रबल वासना, कुइच्छा र लोभलाई, जोचाहिँ मूर्तिपूजा हो। यी कुराहरूकै कारणले गर्दा आज्ञा नमान्ने सन्तानहरूमाथि परमेश्वरको क्रोध आइपर्छ। *कलस्सी ३:५-६*

हामीले बाइबलमा यो कुरा पनि पढ्न पाउँदछौं:

> किनकि सत्यलाई अधर्ममा दबाइराख्ने मानिसहरूका सबै अभक्ति र अधर्मको विरोधमा स्वर्गबाट परमेश्वरको क्रोध प्रकट भएको छ। *रोमी १:१८*

> तर तिम्रो कठोरता र पश्चात्तापी नहुने हृदयअनुसार तिमीले आफ्नो निम्ति क्रोध थुपारिरहेका छौ - क्रोध र परमेश्वरको धर्ममय न्याय प्रकट हुने दिनको लागि; परमेश्वरले हरेकलाई उसका कामहरूअनुसार प्रतिफल दिनुहुनेछः धैर्यसँग असल काममा लागिरहँदै महिमा, आदर र अमरत्वको खोजी गर्नेहरूलाई अनन्त जीवन; तर जो झगडालु छन् र सत्यता पालन गर्दैनन्, तर अधर्म पालन गर्दछन्, तिनीहरूमाथि रिस र क्रोध। *रोमी २:५-८*

त्यसैले यदि मानिसहरूले परमेश्वरको क्रोध भोग्दछन् र नरक जान्छन् भने तिनीहरूले त्यही नै रोजेका कारणले त्यसो हुनेछ। यो संसार सृष्टि गर्नुभएका परमेश्वरले उहाँको अस्तित्वको प्रमाण हामीलाई दिनुभएको छ तैपनि तिनीहरूले यसलाई स्वीकार गर्न अस्वीकार गरेका छन्।

त्यो "अग्निकुण्ड" सुरुमा त "दियाबलस र त्यसका दूतहरूको लागि" तयार पारिएको थियो भनी बाइबलले व्याख्या गर्दछ (मत्ती २५:३१-४०) तर यी दुष्ट कुराहरू पालना गर्ने मानिसहरू पनि तिनीहरूसँगै त्यो अग्निकुण्डमा जानेछन् ।

> के तिमीहरूलाई थाहा छैन ? जसको वशमा आज्ञापालन गर्नको निम्ति तिमीहरूले आफूलाई दासझैं सुम्पिदिन्छौ, तिमीहरू उसैका दास हौ, जसको आज्ञापालन तिमीहरू गर्दछौ; कि त मृत्युको निम्ति पापका दास, कि त धार्मिकताको निम्ति आज्ञापालनका दास । *रोमी ६:१६*

मानिसहरू नरक जाऊन् भन्ने परमेश्वरको इच्छा होइन तर उहाँले हामीलाई छनोट गर्ने स्वतन्त्र इच्छा दिनुहुन्छ ।

जसरी हामी भजनसङ्ग्रह १३८:८ मा पढ्न पाउँदछौं, "म आकाशमा उक्लिएँ भने, तपाईं त्यहाँ हुनुहुन्छ; अनि मैले पातालमा आफ्नो ओछ्यान लगाएँ भने, हेर्नुहोस्, त्यहाँ पनि तपाईं हुनुहुन्छ ।"

एउटा भनाइ छ, "तिमीले आफ्नो ओछ्यान लगायौ; अब त्यसैमा सुत !" त्यसैले "हाम्रो ओछ्यान लगाउनु" भनेको त्यसमा सुत्न तयारी गर्नु हो । अर्थात् हाम्रा कामहरूले हाम्रो भविष्य निर्धारण गर्दछन् - यसलाई चाहे मन पराउनुहोस् चाहे मन नपराउनुहोस् ।

त्यसैले यो भजनले यसो भनिरहेको छ कि हामीले नरक जाने तयारी गर्नको लागि हाम्रो समय खर्च गर्दाखेरि परमेश्वर हामीसँगै त्यहाँ हुनुहुन्छ । हामी कुनै पनि क्षणमा उहाँतर्फ फर्कन र यसो भन्न सक्दछौं, "हे परमेश्वर, मलाई यो दलदलबाट निकाल्नुहोस् र सही बाटोमा लगाउनुहोस्" र उहाँले हामीलाई सहायता गर्नुहुनेछ । तर हामी मरेर नरकमा पुगिसकेपछि भने सहायताको लागि पुकारा गर्नु धेरै ढिलो हुनेछ ।

सुरुमा मानिसहरूलाई सोचेर नरकको सृष्टि गरिएको थिएन; स्वर्गचाहिँ त्यसरी सृष्टि गरिएको थियो ।

> त्यसपछि उनले ती देब्रे हातपट्टि हुनेहरूलाई पनि भन्नेछन्: 'ए श्रापितहरूहो, मदेखि त्यस अनन्त आगोभित्र गइहाल, जोचाहिँ शैतान र त्यसका दूतहरूका निम्ति तयार पारिएको छ । *मत्ती २५:४१*

> तब राजाले आफ्नो दाहिने हातपट्टि हुनेहरूलाई भन्नेछन्: 'मेरा पिताका धन्य जनहरूहो, आओ, संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार पारिएको राज्यका अधिकारी होओ । *मत्ती २५:३४*

परमेश्वरले दुष्टहरूको मृत्युमा आनन्द मनाउनुहुन्न भन्ने सत्यताबारे बाइबल अत्यन्त प्रष्ट छ। उहाँ भन्नुहुन्छः

....जस्तो म जीवित छु, परमप्रभु परमेश्वर भन्नुहुन्छ, दुष्टहरूको मृत्युमा म खुसी हुन्नँ; तर दुष्टले आफ्नो चाल त्यागोस् र बाँचोस्.... *इजकिएल ३३:११*

कतिले ढिलाइ भनी सम्झे झैं आफ्नो प्रतिज्ञाबारे प्रभु ढिलो गर्नुहुन्न; तर कोही पनि नष्ट नहोस् तर सबैले पश्चात्ताप गरून् भन्ने इच्छा राखेर उहाँले हामीप्रति धैर्य देखाउनुहुन्छ। *२पत्रुस ३:९*

कोही मरेर नरक जान्छ भने त्यो दिन परमेश्वरको लागि खुसीको दिन हुँदैन। के तपाईं मर्नुहुने दिन परमेश्वरको लागि त्यस्तै दिन हुनेछ ?

त्यसैले परमेश्वरले मानिसहरूलाई अनन्तताभरिको लागि नरकमा पठाउनु अनुचित होइन, जस्तो कोही-कोहीले विश्वास गर्दछन् किनभने मानिसहरू आफ्नै रोजाइले मात्र त्यहाँ जान्छन्। तिनीहरूले परमेश्वरलाई अस्वीकार गर्ने कुराको आधारमा उहाँ पूर्णरूपमा निष्पक्ष हुनुहुन्छ।

यदि मानिसहरूले पृथ्वीमा छँदा उहाँसँग कुनै सरोकार राख्न चाहँदैनन् भने मृत्युपछि चाहिँ तिनीहरूले उहाँसँग कुनै सरोकार राख्न चाहन्छन् भनी हामी किन सोच्दछौं ?

यदि तिनीहरूले यस जीवनमा परमेश्वरसम्बन्धी धारणालाई घृणा गर्दछन् भने तिनीहरूले आउने जीवनमा पनि उहाँसँग हुनुलाई घृणा गर्नेछन्।

लेखक फ्र्याङ्क हार्बरले यसो भनेका छन्:

मानिसहरूको इच्छाविरुद्ध परमेश्वरले तिनीहरूलाई स्वर्ग जान बाध्य पार्नुहुन्छ भने त्यो स्वर्ग हुनेछैन - त्यो त नरक हुनेछ। नास्तिक लेखक जिन पावल स्टार्टीले लेखेका थिए कि नरकका ढोकाहरू पुरुषहरू र स्त्रीहरूको स्वतन्त्र इच्छाद्वारा भित्रदेखि बन्द गरिएका हुन्छन्।[५७]

सी.एस. लेविसले यसरी लेखेका छन्:

मानिसहरू दुई थरिका हुन्छन्: जसले परमेश्वरलाई यसो भन्दछन्, "तपाईंको इच्छा पूरा होस्," र जसलाई परमेश्वरले यसो भन्नुहुन्छ, "त्यसो भए ठीकै छ, आफ्नै बाटो लाग।"[५८]

हामीलाई असल र खराबबीच, परमेश्वरको इच्छा र हाम्रो आफ्नै इच्छाबीच छनोट गर्ने स्वतन्त्रता दिइएको छ। परमेश्वरले त सामान्यरूपमा हाम्रा

रोजाइहरू स्वीकार गरिरहनुभएको छ - र हामीलाई त्यसका परिणामहरू भोग्न दिनुभएको छ ।

मलाई वर्षौं पहिला भनिएका कुराहरूमध्ये एउटाचाहिँ यो हो कि नरक भनेको त सम्पूर्ण अनन्तताभरि परमेश्‍वरको उपस्थितिबाट अलग हुनुमात्र हो । तर प्रकाश १४:१०-११ अनुसार त्योचाहिँ अधिकांश मानिसहरूले बुझेअनुसार साँचो भनाइ होइन ।

परमेश्‍वरदेखि अलग हुनु त हाम्रो लागि अकल्पनीय कुरा हो किनभने "उहाँमा हामी जिउँदछौं, हिँड्डुल गर्दछौं र अस्तित्व राख्दछौं" (प्रेरित १७:२८) र "सबै कुराहरू उहाँद्वारा नै स्थिर रहन्छन्" (कलस्सी १:१७) ।

उहाँको अबिरल उपस्थितिबिनाको अस्तित्वको कल्पना गर्ने प्रयास गर्नु भनेको एउटा भयानक अभ्यास हो । तर हामीले कुनै पनि कुराको कल्पना गर्नुपर्दैन; बाइबलले हामीलाई त्यो सत्यता प्रकट गरिदिन्छ:

> र तिनीहरूको पीडाको धूवाँ सदासर्वदा उँभोतिर उठिरहनेछ; अनि जसले त्यो पशु र त्यसको मूर्तिको पूजा गर्छन्, र जसकसैले त्यसको नामको निशान लिन्छ, तिनीहरूले दिनरात विश्राम पाउनेछैनन् । *प्रकाश १४:११*

तैपनि नरकमा हुनेहरूले दुईवटा डरलाग्दा तरिकाले परमेश्‍वरलाई अनुभव गर्दछन् । सर्वप्रथम, उहाँ एक साक्षीको रूपमा पवित्र स्वर्गदूतहरूको साथमा नजीकै हुनुहुन्छ:

> अनि तेश्रो स्वर्गदूतले ठूलो सोरले यसो भन्दै तिनीहरूलाई पछ्याए: "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिको पूजा गर्छ, र आफ्नो निधारमा वा आफ्नो हातमा त्यसको निशान लिन्छ भने, त्यसैले परमेश्‍वरको क्रोधको मद्यबाट पिउनेछ, जुनचाहिँ उहाँको क्रोधको कचौराको पन्यालो नपारीकन खन्याइएको छ; अनि **पवित्र स्वर्गदूतहरूको सामु र थुमाको सामु** त्यो आगो र गन्धकद्वारा पीडित पारिनेछ । *प्रकाश १४:९-१०* (गाढा पछि पारिएको)

दोश्रो, नाश पारिएकाहरूको सम्झनामा उहाँ रहनुहुन्छ । तिनीहरूका लागि सबैभन्दा ठूला यातनाहरूमध्ये एउटाचाहिँ कसरी परमेश्‍वर तिनीहरूका भित्री हृदयमा "बाटो यो हो; यसैमा हिँड" भन्दै निरन्तर तिनीहरूसँग बोल्नुभयो भन्ने कुरा स्मरण गर्नु हुनेछ । यशैया ३०:२१ । अनि तिनीहरूले उहाँको कुरा सुन्न अस्वीकार गरेका कुरा अनन्तताभरि निरन्तर स्मरण गर्नेछन् ।

त्यसैले नरकमा मानिसहरू परमेश्वरदेखि "टाढिन" सक्दैनन् । तिनीहरूले पृथ्वीमा जिएका सबै मिनटका सबै सेकेण्डमा उहाँको सर्वप्रेमी उपस्थितिलाई अस्वीकारमात्र गरेका छन् र अब अनन्ततामा जीवनको हरेक सेकेण्डमा उहाँलाई अस्वीकार गर्दछन् किनकि त्यहाँ पुग्नुमा तिनीहरूले आफैलाई दोष लगाउनेछैनन् तर उहाँलाई दोष लगाउन चाहनेछन् ।

तर हामीले रोजिरहेका छौं भनी बारम्बार परमेश्वरले प्रष्टरूपमा भन्नुभएको छ । उदाहरणको लागिः

> जसले उहाँमाथि विश्वास गर्दछ, ऊ दोषी ठहरिँदैन; तर जसले विश्वास गर्दैन, त्यो दोषी ठहरिसकेको छ; किनभने त्यसले परमेश्वरका एकमात्र जन्माइएका पुत्रको नाममा विश्वास गरेको छैन । *यूहन्ना ३:१८*
>
> किनकि हामीले आफैलाई जाँच्यौं भने हाम्रो न्याय गरिनेछैन । *१कोरिन्थी ११:३१*

परमेश्वर स्वर्गको महिमा र नरकको त्रास हुनुहुन्छ । परमेश्वरको क्रोधले नै नरकलाई नरक बनाइदिन्छ । यदि तपाईं नरकमा गएर टुङ्गिनुहुन्छ भने तपाईं सदाको लागि प्रभुको महिमा - उहाँको भलाइ - देखि अलग हुनुहुनेछ तर उहाँको क्रोधदेखि भने कहिल्यै पनि अलग हुनुहुनेछैन ।

केही मानिसहरूले नरकको हर्ताकर्ता सैतान हो भन्ने सोच्दछन् तर सैतान त हारेको शत्रु हो र छिट्टै नै कुनै पनि कुराको हर्ताकर्ता हुनेछैन । नरक सैतानको राज्य होइन तर बरु परमेश्वरले हामी बाँकीसँग व्यवहार गर्नुहुँदासम्म सैतानले नियन्त्रण जमाइरहेको छ । त्यसपछि त्यो अग्निकुण्डमा जान्छ ।

सदैव परमेश्वर नै हर्ताकर्ता हुनुहुन्छ ! उहाँ नै सारा स्वर्ग र पृथ्वी - र नरक - माथि सार्वभौमिक शासक हुनुहुन्छ । नरकचाहिँ सैतानले शासन गर्ने कुनै राज्य वा मानिसहरूले भोज गर्ने कुनै स्थान होइन । यो त अनन्त दण्डको स्थान हो ।

नरकको सबैभन्दा खराब पक्ष भनेको यातना होइन तर त्यो यातना कहिल्यै पनि टुङ्गिनेछैन भन्ने कुरा हो ।

यदि तपाईं परमेश्वरको सत्यतालाई अस्वीकार गर्नेहरूमध्ये एक हुनुहुन्छ भने तपाईं एक दिन परमेश्वरको सामु उभिनुपर्ने कुरा एउटा डरलाग्दो कुरा हुनेछ । भविष्यवक्ता र प्रेरित यूहन्नाले चित्रण गरेका दृश्यको कल्पना गर्नुहोस् तः

> अनि मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि बस्नुहुनेलाई देखें, जसको सामुन्नेबाट पृथ्वी र आकाश भागे; अनि तिनीहरूका निम्ति कहीँ ठाउँ पाइएन । अनि मैले दुवै साना र ठूला मरेकाहरूलाई परमेश्वरको सामु उभिइरहेका देखें; अनि पुस्तकहरू खोलिए; अनि अर्को पुस्तक खोलियो, जो जीवनको पुस्तक हो । अनि ती पुस्तकहरूमा लेखिएका कुराहरूबाट मरेकाहरूको न्याय तिनीहरूका कामहरूअनुसार गरियो । अनि समुद्रले त्यसभित्र भएका मरेकाहरूलाई दिइहाल्यो; अनि मृत्यु र नरकले तिनीहरूभित्र भएका मरेकाहरूलाई दिइहाले; अनि तिनीहरूका कामहरूअनुसार तिनीहरू हरेकको न्याय गरियो । अनि मृत्यु र नरक अग्निकुण्डभित्र फ्याँकिए । यो दोश्रो मृत्यु हो । अनि जसको नाम जीवनको पुस्तकमा लेखिएको पाइएन, त्यो अग्निकुण्डभित्र फ्याँकियो । *प्रकाश २०:११-१५*

पहिलो मृत्यु तब हुन्छ जब हाम्रो प्राण हाम्रो शरीरदेखि अलग हुन्छ र हाम्रो आत्मा परमेश्वरतिर फर्कन्छ जसले त्यो दिनुभएको थियो ।

> जमीनबाट आएको धूलो जमीनमै फर्कन अघि, तथा आत्मा दिनुहुने परमेश्वरकहाँ आत्मा जान अघि.... *उपदेशक १२:७*

त्यस क्षणमा यदि हामीले परमेश्वरमथि विश्वास गरिरहेका र उहाँलाई प्रेम गरिरहेका छौं भने हाम्रो प्राण पनि परमेश्वरसँग रहनलाई जानेछ, जसरी पावलले बसेर मानिसहरूको सहायता गर्नुपर्दथ्यो कि मरेर परमेश्वरसँग रहनलाई जानुपर्दथ्यो भन्ने बारेमा विचार गर्दै लेखेका थिए:

> हामी ढुक्क छौं, र शरीरबाट अलग भएर बरु प्रभुसित रहनु नै इच्छा गर्छौं । *२कोरिन्थी ५:८*

दोश्रो मृत्युचाहिँ अन्तिम न्यायको दिनमा हुन्छ । परमेश्वरसँग रहनलाई नगएको र पृथ्वीमा मृत्यु वा नरक भनिने स्थानमा अहिलेसम्म रहेको हरेक प्राण परमेश्वरको सर्वप्रेमी उपस्थितिदेखि सधैंभरिको लागि अलग हुन्छ र अनन्ततासम्मको लागि अग्निकुण्डमा जान्छ ।

हामी सबैले पहिलो मृत्यु भोग्नेछौं तर तपाईं र मैले दोश्रो मृत्यु नभोग्ने कुरा कसरी निश्चित गर्न सक्दछौं त ? हामी छिट्टै नै स्वर्गमा हुने अनन्त जीवन र नरकमा हुने अनन्त जीवनबीचको भिन्नता निर्धारण गर्ने कुरालाई हेर्नेछौं ।

तपाईं कहिल्यै पनि त्यहाँको छेउछाउमा दश सेकेण्डसम्मको लागि पनि जानुहुन्न, एक करोड वर्षभन्दा पनि धेरै समयसम्म एक्लै रहनको लागि जानुहुन्न भन्ने कुरा निश्चित गर्न तपाईंले चाहनुहुनेछ।

## "मर्नु सुरक्षित छैन"

मैले एक दिन एकजना जवान मानिससँग कुरा गरेँ जसले आफू घाइते भएर तुरुन्तै शल्यक्रिया गर्ने कोठामा पुगेको कुरा उल्लेख गऱ्यो।

उसले भन्यो कि उसको मुटुको धड्कन रोकिएको थियो र उसको प्राण उसको शरीरदेखि माथि उचालियो अनि तुरुन्तै दुष्ट उपस्थितिको भाव ऊमाथि आउन थाल्यो र उसले दुष्ट प्रकारको हाँसो सुन्यो।

उसले आफ्नो शरीरभित्र पुनः पसेर जीवित हुन पाएकोमा अत्यन्त खुसी लागेको कुरा मलाई बतायो।

इमरजेन्सी कोठामा काम गर्ने एउटी नर्सले मलाई एकजना बिरामीको बारेमा बताइन् जसको मुटुको धड्कन रोकिएको थियो। उनी र अन्य केही चिकित्सकहरू उसलाई पुनः जीवित पार्ने प्रयास गर्नको लागि उपकरणहरू लिएर तुरुन्तै आए। तिनीहरूले ती उपकरणहरू प्रयोग गरे उसलाई जीवनमा फर्काए।

ऊ यसो भन्दै चिच्चाउन र ठूलो सोरले कराउन थाल्यो भनी उनले भनिन्, "तातो, तातो !" त्यसपछि उसको मुटु फेरि रोकियो। तिनीहरूले उसलाई दोस्रोपटक पनि बिउँझाए। अनि ऊ यसो भन्दै चिच्चायो, "ज्वालाहरू, ज्वालाहरू !" तिनीहरूले उसलाई फेरि गुमाए।

त्यो मानिसको मुटु चारपटक रोकियो र फेरि चलाइयो। हरेकपटक ऊ ताप वा ज्वालाहरूको बारेमा चिच्चायो। अन्तिमपटकपश्चात् ऊ मऱ्यो र तिनीहरूले उसलाई बिउँझाउन सकेनन्।

उनले भनिन् कि सबै डाक्टरहरू र नर्सहरूले केही मिनटसम्म त्यहीँ उभिएर त्यो लाशलाई एकटकले हेरे। त्यो मानिस नरक गयो भनी तिनीहरू सबैले थाहा पाए। उसले यहाँबाट निस्कनुभन्दा पहिला नै चिच्चाउँदै त्यो कुरा तिनीहरूलाई भनिरहेको थियो। मैले धेरैजना मानिसहरूलाई भेटेको छु (सबैजना मातेको अवस्थामा थिएनन्) जसले येशूसँग हुनु वा "नहर र चहकिलो ज्योति" को विशेष दृश्यको विपरीत अग्निमय नरक अनुभव गरेका थिए। त्यसैले मानिसहरूले मर्ने बेलामा मीठा कथाहरूमात्र भन्दछन् भन्ने कुरामा विश्वास नगर्नुहोस्।

मुटुरोग विशेषज्ञ डा. मौरिस रलिङ्गस्ले धेरैजना बिरामीहरू मर्नै लागेका र मरेपछिका अवस्थाहरू देखेका छन् अनि आफूले पत्ता लगाएका कुराहरू *Omni* पत्रिकामा लेखेका छन् । ३०० जना बिरामीहरूसँग होशमा आउने बित्तिकै अन्तर्वार्ता लिएपछि डा. रलिङ्गस् भन्दछन् कि तिनीहरूमध्ये आधाजतिले एउटा अग्निकुण्ड, दियाबलसको जस्ता आकृतिहरू र नरकको वास्तविकता झल्काउने अन्य दृश्यहरू देखेको कुरा उल्लेख गरे ।

"मृत्युपछि एउटा जीवन हुन्छ," रलिङ्गस्ले भने, "म कहाँ जाँदैछु भन्ने कुरा मलाई थाहा छैन भने मर्नु सुरक्षित छैन ।"

तिनले यो कुरा पनि पत्ता लगाए कि नरकका ती अनुभवहरू जीवन्तरूपमा व्याख्या गरेका बिरामीहरूलाई केही दिनपछि ती अनुभवहरूको बारेमा सोध्दाखेरि तिनीहरूले तिनलाई सम्झन सकेनन् ।

धेरै खोजकर्ताहरूले "असल अवस्थाहरू" मात्र भेट्टाउनुको कारण यसले व्याख्या गर्न सक्दछ । केही बिरामीहरूले आफू कहाँ पुगेका थिए भन्ने कुरा स्वीकार गर्न लाज मानेर आफ्ना परिवारलाई समेत आफ्नो कथा परिवर्तन गरेर सुनाउँदछन् जबकि स्वर्गीय दर्शनहरू देखेका बिरामीहरूले भने सम्झन्छन् र विवरणहरू सुनाउँदछन् ।

त्यसैले मृत्युपछि हुन आउने कुरा सदैव असल हुन्छ भन्ने सुरक्षाको झूटो अर्थ नलिनुहोस् । नरक अत्यन्त वास्तविक स्थान हो - जहाँ तपाईं मरेपछि कदापि जान चाहनुहुन्न ।

एकपटक प्रख्यात फ्रान्सेली लेखक, दर्शनशास्त्री र नास्तिक भोल्टेयरलाई तिनका एकजना मर्नै लागेका साथीलाई सान्त्वनास्वरूप केही भनिदिन आग्रह गरियो । भोल्टेयरले यस्तो जवाफ दिए, "मैले त्यसो गर्न सक्दछु भन्ने मलाई लाग्दैन । वास्तवमै नरक हुन सक्दछ भन्ने सोचाइले मलाई बारम्बार ग्रस्त पार्दछ ।"

नरक छ र बाइबलमा पाइने यसका सबैभन्दा प्रष्ट चित्रणहरूमध्ये एउटाचाहिँ धनी मानिस र लाजरसको प्रख्यात कथा हो:

> कुनै एउटा धनी मानिस थियो, जसले बैजनी वस्त्र र मलमल पहिरन्थ्यो, र दिनहुँ रवाफसित मोजमज्जा गर्थ्यो । अनि लाजरस नामको घावै-घाउ भएको कुनै एउटा माग्ने थियो, जो उसैको ढोकामा राखिन्थ्यो; अनि त्यसले त्यस धनी मानिसको टेबलबाट खसेका टुक्रा-टाक्रीहरूले तृप्त हुने इच्छा गर्दथ्यो; साथै कुकुरहरू पनि आएर त्यसका घाउ चाट्दथे ।

अनि यस्तो भयो - त्यो माग्ने मऱ्यो, र स्वर्गदूतहरूद्वारा अब्राहामको काखमा पुऱ्याइयो; त्यो धनी मानिस पनि मऱ्यो, र गाडियो । अनि नरकमा भयानक पीडामा तड्पिँदै त्यसले आफ्ना आँखा उठायो, र टाढामा अब्राहामलाई र उनको काखमा लाजरसलाई देख्यो ।

अनि त्यसले चिच्च्याएर भन्यो: 'हे पिता अब्राहाम, ममाथि दया गर्नुहोस्, अनि लाजरसलाई पठाइदिनुहोस्, र उसले आफ्नो औंलाको टुप्पो पानीमा चोपोस्, र मेरो जिब्रो शीतल पारिदेओस्; किनकि म यस ज्वालाभित्र तड्पिइरहेको छु ।'

तर अब्राहामले भने: "हे छोरा, सम्झ ! तिमीले आफ्नो जीवनकालमा तिम्रा असल-असल कुराहरू पायौ, त्यसरी नै लाजरसले खराब कुराहरू पायो; तर अहिले उसले शान्ति पाएको छ, र तिमी तड्पिइरहेका छौ ।"

"अनि यी कुराहरूबाहेक, यहाँबाट पारि तिमीहरूकहाँ जान चाहनेहरू जान नसकून्, र त्यहाँबाट आउन चाहनेहरू पनि हामीकहाँ आउन नसकून् भनी हामी र तिमीहरूको बीचमा एउटा ठूलो खाँद राखिएको छ ।"

तब त्यसले भन्यो: 'यसकारण हे पिता, म तपाईंलाई बिन्ती गर्दछु, तपाईंले उसलाई मेरा बाबुको घरमा पठाइदिनुहोस्; किनभने मेरा पाँच भाइ छन्, र उसले तिनीहरूलाई आग्रहपूर्वक गवाही देओस्, र तिनीहरू पनि यस तड्पिनुपर्ने ठाउँमा नआऊन् ।"

अब्राहामले त्यसलाई भने: 'तिनीहरूसँग मोशा र भविष्यवक्ताहरूका पुस्तकहरू छन्; तिनीहरूले उनीहरूकै सुनून् ।" अनि त्यसले भन्यो: 'होइन, पिता अब्राहाम, तर मरेकाहरूबाट कोही तिनीहरूकहाँ गयो भने त तिनीहरूले पश्चात्ताप गर्नेछन् ।'

अनि उनले त्यसलाई भने, "तिनीहरूले मोशा र भविष्यवक्ताहरूका सुन्दैनन् भने मरेकाहरूबाट कोही बौरेर उठ्यो भने पनि तिनीहरू मनाइनेछैनन् ।" *लूका १६:१९-३१*

यो कुरा याद गर्नुहोस् कि त्यो धनी मानिस नरकमा हुँदा उसका पाँचवटै इन्द्रियहरूले राम्रोसँग काम गरिरहेका थिए । उसले यति पीडा भोगिरहेको थियो कि उसले एक थोपामात्र भए पनि पानी मागिरहेको थियो ।

यो कुरा पढ्दाखेरि मलाई साह्रै दुःख लाग्ने एउटा कुरा यो हो कि त्यहाँ वारिपारि गर्ने कुनै उपाय छैन । तपाईंले अन्तिमपटक स्वास फेर्नुभएपछि

न्याय तोकिएको हुन्छ । त्यो धनी मानिसले कसैसँग पानी मगाउन सकेन र लाजरसले चाहेर पनि उसलाई सहायता गर्न दगुरेर जान सकेन ।

तपाईं मर्नुभएपछि तपाईंले आफ्नो अनन्त गन्तव्य परिवर्तन गर्न सक्नुहुन्न । तपाईंसँग अनन्ततातर्फको एकतर्फीमात्र टिकट हुन्छ । तपाईं सदासर्वदाको लागि त्यो खाँदको कुन किनारातिर हुनुहुनेछ भन्ने कुरा तपाईंले अन्तिम स्वास लिनुभन्दा पहिला नै थाहा पाउनुपर्दछ ।

त्यो धनी मानिसले आफ्ना भाइहरूलाई चेताउनी दिलाउन चाह्यो ताकि तिनीहरू ऊसँगै सारा अनन्तताभरि नरकमा नपरून् । तपाईंले यो पुस्तकलाई तपाईंको चेताउनी ठान्नुहुनेछ भनी म आशा गर्दछु । तपाईं नरक जानुहोस् भन्ने परमेश्वर चाहनुहुन्न न त म नै चाहन्छु ।

यदि बार्ना सर्वेक्षण सही छ भने, म त विश्वास गर्दिनँ, नरकचाहिँ अत्यन्त कम मानिसहरू भएको स्थान हुन्छ । आधा प्रतिशत अमेरिकीहरूले मरेपछि नरक जाने आशा राखेको कुरा बताए जबकि लगभग दुई-तिहाइ (६४ प्रतिशत) ले आफूहरू स्वर्गतिर लागेको ठान्दछन् ।[५९]

तर येशूले के भन्नुभयो ?

> साँघुरो ढोकाबाट भित्र पस, किनकि विनाशमा पुऱ्याउने ढोका फराकिलो हुन्छ, र बाटोचाहिँ चौडा हुन्छ; अनि त्यसबाट भित्र पस्नेहरू धेरै हुन्छन् । *मत्ती ७:१३*

यति तपाईं आज राती मर्नुभयो भने, यदि आजको रात नै तपाईंको मुटु धड्किन छोड्ने अन्तिम रात भयो भने तपाईं स्वर्ग जानुहुन्छ भन्ने कुरामा के तपाईं १०० प्रतिशत निश्चित हुनुहुन्छ ?

> यसकारण जागा रहो, किनभने तिमीहरूका प्रभु कुन घडी आउँछन्, सो तिमीहरू जान्दैनौ । तर यो जानिराख - घरको मालिकले चोर कुन पहरमा आउँछ, सो जानेको भए, ऊ जागो रहनेथ्यो र आफ्नो घर फोरिन दिनेथिएन । यसकारण तिमीहरू पनि तयार बस; किनभने मानिसका पुत्र तिमीहरूले सोच्दै नसोचेको घडीमा आउँछन् । *मत्ती २४:४२-४४*

तपाईंको गन्तव्य कुन हुनेछ भनी निर्धारण गर्ने कुरा के हो ? तपाईंलाई सैतानको हातबाट खोस्नको लागि प्रभु "रातमा चोरझैं" आउनुहुँदा के तपाईं उहाँसँगै जानुहुनेछ (१थेस्सलोनिकी ५:२ र २पत्रुस ३:१०) ? कि तपाईंले यो संसार र आउने संसारमा पनि सदासर्वदा सैतानसँगै रहिरहने निर्णय गर्नुहुनेछ ?

तपाईंको अन्तिम गन्तव्य निर्धारण गर्ने कुरा के हो ?

तपाईं कहाँ जाँदै हुनुहुन्छ भन्ने कुरा कुन-कुन कुराहरूले निर्धारण गर्दछन् ? यही महत्वपूर्ण प्रश्न नै हाम्रो अर्को अध्यायको विषय हो र अनन्त सत्यताको हाम्रो खोजी निरन्तर साँघुरो हुँदै जान्छ ।

## अध्याय ५

# त्योचाहिं व्यवस्था हो !

**मैले सिद्ध अन्त्य चाहेको थिएँ । अब मैले त्यो कठिन तरिका थाहा पाएको छु कि केही कविताहरू लयमा ढल्दैनन् र केही कथाहरूको प्रष्ट थालनी, मध्यभाग र अन्त्य हुँदैन । जीवन भनेको थाहा नहुने, परिवर्तन हुनुपर्ने, अब के हुनेछ भन्ने कुरा थाहै नपाईकन पलपललाई उत्कृष्ट तरिकाले सदुपयोग गर्नुपर्ने कुरा रहेछ । रोचक अस्पष्टता ।**

प्रख्यात हास्य कलाकार गिल्दा र्‍याड्नरलाई अब के हुन लागेको थियो भन्ने कुरा थाहा थिएन - तर तपाईंलाई भने थाहा छ । तपाईंले यो संसार छोड्नुहुँदा तपाईंको सामु दुईवटा मात्र गन्तव्यहरू हुन्छन् भन्ने कुरा तपाईंलाई थाहा छ र तपाईंको मुटु अन्तिमपटक धड्किने बित्तिकै तपाईं एउटा वा अर्कोतिर लाग्नुहुन्छ ।

यसले हामीलाई अर्को प्रश्न दिन्छ - जसको बारेमा अधिकांश मानिसहरू अत्यन्त सचेत हुन्छन् ।

एक दिन सिन्सिनाटीतर्फको हवाइ यात्रामा म एकजना मानिससँगै बसिरहेको थिएँ जो प्रोक्टर एण्ड ग्याम्बलमा काम गर्दथ्यो । ऊ मरेपछि के हुन्छ भन्ने उसले ठान्दथ्यो भनी मैले उसलाई सोधेँ ।

उसले भन्यो, "हामी मरेपछि स्वर्ग वा नरक हुन्छ भनी म विश्वास गर्दछु । मैले पत्ता लगाउन नसकेको कुरा यो हो: को कुन स्थानमा जाने भन्ने कुराको मापदण्ड के हो त ?"

वास्तवमा मुख्य प्रश्न यही हो: हामीलाई सारा अनन्तताभरि एउटा वा अर्को स्थानमा राखिदिने त्यो छुट्ट्याउने तत्व के हो त ?

> किनकि विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको उपहार हो; कामहरूबाट होइन, नत्र त कसैले घमण्ड गर्नेछ । *एफेसी २:८-९*

हामी आफैले गरेका धर्मका कामहरूद्वारा होइन, तर उहाँकै कृपाअनुसार उहाँले हाम्रो उद्धार गर्नुभयो - नयाँ जन्मको स्नान र पवित्र आत्माबाटको नवीकरणद्वारा । *तीतस ३:५*

मलाई छक्क पारेको पहिलो कुराचाहिँ यो हो कि हामीले स्वर्ग जान पाउने आशामा गरेका असल कामहरूको आधारमा परमेश्वरले हाम्रो न्याय गर्नुहुनेछैन । यो कुरा हाम्रो प्रायः सम्पूर्ण विचारको विपरीत हुन्छ ।

हाकिमहरू, प्रशिक्षकहरू, शिक्षकहरू, इत्यादिले हामीले गरेका वा नगरेका कामको आधारमा हाम्रो न्याय गर्दछन् । के परमेश्वरले पनि त्यसो नै गर्नुहुने छैन र ? म किशोर हुँदाखेरि एकपटक चर्चमा बसिरहेको सम्झन्छु जति बेला मेरो जीवनको एउटा मुख्य क्षण आएको थियो: परमेश्वरले कसरी मेरो न्याय गर्नुहुन्छ होला भनी मैले सोच्न थालें ।

मैले कल्पना गरेँ कि परमेश्वरले स्वर्गमा एउटा ठूलो पाटी राख्नुभएको थियो अनि म मेरा दाजुभाइ र दिदीबहिनीसँग मिल्दाखेरि हरेकपटक मैले एक अङ्क पाउँदथेँ, हरेकपटक भेटी हाल्दा मैले एक अङ्क, हरेकपटक गृहकार्य पूरा गर्दा एक अङ्क, चर्च गएकोमा एक अङ्क, इत्यादि पाउँदथेँ ।

तर मैले एउटा ठूलो प्रश्न भेट्टाएँ । मैले स्वर्ग जानको लागि कति अङ्क पाउनुपर्दथ्यो त ? ५०० कि ५०१ अङ्क ? यसको जवाफ के थियो ?

हामीलाई कुन कुराले स्वर्ग पुऱ्याउँदछ त ?

अनि कुन कुराले हामीलाई नरकमा पुऱ्याउँदछ ? यसबारेमा सोच्दासमेत मानिसहरू अत्यन्त उदास हुन्छन् ! सियाटल पोष्ट-इन्टेलिजेन्सर, बुधवार, फेब्रुअरी ४, २००४ बाट एउटा उदाहरण यहाँ दिइएको छ:

विद्यालयमा छात्राहरू निलम्बित

डान नेफिन, एसोसिएटेड प्रेसका लेखक

पिट्सबर्ग, एपी – ....वर्ष ७ का ब्राण्डी म्याकेनिथलाई कसम खाएकोमा....“नरक” भन्ने शब्द भनेकोमा निलम्बन गरियो तर उनको परिवार भन्दछ कि उनले आगो र गन्धक कहाँ हुन्छन् भनी बाइबलले भनेको कुरामात्र जनाइरहेकी थिइन् ।

उनलाई मङ्गलबार निलम्बन गरियो ।

पिट्सबर्ग सार्वजनिक विद्यालयहरूको विद्यार्थी आचारसंहिताले ईश्वरनिन्दालाई प्रतिबन्ध लगाउँदछ, तर त्यसको परिभाषा भने उल्लेख

गर्दैन, प्रवक्ता प्याट क्रफोर्डले भनिन् । त्यो विद्यालयले थप प्रतिक्रिया दिएन ।

...."विद्यालयको नीतिले 'ईश्वरनिन्दा गर्न पाइँदैन' भन्दछ र त्यसलाई थप परिभाषित गरिएको छैन," वाल्स्याकले भने । "ती सानी केटीले 'नरक' भन्न पाइँदैन भन्ने कुरा कुरी थाहा पाउने ? 'नरक' भन्ने शब्द नै ईश्वरनिन्दा हो कि होइन भन्ने कुरासमेत प्रश्नको कुरा छ र निश्चय पनि उनले त्यसलाई त्यस अर्थमा प्रयोग गरेकी होइनन् ।"

पिट्सबर्ग प्रहरीका गुप्तचर म्याकेनिथले भने कि परिवारका सदस्यहरू "धार्मिक कट्टरवादीहरू" होइनन् तर त्यो परिवारमा प्रभुलाई अत्यन्त आदर गरिन्छ । त्यसैले तिनी आफ्नी छोरीको भनाइलाई स्वीकार गर्दछन् ।

"उनले यो कुरा मानिलिन्छिन् कि असल मानिसहरू स्वर्ग जान्छन् र ....खराब मानिसहरू नरक जान्छन्," तिनले बुधबार भने ।

किन ती दुई कक्षामा पढ्ने केटीले असल मानिसहरू स्वर्ग जान्छन् र खराब मानिसहरू नरक जान्छन् भन्ने सोच्दछिन् ? अनि हामीमध्ये प्रायः सबैले त्यस्तै सोच्दछौं ?

टेरी स्नाइडलर सियभोको मृत्यु भएको दिनमा मैले बिल ओरेल्लीको रेडियो कार्यक्रम सुनिरहेको थिएँ । तिनले यसो भने, "उनी स्वर्गलोकमा छिन् भनी म आशा गर्दछु । त्यो कुरा विशवास गर्नुमा के गल्ती हुन्छ र ? खराब मानिसहरूलाई दण्ड दिइन्छ र असल मानिसहरूलाई पुरस्कार दिइन्छ भनी के तपाईं आशा गर्नुहुन्न ?"

अति धेरै मानिसहरूले असल मानिसहरू स्वर्ग जान्छन् र खराब मानिसहरू नरक जान्छन् भन्ने धारणा कसरी लिन्छन् भन्ने मलाई थाहा छैन तर यो हामी सबैमा गडेको जस्तो देखिन्छ ।

मेरो खोजी जारी नै रहँदा मैले यस्तो महसुस गर्न थालें कि स्वर्ग जानको लागि "अति असल" हुनुपर्दछ भन्ने बारेमा संसारले मलाई जेसुकै भनिरहेको भए तापनि परमेश्वरसँग एउटा भिन्दै स्तर थियो । अनि मैले त्यो स्तर के थियो भन्ने कुरा थाहा पाउनुपर्दथ्यो भन्ने महसुस गरें ताकि मैले अनन्तताको बारेमा सही निर्णय गर्न सकूँ । हाम्रा अनन्त गन्तव्यहरू त्यही स्तरद्वारा निर्धारण गरिन्छन् ।

त्यसैले परमेश्वरको भरोसायोग्य वचनले त्यो स्तरको बारेमा के भन्दछ त ? अनि कुनै मानिस “असल” वा “खराब” हुने गरी त्यो स्तरअनुसार जिएको छ कि छैन भन्ने कुरा केले निर्धारण गर्दछ ?

रोमी ३:२३ हामीलाई त्यो कुरा बताउँदछः

सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित हुन गएका छन् ।

हामी सबैले “पाप” गरेका छौं भन्दाखेरि यसले के भन्न खोजेको छ ? “पाप” शब्दको अर्थ “निशाना चुकाउनु” हो जसले कुनै निशानामा रहेको चिन्हलाई जनाउँदछ । हामी त्यसलाई ठीक बीचमा नै हिर्काउन चाहन्छौं तर यहाँ परमेश्वरको वचनले भनिरहेको छ कि यदि तपाईंले त्यो चिन्हमा हिर्काउन सक्नुहुन्न र तपाईंको तीर छेउतिर गएर ठोक्किन्छ भने तपाईंले “पाप गर्नुभएको” छ, तपाईंले “निशाना चुकाउनुभएको” छ ।

प्रेरित पावल हामीलाई यो कुरा बताउँदछन्ः

किनकि पापको ज्याला मृत्यु हो; तर परमेश्वरको उपहारचाहिँ हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो । *रोमी ६:२३*

त्यसैले मेरो अर्को प्रश्न अत्यन्त सरल छः हामी सबैले मृत्युलाई हटाउन र अनन्त जीवन प्राप्त गर्नको निम्ति हिर्काउनुपर्ने निशाना के हो त ?

रोमी ३:१९:२० यसो भन्दछः

अब हामी जान्दछौं – व्यवस्थाले जे पनि भन्दछ, त्यसले व्यवस्थाको अधीनमा बसेकाहरूलाई भन्दछ, कि हरेक मुख चुप रहोस् र सारा संसार परमेश्वरको सामु दोषी ठहरियोस् ।

यसकारण व्यवस्थाका कामहरूद्वारा कुनै पनि प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन; किनकि व्यवस्थाद्वारा पाप चिन्ने ज्ञान हुन्छ ।

अब यो कुरा प्रष्ट हुन्छ कि यो व्यवस्थाले मलाई पापको ज्ञान दिन्छ । यो व्यवस्था के हो त ?

भजनसङ्ग्रह १९:७ हामीलाई यसो भन्दछः

परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई परिवर्तन गर्ने; परमप्रभुको साक्षी पक्का छ; बोधालाई बुद्धिमान् तुल्याउने ।

यो व्यवस्थाले मलाई परमेश्वरकहाँ फर्काउन सक्दछ ? यो व्यवस्था के हो ?

१यूहन्ना ३:४ यो कुरा प्रष्ट पार्दछ कि:

> हरेक जसले पाप गर्दछ, त्यसले व्यवस्था पनि भङ्ग गर्दछ; किनकि व्यवस्था भङ्ग गर्नु नै पाप हो ।

यदि तपाईंले यो व्यवस्था भङ्ग गर्नुहुन्छ भने के यो पाप हुन्छ ? यो व्यवस्था के हो त ?

रोमी ७:७ यसरी सोध्दछ:

> तब हामी के भनौं त ? के व्यवस्था पाप हो ? त्यस्तो नहोस् । तर बिनाव्यवस्था, पाप भनेको के हो, म जान्नेथिइनँ; किनकि 'तिमीले लोभ नगर्नू' भनी व्यवस्थाले मलाई नभनेको भए, लोभलालच के हो, म जान्नेथिइनँ ।

अनि यहाँनेर हामीले खोजिरहेका कुराको ठूलो लक्षण हामी पाउँदछौं ! यहाँ एउटा व्यवस्था - 'तिमीले लोभ नगर्नू' - उद्धृत गरिएको छ भन्ने कुरा हामी बुझ्न सक्दछौं । योचाहिँ दशवटा आज्ञाहरूमध्ये दशौं आज्ञा हो !

बाइबलका सुरुका पाँचवटा पुस्तकहरूमा, जुन मोशाले लेखेका थिए, परमेश्वरले हामीलाई दुईपटक दश आज्ञाहरू दिनुहुन्छ (प्रस्थान २०:१-१७; व्यवस्था ५:६-२१) ।

मलाई थाहा भएको कुरा यति हो कि म बालक छँदा र मेरी आमाले कुनै कुरा दुईपटक भन्नुहुँदा उहाँको छोराले त्यो नबिर्सिएकै जाति हुन्थ्यो !

परमेश्वरले छोटो अवधिमा नै यी आज्ञाहरू दोहोऱ्याउनुभएको हुनाले यी आज्ञाहरू के-के हुन् र तिनलाई पालन गर्ने तरिका के हो भन्ने कुरा हामीले थाहा पाउनु अत्यन्त महत्वपूर्ण हुनुपर्दछ ।

ABC को *Nightline* का प्रस्तोता टेड कोपेलले ड्युक विश्वविद्यालयमा सुरुको भाषण गर्दा यसो भने:

> नाराहरूले हामीलाई बचाउनेछन् भनी वास्तवमा हामीले आफैलाई विश्वस्त पारेका छौं । "तपाईं बढ्नै पर्दछ भने छिट्टो बढ्नुहोस्, तर सोझो बाटो अपनाउनुहोस् ।" "तपाईंले जति बेला जोसित मन लाग्दछ उसैसित सम्भोग गर्नुहोस्; तर कण्डम प्रयोग गर्नुहोस् ।" होइन ! त्यसो नगर्नुहोस् । यो असल वा उचित नभएकोले वा तपाईं जेलमा पर्न वा एड्स लागेर मर्न सक्नुहुने कारणले पनि होइन - तर यसकारणले कि यो गलत हो । मोशाले सीनै पर्वतबाट ल्याएका कुरा दशवटा सुझावहरू होइनन्, ती त

आज्ञाहरू हुन् । थिए होइन, हुन् । ती दश आज्ञाहरूको प्रष्ट खूबी यही हो कि तिनले औंलामा गन्न सकिने शब्दहरूमा मानिसको उचित आचरण उल्लेख गर्दछन् । त्यति बेलाको लागि वा अहिलेको लागि होइन, तर सदासर्वदाको लागि ।[६०]

टेड कोपेललाई समेत थाहा छ कि परमेश्वरले हामीलाई दशवटा सुझावहरू होइन तर दश आज्ञाहरू दिनुभयो जसद्वारा हामीले हाम्रा जीवन जिउनुपर्दछ ।

अनि ती आज्ञाहरू परमेश्वरलाई खुसी तुल्याउनको लागि होइन तर हामीलाई खुसी तुल्याउनको लागि दिइएका हुन् ।

उदाहरणको लागि, मलाई हालसालै बोल्नको लागि निम्तो गरिएका स्थानहरूमध्ये एउटाचाहिँ अफिसर्स क्रिश्चियन फेलोसिप थियो जुन वेष्ट प्वाइन्टमा रहेको युनाइटेड स्टेट्स मिलिटरी एकेडेमीको सबैभन्दा ठूलो क्लब हो । त्यहाँ हुनु नै कस्तो आशिष्को कुरा थियो भनी म व्याख्या गर्न सुरु गर्नसमेत सक्दिनँ । कतिजना महान् तालिमे सैनिकहरू ती कोठाहरू भएर हिँडेका थिए र त्यसपछि अमेरिकाको संस्कृतिलाई प्रभाव पार्नको लागि गएका थिए भन्ने कुरा थाहा पाउनु नै एउटा ठूलो र भावुक अनुभव थियो ।

परमेश्वरले मलाई त्यहाँका सैनिकहरूमध्ये दश प्रतिशतको सामु डेढ घण्टासम्म बोल्ने मौका दिनुभयो । ती जवान पुरुषहरू र स्त्रीहरूलाई भेट्नु कति आशिष्को कुरा । मैले भेटेका भविष्यका अधिकृतहरू पाएर सेनाको अवस्था असल भएको छ ।

मैले बोलिसकेपछि एकजना सैनिकले डेभिड लिप्स्कीद्वारा लिखित अब्सोलुट्ली अमेरिकन शीर्षक भएको एउटा पुस्तक मलाई दिए - तालिमे सैनिकहरूको एउटा समूहले वेष्ट प्वाइन्टमा चार वर्षसम्म बस्दा पालना गर्ने प्रक्रियाहरूको पुस्तक । ती लेखकले विशेष गरी रोलिङ्ग स्टोन पत्रिकामा कलेज जाने उमेरका विद्यार्थीहरूको बारेमा लेख्ने गर्दछन् ।

तिनले आफ्नो पुस्तकमा लेखेका कुराहरूमध्ये एउटाले मलाई छक्क पाऱ्यो । तिनले भने कि अमेरिकाभरिका ३० वटा कलेजका विद्यार्थीहरूलाई भेटेपछि तिनले भेटेकामध्ये सबैभन्दा खुसी विद्यार्थीहरूचाहिँ वेष्ट प्वाइन्टकै विद्यार्थी थिए भन्ने तिनले थाहा पाए ।

तिनले पत्ता लगाएका कुरा देखेर तिनी छक्कै परे । तिनले यस्तो ठानेका थिए कि त्यहाँका सम्पूर्ण नीतिनियमहरूले ती तालिमे सैनिकहरूलाई बेखुसी

पार्दथे । अनि वास्तवमा त्यहाँ अलिकति गनगन त हुन्छ नै तर तिनले भेटेका कलेजका सबै विद्यार्थीहरूमध्ये तिनीहरू नै सबैभन्दा खुसी थिए भन्ने कुरामा कुनै शङ्का थिएन ।

किन त्यस्तो छ भनी मैले गम्न थालें । तर यसबारे सोच्दाखेरि यो कुरा सजिलै पत्ता लगाउन सकिन्छ । यदि हामी कुनै नियमहरू नै नभएको संसारमा बस्दछौं भने हामीसँग वास्तवमा स्वतन्त्रता नै हुँदैन । हामी वास्तविक रूपमा खुसी हुन सक्दैनौं । तर जब त्यहाँ सीमाहरू र नियमहरू हुन्छन् तब हामी सबैले "संसारमा स्वतन्त्रता" पाउँदछौं । हामी खुसी मानिसहरू हुन सक्दछौं । के यो अनौठो देखिन्छ ?

एक दिन एकजना केटासँग कुरा गर्दा मैले उसलाई यो उदाहरण दिएँ । यदि तपाईं कुनै होटलको तीसौं तलामा बसिरहनुभएको छ जसको बार्दलीमा बार लगाइएको छैन भने के तपाईं त्यहाँ जानुहुन्छ ? के तपाईंले आफ्नो बच्चालाई त्यहाँ छोड्नुहुन्छ ?

तपाईंले कदापि त्यसो गर्नुहुन्न । त्यो त अत्यन्त खतरापूर्ण हुन्छ । तर त्यो बार्दलीमा बलियो बार लगाइएपछि के तपाईं त्यहाँ जानुहुन्छ ? के तपाईं आफ्नो बच्चा लिएर त्यहाँ जानुहुन्छ ?

अवश्य ! हामीमध्ये धेरैजना त्यहाँ जानेमात्र होइन, त्यहाँ जाँदा हामीले त्यो बारमा अडेससमेत लगाउँदछौं ! हामी किन त्यसो गर्दछौं ? त्यहाँ सीमा राखिएको छ भने तपाईंसँग त्यो सीमाभित्र तपाईंले चाहनुभएको सबै स्वतन्त्रता हुन्छ । तपाईंले चाहनुभएमा त्यहाँ गएर खाना खान सक्नुहुन्छ । सीमाहरूले स्वतन्त्रता प्रदान गर्दछन् ।

एकपटक मिर्टल बिचमा मैले दुईजना १८ वर्षेहरूसँग कुरा गरिरहेको थिएँ । तिनीहरूले कहिल्यै पनि क्रिश्चियन नबन्ने कुरा मलाई बताए । मैले तिनीहरूसँग कारण सोधें । त्यसले त जीवनको सबै रमाइलो नै खाइदिन्छ भनी तिनीहरूले भने ।

मैले तिनीहरूका आँखामै हेरेर भनें, "आज मैले कसैलाई गर्भवती बनाउने सम्भावना शून्य प्रतिशत हुन्छ । आज मलाई एड्स सर्ने सम्भावना शून्य प्रतिशत हुन्छ । आज म मातेर गाडी चलाएको अभियोगमा पक्राउ पर्ने सम्भावना शून्य प्रतिशत हुन्छ । हेर, एक क्रिश्चियन हुनुमा केही अत्यन्त असल फाइदाहरू हुन्छन् ?"

ती दुवै जवानहरू छक्क परे । तिनीहरूले त्यसबारे पहिला कहिल्यै पनि सोचेका थिएनन् भनी मलाई बताए । तिनीहरूले आफूसँग स्वतन्त्रता भएको सोचेका थिए तर तिनीहरूसँग स्वतन्त्रता थिएन ।

तिनीहरूले मन लागेको जुनसुकै कुरा गर्न सक्ने कुरा सोचेका थिए तर तिनीहरू आफ्ना रोजाइहरूका परिणामहरूको दास हुन्छन् भन्ने कुरा तिनीहरूले महसुस गरेका थिएनन् ।

परमेश्वरले हामीलाई पालन गर्नको लागि केही नियमहरू र व्यवस्थाहरू दिनुहुन्छ । हामी यी सीमाहरूभित्र रहँदा संसारका सबैभन्दा स्वतन्त्र मानिसहरू हुन्छौं ।

हामीले ती सीमाहरूदेखि बाहिर कदम राख्दा योचाहिँ त्यो बारमाथि चढ्नु र तीस तलाको बार्दलीको छेउदेखि बाहिर हिँड्ने प्रयास गर्नुजस्तै हो । त्यसपछि हुने कुरा सजाय होइन; यो त विद्रोही र अदुरदर्शी हुनुको परिणाममात्र हो ।

जोन हागीले गरेका एउटा चाखलाग्दो अध्ययनले बताउँदछ कि ९७ प्रतिशत अमेरिकीहरूले दश आज्ञाहरूमाथि "विश्वास" गर्दछन् तर ५ प्रतिशतले मात्र तीन वा तीनभन्दा बढी आज्ञाहरू उल्लेख गर्न सक्दछन् ।

हामीले पहिलो पढ्यौं कि हाम्रा जीवनलाई स्वर्गतिर लैजान हामीले थाहा पाउनुपर्ने सबै कुरा व्यवस्थाले हामीलाई बताउन सक्दछ । अनि व्यवस्था भनेकै दश आज्ञा हो भन्ने हामीले पत्ता लगाएका छौं ।

त्यसैले आउनुहोस् त्यति धेरै मानिसहरूले विश्वास गर्ने तर अति थोरैलाई मात्र ज्ञान हुने ती आज्ञाहरूलाई हेरौं । हामी प्रस्थान २०:१-१७ मा रहेको ती आज्ञाहरूको सूचीलाई प्रयोग गरौं र हामी हाम्रो मुटुको अन्तिम धड्कनपछि तुरुन्तै परमेश्वरको सामु उभिँदा उहाँले मानवीय आचरणबारे बनाउनुभएको स्तरदेखि कसरी चुक्नेछौं भन्ने कुरालाई हेरौं ।

## पहिलो आज्ञा

> अनि परमेश्वरले यी सबै कुरा भन्नुभयो, "म परमप्रभु तेरा परमेश्वर हुँ जसले तँलाई मिश्र देश, अर्थात् दासत्वको घरबाट निकालेर ल्याएँ । मेरो सामुन्ने तैंले अरू कुनै देवीदेवताहरू नमान्नू ।" *प्रस्थान २०:१-३*

पहिलो आज्ञाको अर्थ यो हो कि परमेश्वर तपाईंका सम्पूर्ण भक्तिहरूको केन्द्र विन्दु हुनुपर्दछ । उहाँसँगको तपाईंको सम्बन्ध तपाईंको जीवनको सबैभन्दा महत्वपूर्ण भाग हुनुपर्दछ ।

यसको एउटा सिद्ध उदाहरण जवान धनी शासक हो जसको बारेमा नयाँ करारमा लूकाको सुसमाचारले बताउँदछः

अनि कुनै एउटा शासकले उहाँलाई यसो भन्दै सोधे: "हे असल गुरुज्यू, अनन्त जीवनको अधिकारी हुनलाई म के गरूँ ?" अनि येशूले उनलाई भन्नुभयो: "तिमी मलाई किन असल भन्दछौ ? एकजना अर्थात् परमेश्वरबाहेक अरू कोही असल छैन ।"

"तिमी आज्ञाहरू त जान्दछौ: 'व्यभिचार नगर, हत्या नगर, नचोर, झूटो गवाही नदेऊ, आफ्ना बाबु र आफ्नी आमालाई आदर गर ।'"

अनि उनले भने: "यी सबै कुराहरू मैले मेरो बालककालदेखि नै पालन गर्दै आएको छु ।"

अनि जब येशूले यी कुराहरू सुन्नुभयो, तब उहाँले उनलाई भन्नुभयो: "तिमीमा अझै एउटा कुराको घटी छ । तिमीसँग भएका सबै कुराहरू बेच, र गरीबहरूलाई बाँडिदेऊ, र तिमीले स्वर्गमा धन पाउनेछौ; अनि आऊ, मेरो पछि लाग ।"

अनि यो कुरा सुनेर उनी साह्रै दुःखित भए; किनभने उनी असाध्यै धनी थिए । अनि उनलाई साह्रै दुखित भएका देखेर येशूले भन्नुभयो: "धनसम्पत्ति हुनेहरू कति कठिनसँग परमेश्वरको राज्यभित्र पस्नेछन् ! किनकि धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा त ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुन्छ ।" *लूका १८:१८-२५*

येशूले "अनन्त जीवनको अधिकारी हुनलाई म के गरूँ ?" भन्ने कुराको छलफल सुरु गर्ने बुँदाको रूपमा कसरी दश आज्ञाहरूको प्रयोग गर्नुभएर त्यो जवान धनी शासकसँग कुराकानी गर्नुभयो भन्ने कुरा हेर्नु चाखलाग्दो छ ।

अनि ती आज्ञाहरूद्वारा उहाँले त्यो मानिसलाई उसको स्वधार्मिकता देखाइदिन सक्नुभयो । यो एउटा अचम्भको कथा हो । त्यो धनी जवान शासकले पहिलो आज्ञा पनि पूरा गर्न सकेन: उसले संसारका परमेश्वरको सामुन्ने अर्को देवता मानेको थियो र त्योचाहिँ उसको पैसा थियो ।

हामी सबैले कुनै न कुनै कुराको पूजा गर्नेछौं । चाहे हामी नास्तिक तत्वज्ञानवादी होऔं, चाहे कुनै धर्मका विश्वासीहरू नै किन नहोऔं, हामी सबैजना आराधकहरू हौं ।

त्यसैले तपाईंले जीवनमा अर्थ, पूर्णता, नियन्त्रण, सुरक्षा र सार्थकता पाउनको लागि तपाईंको मन र हृदय कतातिर लगाउनुहुन्छ ?

कुन कुराले तपाईंको भक्ति पाउँदछ ? तपाईंले कुन कुरामाथि ध्यान केन्द्रित गर्नुहुन्छ ? तपाईंले रातीमा सिरानीमाथि टाउको राख्नुहुँदा केको बारेमा सोच्नुहुन्छ ? तपाईंको परमेश्वर को वा के हो ?

अब आफैसँग यो प्रश्न सोध्नुहोस्: के मैले दश आज्ञाहरूमध्ये पहिलो आज्ञा भङ्ग गरेको छु ?

## दोश्रो आज्ञा

> तैँले आफ्नो निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, अनि माथि आकाशमा, तल पृथ्वीमा र पृथ्वीमुनि पानीमा भएको कुनै आकारको प्रतिमूर्ति नबनाउनू। तँ तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तेरा परमेश्वर डाह गर्ने परमेश्वर हुँ। पितापुर्खाले गरेको अधर्म र मेरो अवहेलनाको दण्ड तिनीहरूका सन्तानहरू, तिनीहरूका तेश्रो र चौंथो पुस्तासम्म दिनेछु, तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौं पुस्तामाथि कृपा गर्ने परमेश्वर म हुँ।
> *प्रस्थान २०:४-६*

दोश्रो आज्ञाचाहिँ मूर्तिपूजासँग सम्बन्धित छ। हामीले आफ्ना पापहरूसँग मिल्ने गरी कुनै देवताको सृष्टि गर्दा यो आज्ञा भङ्ग गर्दछौं। अर्थात् हामीले "मेरो ईश्वर झूट बोलेको देख्दा रिसाउँदैनन्। मेरो ईश्वरले मानिसहरूलाई दण्ड दिएर कहिल्यै पनि नरकमा पठाउँदैनन्। मेरो ईश्वरले असल मानिसहरूलाई स्वर्ग जान दिनेछन्" भन्दाखेरि हामीले आफ्नै स्वरूपमा एउटा मूर्ति बनाइरहेका हुन्छौं।

समस्याचाहिँ यो छ कि हामीले आफ्नै ईश्वर सृष्टि गर्न सक्दैनौं। हामीले त्यसो गर्ने कल्पना गर्न त सक्दछौं। तर सर्वशक्तिमान् परमेश्वर जो हुनुहुन्छ त्यही नै भइरहनुहुन्छ। हामीलाई मन लागेको जस्तो परमेश्वर बनाउने शक्ति हामीसँग हुँदैन। हामीले मूर्तिहरू बनाउन, तिनमा विश्वास गर्न र ती परमेश्वर हुन् भनी छल गर्नमात्र सक्दछौं।

चाहे हामीले तिनलाई बनाऔं, चाहे हाम्रो संस्कृतिले तिनलाई हामीसमक्ष प्रस्तुत गरेको होस्, मूर्तिहरूले हामीमाथि केही नियन्त्रण जमाउँदछन्। धनसम्पत्ति, पैसा, खेलकूद, खेलकूद समूहहरूको समर्थन गर्नु, खाना, लागूपदार्थ, प्रेमी, प्रेमिका, टिभी, चलचित्रहरू, जागिरहरू, इत्यादि सबै कुरा हाम्रो जीवनमा मूर्तिहरू बन्न सक्दछन्।

"अमेरिकन आइडल" टेलिभिजन कार्यक्रमको बारेमा विचार गर्नुहोस् त । ती सबै मानिसहरूले मूर्ति बन्ने चाहना गर्दछन् जसलाई सबैले हेर्नेछन् ! हामीले आफैलाई पनि मूर्तिहरू बनाउन सक्दछौं ।

एकपटक म क्यालिफोर्नियाको एउटा क्रिश्चियन माध्यमिक विद्यालयमा बोलिरहेको थिएँ । पहिलो पिरियडको कक्षामा केही विद्यार्थीहरूसँग कुराकानी गरेपछि घण्टी लाग्यो र म बाहिर गएँ ।

मैले एकजना विद्यार्थीलाई नियालें जसले आफ्नो सुन्दर मुस्ताङ्ग कार - मलाई लाग्दछ त्यो १९६६ मोडलको थियो - पुछिरहेको थियो जसको सेतो रङ्गको बीच भागमा निलो धर्का कोरिएको थियो । त्यो सुन्दर कार थियो ।

मैले उसलाई उसको नाउँ सोधेँ । उसले आफू डस्टिन भएको कुरा बतायो । त्यसपछि उसले आफ्नो कार पुछ्दै गर्दा उसले के गरिरहेको थियो भनी मैले सोधेँ । "मेरो कारमा रूखका पातहरू र केही पनि नरहून् भन्ने म चाहन्छु ।" मैले भनेँ, "डस्टिन, हामी विद्यालयभित्र पसेका ५० मिनटमात्र भयो ! तिम्रो कारलाई ५० मिनटमा के हुन्छ भन्ने तिमी ठान्दछौ ?" उसले आफ्नो कारलाई माया गर्दथ्यो भन्ने कुरा प्रष्टै थियो ।

तर उसले त्यसलाई कति माया गर्दथ्यो भन्ने कुरा मैले सोचिरहेको थिएँ । त्यसैले मैले उसलाई सोधेँ, "के म तिम्रो कार चलाउन सक्दछु ?" उसले जवाफ दियो, "हुँदैन । मेरो बुबा र मैले मात्र यो कार चलाउँदछौं ।" मैले उसलाई भनेँ कि म मेरो कलेजका एकजना साथीलाई भेट्न जाँदा उसले आफ्नो पैंसठ्ठी लाख पर्ने मर्सिडिज कारको चाबी मतिर फाल्दछ र त्यो चलाउन दिन्छ ।

डस्टिनले अझै पनि उसको मुस्ताङ्ग मलाई चलाउन दिएन तर - त्यहीँ एक मिनटजति उभिएपछि - उसले यसो भन्यो, "म यसबारे विचार गर्नेछु ।"

त्यो दिनमा पछि डस्टिनले मसँग आएर भन्यो, "ठीकै छ । म कारमा तपाईंसँग भएसम्म तपाईंले मेरो कार चलाउन सक्नुहुन्छ ।" मैले जवाफ दिएँ, "डस्टिन, म तिम्रो कार चलाउन चाहन्नँ । म त तिमीले मलाई तिम्रो कार चलाउन दिन्छौ कि दिँदैनौ भन्ने कुरा हेर्नमात्र चाहन्थेँ । तिम्रो कार तिम्रो मूर्ति हो कि होइन भन्ने कुरा पत्ता लगाउने प्रयास मैले गरिरहेको थिएँ, डस्टिन र त्यो हो रहेछ ।"

उसको अनुहारको भावले यो कुरा देखायो कि मैले भनिरहेको कुरा साँचो थियो भन्ने उसले थाहा पायो । हामीले संसारका परमेश्वरलाई भन्दा एउटा कारलाई धेरै माया गर्न सक्दछौं भन्ने कुरा आश्चर्यजनक होइन र ?

हामीले वास्तवमा केको पूजा गर्दछौं भन्ने कुरा पत्ता लगाउन हाम्रा भित्ताहरूका पोस्टरहरूमा हेर्न सक्दछौं होला ।

तर तपाईंले अरू कुनै कुरालाई प्रेम गर्नुहोस् र भक्ति गर्नुहोस् भन्ने परमेश्वर चाहनुहुन्न किनकि त्यसले तपाईंलाई सन्तुष्ट पार्न सक्दैन भन्ने उहाँ जान्नुहुन्छ । उहाँको प्रेमले मात्र तपाईंलाई सन्तुष्ट पार्न सक्दछ । के तपाईंले यसकै लालसा गरिरहनुभएको छ ? कि अरू कुनै कमसल कुराको ?

एकपटक एउटा केटाले दश आज्ञाहरूको बारेमा यसो भनेको मैले सुनें, "तपाईं 'तैंले नगर्नू' को कुन भाग बुझ्नुहुन्न ?" परमेश्वरले भनिरहनुभएको कुरा हामीले नबुझ्ने होइन । हामी त परमेश्वरले भनिरहनुभएको कुरा पालन गर्न पो चाहँदैनौं ।

यो कुरा अत्यन्त प्रष्ट देखिन्छ कि परमेश्वरले केही कुराहरू "नगर्नू" भन्नुहुन्छ तर हामीभित्र कहीं कतै एउटा विद्रोही आत्मा हुन्छ जसले अरू नै कुरा गर्न चाहन्छ ।

तर तपाईंले एकै समयमा दुई ईश्वरहरूको सेवा गर्न सक्नुहुन्न । एउटाले जहिले पनि अर्कोले भन्दा बढी प्राथमिकता पाउँदछ ।

> (येशू भन्दै हुनुहुन्छ) कसैले पनि दुईजना मालिकहरूको सेवा गर्न सक्दैन; किनकि कि त उसले एउटालाई घृणा गर्नेछ र अर्कोलाई प्रेम गर्नेछ, अथवा ऊ एउटासँग टाँसिनेछ र अर्कोलाई तुच्छ ठान्नेछ । तिमीहरू परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौ । *मत्ती ६:२४*

मानिस स्वभावैले कुनै कुराको पूजा गर्न चाहन्छ । अनि तपाईंले पूजा गर्नुहुने कुराले तपाईंलाई नियन्त्रण गर्नेछ ।

> के तिमीहरूलाई थाहा छैन ? जसको वशमा आज्ञापालन गर्नको निम्ति तिमीहरूले आफूलाई दासझैं सुम्पिदिन्छौ, तिमीहरू उसैका दास हौ, जसको आज्ञापालन तिमीहरू गर्दछौ; कि त मृत्युको निम्ति पापका दास, कि त धार्मिकताको निम्ति आज्ञापालनका दास । *रोमी ६:१६*

त्यसैले तपाईंले जीवनमा कुन कुराको पूजा गर्नुहुन्छ ?

अब आफैसँग यो प्रश्न सोध्नुहोस्: के मैले मेरो जीवनमा मूर्तिहरू बनाएर दोश्रो आज्ञा भङ्ग गरेको छु ?

## तेश्रो आज्ञा

तैँले परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनू, किनकि उहाँको नाउँ व्यर्थैमा लिनेलाई परमप्रभुले निर्दोष ठहऱ्याउनुहुनेछैन। *प्रस्थान २०:७*

"व्यर्थैमा" भनेको के हो ? यसको अर्थ "अनुपयोगी तरिकाले" वा "बिना काममा" हो। उदाहरणको लागि, हामी यसो भन्न सक्दछौं, "त्यो लक्ष्य हासिल गर्ने मेरा प्रयासहरू व्यर्थै भए।"

परमेश्वरको नाउँ व्यर्थैमा लिनु भनेको त्यसलाई अनादरपूर्वक, बिना काममा उच्चारण गर्नु हो किनभने हामीले वास्तविकरूपमा उहाँलाई सम्बोधन गरिरहेका हुँदैनौं।

यसो गर्नुले चाहिँ हामीले उहाँलाई अवहेलना गर्दछौं भन्ने कुरा देखाउँदछ। सायद थाहै नपाईकन नै हामीले कुनै गहन तथा शक्तिशाली कुरालाई लिइरहेका हुन्छौं र त्यसलाई प्रयोग गर्ने तरिकाद्वारा त्यसलाई घटाउने, कमसल बनाउने प्रयास गरिरहेका हुन्छौं।

पुरानो करारमा परमेश्वरको नाउँ अनादरपूर्वक उच्चारण गरेकोमा मानिसहरूलाई मृत्युदण्ड दिइन्थ्यो। केही यहूदीहरू परमेश्वरको नाउँलाई यति पवित्र मान्दछन् कि तिनीहरूले त्यो उच्चारण नै गर्दैनन् वा लेख्दा पनि लेख्दैनन्, कतै तिनीहरूले यो आज्ञा अन्जानमै भए पनि उल्लङ्घन गर्दछन् कि भनेर।

कसरी कुनै मानिसले परमेश्वरको भय मान्न र उहाँको नाउँलाई व्यर्थैमा प्रयोग गर्न सक्दछ र ? केही मानिसहरू परमेश्वरको बारेमा दुष्ट कुरा बोल्दछन् वा उहाँलाई दुष्टताको आरोप लगाउँदछन्। कोही यसो भन्दछन्, "म परमेश्वरको कसम खान्छु" र तिनीहरूले भर्खरै के भने भन्ने कुरा तिनीहरूलाई थाहा हुँदैन।

यदि हामीले परमेश्वरको विरुद्धमा गनगन गर्दछौं भने वा उहाँको नाउँ र चरित्रलाई होच्याउँदछौं भने हामीले उहाँको नाउँ व्यर्थैमा लिइरहेका हुन्छौं।

एउटा दुःखद उदाहरण छः भर्खरै न्युआर्कतर्फको हवाइयात्रामा मेरो छेउमा कोही पनि बसिरहेको थिएन । त्यो एउटा अनौठो कुरा थियो किनकि मेरो छेउमा कोही बसोस् भनी मैले प्रार्थना गरेको थिएँ ताकि मैले ऊसँग प्रभुको बारेमा कुरा गर्न सकूँ ! तर एकजना मानिस बाटोपारि बसेको थियो ।

सामान्यतया म बाटोपारिको मानिससँग कुरा गर्दिनँ किनभने मानिसहरू यताउता हिँडिरहन्छन् र त्यसले वार्तालापको बहावलाई खल्बल्याइदिन्छ । तर केही समयपछि र प्रार्थना गरेपछि त्यो मानिस वार्तालाप गर्न इच्छुक थियो कि भनी जाँच गर्ने मैले निर्णय गरेँ ।

उसले इच्छा देखायो । उसको नाउँ माइकल थियो । उसको जन्मदिन सेप्टेम्बर ११ तारिखमा पर्दथ्यो भनी उसले मलाई भन्यो । उसले भन्यो कि सन् २००१ को उसको जन्मदिनमा वर्ल्ड ट्रेड सेन्टरमा काम गर्ने उसकी एकजना आफन्तले उपहार लिन त्यहाँ बोलाएकी थिइन् ।

त्यसैले ऊ त्यहाँ गयो । उनी ८:४५ मा तल झरिन् । त्यसको तीन मिनटपछि पहिलो जहाजले त्यो भवनमा ठक्कर दियो । उसले उनलाई दौडन लगायो । उनी ती तलाहरूमध्ये एउटामा काम गर्दथिन् जहाँका सबैजना मारिए, उनीबाहेक । दोश्रो जहाज ठोक्किँदा पनि ऊ त्यहीँ थियो भनी उसले मलाई भन्यो ।

त्यो डरलाग्दो घटना थियो भनी उसले भन्यो । ऊ त्यहीँ उभिइरहँदा एउटी महिला हुर्रिंदै आइन् र सडकको एउटा मुड्कोमा ठोक्किँदा उनको शरीर दुई टुक्रा भयो भनी उसले मलाई भन्यो ।

एक व्यावसायिकरूपमा मालिस गर्ने व्यक्ति भएको हुनाले ऊ अग्नी नियन्त्रकहरूलाई मालिस गर्न त्यहीँ बस्यो । हामीले कुरा गर्दै जाँदा उसले आफू समलिङ्गी भएको कुरा मलाई बतायो र त्यसको कारण ऊ नरक जानेथियो कि भनी उसले जान्न चाह्यो । उसले दुईपटक आफ्नो झोलातिर देखाउँदै यसो भन्यो, “म त्यहाँ गएँ भने मसँग नपोल्ने मलम यहीँ छ ।”

हाम्रो वार्तालापको क्रममा उसले निरन्तर परमेश्वरलाई र परमेश्वरका कुराहरूलाई गिल्ला गर्दथ्यो । त्यसले मलाई कहिल्यै पनि परमेश्वरको गिल्ला नगर्ने वा उहाँको नाउँ फेरि गलत तरिकाले प्रयोग नगर्ने बनाइदियो । यसले मलाई परमेश्वरका जनहरूसँग हुने उहाँको जीवन परिवर्तनकारी उपस्थितिको लागि धन्यवादी बनाइदियो ।

यदि तपाईंको हृदय यो कथाले उत्प्रेरित हुन्छ भने र प्रार्थना गर्ने तरिका तपाईंलाई थाहा छ भने कृपया माइकलको मुक्तिको लागि प्रार्थना गरिदिनुहोला । ऊ यस्तो संसारमा जिउँदछ जसले परमेश्वरलाई घृणा गर्दछ र उहाँको प्रिय नाउँलाई श्रापको शब्दको रूपमा प्रयोग गर्न डराउँदैन ।

हामीले कतिपटक कुनै खेलकूदको कार्यक्रम हेरेका छौं र खेलाडीहरू तथा प्रशिक्षकहरूले परमेश्वरको पवित्र नाउँ व्यर्थैमा लिँदा तिनीहरूका ओठहरू पढेका छौं ?

हामीले आफ्नै जीवनमा कतिपटक त्यस्तो गरेका छौं ? उहाँको नाउँलाई हलुका वा ठट्टाको रूपमा प्रयोग गर्नु पनि परमेश्वरको लागि उचित हुँदैन । संसारका सृष्टिकर्ताको नाउँ छोटकरीमा लिनु पनि श्रद्धायुक्त तरिका होइन ।

फिलिप्पी २:९-११ यसो भन्दछः

> यसैकारण परमेश्वरले पनि उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ दिनुभयो, जो हरेक नाउँभन्दा उच्च छ; र स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि हुनेहरूको हरेक घुँडा येशूको नाउँमा टेकिनुपर्छ; र पिता परमेश्वरको महिमाको लागि हरेक जिब्रोले 'येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ' भनी स्वीकार गर्नुपर्छ ।

संसारको सबैभन्दा धार्मिक पवित्र नाउँलाई होच्याएर एउटा अपवित्र श्रापको शब्दको रूपमा सामान्यरूपमा प्रयोग गरिएको छ ।

आफैसँग सोध्नुहोस्: के मैले परमेश्वरको नाउँ व्यर्थैमा लिएर तेश्रो आज्ञा उल्लङ्घन गरेको छु ?

## चौंथो आज्ञा

> विश्राम-दिन पवित्र मान्नुपर्छ भनी याद राख् । छ दिनसम्म परिश्रम गरेर तैँले आफ्ना सबै काम गर्, तर सातौं दिनचाहिँ तेरा परमप्रभु परमेश्वरको निम्ति विश्रामको दिन हो । त्यसमा तैंले केही काम नगर्नू - तैंले, तेरो छोराले, तेरी छोरीले, तेरो कमारा, कमारीले, न गाईवस्तुले, तेरो मूलढोकाभित्र भएको परदेशीले, केही काम नगरोस् । किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो । त्यसकारण परमप्रभुले विश्रामको दिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो । *प्रस्थान २०:८-११*

हामीले परमेश्वरलाई महिमा दिन उहाँले हाम्रो लागि हप्ताको एक दिन छुट्ट्याइदिनुभएको छ । यो त परमेश्वरले हामीलाई दिनुभएको एउटा उपहार हो । हामीले विश्राम दिनमा हाम्रा नियमित कामहरू वा अरू कुनै काम गर्नुहुँदैन तर विश्राम गरेर प्रभुलाई महिमा दिनुपर्दछ । परमेश्वरले हाम्रो सम्पूर्ण अवस्थाको वास्ता गर्नुहुन्छ ।

"सबाओथ" भन्ने हिब्रू शब्द "रोकिनु/विश्राम गर्नु," "बस्नु" र "सात" अर्थ दिने हिब्रू शब्दहरूसँग सम्बन्धित हुन्छ । हिब्रू भाषामा हप्ताका दिनहरूलाई पहिलो दिन (जसलाई हामी आइतबार भन्दछौं), दोश्रो दिन, तेश्रो दिन र यस्तो गर्दै अन्त्यमा सबात अर्थात् सातौं दिन भनिन्छ ।

सातौं दिनचाहिँ विशेष गरी विश्राम गर्ने दिन भएको हुनाले त्यस दिन कुनै पनि प्रकारको काम वा मेहनत गर्न वा लामो दूरी हिँड्न प्रतिबन्ध लगाइन्छ तर आराधना गर्दै, भोजन गर्दै र बाइबल अध्ययन गर्दै बस्नुचाहिँ भक्त यहूदीहरूको लागि सबैभन्दा सामान्य क्रियाकलाप हुन्छ ।

मोशाको पालामा सबाओथमा काम गर्नेहरूलाई ढुङ्गाले हानेर मारिन्थ्यो । आजका मानिसहरू मृत्युदण्डले अपराध नियन्त्रण गर्दैन भनी भन्दछन् तर अध्ययनहरूले यो कुरा देखाउँदछन् कि त्यो लागू गरिँदा अपराधको दर कम हुन्छ; त्यसैकारण बाइबलमा विश्रामदिन उल्लङ्घन गरिएको घटना उल्लेख गरिएको छ जति बेला त्यसको निम्ति मानिसहरूलाई ढुङ्गाले हानिएको थियो (गन्ती १५:३२-३६) ।

अधिकांश गैरयहूदी क्रिश्चियनहरूले हप्ताको पहिलो दिनलाई (आइतबार) विश्राम दिन मान्दछन् । के हामी त्यो दिनलाई परमेश्वरसँग अतिरिक्त समय बिताउनको लागि छुट्ट्याउँदछौं ? कि हामी त्यो दिनमा हप्ताभरिको निद्रा पुऱ्याउँदछौं ?

किन हामी आजभोलि आइतबार बिहान त्यति धेरै फुटबल खेलहरू हेर्दछौं ? के यो दिनमा हामी हप्ताभरि गर्न नपाएको शारीरिक व्यायाम गर्दछौं ?

हामीले विश्राम दिन पालन गर्नुलाई जसरी परिभाषित गरे तापनि हामीमध्ये कसैले पनि त्यसलाई परमेश्वरले लक्षित गर्नुभएको तरिकाले मानेका छैनौं ।

## पाँचौं आज्ञा

> आफ्ना बाबु र आमालाई आदर गर्नू, र जुन देश तँलाई तेरा परमप्रभु परमेश्‍वरले दिनुहुन्छ, त्यहाँ तेरो आयु लामो होस् । *प्रस्थान २०:१२*

यो पूर्णरूपमा शर्तहीन भनाइ हो । हाम्रा बुबाआमा हाम्रा बुबाआमा भएकै कारणले मात्र हामीले उहाँहरूको आदर गर्नुपर्दछ । हामीले हाम्रा बुबाआमा छान्‍न पाउँदैनौं । परमेश्‍वरले उहाँहरूलाई हामीमाथि राखिदिनुभएको हुनाले मात्र पनि हामीले उहाँहरूको आज्ञापालन गर्नुपर्दछ । हामीले हाम्रा बुबाआमाको ठूलो महत्व बुझ्नुपर्दछ ।

बदलामा हामी ठूलो आशिष् पाउँदछौं: लामो आयु । यसलाई नयाँ करारमा प्रष्ट पारिएको छ:

> हे नानीहरूहो, प्रभुमा आफ्ना बाबुआमाको आज्ञा पालन गर, किनकि यो उचित छ । 'आफ्ना बाबु र आमालाई आदर गर', जोचाहिँ प्रतिज्ञासहितको पहिलो आज्ञा हो, 'र तिम्रो भलाइ होस् र यस पृथ्वीमा तिम्रो आयु लामो होस् ।' *एफेसी ६:१-३*

हामीले हाम्रा बुबाआमालाई तुच्छ तरिकाले वा अनादरपूर्वक व्यवहार गर्दा उहाँहरूलाई अनादर गर्दछौं । हाम्रा बाबुआमाप्रतिको हाम्रो व्यवहारले नै हामीले जीवनमा व्यहोर्ने अधिकारीहरूप्रतिको हाम्रो व्यवहार निर्धारण गर्नेछ ।

यो आज्ञा हाम्रा बुबाआमाको योग्यतासम्बन्धी हाम्रो धारणासँग कत्ति पनि सम्बन्धित हुँदैन तर यो त छोराछोरीले तिनीहरूका बुबाआमाप्रति देखाउनुपर्ने आज्ञाकारिता र आदरसँग सम्बन्धित हुन्छ, उहाँहरू जतिसुकै योग्य वा अयोग्य देखिन सक्नुभए तापनि ।

बाइबल यसो भन्दछ, "बालकको हृदयमा मूर्खता बाँधिएको हुन्छ, तर अनुशासन गर्ने छडीले त्यसलाई उसबाट हटाइदिन्छ (हितोपदेश २२:१५) ।" अर्थात् हामीले आफ्ना बुबाआमाको अनुशासन गराइद्वारा बुद्धिमान् हुन सिक्दछौं जसले हामीलाई मूर्खतापूर्ण बालसुलभ इच्छाहरू पालना गर्नदेखि रोक्दछ । हामीलाई मूर्खतादेखि रोकिएको मन पर्दैन तर यसले हामीलाई बुद्धिमा वृद्धि हुन सहायता गर्दछ ।

यदि हामीले आफ्ना बुबाआमाले हामीप्रति देखाउने वास्ताविरुद्ध विद्रोह गर्दछौं भने हामी मूर्खभन्दा पनि बढी खराब भइरहेका हुन्छौं:

उहाँको आज्ञा उल्लङ्घन गर्नु मन्त्रतन्त्रको पापजस्तै हो, हठी हुनु अपराध र मूर्तिपूजा गर्नुजस्तै हो। *१शमूएल १५:२३*

परमेश्वरले अनाज्ञाकारितालाई मन्त्रतन्त्रजस्तै गन्नुहुन्छ। किन त्यस्तो हुन्छ ? किनभने मन्त्रतन्त्र भनेको तपाईंको आफ्नै इच्छालाई कुनै व्यक्ति वा अवस्थामाथि लाद्न प्रयास गर्ने काम हो। अनि अनाज्ञाकारिता भनेको मार्गदर्शनलाई अस्वीकार गर्नु र त्यसको विपरीत आफ्नै इच्छा कुनै व्यक्ति वा अवस्थामाथि लाद्ने अठोट गर्नु हो।

हठीपना एउटा अपराध - बानी बसेको अनाज्ञाकारिता - र व्यभिचार गर्नुजस्तै हो। कुन मूर्तिको पूजा गरिँदैछ ? सैतानको जो पहिलो हठी विद्रोही थियो र त्यो बाटो हिँड्नेहरू सबैको मालिक हो।

म जवान छँदा बास्केटबल खेल्ने गर्दथेँ। म माध्यमिक विद्यालयमा हुँदा हामीले उप-क्षेत्रीय च्याम्पियनसिपको लागि कोलुम्बिया माध्यमिक विद्यालयसँग खेल खेलिरहेका थियौं। हामी पहिलोपटक तिनीहरूसँग खेल्दा तिनीहरूलाई ६९-६६ अङ्कले हरायौं।

त्यस रात मैले ३६ अङ्क जुटाएँ। यदि तपाईंले आफ्नो समूहको कुल अङ्कको आधा अङ्क जुटाउनुहुन्छ भने तपाईंले असलरूपमा खेल खेल्नुभएको हुन्छ।

अर्कोपटक हामीले तिनीहरूसँग त्यही च्याम्पियनसिपको लागि खेल खेल्दा मैले नौ अङ्कमात्र जुटाएँ र हामी हार्‍यौं। मैले नराम्रो खेल प्रदर्शन गरेँ। खेलको पछिल्लो समयमा रेफ्रीले उचित निर्णय नगरेका मैले महसुस गरेँः मलाई धकेलेर भुइँमा लडाइएको थियो तर तिनले त्यसलाई गल्ती भनेनन्।

मैले भुइँमा हातले हिर्काउँदै यसो भनेँ, “खेलमा ध्यान दिनुहोस्, रेफ्री !” तिनले मलाई प्राविधिक गल्ती गरेकोमा सजाय दिए। त्यसपछि मैले रिसाउँदै तिनलाई श्राप पनि दिएँ। तिनले मलाई अर्को सजाय दिए। मैले निश्चितरूपमा त्यो कमाएको थिएँ।

यस्तो भइरहँदा मेरा बुबाआमाले आफ्नो प्यारो, अनाज्ञाकारी छोराले आफैलाई मूर्ख बनाइरहेको राम्रोसँग देख्नुभएको थियो। त्यस रात म खेल सकिएपछि घर जाँदा मेरा बुबाआमाले एक शब्द पनि भन्नुभएन।

उहाँहरूले भन्नु नै परेन। मैले खराब स्वभावको पराकाष्ठा नै नाघेको थिएँ भन्ने मलाई थाहा थियो। वास्तवमा मैले खराब स्वभावको डोरीमाथि कार्ल लेविसले झैं लङ्ग जम्प गरेको थिएँ। मेरो जीवनको त्यस क्षणमा म

परमेश्वरमा विश्वास गर्ने व्यक्ति थिइनँ तर तब पनि मलाई थाहा थियो कि मैले त्यसरी मेरा बुबाआमालाई अनादर गर्नुहुँदैनथ्यो ।

एकपटक मैले एउटा कार्यक्रममा बोलेपछि राती एकजना १८ वर्षीय जवान मसँग कुरा गर्नलाई आयो । तर ऊ पहिला बोल्न सकेन । ऊ त्यहीँ बसेर रोयो । अन्त्यमा उसले मलाई बतायो कि हाम्रा बुबाआमालाई आदर गर्नू भन्ने परमेश्वरको यो आज्ञालाई मैले उल्लेख गर्दा परमेश्वरले उसलाई उसले पाँच वर्षको हुँदादेखि आफ्ना बुबाआमाको अनादर गर्नको लागि गरेका सबै कुराहरू सम्झाइदिनुभयो ।

के तपाईंले जन्मिएदेखि अहिलेसम्म आफ्ना बुबाआमालाई सदैव आदर गर्नुभएको छ ? हामी सबैले झैं तपाईंले पनि यो आज्ञा उल्लङ्घन गर्नुभएको छ ।

## छैटौं आज्ञा

तैंले हत्या नगर्नू । *प्रस्थान २०:१३*

परम्परागतरूपमा यो आज्ञालाई हाम्रो सामु “तैंले नमार्नू” भन्ने रूपमा प्रस्तुत गरिन्छ तर “मार्नु” र “हत्या गर्नु” अर्थ दिने हिब्रू शब्दहरू भिन्दै छन् र यो आज्ञामा प्रयोग गरिएको शब्द “हत्या” हो ।

किन त्यो भिन्नता महत्वपूर्ण हुन्छ त ? किनभने हाम्रो जीवन, हाम्रो परिवार, हाम्रो घर र हाम्रो देशको सुरक्षा गर्ने अधिकार हामीसँग हुन्छ भनी बाइबलले बताउँदछ - हामीले आफूलाई आक्रमण गर्ने मानिसहरूलाई मार्नुपरे तापनि ।

तपाईंलाई मार्न खोज्ने मानिसलाई मार्नु भनेको हत्या गर्नु होइन । वास्तवमा तपाईंले त्यो हत्यारालाई रोकेर हत्या हुन नदिइरहनुभएको हुन्छ ।

इतिहासमा उल्लेख गरिएको पहिलो हत्या त्यति बेला भयो जब आदमका छोराहरूमध्ये एकजना कयिनले आफ्नो भाइ हाबिललाई मार्‍यो ।

त्यही नै पहिलो हत्या थियो तर निश्चितरूपमा त्यो अन्तिम भने थिएन । अमेरिकामा दिनहुँ लगभग ४४ वटा हत्याका घटनाहरू घट्दछन् । अमेरिकामा हरेक दिन गर्भपतनद्वारा ४,००० सम्म जन्मिदै नजन्मिएका शिशुहरूको हत्या गरिन्छ । कोलुम्बाइन माध्यमिक विद्यालय । हिटलर । सद्दाम हुसैन । हामीले हाम्रो वरिपरि देख्ने हत्या अचम्भको हुन्छ ।

अनि टिभीमा, चलचित्रहरूमा र भिडियो गेमहरूमा दृश्याङ्कन गरिएका दशौं हजारवटा हत्याका घटनाहरू हामी जीवनभरिमा देख्दछौं। हामीले सञ्चारमाध्यमहरूमा "अभिनय गरिएका" यति धेरै हत्याहरू देख्दछौं कि यसले हामीमाथि धेरै प्रभाव पार्दछजस्तो देखिँदैन। हामी त्यसप्रति पूर्णरूपमा असम्वेदनशील भएका छौं।

कुनै पनि सहरको रक्सी बेच्ने क्षेत्रले सदैव चाखलाग्दा मानिसहरूलाई आकर्षण गर्दछ। म एक दिन राती डेन्भरको त्यस्तै एउटा क्षेत्रमा मानिसहरूसँग परमेश्वरको बारेमा कुराकानी गर्दै घुमिरहेको थिएँ र म कुराकानी गर्नलाई तीनजना मानिसहरू भएका ठाउँमा गएँ।

तिनीहरूमध्ये एकजनाले मलाई तिनीहरूको लागि रक्सी किनेर ल्याउन लगायो। त्यस्तो हुनेथिएन, त्यसैले ऊ र एउटी केटी कुनै सहायता गर्ने मानिस खोज्नलाई गए।

एकजना केटा भने त्यहीँ बस्यो किनभने उसले मसँग कुरा गर्न चाहेको थियो। त्यो वार्तालापको क्रममा उसले कहिल्यै पाप गरेको थियो कि थिएन भनी मैले सोधेँ। उसले मलाई भन्यो, "हजुर" तर त्यसपछि उसले सोध्यो, "'पाप' भन्नाले तपाईंले के भन्न खोज्नुभएको हो ?"

मैले भनेँ, "अँ, जस्तै दश आज्ञाहरू।"

"अहो, मैले ती सबै उल्लङ्घन गरेको छु।"

"के तपाईंले कहिल्यै कसैलाई मार्नुभएको छ ?" मैले सोधेँ।

उसले अत्यन्त उदास भएर जवाफ दियो, "छु।"

"दशजनाको ?"

उसले जवाफ दियो, "कतिजना भन्ने मलाई थाहा छैन।"

ऊ क्यालिफोर्नियाको लङ्ग बिचमा एउटा समूहमा हुर्किएको थियो र उसले कतिजना मानिसहरू मारेको थियो भन्ने कुरा उसलाई साँच्चै नै थाहा थिएन भनी उसले मलाई भन्यो।

ऊ चौध वर्षको हुँदा एक दिन आफ्नो आँगनमा बास्केटबल खेलिरहेको बेलामा केही आपराधिक समूहका सदस्यहरू त्यही बाटो भएर आए र उसकी प्रेमिकालाई गोली हाने। उनी उसको काखमै रगताम्य भएर मरिन्। "मैले उनीसँग नै विवाह गर्ने योजना बनाइरहेको थिएँ," उसले भन्यो। "मैले उनीबाट नै छोराछोरी पाउने योजना बनाएको थिएँ तर उनी मेरै काखमा मरिन्।"

के तपाईंले चौध वर्षको उमेरमा त्यस्तो घटना भोग्नुको कल्पना गर्न सक्नुहुन्छ ? तपाईंले कतिजना मानिसहरू मार्नुभयो भन्ने कुरा थाहा नपाउनुको के तपाईं कल्पना गर्न सक्नुहुन्छ ?

तर तपाईंले त्यसको बारेमा चिन्ता गर्नुपर्दैन, ठीक छ ? अँ, आउनुहोस् हेरौं ।

येशूले यसो भन्नुभयो:

"तिमीहरूले सुनेका छौ, पुराना समयकाहरूलाई यो भनिएको थियो, 'तिमीले हत्या नगर, र जसले हत्या गर्ला, त्यो न्यायको योग्य हुनेछ ।' तर म तिमीहरूलाई भन्दछु; जो कोही आफ्नो भाइसँग बिनाकारण रिसाउँछ, त्यो न्यायको योग्य हुनेछ; अनि जसले आफ्नो भाइलाई 'निकम्मा' भन्ला, त्यो महासभाको योग्य हुनेछ; तर जसले 'हे मूर्ख' भन्ला, त्यो नरकको आगोको योग्य हुनेछ । *मत्ती ५:२१-२२*

अनि यूहन्ना यसको बारेमा यसरी लेख्दछन्:

हरेक जसले आफ्नो भाइलाई घृणा गर्छ, त्यो हत्यारा हो; अनि तिमीहरू जान्दछौ - कुनै पनि हत्यारासित त्यसभित्र रहिरहने अनन्त जीवन हुँदैन । *१यूहन्ना ३:१५*

त्यसैले यदि तपाईं कोहीसँग रिसाउनुभएको वा तपाईंले कसैलाई घृणा गर्नुभएको छ भने त्यो कुरा सर्वशक्तिमान् परमेश्वरको नजरमा हत्या गर्नुजस्तै हो । किन त्यसो हो त ? परमेश्वरले हाम्रा हृदयहरूको साथसाथै बाहिरी व्यवहारको पनि जाँच गर्नुहुन्छ । उहाँले हाम्रा विचारहरूको साथसाथै हाम्रा कामहरू पनि देख्नुहुन्छ । त्यसैकारण हामी सबैजना यो स्तरद्वारा समस्यामा पर्दछौं ।

आफैसँग यो प्रश्न सोध्नुहोस्: परमेश्वरको स्तरअनुसार मेरो जीवनमा एकपटक भने पनि कसैसँग रिसाएर वा कसैलाई घृणा गरेर के मैले यो आज्ञा उल्लङ्घन गरेको छु ?

## सातौं आज्ञा

तैंले व्यभिचार नगर्नू । *प्रस्थान २०:१४*

हामीमध्ये अधिकांशले यो काम नगरेको ठान्दछौं होला । तर फेरि येशूका वचनहरूले यो आज्ञालाई अलि बढी रोचक बनाइदिन्छन्:

"तिमीहरूले सुनेका छौ, पुराना समयकाहरूलाई यो भनिएको थियो, 'तिमीले व्यभिचार नगर ।' तर म तिमीहरूलाई भन्दछु, जसकसैले कुनै स्त्रीलाई खराब इच्छाले हेर्छ, त्यसले अघि नै आफ्नो हृदयमा त्यससित व्यभिचार गरिसकेको हुन्छ ।" मत्ती ५:२७-२८

यदि तपाईंले कसैलाई कामवासनाको दृष्टिले एकपटक भए पनि हेर्नुभएको छ भने तपाईंले यो आज्ञा उल्लङ्घन गर्नुभएको छ, शाब्दिकरूपमा होइन तर आशयमा । अनि येशू भन्नुहुन्छ हामीलाई शाब्दिकरूपमा होइन तर आशयको हिसाबले न्याय गरिनेछ। त्यसैले तपाईंले व्यभिचारका विचारहरू पाल्नु परमेश्वरको दृष्टिमा उचित हुँदैन ।

कसले थाहा पाउनेछ ? मानिसहरूले मन पढ्न सक्दैनन् तर परमेश्वरले सक्नुहुन्छ र पढ्नु पनि हुन्छ ।

त्यसको साथसाथै तपाईंले कहिल्यै अश्लील कुराहरू हेर्नुभएको छ भने यो आज्ञा उल्लङ्घन गर्नुभएको छ। धेरै थरिका सञ्चार माध्यमहरू, सङ्गीतलगायतले तपाईंलाई कामुक बनाउन सक्दछन् । अनि हामी दुष्ट सोचाइहरूप्रति यति चेतानशून्य र असम्वेदनशील हुन सक्दछौं कि तिनले अन्त्यमा काम नै गर्न लगाउन सक्दछन् ।

पहिलो हेराइ खराब हेराइ होइन, तर दोश्रो हेराइचाहिँ खराब हेराइ हो भनेर भनिएको छ। हेराइले तपाईंको ध्यान खिच्ने होइन, तर एकटकको हेराइले पो तपाईंको ध्यान खिच्दछ त । तपाईंले कतिपटक कसैलाई दोश्रो पटक पनि हेर्नुभएको छ ? त्यसले तपाईंलाई परमेश्वरले तोक्नुभएको स्तरअनुसार दोषी बनाइदिन्छ ।

अमेरिकामा हरेक ४८ सेकेण्डमा एउटा बलात्कारको घटना घट्दछ। हाम्रो संस्कृतिमा रहेको अनियन्त्रित कामबासनाको कारण यौनसम्पर्कबाट सर्ने रोगहरू असाध्यै फैलिएका छन् ।

कामुकताले तपाईंलाई परमेश्वरदेखि अलग पार्दछ र तपाईंलाई यस्तो ठाउँमा लैजान्छ जहाँ तपाईं वास्तवमै जान चाहनुहुन्न । आफैसँग यो प्रश्न सोध्नुहोस्: मैले सोच्ने वा हेर्ने कुराहरूद्वारा के मैले आफूलाई परमेश्वरसँगको सम्बन्धमा खतरामा पारेको छु ?

## आठौं आज्ञा

तैंले चोरी नगर्नू। प्रस्थान २०:१५

कुनै कम मूल्यको वस्तु छ भने, कहिलेकाहीँ हामीले त्यो चोर्नुलाई वास्तवमा "चोरी गर्नु" हो भनी ठान्दैनौं, तर चोरी भनेको चोरी हो, वस्तुको मूल्यसँग त्यो सम्बन्धित हुँदैन। तपाईंले सानो छँदा आमाको थैलीबाट १ रूपैयाँ चोर्नुभएको होस् वा २० रूपैयाँ चोर्नुभएको होस्, त्यो चोरी नै हो।

यदि तपाईंले विद्यालयको परीक्षामा चोर्नुभएको थियो भने, अरू कसैको कपीबाट जवाफ चोर्नुभयो। तपाईंले आफूले तिर्नुपर्ने करमा छल गर्नुभएको छ भने, तपाईंले सरकारको चोरी गरिरहनुभएको हुन्छ। काम गर्ने ठाउँमा समय चोर्नु पनि चोरी नै हो।

वास्तवमा बाइबलले शैतानलाई चोर भनेर व्याख्या गर्दछ, तर हामी सबैले त्यही काम गरेका छौं। अपराधीहरूले चोर्दछन्। यदि मैले चोरेको छु भने, त्यसले मलाई एक अपराधी बनाइदिन्छ: एउटा चोर।

म कलेजमा छँदा, एउटा छुट्टीमा फ्लोरिडा जाँदाखेरि, केही साथीहरू र म मेरो कारमा इन्धन राख्न रोकियौं। मैले इन्धन राखेँ र पैसा तिर्नलाई गएँ। म कारमा फर्किआएपछि, एकजना फुटबल खेलाडीले मलाई छिट्टो कार चलाउन ठूलो सोरले अह्रायो।

मैले त्यसो नै गरेँ, तर कार चलाउँदै गर्दा मैले उसलाई कारण सोधेँ। उसले भन्यो कि म पैसा तिर्नलाई भित्र जाँदा, ऊ नजीकैको एउटा पसलमा गएछ र एक बाकस बियर चोरर ल्याइ कारमा राखेछ।

मैले कार हुइँक्याउँदै गर्दा, मेरो मुटु पनि तीव्र गतिले धड्किन थाल्यो। म किन फर्केर गइनँ ? किन मेरो मुटु तीव्र गतिमा धड्किइरहेको थियो ? मेरो शरीरको सबै कुराले मलाई भन्यो कि हामीले भर्खरै गरेका काम गलत थियो, तर पनि मैले कार चलाइरहेँ।

बाइबलले यसो भन्दछ:

> किनकि जब अन्यजातिहरूले, जससँग व्यवस्था छैन, स्वभावैले व्यवस्थामा भएका कुराहरू गर्दछन्, तब तिनीहरूसँग व्यवस्था नभए तापनि तिनीहरू आफ्ना निम्ति आफै व्यवस्था हुन्छन्; तिनीहरूले आफ्नै हृदयमा व्यवस्थाको काम लेखिएको देखाउँछन्; तिनीहरूको विवेकले पनि गवाही दिन्छ, र तिनीहरूका विचारहरूले आपसमा दोषी वा निर्दोष ठहऱ्याउँछन्....रोमी २:१४-१५

परमेश्वरले उहाँको व्यवस्था मानवजातिको हृदयमा लेखिदिनुभएको छ भनी यहाँ उहाँले प्रष्ट रूपमा उल्लेख गर्नुहुन्छ, र हाम्रो विवेक (ज्ञान) ले सही र गलतको ज्ञानद्वारा साक्षी दिनेछ।

हामीले यसलाई उल्लेख गर्न नचाहे तापनि, हामीलाई हाम्रो पापको ज्ञान हुन्छ । कुनै कुरा गलत गर्दा हामी थाहा पाउँदछौं ।

एक पटक मैले एकजना मिसिनरीको भिडियो हेरेँ जसले पपुआ न्यूगिनीमा काम गरिरहेका थिए । ती मिसिनरीले यो कुरा उल्लेख गरे कि त्यस क्षेत्रका मानिसहरूसँग कुनै पनि लिखित भाषा थिएन; सबै कुरा मुखको वचनले नै सिकाइन्थ्यो ।

तर चाखलाग्दो कुरा के भने, तिनीहरूसँग जिउनको लागि एउटा मौखिक आचारसंहिता थियो । तिनीहरूका नियमहरूमध्ये एउटाचाहिँ आफ्नो छिमेकीको श्रीमतीलाई नछुनू थियो । यो त व्यभिचार नगर्नू भन्ने सातौं आज्ञाजस्तो देखिन्छ ।

अर्को नियमचाहिँ अरूका चीजबीज लिनुहुँदैन भन्ने थियो । आठौं आज्ञाले यही कुरा बताउँदछ जब यसले चोरी नगर्नू भन्दछ । अन्य नियमहरूचाहिँ मानिसहरूको हत्या नगर्नू वा तिनीहरूको बारेमा झूटो कुराहरू नबोल्नू थिए ।

ती गाउँलेहरूसँग लिखित सञ्चारको माध्यम नभए तापनि, परमेश्वरको व्यवस्था तिनीहरूका हृदयमा लेखिएका थिए, र तिनीहरूलाई असल र खराबको ज्ञान थियो ।

मैले एउटा विशाल बजारमा एकजना जवान मानिससँग कुरा गरिरहँदा, उसले कहिल्यै कुनै कुरा चोरेको थियो कि भनी मैले उसलाई सोधेँ । उसले उपहार पसलमा काम गर्ने आफ्नी दिदीलाई लिन जाँदाखेरिको एउटा घटनाको बारेमा मलाई बतायो । ऊ त्यो विशाल बजारमा हिँड्दै गर्दा, सुरक्षा गर्ने पाले बजारको अर्को छेउमा भएको उसले देख्यो र त्यो पसलमा सुरक्षाको लागि क्यामराहरू राखिएका थिएनन् भन्ने उसलाई थाहा थियो ।

उसले आफ्नी दिदीलाई पर्खिरहँदा, चाबी राख्ने कमारो सिक्री झुण्डिरहेको देख्यो । उसकी आमासँग त्यस्तै सिक्री थियो र उसले उनलाई त्यो चाबी राख्ने सिक्री लगिदिन चाहन्थ्यो । त्यसको मूल्य कति थियो र - १२० रूपैयाँ ? तैपनि उसले त्यो सिक्री खल्तीमा राख्यो र त्यहाँदेखि टाढा जानलाई हिँड्न थाल्यो ।

उसले यो कुरा स्वीकार गर्‍यो कि अचानक उसको मुटुको गति तीव्र भयो र उसको निधारमा पसिनाका स-साना थोपाहरू देखा परे ।

मैले सोधेँ, "अनि तपाईंले के गर्नुभयो ?" उसले भन्यो कि ऊ तुरुन्तै फर्केर गयो र खल्तीबाट त्यो सिक्री निकालेर जहाँको त्यहीँ झुण्ड्याइदियो । त्यसपछि उसको मुटुको धड्कन घट्न थाल्यो र पसिना पनि निस्कन छोड्यो ।

चोरी गर्नु गलत थियो भन्ने कुरा यो जवान मानिसलाई कसैले पनि भन्नुपरेन । उसको सम्पूर्ण शरीरले नै खतराको घण्टी बजाइरहेको थियो - परमेश्वरले हामीलाई त्यसरी नै बनाउनुभएको थियो भनी उहाँले भन्नुभयो: उहाँले हाम्रा हृदयमा व्यवस्था लेखिदिनुभएको छ !

आफैसँग यो प्रश्न सोध्नुहोस्: के मैले मेरो जीवनमा सानो वा ठूलो कुनै कुरा चोरेको छु ? त्यसले त मलाई पवित्र, धर्मी परमेश्वरको नजरमा चोर बनाइदिन्छ ।

## नवौं आज्ञा

तैंले आफ्नो छिमेकीको विरुद्धमा झूटो साक्षी नदिनू । प्रस्थान २०:१६

शिकागो सन-टाइम्समा लेखिएको एउटा शीर्षक यस्तो थियो, "सत्य यो हो - सबैले ढाँट्दछन् !" के यो साँचो हो ?

केही मानिसहरूले "सेता झूटहरू" मात्र बोलेको भनी दावी गर्दछन् । तर हाम्रा झूटहरूको रङ्गद्वारा परमेश्वर प्रभावित हुनुहुन्छ भन्ने मलाई कत्ति पनि लाग्दैन ।

हाम्रो सारा न्यायिक प्रणाली यो शर्तमा आधारित हुन्छ कि साक्षीहरूले "सत्य बताउनेछन् - पूर्ण सत्य, र अरू केही नभई सत्य मात्र ।" अदालतमा झूट बोल्ने कार्य एउटा घोर अपराध हो: सत्य नै थाहा हुँदैन भने कसरी त्यहाँ न्याय हुन सक्दछ ?

एउटा सर्वेक्षणले यो कुरा पत्ता लगायो कि सम्पूर्ण अमेरिकीहरूमध्ये ९१ प्रतिशतले नियमित रूपमा झूट बोल्ने कुरा स्वीकार गर्दछन् । कोही-कोहीले झूटो नबोलेको -सत्यलाई अलिकति तन्काएको मात्र हो - भनी जोर दिन सक्दछन् । तर हामीले सत्यलाई कतिसम्म तन्काएपछि मात्र त्यो झूट बन्दछ त ?

आफ्नो फाइदाको लागि सत्यको अंश छुटाउनु पनि झूट बोल्नु हो । झूटो भनिँदै छ भन्ने हामी जान्दछौं र हामीले त्यसलाई त्यत्तिकै छोडिदिन्छौं भने, हामीले पनि झूट बोल्दछौं ।

अनि एउटा मात्र झूट बोल्नुले पनि हामीलाई ढँटुवा बनाइदिन्छ ।

सन् २००० मा समवयस्कहरूको माझमा सञ्चालन गरिएको एउटा सर्वेक्षणमा, दशजना विद्यार्थीहरूमध्ये सातजनाले गत महिनाभित्रको एउटा

परीक्षामा चिट चोरेको स्वीकार गरे । सारमा, तिनीहरूले परीक्षामा लेखेका जानकारी तिनीहरूलाई थाहा थियो जस्तो देखाएर झूट बोले ।

कहिलेकाहीँ हामी झूट बोल्दछौं किनभने सत्य बोल्नुभन्दा त्यसो गर्नु नै सजिलो हुन्छ भन्ने हामीलाई लाग्दछ । हामीलाई लाग्दछ । तर झूट बोल्नुबारे परमेश्वरले के सोच्नुहुन्छ ?

> तर डराउनेहरू, विश्वास नगर्नेहरू, घिनलाग्दाहरू, हत्याराहरू, व्यभिचारीहरू, टुनामुना गर्नेहरू, मूर्तिपूजा गर्नेहरू र **सबै झूट बोल्नेहरू**को भागचाहिँ आगो र गन्धकले जलिरहेको कुण्डभित्र हुनेछ; यो दोश्रो मृत्यु हो ।" प्रकाश २१:८

मैले दश आज्ञाहरूको अध्ययन गर्दा महसुस गर्न थालेका कुराहरूमध्ये एउटाचाहिँ यो हो कि मैले भन्दा परमेश्वरले पापलाई अझ बढी गम्भीर रूपमा लिनुहुन्छ ।

येशूले यसो भन्नुभयो:

> ....हरेक व्यर्थको कुरा, जो मानिसहरूले बोल्लान्, न्यायको दिनमा तिनीहरूले त्यसको लेखा दिनेछन् । किनभने तिमी आफ्नै वचनहरूद्वारा धर्मी ठहरिनेछौ, र आफ्नै वचनहरूद्वारा दोषी ठहरिनेछौ । मत्ती १२:३६-३७

हामीले बोल्ने हरेक व्यर्थको वचनलाई न्यायको दिनमा हाम्रो विरुद्धमा उठाइनेछ । यदि व्यर्थका वचनहरूको न्याय गरिन्छ भने, क्रूर वचनहरूको नि ? अपवित्र वचनहरू नि ? ईश्वरनिन्दाका वचनहरू नि ?

बाइबलले हामीलाई हाम्रो बोली सरल, प्रष्ट र ईमानदार राख्न अह्राउँदछ:

> ....तिमीहरूको वचन 'हो' चाहिँ 'हो', 'होइन' चाहिँ 'होइन' रहोस्; किनकि यीभन्दा बढ्ता जे पनि दुष्टताबाटकै हो । मत्ती ५:३७

बाइबलमा, एकजना प्रत्यक्षदर्शी साक्षीले कसैलाई कुनै अपराधको दोष लगाउन सक्दैनथ्यो । त्यो साक्षीले झूट बोलिरहेको वा गल्ती गरेको हुन सक्दछ । त्यसैले कुनै व्यक्तिलाई दोष लगाउनको निम्ति दुई वा तीनजना साक्षीहरू चाहिन्थ्यो ।

अनि अझै चाखलाग्दो एउटा कुरा छ: यदि कसैलाई मृत्युदण्ड दिइन्थ्यो भने - सामान्यतया ढुङ्गाले हानेर - सुरुमा कसले ढुङ्गाले हान्नुपर्दथ्यो भन्ने के तपाईंलाई थाहा छ ? तिनै साक्षीहरूले !

किन ? साक्षीहरूलाई झूट बोल्नदेखि निरुत्साहित पार्नको लागि । परमेश्वरले यो व्यवस्था दिनुहुँदा उहाँलाई यो कुरा थाहा थियो कि कसैको बारेमा झूटो बोल्न इच्छुक हुने मानिसहरू - शत्रुता वा बदला वा पैसाको लागि - त्यो मानिसको सामु उभिन र उसलाई मार्ने प्रयासमा उसको टाउकोमा ढुङ्गाले हान्न इच्छुक हुँदैनथे ।

अनि यदि तिनीहरूले अर्धहृदयले ढुङ्गा फाल्दथे वा आरोपीको सामु जाँदा तिनीहरू लज्जित भएका देखिन्थे भने, त्यो दोषी व्यक्तिविरुद्धको तिनीहरूको गवाहीमा शङ्का गरिन्थ्यो र झूटो दोष लगाउनेलाई हत्या गर्ने प्रयास गरेकोमा सजाय दिइन्थ्यो ।

परमेश्वरले साँचो न्याय चाहनुहुन्थ्यो, झूटो होइन । तपाईंका वचनहरूलाई न्यायको दिनमा कसरी जाँच गरिनेछ त ?

परमेश्वरको वचनले हामीलाई यो चेताउनी दिन्छः

> ....हेर, तिमीहरूले परमप्रभुको विरुद्धमा पाप गरेका छौ; र तिमीहरूको पापले तिमीहरूलाई फेला पार्नेछ भन्ने कुरामा निश्चित होओ । गन्ती ३२:२३

हामीले प्रायः यस्तो सोच्दछौं कि हामीले हाम्रा पापहरू लुकाउन सक्दछौं, तर हाम्रा पापहरूले अवश्य हामीलाई फेला पार्नेछन् । सर्वशक्तिमान् परमेश्वरको नजरमा सबै कुरा छर्लङ्ग हुन्छन्:

> ....सृष्टिको कुनै वस्तु उहाँका नजरबाट छिपेको छैन; तर जसलाई हामीले हिसाब बुझाउनु छ, उहाँका आँखाको सामु सबै थोक नाङ्गा र खुला हुन्छन् । हिब्रू ४:१३

जर्जिया टेकका पूर्व फूटबल प्रशिक्षक जर्ज ओलेरीलाई उनले “सपना देखेका काम” गर्न प्रस्ताव गरियो : नोट्रे डेमको विश्वविद्यालयका प्रमुख प्रशिक्षक । तिनले गरेका पत्रकार सम्मेलनमा तिनको अनुहार हेर्दा तिनी कति उत्साहित भएका थिए भन्ने कुरा देख्न सकिन्थ्यो ।

तिनको गृहनगरको कुनै भलादमीले स्थानीय पत्रिकामा तिनको बारेमा एउटा सकारात्मक लेख लेख्न चाहे । त्यसैले ती सम्वाददाताले तिनको छोटो वैयक्तिक विवरण पाए, सबै कुराहरूको जाँच गरे, र तिनको शिक्षाको बारेमा दुईवटा बेमेलका कुराहरू भेट्टाए ।

यो कुरा प्रष्ट भयो कि ओलेरीले पहिला प्रशिक्षकको काम पाउनको लागि झूटो वैयक्तिक विवरण लेखेका रहेछन् र त्यसलाई कहिल्यै पनि परिवर्तन

गरेका रहेनछन् । त्यो आँधी केवल छ दिनमा चरमोत्कर्षमा पुग्दासम्म, तिनले राजिनामा दिए - तीस वर्ष पहिला आफ्नो वैयक्तिक विवरणमा भएको कुनै कुराको कारणले ।

समयले पापलाई क्षमा गर्दैन । त्यस्तो हुन्छ भनी सोच्न हामी मन पराउँदछौं, तर त्यस्तो हुँदैन । यदि जर्जले ती झूटहरू सच्याएका भए, तिनलाई असलै हुनेथियो ।

के हामीसँग परमेश्वरको सामु हाम्रा पापहरू सच्याउने कुनै तरिका छ ? हामीले भर्खरै प्रकाश २१:८ पढेका हुनाले, जसले यसो भन्दछ, "सबै झूट बोल्नेहरूको भागचाहिँ आगो र गन्धकले जलिरहेको कुण्डभित्र हुनेछ," त्यो समयभन्दा अगावै हाम्रा झूटहरू सच्याउने कुनै तरिका छ कि भन्ने कुरा हामीले थाहा पाउनुपर्दछ ।

उन्नाइसौं शताब्दीका महान् प्रचारक चार्ल्स स्पर्जन, जो २१ वर्षको उमेरमै लण्डनका सबैभन्दा प्रख्यात प्रचारक भएका थिए र जसले ४० वर्षभन्दा बढी समयसम्म हरेक आइतबार हजारौं मानिसहरूलाई प्रचार गरे,[६१] तिनले यसो भनेका छन्:

परमेश्वरविरुद्धको सबैभन्दा सानो पाप पनि यति असत्य हुन्छ कि, यदि नरकको आगो निभाइन्छ भने, एउटा पापले त्यसलाई पुनः सल्काइदिन सक्दछ ।[६२]

परमेश्वरले झूट बोल्ने कार्यलाई अत्यन्त गम्भीर रूपम लिनुहुन्छ । के तपाईंले पनि त्यस्तो गर्नुहुन्छ ? आफैसँग यो प्रश्न सोध्नुहोस्: के मैले जीवनभरिमा कहिल्यै एउटा मात्र भए पनि झूट बोलेको छु ? यदि बोलेको छु भने, त्यसले मलाई सर्वशक्तिमान् परमेश्वरको सामु एक ढँटुवा बनाइदिन्छ ।

## दशौं आज्ञा

तैँले आफ्नो छिमेकीको घरको लालच नगर्नू । तैँले आफ्नो छिमेकीको स्वास्नीको लालच नगर्नू, तेरो छिमेकीको कमारा, कमारी, गोरु, गधा वा त्यसको कुनै पनि थोकको लालच नगर्नू । प्रस्थान २०:१७

लालच गर्नु - हाम्रो अधिकारमा नरहेको कुनै कुराको चाह गर्नु - ले हाम्रो जीवनमा पापहरूको बाढी नै आउने ढोका खोलिदिन्छ ।

हामीले चोर्नुभन्दा पहिला लालच गर्दछौं । हामीले व्यभिचार गर्नुभन्दा पहिला कसैको लालच गर्दछौं । हामीले कुनै कुराको लालच गर्दछौं र

त्यसलाई पाउनको लागि हाम्रा बाबुआमाको वा देशको कानूनको अवज्ञा गर्ने परीक्षामा पर्दछौं ।

लालच गर्नु भनेको जीवनका धनसम्पत्तिहरू वा जीवनका परिस्थितिहरू - सफलता, विवाह, ख्याति - गलत तरिकाले हासिल गर्न अति लोभ गर्नु हो ।

विज्ञापनहरूले मानिसहरूका आशाहरू र चाहनाहरूमा काम गर्दछन् र तिनीहरूलाई कुनै निश्चित वस्तु किन्न चाहने बनाइदिन्छन् । तर यदि त्यो आशा वा चाहना ती मानिसहरूमा जागृत गराइन्छ जसले त्यो विज्ञापन गरिएको कुरालाई उचित तरिकाले र कानूनी रूपमा हासिल गर्न सक्दैन भने, तिनीहरूले लालच गर्न सुरु गर्न सक्दछन् - अरूसँग भएको कुराको ईर्ष्या गरेर ।

अर्को गलत कदम भनेको नकमाईकन वा केही पनि नगरीकन आफूले चाहेको कुरा लिनु हो ।

परमेश्वरले तपाईंको हृदयमा हेरिरहनुभएको छ । के तपाईंले जीवनमा कहिल्यै यो आज्ञा उल्लङ्घन गर्नुभएको छ ?

परमेश्वरले हामीलाई यसो भन्नुहुन्छः

> किनकि हामी सबै अशुद्ध कुराजस्तै छौं, र हाम्रा सबै धार्मिकताहरू फोहोर झुत्राजस्तै छन्; अनि हामी सबैजना पातझैं ओइलाउँदछौं; अनि हाम्रा अधर्महरूले हामीलाई बतासले झैं उडाएर लगेका छन् । यशैया ६४:६

हाम्रो पाप परमेश्वरको लागि दुर्गन्ध बनेको छ । हामी सबै अशुद्ध छौं । हामीले करोडौं असल कामहरू गर्न सक्दछौं, तर तीसँग हाम्रो जीवनबाट एउटा पाप पखाल्ने पनि शक्ति हुँदैन ।

जेरी स्प्रिङ्गरले एक पटक यसो भनेका थिएः

> धेरै मानिसहरूले म स्वर्ग जानेछु भनी हौसला दिइरहेका छन् । किन ? किनभने म जान्छु भने, सबैजना जान्छन् !

स्प्रिङ्गर यसको बारेमा ठट्टा गर्न चाहन्छन् होला, तर यो कुनै ठट्यौली होइन । यसो भनेर तिनले यो कुरा प्रकट गर्दछन् कि अधिकांश मानिसहरूले स्वर्ग जानेसम्बन्धी परमेश्वरको स्तर भनेको तपाईं असल हुनुपर्दछ भन्ने हो भन्ने कुरा कम्तिमा पनि तिनलाई थाहा रहेछ - तर तिनले त्यो स्तरलाई गम्भीर रूपमा लिइरहेका छैनन् ।

अनि अब तपाईंलाई त्यो स्तर थाहा छ, र आफैसँग सोध्नुपर्ने प्रश्न यो हो: म कुन अवस्थामा छु ?

मार्क ट्विनले यसो भने:

> मलाई सबैभन्दा दुःख दिने कुरा भनेको मैले नबुझ्ने बाइबलको खण्ड होइन । मैले बुझ्ने बाइबलको खण्डले नै मलाई सबैभन्दा दुःख दिन्छ ।

कस्तो भनाइ ! हामीमध्ये कसैलाई पनि परमेश्वरको वचनबारे सबै कुरा थाहा हुँदैन । तर हामी प्रत्येकले दश आज्ञाहरू अर्थात् व्यवस्थामा हेर्दा, हामीले यो कुरा सबैभन्दा दुःखद पाउँदछौं कि हामीले तीमध्ये एउटा मात्र उल्लङ्घन गऱ्यौं भने, हामीले ती सबै उल्लङ्घन गरेजस्तै हुन्छ ।

के ? के यो साँचो हो ?

परमेश्वरले यसको बारेमा भन्नुहुने कुरा यस प्रकार छ:

> ....जसकसैले सम्पूर्ण व्यवस्था पालन गर्दछ, तर पनि एउटै कुरामा चुक्यो भने, ऊ सबै कुरामा दोषी ठहरिएको छ । याकूब २:१०

तपाईंलाई छक्क पार्न सक्ने अर्को कुरा यो हो कि धार्मिक हुनु, वा असल कामहरू गर्नु, वा कुनै झुण्ड वा सम्प्रदायको सक्रिय सदस्य हुनु, वा असल कुराहरू दान गर्नुले हामी स्वर्ग जानेछौं कि जानेछैनौं भन्ने कुरामा कत्ति पनि प्रभाव पार्दैनन् ।

यसबारे येशूले भन्नुभएको कुरा यस प्रकार छ:

> मलाई 'हे प्रभु, हे प्रभु' भन्ने हरेक स्वर्गको राज्यमा पस्नेछैन, तर त्यो पस्नेछ, जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्छ । त्यस दिन धेरैले मलाई भन्नेछन्, 'हे प्रभु, हे प्रभु, के हामीले तपाईंको नाउँमा भविष्यवाणी गरेनौं र ? अनि के तपाईंकै नाउँमा अनेकौं अचम्भका कामहरू गरेनौं र ?' अनि तब म तिनीहरूलाई खुल्लमखुल्ला भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ; हे कुकर्म गर्नेहरूहो, मदेखि टाढा होओ !" *मत्ती ७:२१-२३*

यदि धार्मिक हुनुले हामीलाई सहायता गर्दैन भने, केले गर्नेछ त ? बाइबलको यो खण्डले हामीलाई यो कुरा थाहा गराउँदछ कि नरकले धेरै मानिसहरूलाई छक्क पार्नेछ । के तपाईं पनि तिनीहरूमध्ये एक हुनुहुनेछ ?

अनन्त सत्यतासम्बन्धी हाम्रो खोजी सही जवाफको नजीक पुगिरहेको छ ।

अध्याय ६

# खराब खबर

बुद्धिमान् मानिसले मानिसहरूले सोच्ने कुराको भन्दा
सत्यको वास्ता गर्नुपर्दछ ।
– अरिस्टोटल, दर्शनशास्त्री,
ईशापूर्व ३८४-३२२

अदालतमा रहेको एकजना मानिसको कल्पना गर्नुहोस् जो एक ढँटुवा, चोर, हत्यारा र बलात्कारी हो । तर केही मानिसहरू उभिन्छन् र ऊ त पल्लो घरको असल छिमेकी थियो भन्ने प्रमाण दिन्छन्: उसले आफ्नो आँगन सफा राख्दथ्यो, छिमेकमा मानिसहरूलाई आपत-विपतमा सहायता गर्दथ्यो, र ऊ सदैव समयमै काममा जान्थ्यो ।

के न्यायाधीशले यी असल कामहरूको कारण उसलाई छोडिदिनेछन् ? तपाईं र म दुवैलाई थाहा छ कि एक असल न्यायाधीशले कुनै पनि हालतमा उसलाई छोडिदिनेछैनन् ।

एक असल न्यायाधीशले उचित तरिकाले न्याय गर्नुपर्दछ । त्यो मानिसले कानून उल्लङ्घन गरेको छ र उसले परिणामहरू भोग्नुपर्दछ । उसले कानून उल्लङ्घन गर्दा, उसलाई त्यो कानूनको ज्ञान थियो, त्यसैले त्यो उसको लागि अचम्भको कुरा हुँदैन । उसले त पक्राउ पर्नेछैनँ भन्ने मात्र आशा गरेको थियो ।

न्यायाधीशहरूले उचित फैसलाहरू गर्नुपर्दछ भन्ने कुरा हामी जान्दछौं । अनि हामीलाई राम्रोसँग थाहा छ कि त्यो न्यायाधीशले उचित फैसला गरोस् भन्ने हामी चाहन्छौं - विशेष गरी यदि त्यो आरोपीले हाम्रो विरुद्धमा केही गरेको छ भने ।

त्यसैले त्यसको अर्थ यो होइन र : यस संसारका न्यायी परमेश्वरले पनि हामी उहाँको सामु उभिँदा उचित फैसलाहरू गर्नुपर्नेछ ?

हामी सबैले यस संसारमा न्याय होस् भन्ने चाहन्छौं । समस्याचाहिँ यो छ कि हामी प्रत्येकले यो जीवनको अन्तमा एकजना न्यायी न्यायाधीशको सामना गर्नेछौं, तर के त्यो न्याय हामीले त्यति बेला चाहने जस्तै हुनेछ ?

दश आज्ञाहरूको पुनरावलोकन गरेपछि, हामीले सोच्न सक्दछौं कि हामीले तीमध्ये थोरैवटा मात्र उल्लङ्घन गरेका छौं भने हामी त्यति साह्रै खराब छैनौं । हामीले निशाना चुकाएका हुन सक्दछौं, तर हामीले अबदेखि अलिकति बढी मेहनत गर्न सक्दछौं भन्ने हामी ठान्दछौं ।

तैपनि, मैले केही बेर पहिला उद्धृत गरेअनुसार:

....जसकसैले सम्पूर्ण व्यवस्था पालन गर्दछ, तर पनि एउटै कुरामा चुक्यो भने, ऊ सबै कुरामा दोषी ठहरिएको छ । याकूब २:१०

त्यसैले यदि हामीले दश आज्ञाहरूमध्ये एउटा मात्र उल्लङ्घन गरेका छौं भने, हामीले ती सबै उल्लङ्घन गरेजस्तै हुन्छ । त्यो स्तरअनुसार जिउनु अत्यन्त कठिन हुन्छ ।

त्यो स्तरअनुसार, एडोल्फ हिटलर, मदर टेरेसा, जोसेफ स्टालिन, बिल्ली ग्राहम, तिमोथी म्याकभेग, ओसामा बिन लादेन, तपाईं र म: हामी सबैजना दोषी पाइन्छौं ।

पृथ्वीमा रहेका हामी सबै ६ अर्ब मानिसहरू दोषी छौं भन्ने कुरा थाहा पाउँदा म आश्चर्यचकित भएँ ।

त्यसो हुनुको कारण यो हो कि परमेश्वरले व्यवस्थामा हाम्रो लागि तोकिदिनुभएको स्तरअनुसार हामी कोही पनि जिउँदैनौं ।

हामी सबैजना दोषी छौं । मैले मेरा पापहरूद्वारा परमेश्वरलाई चिढ्याएको छु । तपाईंले पनि तपाईंका पापहरूद्वारा परमेश्वरलाई चिढ्याउनुभएको छ । हामी सबैजना एउटै डुङ्गामा छौं ।

अनि हाम्रो पापको गम्भीरतालाई कामद्वारा मात्र होइन, तर त्यो कसको विरुद्धमा गरिएको थियो भन्ने कुराद्वारा पनि नापिन्छ : सर्वशक्तिमान् परमेश्वरको विरुद्धमा ।

के यो साँचो हो ? के हामीले अन्य मानिसहरूको विरुद्धमा मात्र नभइ परमेश्वरको विरुद्धमा पनि पाप गरेका छौं ? छौं, बाइबलले यो कुरा प्रष्ट पार्दछ ।

उदाहरणको लागि, दाऊद राजाले एकजना मानिसकी श्रीमती चोरे जति बेला उनको श्रीमान् शत्रुसँग लडिरहेको थियो । त्यसपछि उनी गर्भवती भइन् । त्यसैले दाऊदले उनको श्रीमान्लाई रणभूमिबाट फिर्ता बोलाए, यो सोचेर कि ऊ उसकी श्रीमतीसँग रहनेथियो, र त्यसपछि त्यो गर्भको शिशु उसको जस्तो देखिनेथियो ।

तर त्यो मानिस असल र आदर गर्ने मानिस थियो, त्यसैले दाऊदलाई भेट्न आउँदा, ऊ एउटा कुनामै सुत्यो र घर गएन ।

अनि तिनीहरूले दाऊदलाई "उरियाह त आफ्नो घरमा गएको छैन" भन्दाखेरि दाऊदले उरियाहलाई भने, "के तिमी यात्राबाट आएका होइनौ ? किन तिमी आफ्नो घर गएनौ ?"
अनि उरियाहले दाऊदलाई भन्यो, "सन्दूक, इस्राएल र यहूदा पालहरूमै छन्; अनि मेरा मालिक योआब र मेरा मालिकका दासहरू खुल्ला मैदानमा तम्बूमा छन्; त म कसरी खान र पिउन र मेरी स्वास्नीसित सुत्नलाई मेरो घरमा जाऊँ ? तपाईं जीवित भइञ्जेलसम्म, र तपाईंको प्राण जीवित भइञ्जेलसम्म, म यो काम गर्नेछैनँ ।" *२ शमूएल ११:१०-११*

अँ, अन्तमा, परमेश्वरले दाऊदको सामु जान र तिनले गरेका पाप तिनलाई देखाइदिन एकजना भविष्यवक्ता पठाउनुभयो । तबसम्म, तिनले आफू राजा भएको र जे मन लाग्यो त्यही गर्न सक्ने ठानेका थिए ।

तर त्यो कुरा परमेश्वरको दृष्टिकोणबाट तिनलाई देखाइँदा, त्यसले तिनलाई तिनले गरेका कामको वास्तविकता प्रकट गरिदियो । तिनको प्रतिक्रियालाई २ शमूएल ११ अध्यायमा र प्रार्थनाको भजनमा उद्दरण गरिएको छ जसमा दाऊदले त्यसको बारेमा परमेश्वरलाई बताए:

तपाईंको विरोधमा, केवल तपाईंको विरोधमा मैले पाप गरेको छु, र तपाईंको दृष्टिमा यो खराबी गरेको छु; यस कारणले कि तपाईं बोल्नुहुँदा धर्मी र न्याय गर्नुहुँदा सच्चा ठहरिनुहुनेछ । भजनसङ्ग्रह ५१:४
समस्या के हो भने, हामीमध्ये अधिकांशले त्यस प्रकारले सोच्दैनौं ।

म एक पटक बास्केटबल भोजमा बोलिरहेको थिएँ जसमा दुई कक्षादेखि माध्यमिक तहसम्मका बालबालिका सहभागी थिए । अब म दुई कक्षाका बालबालिकालाई त्यति धेरै प्रचार गर्दिनँ, त्यसैले तिनीहरूको लागि के गर्ने भन्ने कुरामा म त्यति निश्चित थिइनँ ।

म बोल्न थालेपछि, दुई कक्षामा पढ्ने जति सबैजना मैले बोलेको सुन्न मञ्चको वरिपरि झुम्मिए । मैले दश आज्ञाहरू प्रत्येकको बारेमा व्याख्या गरेँ । त्यसपछि मैले केही व्यक्तिहरूको नाउँ काढेँ र त्यो भीडलाई सोधेँ, दश आज्ञाहरूको स्तरअनुसार, र एउटा मात्र आज्ञा उल्लङ्घन गर्नाले पनि दोषी भइन्छ भन्ने थाहा पाएपछि, त्यो स्तरअनुसार ती सबै मानिसहरू के हुन्छन् त ?

त्यसैले मैले तिमोथी म्याकभेग, हिटलर, ओसामा बिन लादेन नाउँहरू उल्लेख गरेँ र वास्तवमा सबैजना चिच्चाए, "दोषी ।" त्यसपछि मैले मदर टेरेसाको नाउँ उल्लेख गरेँ र त्यो स्तरअनुसार उनी न्यायको दिनमा दोषी हुनेछिन् कि निर्दोष हुनेछिन् भनी भीडलाई सोधेँ ।

मैले त्यसो गर्दा सदैव रमाइलो हुन्छ किनभने केही मानिसहरू "दोषी" भन्दै चिच्चाउँदछन् र अरूचाहिँ "निर्दोष" भनेर चिच्चाउँदछन् । हाम्रो मनमा, केही मानिसहरूको प्रभाव परेको हुन्छ जसलाई भङ्ग गर्न कठिन हुन्छ ।

यो कार्यक्रममा, मानिसहरूले दुवै जवाफहरू भनिरहेका थिए । अचानक दुई कक्षाको एकजना विद्यार्थीले उभिएर भन्यो, "एकछिन है, सर । उनले जीवनमा कम्तिमा पनि एक पटक झूट बोलिन् होला भन्ने तपाईं ठान्नुहुन्न ?" आहा ! दुई कक्षाको त्यो विद्यार्थीले सत्य थाहा थियो, तर धेरैजना वयस्कहरूलाई भने थाहा थिएन ।

किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमारहित हुनगएका छन् । रोमी ३:२३

जस्तो लेखिएको छः 'धर्मी कोही छैन, एउटै पनि छैन ।' रोमी ३:१०

दश आज्ञाहरूको स्तरअनुसार, हामी कसैले पनि "निर्दोष" भन्न सक्दैनौं ।

एक दिन एउटा हवाइयात्रामा, म हवाइसेनाको एकजना वैज्ञानिकसँग बसिरहेको थिएँ । ऊ अत्यन्त उत्सुक भयो र परमेश्वरसम्बन्धी र बाइबलको विश्वसनीयतासम्बन्धी प्रमाणहरूबारे जानकारी जान्न चाह्यो ।

उसले एक पटक प्रमाण सुनेपछि, स्वर्ग जानको लागि के गर्नुपर्दछ भनी उसले जान्न चाह्यो । त्यसैले मैले ऊसँग दश आज्ञाहरूको बारेमा कुरा गरेँ । मैले सोधेँ, के तपाईंले कहिल्यै झूट बोल्नुभएको छ ?" उसले जवाफ दियो, "छु ।" मैले भनेँ, "त्यसैले तपाईंले झूट बोल्नुभएको थियो भने, त्यसले तपाईंलाई के बनाइदिन्छ त ?" उसले भन्यो, "मानिस ।" अत्यन्त असल जवाफ । अनि अत्यन्त साँचो पनि !

मैले भनेँ, "यदि कसैले हत्या गर्दछ भने, ऊ एक हत्यारा हो । यदि कसैले बलात्कार गर्दछ भने, ऊ एक बलात्कारी हो । यदि तपाईंले झूट बोल्नुहुन्छ भने, त्यसले तपाईंलाई के बनाइदिन्छ ?" उसले भन्यो, "एक ढँटुवा ।" मैले सोधेँ, "के तपाईंले कहिल्यै कुनै कुरा चोर्नुभएको छ ?" उसले भन्यो, "चोरेको छु ।" मैले सोधेँ, "त्यसले तपाईंलाई के बनाइदिन्छ ?" उसले भन्यो, "चोर ।"

मैले सोधेँ, "के तपाईंले कहिल्यै हृदयमा कसैप्रति कामबासना पाल्नुभएको छ ?" उसले भन्यो, "छु ।" मैले उसलाई भनेँ कि यदि हामीले हृदयमा कसैप्रति कामबासना पाल्दछ भने, त्यो व्यभिचार गर्नुजस्तै हो भनी येशूले भन्नुभयो ।

"के तपाईंले कहिल्यै प्रभुको नाउँ व्यर्थैमा लिनुभएको छ ?" उसले लिएको थियो भनी बतायो । त्यो त परमेश्वरको नजरमा ईश्वरनिन्दा थियो भनी मैले उसलाई भनेँ ।

"के तपाईं कहिल्यै कसैसँग रिसाउनुभएको छ ?" उसले त्यसो गरेको स्वीकार गऱ्यो । मैले उसलाई भनेँ कि रिसचाहिँ परमेश्वरको नरमा हत्याजस्तै हो । यो त तपाईंको हृदयमा कसैको हत्या गर्नुजस्तै हो ।

त्यसपछि मैले उसलाई हेरेर भनेँ, "तपाईंले मलाई भर्खरै भन्नुभयो कि परमेश्वरको व्यवस्थाको स्तरअनुसार तपाईं एक ढँटुवा, चोर, व्यभिचारी, ईश्वरनिन्दक, र हत्यारा हुनुहुन्छ । त्यो स्तरअनुसार, तपाईं न्यायको दिनमा दोषी हुनुहुन्छ कि निर्दोष ?" उसले जवाफ दियो, "दोषी ।"

मैले सोधेँ, "त्यसको अर्थ स्वर्ग हुन्छ कि नरक ?" उसले भन्यो, "नरक ।" त्यसपछि मैले उसलाई सोधेँ, "तपाईं नरक जानुहुनेछ भन्ने कुराले के तपाईंलाई चिन्तित बनाउँदछ ?" उसले भन्यो, "बनाउँदछ ।"

त्यसपछि, अनन्तताभरिको लागिनरकमा नजाने कुरा निश्चित गर्नको लागि के गर्नुपर्दथ्यो भनी उसले मलाई सोध्यो । अनि म खुसी भएँ ।

हेर्नुहोस्, परमेश्वरको व्यवस्थाले हामीलाई यो कुरा थाहा दिन्छ कि न्यायको दिनमा हामी दोषी हुनेछौं, त्यसैले हामी अन्तमा हाम्रा न्यायकर्ताको रूपमा परमेश्वरको सामु उभिँदा "दोषी" बाट "निर्दोष" हुने तरिका खुरन्धार लगाएर खोज्न थाल्नेछौं । बाइबलले हामीलाई यसो भन्दछः

> यसकारण व्यवस्थाचाहिँ, हामी विश्वासद्वारा धर्मी ठहरिऔं भनेर हामीलाई ख्रीष्टकहाँ ल्याउने हाम्रो शिक्षक भएको छ । गलाती ३:२४

तपाईंले परमेश्वरको व्यवस्थाको सामना गर्नुहुँदा, यो तपाईंको विवेकसँग बोल्दछ, ठीक जसरी त्यो हवाइसेनाको त्यो वैज्ञानिकसँग बोलेको थियो । हाम्रो विवेकले हामीलाई यो सूचना दिन्छ कि हामीले सर्वशक्तिमान् परमेश्वरका आज्ञाहरू उल्लङ्घन गरेका छौं, जसको व्यवस्था, हामीले हेरेअनुसार, हाम्रा हृदयमा लेखिएको छ र हाम्रो विवेकले हमीलाई यसबारे निरन्तर बताउँदछ...

....तिनीहरूले आफ्नै हृदयमा व्यवस्थाको काम लेखिएको देखाउँछन्; तिनीहरूको विवेकले पनि गवाही दिन्छ, र तिनीहरूका विचारहरूले आपसमा दोषी वा निर्दोष ठहऱ्याउँछन्.... रोमी २:१५

यदि ठीक अहिले नै परमेश्वरको स्तरद्वारा तपाईंको न्याय गरिने हो भने, तपाईं कस्तो हुनुहुन्छ ? अनि तपाईंको लागि यहाँ अर्को प्रश्न छ....

## टाइगर उड्स र दश आज्ञाहरू

यदि ठीक अहिले नै परमेश्वरको स्तरद्वारा टाइगर उड्सको न्याय गरिने हो भने, तिनी कस्ता हुन्छन् भन्ने तपाईंलाई लाग्दछ ? अँ, मलाई यसको जवाफ थाहा छ, किनभने मैले हालसालै मात्र तिनलाई सोधेको थिएँ ! म फ्लोरिडामा बोलिरहेको थिएँ र मेरा साथी चार्ल्स बार्क्लीले टाइगर उड्ससँग मिलेर एउटा नयाँ विज्ञापन छायाङ्कन गर्दैथिए र त्यो ठाउँ आधा घण्टाको दूरीमा थियो भन्ने कुरा मैले थाहा पाएँ । मसँग चार्ल्सको फोन नम्बर थिएन, त्यसैले मैले तिनीहरूले छायाङ्कन गरिरहेका ठाउँमै जाने निर्णय गरेँ ।

तर त्यहाँ एउटा सानो समस्या थियो । त्यो ठाउँमा प्रशस्त सुरक्षाकर्मीहरू हुनेथिए भन्ने मलाई थाहा थियो र चार्ल्सलाई भेट्न मैले कसरी तिनीहरूलाई पार गर्न सक्दथेँ भन्ने कुरामा म निश्चित थिइनँ ।

त्यसैले म कारमा त्यतातिर गइरहँदा, मैले प्रार्थना गर्न थालेँ । (यदि तपाईंलाई पहिला नै थाहा छैन भने, प्रार्थना गर्नुले अवस्थाहरू वास्तवमै परिवर्तन गरिदिन्छ !) म ग्र्याण्ड साइप्रेस रिसोर्टसम्म गएँ र सुरक्षाकर्मीसँग कुरा गर्न थालेँ । त्यो छायाङ्कन होटलमा नभइ बाहिरपट्टि थियो भनी उसले मलाई भन्यो ।

त्यसपछि अर्की महिला फोन उठाउन गइन् । उनले भित्र पस्ने मानिसहरूको सूचीमा को थियो भनी र म त्यहाँ थिएँ कि थिइनँ भनी हेर्नलाई उनले फोन गरिरहेकी थिइन् भनी मैले अनुमान लगाएँ ।

वास्तवमा, म त्यो सूचीमा थिइनँ भन्ने मलाई थाहा थियो, त्यसैले मैले उनलाई मेरो कार भएको ठाउँमा बोलाएँ । मैले उनीसँग कुराकानी गर्न थालेँ, र त्यसपछि मैले उनलाई यो प्रश्न सोधेँ, "यदि तपाईं आज राती मर्नुभयो भने, स्वर्ग जानुहुनेछ भन्ने कुरामा के तपाईं १०० प्रतिशत निश्चित हुनुहुन्छ ?"

अब त्यो कुराचाहिँ ठट्टा नै भयो । उनले मलाई भनिन् कि उनले प्रभुलाई प्रेम गर्दथिन्, बाइबल अध्ययनको कक्षामा सिकाउँथिन्, र यस्तै-यस्तै कुराहरू । अँ, मैले उनलाई भनेँ कि मैले एउटा पुस्तक लेखेको थिएँ, मेरो पहिलो पुस्तक, र उनले पनि एउटा लिन चाहेको कुरा बताइन् ।

त्यसैले मैले मेरो कारको पछाडिको सीटमा रहेको बाकसबाट एउटा पुस्तक निकालेँ र हस्ताक्षर गरेर उनलाई दिएँ । त्यसपछि पहिलाको सुरक्षाकर्मी, जो विश्वासी थिएन, उसले पनि एउटा पुस्तक लिन चाह्यो ! धेरै असल कुरा ।

त्यसपछि ती महिला सुरक्षाकर्मीले मलाई भनिन् कि उनले मलाई त्यो विज्ञापन छायाङ्कन भइरहेको ठाउँमा पुऱ्याइदिनेथिइन् ! त्यसैले उनी आफ्नो कारमा बसिन् र मैले उनलाई त्यो ठाउँसम्म पछ्याएँ । उनले मलाई ती सबै सुरक्षाकर्मीको घेरा पार गराएर लगिन् !

म त्यहाँ पुगेपछि, चार्ल्स बार्क्ली सट दिनको लागि ट्रेलरमा तयार भएर बसेका थिए । त्यसैले म उनी, उनका एजेन्ट र केही अन्य मानिसहरूसँग बसेँ । अचानक, ढोका खुल्यो र एकजना अलि पाको मानिस प्रवेश गरे ।

चार्ल्सले हामीलाई तिनीसँग परिचय गराए । ती मानिस बसे र उनी त्यो विज्ञापनका निर्देशक भएका कुरा पत्ता लाग्यो । मैले त्यहाँ बसेर सुनिरहँदा, तिनी को थिए भन्ने कुरा मैले झल्यास्स सम्झिएँ: ती मानिस त सम्भवतः संसारकै सबैभन्दा प्रख्यात विज्ञापन निर्देशक हुन् ।

तिनले सुपर बौल्समध्ये एउटामा देखा पर्ने चार वा पाँचवटा विज्ञापनहरूको निर्देशन गरेका थिए । मैले खबर-पत्रिकाको एउटा कार्यक्रममा तिनकै बारेमा एउटा विशेष कार्यक्रम पनि हेरेको थिएँ ।

तर तिनी सफल भए तापनि, तिनी खुसी मानिस भने थिएनन् । वास्तवमा, तिनी मैले जीवनमा भेटेकामध्ये सबैभन्दा अहङ्कारी, रिसाहा, बेखुसी मानिस थिए ।

तिनले विवाह विच्छेद गरेको कुरा बताए, जुन तिनको लागि अत्यन्त कठिन भएको थियो भनी तिनले भने । तर तिनको रिसको श्रोत त्यो थिएन भन्ने मलाई लाग्यो । तिनको रिस त वास्तवमा परमेश्वरप्रति नै थियो भन्ने मैले महसुस गरेँ । मैले त्यो अन्तर्ज्ञानको वास्तविकता छिट्टै नै थाहा पाएँ ।

हामी ट्रेलरमा बसिरहँदा, हामी प्रत्येकले के गऱ्यौं भनी तिनले सोधे। तिनी मकहाँ आएपछि, मैले तिनलाई भनें कि म फेलोसिप अफ क्रिश्चियन एथलेट्समा बोल्नको लागि त्यो शहरमा गएको थिएँ।

तिनले मलाई हेरेर भने, "तपाईं तिनीहरूमध्ये एक हुनुहुन्न, होइन र ?" त्यसपछिका दश वा पन्ध्र मिनेटसम्म, ती महाशयले सकेसम्म क्रिश्चियनहरूलाई होच्याउने प्रयास गरे। तिनले अरू नै विषयहरूको बारेमा कुरा गर्न सुरु गर्दथे, तर त्यसपछि फर्किएर मप्रति शत्रुवत प्रश्न तेर्स्याउँदथे।

अन्तमा, तिनले मलाई हेरे र मसँग एक्लाएक्लै बास्केटबल खेल्न चाहेको कुरा बताए ! त्यसैले तिनी उभिए र ट्रेलरदेखि बाहिर जान थाले। मैले तिनलाई भनें, "मेरो एउटा घुँडामा चोट लागेको छ।" तिनले भने, "मेरो घुँडाहरूमा कुर्कुरे हाड नै छैन, त्यसैले खेल्न जाऔं !"

टाइगर अलिकति आत्तिन थालेका थिए र त्यो छायाङ्कन जारी रहोस् भन्ने चाहेका थिए भनी टाइगरका मानिसहरूले मलाई भनिसकेका थिए। तर निर्देशक भने बास्केटबल खेल्न चाहन्थे !

त्यसैले तिनीहरूले कार्यक्रम मिलाए र हामी गएर खेल्यौं। ती वृद्ध मानिसले मसँग एक्लाएक्लै बास्केटबल किन खेल्न चाहेका थिए भनी मैले मनमनै सोचिरहेको थिएँ। शायद तिनले एक क्रिश्चियनलाई हराउन चाहेका थिए होलान्।

त्यसैले हामीले खेल्यौं। खेलको अवधिमा, मैले त्यो समय तिनलाई साक्षी दिन प्रयोग गर्ने निर्णय गरें। मैले तिनलाई सोच्न लगाउनको लागि प्रश्नहरू मात्र सोधें। त्यसले ठीकै प्रकारले काम गरेजस्तो देखियो। त्यसैले मैले तिनलाई तिनको विपत्तिदेखि मुक्त पारें र तिनलाई हराएँ ताकि तिनले विज्ञापनको छायाङ्कन सुरु गर्न सकून् !

हामी चिया पिउने ठाउँमा पुगेपछि चार्ल्सले हामीलाई सबैसँग परिचय गराए। तिनले मलाई टाइगरसँग परिचय गराए, जो मुस्कुराएर हिंडे। त्यसैले तिनीहरू विज्ञापनको छायाङ्कन गर्ने काममा लागे।

अँ, यदि तपाईंले मलाई जान्नुहुन्छ भने, मलाई कुरा गर्नको लागि कोही न कोही चाहिन्छ भन्ने कुरा तपाईंलाई थाहा छ। त्यसैले म गएर रिचार्ड भन्ने मानिससँग कुरा गर्न थालें, जो टाइगर उड्सको नक्कल गर्ने मानिस भएको कुरा थाहा हुन आयो।

मैले भनें, "तपाईं के गर्नुहुन्छ ? उहाँको नक्कल ?" तिनलाई किन नक्कल गर्ने मानिस चाहिन्थ्यो भन्ने कुरा मैले बुझ्न सकिनँ ।

त्यसैले उसले मलाई भन्यो कि कुनै विज्ञापनमा टाइगरको टाढासम्म सट हान्ने दृश्य छ भने, त्यो वास्तवमा ऊ नै थियो ! रिचार्ड मिसिसिपिमा हुर्किएको थियो र - उसलाई सानो छँदा सिकाइएको कुरादेखि ऊ तर्किगएको हुनाले - उसलाई आफ्ना आस्थाहरूको निम्ति अटल रहन सुरु गर्न एउटा चुनौति चाहिएको थियो ।

त्यसपछि मैले भिन्स कोलम्यानसँग कुराकानी सुरु गरें, जो बेसबलको मुख्य प्रतिस्पर्धामा खेल्ने गर्दथे । उनी कुशल खेलाडी थिए र तिनले न्यू योर्क मेट्स र सेन्ट लुइस कार्डिनल्समा रहेर धेरै वर्षसम्म खेले । मैले वास्तवमा तिनलाई पहिला फोनिक्समा रहेको चार्ल्सको घरमा भेटेको थिएँ ।

हामीले कुरा गर्दै जाँदा, तिनले मलाई भने कि तिनी फोनिक्समा हरेक आइतबार चर्च जान्छन् । त्यसपछि मैले तिनलाई मेरो पहिलो पुस्तक देखाएँ । तिलने त्यसलाई हेरे, र दुई पटक यसो भने, "म ठीक अहिले नै तपाईंको पुस्तक लिन चाहन्छु ।" तिनले त्यस राती नै होटलमा त्यो पुस्तक पढ्न सुरु गर्ने कुरा बताए ।

तिनी भर्खरै मात्र एटलाण्टा ब्रेभ्सका लिग खेलाडीहरूलाई धावनसम्बन्धी कुराहरू सिकाउन ओर्लाण्डो पुगेका थिए ।

मैले तिनलाई भनें कि म त्यो दिन टाइगरलाई साक्षी दिन आएको भन्ने मैले ठानेको थिएँ, तर म त्यहाँ हुनुको सम्पूर्ण कारण भनेको तिनलाई तिनका साथीहरूसँग येशूको बारेमा बताउन साहसी हुन चुनौति दिनु थियो होला ।

त्यति नै बेला, त्यो छायाङ्कनको हरेक दश वा पन्ध्र मिनेटमा विज्ञापनको निर्देशकले पन्ध्र मिनेट परबाट सबैको सामु मतिर शत्रुवत प्रश्नहरू फाल्दथे ।

तिनले तिनका प्रश्नहरूद्वारा मलाई शत्रु बनाउनेथिए भन्ने सोचेका थिए । तर त्यो त मैले प्रभुको काम गरिरहँदा शैतानले मप्रति ल्याउन गरेको प्रयास मात्र थियो ।

एक पटक, ती निर्देशकले यो वाक्य बके, "येशू परमेश्वरका पुत्र हुन सक्नुहुन्न किनभने उहाँ साकाहारी हुनुहुन्थ्यो होला ।" म मुस्कुराउन थालें । येशूले माछा खानुभयो, त्यसैले उहाँ परमेश्वरका पुत्र हुन सक्नुहुन्न भनी तिनले भने । म हाँस्न थालें । तिनले मलाई दुई पटक हेरे, र दुवै पटक यसो भने, "नहाँस्नुहोस् !"

परमेश्वरका पुत्रले अर्को प्राणीलाई मार्नुभएन होला भनी तिनले मलाई भने । तिनले केही भारतीय आस्थाहरू उल्लेख गरिसकेका थिए, त्यसैले यी मानिसले सृष्टिकर्तालाई नभइ सृष्टिलाई पूजा गर्दथे भन्ने कुरामा म अत्यन्त निश्चित भएँ ।

त्यसैले मैले तिनलाई हेरेर भनें, "येशूले माछा बनाउनुभयो । उहाँले चाहनुहुन्छ भने, माछा खान सक्नुहुन्छ !" सबैले निर्देशकलाई हेरे र तिनीहरूले हाँसो लुकाउने प्रयास गरिरहेका थिएजस्तो देखिन्थ्यो ।

चाखलाग्दो कुरा के थियो भने, ती मानिसले अन्य धेरै मानिसहरूको सामु मेरो उपहास गर्न प्रयास गरिरहेका कुरा प्रष्टै थियो । तर मैले अत्यन्त प्रेमपूर्वक आफ्नो विचारमा अटल रहने प्रयास गर्दा, त्यो त उल्टो तिनलाई नै प्रहार गरेको जस्तै भयो भनी तपाईं भन्न सक्नुहुन्छ ।

ती मानिस धेरैजना कामदारहरूप्रति कठोर बनेका र तिनीहरूलाई गाली गरेका मैले देखें । तिनीसँग काम गर्न रमाइलो हुँदैनथ्यो । त्यसैले मैले मेरो धारणा अटल रूपमा समातेकोमा सेटमा रहेका ती मानिसहरूले मेरो प्रशंसा गरे ।

केही घण्टापछि, चार्ल्सले उक्त विज्ञापनको छायाङ्कनको आफ्नो भाग पूरा गरे र सबैसँग बिदा भए । मानिसहरू हस्ताक्षर लिनलाई टाइगर र चार्ल्सतिर हिँड्दै आइरहेका थिए । त्यसैले म टाइगर भएका ठाउँमा गएँ जसले हस्ताक्षर दिइरहेका थिए । म त्यहाँ पुग्दा, परमेश्वरले लाल सागरलाई विभाजन गर्नुभएको जस्तै भयो; सबैजना त्यहाँदेखि गए, अनि टाइगर र म मात्र त्यहाँ उभिइरहेका थियौं ।

त्यसैले मैले मेरो खल्तीबाट मेरो पुस्तक निकालें र मैले भर्खरै मात्र मेरो पहिलो पुस्तक लेखेको थिएँ र एउटामा हस्ताक्षर गरेर तिनलाई दिन चाहन्थें भनी तिनलाई बताएँ । तिनका सहायक कहाँ थिए भनी मैले सोधें ताकि मैले त्यो व्यक्तिलाई दिन सकूँ । मैले त्यो पुस्तक कसलाई दिनुपर्दथ्यो भनी तिनले देखाए र हामी चिया पिउने ठाउँदेखि हिँड्न थाल्यौं ।

अब मैले तिनलाई मेरो पुस्तक दिनु मात्र भन्दा बढी काम गर्नुपर्दथ्यो भन्ने मलाई थाहा थियो । तर म आत्तिएँ र चूप लागें । मैले आफैसँग सोधें, "के मैले मानिसको डरलाई यो अवस्थामाथि विजय हुन दिनेछु ? कि परमेश्वरप्रतिको मेरो प्रेमलाई ?

मैले विगत दुई महिनादेखि टाइगर उड्सलाई परमेश्वरको बारेमा बताउने मौका मिलोस् भनी प्रार्थना गरिरहेको थिएँ र अहिले परमेश्वरले यो मौका दिनुभएको थियो, अनि मैले त्यो मौका गुमाउन चाहिनँ ।

त्यसपछि, हामी त्यो चिया पिउने ठाउँबाट हिँड्न थाल्दा, प्रभुले यसो भनिरहनुभएको जस्तो मलाई लाग्यो, "तिमीले यसकै निम्ति प्रार्थना गरिरहेका थियौ । अब यो पूरा गरिहाल ।"

त्यसैले हामी हिँड्दै गर्दा मैले यसो भनेँ, "टाइगर, मैले सदैव तपाईंलाई एउटा प्रश्न सोध्न चाहेको छु ।" तिनले भने, "सोध्नुहोस् न ।" परमेश्वरले भर्खरै मलाई यही जवाफ दिनुभएको थियो !

मैले भनेँ, "तपाईं मर्नुहुँदा, अर्कोपट्टि के छ भन्ने तपाईं ठान्नुहुन्छ ? तपाईं यहाँबाट हिँड्नुहुँदा त्यहाँ के हुन्छ भन्ने तपाईंलाई लाग्दछ ?"

टाइगर टक्क अडिए, मलाई हेरे र भने, "मलाई थाहा छैन ।" मैले जवाफ दिएँ, "चाहे पैनी स्टेवार्ट मरिरहेका होऊन् (पैनी प्रख्यात गल्फ खेलाडी थिए जो दुई वर्ष पहिला बितेका थिए, र टाइगर तिनको अन्तेष्टी समारोहमा गएका थिए भन्ने मलाई थाहा थियो), चाहे जोन रिटर वा जोन्नी क्यास नै होऊन्, हामी सबैले यही कुराको बारेमा सोच्दछौं ।" तिनले सहमति जनाउँदै टाउको हल्लाइरहेका मात्र थिए ।

मैले तिनलाई हेरेर यसो भनेँ, "चार्ल्सका भाइलाई के भएको थियो भन्ने के तपाईंले सुन्नुभयो ?" तिनले भने, "अहँ," र तिनी अत्यन्त उत्सुक भएका थिए भनी म भन्न सक्दछु ।

चार्ल्सका भाइ, ड्यारिललाई एक पटक हृदयाघात भयो, उसको मुटु रोकियो र ऊ मऱ्यो । डाक्टरहरूले तुरुन्तै उपकरण लगेर उपचार गरे र ऊ बाँच्यो । उसले मलाई भन्यो कि उसको मुटु रोकिँदा र ऊ मर्दाखेरि, उसको प्राण उसको शरीरदेखि निस्किएर माथि उचालियो । उसले भन्यो कि ऊ प्रतीक्षा कोठामा गयो र उसले प्रतीक्षा कोठामा को-को थिए, तिनीहरूले के भनिरहेका थिए र तिनीहरूले कस्तो लुगा लगाइरहेका थिए भनी तपाईंलाई भन्न सक्दथ्यो, जति बेला ऊ चिकित्सकीय रूपमा मरेको थियो ।

यो सबै कुरा उसको दिमागमा रहेको हुने कुनै मौका नै छैन किनकि उसको शरीर मरेको हुंदाखेरि नै ऊ शरीरदेखि बाहिर थियो भन्ने कुरा देखाउने ऊसँग यस्तो प्रष्ट बाहिरी प्रमाण (प्रतीक्षा कोठाको) छ ।

उसले मलाई भन्यो कि त्यसपछि ऊ एउटा यात्रामा लाग्यो र उसले आगोमा परेका रूखहरू, ती रूखहरूको वरिपरिको जमीन पुत्याइरहेको र उसको सामु एउटा अग्निकुण्ड देख्न सक्यो ।

मैले सोधेँ, "तिमीले के देख्यौ, ड्यारिल ?"

उसले भन्यो, "मैले नरक देखेँ ।"

अनि उसले भन्यो कि उसले देखेको कुरा तपाईंले अहिले हातमा लिइरहनुभएको र पढिरहनुभएको पुस्तकभन्दा धेरै बढी वास्तविक थियो ।

उसका इन्द्रियहरूले आश्चर्यजनक रूपमा काम गरिरहेका थिए र उसले त्यो अग्निकुण्डबाट आइरहेको ताप वास्तवमै महसुस गर्न सक्यो भनी उसले भन्यो । आश्चर्यजनक रूपमा, योचाहिँ मैले यो पुस्तकमा पहिला उल्लेख गरेका नरका व्याख्याहरूमध्ये एक हो ।

टाइगरका यसै पनि ठूल्ठूला आँखा छन्, तर त्यस क्षणमा तिनका आँखा सामान्यभन्दा झण्डै दोब्बर ठूला भए । कसैले यस्तो कुरा पनि देख्न सक्दथ्यो भनी तिनी छक्कै परे । अनि ऊ त्यही मानिसको भाइ थियो जोसँग मिलेर तिनले एउटा राम्रो विज्ञापन बनाइरहेका थिए !

त्यसैले मैले तिनलाई हेरेर भनेँ, "यसरी तपाईंले अनन्तता कहाँ बिताउनुहुनेछ भन्ने कुरा थाहा पाउन सक्नुहुन्छ । के तपाईंले कहिल्यै दश आज्ञाहरूको बारेमा सुन्नुभएको छ ?"

तिनले भने, "सुनेको छु ।"

मैले भनेँ, "के तपाईंले पहिला कहिल्यै झूट बोल्नुभएको छ ?"

तिनले भने, "छु ।"

मैले फेरि सोधेँ, "त्यसले तपाईंलाई के बनाइदिन्छ ?"

तिनले कत्ति पनि नहिचकिचाईकन भने, "ढँटुवा ।"

त्यसपछि मैले भनेँ, "के तपाईंले कहिल्यै कुनै कुरा चोर्नुभएको छ ?"

तिनले भने, "चोरेको छु ।"

मैले प्रश्नहरू सोध्दै जाँदा, तिनी रिसाउँदै थिए । (परमेश्वरको व्यवस्था हाम्रा हृदय र विवेकहरूमा लेखिएको हुन्छ । हाम्रा पापहरू देखाइदिने कार्यले हामी प्रत्येकलाई एउटा असहज अवस्थामा पुर्‍याइदिन्छ ।) मैले विवरणहरू खोजिरहेको थिइनँ त्यसैले मैले तुरुन्तै यसो भनेँ, "हामी सबैले कुनै सानो वा

ठूलो तरिकाले यस्तो गरेका छौं । त्यसले हामी सबैलाई चोर बनाइदिन्छ । के तपाईंले पहिला कहिल्यै कसैप्रति कामबासनाको दृष्टिले हेर्नुभएको छ ?"

तिनले भने, "हेरेको छु ।"

मैले जवाफ दिएँ, "येशूले भन्नुभयो कि त्यसो गर्नु भनेको त व्यभिचार गर्नुजस्तै हो । उहाँले हाम्रा भित्री कुराहरूको साथसाथै हाम्रा बाहिरी कुराहरू पनि जाँच गर्नुहुनेछ । के तपाईं पहिला कहिल्यै कसैसँग रिसाउनुभएको छ ?"

तिनले भने, "छु ।"

अनि मैले यसो भनेँ, "येशूले भन्नुभयो, यदि तपाईं कसैसँग रिसाउनुहुन्छ भने, त्यो त हत्या गर्नुजस्तै हो । उहाँले हाम्रा कामहरूको साथसाथै हाम्रो सोचाइको पनि जाँच गर्नुहुनेछ ।"

त्यसपछि मैले भनेँ, "टाइगर, परमेश्वरको व्यवस्थाको स्तरअनुसार तपाईं एक ढँटुवा, चोर, व्यभिचारी, र हत्यारा हुनुहुन्छ भनी तपाईंले भर्खरै मलाई भन्नुभयो । न्यायको दिनमा तपाईं दोषी हुनुहुनेछ कि निर्दोष ?"

तिनले मलाई हेरेर यसो भने, "दोषी ।"

मैले भनेँ, "त्यसको अर्थ स्वर्ग हुन्छ कि नरक ?"

तिनले जवाफ दिए, "सम्भवत: नरक ।"

ठीक त्यही बेलामा कुनै मानिस टाइगरको हस्ताक्षर लिन त्यहाँ आइपुग्यो र तिनीहरू विज्ञापनको छायाङ्कन सिध्याउन अर्को ठाउँमा जानुपरेको कुरा बतायो । टाइगर त्यो चिया पिउने ठाउँदेखि हिँडेर जान थाले, र त्यति बेला मेरो वार्तालाप सिद्धिनै लागेको थियो ।

त्यसैले म तिनीसँगै गएँ र तिनलाई भनेँ कि मैले मेरो पुस्तक तिनले देखाएकी महिलालाई दिनेथिएँ, र मैले भनेँ, "तपाईंको दिन शुभ बितोस् ।"

यो अधुरो वार्तालापपछि मलाई अप्ठ्यारो महसुस भयो, तर सबै कुरा परमेश्वरको हातमा सुम्पिने निर्णय गरेँ । उहाँले नै टाइगरलाई उचित समयमा बाँकी कथा भन्न सक्नुहुन्थ्यो ।

टाइगरको सकारात्मक पक्षको कुरा गर्दा, तिनको हृदय परमेश्वरका सत्यताहरूप्रति अत्यन्त खुल्ला थियो र तिनले ती कठिन प्रश्नहरूको खुल्ला रूपमा र ईमानदारितापूर्वक जवाफ दिएका हुनाले मैले तिनको प्रशंसा गरेँ ।

अब, एक सेकेण्डको लागि टाइगरलाई बिर्सिदिनुहोस् । के तपाईं ईमानदार हुनुहुनेछ ? तपाईंको हृदय कस्तो छ ? त्यो कति खुल्ला छ ? चाहे त्यो म होऊँ,

चाहे तपाईं हुनुहोस्, हामीमध्ये प्रत्येकले परमेश्वरको स्तरअनुसार हामी ढँटुवा, चोर, व्यभिचारी, र हत्यारा हौं भनी भन्नुपर्दछ । हामीले त्यो स्तरअनुसार न्यायको दिनमा "दोषी" भन्नुपर्दछ । यो एउटा गम्भीर सोचाइ हो । परमेश्वरलाई धन्यवाद होस्, उहाँले हामी प्रत्येकलाई त्यो समस्याको एउटा समाधान उपलब्ध गराउनुभएको छ । के तपाईंको हृदय परमेश्वरसँग असल सम्बन्ध गाँस्न तयार छ ?

छायाङ्कन गर्ने कामदारहरू अर्को ठाउँमा गएपछि, मचाहिँ पुस्तक माग्ने केही मानिसहरूलाई दिनको लागि कारबाट केही पुस्तकहरू निकाल्न गएँ । मैले फर्केर आएपछि केही मानिसहरूलाई ती पुस्तकहरू दिँदै गर्दा, ती निर्देशकले हेरेर ती मानिसहरूलाई भने, "त्यो फोहोर नपढ्नुहोस् !"

त्यसैले मैले तिनलाई भनें कि तिनीसँग कुरा गर्दा मलाई मज्जा लाग्यो । तिनले मसँग हात मिलाएनन् - तर अन्तमा अङ्कमाल गरेर बिदा भए ! शायद मैले तिनको शत्रुताको बदला नलिईकन प्रेमपूर्वक तिनलाई सत्यता बताएको हुनाले त्यो परिवर्तन आएको हुन सक्दछ ।

## "किनकि सबैले पाप गरेका छन्...."

परमेश्वरको स्तरअुनसार हामी सबैजना दोषी भएका हुनाले, नरक नै त्यो गन्तव्य हो जहाँ हामी सबैजना जानेछौं - परमेश्वरले कुनै उपाय निकाल्नुहुन्न र उहाँले उपलब्ध गराउनुभएको बाटोलाई हामीले अवलम्बन गर्दैनौं भने मात्र ।

चार्ल्स स्पर्जनले यसो भनेका छन्:

> तपाईं एउटा धागोले नरकको मुखमाथि झुण्डिरहनुभएको छ र त्यो धागो चुट्टिँदै छ । एक मुठी स्वास फुस्किन्छ, मुटु एक पलको निम्ति रोकिन्छ, र तपाईं एउटा अनन्त संसारमा हुनुहुनेछ - परमेश्वरबिना, आशाबिना, क्षमादानबिना । अहो, के तपाईंले सहन सक्नुहुनेछ ?[टघ]

येशूले एकजना बिरामी मानिससँग कुरा गरिरहनुभएको थियो र उहाँले उसलाई एउटा अत्यन्त चाखलाग्दो प्रश्न सोध्नुभयो:

> येशूले त्यसलाई पल्टिरहेको देखेर, अनि त्यो धेरै समयदेखि त्यस दशामा रहेको हो भनी जानेर, उहाँले त्यसलाई भन्नुभयो: "के तिमी निको हुन चाहन्छौ ?" यूहन्ना ५:६

पाप अत्यन्त महङ्गो हुन्छ । यसले यो जीवनकालमा हामीबाट धेरै मूल्य लिन्छ.....र अर्को जीवनमा पनि । तपाईंको लागि प्रश्नः “के तपाईं निको हुन चाहनुहुन्छ ?” के तपाईं स्वस्थ हुन चाहनुहुन्छ ? तपाईंको जवाफ के हो ?

परमेश्वरले तोक्नुभएको स्तरअनुसार हामी सबैजना दोषी छौं भन्ने बुझ्नु आश्चर्यजनक कुरा हो । मैले मेरो पापलाई बेवास्ता गर्ने प्रयास गरे तापनि, त्यसको अर्थ परमेश्वरले बेवास्ता गर्नुहुनेछ भन्ने हुँदैन ।

त्यो स्तरअनुसार हामी ६ अर्बजना दोषी छौं । त्यसको अर्थ, परमेश्वरले उपलब्ध गराउनुभएको यो विशाल समस्याको समाधानलाई स्वीकार नगर्ने हो भने, हामी ६ अर्बजना मरेपछि नरक जानेछौं ।

अनन्त सत्यतातर्फ लैजाने बाटो साँघुरिँदै छ, र हाम्रो पापको समस्याको उपचार केवल एक पृष्ठ पर छ ।

अध्याय ७

# शुभ खबर

यूरेका ! (मैले पत्ता लगाएँ !)
- आर्किमिडिज, ईशापूर्व २८७-२१२

"यूरेका !" नै महान् ग्रीक इन्जिनियर आर्किमिडिजले त्यति बेला चिच्चाउँदै भनेका शब्द थियो भनेर भनिन्छ जति बेला तिनले राजको मुकुटको घनत्वसम्बन्धी एउटा अत्यन्त कठिन समस्या समाधान गरेका थिए: त्यो मुकुट विशुद्ध सुनको थियो कि चाँदी मिसिएको थियो भनी जान्न चाहेका थिए ।

आर्किमिडिज उक्त समस्याबारे घोत्लिँदै नुहाउने भाँडोमा बसिरहेका थिए, अनि पानी भरिएर भुइँमा पोखिएको तिनले देखे र त्यो भाँडादेखि विस्थापन गरिएको पानीको आयतन तिनको शरीरको आयतनजति थियो भनी तिनले महसुस गरे ।

अर्थात् कुनै वस्तु पानीमा राख्दाखेरि, पानीको तह माथि आउँदछ किनभने त्यो वस्तुले आफ्नो लागि ठाउँ बनाउन केही पानी हटाएको हुन्छ । "यूरेका !" तिनले मुकुटको आयतर निर्धारण गर्ने एउटा तरिका पत्ता लगाएका थिए: तिनलाई सुनको तौल थाहा भएको हुनाले, अब तिनले सुनको त्यो आयतनको तौल हिसाब गरेर राजाको प्रश्नको जवाफ दिन सक्दथे ।

त्यसै गरी, हामी सबैसँग एउटा अत्यन्त महत्वपूर्ण प्रश्न हुन्छ जसलाई समाधान गर्न हामीलाई कठिन लाग्दछ: कसरी हामी परमेश्वरको असल पक्षतिर पुग्न र नरक नजान सक्दछौं ?

तपाईंले यो अध्यायमा त्यसको जवाफ पढ्नुहुँदा "यूरेका !" भन्दै चिच्चाउनुहुन्छ होला ।

अभिनेता डब्लू.सी. फिल्ड्स मर्नुभन्दा ठीक पहिला, एकजना साथी फिल्ड्सलाई भेट्न अस्पतालको कोठामा गए र तिनले बाइबलका पृष्ठहरू पल्टाइरहेका देखेर तिनी छक्कै परे ।

तिनले बाइबलमा के गरिरहेका थिए भनी सोध्दाखेरि, फिल्ड्सले यस्तो जवाफ दिए, "म उम्कने बाटोहरू खोज्दैछु ।"

अब, बाइबल साँचो छ र त्यहाँ उम्कने बाटोहरू छैनन् भन्ने कुरा हामीलाई थाहा भएपछि, केही रोचक कुराहरू हुन थाल्दछन् । परमेश्वर यसो भन्नुहुन्छः

हे पृथ्वीका सबै टाढा टाढाका हो, मतिर हेर, र उद्धार पाओ, किनकि म परमेश्वर हुँ, अनि अरू कोही छैन । यशैया ४५:२२

परमेश्वर भन्नुहुन्छ कि उहाँ नै एक मात्र परमेश्वर हुनुहुन्छ । अरू कोही छैन । तर कसरी म उहाँसँग असल सम्बन्ध गाँस्न सक्दछु ? त्यो बाटो के हो ? एकजना उद्धारकर्ता हुनुहुन्छ भनी परमेश्वर भन्नुहुन्छः

न त अरू कसैमा मुक्ति छ; किनभने स्वर्गमुनि मानिसहरूको बीचमा अरू कुनै नाउँ दिइएको छैन, जसद्वारा हामीले मुक्ति पाउनुपर्दछ ।" प्रेरित ४:१२

ती एक व्यक्तिको नाउँ के हो जसले हामी सबैको उद्धार गर्न सक्नुहुन्छ ? परमेश्वर यसो भन्नुहुन्छ....

किनकि परमेश्वर एउटै हुनुहुन्छ; अनि परमेश्वर र मानिसहरूका बीचमा एउटै मध्यस्थ हुनुहुन्छ अर्थात् ख्रीष्ट येशू, ती मानिस.... १ तिमोथी २:५

हरेक जसले पुत्रलाई अस्वीकार गर्छ, त्यससँग पिता पनि हुनुहुन्न; तर जसले पुत्रलाई स्वीकार गर्छ, त्यससँग पितापनि हुनुहुन्छ । १ यूहन्ना २:२३

अनि गवाही यही हो - परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ, र यो जीवन उहाका पुत्रमा छ; जससँग पुत्र हुनुहुन्छ, ऊसित जीवन हुन्छ; जससूग परमेश्वरका पुत्र हुनुहुन्न, ऊसित जीवन हुँदैन । १ यूहन्ना ५:११-१२

जसले उहाँमाथि विश्वास गर्दछ, ऊ दोषी ठहरिँदैन; तर जसले विश्वास गर्दैन, त्यो दोषी ठहरिसकेको छ; किनभने त्यसले परमेश्वरका एक मात्र जन्माइएका पुत्रको नाममा विश्वास गरेको छैन । यूहन्ना ३:१८

'म उही हुँ' भनी तिमीहरूले विश्वास गरेनौ भने तिमीहरू आफ्ना पापहरूमा मर्नेछौ ।'" यूहन्ना ८:२४

येशूले तिनलाई भन्नुभयोः "बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन ।" यूहन्ना १४:६

....र अरू धेरैवटा पदहरू छन् जसले येशू नै परमेश्वरसँग मेलमिलाप गर्ने र मित्रता गाँस्ने एक मात्र बाटो हुनुहुन्छ भनेर भन्दछन् ।

येशू यिनै "एक मध्यस्थकर्ता" हुनुभएको हुनाले, कुन कुराले उहाँलाई त्यति विशेष बनाइदिन्छ त ? किन उहाँ नै एक मात्र सही जवाफ हुनुहुन्छ ?

अँ, हामी यहाँबाट अनन्तताभित्र प्रवेश गर्दाखेरि हामीलाई सान्त्वना दिनको लागि एउटा सही जवाफ हुनुपर्दछ । हामीलाई नरक जानदेखि रोक्ने एउटा सही जवाफ हुनुपर्दछ ।

अनि कुरा यस्तो छः तपाईंले उचित बलिदान ल्याउनुपर्दछ । बलिदान ? पढ्दै जानुहोस् ।

तपाईंले पुरानो करार पढ्नुहुँदा अत्यन्त चाखलाग्दो कुरा यो हो कि सबैभन्दा सुरुदेखि नै परमेश्वरले पापको क्षमादानको लागि पशुबलिहरू प्रयोग गर्नुभयो । पछि, यहूदीहरूले आफ्ना पापहरूको प्रायश्चित गर्न यरूशलेमको मन्दिरमा पशुबलिहरू ल्याउँदथे ।

त्यो निर्दोष पशुको रगत बगाइँदा, त्यो तिनीहरूकै रगत बगेजस्तै थियो भन्ने बुझिन्थ्यो । तिनीहरूको पापको कारण, तिनीहरू मर्न योग्यका थिए । तर त्यो प्रतिस्थापन पशुको रगत तिनीहरूको निम्ति बगाइएको हुनाले, तिनीहरूको पाप मेटिन्थ्यो ।

> किनकि जीवधारीको प्राण त्यसको रगतमा हुन्छ; अनि मैले रगतचाहिँ वेदीमा तिमीहरूका प्राणका लागि प्रायश्चित गर्नलाई दिएको छु, किनकि रगतले नै प्राणको लागि प्रायश्चित गर्दछ । लेवी १७:११

दश आज्ञाहरूसम्बन्धी चलचित्रमा समेत, दास बनाइएका इस्राएलीहरूको हरेक परिवारले एउटा निस्खोट थुमा लियो, त्यसको रगत लियो, र आफू बसेका घरका ढोकाका चौकोसहरूमा लगायो, ताकि मृत्युका दूतले तिनीहरूलाई "निस्तार" गरून् ।

दुई वर्ष पहिला, ESPN Classic बाट मलाई फोन आयो । तिनीहरूले चार्ल्स बार्क्लीको बारेमा एउा विशेष कार्यक्रम तयार पारिरहेका थिए र तिनीहरू त्यसको लागि मानिसहरूसँग अन्तर्वार्ता लिन एटलाण्टामा आउँदै थिए ।

कसै गरी तिनीहरूले मेरो नाउँ र ठेगाना भेट्टाएछन् । भर्खरै कलेजको पढाइ सिध्याएको एकजना जवानले क्यामराको सामु मलाई प्रश्नहरू सोध्यो ।

उक्त अन्तर्वार्तापश्चात्, ऊ र म गफ गर्न थाल्यौं । उसले मलाई भन्यो कि ऊ सानो छँदा लूथरवादी र यहूदी संस्कृतिहरूमा हुर्किएको थियो । ऊ अझै पनि सभाघरमा जान्थ्यो कि भनी मैले उसलाई सोधेँ । ऊ महापवित्र दिनहरूमा जान्थ्यो भनी उसले भन्यो ।

उक्त अन्तर्वार्ताको समयमा प्रायश्चितको दिन (हिब्रूमा योम किपुर) आउन दुई दिन बाँकी थियो, त्यसैले हामीले त्यो पवित्र दिनको बारेमा कुरा गर्‍यौं । त्यही दिनमा नै सम्पूर्ण इस्राएलले आफ्ना पापहरू स्वीकार गर्नुपर्दछ, आफ्नो सट्टामा पशुहरू बलिदान गर्नुपर्दछ र क्षमादान पाउनुपर्दछ ।

हामीले पापको बारेमा कुरा गर्दैजाँदा, यहूदीहरूले पापबाट मुक्त हुन त्यो दिनमा के गर्दथे मनी मैले उसलाई सोधेँ । तिनीहरूले पापबलिको लागि पशुहरू बलि चढाउने गर्दथे भन्ने कुरा उसलाई थाहा थियो, तर अहिलेचाहिँ तिनीहरूले त्यसो गर्दैनथे, किनभने त्यो बलिदान यरूशलेमको मन्दिरमा चढाइनुपर्दछ, जुन मन्दिर सन् ७० मा भत्काइएको थियो ।

परमेश्वरले पाप हटाउनुहुने तरिकालाई हामीले परिवर्तन गर्न सक्दैनौं भन्ने कुरा मैले बताएँ । यदि उहाँले रक्तबलिको माग गर्नुहुन्छ भने, त्यो त्यही नै हुनुपर्दछ ।

अहिले त्यो रक्तबलि के होला भनी त्यो जवान मानिस उत्सुक भयो, किनकि यरूशलेमको मन्दिर भत्काइएको लगभग २००० वर्ष भएको छ । त्यसैले मैले उसलाई त्यही कुरा भनेँ जुन कुरा मैले तपाईंलाई भन्न लागेको छु ।

उक्त कुराकानीको अन्तमा उसले यसो भन्यो, "तपाईंको विश्वासको बारेमा कसरी तपाईं यति धेरै कुरा जान्नुहुन्छ ?" तपाईंले यो पुस्तकमा अहिलेसम्म पढ्नुभएको सत्यता सुन्न उसले मन परायो, तर उसले सबैभन्दा बढी चाख लिएको विषय भने रक्तबलिको तर्क र अहिले त्यो किन सम्भव र आवश्यक थिएन भन्ने कुरा थियो ।

बप्तिस्मा दिने यूहन्नाले येशूको बारेमा यसो भने:

भोलिपल्ट यूहन्नाले येशूलाई आफूकहाँ आइरहनुभएको देखे, र भने: "हेर, परमेश्वरका थुमालाई, जसले संसारको पाप उठाई लैजानुहुन्छ । यूहन्ना १:२९

किनकि तिमीहरू जान्दछौ - तिमीहरूका पितापुर्खाहरूदेखि चलिआएको तिमीहरूको व्यर्थको चालचलनबाट तिमीहरूले चाँदी र सुनजस्ता नाश हुने

चीजहरूद्वारा छुटकारा पएका होइनौ; तर निर्दोष र निष्कलङ्क थुमाको रगत अर्थात् ख्रीष्टको बहुमूल्य रगतद्वारा छुटकारा पाएका हौ । १ पत्रुस १:१८-१९

अनि यहीँनेर नै सबै कुरा मेल खान थाल्दछ । परमेश्वर, जसले पापको लागि रक्तबलिको माग गर्नुहुन्छ, यसो भन्नुहुन्छः

> अनि व्यवस्थाअनुसार प्रायः सबै कुराहरू रगतद्वारा शुद्ध पारिन्छन्; अनि रगत नबगाईकन पापक्षमा हुँदैन । हिब्रू ९:२२

> हामी पापहरूका निम्ति मरेर धार्मिकताका निम्ति बाँचौं भनेर उहाँ आफैले आफ्नो शरीरमा हाम्रा पापहरू क्रूसमाथि बोक्नुभयो; उहाँकै चोटहरूद्वारा तिमीहरू निको पारियौ । किनकि तिमीहरू भेडाहरूझैं भड्किइरहेका थियौ; तर अब आफ्ना प्राणहरूका गोठाला र अध्यक्षकहाँ फर्केर आएका छौ । १ पत्रुस २:२४-२५

हामीले परमेश्वरको स्तरलाई परिवर्तन गर्न सक्दैनौं र कहिल्यै पनि सक्नेछैनौं । येशूलाई सिद्ध बलिदान पनि भनिन्छ जसले सधैंको लागि एकै पटकमा सबै पापको दण्ड तिरिदिनुभयो । परमेश्वरले सिद्ध बलिदान माग गर्नुहुन्छ भन्ने कुरा हामीले स्मरण गर्नुपर्दछ । यदि येशू हामीजस्तै पापी, केवल मानिस मात्र हुनुहुन्थ्यो भने, त्यो बलिदानले पाप हटाउनेथिएन ।

धेरै मानिसहरू क्रूसमा मरेका छन्, तर येशू भने भिन्दै हुनुपर्दथ्यो । अनि उहाँ भिन्दै हुनुहुन्थ्यो र हुनुहुन्छः

> किनकि हाम्रा महापूजाहारी हाम्रा दुर्बलताहरूमा दुःखित हुन नसक्ने हुनुहुन्न; तर हामीहरूझैं उहाँ सबै कुरामा परीक्षित हुनुभयो, तरै पनि पापरहित हुनुहुन्छ । हिब्रू ४:१५

> उहाँले कुनै पाप गर्नुभएन, न त कुनै छलकपट नै उहाँको मुखमा पाइयो; उहाँले गाली खाएर सट्टामा गाली दिनुभएन; उहाँले दुःख भोग्नुहुँदा धम्काउनुभएन; तर आफैलाई धर्ममय न्याय गर्नुहुनेको हातमा सुम्पनुभयो । १ पत्रुस २:२२-२३

यही नै भिन्नता हो । येशूले कहिल्यै पनि पाप गर्नुभएन । एक पटक पनि । कहिल्यै पनि । उहाँ हामीझैं परीक्षित हुनुभयो, तर कहिल्यै पनि पापमा फस्नुभएन । उहाँले आफ्नो हृदयमा सही थियो भनी जान्नुभएका कुराहरू नै सदैव गर्न रोज्नुभयो, त्यसैले उहाँ र केवल उहाँ मात्र सबै पापीहरूका सबै पापको निम्ति सधैंको लागि एकै पटकमा दिइने सिद्ध बलिदान हुन सक्नुहुन्छ ।

यसरी उहाँ निष्खोट थुमा हुन सक्नुभयो । उहाँ नै यो संसारका सर्वशक्तिमान् परमेश्वरको लागि हाम्रा सम्पूर्ण पापहरूको सिद्ध प्रायश्चित हुनुहुन्छ ।

म कन्सास शहरमा जहाजमा चढ्न जाँदैथिएँ । मैले आफू बस्न लागेके सीटमा मेरो झोला राखेँ । मेरो छेउमा बसेकी महिलाले पूरै कालो लुगा र सुनको गहना लगाएकी थिइन् र उनको कपाल भने सेतो थियो । त्यो पहिरन अत्यन्त मिलेको थियो; उनी ६० वर्षकी जस्तो देखिन्थिन् ।

मैले यसो भनेँ, "हेलो," र उनले मित्रवत रूपमा त्यसो नै भनेर जवाफ दिइन् । तर उनले *न्यू योर्क टाइम्स* पढिरहेकी मैले देखेँ जुन अत्यन्त उदारवादी (परमेश्वर हुनुहुन्न) पत्रिका हो ।

मैले मनमनै यस्तो सोचिरहेको थिएँ, "योचाहिँ एउटा प्रश्न सोध्ने र एउटा सुसमाचारीय पुस्तिका दिने वार्तालाप हुनेछ ।" (तर, तपाईं के सोच्नुहुन्छ भन्ने कुरामा होशियारर्‍यौं हुनुहोस्; तपाईं पूर्णतया गलत हुन सक्नुहुन्छ ।)

म सीटमा बसिसकेपछि हामीले आपसमा परिचय गर्‍यौं; उनको नाउँ शिला थियो । त्यसपछि मैले उनीसँग कन्सास आउनुको कारण सोधेँ । उनले मलाई भनिन् कि उनी एउटा अन्त्येष्टी समारोहमा आएकी थिइन् । असल कुराकानी गर्ने मेरो आशा वृद्धि भयो, किनभने उनले मृत्युको बारेमा सोचिरहेकी थिइन् भन्ने मैले थाहा पाएँ ।

कसको मृत्यु भएको थियो भनी मैले उनलाई सोधेँ, र उनको भतिज पो बितेको थियो भनी उनले मलाई भनिन् । ऊ कसरी बित्यो भनी मैले उनलाई सोधेँ । उनले मलाई हेरेर यसो भनिन्, "मैले तपाईंलाई भर्खर मात्र भेट्दैछु । मैले तपाईंलाई भन्नुपर्दछ कि पर्दैन भन्ने मलाई थाहा छैन ।"

मैले उनलाई हेरेर भनेँ कि मलाई त्यो कुरा भन्न उनलाई उचित लाग्ने भए, उनले भन्न सक्दथिन् । त्यसपछि उनले मलाई भनिन् कि उनको भतिजले आत्महत्या गरेको थियो । मैले उनलाई भनेँ कि केही वर्ष पहिला मेरो एकजना विद्यार्थीले त्यसो गरेको थियो । त्यसैले हामीले वास्तवमै कुराकानी सुरु गर्‍यौं ।

लगभग २० मिनेटजति कुराकानी गरेपछि, अत्यन्त आश्चर्यजनक एउटा कुरा भयो । मैले एक पटक "परमेश्वर" को कुरा उल्लेख गरेँ । अर्को पटक उनले "आत्मिक" कुरा उल्लेख गरिन् । तर आत्मिक कुराहरूको बारेमा कुरा गर्ने सम्बन्धमा चाहिँ, तबसम्म कुनै गहिरो कुराकानी भएको थिएन ।

त्यसपछि उनी यहूदी थिइन् कि भनेर मैले शिलालाई सोधेँ, र उनी यहूदी नै थिइन् भनेर उनले मलाई भनिन् ।

अनि एक्कासि, पूर्णतया अचानक, उनले मलाई हेरेर सोधिन्, “किन मजस्तो मानिसले मेरा पापहरूको क्षमादानको लागि येशूलाई ग्रहण गर्नुपर्दछ ? किन म परमेश्वरसँग असल सम्बन्ध गाँस्नको लागि दश आज्ञाहरू पालन गर्ने एक असल यहूदी बन्न सक्दिनँ ? मेरा पापहरूको क्षमादानको लागि किन मैले येशूलाई ग्रहण गर्नुपर्दछ ? मेरो लागि एक क्रिश्चियन बनेर अल्पमतबाट बहुमतमा जान धेरै सजिलो हुन्छ, किन मैले त्यसो गर्नुपर्दछ र ?”

म छाङ्गाबाट खसेजस्तै भएँ । ती महिलाले मलई त्यो प्रश्न सोधिन् भनेर मैले विश्वास गर्नै सकिनँ । यो कुरा आश्चर्यजनक हुन्छ कि मानिसहरूले अनन्त विषयहरूको बारेमा हामीसँग कुरा गर्नेछैनन् भन्ने हामी प्रायः सोच्दछौं ।

त्यसपछि परमेश्वरले कसैलाई हाम्रो छेउमा राखिदिनुहुन्छ जो “खोजी गर्ने चाहना” मा हुन्छ र हामी त हामीले तिनीहरूलाई भन्ने कुरामा आज्ञाकारी मात्र हुनुपर्दछ । परमेश्वरले तिनीहरूको हृदयमा काम गर्नुभएको हुन्छ र तिनीहरू तयार हुन्छन् ।

हामीले त सत्यको बीउ मात्र रोपे पुग्दछ वा रोपिसकिएको बीउलाई पानी हाले मात्र पुग्दछ ।

शिलाले त्यो विशाल प्रश्न वा प्रश्नहरूको श्रृङ्खला नै सोधेपछि, मैले उभिएर आफूमाथि तखतामा रहेको मेरो झोलाबाट बाइबल निकालेँ र हामीले त्यो हवाइयात्राभरि पुरानो करारमा यशूआलाई उल्लेख गरिएको थियो भन्ने बारेमा कुरा गऱ्यौं । (येशूको मौलिक हिब्रू नाउँ यशूआ हो, जसको अर्थ “मुक्ति” हो ।)

मैले एक पटक एकजना मानिसको बारेमा एउटा टेप सुनेँ जो एक पूर्ण यहूदी थियो - अर्थात् उसले येशूलाई यहूदी मसीह भनी स्वीकार गरेको थियो । उसले भन्यो कि एकजना यहूदीले, जसले येशूमाथि विश्वास गर्दथे, उसलाई पुरानो करारका चारवटा कुराहरू पढ्न र त्यसपछि आफैसँग “यसले कसलाई जनाइरहेको छ ?” भनेर सोध्न सल्लाह दिएपछि उसले यो कुरामा विश्वास गरेको थियो ।

त्यो कुरा उसलाई ठीकै लाग्यो, त्यसैले उसले त्यसो गर्ने प्रयास गऱ्यो ।

१. यशैया ५३ अध्यायले कष्ट भोग्ने दासको बारेमा कुरा गर्दछ। उसको जवाफ यो थियो कि उक्त अध्यायले येशूको बारेमा कुरा गरिरहेको थियो।

२. भजनसङ्ग्रह २२ ले मसीहलाई क्रूसमा टँगाइने विषयमा कुरा गर्दछ। त्यसले येशूको मृत्युलाई जनाउँदथ्यो भन्ने उसले थाहा पायो।

३. यर्मिया ३१:३१-३४ ले पुरानो करार छ र एक दिन नयाँ करार हुनेछ भन्ने विषयमा कुरा गर्दछ। उसलाई नयाँ करारबारे थाहा थिएन। अब उसले थाहा पायो।

४. दानियल ९:२४-२७ ले कसरी मसीहलाई मारिनेछ र त्यसपछि त्यो शहरलाई नाश पारिनेछ भन्ने विषयमा कुरा गर्दछ। पुरानो करारले "त्यो शहर" को बारेमा कुरा गर्दा, त्यसले सदैव यरूशलेमलाई जनाउँदछ। अनि इतिहासबाट हामीलाई थाहा छ कि यरूशलेमलाई सन् ७० मा ध्वंश पारिएको थियो। त्यसैले मसीह त्योभन्दा पहिला नै आउनुपर्दथ्यो!

त्यो मानिसले भन्यो कि, येशू केवल येशूले मात्र त्यो भविष्यवाणी पूरा गर्न सक्नुहुन्थ्यो भनी त्यति बेला नै उसले थाहा पायो।

मलाई पाँचौं पद पनि मन पर्दछः

५. हितोपदेश ३०:४ ले परमेश्वर हुनुहुन्छ भनी हामीलाई भन्दछ र यो प्रश्न सोध्दछः "र उहाँको छोराको नाउँ के हो ?"

त्यसैले यी र अन्य धेरैवटा खण्डहरूमा यहूदी पवित्रशास्त्रहरूले परमेश्वरका पुत्र उचित समय र तरिकाले आउनुहुन्छ भन्ने कुराको घोषणा गर्दछन्।

हामीले यी सबैको बारेमा कुरा गर्दा, शिलाले वास्तवमा केही सोचिरहेकी थिइन्। उनले परमेश्वरसँग असल सम्बन्ध गाँस्ने तरिकाको रूपमा उल्लेख गरेकी दश आज्ञाहरूलाई लिएर हामीले उनको पापको बारेमा कुरा गर्‍यौं। त्यो एउटा आश्चर्यजनक कुराकानी थियो।

हाम्रो कुराकानीको अन्तमा, मैले मेरो पहिलो पुस्तकको एक प्रति निकालेँ र हस्ताक्षर गरेर उनलाई दिएँ। उनले मलाई हरेर भनिन्, "मैले यस्तै कुराकानी गर्न चाहेको धेरै समय भएको थियो।"

एक सेकेण्डको लागि त्यसबारे सोच्नुहोस् त। यस्तो कुराकानी गर्न चाहने मानिसहरू अति धेरै हुन्छन्, तर कहिलेकाहीँ तिनीहरूसँग आत्मिक कुराहरूको बारेमा बोल्न सुरु गर्ने साहस हामीसँग हुँदैन। त्यो साहसको

निम्ति र तयारी हृदयहरू चिन्ने क्षमताको निम्ति प्रार्थना गर्नुहोस्, र परमेश्वरले ती दुवै तपाईंलाई दिनुभएको हेर्नुहोस् ।

मैले उनलाई भनें कि, विमानस्थलतिर आउँदै गर्दा, यो हवाइयात्रामा मेरो छेउमा बस्ने व्यक्तिको हृदय येशूको बारेमा कुरा गर्न खुल्ला होस् भनी प्रार्थना गरिरहेको थिएँ । मैले शिलालाई हेरेर भनें, "तपाईं नै त्यो प्रार्थनाको जवाफ हुनुहुन्थ्यो ।"

उनको मुहारको भाव अमूल्य थियो । शिलाले मलाई हेरेर भनिन्, "म पछिसम्म पनि यो कुराकानी सम्झिरहनेछु ।" शिलाले यशूआ/येशूलाई प्रभु भनी ग्रहण गरिसकेकी छैनन् भने, कृपया उनले त्यसो गरून् भनी प्रार्थना गरिदिनुहोला, ताकि व्यवस्थाअनुसार उनको न्याय नगरियोस् ।

एक पटक कोलोराडोको विन्टर पार्कमा बोल्दा, मैले दिउँसोको समयमा धेरै नै स्की खेलेको थिएँ । स्की खेल्न माथिसम्म चढेर जाने मानिसहरूसँग अनन्त विषयहरूको बारेमा कुरा गर्न म मन पराउँदछु । अर्थात्, तिनीहरूले के गर्न लागेका हुन्छन्, हामफाल्न ? तिनीहरू सदैव तपाईंसँगै चुचुरोसम्म जान्छन् !

एक दिन त्यसरी नै माथि जाँदैगर्दा, मैले एउटा यहूदी सभाघरका शिक्षक र तिनका छोरासँग कुरा गरिरहेको थिएँ । हामीले पापको क्षमादानबारे कुरा गरिरहेका थियौं । प्रायश्चितको दिन आउन केही दिन बाँकी थियो, त्यसैले उनले त्यो दिनमा गरिने उपवास र प्रार्थनाको बारेमा मलाई बताए ।

हामीले कुरा गर्दैजाँदा, यहूदी पवित्रशास्त्रहरूले पशुहरूको बलिदानबारे कुरा गर्दछन् र तिनको रगतलाई नै पाप ढाक्ने कुरा मानिन्थ्यो भन्ने कुरा तिनलाई थाहा भएको मैले पाएँ । तिनलाई यो कुरा पनि थाहा थियो कि, लगभग २००० वर्षदेखि यहूदीहरूले पशुबलिहरू चढाउन पाएका थिएनन्, किनभने ती चढाइनुपर्ने मन्दिरलाई रोमीहरूले लगभग २००० वर्ष पहिला नाश पारेका थिए ।

त्यसैले मैले येशू नै सबै पापको लागि सिद्ध बलिदान हुनुहुन्छ भन्ने कुरा तिनलाई व्याख्या गरिदिएँ, त्यसैले अबचाहिँ मन्दिरमा बलिदान चढाउनुपर्दैनथ्यो । त्यसैकारण मन्दिर नाश पारिएको थियो ।

हामीले त्यहाँ असल कुराकानी गर्‍यौं । त्यसपछि चुचुरोमा पुग्ने बित्तिकै - जहाँ तपाईंले आफ्ना स्कीहरू माथि उचाल्नुहुन्छ ताकि अवतरण गरिने

ठाउँमा ती नठोक्किऊन् र तपाईंको खुट्टा नभाँच्चियोस् - तिनले मलाई हेरेर भने, "पापको निम्ति मानिसको बलि चढाउने सत्यताको विषयमा त मैले पहिला कहिल्यै पनि सोचेको थिइनँ ।"

उसको मनमा सत्यता प्रकट हुन थाल्यो । प्रभावकारी पापबलिको निम्ति पूरा गरिनुपर्ने यहूदी व्यवस्था उसलाई थाहा थियो र अब, पहिलो पटक, येशू वास्तविक रूपमा यस पृथ्वीमा आउनुपर्नाको कारण उसले बुझ्न थालेको थियोः सधैंको लागि एक पटक चढाइने त्यही सिद्ध पापबलि हुनको लागि ।

परमेश्वरले येशूको बारेमा यसो भन्नुहुन्छः

> जो (येशू) उहाँ (परमेश्वर) को महिमाको चमक र उहाँको व्यक्तित्वको पक्का प्रतिरूप हुनुहुन्छ, र आफ्नो सामर्थ्यको वचनले सबै थोकहरू सम्हाल्नुहुन्छ; आफैद्वारा हाम्रा पापहरू शुद्ध पारेपछि उहाँ उच्च स्थानमा महामहिमको दाहिने हातपट्टि बस्नुभयो । हिब्रू १:३

याद गर्नुहोस् कि सुरुदेखि नै यो पुस्तकमा गरिएको खोजी सत्यको निम्ति हो । सत्य थाहा पाउनु र सत्यअनुसार जिउनुले सदैव तपाईंलाई स्वतन्त्र पार्नेछ ।

> तब येशूले आफूलाई विश्वास गर्ने ती यहूदीहरूलाई भन्नुभयोः "तिमीहरू मेरो वचनमा लागिरह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ । अनि तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र गराउनेछ ।" यूहन्ना ८:३१-३२

बुद्धले जीवनको अन्तमा यसो भनेः

परमेश्वर हुनुहुन्छ कि हुनुहुन्न भन्ने पनि मलाई थाहा छैन । मैले अझै पनि सत्य खोजिरहेछु ।

कुरानमा, जुन महम्मदको मृत्यु भएको धेरै वर्षपछि लेखिएको थियो, तिनले यसो भनेका कुरा उद्धरण गरिएको छः

मलाई क्षमादानको खाँचो छ ।

तर येशूले भन्नुहुने कुरा सुन्नुहोस् तः

> येशूले तिनलाई भन्नुभयोः "बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन ।" यूहन्ना १४:६

यहाँनेर, येशूले आफू नै स्वर्ग जाने एक मात्र बाटो भएको कुरा भन्नुहुँदा, हामीमा एउटा द्बुविधा हुन्छ। येशू वास्तवमा को र के हुनुहुन्छ भन्ने कुरा हामीले निर्णय गर्नुपर्दछः पागल, ढँटुवा, कि प्रभु। आउनुहोस् यसलाई हेरौं।

यदि उहाँले झूट बोलिरहनुभएको छ र त्यो कुरा उहाँलाई थाहा छैन भने, उहाँ पागल हुनुहुन्थ्यो। उहाँ दिमाग फुस्किएको हुनुपर्दथ्यो। कसैले पनि दिनहुँ परमेश्वर हुँ र स्वर्ग जाने एक मात्र बाटो हुँ भनी दाबी गर्दैन। यदि तपाईंले यस्तो कुरा भन्नुहुन्छ भने, तपाईं त्यसको पुष्टि गर्न सक्षम हुनुभएकै उत्तम हुन्छ।

के इतिहासको २000 वर्षसम्म यस्तो प्रभाव पार्ने यी मानिसले कुनै पागलले जस्तो व्यवहार गर्नुभयो होला ? के ती मानिस जसको जन्मले इतिहासलाई ईशापूर्व र सन्‌मा विभाजन गरिदियो, वास्तवमै पागल हुन सक्नुहुन्छ ?

तर यदि उहाँले झूट बोलिरहनुभएको छ र त्यो कुरा उहाँलाई थाहा छ भने, उहाँ संसारले अहिलेसम्ममा देखेकोमध्ये सबैभन्दा ठूलो धोकेबाज हुनुहुन्छ। उहाँले आफू नै स्वर्ग जाने बाटो भएको कुरा मानिसहरूलाई भन्नुभएको होला जबकि उहाँ त्यो बाटो हुनुहुन्थेन।

येशूका भनाइहरू आजको समाजमा व्याप्त छन्। अधिकांश मानिसहरूले तिनमा रहेको सत्य थाहा पाउँदछन्। उहाँका शत्रुहरूले उहाँमा कुनै पाप भेट्टाउन सकेनन्। उहाँको चरित्र निष्कलङ्क थियो।

जसका शब्दहरू संसारले थाहा पाएकामध्ये सबैभन्दा महान् नैतिक शिक्षाहरू हुन् र जसका वचनहरू र कामहरूले यो संसारमा सबैभन्दा ठूलो प्रभाव पारेका छन्, के त्यस्तो मानिस त्यति नै बेला आफ्नै, परमेश्वरको र मानवजातिले अनन्तता कहाँ बिताउँदछ भन्ने कुराको बारेमा झूट बोल्ने मानिस हुन सक्नुहुन्छ ?

यसले त येशू पागल हुनुहुन्थ्यो भनी सोच्नुमा र उहाँ ढँटुवा हुनुहुन्थ्यो भनी सोच्नुमा कुनै अर्थ दिँदैन भन्ने हामी देख्दछौं। त्यसले त एउटा मात्र बिकल्प छोड्दछः उहाँले सत्य बताइरहनुभएको थियो, र उहाँले सत्य बोलिरहनुभएको थियो भन्ने कुरा उहाँलाई थाहा थियो। त्यसले उहाँलाई मानवीय शरीरमा प्रकट हुनुभएका परमेश्वर बनाइदिन्छ, जस्तो उहाँ हुनुहुन्थ्यो भनी भविष्यवाणी गरिएको थियो।

विद्वान् सी.एस. लेविसले यसरी लेखेका छन्:

या त यी मानिस परमेश्वरका पुत्र हुनुहुन्थ्यो र हुनुहुन्छ या एक पागल वा अझ खराब कुनै कुरा हुनुहुन्थ्यो। तपाईंले उहाँलाई मूर्ख भनी चूप लगाउन सक्नुहुन्छ, तपाईंले उहाँमाथि थुक्न सक्नुहुन्छ र दुष्ट आत्मा भनी उहाँलाई मार्न सक्नुहुन्छ; अथवा तपाईंले उहाँको पाउमा घोप्टो परेर उहाँलाई प्रभु र परमेश्वर भन्न सक्नुहुन्छ। तर उहाँ महान् मानवीय शिक्षक हुनुहुन्थ्यो भन्ने सम्बन्धी कुनै व्यर्थको कुरालाई आश्रय नदिऔं। उहाँले हामीलाई त्यो कुरा खुल्ला गरिदिनुभएको छैन। उहाँको लक्ष्य त्यस्तो हुनु थिएन।[६४]

संसारका सम्पूर्ण धर्मका संस्थापकहरूका दाबीहरूको तुलनामा येशू ख्रीष्टका दाबीहरू अद्वितीय छन्।

महम्मदले परमेश्वर हुँ भनी कहिल्यै पनि दाबी गरेनन्; बुद्ध त परमेश्वरसम्बन्धी प्रश्नबारे मौन नै रहे; कन्फुसियसले परमेश्वरको धारणाबारे छलफल गर्न अस्वीकार गरे; मोशाले परमेश्वरका एक भविष्यवक्ता हुँ भन्ने दाबी मात्र गरे। येशूले मात्र मानव रूपमा (शरीरमा) आउनुभएका परमेश्वर हुँ भनी दाबी गर्नुभयो। मानिसहरूले उहाँलाई "बुद्धिमान् शिक्षक," "महान् गुरु" भनेर व्याख्या गरेका छन्, तर उहाँका वचनहरूलाई मात्र होइन तर उहाँका आश्चर्यकर्महरूलाई पनि साँचो र आधिकारिक थिए भनी हेरिएको थियो। अनि प्राचीन लेखोटहरू (पुरानो करार) को साथमा, सबैले उहाँलाई शरीरमा आउनुभएका परमेश्वर भनी भन्दछन्।[६५]

येशू, जसको नाउँको अर्थ नै "मुक्ति" हो, उहाँले सत्य बताइरहनुभएको थियो: उहाँ स्वर्ग जाने एक मात्र बाटो हुनुहुन्छ।

अनि तपाईंले यो कुरा पाउनुहुन्छ: हामीले स्वर्ग जानको लागि खोजिरहेका बाटो भेट्टाइएको छ। रहस्य समाधान भएको छ। उहाँले र केवल उहाँले मात्र तपाईंको पाप क्षमा गर्न सक्नुहुन्छ।

पिताकहाँ जाने र परमेश्वरसँग असल सम्बन्ध गाँस्ने एक मात्र बाटो उहाँ नै हुनुहुन्छ:

> साँघुरो ढोकाबाट भित्र पस, किनकि विनाशमा पुऱ्याउने ढोका फराकिलो हुन्छ, र बाटोचाहिँ चौडा हुन्छ; अनि त्यसबाट भित्र पस्नेहरू धेरै हुन्छन्। किनभने जीवनमा पुऱ्याउने ढोका साँघुरो र बाटो पनि साँघुरो हुन्छ; अनि यो भेट्टाउने थोरै हुन्छन्। मत्ती ७:१३-१४

सत्यको खोजी सदैव साँघुरो खोजी हुन्छ, किनभने सत्य एक मात्र हुन्छ र त्यसले अन्य हरेक बाटो वा जवाफलाई अस्वीकार गर्दछ । स्वर्ग जाने साँघुरो बाटोको टिकट भेट्टाइएको छ, र यसमा येशूको रगतको छाप लगाइनुपर्दछ । जसरी गलत जवाफहरू धेरै हुन्छन्, त्यसरी नै न्यायको दिनमा तपाईं परमेश्वरको सामु जानुहुँदा सही जवाफ एउटा मात्र हुन्छः "येशूले यो सबै तिरिदिनुभयो !"

> ....जसरी उहाँ ज्योतिमा हुनुहुन्छ, उसरी नै हामी ज्योतिमा हिँड्छौं भने, एक-अर्कासँग हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ । १ यूहन्ना १:७

उहाँको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्न सक्दछ । अनि त्यसको अर्थ सबै पापबाट हो । पवित्र परमेश्वरले हामीलाई स्वर्गभित्र प्रवेश गर्न दिन सक्नुहुने एक मात्र तरिका हामीले जीवनभरि गरेका सबै पापबाट हामी शुद्ध भएका छौं कि छैनौं भन्ने हो । त्यसैकारण हाम्रा "असल कामहरू" हामीलाई सबैभन्दा पवित्र परमेश्वरको उपस्थितिमा जान दिन कहिल्यै पनि पर्याप्त हुनेछैनन् ।

यसबारे सोचविचार गर्नुहोस्: यदि तपाईंले एउटा डढेको केक लिनुहुन्छ र त्यसमाथि सेतो क्रिम राख्नुहुन्छ भने, त्यो कस्तो देखिन्छ ? पक्कै पनि, त्यो बाहिरपट्टि असल देखिन्छ, तर तपाईंले त्यसलाई एक पटक टोक्नुहुँदा, त्यसको स्वाद कस्तो हुन्छ ? सम्भवतः हामीमध्ये अधिकांशले डढेको विस्कुट वा केकको टुक्रा टोकेका हौंला, र डढेको भाग नआइञ्जेलसम्म हामी खुसी थियौं । त्यो असाध्यै नमिठो हुन्छ ।

असल कामहरू पनि त्यस्तै हुन्: यदि हाम्रा असल कामहरूले हामीलाई स्वर्गभित्र प्रवेश गराउनेछन् भनी हामीले भरोसा गरिरहेका छौं भने, हामी बाहिरपट्टि असल देखिने प्रयास गर्दछौं, तर भित्रपट्टि भने हामी अझै पनि फोहोरी र डरलाग्दा हुन्छौं किनभने हामीले अझै पनि दिनहुँ दश आज्ञाहरू उल्लङ्घन गरिरहेका हुन्छौं ।

स्वर्गभित्र प्रवेश गर्नको लागि, जहाँ कुनै अशुद्ध कुरालाई अनुमति दिइँदैन, हामीले हाम्रो पापलाई असल कामहरूले ढाकेर मात्र पुग्दैन; त्यसलाई पूर्ण रूपमा हटाउनु नै पर्दछ । येशूको रगत र केवल येशूको रगतले तपाईंका पापहरूलाई सधैंको लागि एक पटक पूर्ण रूपमा हटाएर तिनलाई सुन्दर, ताजा हिउँको वर्षाजत्तिकै शुद्ध र सेतो पारिदिन सक्दछः

> परमप्रभु भन्नुहुन्छ, आऊ, हामी बसेर आफ्ना कुरा छलफल गरौं। तिमीहरूका पाप सिन्दूरे रङ्गका भए तापनि ती हिउँजस्तै सेता हुनेछन्। गाढा राता रङ्गका भए तापनि ती ऊनजस्तै हुनेछन्। यशैया १:१८

हाम्रा सबै पापहरू सधैंको लागि एकै पटकमा हटाइदिने कुरा एउटा मात्र छः येशू मसीहको (वा ख्रीष्टको, ग्रीकमा भएअनुसार) शुद्ध पार्ने पवित्र रगत।

> तर अब त ख्रीष्ट येशूमा तिमीहरू, जो बितेको समयमा टाढा थियौ, ख्रीष्टको रगतद्वारा नजीक पारिएका छौ। एफेसी २:१३

त्यसपछि हामी येशूको धार्मिकता पहिरिएर परमेश्वरको सामु उभिन सक्दछौं र हाम्रो जवाफ न त "दोषी" न "निर्दोष" नै हुनेछ, तर "उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ" हुनेछ। *१ यूहन्ना १:७*

चार्ल्स स्पर्जनले यसो भनेका थिए:

> ख्रीष्टको हृदय पहाडहरूको बीचमा रहेको ट्याङ्कीजस्तै बन्यो। अपराधका सबै उपनदीहरू, र उहाँका जनहरूका पापहरूको हरेक थोपा बगेर गए र नरकजस्तै गहिरो र अनन्तताजस्तै असीमित विशाल तालमा जम्मा भए। ती सबै ख्रीष्टको हृदयमा जम्मा भएजस्तै भयो र उहाँले ती सबै सहनुभयो।[६६]

उहाँ मात्र यस्तो हुनुहुन्थ्यो जसले सम्पूर्ण मानवजातिको पाप पखाल्न सक्नुभयो, र उहाँले त्यो हाम्रै लागि गर्नुभयो।

स्पर्जनले परमेश्वरका पुत्रको यो निस्वार्थ कामको बारेमा यसो भने:

> स्वर्ग र पृथ्वीको, समय र अनन्तताको आश्चर्य भनेकै येशू ख्रीष्टको प्रायश्चितपूर्ण मृत्यु हो। यो त्यो रहस्य हो जसले परमेश्वरलाई सारा सृष्टिले भन्दा बढी महिमा दिन्छ।[६७]

हामीले आफ्नो उद्धार गर्नको लागि केही पनि गर्न सक्दैनौं, किनभने हालको कुनै पनि असल काम त्यही क्षणको लागि मात्र उचित कुरा हुन्छ र त्यसले विगतको कुनै पनि कुराको मोल तिर्दैन। हामी आत्मिक रूपमा खोक्रा थियौं; एकजान पापरहित व्यक्तिले मात्र हाम्रो ऋण तिर्न सक्नुहुन्छः

> किनकि हामी कमजोर हुँदाखेरि नै, ठीक समयमा ख्रीष्ट भक्तिहीनहरूको निम्ति मर्नुभयो। किनकि धर्मी मानिसको निम्ति मुस्किलले कोही मर्ला; तर असल मानिसको निम्ति सायद कसैले मर्ने आँट गर्ला कि!

तर परमेश्वरले हामीतर्फ आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छ – हामी पापी हुँदा-हुँदै ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो । यसकारण अब उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ्ता गरी हामी उहाँद्वारा क्रोधबाट बचाइनेछौं ।

किनकि हामी शत्रु हुँदाखेरि नै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसित हाम्रो मिलाप भयो भने, मिलाप भएपछि त हामी उहाँको जीवनद्वारा झन् बढ्ता गरी बचाइनेछौं । रोमी ५:६-१०

म एक दिन एकजना मानिससँग विशाल बजारमा कुरा गरिरहेको थिएँ र येशूको रगतले उसको लागि के गरेको थियो भन्ने कुरा उसलाई बुझाउने प्रयास गरिरहेको थिएँ । हामीले कुरा गर्दैजाँदा, कुनै मानिस एउटा पसलबाट बाहिर निस्कियो र घण्टी बज्यो किनभने पसलमा काम गर्ने मानिसले एउटा सामानबाट सुरक्षा-पत्र निकाल्न बिर्सिएको थियो ।

मैले त्यो मानिसलाई सोधेँ, “यदि कसैले सुरक्षा-पत्र तपाईंको पाइन्टमा छोड्यो र तपाईं पसलबाट बाहिर निस्कनुभयो भने, के हुन्छ ?” घण्टी बज्दछ भनी उसले जवाफ दियो ।

मैले भनेँ, “तपाईंको लागि एउटा उदाहरण छ । कल्पना गर्नुहोस् कि स्वर्गका ढोकाहरूमा जाँच गर्ने यन्त्रहरू छन्, दुवैपट्टि एक-एकवटा, र तपाईं भित्र पस्नुहुँदा, एउटा मात्र कुराले त्यो घण्टी बजाउँदछ । त्यो कुरा के होला ?”

उसको जवाफ यो थियो, “मेरो पाप ।”

मैले भनेँ, “ठीक । तर यदि तपाईंका सबै पापहरू क्षमा गरिएका छन् र धोइएका छन् भने, तपाईं सदाको लागि यस पृथ्वीबाट जानुहुँदा के तपाईं ती ढोकाहरू पार गर्न सक्नुहुन्छ ?”

उसका आँखा अचानक चहकिला भए र उसले भन्यो, “सक्दछु !” जसरी हामी कुनै पसलबाट बाहिर निस्कँदा त्यो घण्टी बजोस् भन्ने हामीमध्ये कसैले पनि चाहँदैन, त्यसरी नै हामी स्वर्ग प्रवेश गर्ने प्रयास गर्दा त्यहाँको घण्टी बजोस् भन्ने पनि हामीले निश्चित रूपमा चाहनुहुँदैन ।

तपाईंले येशूको रगतमाथि भरोसा गर्नुहुँदा, त्यसले तपाईंका सबै पापहरू पखालिदिनेछ । बस । तपाईं परमेश्वरको सिंहासनको सामु जानुहुँदा कुनै पनि घण्टी बज्नेछैन ।

चार्ल्स स्पर्जनले यसो भनेका थिए:

मेरो हृदय बाँझो र झारैझारले ढाकिएको थियो, तर एउटा निश्चित दिनमा महान् किसान आउनुभयो र मेरो प्राणमा जोत्न थाल्नुभयो। उहाँसँग दशवटा कालो घोडाहरू थिए, अनि उहाँले तीखो फाली प्रयोग गर्नुभएको थियो, र तिनले गहिरा डोबहरू बनाए।

दश आज्ञाहरू ती काला घोडाहरू थिए, र परमेश्वरको न्यायले हलोको फालीले झैं, मेरो आत्मालाई जोत्यो। म दोषी, छाडा, बिग्रिएको, हराएको, असहाय, आशाहीन थिएँ। मलाई मेरो सामु नै नरक भएजस्तो लाग्दथ्यो।

तर जोतेपछि बीउ छर्ने बेला आयो। हृदयलाई दयापूर्वक जोत्नुहुने परमेश्वरले त्यसलाई यो चेतना दिनुभयो कि त्यसलाई सुसमाचारको खाँचो थियो, र त्यसैले सुसमाचारको बीउलाई खुसीसाथ ग्रहण गरियो।[६८]

व्यवस्थाको उद्देश्य मानिसहरूलाई उद्धारकर्ताको खाँचो छ भन्ने कुरा तिनीहरूलाई देखाइदिनु हो। कसैले पनि व्यवस्था पालन गर्न सक्दैन, त्यसैले हामीले त्यसो गर्ने प्रयास गरिरहेका छौं भने, हामीमा कुनै आशा छैन। हामीले हाम्रो आशाहीन अवस्था थाहा पाउँदछौं भने, येशूले हाम्रो लागि गरिदिनुभएको कुराको बारेमा सुन्दाखेरि हामी अत्यन्त खुसी हुनुपर्दछ।

तलको वर्णनमा रहेको मानिसझैं, के तपाईं पनि येशूले तपाईंको लागि गरिदिनुभएको कुरालाई खुसीसाथ ग्रहण गर्न तयार हुनुहुन्छ?

अनि जब तिनीहरू खोपडी भनिने ठाउँमा आइपुगे, तब तिनहिरूले उहाँलाई र ती कुकर्मीहरूलाई त्यहाँ क्रूसमा टाँगे - एउटालाई दाहिनेपट्टि, र अर्कोलाई देब्रेपट्टि। तब येशूले भन्नुभयो: "हे पिता, तिनीहरूलाई क्षमा गर्नुहोस्; किनकि तिनीहरूले के गरिरहेका छन्, सो जान्दैनन्।" अनि तिनीहरूले उहाँका वस्त्रहरू भाग-भाग गरे, र गोला हाले। अनि मानिसहरू हेर्दै उभिए। अनि तिनीहरूसित शासकहरूले पनि यसो भन्दै उहाँलाई गिल्ला गरे: "त्यसले अरूलाई बचायो; लौ, त्यसले आफैलाई बचाओस्, यदि त्यो ख्रीष्ट अर्थात् परमेश्वरको चुनिएको जन हो भने!" अनि सिपाहीहरूले पनि उहाँकहाँ आउँदै, उहाँलाई सिर्का दिँदै र यसो भन्दै उहाँलाई खिसी गरे: "तँ यहूदीहरूको राजा होस् भने, आफैलाई बचा।"

अनि उहाँको मास्तिर ग्रीक, ल्याटिन र हिब्रू अक्षरमा एउटा दोषपत्र पनि लेखिएको थियो: 'यिनी यहूदीहरूका राजा हुन्।'

अनि झुण्ड्याइएका कुकर्मीहरूमध्ये एउटाले यसो भन्दै उहाँलाई निन्दा गऱ्यो: "तिमी ख्रीष्ट हौ भने, आफैलाई र हामीलाई बचाऊ ।" तर अर्कोले जवाफ दिँदै यसो भनेर त्यसलाई हपाऱ्यो: "के तँ परमेश्वरको डर मान्दैनस्, जबकि तँ पनि त्यही दण्डमा परिरहेछस् ? हामीले त साँच्चै न्यायअनुसार नै; किनकि हामीले आफ्ना कामहरूको उचित फल पाइरहेछौं, तर यी मानिसले कुनै अनुचित काम गरेका छैनन् ।"

अनि उसले येशूलाई भन्यो: "हे प्रभु, जब तपाईं आफ्नो राज्यमा आउनुहुन्छ, तब मलाई सम्झिदिनुहोस् ।" अनि येशूले उसलाई भन्नुभयो: "म तिमीलाई साँच्चै भन्दछु, आज नै तिमी मसँग स्वर्गलोकमा हुनेछौ ।"

अनि बाह्र बज्न लागेको थियो, र तीन बजेसम्म सारा देशभरि अन्धकार भयो । अनि सूर्य अँध्यारो भयो, र मन्दिरको पर्दा बीचैमा च्यातियो ।

अनि ठूलो सोरले कराएर येशूले भन्नुभयो: "हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु," र यसो भनेर उहाँले प्राण त्याग्नुभयो ।

अब जे भएको थियो, सो देखेर सुबेदारले यसो भन्दै परमेश्वरलाई महिमा दिए: "निश्चय नै यिनी धर्मी मनिस थिए ।" अनि त्यस दृश्य-स्थानमा भेला भएका सारा मानिसहरूले ती घटेका कुराहरू हेरेर आफ्ना छाती पिटे, र फर्के ।

अनि उहाँका सबै चिनारू र ती स्त्रीहरू, जो गालीलबाट उहाँको पछि लागेका थिए, ती कुराहरू हेर्दै टाढामा उभिए । *लूका २३:३३-४९*

सत्यता यो हो किफ्न हामी सबैजना येशूको छेवैमा क्रूसमा टाँगिएका ती दुईजना चोरहरूमध्ये या त एउटा या अर्कोजस्ता छौं: एउटाले उहाँलाई गिल्ला गऱ्यो र अर्कोले उहाँ परमेश्वर हुनुहुन्थ्यो भनी स्वीकार गऱ्यो र आफ्ना पापहरूको क्षमादानको लागि उहाँको मुख हेऱ्यो ।

माथिको खण्डले यो कुरा पनि प्रष्ट पार्दछ कि हामी असल बनेर स्र्ग जाँदैनौं, तर येशूलाई प्रेम र आदर गरेर मात्र । अनि हामीले हाम्रा पापहरूको पश्चाताप गरेर र येशूले हाम्रो लागि पूरा गरिदिनुभएको काममाथि विश्वास र भरोसा गरेर र उहाँले आफ्नो वचनमा हामीलाई अह्राउनुभएका कुरा पालना गरेर उहाँलाई प्रेम र आदर गर्दछौं ।

अब, यदि सबै कुरा विश्वासमाथि भर पर्दछ भने, आखिर विश्वास भनेको के हो त ? एउटा कुरा, विश्वास भनेको भावना होइन । तपाईंले कुनै भावना वा शारीरिक चेतनाबिना नै ठूलो विश्वास देखाउन सक्नुहुन्छ । तपाईं अहिले जुन कुरामाथि बसिरहनुभएको छ, त्यसले तपाईंलाई थाम्नेछ भनी तपाईं विश्वास गर्नुहुन्छ । तपाईंले त्यो कुरालाई सिद्ध विश्वासले विश्वास गर्नुहुन्छ, तैपनि तपाईंले त्यसको बारेमा केही पनि महसुस गर्नुहुन्न । अर्कोतर्फ, शङ्का भनेको एउटा भावना हो । तपाईं अहिले जुन कुरामाथि बसिरहनुभएको छ, त्यो कुनै पनि बेला ढल्न सक्दछ भनी तपाईंले विश्वास गर्नुहुन्छ भने, तपाईंले निश्चय पनि भावनात्मक रूपमा र शारीरिक रूपमा दख्खल पुगेको महसुस गर्न सक्नुहुन्छ ।

त्यसैले शङ्का एउटा भावना हो, र कुनै पनि हालतमा एउटा आत्मिक तत्व होइन । तर विश्वासचाहिँ भावना होइन, यो त तपाईंको इच्छाको निर्णयद्वारा गरिएको रोजाइ हो । "त्यो कुर्सी मेरो लागि ठीकै देखिन्छ ।" अनि तपाईं अरू केही पनि नसोचीकन त्यसमाथि बस्नुहुन्छ । तपाईंले केवल आफ्नो रोजाइमाथि भरोसा गरिरहनुभएको मात्र हुन्छ ।

येशूले तपाईंलाई गर्नुहुने प्रेम र तपाईंको उद्धार गर्न उहाँले गर्नुभएको प्रबन्धको सवालमा पनि यस्तै हुन्छ । तपाईंले एक पटक निर्णय गर्नुभएपछि, त्यसमा कुनै भावना सङ्लग्न हुनु नै पर्दछ भन्ने छैन । तर तपाईंलाई त "येशू मेरा उद्धारकर्ता हुनुहुन्छ" भन्ने मात्र थाहा हुन्छ र कत्ति पनि शङ्का नगरीकन तपाईंले उहाँका प्रतिज्ञाहरूमाथि भरोसा गर्नुहुन्छ ।

येशूसँग कस्तो व्यवहार गर्ने भन्ने बारेमा प्रत्येक चोरसँग एउटा बिकल्प थियो । फलस्वरूप, एउटा नरक गयो र एउटा स्वर्ग गयो । तपाईंसँग पनि एउटा बिकल्प हुन्छ । तपाईंले येशूसँग जे गर्ने निर्णय गर्नु भए तापनि, त्यसले तपाईंले अनन्तता कहाँ बिताउनुहुनेछ भन्ने कुरा निर्धारण गर्नेछ ।

उहाँ किन आउनुभयो र त्यसले तपाईंलाई व्यक्तिगत रूपमा के अर्थ दिन्छ भन्ने कुराबारे विचार गर्नुहोस्:

> यो विश्वासयोग्य र हर प्रकारले ग्रहणयोग्य वचन हो - ख्रीष्ट येशू पापीहरूलाई मुक्ति दिनलाई संसारमा आउनुभयो; जसमध्ये मुख्य म नै हुँ । १ तिमोथी १:१५

तरै पनि अनन्त जीवन पाउनलाई पछिबाट उहाँमाथि विश्वास गर्नेहरूका लागि एउटा नमुना बनाउनलाई येशू ख्रीष्टले पहिले ममा सारा सहनशीलता देखाउनुभयो; यही कारणले मैले कृपा पाएँ। १ तिमोथी १:१....हाम्रो नाउँमा लेखिएको धर्मविधिको लेख, जो हाम्रो विरोधमा थियो, मेटाइदिनुभयो; र त्यसलाई क्रूसमा ठोकेर उहाँले त्यसलाई बीचबाट हटाइदिनुभयो। कलस्सी २:१४

"मेटाउनु" भनेको रद्द गर्नु, हामीले परमेश्वरलाई तिर्नुपर्ने ऋणहरूको सूचीमा "पूरै तिरिएको" लेख्नु हो। येशूले "पूरा भयो" भन्नुहुँदा, उहाँले मानवजातिको पापको ऋण "पूरै" तिर्नको लागि मसीले पृथ्वीमा गर्नुहुने कामसम्बन्धी सम्पूर्ण भविष्यवाणी पूरा भएको थियो भनेर भन्न खोज्नुभएको थियो।

यो त अपहरणमा परेको कसैलाई मुक्त पार्नको लागि रकम तिर्नुजस्तै हो। एक पटक त्यो मोल तिरिएपछि, उक्त व्यक्तिलाई मुक्त पारिन्छ। कुनै पनि बन्धनहरू राखिँदैनन्। यही नै येशूको क्रूस र उहाँको रगतको काम हो। योचाहिँ मेरो पाप र तपाईंको पापको कुल, पूरा मोल तिर्नु हो। तिरिसकिएको। मेटिसकिएको।

अनि यसबारे विचार गर्नुहोस्: तपाईंको ऋण २००० वर्ष पहिला तिरिएको थियो! न्याय गरिसकिएको छ, तपाईंको ऋण तिरिसकिएको छ, र परमेश्वरले अबदेखि तपाईंलाई नरकतिर लागिरहेको पापीको रूपमा हेर्नुहुन्न, तर उहाँसँगै रहनलाई घर फर्कन तयार हुँदै गरेको प्रिय सन्तानको रूपमा हेर्नुहुन्छ।

यो अवस्थामा रहेको एक मात्र "यदि" यो हो: यो सबै तपाईंको हो यदि – र केवल यदि – तपाईंले यसलाई स्वीकार गर्ने निर्णय गर्नुहुन्छ भने।

तपाईंले परमेश्वरलाई प्रेम गर्नुहोस् भनी उहाँले तपाईंलाई बाध्य पार्नुहुन्न। यही नै यो संसारमा जीवनको वास्तविक उद्देश्य हो: हामी यहाँ स्वभाव देखाउनको लागि छौं। परमेश्वरले हामीलाई स्वतन्त्र इच्छा भएका बनाउनुभएको छ, र हामीले त्यसलाई यहाँ अभ्यास गर्नुपर्दछ। हामीले समाधान गर्नुपर्ने ठूलो प्रश्न यो हो: के मैले नै मेरो जीवन चलाउनेछु ? कि यो चलाइदिन परमेश्वरलाई बिन्ती गर्नेछु ?

यदि मैले आफूलाई आफ्नो ईश्वर बनाउन चाहन्छु भने, उहाँले दु:ख मान्दै मलाई त्यसो गर्न अनुमति दिनुहुनेछ, तैपनि उहाँले सदैव मलाई उहाँकहाँ फिर्ता बोलाउने प्रयास गरिरहनुहुनेछ।

तर यदि मैले गरेको गल्तीको, विशेष गरी उहाँको विरुद्धमा, लागि म क्षमा चाहन्छु र म यहीं छँदा नै उहाँसँगको सङ्गतिमा जिउन चाहन्छु र त्यसपछि मरेपछि उहाँसँगै रहनलाई घरमा आउन चाहन्छु भनेर मैले उहाँलाई भन्दछु भने, उहाँको जवाफ अवश्य पनि "हुन्छ !" हुन्छ ।

येशूले त्यो ऋण पूरै तिरिदिनुभएको हुनाले, म परमेश्वरकहाँ जान स्वतन्त्र छु र मैले नडराईकन उहाँको मुहारमा हेर्न सक्दछु । यही नै सुसमाचार हो: परमेश्वरले मेरो विरुद्धमा कुनै कटुता लिनुहुन्न, तर बरु मलाई सधैंभरिको सबैभन्दा प्रेममयी उपहार दिनुहुन्छ: येशू ख्रीष्टद्वारा पूर्ण क्षमादान । यदि परमेश्वरले दिनुहुने क्षमादानको उपहारलाई मैले ग्रहण गर्दछु भने, म मरेपछि घर जानेछु, र नरक जानेछैन ।

यो उपहार तपाईंलाई पनि दिइन्छ, यदि तपाईं उहाँको सहायताले आफ्ना पापी चालहरूबाट फर्किनुहुन्छ र ख्रीष्ट येशूमा धार्मिक जीवन यापन गर्ने निर्णय गर्नुहुन्छ भने ।

हजुर, उहाँले तपाईंको लागि गरिदिनुभएको कुरालाई तपाईंले स्वीकार गर्ने र त्यसको निम्ति आभारी हुँदै जिउने निर्णय गर्नुहुन्छ भने, तपाईं आफ्ना अपराधहरूको ऋणबाट मुक्त हुनुहुन्छ ।

येशू हाम्रा पापहरूको निम्ति क्रूसमा मर्नु मात्र भएन, उहाँले त एउटा आश्चर्यजनक काम पनि गर्नुभयो, ताकि उहाँ को हुनुहुन्थ्यो भन्ने कुरा हामीले थाहा पाउन सकौं:

उहाँ मरेकाहरूबाट बौरेर उठ्नुभयो:

> अब हप्ताको पहिलो दिनमा, एकाबिहानै आफूले तयार पारेका सुगन्धित मसलाहरू लिएर तिनीहरू चिहानमा आए, र तिनीहरूको साथमा अरू पनि ।
>
> अनि तिनीहरूले ढुङ्गा चिहानबाट गुडाएर हटाइएको भेट्टाए । अनि तिनीहरू भित्र पसे, र प्रभु येशूको शरीर भेट्टाएनन् । अनि यस्तो भयो - तिनीहरू यसको विषयमा एकदम अलमल्ल परिरहेका बेलामा हेर, चम्किला वस्त्र पहिरेका दुईजना मानिस तिनीहरूको छेवैमा उभिए ।
>
> अनि तिनीहरूले डराएर आफ्नो अनुहार भुइँतिर झुकाउँदा उनीहरूले तिनीहरूलाई भने: "तिमीहरू किन जिउँदालाई मरेकाहरूको बीचमा खोज्दछौ ? उहाँ यहाँ हुनुहुन्न, तर बौरेर उठ्नुभएको छ ! गालीलमा हुनुहुँदा उहाँले तिमीहरूसँग कसरी यसो भन्दै कुरा गर्नुभएको थियो,

सम्झ ! 'मानिसका पुत्र पापी मानिसहरूका हातमा सुम्पिइनु, क्रूसमा टँगाइनु र तेस्रो दिनमा बौरेर उठ्नुपर्दछ ।'"

अनि तिनीहरूले उहाँका वचनहरू सम्झे । अनि चिहानबाट फर्केर तिनीहरूले यी सबै कुराहरू ती एघारजनालाई र अरू बाँकी सबैलाई बताइदिए । प्रेरितहरूलाई यी कुराहरू बताउनेचाहिँ मरियम मग्दलिनी, योअन्ना, याकूबकी आमा मरियम र तिनीहरूका साथमा हुने अरू स्त्रीहरू थिए । तर तिनीहरूका कुराहरू उनीहरूका निम्ति फोस्रा कहानीहरूजस्तै देखा परे, र उनीहरूले तिनीहरूलाई विश्वास गरेनन् ।

तब पत्रुस उठे र चिहानतिर दगुरे; अनि निहुरेर हेर्दा तिनले सुती कपडाहरू मात्र राखिएका देखे; अनि त्यहाँ घटेको घटनाको कारण तिनी अचम्म मान्दै घरतिर हिँडे । लूका २४:१-१२

....र उहाँको चिहान रित्तै छोडियो:

उहाँलाई परमेश्वरको मृत्युका पीडाहरूबाट छुटाईकन बौराएर उठाउनुभयो; किनभने त्यसको अधीनमा उहाँ रहनुचाहिँ असम्भव थियो । प्रेरित २:२४

अब हे भाइहरूहो, जुन सुसमाचार मैले तिमीहरूलाई प्रचार गरेँ, त्यही म तिमीहरूलाई बताउँछु; त्यसलाई नै तिमीहरूले ग्रहण गरेका छौ, र त्यसैमा तिमीहरू उभिन्छौ; त्यसैद्वारा तिमीहरूले मुक्ति पनि पाउँछौ, यदि तिमीहरूले मैले प्रचार गरेको वचन बलियो गरी पक्र्यौ भने, नत्र तिमीहरूले व्यर्थैमा विश्वास गर्‍यौ ।

किनकि सबैभन्दा पहिला मैले तिमीहरूलाई त्यही कुरा सुम्पिदिएँ, जुन कुरा मैले पनि पाएको थिएँ; अर्थात् पवित्र-शास्त्रहरूबमोजिम ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो, र गाडिनुभयो, अनि पवित्र-शास्त्रहरूबमोजिम उहाँ तेस्रो दिनमा बौराइनुभयो;

अनि उहाँ केफासकहाँ, त्यसपछि बाह्रजनाकहाँ देखा पर्नुभयो; त्यसपछि उहाँ एकैचोटि पाँच सयभन्दा बढी भाइहरूकहाँ देखा पर्नुभयो, जसमध्ये धेरैजसो अहिलेसम्म छँदैछन्, तर कतिचाहिँ सुतिसके ।

त्यसपछि उहाँ याकूबकहाँ देखा पर्नुभयो; त्यसपछि सबै प्रेरितहरूकहाँ । अनि सबैभन्दा पछि उहाँ मकहाँ - मानौं समय पूरा नभइ जन्मिएको मान्छेकहाँ पनि देखा पर्नुभयो । किनकि म प्रेरितहरूमध्ये सबैभन्दा सानो

हुँ, म प्रेरित भनिने लायकको छैनँ; किनकि मैले परमेश्वरको मण्डलीलाई सताएँ ।

तर म जे छु, परमेश्वरको अनुग्रहद्वारा नै छु; अनि मलाई दिइएको उहाँको अनुग्रह व्यर्थ भएन; तर मैले उनीहरू सबैले भन्दा साह्रै बढी मेहनत गरेँ; तरै पनि मैले होइन, तर मसँग भएको परमेश्वरको अनुग्रहले नै हो । यसकारण चाहे म हुँ चाहे उनीहरू होऊन्, हामी यसरी नै प्रचार गर्छौं, र यसरी नै तिमीहरूले विश्वास गर्‍यौ ।

अब 'उहाँ मरेकाहरूबाट बौराइनुभयो' भनी ख्रीष्टको प्रचार गरिन्छ भने, मरेकाहरूको बौरिउठाइ हुँदैन भनी तिमीहरूमध्ये कतिले कसरी भन्छन् त ? तर यदि मरेकाहरूको बौरिउठाइ हुँदैन भने, ख्रीष्ट पनि बौराइनुभएन ।

अनि ख्रीष्ट बौराइनुभएन भने हाम्रो प्रचार व्यर्थै हो, र तिमीहरूको विश्वास पनि व्यर्थै हो । अनि हामी पनि परमेश्वरका झूटा साक्षी ठहरिन्छौं; किनकि 'उहाँले ख्रीष्टलाई बौराएर उठाउनुभयो' भनी हामीले परमेश्वरको विषयमा गवाही दियौं । साँच्चै मरेकाहरू बौराइँदैनन् भने त उहाँलाई पनि परमेश्वरले बौराएर उठाउनुभएन ।

किनकि मरेकाहरू बौराइँदैनन् भने त ख्रीष्ट पनि बौराइनुभएन । अनि यदि ख्रीष्ट बौराइनुभएन भने, तिमीहरूको विश्वास व्यर्थै हो; तिमीहरू अझै पनि आफ्ना पापहरूमै छौ । तब ख्रीष्टमा सुतेकाहरू पनि नष्ट भए ।

यही जीवनमा मात्र हामीले ख्रीष्टमा आशा राखेका छौं भने सबै मानिसहरूमध्ये हामीचाहिँ सबैभन्दा दुःखी हौं । १ कोरिन्थी १५:१-१९

हामीले प्रत्यक्षदर्शी साक्षीको बारेमा पहिला भनेका कुरा सम्झिनुहोसु त ! यहूदी व्यवस्थाको अदालतमा कुनै कुरा प्रमाणित गर्नको लागि एकजना साक्षी पर्याप्त मानिँदैनथ्यो भन्ने हामीले देखाएका थियौं । कुनै पनि कुराको सत्यता स्थापित गर्नको लागि कम्तिमा पनि दुईजना साक्षीहरूको आवश्यकता पर्दथ्यो ।

अँ, येशू मरेकाहरूबाट बौरेर उठ्नुहुँदा, ४० दिनको अवधिमा उहाँलाई १३ वटा विभिन्न ठाउँहरूमा कम्तिमा पनि ५५२ जना मानिसहरूले देखेका थिए । येशूको बौरिउठाइ र त्यसपश्चात् ४० दिनसम्म उहाँ संसारमा सक्रिय रूपमा

उपस्थित हुनुभएको कुरा बन्द ढोकाहरूमित्र गरिएको कुरा थिएन; बरु यो त फराकिला खुल्ला ठाउँहरूमा गरिएको थियो त्यसैले सबैले परमेश्वरका पुत्रको बौरिउठाइमा उहाँले गर्नुभएको आश्चर्यजनक कामलाई देख्न सके ।

उहाँलाई देख्नेहरूलाई यसले निसङ्कोच रूपमा यो कुरा प्रमाणित गरिदियो कि उहाँ मानव शरीरमा आउनुभएका परमेश्वर अर्थात् मसीह हुनुहुन्थ्यो ।

यसबारे विचार गर्नुहोस् । सधैंभरिका, आजका हामीलगायत, मानिसहरूले सही अनन्त निर्णय गर्न पर्याप्त प्रमाण पाऊन् भन्ने कुरा उहाँले निश्चित गर्नुपरेको थियो ।

अनि पावल अझै अगाडि बढे । तिनले भने कि यदि येशू मरेकाहरूबाट बौराइनुभएन भने, हाम्रो विश्वास व्यर्थै हुन्छ । यो त एउटा ठूलो छलबाहेक केही पनि हुँदैन । अनि तैपनि येशूका सबै चेलाहरू तिनीहरूको विश्वासको खातिर मर्न इच्छुक थिए किनभने तिनीहरू प्रत्येकले बौरिउठ्नुभएका उद्धारकर्तालाई देखेका थिए !

> हे थियोफिलस, येशूले जे गर्न र सिकाउन थाल्नुभयो, ती सबै कुराहरूको विषयमा पहिलो बयान ("लूका" को सुसमाचार) मैले गरेको छु - उहाँले चुन्नुभएका ती प्रेरितहरूलाई पवित्र आत्माद्वारा आज्ञा दिनुभएपछि उहाँ माथि उठाइनुभएको दिनसम्मका कुराहरू । उहाँले दुःख भोगिसक्नुभएपछि चालीस दिनसम्म तिनीहरूद्वारा देखिनुहुँदै र परमेश्वरको राज्यको विषयमा कुराहरू बताउनुहुँदै अनेकौं अचूक प्रमाणहरूद्वारा उहाँले आफूलाई तिनीहरूकहाँ जीवित देखाउनुभयो । प्रेरित १:१-३

एक दिन एउटा कला महोत्सवमा मैले दुईजना महिलाहरूसँग कुराकानी गरिरहेको थिएँ । येशू नै स्वर्ग जाने एक मात्र बाटो हुनुहुन्थ्यो भन्ने कुरा तिनीहरूले कसरी बुझ्नै सकेका थिएनन् भनी मलाई भने । मैले तिनीहरूसँग केही बेर येशूको जीवन, येशूको मृत्यु र त्यसपछि येशूको बौरिउठाइको बारेमा कुरा गरेँ ।

मैले बौरिउठाइको बारेमा कुरा गरिसकेपछि, एउटी महिलाले मलाई हेरेर यसो भनिन्, "यदि ती मानिस मरेकाहरूबाट बौरेर उठेका भए, उहाँले आफू नै स्वर्ग जाने एक मात्र बाटो हुँ भनी दाबी गर्न सक्नुहुन्छ ।"

उनलाई समेत, जसले येशूमाथि विश्वास गर्दिनथिन्, यो कुरा थाहा थियो - यदि कसैले आफ्नै मृत्युको भविष्यवाणी गर्दछ, चिहानबाट बाहिर निस्कनेछु

भनी भविष्यवाणी गर्दछ र त्यसपछि वास्तवमा त्यो काम गरेरै छोड्दछ भने - त्यो व्यक्तिले भन्ने अरू कुरालाई पनि तपाईंले विश्वास गर्न सक्नुहुन्छ।

येशूको बारेमा धेरै कुराहरू भन्न सकिन्छ, तर एउटा कुरा भने निश्चित छः मरेकाहरूबाट भएको उहाँको बौरिउठाइले उहाँलाई यो पृथ्वीमा अहिलेसम्म हिँडेका अरू सबैजनाभन्दा भिन्दै वर्गमा राखिदिन्छ।

उहाँले आफ्नो मृत्युको भविष्यवाणी गर्नुभयो र मरेकाहरूबाट बौरनेछु भनेर पनि भविष्यवाणी गर्नुभयो र उहाँले त्यसो गरेर पनि देखाउनुभयो। महम्मदले त्यसो गर्न सकेनन्। बुद्धले त्यसो गर्न सकेनन्। कन्फुसियसले त्यसो गर्न सकेनन्।

येशूले त्यसो गर्न सक्नु मात्र भएन, उहाँले त्यसो गर्नु पनि भयो।

## पास्कलको बाजी

महान् गणितीज्ञ र दर्शनशास्त्री ब्लैज पास्कलले यस्तो सुझाव दिए कि परमेश्वर हुनुहुन्छ कि झैं गरेर जिउनु त परमेश्वर हुनुहुन्न कि झैं गरी जिउनुभन्दा उत्तम बाजी हुन्छ। यो कुरा "पास्कलको बाजी" भनेर चिनिएको छ।

त्यो बाजीलाई यसरी लेख्न सकिन्छः यदि परमेश्वरको अस्तित्व छैन कि झैं गरी यदि तपाईं जिउनुहुन्छ र तपाईं *सही* हुनुहुन्छ भने, तपाईं केवल मर्नुहुन्छ र आफ्नो चिहानमा जानुहुन्छ। तर यदि परमेश्वरको अस्तित्व छैन कि झैं गरी तपाईं जिउनुहुन्छ र तपाईं *गलत* हुनुहुन्छ भने, तपाईंले नरकमा अनन्त कष्ट भोग्नुहुनेछ।

त्यसको विपरीत, परमेश्वरको अस्तित्व छ कि झैं गरी यदि तपाईं जिउनुहुन्छ र तपाईं *गलत* हुनुहुन्छ भने, तपाईं केवल मर्नुहुन्छ र चिहानमा जानुहुन्छ। तर यदि तपाईं परमेश्वरको अस्तित्व छ कि झैं गरी जिउनुहुन्छ र तपाईं *सही* हुनुहुन्छ भने, तपाईंले सदासर्वदा स्वर्गमा रहने चिट्ठा जित्नुहुन्छ।

पास्कलले भन्न खोजेका कुरा यो थियो: परमेश्वर हुनुहुन्छ भन्ने जुवा किन नखेल्ने ? यदि तपाईं गलत हुनुहुन्छ भने, तपाईंले केही पनि गुमाउनुहुन्न र तपाईंले यहाँ असल जीवन जिउनुहुन्छ। तर यदि तपाईं सही हुनुहुन्छ र परमेश्वर वास्तविक हुनुहुन्छ भने, तपाईंले बुद्धिमान् छनौट गरेकोमा धन्यवादी हुनको लागि अनन्तताभरिको समय पाउनुहुनेछ।

हामीले कारमा वा जहाजमा चढ्दा वा कुनै उपकरण चलाउँदा वा कुनै रेष्टुराँमा गएर खाना खाँदा हरेक पटक जुवा खेल्दछौं । त्यसैले किन हामीले यसमा जुवा नखेल्ने, जहाँ सबै कुरा फाइदा मात्र हुन्छ र केही पनि नोक्सान हुँदैन ?

मैले एक दिन यो तर्कलाई हेरिरहँदा, पास्कलले केही कुरा छुटाएका थिए भन्ने मलाई लाग्यो किनभने तिलने येशूलाई उल्लेख गरेनन् । तपाईंले परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्न सक्नुहुन्छ, तर यदि तपाईंले सही परमेश्वर अर्थात् येशू ख्रीष्ट अर्थात् उद्धारकर्तालाई चुन्नुहुन्न भने, तपाईंले अनन्त गल्ती गुर्नभएको हुन्छ ।

कुनै कुरा एकै समयमा साँचो वा झूटो हुन सक्दछ । या त येशू परमेश्वरका पुत्र हुनुहुन्छ जो बाटो, सत्य र जीवन हुनुहुन्छ जो मरेकाहरूबाट बौरेर उठ्नुभयो - या उहाँ त्यस्तो हुनुहुन्न र हुनुहुन्थेन ।

वास्तवमा, थप अनुसन्धान गरेपछि, मैले यो कुरा थाहा पाएँ कि हामीले एक परमेश्वरमाथि विश्वास गर्नुपर्दछ भनेर मात्र पास्कलले भनिरहेका थिएनन् तर क्रिश्चियनमतमा उल्लेख गरिनुभएका परमेश्वरमाथि विश्वास गर्नुपर्दछ भनेर भनिरहेका थिए । तिनले यसो पनि भनिरहेका थिए कि यदि तपाईंले कुनै कुरामाथि विश्वास गर्नुहुन्छ भने, तपाईंले त्यसैअनुसार काम पनि गर्नुहुनेछ ।

त्यसैले तिनले वास्तवमै येशूलाई सिफारिस गरिरहेका थिए, तर तिनले नास्तिकहरूलाई सम्बोधन गरिरहेका हुनाले, तिनले परमेश्वर भनी सुरु गरेर अप्रत्यक्ष रूपमा त्यसो गरेका थिए ।

तपाईं यो प्रश्नमा कहाँनेर उभिनुहुन्छ ?

तपाईं मर्नुहुनेछ भन्ने कुरा १०० प्रतिशत साँचो छ । के तपाईंसँग एक दिन स्वर्ग जाने सही टिकट छ ? त्यो टिकटमा येशूको रगतले छाप लगाइनुपर्दछ - म पर्दछ शब्दलाई जोर दिन्छु । या त तपाईं परमेश्वरको सन्तान बनेर स्वर्गमा पुग्नुहुनेछ या तपाईं त्यहाँ पुग्दै पुग्नुहुनेछैन ।

यहाँ बीचको कुनै कुरा नै छैन । एउटा छनौट गर्नु नै पर्दछ ।

जोश म्याकडोवेलले येशूमाथिको विश्वासको बारेमा बताएको कुरा यस प्रकार छः

> क्रिश्चियनमत संसारको सबैभन्दा ठूलो धर्म हो, तर यसमा कुनै कुरा अत्यन्त भिन्दै छ । यो एक अर्थमा एउटा धर्म हो, तर यो सबै

एकजना व्यक्तिमा आधारित छ। जोसेफ स्मिथ नभएका भए पनि, मोर्मोनवाद भने हुनेथियो। बुद्ध नभएका भए पनि, बौद्धमार्ग हुने नै थियो किनभने अति धेरैजनाले आफू बुद्ध भएको दाबी गरेका छन्। तर येशू हुनुहुन्न भने, क्रिश्चियनमत हुँदैन। यो धर्म निर्मूल हुन्छ। ती येशू नहुनुभएको भए जो हिँड्नुभयो र बोल्नुभयो र क्रूसमा टाँगिनुभयो र मरेकाहरूबाट बौरेर उठ्नुभयो, यहाँ कुनै क्रिश्चियनमत हुनेथिएन। यो सबै परमेश्वरका पुत्र येशूमाथि केन्द्रित हुन्छ। अब प्रश्नचाहिँ यो छ, तपाईंले उहाँलाई के गर्नुहुनेछ ?[टढ]

एक पटक एकजना मानिसले यसो भनेका मैले सुनें:

हामी पापको गहिरो खाडलमा छौं भन्ने कल्पना गर्नुहोस्। यो खाडलबाट चढेर माथि निस्कने कुनै उपाय छैन। कसैले एउटा भऱ्याङ तल झारिदिन्छ। त्यो भऱ्याङमा दशवटा खुडकिलाहरू छन्। तपाईंले माथि चढ्ने प्रयास गर्नुहुन्छ, तर हरेक कदम दश आज्ञाहरूमध्ये एउटा आज्ञा हो र नियमचाहिँ यो छ कि तपाईंले त्यो आज्ञाको खुडकिलोमा पाइला राख्न सक्नुहुन्न जुन तपाईंले भङ्ग गर्नुभएको छ। त्यो खाडलबाट बाहिर निस्कने कुनै उपाय नै हुँदैन। तपाईं त्यहीं अड्किनुहुन्छ। अचानक येशू भित्र हामफाल्नुहुन्छ र तपाईंले चाहनुहुन्छ भने, उहाँले तपाईंलाई उहाँको डाढमा बोक्नुहुनेछ। अनि उहाँ हरेक खुडकिलोमा पाइला टेक्दै त्यो खाडलबाट माथि चढ्नुहुन्छ, जो सिद्ध, पापरहित उद्धारकर्ता हुनुहुन्छ जसले तपाईंलाई बोकेर त्यो खाडलबाट बाहिर निकाल्नुहुन्छ।

के येशूले तपाईंलाई पाप र मृत्युको खाडलबाट बाहिर निकालिदिनुहोस् भन्ने तपाईं चाहनुहुन्छ ?

अनन्त सत्यताको रहस्य समाधान भएको छ। अब तपाईंले यसबारे के गर्न चाहनुहुन्छ भनी छनौट गर्न सक्नुहुन्छ।

**अध्याय ८**

# अर्को कदम

पश्चातापले विवाह विच्छेदको घोषणा नगरेसम्म पाप र नरक विवाह बन्धनमा बाँधिएका हुन्छन् ।

– चार्ल्स स्पर्जन

आउनुहोस् हामी कहाँ उभिन्छौं भन्ने कुरालाई हेरौं: प्रमाणचाहिँ व्याकुल पार्ने किसिमको छ । हामी सबैले सर्वशक्तिमाने परमेश्वरका आज्ञाहरू उल्लङ्घन गरेका छौं । म न्यायको दिनमा दोषी हुनेछु । तपाईं न्यायको दिनमा दोषी हुनुहुनेछ ।

त्यसैले तपाईं र मैले परमेश्वरसँग असल सम्बन्ध गाँस्नको लागि चाल्नुपर्ने कदम के हो त ?

हामीले आजकल दिनहुँ धेरै प्रयोग नगर्ने एउटा शब्द छ र त्यो शब्द "पश्चाताप" हो । यसले मानिसको जीवनमा हुनुपर्ने एउटा अपरिहार्य धारणालाई जनाउँदछ र बाइबलले यसलाई एक सयभन्दा बढी पटक उल्लेख गर्दछ ।

"पश्चाताप" को अर्थ के हो ? अङ्ग्रेजी र ल्याटिन मूल शब्दहरूलाई हेर्दा यसको अर्थ कुनै कुराको बारेमा फेरि सोच्नु वा पुन: विचार गर्नु भन्ने हुन्छ ।

पुरानो करारको हिब्रू भाषामा, "पश्चाताप" भनेर अनुवाद गरिएको शब्दको अर्थ "फर्किनु" हो, जसले "परमेश्वरतिर फर्किनु" भन्ने कुरा जनाउँदछ । नयाँ करारको ग्रीक भाषामा, "पश्चाताप" भनेर अनुवाद गरिएका शब्दहरूको अर्थ "अफसोस मान्नु" र "पुनर्विचार गर्नु" भन्ने हुन्छ ।

त्यसैले पश्चाताप गर्दाखेरि, हामीले जे सोचौं र गरौं भन्ने परमेश्वर चाहनुहुन्छ त्यसकै प्रकाशमा हामीले सोचिरहेका र गरिरहेका कुराहरूबारे पुनर्विचार गर्दै हामी आफ्ना पापहरूदेखि परमेश्वरतिर फर्कन्छौं । उहाँलाई मन दुखाएकोमा हामी दु:खित हुन्छौं र उहाँको सहायताद्वारा हाम्रा चालहरू परिवर्तन गर्न हामी चाहन्छौं ।

हामीले पश्चाताप गर्ने बेलामा, जुन कुराहरूको पश्चाताप गरिरहेका हुन्छौं तिनै कुराहरू गर्न हामीलाई निम्तो दिने हाम्रो जीवनका सबै कुरालाई

हटाउने बलियो इच्छा हामीसँग हुन्छ र हामीले परमेश्वरको सहायताद्वारा त्यो फोहोरतिर नफर्कने अठोत गर्दछौं । पश्चाताप गरेर र परमेश्वरको शुद्ध पार्ने क्षमादान ग्रहण गरेर पापमै फर्किनुलाई परमेश्वरले वान्तातिर वा सुङ्गुरको खोरतिर फर्किनुसँग तुलना गर्नुहुन्छः

> तर यस सत्य उखानबमोजिम तिनीहरूलाई भएको छः 'कुकुर फेरि आफ्नै वान्तातिर फर्कियो, नुहाइएको भुनी फेरि आहाल खेल्न फर्कियो ।' २ पत्रुस २:२२

त्यसै गरी, हामीले येशूलाई हाम्रा उद्धारकर्ता भनी विश्वास र भरोसा गरिरहेका छौं । अर्को शब्दमा, पश्चाताप र विश्वास एकसाथ जान्छन् ।

अनि हामी "दोषी" ठहऱ्याइनुबाट यसरी बचाइएका छौंः हामीले पश्चाताप र विश्वास गर्दा, हामी परमेश्वरको परिवारमा जन्मिएका नयाँ प्राणी बन्दछौं, र अब उसो व्यवस्थाले लगाउने दोषमा पर्दैनौं ।

आउनुहोस्, बाइबलले यसबारे बताउने अर्को कुरालाई हेरौंः

> म तिमीहरूलाई भन्दछु, होइन; तर तिमीहरूले पश्चाताप गरेनौ भने तिमीहरू सबै त्यही प्रकारले नाश हुनेछौ । लूका १३:३

> म तिमीहरूलाई भन्दछु, यसरी नै पश्चातापको खाँचो नभएको उनान्सय धर्मीहरूका निम्ति भन्दा पश्चाताप गर्ने एकजना पापीका निम्ति स्वर्गमा बढी आनन्द हुनेछ । लूका १५:७

> म धर्मीहरूलाई होइन, तर पापीहरूलाई पश्चातापको निम्ति बोलाउन आएको हुँ । *लूका ५:३२*

> अनि मैले त्यसलाई त्यसको व्यभिचारबाट पश्चाताप गर्ने समय दिएँ, तर त्यसले पश्चाताप गरिन । हेर, त्यसलाई म ओछ्यानमा फाल्नेछु, र त्यससँग व्यभिचार गर्नेहरूलाई चाहिँ, तिनीहरूले आफ्ना कामबाट पश्चाताप गरेनन् भने भारी सङ्कष्टभित्र फालिदिनेछु । प्रकाश २:२१-२२

> तर यी महामारीहरूद्वारा नमारिएका बाँकी मानिसहरूले दुष्ट आत्माहरूलाई र सुनका, चाँदीका, पित्तलका, ढुङ्गाका र काठका मूर्तिहरूलाई पूजा नगरौं भनी आफ्ना हातहरूका कामहरूबाट अझै पश्चाताप गरेनन्; जुन मूर्तिहरू न देख्न, न सुन्न, न हिँड्न सक्छन्; अनि न त आफ्ना हत्या गर्ने कामहरूबाट, न त आफ्ना टुनामुना गर्ने धन्दाहरूबाट, न त आफ्ना

व्यभिचारहरूबाट, न त आफ्ना चोरी गर्ने कामहरूबाट तिनीहरूले पश्चाताप गरे । प्रकाश ९:२०-२१

त्यस समयदेखि येशूले प्रचार गर्न र भन्न थाल्नुभयो: "पश्चाताप गर, किनभने स्वर्गको राज्य नजिकै आएको छ ।" मत्ती ४:१७

येशूले आफ्नो सेवकाइ सुरु गर्नुहुँदा भन्नुहुने प्रथम वचनहरू के हुनेथिए भनी सोच्नको लागि उहाँसँग सारा अनन्तताभरिको समय थियो । उचित सुरुवात्मा उचित कुरा भन्नु कति महत्वपूर्ण हुन्छ भन्ने कुरा तपाईं जान्नुहुन्छ । त्यसैकारण येशूले सार्वजनिक सेवकाइमा बोल्नुभएका प्रथम वचनहरू यिनै थिए, "....पश्चाताप गर र सुसमाचारमा विश्वास गर" (मर्कूस १:१५) । त्यसैले किन उहाँले "पश्चाताप" लाई रोज्नुभयो ?

कतिले ढिलाइ भनी सम्झे झैं आफ्नो प्रतिज्ञाबारे प्रभु ढिलो गर्नुहुन्न; तर कोही पनि नष्ट नहोस्, तर सबैले पश्चाताप गरून् भन्ने इच्छा राखेर उहाँले हामीतर्फ धैर्य देखाउनुहुन्छ । *२ पत्रुस ३:९*

यसकारण तपाईंहरूका पाप मेटिनका लागि पश्चाताप गर्नुहोस् र फर्कनुहोस्; तब प्रभुको उपस्थितिबाट शीतल पार्ने समयहरू आउनेछन् । प्रेरित ३:१९

तर पहिले दमस्कसमा भएकाहरूलाई अनि यरूशलेम र यहूदियाका सारा इलाकामा, र अन्यजातिहरूलाई, 'पश्चाताप गर र परमेश्वरकहाँ फर्क, अनि पश्चाताप लायकका कामहरू गर' भन्दै प्रचार गरें । प्रेरित २६:२०

तर त्यस अज्ञानताका समयहरूलाई परमेश्वरले वास्ता गर्नुभएन; तर अब सबै ठाउँका सबै मानिसहरूलाई पश्चाताप गर्नू भन्ने आज्ञा गर्नुहुन्छ । प्रेरित १७:३०

विरोध गर्नेहरूलाई नम्रतासाथ सिकाउने-सुधार्ने हुनुपर्छ; सायद परमेश्वरले तिनीहरूलाई सत्यता मान्नको निम्ति पश्चाताप देलान् । २ तिमोथी २:२५

अब म आनन्द मनाउँछु, तिमीहरू शोकित पारियौ भनेर होइन, तर पश्चातापी हुनलाई शोकित पारियौ भनेर; किनकि परमेश्वरको रीतिअनुसार तिमीहरू शोकित पारियौ; यसैकारण हामीबाट तिमीहरूलाई केही कुरामा हानि भएन । किनकि ईश्वरीय रीतिअनुसारको शोकले मुक्ति पाउनको

निम्ति पछुतो गर्नु नपर्ने किसिमको पश्चाताप उत्पन्न गराउँछ; तर सांसारिक शोकले मृत्यु उत्पन्न गराउँछ। २ कोरिन्थी ७:९-१०

तपाईं कुनै कुरामा पक्राउ पर्नुभयो भनेर दुःख मान्नु भनेको पश्चाताप होइन। ग्रीक भाषामा, जसमा नयाँ करार लेखिएको थियो, "पश्चाताप" ले परिवर्तनको ठूलो सङ्केत दिन्छ। हृदय र मनको परिवर्तन। तपाईंले गर्न चाहनुहुने कुरामा आउने परिवर्तन।

मुक्ति यो होइनः बियर पिउनु, लागूपदार्थ सेवन गर्नु, गैरकानूनी रूपमा सम्भोग गर्नु, परीक्षाहरूमा चोर्नु, आफ्ना बाबुआमाको आज्ञापालन नगर्नु, तपाईंको जीवन येशू ख्रीष्टलाई सुम्पनु। त्यसैले बियर पिउनुहोस्, लागूपदार्थ सेवन गर्नुहोस्, गैरकानूनी रूपमा सम्भोग गर्नुहोस्, परीक्षाहरूमा चोर्नुहोस्, आफ्ना बाबुआमाको आज्ञापालन नगर्नुहोस्।

तपाईंले पश्चाताप गर्नुहुँदा, तपाईंको जीवनमा देख्न सकिने परिवर्तन हुन्छ। तपाईंको पुनर्विचार, अफसोस र पुनर्मनन गर्ने कार्यले तपाईंको सोच्ने र व्यवहार गर्ने तरिकामा परिवर्तन ल्याइदिन्छ किनभने, येशूले कुनै जीवनमा काम गर्नुहुँदा, त्यो जीवन परिवर्तन हुन्छ।

तपाईंको उद्धार गरिएपछि पनि तपाईंले परीक्षाहरूसँग सङ्घर्ष गर्नुपर्दछ होला, तर तपाईंलाई सहायता गर्न येशू त्यहाँ हुनुहुने भएको हुनाले, तपाईं ती परीक्षाहरूमा विजयी हुनुहुनेछ। त्यसैले तपाईंको जीवनमा परिवर्तनहरू हुनेछन्। तपाईंलाई परमेश्वरदेखि टाढा राख्ने गरेका कुराहरूलाई तपाईंले हटाउनुहुनेछ। तपाईंले एउटा भिन्दै जीवन चाहनुहुनेछ।

मेरा विद्यालयका साथीहरूले अहिले मेरो जीवनलाई हेर्दछन् र म तिनीहरूले चिन्नै नसक्ने गरी भिन्दै भएको छु भनी मलाई भन्दछन्। मेरो भित्रपट्टि भएको परिवर्तनको कारण तिनीहरूले बाहिरपट्टि भएका परिवर्तनहरू देख्न सक्दछन्: मेरो हृदय र मनमा भएको परिवर्तनको कारण! मैले परमेश्वरसम्बन्धी मेरा विचारहरू परिवर्तन गरें, र उहाँले मलाई उहाँको इच्छाअनुसारको बनाउन परिवर्तन गरिरहनुभएको छ।

पश्चातापका दुईवटा भिन्दाभिन्दै तहहरू हुन्छन्। म यसलाई यसरी प्रष्ट पार्न चाहन्छु: तपाईं आफ्नो ऊँटमाथि खुट्टा फारेर बसिरहनुभएको छ, तपाईं पोल्ने गर्मीमा पाकिरहनुभएको छ र मरुभूमिको तातो बालुवाले घेरिनुभएको छ। बाँकी लस्कर तपाईंको पछाडि रहेको छ र तपाईं किन रोकिनुभएको होला भन्दै विचार गरिरहेको छ। तपाईंले अगाडिको क्षितिजलाई नियाल्नुहुँदा, यो

अकाट्य निष्कर्षमा आइपुग्नुहुन्छ कि तपाईं जानुपर्ने दिशा त्यो होइन। योचाहिँ पहिलो तह हो। अर्को, दोश्रो तहमा, तपाईंले आफ्नो ऊँट फनक्क पछिल्तिर फर्काउनुहुन्छ र गनगन गरिरहेको भीडको बीचबाट भएर फर्किनुहुन्छ.... तपाईंले आफ्नो ऊँटलाई फनक्क पछिल्तिर नफर्काउनुभएसम्म पश्चाताप पूरा वा मान्य हुँदैन।

चार्ल्स स्पर्जनले यसो भनेका थिए:

एक हत्याराले फाँसीको तखतालाई घृणा गरेझैं एकजना मानिसले पापलाई घृणा गर्न सक्दछ, तर यसले पश्चातापलाई प्रमाणित गर्दैन। यदि मैले सजाय भोग्नुपर्ने कारणले पापलाई घृणा गर्दछु भने, मैले पापको पश्चाताप गरेको छैन। मैले त परमेश्वर न्यायी हुनुहुन्छ भन्ने कुरामा अफसोस मात्र मान्दछु। तर यदि मैले पापलाई येशू ख्रीष्टविरुद्धको अपराधको रूपमा बुझ्न सक्दछु र मैले उहाँलाई घाइते बनाएकोमा आफैलाई घृणा गर्दछु भने, मेरो हृदय साँचो रूपमा फुटेको हुन्छ।[७०]

परिणामहरूले मात्र पश्चाताप उत्पन्न गराउनुहुँदैन, तर परमेश्वरलाई चिढ्याउने कार्यले पो मलाई मेरो जीवनमा आमूल परिवर्तनहरू गराउन चाहने बनाइदिनुपर्दछ।

हामीले त्यो पापी जीवनलाई पछाडि नै छोड्न चाहनुपर्दछ। के तपाईं त्यसो गर्न चाहनुहुन्छ ? के तपाईं परमेश्वरलाई महिमा दिने एउटा परिवर्तित जीवन पाउन चाहनुहुन्छ ? के तपाईं आफ्ना सारा पापहरू क्षमा गरिऊन् र परमेश्वरले तपाईंलाई सदासर्वदा स्वर्गमा रहने जीवनको लागि तयार पार्न सुरु गर्नुहोस् भन्ने चाहनुहुन्छ ?

चार्ल्स स्पर्जनले यसो भनेका थिए:

पापले ख्रीष्टको आँखी भौंलाई काँडाको मुकुटले च्याप्न लगाउने, ख्रीष्टको अनुहारलाई थुकाइद्वारा अपमानित गर्ने र ख्रीष्टका हातहरूलाई कीलाले छेंड्न लगाउने भएको हुनाले पापलाई घृणा गर्नु - यो पो पश्चाताप हो - तर म नरकदेखि डराएको हुनाले, पापले साथमा पीडाहरू र दण्डहरू लिएर आउने हुनाले होइन, तर यसले येशू ख्रीष्टलाई मेरो निम्ति यस्ता व्यक्त गर्नै नसकिने पीडाहरू भोग्न लगाएको हुनाले पापलाई घृणा गर्नु साँचो पश्चाताप हो।[७१]

यात्रा गर्नु र बोल्नु सदैव एउटा साहसिक यात्राजस्तै हुन्छ। मैले फ्लोरिडाको विश्वविद्यालयमा धेरै पटक बोलेको छु। ती छलफलहरूमा त्यहाँ सामान्यतया

६०० देखि ७०० जना कलेजका विद्यार्थीहरू हुन्छन्, जसले गर्दा त्यस्तो छलफल सदैव एउटा असल समय हुन्छ ।

एक पटक, म फ्लोरिडामा बिहान बोलिसकेपछि त्यहाँबाट लस एन्जलसको लागि निस्किरहेको थिएँ । म एउटा प्रत्यक्ष टिभी कार्यक्रमको लागि समयमै त्यहाँ पुग्नुपर्नेथियो । म फ्लोरिडाको विमानस्थलमा पुग्दासम्म, सबै कुरा असलै देखिएको थियो । तर, वास्तवमा, कुहिरोले उक्त अवस्थाको बारेमा केही कुरा भन्न खोजेको थियो ! म चढ्नुपर्ने जहाज अवतरण गरेन किनभने त्यहाँ अत्यन्त बाक्लो कुहिरो लागेको थियो ।

उक्त ढिलाइको कारण, म ढिलो एटलाण्टा पुगेँ, जहाँ मैले लस एञ्जलसको लागि अर्को जहाज फेर्नुपर्नेथियो, र अनुमान गर्नुहोस् तः म ढोकामा पुग्नेबित्तिकै मेरो जहाज हिँड्यो !

म खुसी भइनँ !

त्यसैले त्यहाँका कर्मचारीहरूसँग कुरा गरेपछि, म अझै पनि समयमै लस एञ्जलस पुग्न सक्दथेँ भन्ने कुरा मैले थाहा पाएँ, तर म भिन्दै विमानस्थलमा अवतरण गर्नुपर्नेथियो । अब तपाईंलाई लस एञ्जलस विमानस्थल रहेका स्थानहरू र सडकको जानकारी नपाउनुभएसम्म, त्यसले तपाईंलाई धेरै चिन्तित बनाउँदैन होला । तर अवतरण गरेपछि, म सडक व्यस्त हुने समयमा पूरै लस एञ्जलस पार गरेर समयमै उक्त कार्यक्रममा पुग्नुपर्दथ्यो ।

त्यसैले मैले उक्त कार्यक्रमका उत्पादकहरूलाई फोन गरेँ र तिनीहरूले मेरो भाग रद्द गर्न चाहन्थे कि भनेर सोधेँ । तिनीहरूले त्यसलाई एकै पटकमा तयार पार्ने र कार्यक्रमको अन्तमा मेरो भाग राख्ने कुरा बताए ।

हामी लस एञ्जलसमा अवतरण भएपछि, उक्त स्टुडियोबाट आएको एकजना चालकले मलाई गाडीमा राख्यो र छायाङ्कन गर्ने स्थानतिर हुइँक्याउन थाल्यो । उसको नाउँ अनाखण्डा थियो । ऊ बहामासको थियो ।

त्यसैले मैले ऊसँग कुरा गर्न सुरु गरेँ । उसले गाडी हाँक्दै गर्दा, मैले उसलाई सोधेँ, "उसले अहिलेसम्म गाडीमा ओसारेकामध्ये सबैभन्दा रूखो मानिस को थियो ?"

उसले त्यो कुरा बताउन सक्दैनथ्यो भनेर मलाई भन्यो । तर अन्तमा उसले बतायो र त्योचाहिँ एकजना प्रख्यात कलाकार थियो ।

उसले मलाई बताएका कुराहरूमध्ये एउटाचाहिँ यो हो कि उसको पेशामा, उसलाई ग्राहकसँग पहिला कुरा सुरु गर्ने अनुमति थिएन । ग्राहकले नै पहिला बोल्नुपर्दथ्यो । धेरै मानिसहरूले एक शब्द पनि उच्चारण गर्दैनन् भनी उसले भन्यो ।

योचाहिँ हामीले हाम्रा वरिपरिका मानिसहरूसँग जीवन जिउने तरिकासम्बन्धी सम्भवतः एउटा दुःखद टिप्पणी हो, किनभने हामीले भेट्ने हरेक व्यक्तिको महत्व हामी बुझ्दैनौं ।

यसबारे विचार गर्नुहोस्: एउटा प्राणको मूल्य कति हुन्छ ? परमेश्वरले यर्मियालाई दिनुभएको जवाफ यो थियो:

> मैले तँलाई गर्भमा रच्नुभन्दा अघि नै तँलाई चिनेको थिएँ; अनि तँ गर्भबाट बाहिर निस्कनुभन्दा अघि नै मैले तँलाई अलग गरेँ, र मैले तँलाई जातिजातिहरूका निम्ति एक भविष्यवक्ता नियुक्त गरेँ । *यर्मिया १:५*

योचाहिँ परमेश्वरले यर्मियालाई दिनुभएको जवाफ थियो, तर यदि तपाईंको प्राणको मूल्यको बारेमा उहाँले तपाईंलाई दिनुहुने जवाफ यदि तपाईंले थाहा पाउनुभयो भने, त्यो पनि उत्तिकै प्रेमपूर्ण र महत्वपूर्ण हुन्छ ।

परमेश्वरले तपाईंलाई तपाईंकी आमाको गर्भमा रच्नुभन्दा पहिला नै, उहाँले तपाईंलाई चिन्नुहुन्थ्यो ! त्यसैले तपाईंको प्राणको उचित स्वरूप झल्काउने र तपाईंको जीवनप्रतिको उहाँको योजना पूरा गराउने एउटा उचित साधन हुने गरी तपाईंको शरीर बनाउने तरिका उहाँलाई थाहा थियो ।

तपाईं उहाँको निम्ति अत्यन्त अतुलनीय रूपमा मूल्यवान् हुनुहुन्छ ।

परमेश्वरले भन्नुभयो कि उहाँले मानवजातिलाई उहाँकै स्वरूप र प्रतिरूपमा बनाउनुभयो:

> अनि परमेश्वरले भन्नुभयो, "मानिसलाई हाम्रै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं । तिनीहरूले समुद्रका माछाहरू, आकाशका पंक्षीहरू, पाल्तु-पशुहरू र जमीनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून् । उत्पत्ति १:२६

परमेश्वरको स्वरूपमा बनाइएको हुनु भनेको यस्तो कुरा हो जसलाई तपाईंले हलुका पाराले लिनुहुँदैन । परमेश्वरको लागि हरेक प्राणको अनन्त मूल्यको हुन्छ:

किनभने तपाईंले मेरो अन्तस्करणलाई आफ्नो अधिकारमा लिनुभएको छ; मेरी आमाको गर्भमा तपाईंले मलाई ढाक्नुभएको छ । म तपाईंको प्रशंसा गर्नेछु; किनभने म भययोग्य र आश्चर्यपूर्ण रीतिले बनाइएको छु; तपाईंका कामहरू अद्भूत छन्, अनि मेरो प्राणले यो कुरा राम्ररी जान्दछ ।

जब म गुप्तमा बनिएँ, जब म पृथ्वीका सबैभन्दा तल्ला भागहरूमा निपुणतासाथ बुनिएँ, तब मेरा हड्डीहरू तपाईंबाट लुकोका थिएनन् । मेरो तत्व बनिनसक्दै तपाईंका आँखाले ती देखे, अनि मेरा जुन अङ्गप्रत्यङ्गहरू लगातार बनिँदै गइरहेथे, तीमध्ये एउटै पनि नहुँदा नै ती सबै तपाईंको पुस्तकमा लेखिसकिएका थिए । भजनसङ्ग्रह १३९:१३-१६

जसले जेसुकै सोचे वा भने तापनि, तपाईं सर्वशक्तिमान् परमेश्वरको नजरको सामु भययोग्य र आश्चर्यपूर्ण रीतिले बनाइनुभएको छ ।

तपाईंले दैनिक जीवनमा मानिसहरूलाई कसरी हेर्नुहुन्छ ? तिनीहरू परमेश्वरको लागि त्यति विशेष छन् भन्ने कुरा तपाईंलाई थाहा छ भने, तिनीहरूले सारा अनन्तताभरिको लागि परमेश्वरसँग असल सम्बन्ध गाँस्न सक्दछन् भन्ने कुरा तिनीहरूलाई निश्चित रूपमा बुझाउन के तपाईं चाहनुहुन्न ? किनभने परमेश्वरको नजरमा तिनीहरू विशेष हुन्छन् । उहाँका पुत्र येशू ख्रीष्टसम्बन्धी सत्यता तपाईंले तिनीहरूलाई भन्नुहोस् भन्ने उहाँ चाहनुहुन्छ ।

त्यसैले मेरो गाडी चालक अनाखण्डासँगको मेरो वार्तालापको अवधिमा, मैले उसलाई यो प्रश्न सोधेँ, "तपाईं मर्नुहुँदा, यहाँबाट गएपछि के हुनेछ भन्ने तपाईं ठान्नुहुन्छ ?"

त्यसले एउटा आश्चर्यजनक वार्तालाप सुरु गरायो । ऊ आधा क्रिश्चियन र आधा मुस्लिम परिवेशमा हुर्किएको रहेछ । त्यसैले हामीले लस एञ्जलसका राजमार्गहरूमा यात्रा गर्दा यो महान् कुराकानी गर्‍यौं । मैले पश्चातापको कुरा उल्लेख गर्ने बेलामा, उसले मलाई बतायो कि ऊ आफ्नो जीवनदेखि वाक्क भएको थियो र कुनै परिवर्तन होस् भन्ने चाहन्थ्यो, अनि त्यसको लागि समय आएको थियो भनी उसले थाहा पायो ।

पछि, हामीले कुरा गर्दैजाँदा, उसले परमेश्वरलाई पुकार्‍यो र आफ्ना पापहरूको पश्चाताप गर्‍यो अनि येशूलाई आफ्ना उद्धारकर्ता भनी खुलेरै विश्वास गर्‍यो । हामीले प्रार्थना गरेपछि उसको अनुहारमा आएको परिवर्तनलाई

प्रष्ट रूपमा देख्न सकिन्थ्यो । "म तिमीहरूलाई भन्दछु, यही प्रकारले पश्चाताप गर्ने एउटा पापीका निम्ति परमेश्वरका दूतहरूका सामु आनन्द हुनेछ ।" *लूका १५:१०*

उसले मलाई भन्यो कि त्यो दिनमा ऊसँग कुरा गर्न परमेश्वरले नै मलाई पठाउनुभएको थियो भन्ने ऊ जान्दथ्यो । अब त्यसबारे विचार गर्नुहोस् । त्यो मानिसलाई भेट्नको लागि, मैले एउटा जहाज छुटाउनुपऱ्यो, अर्कै विमानस्थलमा जानुपऱ्यो र सबै चालकहरूमध्ये सही चालक भेट्टाउनुपऱ्यो ।

यसलाई ईश्वरीय चाँजो भनिन्छ । यो संयोगवश भएको थिएन; हामी भेट्नु नै पर्दथ्यो किनभने यो संसारका परमेश्वरले यो भेटघाट तय गर्नुभएको थियो ।

हो, परमेश्वरले त्यस्तो धेरै पटक गर्नुहुन्छ । के तपाईंले ठीक अहिले यो पुस्तक पढ्नु पनि एउटा ईश्वरीय चाँजो हो ? तपाईंको आँखाको सामु सत्यता प्रस्तुत गरिएको छ । के तपाईं पश्चाताप गर्न र येशूलाई जीवन सुम्पन तयार हुनुहुन्छ ?

परमेश्वरसँगको तपाईंको भेटघाट एक दिन पूरा हुनेछ । तपाईंले उहाँलाई भेट्नुभन्दा अगावै के तपाईं उहाँसँगको तपाईंको सम्बन्ध निश्चित रूपमा ठीक पार्ने मौका चाहनुहुन्छ ?

यो पुस्तक पढिसिध्याउनुभन्दा पहिला, तपाईंले त्यो मौका पाउनुहुनेछ । के तपाईं परमेश्वरका हातहरूमा जीवन सुम्पन र तपाईंको लागि तपाईंले गर्न सक्नुहुने भन्दा उत्तम कुरा उहाँले गर्नुहुन्छ भनी भरोसा गर्न तयार हुनुहुन्छ ? के तपाईं पापदेखि फर्कन र घर जाने तयारी गर्न तयार हुनुहुन्छ ? यदि हुनुहुन्छ भने, तपाईंको लागि एउटा आश्चर्यजनक खबर छ ।

अनन्त सत्यताको रहस्य प्रष्ट हुँदैछ, र अर्को अध्यायमा पूर्ण रूपमा समाधान हुनेछ ।

अध्याय ९

# निर्णयहरू, निर्णयहरू

क्रिश्चियनमतको परीक्षा गरिएको र कमसल पाइएको छैन ।
यसलाई त सदैव कठिन पाइएको छ र जाँच गरिएको छैन ।
– जी.के. चेस्टर्टन

तिमोथी म्याकभेगले मर्नुभन्दा पहिला एउटा साह्रै चाखलाग्दो कुरा भने । तिनका अन्तिम शब्दहरू यिनै थिए, "म मेरो भाग्यको विधाता हुँ । म मेरो प्राणको कप्तान हुँ ।" तिनले इन्भिक्टस भन्ने कविता उद्दरण गरिरहेका थिए ।

तिनी यस अर्थमा सही थिए कि तिनले अनन्तता कहाँ बिताउनेथिए भनी तिनले नै निर्णय गर्नुपरेको थियो । तर सारा अनन्तताभरि तिनी नै हर्ताकर्ता हुन्थे भनी तिनले सोचेका भए तिनी पूर्ण रूपमा गलत थिए ।

बाइबलका परमेश्वरले नै सारा अनन्तताभरि अधिकार गर्नुहुन्छ । तैपनि, तपाईंले कसलाई वा केलाई पूजा गर्नुहुनेछ भन्ने कुराको निर्णय गर्न तपाईंलाई अनुमति दिनुहुन्छ । आखिर, तपाईंको निर्णय के हुनेछ त ?

फ्र्याङ्क सिनात्राका प्रख्यात गीतहरूमध्ये एउटाचाहिँ यो थियो, *म मेरै बाटोमा जिएँ*। न्यायको दिनमा मेरो बाटो, तपाईंको बाटो वा कसैको बाटोले होइन, तर परमेश्वरको बाटोले त्यसलाई हटाउनेछ । के तपाईं परमेश्वरको बाटोअनुसार हिँड्न तयार हुनुहुन्छ ?

हामी सबैजना मृत्युको खोँचको डीलबाट भएर हिँड्दछौं । हामी सबैजना त्यो डीलबाट खस्दछौं । एक मात्र प्रश्न यो हो, "के तपाईंसँग उचित पारासुट छ ?" के तपाईंसँग तपाईंलाई सकुशल रूपमा स्वर्गमा अवतरण गराउने पारासुट छ ? कि तपाईंको पारासुट खुल्नेछैन र के त्यसले तपाईंलाई ध्याप्प नरकमा खसाल्नेछ ?

केही मानिसहरूले यो जीवन आफू खुसी जिउने र तिनीहरू वृद्ध हुँदा मात्र तिनीहरूले परमेश्वरसँगको सम्बन्ध असल पार्ने कुरा सोच्दछन् ।

तर विचार गर्नुपर्ने एउटा कुरा यहाँ छः तपाईं वृद्ध वा जवान हुनुहुन्छ भन्ने कुरा तपाईंको उमेरले निर्धारण गर्दैन, तर तपाईं कहिले मर्नुहुन्छ भन्ने कुराले पो निर्धारण गर्दछ त। यदि तपाईं १८ वर्षको हुनुहुन्छ, र तपाईं ८० वर्षको उमेरमा मर्नुहुनेछ भने, तपाईंसँग प्रशस्त जीवन बाँकी हुन्छ। त्यसैले, तुलनात्मक रूपमा कुरा गर्दा, तपाईं अझै पनि अत्यन्त जवान व्यक्ति हुनुहुन्छ।

तर यदि तपाईं १८ वर्षको हुनुहुन्छ र अबको एक हप्तामा मर्नुहुनेछ भने, तपाईंको जीवनकालको तुलनामा, तपाईं अत्यन्त वृद्ध हुनुहुन्छ।

"वृद्ध" मानिसहरूसँग लौरो वा ह्वीलचेयरहरू हुनेछन् भन्ने हामी सोच्दछौं, तर सदैव त्यस्तो हुनुपर्दछ भन्ने छैन। यो त तपाईं कहिले मर्नुहुन्छ भन्ने कुरामाथि भर पर्दछ। यसको मतलब, तपाईंको उमेर जतिसुकै भए पनि, तपाईं वृद्ध कि जवान हुनुहुन्छ भन्ने कुरा तपाईंलाई थाहा हुँदैन।

मसँग तपाईंको लागि एउटा सरल प्रश्न छः तपाईं भोलि बिहान बिउँझनुहुनेछ भन्ने कुरा के तपाईं निश्चित गर्न सक्नुहुन्छ ? वास्तवमा, तपाईंले त्यो कुरा निश्चित गर्न सक्नुहुन्न भन्ने तपाईंलाई थाहा छ। बाइबलले यसो भन्दछः

> किनकि राती चोर जसरी आउँछ, प्रभुको दिन उसरी नै आउँछ भनी तिमीहरू आफैलाई राम्ररी थाहा छ। *१ थेस्सलोनिकी ५:२*

तपाईंले भोलिको दिन देख्न नसक्नु पनि हुने भएकोले, आजको दिनलाई नै तपाईंको मुक्तिको दिन बनाउनुहोस्।

> ....हेर, कृपादृष्टिको समय अहिले हो; हेर, मुक्तिको दिन अहिले हो। *२ कोरिन्थी ६:२*

तपाईंले अन्तिम पटक स्वास फेर्नुभएपछि स्वर्ग नै तपाईंको अनन्त गन्तव्य हुन्छ भन्ने कुरा निश्चय गरी थाहा नभएसम्म तपाईं आज सुत्नुहुँदैन।

मैले एकजना उन्नाइस वर्षको निर्माण कामदारसँग कुरा गरिरहँदा, उसले रमाइलोको लागि के गर्न मन पराउँदथ्यो भनी मैले उसलाई सोधेँ। ऊ भवनबाट हामफाल्ने व्यक्ति थियो भनी उसले भन्यो, त्यसैले त्यसको अर्थ के थियो भनी मैले सोधेँ। "हेर्नुहोस्, तपाईंले टिभीमा मानिसहरू एउटा भवनको टुप्पाबाट अर्को भवनको टुप्पामा हामफालेका देख्नुभएको जस्तै हो," उसले जवाफ दियो, "यो त एउटा वास्तविक दौड हो।"

यो त्यस्तै हो भनी म विश्वास गर्दछु! मैले मानिसहरूलाई प्रश्नहरू सोध्न मन पराउने भएकोले, मैले उसलाई सोधेँ, "के तपाईंले कहिल्यै निशाना चुकाउनुभएको छ ?"

"एक पटक," उसले भन्यो। उसले व्याख्या गऱ्यो कि एक पटक ऊ हामफालेपछि, उसले अर्को भवनको किनारामा औंलाहरू मात्र पुऱ्याउन सक्यो र उसको शरीर भित्तामा ठोक्कियो। ऊ केही बेर त्यहीँ झुण्डियो र सुरक्षासाथ बल्लतल्ल त्यो भवनमाथि चढ्न सक्यो।

हामी सबैजना जीवनको कुनै क्षणमा मृत्युको डीलमा पुग्नेछौं। हामी सबैजना औंलाको टुप्पाले झुण्डिरहेका छौं, अनन्ततादेखि एक स्वास पर।

समस्याचाहिँ यो हो कि हामी आफैसँग आफूलाई "टुप्पासम्म" चढाउने शक्ति हुनेछैन। परमेश्वरको कीलाले छेंडिएको हातले मात्र तल पुगेर अनन्त सुरक्षाको लागि हामीलाई तान्न सक्दछ। तपाईं सारा अनन्तताभरिको लागि सुरक्षित हुनुहुन्छ भन्ने कुरा निश्चित गर्नको निम्ति के तपाईं त्यो हात समात्न तयार हुनुहुन्छ ?

अनन्तताभरिको लागि नरक जानको लागि, तपाईंले केही पनि गर्नुपर्दैन। तपाईं परमेश्वरका आज्ञाहरूलाई अस्वीकार गर्ने स्वभाव भएकै जन्मिनुहुन्छ, त्यसैले यो सत्यतालाई समाधान गर्नको लागि तपाईंले केही नगर्नुभएसम्म, नरक नै तपाईंको निश्चित गन्तव्य हुन्छ।

तर येशूले तपाईंलाई स्वर्ग जाने एउटा मौका दिने व्यवस्था मिलाउनुभएको छ। उहाँले तपाईंका पापहरूको मोल तिरिदिनुभएको छ, र उहाँकहाँ फर्किने बाटो खोलिदिनुभएको छ।

त्यसैले नरक जानको लागि, केही पनि नगर्नुहोस्। स्वर्ग जानको लागि, येशूतिर फर्किनुहोस् र "पश्चाताप गर्नुहोस्, कायल हुनुहोस् र तपाईंको समस्यादेखि मुक्त हुनुहोस्," जसरी ती वृद्ध प्रचारकले भन्ने गर्दथे।

रोजाइ तपाईंकै हो। सबैले एउटा छनौट गर्नुपर्दछ, एउटा वा अर्को। "बारमा बसिरहनु" चाहिँ वास्तवमा कुनै छनौट होइन किनभने बारको मालिक शैतान हो। छनौट नगर्नु भनेको, निश्चित रूपमा, नरकलाई रोज्नु हो।

> किनकि परमेश्वरले आफ्ना पुत्रलाई संसारलाई दोषी ठहऱ्याउनको निम्ति होइन, तर उहाँद्वारा संसारले मुक्ति पाओस् भनेर संसारमा पठाउनुभयो। जसले उहाँमाथि विश्वास गर्दछ, ऊ दोषी ठहरिँदैन; तर

जसले विश्वास गर्दैन, त्यो दोषी ठहरिसकेको छ; किनभने त्यसले परमेश्वरका एक मात्र जन्माइएका पुत्रको नाममा विश्वास गरेको छैन। यूहन्ना ३:१७-१८

येशू भन्नुहुन्छ कि अविश्वास भनेको उहाँलाई अस्वीकार गर्ने निर्णय हो। यस्तो निर्णयले कुनै अर्थ दिँदैन किनकि यो पुस्तकमा तपाईंको सामु यति धेरै प्रमाण प्रस्तुत गरिएको छ। वास्तवमा, तपाईंले उक्त प्रमाण हेर्नुभएपछि र तपाईंको पाप बुझ्नुभएपछि अनि तपाईंलाई स्वर्गमा निमन्त्रणा गरिएको छ भन्ने कुरा थाहा पाउनुभएपछि नरक जानु अत्यन्तै कठिन हुन्छ।

अर्कोतर्फ, तपाईंलाई नरक जानको लागि निम्तो दिइँदैन, त्यसैले किन तपाईं अगाडि बढेर त्यो निम्तोलाई स्वीकार गरी स्वर्ग जानुहुन्न ?

तर तपाईंले त्यो निर्णय गर्नुभन्दा पहिला अर्को एउटा कुरा बुझ्नुपर्दछ। तपाईंको जीवनमा सबै कुरा असल हुनेछ र येशूलाई जीवन सुम्पिएपछि कुनै पनि समस्याहरू आउनेछैनन् भनी परमेश्वरले प्रतिज्ञा गर्नुहुन्न।

हो, बाइबलले बारम्बार प्रतिज्ञा गर्दछ कि परमेश्वरले तपाईंका पापहरू क्षमा गर्नुहुनेछ र "आफ्नो धनअनुसार महिमामा ख्रीष्ट येशूद्वारा तिमीहरूका सबै खाँचो पूरा गरिदिनुहुनेछ।" *फिलिप्पी ४:१९*। अझै पनि, येशूलाई पछ्याउनु भनेको जीवनको वृद्धिको विषय होइन।

तर त्यसो भए किन उहाँले तल दिइएको जस्त प्रतिज्ञाहरू गर्नुहुन्छ त ?

अनि येशूले जवाफ दिएर भन्नुभयो: "म तिमीहरूलाई साँचो भन्दछु, कोही यस्तो मानिस छैन, जसले मेरा र सुसमाचारका निम्ति घर वा दाजुभाइहरू वा दिदीबहिनीहरू वा बाबु वा आमा वा स्वास्नी वा नानीहरू वा जग्गा-जमीनहरू त्यागेको छ, र अहिले, यस समयमा सतावटहरूको साथ सय गुणा पाउनेछैन - घरहरू, दाजुभाइहरू, दिदीबहिनीहरू, आमाहरू, नानीहरू, जग्गा-जमीनहरू र आउनेवाला युगमा अनन्त जीवन। *मर्कूस १०:२९-३०*

यसले भौतिक सम्पन्नताको प्रतिज्ञा गर्दछजस्तो देखिन्छ, तर यसले वास्तवमा के भनिरहेको छ ? यसले त हामीलाई जानकारीको एउटा महत्वपूर्ण पोको दिइरहेको छ जसले हामी यस संसारमा छँदा त्यससित सामना गर्न हामीलाई सहायता गर्नुपर्दछ।

सर्वप्रथम, येशूको खातिर हाम्रा सांसारिक धनसम्पत्तिदेखि तर्किनाले हामीले कुनै पनि भौतिक नोक्सानी व्यहोर्नुपर्दैन भनी हामीलाई भनिएको छ। अर्थात्, यदि येशूको नजीक हुने कि हाम्रो परिवार, साथीहरू, र धनसम्पत्तिको नजीक हुने बीच छनौट गर्नुपर्दछ र हामीले येशूलाई रोज्दछौं भने, हामीले गुमाएका सबै कुरा उहाँले हामीलाई फिर्ता दिनुहुनेछ - र अझै बढी दिनुहुनेछ। धेरैजनाले यो देखेका र अनुभव गरेका छन्। अनि उहाँले यो काम "अहिले, यस समयमा" गर्नुहुनेछ।

हामी हाम्रो परिवारलाई र हाम्रा साथीहरूलाई घृणा गर्दैनौं वा हाम्रो धनसम्पत्ति गुमाउन चाहँदैनौं, तर यदि तिनको र येशूको बीचमा छनौट गर्नुपर्दछ भने - र कसरी संसारले विश्वासीहरूलाई प्रायः यी छनौटहरू गर्न लगाउँदछ भन्ने कुरा अनौठो छ - हामीले थाहा पाउन सक्दछौं कि येशूले त्यसलाई हेर्नुहुनेछ र हामीले गुमाएकाभन्दा धेरै बढी कुराहरूले हामीलाई आशिष दिनुहुनेछः "घरहरू, दाजुभाइहरू, दिदीबहिनीहरू, आमाहरू, र छोराछोरी र जग्गा-जमीनहरू।"

यस्तो कुरा पूरा हुने एउटा तरिका यो हो कि, तपाईं ख्रीष्टको शरीरमा जन्मिनुहुँदा, त्यसमा पहिलादेखि नै भएकाहरू तपाईंका दाजु वा भाइ, दिदी वा बहिनी, आमा, बुबा, र यस्तै-यस्तै हुनुहुन्छ। अनि उनीहरूको घर, एक अर्थमा, तपाईंको घर बन्दछ। बाइबल पढ्नुहोस् र धार्मक मानिसहरूले आफ्नो परिवारभन्दा बाहिरका मानिसहरूसँग खाना खाएका वा भेटेका कुराको बारेमा यसले प्रायः बताउने कुरालाई हेर्नुहोस्।

त्यसैले येशूमा हुने जीवन प्रशस्त प्रबन्धको जीवन हो भनी हामी भन्न सक्दछौं। हामीले "हेर्नुहोस् त, मैले पाएको कुरा !" भन्न सक्नको लागि बैङ्कमा पैसा हुने होइन, तर हामीलाई चाहिने सबै कुराको निश्चित प्रबन्ध।

त्यसैले कठिनाइ कहाँबाट आउँदछ त ? त्यो खण्ड फेरि पढ्नुहोस् र "सतावटहरूको साथ" भन्ने सानो वाक्यांशलाई याद गर्नुहोस्। त्यसको अर्थ के हो ? यसको अर्थ यो हो कि येशूले भन्नुभएअनुसार, विनाशतिर डोऱ्याउने फराकिलो बाटोमा हिँडिरहेका मानिसहरू हाम्रो विरुद्धमा उभिनेछन्।

> सतावटहरू, कष्टहरू....जोचाहिँ एन्टिओकमा, इकोनियममा र लुस्त्रामा मामाथि आइपरे; कस्ता-कस्ता सतावट मैले सहें; तर ती सबैबाट प्रभुले मलाई छुटकारा दिनुभयो।

हो, अनि ख्रीष्ट येशूमा भक्तिपूर्वक जिउन चाहनेहरू सबै सतावटमा पर्नेछन् । २ तिमोथी ३:११-१२

सधैंभरिका सबैजना होइन । तर समय-समयमा यो हुन्छ । अनि प्रभुको निम्ति हामी जति बढी जिउँदछौं, हाम्रो जीवन परमेश्वरको भलाइको र परमेश्वरलाई घृणा गर्ने मानिसहरूको दुष्टताको त्यति नै बढी साक्षी हुन्छ ।

अनि हामीले येशूमाथि विश्वास गरेका कारण मानिसहरूले हामीलाई अस्वीकार गर्दछन् भनी हामी आशा गर्न सक्दछौं, तैपनि परमेश्वरले हाम्रो रक्षा र उद्धार गर्नुहुन्छ भनेर पनि हामी आशा गर्न सक्दछौं । येशूले यसो भन्नुभयो:

....जब तिनीहरूले तिमीहरूलाई यस शहरमा सताउलान्, तब तिमीहरू अर्कोमा भाग; किनभने म तिमीहरूलाई साँचो भन्दछु, मानिसका पुत्र नआउञ्जेल तिमीहरू कुनै रीतिले पनि इस्राएलका शहरहरू घुमिसकेका हुनेछैनौ ।

चेला आफ्ना गुरुभन्दा श्रेष्ठ हुँदैन, न त दास आफ्ना मालिकभन्दा श्रेष्ठ हुन्छ । चेला आफ्ना गुरुसमान, र दास आफ्ना मालिकसमान हुनु नै यथेष्ट छ । तिनीहरूले घरका मालिकलाई बेल्जेबुल भनेका छन् भने उनका घरानाकाहरूलाई झन् कनि बढ्ता गरी भन्लान् ?

यसकारण तिनीहरूसँग नडराओ, किनकि कुनै कुरो छोपिएको छैन, जो उघारिनेछैन, अनि न त लुकेको छ, जो थाहा पाइनेछैन । *मत्ती १०:२३-२६*

साँचो रूपमा येशूको निम्ति जिउनेहरूलाई सतावट र सङ्कष्ट आउनेछन् । यो एउटा प्रतिज्ञा हो । किन ? यो संसारले परमेश्वरलाई महिमा दिँदैन, र यो परिवर्तन हुन चाहँदैन ।

तपाईंलाई तपाईंको विश्वासदेखि भड्काउनको लागि शैतानले जे पनि गर्ने प्रयास गर्नेछ । मलाई लाग्दछ, त्यसले तपाईंको विश्वासलाई परीक्षा गरेमा तपाईंले येशू ख्रीष्टलाई त्याग्नुहुनेछ र परमेश्वका पुत्रलाई पछ्याउनुहुनेछैन भन्ने त्यसले ठान्दछ । तर वास्तवमा, यसले ठीक विपरीत परिणाम निकाल्दछ । परीक्षाले तपाईंको विश्वासलाई बलियो पार्दछ ।

याद गर्नुहोस्, यो संसारमा तपाईंको जीवनलाई उकास्नको निम्ति येशूलाई कहिल्यै पनि स्वीकार नगर्नुहोस् । यो कुरा यो जीवनमा भौतिक कुराहरू

पाउने विषय होइन, तर ती परमेश्वरसँग असल सम्बन्ध गाँस्ने विषय हो जसको सामु हामी न्यायको दिनमा उभिनेछौं । अनि हामी पृथ्वीमा रहँदाखेरि, हामीलाई चाहिने सबै कुरा परमेश्वरले हामीलाई दिनुहुन्छ, र हामीले चाहेकामध्ये धेरै कुराहरू पनि ।

वास्तवमा, केही सतावटचाहिँ भक्तिहीन धार्मिक मानिसहरूबाट आउनेछ जो तपाईं खुसी हुनुभएको र तपाईं आत्माका कुराहरूको साथसाथै संसारका कुराहरूमा पनि आशिषित हुनुभएको देखेर ईर्ष्यालु हुन्छन् - तपाईं येशूकहाँ आउनुहुँदा गुमेका कुराहरू पूर्ति गर्न परमेश्वरले ती घरहरू, जग्गा-जमीनहरू, साथीहरू र परिवार तपाईंलाई दिनुहुन्छ ।

अर्को शब्दमा, तपाईंले येशूमा पाउनुभएको जीवनले येशूमा विश्वास गर्दछु भन्ने तर विश्वास भने नगर्ने केही मानिसहरूमा ईर्ष्या उत्पन्न गराइदिन सक्दछ । निन्दाद्वारा वा तिनीहरूले सोच्न सक्ने कुनै तरिकाद्वारा तपाईंलाई चोट पुऱ्याउने परीक्षा तिनीहरूले प्रतिवाद गर्नै नसक्ने गरी ठूलो हुनेछ । तिनीहरूले पश्चाताप गरून् र येशूकहाँ आऊन् भनी प्रार्थना गर्नुहोस् ।

त्यसैकारण एक विश्वासी र अर्को कुनै व्यक्तिबीचका सम्भावित सम्बन्धहरू दुईवटा मात्र हुन्छन्: सेवकाइ र सङ्गति ।

हामीले कसैसँग पनि, विश्वासी वा अविश्वासी, सेवकाइ गर्न सक्दछौं । सेवकाइ भनेको हामी उक्त व्यक्तिप्रति मित्रवत हुन्छौं र उसको अनन्त गन्तव्यमा रुचि लिन्छौं, र तिनीहरूसँग येशूको बारेमा बताउने मौकाहरू खोजिरहन्छौं भन्ने हो । लस एञ्जलसमा उक्त चालकसँगको मेरो अनुभव सेवकाइको अनुभव थियो ।

सङ्गति भनेको एक विश्वासीले अर्को विश्वासीसँग गाँस्न सक्ने सम्बन्ध हो । यसले एक-अर्काप्रतिको सेवकाइलाई पनि समेट्न सक्दछ, तर यसले गहन विचारहरू र प्रश्नहरू बाँड्ने र प्रार्थना र सुझावको लागि अनुरोध गर्ने कार्यलाई पनि समेट्न सक्दछ ।

एक विश्वासीले यी कार्यहरू एक अविश्वासीसँग गर्न सक्दैन किनभने तिनीहरूको सुझाव सांसारिक मान्यताहरूमाथि आधारित हुनेछ, तर परमेश्वरको उपस्थितिले एउटा विश्वासीद्वारा अर्को विश्वासीसँग बोलिरहेको जस्तो हुनेछैन ।

त्यसैकारण येशूले हामीलाई अझै पनि उहाँका शत्रु हुनेहरूसँग धेरै नजीक नहुन चेताउनी दिनुहुन्छ:

> जे पवित्र छ, त्यो कुकुरहरूलाई नदेओ, न त तिमीहरूले आफ्ना मोतीहरू नै सुँगुरहरूको अघि छर; नत्र तिनीहरूले आफ्ना खुट्टाले तिनलाई कुल्ची-मिल्ची पार्लान्, र फर्केर तिमीहरूलाई च्यातचुत पार्लान् । *मत्ती ७:६*

यसको अर्थ अधन्यवादी मानिसको सामु मोतीहरू छर्नु भनेको मोतीहरूको नाश हो भन्ने होइन । परमेश्वरसँग त्यस भण्डारमा अझ धेरै मोतीहरू छन् जहाँबाट ती आएका थिए । यसको अर्थ यो हो कि ती सुँगुरहरूसँग अति नजिक आउनेहरूको आन्द्राभुँडी निकाल्ने दाह्रा हुन्छन् । त्यसैले हमी अविश्वासीहरूलाई विश्वासीहरू झैं ठानेर व्यवहार गर्ने परीक्षामा पर्दछौं भने, त्यो वास्तवमै गलत विचार हो, र यसले हामीलाई आक्रमण गर्न तिनीहरूलाई उक्साउनेछ - या त हाम्रो अनुहारमा, या हाम्रो पिठ्युँमा ।

येशूका एक मित्रको रूपम हाम्रो उपस्थितिले गराएको बाहेक, हामीले नउक्साएको सतावटले हामीलाई आशिष ल्याइदिन्छ !

> धार्मिकताको निम्ति सताइनेहरू धन्य हुन्, किनभने स्वर्गको राज्य उनीहरूकै हो । तिमीहरू धन्य हौ, जब मानिसहरूले मेरो कारणले तिमीहरूलाई निन्दा गर्नेछन्, सताउनेछन् र झूट बोली-बोली तिमीहरूको विरोधमा हर प्रकारको खराब कुरा गर्नेछन् ।
>
> रमाओ र अत्यन्तै खुसी होओ, किनभने स्वर्गमा तिमीहरूको पुरस्कार ठूलो छ; किनभने यसरी नै तिनीहरूले तिमीहरूभन्दा पहिलाका भविष्यवक्ताहरूलाई सताएका थिए ।" मत्ती ५:१०-१२

जेम्स इमेरी ह्वाइटले यसरी लेखेका थिए:

> क्रिश्चियन आत्मिकता भनेको कुनै एकान्त ठाउँमा आयोजित कुनै गोष्ठीमा कुनै गुरुको चरणमा बस्ने विषय होइन । यो भनेको महत्वपूर्ण प्रश्नहरू र अनन्त गन्तव्यहरूबारे तपाईंले गहन रूपमा सोचविचार गर्नुहुँदा हरेक पटक तपाईंलाई खुसी तुल्याउन तपाईंको जीवनमा आत्मिकताको असल, आरामदायी, सुरक्षित मात्रा सेवन गर्ने विषय होइन ।
>
> येशूले मानिसहरूलाई उहाँको पछि लाग्न बोलाउनुभयो - र उहाँ एउटा स्थानमा मात्र गइरहनुभएको थियो: क्रूस । आत्मिक जीवनको साँचो स्वभावले बलिदान, कर्तव्य, र समर्पणतालाई समेट्दछ ।[७२]

तपाईंले येशू ख्रीष्टलाई पछ्याउनुहुँदा, राज्यबाट पनि सतावट आउँदछ, तर निश्चित रूपमा उहाँ त्यसको योग्य हुनुहुन्छ। हो, केही मानिसहरूले तपाईंलाई "येशूको लहडी" वा "पवित्र बेलना" भन्न सक्दछन्, तर यो त उहाँले त्यो क्रूसमा तपाईंको लागि गरिदिनुभएको कुराको तुलनामा चुकाउनुपर्ने सानो मात्र मूल्य हो।

केही मानिसहरूले आफ्ना पापहरूको क्षमादानको लागि येशूलाई ग्रहण गर्दा, तिनीहरूको परिवारले तिनीहरूलाई वास्तवमै बहिष्कार गरिदिन्छ। केही मुस्लिम वा यहूदी परिवारहरूले आफ्ना छोराछोरीले त्यस्तो निर्णय गरेमा तिनीहरूसँग कुनै सम्बन्ध राख्नेछैनन्।

त्यो त ठूलो मूल्य हो। तर परमेश्वरका पुत्रसँग अनन्तता बिताउने कुरा त्यसो गर्नुको योग्य हुन्छ। ती समयहरूमा के गर्नुपर्दछ भनी येशूले हामीलाई बताउनुहुन्छः "तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर....र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर।" *मत्ती ५:४४।* अनि तपाईंलाई सताउनेहरूको लागि तपाईंले प्रार्थना गर्न सुरु गर्नुहुँदा, तपाईंले तिनीहरूलाई हेर्नुहुने तरिका त्यसले परिवर्तन गरिदिनेछ। अनि प्रायः यसले तिनीहरूले तपाईंलाई हेर्ने तरिकालाई पनि परिवर्तन गरिदिनेछ!

मेरा कतिजना साथीहरू अति घनिष्ठ थिए जसले अहिले मसँग फोनमा समेत कुरा गर्दैनन्। त्यो ठीकै छ। तिनीहरूले एक असल साथी गुमाएका छन् भनी म विश्वास गर्दछु।

त्यसैले म यो कुरा निश्चित गर्दछु कि तिनीहरू येशूका साथी बनून् भनी म प्राथना गर्दछु। येशूसँगको मित्रता संसारको कुनै पनि कुराभन्दा बढी महत्वपूर्ण हुन्छ। अनि यो त परमेश्वरले हामीलाई दिनुभएको सबैभन्दा ठूलो उपहार हो:

> तर धार्मिकताको निम्ति तिमीहरूले दुःख भोग्नुपर्‍यो भने पनि तिमीहरू धन्य हौ; तर तिनीहरूका धम्कीसँग नडराओ, न त विचलित होओ। तर तिमीहरूका हृदयहरूमा प्रभु परमेश्वरलाई पवित्र मान; र तिमीहरूभित्र भएको आशाको विषयमा तिमीहरूलाई सोध्ने हरेक मानिसलाई नम्रता र डरको साथ जवाफ दिनको निम्ति सधैंभरि तयार रहो। शुद्ध विवेक राख; र जब तिनीहरूले कुकर्म गर्नेहरू भन्दै तिमीहरूको बदनामी गर्छन्, तब ख्रीष्टमा भएको तिमीहरूको असल चालचलनलाई झूटा दोष लाउनेहरू लाजमा परून्। *१ पत्रुस ३:१४-१६*

धेरै मानिसहरूले येशूका साथी हौं भनी भन्दछन्, तर तिनीहरूको व्यवहारले त्यसको सत्यता बताउँदछः

अनि यस्तो भयो - उहाँहरू बाटोमा जादै गर्नुहुँदा कुनै एउटा मानिसले उहाँलाई भन्योः "प्रभु, तपाईं जहाँ-जहाँ जानुहुन्छ, म तपाईंको पछि-पछि लाग्नेछु ।" अनि येशूले त्यसलाई भन्नुभयोः "स्यालहरूको ओडार छन्, र आकाशका चराहरूका गुँड छन्, तर मानिसका पुत्रको शिर राख्ने ठाउँधरि छैन ।"

अनि उहाँले अर्कोलाई भन्नुभयोः "मेरो पछि लाग ।" तर त्यसले भन्योः "हे प्रभु, पहिला मलाई जान र आफ्ना बाबुलाई गाड्न दिनुहोस् ।" येशूले त्यसलाई भन्नुभयोः "मुर्दाहरूलाई आफ्ना मुर्दाहरू गाड्न देऊ; तर तिमीचाहिँ जाऊ, र परमेश्वरको राज्यको प्रचार गर ।"

अनि अर्कोले पनि भन्योः "हे प्रभु, म तपाईंको पछि लाग्नेछु; तर पहिला मलाई मेरो घरमा भएकाहरूबाट बिदा लिन दिनुहोस् ।" अनि येशूले त्यसलाई भन्नुभयोः "आफ्नो हात हलोमा राखेर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरको राज्यको निम्ति लायकको हुँदैन ।" *लूका ९:५७-६२*

येशूले यो पनि भन्नुभयो कि अधर्मी मानिसहरूले हाम्रो प्रशंसा गर्दा, हामी समस्यामा पर्न लागेका हुन्छौंः

जब सबै मानिसहरूले तिमीहरूको विषयमा राम्रा कुरा गर्दछन्, तब तिमीहरूलाई हाय ! किनकि तिनीहरूका पितापुर्खाहरूले पनि झूटा भविष्यवक्ताहरूलाई त्यस्तै गर्थे । लूका ६:२६

"हाय" भनेको के हो ? शब्दकोशका अनुसार, यसको अर्थ होः

१. ठूलो उदासी वा दुःख, वेदना परेजस्तो; दयनीय । २. दुर्भाग्य; विपत्ति; आर्थिक र राजनैतिक दुःख ।

त्यसैले माथिको पदमा, येशूले यसो भनिरहनुभएके छ कि यदि दियाबलसको भीडले तपाईंलाई मन पराउँदछ भने, तपाईंले कष्ट र विनाश भोग्न लाग्नुभएको हुन्छ । यदि तिनीहरूले तपाईंलाई मन पराउँदछन् भने, त्योचाहिँ तपाईं गलत बाटोमा हुनुहुन्छ भन्ने कुराको निश्चित चिन्ह हो ।

वास्तवमा, त्यसको विपरीतचाहिँ साँचो हुन्छः यदि हामी येशूप्रति विश्वासयोग्य छौं भने, दियाबलसको भीडले कहिल्यै पनि हामीलाई मन

पराउनेछैन। सबैले हामीलाई मन पराउनेछैनन् भन्ने कुरा हामीले स्वीकार गर्नुपर्दछ। वास्तवमा, हामीले यो कुरा बुझ्नुपर्दछ कि दियाबलसको भीड हामीप्रति शत्रुवत हुँदा, यसको अर्थ हामीले कुनै सही कुरा गरिरहेका हुनुपर्दछ भन्ने हुन्छ!

तर हाम्रो बारेमा अरू मानिसहरूले लिने धारणाहरूले खासै फरक पार्दैनन्। परमेश्वरको धारणाले मात्र फरक पार्दछ। उहाँलाई पछ्याउनु नै सबैभन्दा महत्वपूर्ण कुरा हो। यो पदले तपाईंलाई जनाओस् भन्ने तपाईं चाहनुहुन्नः

> किनकि तिनीहरूले परमेश्वरको प्रशंसालाई भन्दा मानिसहरूकै प्रशंसालाई धेरै प्रेम गरे। *यूहन्ना १२:४३*

सदैव यो कुरा याद गर्नुहोस् कि मानिसहरूले तपाईंसँग जस्तो व्यवहार गरे तापनि, परमेश्वरको बाटो उत्कृष्ट बाटो मात्र होइन, त्यही नै नरकको अनन्त जीवनमा पुऱ्याउने होइन तर स्वर्गको अनन्त जीवनमा पुऱ्याउने *एक मात्र* बाटो हो।

मानिसहरूले तपाईंको बदनामी गरिरहँदा, परमेश्वरले तपाईंको प्रशंसा गरिरहनुभएको र तपाईंमाथि गर्व गरिरहनुभएको हुन्छ!

मेरा एकजना साथी एकल हास्य कलाकार हुन्। म तिनको एउटा कार्यक्रममा गएँ। तिनले नियमित रूपमा गर्ने एउटा कुरा येशू ख्रीष्टको उपहास गर्नु थियो। तिनले यो भागलाई बीस मिनेट समय दिन्थे।

उक्त कार्यक्रमपछि, म त्यति बेला के गर्दैथिएँ भनी तिनले सोधे। अनि म क्रिश्चियन बनेको थिएँ भनी मैले तिनलाई भनेँ र मैले के गर्दैथिएँ भनी व्याख्या गरेँ। तिनको कार्यक्रमको त्यो बीस मिनेटको भागबारे मैले के सोचेको थिएँ भनी तिनले मलाई सोधे। मैले तिनलाई यति मात्र भनेँ कि परमेश्वरका पुत्रलाई उपहास गर्नु असल कुरा हो भन्ने मलाई लागेन।

हामीले कुराकानी जारी राख्यौं र सँगै बसेर असल रात बितायौं। दुई वर्षपछि, म अर्को शहरमा थिएँ र मैले तिनको कार्यक्रम हेर्न केही साथीहरू लिएर गएँ। कार्यक्रमको त्यो भागमा पुगेपछि, तिनले येशूको बारेमा एउटा ठट्यौली भने।

तिनले त्यसो गर्दै गर्दा, मेरो प्रतिक्रिया कस्तो हुन्थ्यो भनी हेर्न तिनले सीधै मतिर हेरे। म त्यहीँ बसी मात्र रहेँ। म हासिनँ। त्यो हासो उठ्दो कुरा

थिएन । अनि त्यो मलाई हासो उठ्दो लागेन - कत्ति पनि - भन्ने कुरा तिनले मेरो अनुहारमा हेरेर भन्न सक्दथे ।

अचानक तिनले त्यो भाग छुटाइदिए र अर्को भागतिर लागे । त्यति बेलासम्म तिनले येशूमा विश्वास गर्दैनथे - यद्यपि परमेश्वरले तिनको ध्यान खिच्नुहुनेथियो भनी मैले भरोसा गरिरहेको थिएँ - तर तिनले मेरो विश्वासको आदर गरे ।

धेरै मानिसहरूले तपाईंको निर्णयलाई प्रशंसा गर्नेछन् र तपाईंले आफ्नो विश्वासमा अटल रहने निर्णय गर्नुहुँदा सकारात्मक प्रतिक्रिया जनाउनेछन् । तिनीहरू परमेश्वरको राज्यदेखि धेरै टाढा हुँदैनन् ।

> दास उसको मालिकभन्दा ठूलो हुँदैन भनी मैले तिमीहरूलाई भनेको वचन याद गर । तिनीहरूले मलाई सताएका छन् भने तिमीहरूलाई पनि सताउनेछन् । तिनीहरूले मेरो वचन पालन गरेका छन् भने तिमीहरूको पनि पालन गर्नेछन् । *यूहन्ना १५:२०*

> अनि जब उहाँले भीडलाई आफ्ना चेलाहरूसित आफूकहाँ बोलाउनुभयो, तब उहाँले तिनीहरूलाई भन्नुभयो: 'जसले मेरो पछि आउने इच्छा गर्दछ, उसले आफैलाई अस्वीकार गरोस्, आफ्नो क्रूस उठाओस् र मेरो पछि लागोस् ! किनभने जसले आफ्नो प्राण बचाउने इच्छा गर्दछ, त्यसले त्यो गुमाउनेछ; तर जसले मेरो र सुसमाचारको निम्ति आफ्नो प्राण गुमाउँछ, उसैले त्यो बचाउनेछ । *मर्कूस ८:३४-३५*

तपाईंको जीवन येशूमा मात्र पाइन सक्दछ । के तपाईं उहाँको निम्ति जीवन गुमाउन तयार हुनुहुन्छ ? पावल त थिए:

> अनि हे भाइहरूहो, लेखिएको भन्दा बढी कसैको विषयमा नसोच्नुपर्ने रहेछ भन्ने पाठ तिमीहरूले हामीमा सिक्न सक, र तिमीहरूमध्ये कोही पनि एउटाको विरोध गर्दै दोश्रोको पक्षमा घमण्डले नफुलोस् भनेर नै यी कुराहरू मैले तिमीहरूका निम्ति दृष्टान्तको रूपमा आफू र अपोल्लोसमाथि लागू गराएको छु ।

> किनकि कसले तिमीलाई बेग्लै हुन लगायो ? अनि तिमीसँग के छ र, जो तिमीले अरूबाट पाएका छैनौ ? तर तिमीले पाएकै हौ भने, मानौं तिमीले पाएकै होइनौ जस्तो गरी किन घमण्ड गर्दछौ त ?

तिमीहरू तृप्त भइसकेका छौ, तिमीहरू धनवान् भइसकेका छौ; हामीबिना नै तिमीहरूले राजाझैं राज्य गरेका छौ; अनि साँच्चै तिमीहरूले राज्य गरो भन्ने म चाहन्छु, र हामी पनि तिमीहरूसँग राज्य गर्नेथ्यौं । किनकि मलाई यस्तो लाग्छ, परमेश्वरले हामी प्रेरितहरूलाई मृत्युको निम्ति ठहऱ्याइएका झैं गरी सबैभन्दा पछिल्तिर राख्नुभएको छ; किनकि हामी संसारको निम्ति, स्वर्गदूतहरूको निम्ति र मानिसहरूका निम्ति तमाशा बनाइएका छौं ।

हामी ख्रीष्टको निम्ति मूर्ख छौं, तर तिमीहरू ख्रीष्टमा बुद्धिमान् छौ; हामी कमजोर छौं, तर तिमीहरू बलिया छौ; तिमीहरूले आदर पाएका छौ, तर हामी तुच्छ गनिएका छौं ।

यही घडीसम्म पनि हामी भोकाउँछौं, तिर्खाउँछौं, नाङ्गा छौं, मुक्का खान्छौं, र घरविहीन भएका छौं.... *१ कोरिन्थी ४:६-११*

हालसालै म फ्लोरिडामा एउटा चर्चमा बोलिरहेको थिएँ । त्यो चर्चको एकजना सदस्यले हुलाक कार्यालयमा काम गर्दछन् । हरेक क्रिसमससमा तिनले हरेक ग्राहकलाई एउटा क्रिसमस कार्ड दिन्छन् जसमा एउटा असल, साधारण, प्रेममय क्रिश्चियन सन्देश हुन्छ ।

म बोलेको सुनेपछि, तिनले आफ्ना ग्राहकहरूलाई दिने सन्देशमा तिनी अझ बढी निर्दिष्ट हुनुपर्दथ्यो भन्ने तिनले थाहा पाए । तिनले त्यसबारे प्रार्थना गरे, र प्रभुले तिनलाई हरेक कार्डमा यो प्रश्न लेख्न अगुवाइ गर्नुभयो: "यदि तपाईं आज राती मर्नुभयो भने, तपाईं स्वर्ग जानुहुन्छ भन्ने कुरामा के तपाईं १०० प्रतिशत निश्चित हुनुहुन्छ ?"

त्यो एउटा महान् प्रश्न हो, र तिनले ग्राहकहरूबाट केही सकारात्मक प्रतिक्रिया पाए । तर एकजना मानिसले त्यो मन पराएन र हुलाकको हाकिमलाई फोन गऱ्यो । त्यो वार्तालापद्वारा त्यो ग्राहक सन्तुष्ट भएन, त्यसैले ऊ त्यो हाकिमभन्दा एक तहमाथिको अधिकारीकहाँ गयो ।

तिनीहरूले उसको विरुद्धमा भेट्टाउन सकेका एक मात्र कुरा यही थियो कि उसले आफ्ना कार्डहरू टिकटै नटाँसीकन पठाएको रहेछ । यो कुरा थाहा नपाएसम्म तिनीहरूले उसलाई कामबाटै निकालिदिन लागेका थिए । त्यसैले तिनीहरूले उसलाई एक हप्ताको लागि निलम्बन गरे । तर तलबमा !

त्यो हुलाकीले निश्चय गरी थाहा पायो कि यो सारा प्रक्रियामा परमेश्वरको हातले उसलाई रक्षा गरिरहेको थियो । प्रभुको निम्ति अडिग रहेकोमा ऊ अति

खुसी छ । यो अवस्थाले उसको बाहेक अरू धेरै जीवनहरूलाई छोएको छ भन्ने कुरा उसले उल्लेख गऱ्यो । त्यो घटनाको बारेमा उसले धेरै मानिसहरूसँग कुरा गर्न पायो र उसले आफ्ना धेरैजना ग्राहकहरूसँग आफ्नो विश्वास बाँड्न सक्यो ।

त्यो सतावट त्यसको योग्य थियो, उसले भन्यो, किनभने ऊ सत्यको पक्षमा उभिएको थियो र यसद्वारा परमेश्वरले उसलाई र अरू धेरैलाई सहायता गरिरहनुभएको थियो भन्ने उसलाई थाहा थियो !

पावलले पुरानो करारका पवित्र जनहरूका कष्टहरू र विजयहरूको विषयमा लेख्दछन् । पावलको सारांश यस्तो छः

> अनि अरू बढ्ता म के भनूँ ? गिदोनको विषयमा, बाराक, शामसोन, येफ्थह, दाऊद, शमूएल, र भविष्यवक्ताहरूको विषयमा बताउने समय मसँग रहनेछैन; जसले विश्वासैद्वारा राज्यहरू वशमा राखे, धार्मिकताको काम गरे, प्रतिज्ञा गरिएका कुराहरू प्राप्त गरे, सिंहहरूका मुख बन्द गरे, आगोको प्रचण्डतालाई निभाए, तरवारका धारबाट उम्के, कमजोर अवस्थाबाट बलवान् बने, लडाइँमा वीर बने, विदेशीहरूका फौजहरूलाई भगाए ।
>
> स्त्रीहरूले आफ्ना मरेकाहरूलाई जिउँदो पारिएको अवस्थामा प्राप्त गरे; अनि अरूले चाहिँ उत्तम बौरिउठाइ प्राप्त गरौं भनेर छुटकारा ग्रहण गरेनन्, तर कुटाइ खाई-खाई मरे । अनि अरूचाहिँ गिल्ला गरिएर, कोरौ खाएर त्यसमाथि बन्धन र कैदमा परेर जाँचिए; तिनीहरू ढुङ्गाले हानिए, आराले चिरिए, परीक्षामा परे, तरवारले मारिए; तिनीहरू कङ्गाल भएर, सतावट सहँदै, पीडा भोग्दै भेडाका छालाहरू र बाख्राका छालाहरू पहिरी चारैतिर घुमिहिँडे; संसार तिनीहरूको योग्य थिएन ।
>
> तिनीहरू मरुभूमि, पहाड अनि पृथ्वीका गुफा र ओडारहरूहुँदो घुमिहिँडे । अनि यिनीहरू सबैले विश्वासको कारणले असल गवाही प्राप्त गरे, तापनि प्रतिज्ञा गरिएका कुराहरू प्राप्त गरेनन्; किनकि हामीबिना तिनीहरू सिद्ध नहोऊन् भनेर परमेश्वरले हाम्रा निम्ति पहिलेबाट केही उत्तम कुराको प्रबन्ध गर्नुभएको थियो । *हिब्रू ११:३२-४०*

यी विश्वासयोग्य पवित्र जनहरू स्वर्गको राज्यमा प्रवेश गरेर, येशू स्वयम्द्वारा भित्र ल्याइएर अन्ततः विजयी भए - त्यो तिनीहरूको निम्ति कति महान् दिन थियो त !

अति धेरै क्रिश्चियनहरूले यो संसारसँग मेल खुवाउने प्रयास गर्दै जीवन जिउँदछन् । म त यस्तो जीवन जिउन चाहन्छु जुन परमेश्वरको नजरमा योग्य हुन्छ, संसारको नजरमा होइन ।

मैले कुनै पनि हालतमा समस्या खोजिरहेको छैन । तर अडिग रहनुपर्ने कुरा आउँदाखेरि, म सदैव येशूको पक्षमा अटल रहन चाहन्छु । उहाँ नै मेरो घमण्ड हुनुहोस् भन्ने म चाहन्छु:

> म तिमीहरूसित बडो साहससित बोल्छु; तिमीहरूको विषयमा मलाई ठूलो गर्व छ; म सान्त्वनाले भरिएको छु, हाम्रा सबै सङ्कष्टमा म आनन्दले चुलिएर पोखिन्छु । २ कोरिन्थी ७:४

> अँ, साँच्चै मेरा प्रभु ख्रीष्ट येशूको ज्ञानको सर्वश्रेष्ठताको निम्ति म सबै कुराहरू हानि ठान्छु; उहाँकै निम्ति मैले सबै कुराहरूको हानि खपेँ, अनि ख्रीष्टलाई प्राप्त गरूँ र उहाँमा भेट्टाइन सकूँ भनेर म तिनीहरूलाई कसिङ्गर ठान्छु । फिलिप्पी ३:८

मेरो एकजना साथीले पठाएकी एउटा चिठ्ठी यहाँ प्रस्तुत गरिएको छ जसमा उनले एउटी जवान महिलालाई येशूको बारेमा बताउन कसरी साहस गरिन् भनी लेखिएको छ:

> मेरो साथी ब्राण्डन र म बिहान १० बजे एउटा कफी पसलबाट हिँड्दै घरतिर गइरहेका थियौं र हामीले एउटी केटीलाई उछिन्यौं र उनलाई "नमस्ते" भन्यौं । अँ, हामी उनलाई उछिनेर केही कदम पनि पर नपुग्दै, मैले पछाडि फर्किनुपर्दथ्यो भन्ने महसुस गरेँ, त्यसैले म फर्किएँ पनि ।
>
> उनलाई कस्तो थियो भनी मैले सोधेँ र उनले यसो भनिन्, "अहँ, मलाई ठीक छैन, मैले येशू ख्रीष्टलाई भेट्टाउनुपरेको छ !" अँ, भन्नु नै पर्दैन होला, हामी छक्कै पर्‍यौं ! त्यसैले हामीले उनलाई हामीसँगै पार्कमा गएर कुरा गर्न अनुरोध गर्‍यौं । हमी बस्यौं र उनको कथा सुन्यौं ।
>
> उनको नाउँ हैदी थियो र उनी जेलमा परेकी थिइन्, उनले लागूपदार्थ सेवन गर्ने गर्दथिन् र समलिङ्गीपनाम फसेकी थिइन् । यति हुँदाहुँदै पनि उनले सदैव परमेश्वरमाथि विश्वास गरेकी थिइन्, तर त्यस बिहान उनले येशूलाई भेट्नेथिइन् जस्तो महसुस गरिन् । त्यसैले उनी जुन पायो त्यही घरहरूमा, चर्चहरूमा, मानिसहरूकहाँ गएकी र येशूलाई भेट्टाउने तरिका सोधेकी थिइन् !

हामीले उनलाई बाइबलबाट सिकायौं र....उनले त्यहीँ पार्कमा नै ख्रीष्टलाई जीवन सुम्पिन् ! स्वर्गदूतहरूले ब्राण्डन र मसँगै आनन्द मनाइरहेका थिए भनी के म भन्न सक्दछु ? आहा !

त्यसपछि तिनी मेरो घरमा आइन् र उनको सबै लागूपदार्थ चर्पीमा फालिन्, पाइप फुटाइन् र त्यसपछि २४ घण्टासम्म हामीसँगै बसिन् र हामीले उनीसँग कुरा गऱ्यौं, उनको कुरा सुन्यौं र उनलाई सेवकाइ गऱ्यौं । यो अविश्वसनीय थियो !!!!

यी जवानहरूले गरेजस्तै काम गर्न के तपाईं पर्याप्त मात्राम उत्साहित हुनुभएको छ ? येशूको बारेमा जान्न अत्यन्त उत्सुक भइरहेको कुनै मानिस तपाईंकै छेउमा कति बेला हुन्छ भनी तपाईंले कहिल्यै पनि भन्न सक्नुहुन्न । तर यदि तपाईं अस्वीकृत हुनदेखि र मानिसहरूका धारणाहरूदेखि डराउनुहुन्छ भने, तपाईंले कसैलाई येशूको बारेमा बताउनुपर्दछ भन्ने भावनालाई तपाईंले उपेक्षा गर्नुहुनेछ र तिनीहरूलाई बेवास्ता गर्नुहुनेछ । तपाईंले तिनीहरूलाई नरक जान दिनुहुनेछ किनभने तिनीहरूलाई येशूको बारेमा बताउन तपाईं डराउनुभयो वा लाज मान्नुभयो । कृपया त्यसो हुन नदिनुहोस् ।

भ्वाइस अफ द मार्टिर्स भन्ने एउटा सवकाइ छ जसले मानिसहरूलाई विगतका केही दशकहरूमा विश्वासको कारण ज्यान गुमाएका वा सतावटमा परेका लाखौं मानिसहरूको बारेमा निरन्तर जानकारी दिन्छ । उक्त सेवकाइले प्रकाशन गरेको एउटा पुस्तकमा हामीले सून ओके लीको कथा पढ्न पाउँदछौंः

"म क्रिश्चियन नबनेसम्म ती कैदीहरूले के गाइरहेका थिए भनी मैले कहिल्यै पनि थाहा पाइनँ ।"

सून ओके ली सन् १९८७ देखि १९९२ सम्म उत्तर कोरियामा कैदमा परेकी थिइन् । तैपनि उनी दक्षिण कोरिया नछिरेसम्म उनी क्रिश्चियन बनिनन् । उनले ख्रीष्टलाई ग्रहण गर्दाखेरि, सुरुमै उनी जेलमा देखेका र सुनेका कुराहरूको सम्झनाले व्याकुल भइन् ।

ती सामान्य कुराहरू थिए, जस्तै क्रिश्चियनहरू जसले मृत्युदण्ड दिइँदै गर्दा भजन गाए । त्यति बेला, उनले बुझिनन् र तिनीहरूलाई पागल ठानिन् । उनलाई कुरा गर्न दिइन्थेन, त्यसैले उनले एक क्रिश्चियनसँग कुरा गर्ने मौका कहिल्यै पनि पाइनन् । उनले "आमेन" शब्द सुनेको भने सम्झिन्छन् ।

"म त्यहाँ हुँदा, क्रिश्चियनहरूले आफ्नो विश्वासलाई अस्वीकार गरेका मैले कहिल्यै पनि देखिनँ । एकजनाले पनि । ती क्रिश्चियनहरू मौन रहँदा, अधिकारीहरू रिसाउँदथे र तिनीहरूलाई लात्ताले हिर्काउँदथे । त्यति बेला, तिनीहरूले आफ्नो जीवन किन खतरामा पारे भनी मैले बुझ्न सकिनँ जति बेला तिनीहरूले "म विश्वास गर्दिनँ,' भन्न र ती अधिकारीहरूले भनेको मान्न सक्दथे ।"

"लात्ताले हिर्काइने र पिटिने कार्य तीव्र हुँदैजाँदा धेरैजनाले भजनहरू गाएका पनि मैले देखेँ । अधिकारीहरूले तिनीहरूलाई पागल भन्दथे र बिजुलीले उपचार गर्ने कोठामा लैजान्थे । त्यहाँबाट कोही पनि जीवितै फर्किएको मैले देखिनँ ।"

उनलाई त्यो भजन गायनले मन्त्रमुग्ध पारेको थियो । शायद तिनै महान् पवित्र जनहरूको गायनले नै उनको आत्मामा एउटा बीउ रोपिदिएको थियो र अन्तमा उनलाई ख्रीष्टतर्फ डोर्‍याएको थियो ।

क्रिश्चियनमतको बारेमा जान्न उत्सुक हुनेहरूले गुप्तचरहरूले झैं विश्वासीहरूमाथि ध्यान केन्द्रित गर्दछन् ताकि तिनीहरू आफैले सत्यको मूल्याङ्कन गर्न सकून् । तिनीहरूले नियाल्दछन् । तिनीहरूले अवलोकन गर्दछन् । तिनीहरूले दिमागमा नोटहरू टिप्दछन् । क्रिश्चियनहरूले परीक्षाहरू भोग्दा, ती विश्वासीहरू असफल भएका देख्ने ती मौन दर्शकहरूले प्रायः आशा गर्दछन्, ताकि क्रिश्चियनहरू आखिरमा अरू सबैजस्तै हुन्छन् भनी तिनीहरूले आफैलाई निश्चयता दिन सकून् ।

तैपनि, क्रिश्चियनहरू समस्याको घडीमा मुस्कुराउँदा, तिनीहरू अलमल्ल पर्दछन् । विश्वासीहरूले रुनुपर्ने ठाउँमा ताली बजाउँदा तिनीहरू छक्क पर्दछन् । ख्रीष्टका चेलाहरूले कष्टको माझमा भजन गाउँदा, तिनीहरूले बुझ्नै नसक्ने कुराद्वारा तिनीहरू आश्चर्यचकित हुन्छन् ।[७३]

परमेश्वर उहाँका जनहरूसँग हुनुहुन्छ....

हाम्रा परमेश्वरको र पिताको सामुन्ने तिमीहरूका विश्वासको काम, प्रेमको परिश्रम र हाम्रा प्रभु येशू ख्रीष्टमा भएके आशाको धैर्य निरन्तर सम्झना गर्दछौं । १ थेस्सलोनिकी १:३

विश्वासको अर्को अविश्वसनीय गवाही यहाँ दिइएको छ । थोरै विश्वासीहरू अति परीक्षित हुन्छन्, तर तिनीहरू मात्र जो, बालबालिका र महिलालगायत,

साधारणतया यो स्तरअनुसार जिउँदछन् । परमेश्वरले काम गरिरहनुभएको छ र येशू वास्तविक हुनुहुन्छ भनी तिनीहरूलाई सताउनेहरूलाई देखाइरहनुभएको छ भन्ने कुरा हामीले थाहा पाउनुपर्दछः

"उसलाई नैतिक रूपमा पतन गराओ र शारीरिक रूपमा नाश पारो !"

तुर्किमेनिस्तानका अधिकारीहरूसँग सडकमा प्रचार गर्ने यी प्रचारकप्रति थप धैर्य थिएन । शागेल्दी अताकोभलाई राष्ट्रपति सपरमुरात नियाजोभप्रति भक्त भएको सपथ खाने र मुस्लिममत उच्चारण गर्ने वाचा गरेमा, राष्ट्रपतिले डिसेम्बर २३, २000 मा दिएका आममाफीमा स्वतन्त्र पारिने प्रस्ताव गरियो । शागल्दीले त्यो आममाफीलाई अस्वीकार गरे - फेरि ।

राज्यका अधिकारीहरूले शागेल्दीलाई प्रचार नगर्न पहिला नै धम्की दिएका थिए । तिनलाई डिसेम्बर १९९८ मा गिरफ्तार गरियो र दुई वर्षका जेल सजाय दिइयो, तर एकजना वकीलले त्यो फैसला "अत्यन्त दयापूर्ण" थियो भनी अपिल दायर गऱ्यो । त्यसपछि तिनलाई थप दुई वर्षको जेल सजाय दिइयो । शागेल्दी निर्मम पिटाइहरूबाट यति पीडामा परेका थिए कि तिनले आफूलाई नछुन आफ्ना छोराछोरीलाई अनुरोध गरे ।

फेब्रूअरी २000 मा, तिनकी श्रीमती र पाँचजना छोराछोरीलाई तिनीहरूको घरबाट जबर्जस्ती लगियो र दुर्गम काख्कामा पुऱ्याइयो जहाँ तिनीहरू "गाउँले कैद" मा रहे । सन् २000 को फेब्रूअरी महिनाको सुरुतिर तिनको परिवारले तिनलाई भेट्न जाँदा, शागेल्दीले बिदा मागे । तिनकी श्रीमतीले देखिन् कि "त्यो भेटमा तिनलाई चोटैचोट पारिएको र पिटिएको थियो, तिनका मृगौलाहरू र कलेजोमा चोट पुगेको थियो र तिनलाई जण्डिस भएको थियो । तिनी हिँड्न पनि सक्दैनथे र बारम्बार बेहोश हुन्थे ।" तिनले धेरै समय बाँच्ने आशा गरेका थिएनन् ।

त्यस्तो भए तापनि, शागेल्दी अझै पनि टुटेका थिएनन् । तिनले हार मानेनन् र छुटकारा पाउन सकिने भए तापनि, त्यसले खीष्टप्रतिको भक्ति त्याग्न लगाउने भए तिनले त्यसलाई स्वीकार गर्नेथिएनन् ।

मानिसहरू खानबिना ने धेरै हप्तासम्म बाँच्न सक्दछन्, तर हामी पानीबिना धेरै दिन बाँच्न सक्दैनौं । कुनै तरिकाले हाम्रा आत्मालाई आत्मिक भोजन पनि चाहिन्छ । हामी साथीहरूको साथबिना नै धेरै दिन,

महिना र वर्षहरू समेत काट्न सक्दछौं - एक्लोपनमा भए तापनि हाम्रा आत्माहरू बाँच्न सक्दछन् । हामी शान्तिबिना नै अबिरलको रोग सहेर पनि बाँच्न सक्दछौं - हाम्रा आत्मा निरुत्साहित भए तापनि बाँच्नेछन् ।

तैपनि यदि हामीले येशू ख्रीष्टको आशाबिना लामो समयसम्म सहने प्रयास गर्दछौं भने, हाम्रा प्राण नाश हुन्छन् । परमेश्वरले आफ्ना छोराछोरीलाई दिनुहुने अमूल्य उपहार, आशाबिना हामी जिउन सक्दैनौं । तपाईंले सहिरहन नसक्ने जस्तो महसुस गरिरहनुभएको छ भने, तपाईंलाई प्रोत्साहन र हौसला दिन परमेश्वरसँग बिन्ती गर्नुहोस् । येशू ख्रीष्टमाथिको बलियो आशाद्वारा तपाईंले सबै कुराहरू सहनुहुनेछ ।

यो जतिसुकै अनौठो लाग्ने भए तापनि, परमेश्वरलाई उहाँका छोराछोरीको मृत्यु अमूल्य हुन्छ:

परमप्रभुको दृष्टिमा उहाँका पवित्र जनहरूको मृत्यु अनमोल छ । भजनसङ्ग्रह ११६:५

अनि मैले स्वर्गमा यसो भन्दै गरेको एउटा ठूलो आवाज सुनें: "अब हाम्रा परमेश्वरका मुक्ति, शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ; किनकि हाम्रा भाइहरूलाई दोष लगाउने तल फ्याँकिएको छ, जसले दिनरात हाम्रा परमेश्वरका सामु उनीहरूलाई दोष लगाउँथ्यो । अनि उनीहरूले त्यसलाई थुमाको रगतद्वारा र आफ्नै गवाहीको वचनद्वारा जिते; अनि मृत्युसम्म उनीहरूले आफ्ना प्राणहरूलाई प्रेम गरेनन् । प्रकाश ११२:१०-११

हामीमध्ये अधिकांशले त्यति धेरै कष्ट भोग्नुपर्नेछैन, तर पनि आज संसारभरिका धेरै स्थानहरूमा धेरैजनाले परमेश्वरको निम्ति त्यस्तै कष्ट भोगिरहेका छन् । तपाईंले येशूलाई पछ्याउने निर्णय गर्नुभन्दा पहिला उत्पन्न हुन सक्ने परिणामहरूमध्ये केही तपाईंलाई जानकारी गराउनु अर्थपूर्ण हुन्छ होला ।

येशूलाई ग्रहण गर्ने त्यो निर्णय गर्नुचाहिँ क्षणिक, सांसारिक सतावट सहनको योग्य हुन्छ, विशेष गरी जब तपाईंले यसलाई हामी यहाँबाट बिदा हुँदा उहाँले विश्वासीहरूको लागि तयार पारेर राख्नुभएको कुरासँग तुलना गर्नुहुन्छ ।

तर सबै पुरस्कारहरू अर्कोतर्फ यत्तिकै पाइने होइनन् । तपाईंलाई सताएको व्यक्तिले येशू ख्रीष्टको उद्धार गर्ने ज्ञानमा आएको तपाईंले देख्नुहुँदा, यसले सबै सतावटलाई यही जीवनमा भोग्नको योग्य बनाइदिन्छ !

प्रेरितको पुस्तक १७ अध्यायमा, प्रेरित पावलले एथेन्सको मार्सको डाँडामा प्रचार गरिरहेका छन् । तिनले येशूको बौरिउठाइको बारेमा प्रचार गरिरहँदा, भीडबाट एउटा रोचक प्रतिक्रिया आउँदछ । भीडका केहीले तिनको उपहास गर्दछन्, कोही हिचकिचाउँदछन् र कतिले विश्वास गर्दछन् ।

आज पनि ठीक त्यस्तो नै हुन्छ । यदि हामीले येशूको पक्षमा उभिने निर्णय गर्दछौं भने, कतिले हाम्रो उपहास गर्नेछन्, कतिजना हिचकिचाउनेछन् र कतिले विश्वास गर्नेछन् । हामीले त्यो निर्णय गर्नुपर्दछ ।

अनि स्मरण रहोस्, छनौट नगर्नु भनेको छनौट गर्नु हो । मानिसहरूले आफूहरू त परमेश्वरलाई वा शैतानलाई रोज्ने निर्णय नगरीकन केवल बारमा बसिरहेको ठान्न सक्दछन्, तर मैले पहिला नै भनेझैं, *त्यो बारको मालिक शैतान हो ।* या त तपाईंले येशू ख्रीष्टलाई प्रेम गर्ने निर्णय गर्नुहुन्छ या उहाँलाई अस्वीकार गर्ने निर्णय गर्नुहुन्छः एउटा वा अर्को ।

धेरै मानिसहरूले टिभीमा अपराध अनुसन्धान गरिएका कार्यक्रमहरू हेरेका हुन्छन् । त्यस्ता कार्यक्रमहरू प्रसारण भएपछि अत्यन्त मन पराइएका छन् । त्यो कार्यक्रममा एउटा अत्यन्त रोचक काम गरिन्छ । तिनीहरूले सुरुका पाँच मिनेटसम्म तिनीहरूले कसलाई दोषी ठान्दछन् भन्ने कुरा तपाईंलाई बताउँदैनन् । तिनीहरूले ५५ मिनेटसम्म प्रमाणलाई हेर्दछन् र त्यसले कतातिर डोऱ्याउँदछ भनी हेर्दछन्, र त्यसपछि कार्यक्रमको अन्तमा तिनीहरूले उक्त प्रमाणले जुन व्यक्तितिर डोऱ्याएको थियो त्यही मानिस तपाईंलाई देखाउँदछन् ।

अब तपाईंले यो पुस्तकमा प्रस्तुत गरिएको प्रमाण देख्नुभएपछि, यसले तपाईं जसप्रति डोऱ्याउँदछ उहाँप्रति अर्थात् येशूप्रति समर्पित हुन के तपाईं तयार हुनुहुन्छ ?

यो लेखिएको छ (प्रेरित २५ र २६ मा) कि पावलले राजा अग्रिप्पालाई येशू ख्रीष्टको सत्यताबारे विश्वस्त पार्ने प्रयास गरिरहेका थिए । राजा अग्रिप्पाले पावललाई भने कि तिनले उनलाई झण्डै क्रिश्चियन बनाएका थिए । राजा अग्रिप्पा त्यो रातमा झण्डै क्रिश्चियन बनेका थिए ।

जीवनमा धेरैवटा "भण्डैहरू" हुन्छन् । तपाईंले झण्डै ४ अङ्क पाउनुभएको थियो । तपाईंले बास्केटबल खेलमा अन्तिम सेकेण्डमा झण्डै गोल गर्नुभएको थियो । तपाईंले फुटबलको उपाधी झण्डै जित्नुभएको थियो । तपाईंले झण्डै त्यो जागिर पाउनुभएको थियो । तपाईंले झण्डै चिट्ठा जित्नुभएको थियो ।

यो जीवनकालमा धेरैवटा "भण्डैहरू" हुन्छन् – तर अर्को जीवनमा भने कुनै पनि "भण्डै" हुनेछैन ।

तपाईं भण्डै स्वर्ग पुग्नुहुनेछैन । तपाईंले भण्डै येशूलाई जीवन सुम्पिनुहुनेछैन । या त तपाईंले त्यो निर्णय गर्नुहुन्छ या गर्नुहुन्न । एउटा या अर्को । तपाईंको रोजाइ ।

"भण्डैहरू" को विषयमा, चार्ल्स स्पर्जनले यसो भनेका थिए:

> एकजना मानिस थियो जो आगोबाट भण्डै बचाइएको थियो, तर ऊ जल्यो । अर्को मानिस थियो जो एउटा रोगबाट भण्डै निको भएको थियो, तर मऱ्यो । एकजना मानिस पनि थियो जसलाई भण्डै माफ दिइएको थियो, तर ऊ भुण्ड्याइयो । अनि नरकमा यस्ता मानिसहरू धेरै हुन्छन् जसको भण्डै उद्धार गरिएको थियो ।[७४]

१ राजा १८:२१ ले यसो भन्दछ:

> अनि एलियाले सबै मानिसहरूकहाँ आएर भने, "तिमीहरू कहिलेसम्म दोधारमा बसिरहन्छौ ? यदि परमप्रभु नै परमेश्वर हुनुहुन्छ भने, उहाँलाई पछ्याओ । तर यदि बाल परमेश्वर हो भने, त्यसलाई पछ्याओ ।" अनि ती मानिसहरूले तिनलाई एक शब्द पनि जवाफ दिएनन् ।

तपाईंले कसलाई पछ्याउनुहुनेछ: येशूलाई कि शैतानलाई ? तपाईंले सबैलाई त्यागेर येशूलाई पछ्याउनुहोस् भन्ने येशू चाहनुहुन्छ । एलियाले ती मानिसहरूलाई कुनै न कुनै पक्षमा लाग्न चुनौती दिँदा, तिनीहरूले जे गरे, त्यस्तो तपाईंले नगर्नुहोस्: "तिनीहरूले तिनलाई एक शब्द पनि जवाफ दिएनन्," तिनीहरूले केही पनि भनेनन् ।

तैपनि,अनिर्णय पनि एउटा जवाफ हो । यसको अर्थ यो हो कि तपाईंले प्रभुलाई पछ्याउनुहुनेछैन । कृपया येशूको चेला हुनुहोस् - तपाईंको अनन्त स्वार्थको लागि ।

स्पर्जनले यसो पनि भनेका थिए:

> हामी हठपूर्वक र स्वेच्छापूर्वक हराएका छौं; विवेकहीन र पूर्ण रूपमा हराएका; तर हाम्रो आफ्नै इच्छाअनुसार हराएका, जुन सबैभन्दा खराब प्रकारले हराउनु हो ।
>
> हामी परमेश्वरदेखि हराएका छौं, जसले हाम्रो हृदयको प्रेम, भरोसा र आज्ञाकारिता गुमाउनुभएको छ; मण्डलीदेखि हराएका छौं, जहाँ हामी

सेवा गर्न सक्दैनौं; सत्यदेखि हराएका छौं जुन हामीले देख्नेछैनौं; अधिकारदेखि हराएका छौं, जसको आधारलाई हामी समर्थन गर्दैनौं; स्वर्गदेखि हराएका छौं, जसका पवित्र सीमाहरूभित्र हामी कहिल्यै पनि पस्न सक्दैनौं; हराएक, यति हराएका कि सर्वशक्तिमान् कृपाले हस्तक्षेप नगरेमा, हामी सदासर्वदा डुब्नलाई पिँध नै नभएको खाडलमा फालिनेछौं ।

हराएको ! हराएको ! हराएको ! एउटा प्राण हराउनुभन्दा सारा संसारमै आगलागी भएको जाति हुन्थ्यो ! एउटा मात्र प्राण हराउनुभन्दा हरेक तारा निभेको भए र आकाश नै खसेको भए जाति हुन्थ्यो ![७५]

तल दिइएका दुईवटा प्रार्थनाहरू पढ्नुहोस्, र कुनचाहिँले तपाईंलाई उत्कृष्ट रूपमा जनाउँदछ भनी निर्णय गर्नुहोस् । तपाईंले तीमध्ये कुनैलाई पनि सचेत रूपमा प्रार्थना नगर्नुभए पनि, तपाईंले वास्तवमा यी दुईवटा प्रार्थनाहरूमध्ये एउटा गरिरहनुभएको हुन्छ – किनभने तपाईंले यो पुस्तक बन्द गर्नुहुँदा, एकजनाको सेवा गरिरहनुभएको हुनेछ ।

एक मात्र प्रश्न यो हो, तपाईंले कसको सेवा गरिरहनुभएको हुनेछ ?

**प्रिय शैतान,**

बाइबलले भन्दछ, कि तँ यस संसारको देव र झूटहरूको पिता होस् । तैंले जातिहरूलाई धोका दिन्छस् र विश्वास नगर्नेहरूका मन अन्धो पारिदिन्छस् ।

येशू मेरो पापहरूको दण्ड तिर्न मर्नुभयो भनी विश्वास नगरीकन म परमेश्वरको राज्यमा प्रवेश गर्न सक्दिनँ भनी उहाँले चेतावनी दिनुहुन्छ । मैले झूट बोलेको, चोरेको, कामवासनाको भावनाले हेरेको छु र त्यसकारण मेरो हृदयमा व्यभिचार गरेको छु । मैले ईश्वरनिंदा गरेको छु, परमेश्वरलाई पहिलो स्थान दिन अस्वीकार गरेको छु, विश्राम दिन भङ्ग गरेको छु, अन्य मानिसहरूका सामानहरूको लोभ गरेको छु, मेरा बुबाआमाको अनादर गरेको छु र मूर्तिपूजाको पापको दोषी भएको छु - मैले मलाई सुहाउने एउटा ईश्वर बनाएको छु ।

मसँग विवेक हुँदाहुँदै पनि मैले यी सबै कुराहरू गरेँ । परमेश्वरले नै मलाई जीवन दिनुभयो भन्ने जान्दछु । मैले घाम उदाएको देखेको छु । मैले प्रकृतिका आवाजहरू सुनेको छु । मैले

खुसीको अपत्यारिलो थुप्रोमा आनन्द मनाएको छु, जुन सबै नै उहाँको उदार हातबाट आएका थिए । म मेरो पापहरूमै मरेँ भने मैले फेरि कहिल्यै आनन्द थाहा पाउनेछैनँ भनी म जान्दछु ।

येशू ख्रीष्टले मेरा पापहरूको निम्ति उहाँको जीवनको रगत बगाउनुभयो र मृत्युको शक्तिलाई नाश पार्न बौरेर उठ्नुभयो भन्ने म जान्दछु, तर आज म मेरा पापहरू स्वीकार गर्न र त्याग्न अस्वीकार गर्दछु ।

न्यायको दिनमा, म अग्नि कुण्डमा फालिँदा, मैले आफू बाहेक कसैलाई पनि दोष लगाउनुपर्नेछैनँ । म नाश होऊँ भन्ने परमेश्वरको इच्छा होइन । उहाँले आफ्ना पुत्रको मृत्युमा मप्रतिको उहाँको प्रेम देखाउनुभयो, जो मलाई जीवन दिने आउनुभएको थियो । तँ शैतान नै मार्न, चोर्न र नाश पार्न आइस् । तै मेरो आत्मिक पिता होस् । म तँलाई नै सेवा गर्न र तेरो इच्छा पूरा गर्न चाहन्छु किनभने म अन्धकार मन पराउँछु र ज्योतिलाई घृणा गर्दछु ।

यदि म होशमा आइनँ भने, म सदासर्वदा तेरै हुनेछु । आमेन ।

☆☆☆

**प्रिय परमेश्वर,**

मैले तपाईंका आज्ञाहरू उल्लङ्घन गरेर तपाईंको विरुद्धमा पाप गरेको छु । तपाईंले मलाई विवेक दिनुभए तापनि, मैले कामवासनाको भावले हेरेको छु, र त्यसरी मेरो हृदयमा व्यभिचार गरेको छु । मैले झूट बोलेको, चोरेको छु, तपाईंलाई प्रेम गर्न म असफल भएको छु, आफूलाई झैं मेरा छिमेकीहरूलाई प्रेम गर्न म असफल भएको छु र विश्राम दिनलाई पवित्र मान्न असफल भएको छु ।

म लोभी भएको छु र मैले हृदयमा घृणा पालेको छु - जसले तपाईंको नजरमा मलाई हत्याको दोषी बनाइदिन्छ । मैले तपाईंको पवित्र नाउँ व्यर्थैमा लिएको छु, मलाई सुहाउँदो ईश्वर बनाएको छु, र मेरा बुबाआमाको अनादर गरेको छु ।

यदि म न्यायको दिनमा तपाईंको झल्झलाकार र पवित्रतामा तपाईंको सामु उभिएँ भने, मैले गरेको हरेक गोप्य पाप र मैले बोलेको हरेक खराब शब्द तपाईं विरुद्ध मैले गरेको अपराधहरूको प्रमाण स्वरूप प्रस्तुत भए भने, म पूर्ण रूपमा दोषी हुन्छु र उचित रूपमा नै नरक जानयोग्य हुन्छु ।

येशूले क्रूसमा कष्ट भोग्नुभएर र मर्नुभएर मेरो सट्टामा दण्ड भोगिदिनुभएकोमा म कति धन्यवादी छु भनी म वयानै गर्न सक्दिनँ । उहाँले मेरो ऋण तिरिदिनुभयो ताकि म अदालतदेखि बाहिर जान सकूँ । तपाईंले मलाई कति प्रेम गर्नुहुन्छ भन्ने कुरा उहाँले प्रकट गरिदिनुभयो । त्यसपछि उहाँ पवित्रशास्त्रअनुसार मरेकाहरूबाट बौरेर उठ्नुभयो भनी म विश्वास गर्दछु ।

अब म मेरो पाप स्वीकार गर्दछु र त्याग्दछु अनि येशूलाई प्रभु र उद्धारकर्ता भनी आफूलाई उहाँप्रति समर्पण गर्दछु । म अबदेखि आफ्नै निम्ति जिउनेछैन । म मेरो प्राण, आत्मा र शरीर तपाईंको राज्य विस्तारमा तपाईंको सेवा गर्नको लागि एउटा जिउँदो बलिदानको रूपमा तपाईंलाई सुम्पन्छु । म तपाईंको वचन दिनहुँ पढ्नेछु र पढेको कुरा पालन गर्ने केवल कलभरीको क्रूसको कारणले गर्दा नै म सदासर्वदा जिउनेछु ।

म अनन्तसम्मको लागि तपाईंकै हुँ ।

येशूको नाउँमा म प्रार्थना गर्दछु । आमेन ।

येशूले हामीलाई यसो भन्नुहुन्छः

कसैले पनि दुईजना मालिकहरूको सेवा गर्न सक्दैन; किनकि कि त उसले एउटालाई घृणा गर्नेछ र अर्कोलाई प्रेम गर्नेछ, अथवा ऊ एउटासँग टाँसिनेछ र अर्कोलाई तुच्छ ठान्नेछ । तिमीहरू परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौ । मत्ती ६:२४

हामीमध्ये कसैले पनि दुई मालिकहरूको सेवा गर्न सक्दैन । तपाईंको बाँकी जीवनभरि र सारा अनन्तताभरि तपाईं कसको सेवा गर्न रोज्नुहुनेछ ?

यदि तपाईंले "आफ्नै" भनेर जवाफ दिनुहुन्छ भने, तपाईंले यो प्रश्नको जवाफ शैतानले दिए झैं दिनुहुन्छ, त्यसैले तपाईं वास्तवमा शैतानसँग मिल्नुहुन्छ, यो जीवनमा र आउने जीवनमा पनि ।

> अनि यदि परमप्रभुको सेवा गर्न तिमीहरूलाई मन पर्दैन भने त तिमीहरूले कसको सेवा गर्ने आजै तिमीहरूले रोज । तिम्रा पितापूर्खाहरूले यूफ्रेटिस नदीपारि पूजेका देवताहरू कि तिमीहरू अहिले बसेका देशका एमोरीहरूका देवताहरू ? तर म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछौं । यहोशू २४:१५

तपाईंले कसलाई सेवा गर्ने निर्णय गर्नुहुनेछ ? वास्तवमा, तपाईंले ठीक अहिले कसैको सेवा गरिरहनुभएको छ । हिउँ धेरै बाक्लो छ, र अब तपाईंले एउटा निर्णय गर्नुपर्दछ । तपाईं भिरालो ठाउँमा राखिएको हिउँगाडीमाथि बसिरहनुभएको छ । के तपाईं त्यसलाई स्टार्ट गर्न, त्यसमा हुइँकिन र अनन्त मुक्तिमा हामफाल्न तयार हुनुहुन्छ ?

यदि हुनुहुन्छ भने, तपाईंको प्राणको सबैभन्दा भित्रदेखि अहिले नै तपाईंले दुईवटामध्ये कुन समर्पणता गर्न चाहनुहुन्छ भन्ने कुराको आधारमा माथि दिइएका दुईवटा प्रार्थनाहरूमध्ये एउटा प्रार्थना गर्नुहोस् ।

चार्ल्स स्पर्जनले यसो भनेका थिए:

> के तपाईं मलाई एउटा कृपा गनुहुनेछ ?.... के तपाईं आज साँझमा केही बेर एक्लै बस्नुहुनेछ, र प्रभुको सामु आफ्नो अवस्था मूल्याङ्कन गर्नुभएपछि, दुईवटा शब्दहरूमध्ये एउटा लेख्नुहुनेछ ? यदि तपाईंलाई आफू एक विश्वासी नभएको जस्तो महसुस हुन्छ भने, **दोषी** लेख्नुहोस् । अनि यदि तपाईं येशूमा विश्वासी हुनुहुन्छ र उहाँमाथि मात्र भरोसा गर्नुहुन्छ भने, **क्षमा गरिएको** लेख्नुहोस् ।

तपाईंले **दोषी** शब्द लेख्नुपरे तापनि, त्यसो गर्नुहोस् । हामीले चर्चको सङ्गतिमा एकजना जवान मानिसलाई स्वागत गऱ्यौं जसले यसो भन्यो, "हजुर, मैले **दोषी** शब्द लेखें र त्यसलाई हेरें । यो त्यहीं थियो । त्यो म आफैंले लेखेको थिएँ: दोषी ।" उसले हेर्दैगर्दा, आँसुहरू बग्न थाले र हृदय टुट्न थाल्यो । अनि छिट्टै नै ऊ ख्रीष्टकहाँ आयो, त्यो काजग आगोमा हाल्यो र **क्षमा गरिएको** लेख्यो ।

यो जवान मानिस त्यस प्रकारले प्रभुमा ल्याइएको छैटौं मानिस थियो होला । त्यसैले म तपाईंलाई यसको प्रयास गर्न अनुरोध गर्दछु । स्मरण रहोस्, तपाईं या त एउटा या अर्को हुनुहुन्छ - दोषी वा क्षमा गरिएको । यी दुईको बीचमा नउभिनुहोस् । त्यसको छिनोफानो गरिहाल्नुहोस् । अनि याद गर्नुहोस्,

यदि तपाईं आज दोषी हुनुभएको छ भने, अझै पनि तपाईं नरकमा पर्नुभएको छैन । अझै पनि आशा छ ।[ठट]

तपाईंले कुन निर्णय गर्नुहुन्छ भन्ने कुरा कृपया मलाई जानकारी दिनुहोला ।

तपाईंले मलाई यो ठेगानामा इमेल गर्न सक्नुहुन्छः Mydecision@markcahill.org

मेरो आशा र प्रार्थना यही छ कि तपाईंले आफ्नो शरीरको हरेक रेशाले यस संसारका परमेश्वरलाई सेवा गर्ने निर्णय गर्नुहुनेछ ।
म एक दिन तपाईं स्वर्गमा भेट्ने उत्कट इच्छा गर्दछु !

अध्याय १०

# म को हुँ ?

यसैकारण, यदि कोही ख्रीष्टमा छ भने, ऊ एउटा नयाँ सृष्टि हो,
पुराना कुराहरू बितिगएका छन्; हेर सबै कुराहरू नयाँ भएका छन् ।
- प्रेरित पावल, २ कोरिन्थी ५:१७

तपाईं क्रिश्चियन बन्नुहुँदा एउटा आश्चर्यजनक कुरा हुन्छ । तपाईंले पहिला मन पराउनुहुने कुराहरूलाई अब घृणा गर्नुहुन्छ र पहिला घृणा गर्नुहुने कुराहरूलाई अब प्रेम गनुहुन्छ । सर्वोच्च राजालाई सेवा गर्ने यात्रा जारी नै रहँदा यसबारे सोचविचार गर्नुहोस् ।

यदि तपाईंले येशूलाई पछ्याउने निर्णय गर्नुभएको छैन भने, तपाईंले अन्नतः येशूमा जीवन समर्पण गर्नुहुँदा अनुभव गर्नुहुने कुरालाई हेर्न कृपया पढ्दै जानुहोस् ।

यदि तपाईंले येशू ख्रीष्टलाई ग्रहण गर्ने निर्णय गर्नुभएको छ भने, अहिले पढ्नुहुने कुरालाई देखेर तपाईं छक्क पर्नुहुनेछ । अहिले तपाईं परमेश्वरको नजरमा आधिकारिक रूपमै पूर्णतया भिन्दै व्यक्ति हुनुहुन्छ – परमेश्वरको नजरमा एउटा नयाँ सृष्टि ! तपाईं धर्मी ठहऱ्याइनुभएको छ । तपाईंको पापको ऋृण पूर्ण रूपमा तिरिएको छ । कत्ति पनि बाँकी छैन । त्यो क्षमा गरिएको छ ! तपाईं भिन्दै व्यक्ति हुनुहुन्छ !

एकजना मानिसले यसलाई यसरी लेख्दछन्:

> तपाईंले फुटबल खेल्नुभयो भने, तपाईं आफ्नो खूबी र काम गर्ने स्तरजति नै असल हुनुहुन्छ । तर यदि एक दिन माइकल विक तपाईंभित्र बस्न आए भने, तब हुने परिर्वतनहरूलाई हेर्नुहोस्: तपाईं तीव्र गतिमा दौडन सक्नुहुन्छ, तपाईं बिजुलीजस्तै छिट्टो चल्न सक्नुहुन्छ, र नाडीको एक झट्कामै फुटबललाई घेराबाट बीचसम्म फाल्न सक्नुहुन्छ । तपाईं अब पूर्णतया भिन्दै खेलाडी हुनुहुन्छ । किन ? भित्रपट्टि कुनै कुरा परिवर्तन भएको थियो ।

यसले एउटा कुरा प्रष्ट पार्दछः तपाईंभित्र माइकल विकलाई धारण गर्नुले तपाईंलाई माइकल विककै शरीर दिँदैन । त्यसैले महान् हुने चाहना पलाउन सक्दछ, तर के तपाईंसँग महान् हुने क्षमता हुनेछ त ?

तर परमेश्वरका पुत्र तपाईंभित्र वास गरिरहनुहुँदा र उहाँले तपाईंको लागि गरिदिनुभएको कुराद्वारा तपाईंको जीवन परिवर्तन गरिदिनुहुँदा, जीनव साँच्चै नै जिउनको योग्य हुन्छ ! उहाँले तपाईंको शरीरलाई जस्तो चाहनुहुन्छ त्यस्तै बनाउनुभयो, तर शायद उहाँले त्यसलाई विकास गरिसक्नुभएको छैन वा निको पारिसक्नुभएको छैन होला ।

तर उहाँले एउटा महान् उद्देश्यको लागि एउटा विशेष तरिकाले तपाईंलाई बनाउनुभयो, र उहाँले तपाईंद्वारा पूरा गर्न चाहनुहुने हरेक कुरा तपाईंले पाउनुभएको शरीरसँग सुहाउँदो हुन्छ भन्ने कुरा तपाईंले थाहा पाउन सक्नुहुन्छ !

अनि यदि माइकल विक तपाईंभित्र जिउनाले तपाईंको जीवन परिवर्तन हुन्छ भने, अब तपाईंले परमेश्वरका पुत्रमाथि विश्वास गर्नुभएपछि उहाँले तपाईंको जीवनलाई अकल्पनीय तरिकाले परिवर्तन गर्नुहुनेछ भनी विश्वास गर्नु उत्तम हुन्छ !

परमेश्वरले हामीलाई यसो भन्नुहुन्छः

> ....रहस्यलाई....अहिले उहाँका पवित्र जनहरूकहाँ प्रकट गरिएको छ; उनीहरूकहाँ परमेश्वरले, अन्यजातिहरूको बीचमा यो रहस्यको महिमाको धन के हो सो प्रकट गर्न चाहनुभयोः 'महिमाको आशा ख्रीष्ट तिमीहरूभित्र' नै रहस्य हो । कलस्सी १:२६-२७

अब तपाईंभित्र परमेश्वरका पुत्र वास गरिरहनुभएको छ । तपाईंको जीवनमा हुने परिवर्तनहरू देखेर तपाईं नतमस्तक हुनुहुनेछ !

येशू ख्रीष्टको चेला भएपछि तपाईं को बन्नुहुन्छ भन्ने कुरालाई हेर्नुहोस्ः

म ख्रीष्टसित क्रूसमा टाँगिएको छु, तरै पनि म जिउँछु; त्यसो भए पनि म त होइन, तर ख्रीष्ट मभित्र जिउनुहुन्छ; अनि जुन जीवन म अहिले शरीरमा जिउँछु, त्यो म परमेश्वरका पुत्रको विश्वासद्वारा जिउँछु, जसले मलाई प्रेम गर्नुभयो र आफैलाई मेरो निम्ति दिइहाल्नुभयो । गलाती २:२०

येशू अहिले तपाईंमा र तपाईंद्वारा जिउनुहुन्छ । जसरी स्पर्जनले भनेका छन्ः

तपाईं ख्रीष्टमा को हुनुहुन्छ भन्ने कुरालाई तपाईंले जति बढी पुष्टि गर्नुहुन्छ, तपाईंको व्यवहारले त्यति नै बढी तपाईंको साँचो परिचय झल्काउन थाल्नेछ ![ठठ]

अब तपाईं को बन्नुभएको छ भन्ने कुरालाई हेर्नुहोस् ! (डा. नेल एण्डर्सनद्वारा लिखिछ *Living Free in Christ* बाट लिइएको ।)

## म को हुँ !

म ग्रहण गरिएको छु....

- म परमेश्वरको सन्तान हुँ: यूहन्ना १:१२
- म ख्रीष्टको साथी हुँ: यूहन्ना १५:१५
- म धर्मी ठहऱ्याइएको छु: रोमी ५:१
- म प्रभुसँग मिलाइएको छु र म उहाँसँग एउटै आत्मा हुँ: १ कोरिन्थी ६:१७
- म मोल तिरेर किनिएको छु। म परमेश्वरको हुँ: १ कोरिन्थी ६:१९-२०
- म ख्रीष्टको शरीरको सदस्य हुँ: १ कोरिन्थी १२:२७
- म पवित्र जन हुँ: एफेसी १:१
- म परमेश्वरको सन्तान हुनलाई धर्मपुत्रको रूपमा ग्रहण गरिएको छु: एफेसी १:५
- म पवित्र आत्माद्वारा सीधै परमेश्वरकहाँ जान सक्दछु: एफेसी २:१८
- म मेरा सबै पापहरूदेखि मुक्त पारिएको र क्षमा गरिएको छु: कलस्सी १:१४
- म ख्रीष्टमा पूर्ण छु: कलस्सी २:१०

## म सुरक्षित छु....

- म दोषी ठहऱ्याइनदेखि सदासर्वदाको लागि स्वतन्त्र भएको छु: रोमी ८:१-२

- सबै कुराहरू मिलेर भलाइ उत्पन्न गराउँदछन् भन्ने कुरामा म निश्चित छु: रोमी ८:२८
- मविरुद्धका दोष लगाउने सबै आरोपहरूदेखि म मुक्त छु: रोमी ८:३१-३४
- म परमेश्वरको प्रेमदेखि अलग पारिन सक्दिनँ: रोमी ८:३५-३९
- म परमेश्वरद्वारा स्थिर पारिएको, अभिषेक गरिएको र छाप मारिएको छु: २ कोरिन्थी १:२१-२२
- म परमेश्वरमा ख्रीष्टसँगै लुकाइएको छु: कलस्सी ३:३
- परमेश्वरले ममा सुरु गर्नुभएको असल काम पूरा गरिनेछ भनी म विश्वस्त छु: फिलिप्पी १:६
- म स्वर्गको नागरिक हुँ: फिलिप्पी ३:२०
- मलाई डरको आत्मा दिइएको छैन, तर शक्ति, प्रेम, र आत्मसंयमको आत्मा दिइएको छ: २ तिमोथी १:७
- मैले खाँचो परेको बेलामा अनुग्रह र दया पाउन सक्दछु: हिब्रू ४:१६
- म परमेश्वरबाट जन्मिएको छु र दुष्टले मलाई छुन सक्दैन: १ यूहन्ना ५:१८

**म महत्वपूर्ण छु....**

- म पृथ्वीको नून र ज्योति हुँ: मत्ती ५:१३-१४
- म साँचो दाखको रूखको हाँगा, उहाँको जीवनको माध्यम हुँ: यूहन्ना १५:१५
- म फल फलाउनलाई चुनिएको र नियुक्त गरिएको छु: यूहन्ना १५:१६
- म ख्रीष्टको व्यक्तिगत साक्षी हुँ: प्रेरित १:८
- म परमेश्वरको मन्दिर हुँ: १ कोरिन्थी ३:१६
- म परमेश्वरसँग मेलमिलाप गराउने सेवक हुँ: २ कोरिन्थी ५:१७-२१
- म परमेश्वरको सहकर्मी हुँ: २ कोरिन्थी ६:१
- म स्वर्गीय राज्यमा ख्रीष्टसँग बसालिएको छु: एफेसी २:६

- म परमेश्वरको हातको सीप हुँ: एफेसी २:१०
- म स्वतन्त्र र ढुक्क भएर परमेश्वरकहाँ जान सक्दछु: एफेसी ३:१२
- मलाई शक्ति दिनुहुने खीष्टद्वारा म सबै कुराहरू पूरा गर्न सक्दछु: फिलिप्पी ४:१३

यी सबै नै खीष्टमाथि विश्वास गर्ने व्यक्तिभित्र भएको परिवर्तनको वास्तविक परिणाम हुन्। हामीलाई परिवर्तन गर्ने परमेश्वरको शक्ति आश्चर्यजनक छ।

अब परमेश्वरको चेलाको रूपमा अब म उहाँको नजरमा को हुँ भन्ने कुरा थाहा पाएपछि, अर्को प्रश्न यो छ: उहाँले मद्वारा के गर्न चाहनुहुन्छ ?

परमेश्वरले तपाईंको लागि यो जीवनमा बनाउनुभएका महिमित योजनाहरूद्वारा तपाईं नम्र तुल्याइनुहुनेछ। पढ्दै जानुहोस् !

**अध्याय ११**

# पुत्रको ज्योति चम्काउनुहोस्

कसैले पनि पछाडि गएर पूर्णतया नयाँ सुरुवात् गर्न नसक्ने भए तापनि, अहिलेदेखि त जसले पनि सुरु गर्न र पूर्णतया नयाँ अन्त गराउन सक्दछ ।

- अज्ञात

अब तपाईं धर्मी ठहऱ्याइनुभएपछि, पवित्र पारिने बेला आएको छ । त्यसको अर्थ यो हो कि परमेश्वर तपाईंलाई उहाँले चाहनुभएको जस्तो छोरा वा छोरीको आकार र स्वरूपमा ढाल्ने कार्यमा लाग्नुहुन्छ । बाइबलमा यसलाई कुमाले र माटोको उपमा दिइएको छः

> तर अब, हे परमप्रभु, तपाईं हाम्रा पिता हुनुहुन्छ । हमीी माटो हौं, र तपाईं कुमाले हुनुहुन्छ; र हामी सबै तपाईंकै हातका काम हौं । *यशैया ६४:८*

जसरी कुमाले आफ्नो पाङ्ग्रामा बस्दछ र माटोलाई जस्तो चाह्यो त्यस्तै आकारमा ढाल्दछ, त्यसरी नै परमेश्वरले हाम्रो जीवनलाई ढाल्न र हामी यहाँ पृथ्वीमा छँदै हामीमा र हामीद्वारा महान् कुराहरू गर्न चाहनुहुन्छ ।

तर यदि माटो जे बनिरहेको छ सो कुमालेलाई मन पर्दैन भने, उुले त्यो माटो फाल्दैन; उसले त केवल त्यसलाई फेरि डल्लो पार्दछ र आफूलाई मन लागेको जस्तो बनाउन सुरु गर्दछ ।

परमेश्वरले पनि त्यसो नै गर्नुहुन्छ । हामीले कुनै कुरामा गल्ती गर्दा उहाँले आफ्नो सन्तानलाई त्याग्नुहुन्न । बरु, उहाँले हाम्रो हृदयमा आफैलाई नम्र तुल्याउने चाहना राखिदिनुहुन्छ - आफैलाई झुकाउने र उहाँको सामु पश्चाताप गर्ने चाहना ।

त्यसपछि उहाँले हामीलाई फेरि अर्को आकारमा बनाउन सुरु गर्नुहुन्छ ।

यहीँनेर नै परमेश्वरलाई पछ्याउनुमा रमाइलो हुन्छ । उहाँले त्यसरी आकारमा ढाल्ने प्रक्रिया जारी राख्नुहुँदा, हामी हाम्रो व्यक्तित्वमा बढीभन्दा बढी भरिँदै जान्छौं । अनि त्यति नै बेला हामी बढीभन्द बढी उहाँजस्तै हुन्छौं ।

त्यसपछि हामी उहाँप्रति यति आज्ञाकारी हुने यात्रामा हुन्छौं कि हाम्रो जीवनको यस घडीमा हामीले कल्पना नै गर्न नसक्ने तरिकाले उहाँले हामीलाई चलाउन सक्नुहुन्छ !

चार्ल्स स्पर्जनले यसो भनेका थिए:

> यो कुरा उल्लेखनीय छ कि पवित्र आत्माले हामीलाई परमेश्वरको पुस्तकमा मृत्युशैय्याका दृश्यहरू अत्यन्त थोरै मात्र दिनुभएको छ। हामीले पुरानो करारमा ज्यादै थोरै पाउँदछौं, नयाँ करारमा त अझ थोरै पाउँदछौं। अनि मलाई यसको कारण यस्तो लाग्दछ कि, पवित्र आत्माले हामीलाई कसरी मर्ने भन्दा कसरी जिउने भन्ने कुराको धेरै वर्णन दिन चाहनुहुन्छ, किनकि जीवन नै मुख्य विषय हो। जिउँदो हुँदा नै दिनहुँ मर्न सिक्ने मानिसलाई उसका विश्वासयोग्य सृष्टिकर्ताका बाहुलीमा अन्तिम पटक प्राण त्याग्न कठिन हुनेछैन।[७८]

दमस्कस जाने बाटोमा महिमित येशूलाई भेट्दाखेरिको अनुभवबारे बताउँदै पावलले भने कि तिनले येशूको बारेमा मानिसहरूलाई बताउनदेखि आफूलाई रोक्नै सकेनन्:

> तर पहिला दमस्कसमा भएकाहरू (यहूदीहरू) लाई, अनि यरूशलेम र यहूदियाका सारा इलाकामा, र अन्यजातिहरूलाई, 'पश्चाताप गर र परमेश्वरकहाँ फर्क, अनि पश्चाताप लायकका कामहरू गर' भन्दै प्रचार गरें। प्रेरित २६:२०

पावलको जस्तै, अब तपाईंको पनि उद्धार गरिएको छ, त्यसैले परमेश्वरले तपाईंको जीवनलाई पश्चाताप र विश्वासको साँचो प्रतिविम्ब बनाउनको लागि तपाईंद्वारा काम गर्न चाहनुहुन्छ।

तपाईंले एक पटक पश्चाताप गरेर येशूलाई ग्रहण गर्नुभएपछि, परमेश्वरका आत्मा तपाईंमा रहनुहुन्छ र उहाँले तपाईंको लागि के गर्नुभयो र के गर्नुहुनेछ भन्ने कुराप्रति तपाईं आभारी हुनुहुँदा, त्यसले तपाईंलाई उहाँको लागि महान् कामहरू गर्ने चाहनाले भरिदिनेछ।

तपाईंले वास्तविक रूपमा विश्वास गर्नुहुने कुराले नै तपाईंलाई काम गर्न लगाउँदछ। अब यो काम गर्ने समय हो:

> हामी परमेश्वरलाई जान्दछौं भनी तिनीहरू दाबी गर्छन्, तर कामहरूद्वारा चाहिँ तिनीहरूले उहाँलाई अस्वीकार गर्छन्; किनकि तिनीहरू

घिनलाग्दा, अनाज्ञाकारी र हरेक असल कामका लागि निकम्मा छन् । *तीतस १:१६*

किनकि ख्रीष्टको प्रेमले हामीलाई विवश पार्दछ, किनभने हामी यो निर्णय गर्दछौं - सबैको लागि एकजना मर्नुभयो भने साँच्चै सबै मरे;

अनि सबैको निम्ति उहाँ मर्नुभयो; यसकारण जिउनेहरू अब उसो आफ्ना निम्ति जिउनुहुँदैन, तर उहाँको निम्ति जिउनुपर्छ, जो उनीहरूको निम्ति मर्नुभयो र बौराइनुभयो ।

यसकारण अब उसो हामी कसैलाई पनि शरीरअनुसार जान्ने गर्दैनौं; अँ, हामीले ख्रीष्टलाई शरीरअनुसार जानेका भए तापनि अब उसो जान्दैनौं । *२ कोरिन्थी ५:१४-१६*

किनकि हामी असल कामहरूको निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका कारिगरी हौं, जनु कामहरूमा हामीले हिँड्नुपर्छ भनेर परमेश्वरले अघिबाटै तिनलाई तयार पार्नुभएको छ । *एफेसी २:१०*

परमेश्वरले आफ्ना जनहरूलाई असल कामहरूले भरिएको जीवन जिउनको लागि सृष्टि गर्नुभएको छ । तपाईंले उहाँलाई महिमा दिने गरी जीवन जिउनुहोस् भन्ने उहाँ चाहनुहुन्छ । भलाइको लागि वा खराबीको लागि, तपाईंका कामहरूले तपाईंले कसलाई र केलाई प्रेम गर्नुहुन्छ भन्ने कुराको प्रमाण दिनेछन् । मेरो एकजना साथीले यसो भन्दछन्: “तपाईंले भन्नुहुने कुरा पूरा नगर्न सक्नुहुन्छ, तर तपाईंले जे विश्वास गर्नुहुन्छ त्यही गर्नुहुनेछ ।”

हाम्रा कामहरू हाम्रा आस्थाहरूद्वारा निर्धारण गरिन्छन् । चोर्नु गलत हो भनी म विश्वास गर्दछु भने, म त्यसो गर्नेछैनँ । हत्या गर्नु गलत हो भनी म विश्वास गर्दछु भने, म त्यसो गर्नेछैनँ । गरीबहरूलाई सहायता गर्नु सही हो भनी म विश्वास गर्दछु भने, म त्यसो गर्नेछु । अनि तपाईं परमेश्वरको सन्तान हुनुभएको हुनाले, तपाईंले उहाँप्रति गर्नुहुने प्रेम तपाईंका कामरुले देखाउनेछन् ।

चार्ल्स स्पर्जनले यसो भनेका छन्:

अहिले मैले मेरा सबै प्रार्थनाहरू एउटामाथि केन्द्रित गरेको छु, र त्यो एउटा प्रार्थना यो हो, कि म आफ्नो निम्ति मरूँ र पूर्ण रूपमा उहाँको निम्ति जिऊँ ।[७९]

तपाईंले काम गर्नुपर्दैन । तपाईंले त उहाँले तपाईंद्वारा काम गर्नुहोस् भन्ने इच्छा मात्र गर्नुपर्दछ । के तपाईं आफूसँग भएको सबै कुरा उहाँको निम्ति दिन तयार हुनुहुन्छ ? यही नै यो जीवन जिउने एक मात्र तरिका हो ।

राष्ट्रपति क्लिन्टनको नैतिक चरित्रको घटना सार्वजनिक हुँदा, अलान केयिजले एउटा टिभी कार्यक्रममा उक्त अवस्थाबारे टिप्पणी गरे, र अत्यन्त चाखलाग्दो निरीक्षण गरे । तिनले भने कि राष्ट्रपतिले ती कुराहरू आफ्नो व्यक्तिगत जीवनको अंश थिए र राष्ट्रपतिको रूपमा गर्नुपर्ने काममा ती कुराहरूले असर पारेनन् भनेर भनेका थिए ।

श्रीमान् केयिजले भने कि अमेरिकाको राष्ट्रपति स्वतन्त्र संसारको अगुवा हुन्छ । त्यो जिम्मेवारीको कामलाई स्वीकार गरेपछि, तपाईं दिनको चौबीसै घण्टा र हप्ताको सातै दिन राष्ट्रपति हुनुहुन्छ । वास्तवमा, तपाईं कहिल्यै पनि अमेरिकाको राष्ट्रपति नहुन सक्नुहुन्न ।

त्यसै गरी, तपाईंले येशू ख्रीष्टमा विश्वासी हुने निर्णय गर्नुभएपछि, तपाईं दिनको चौबीसै घण्टा, हप्ताको सातै दिन येशू ख्रीष्टको विश्वासी हुनुहुन्छ । तपाईं सदैव विश्वासी हुनुहुन्छ र मानिसहरूले सदैव तपाईंलाई नियालिरहेका हुन्छन् - तपाईं असफल हुनुभएको देख्ने आशामा या तपाईं सफल हुनुभएको देख्ने आशामा ।

> तर प्रियहरूहो, हामीले यसरी बोले तापनि तिमीहरूको विषयमा असल कुराहरूकै, र मुक्तिसँग सम्बन्ध राख्ने कुराहरूकै भरोसा राखेका छौं । किनकि परमेश्वर....अधर्मी हुनुहुन्न....अनि हामी चाहन्छौं - तिमीहरूमध्ये हरेकले आशाको पूरा निश्चयताका निम्ति अन्तसम्म यही प्रकारको प्रयत्न देखाऊ; कि तिमीहरू अल्छे नहोओ, तर विश्वास र धैर्यद्वारा (परमेश्वरका) प्रतिज्ञाहरूका हकदार हुनेहरूका अनुयायीहरू होओ । हिब्रू ६:९-१२

यदि येशू तपाईंमा जिइरहनुभएको छ भने, कुनै पनि समयमा उहाँको इच्छा के छ भनी तपाईंले सोच्नुपर्दैन । तपाईंले उहाँलाई सोधिहाल्न सक्नुहुन्छ । आफ्नो बाइबल पढ्नुहोस् र उहाँको सत्यता सिकाउन उहाँसँग बिन्ती गर्नुहोस् । यदि उहाँले तपाईंलाई एउटा विशेष तरिकाले व्यवहार गर्न भनिरहनुभएको छ भने, त्यसैअनुसार व्यवहार गर्न उहाँसँग सहायता माग्नुहोस् ।

अनि हर समय सबै कुराको बारेमा उहाँसँग कुरा गर्नुहोस् । यसलाई "प्रार्थना गर्नु" भनिन्छ । बाइबलमा विश्वास गर्ने एउटा सङ्गति वा विश्वासीहरूको

झुण्डमा जानुहोस् । तपाईं एक्लै हुनुहुँदा र तपाईं अन्य विश्वासीहरूसँग हुनुहुँदा परमेश्वरको आराधना गर्नुहोस् ।

सहायता पाउने आशा नराखीकन अरूलाई सहायता गर्नुहोस् । गरीब, घरविहीन, रोगी, दुर्व्यवहार गरिएका, तिरस्कार गरिएकाहरूलाई सहायता गर्ने सयौं संस्थाहरूमा तपाईंले स्वयम्सेवा गर्न सक्नुहुन्छ । गर्भवतीहरूलाई सेवा गर्ने केन्द्रहरू, घर नभएकाहरूलाई राखिने केन्द्रहरू र अन्य संस्थाहरूमा येशूका धेरै कामहरू गर्न सकिन्छ ।

अन्धाहरूलाई पढेर सुनाउने वा कसैले पनि भेट्न नआउने रोगी बालबालिकालाई अस्पतालमा भेट्ने स्वयम्सेवा गर्नुहोस् । वयस्कहरूलाई पढ्न सिकाउनुहोस् । तपाईंले येशलाई प्रेम गर्नुहुँदा, मानिसहरूलाई पनि प्रेम गर्नुहुनेछ किनभने तपाईंमा हुनुहुने उहाँले नै तिनीहरूलाई प्रेम गरिरहनुभएको हुन्छ । अनि तपाईंले आफ्नो स्वार्थभन्दा अरूको स्वार्थलाई बढी महत्व दिनुहुनेछ, किनभने तपाईंमा हुनुहुने येशूले नै अरूको स्वार्थलाई महत्व दिइरहनुभएको हुन्छ ।

बाइबलले हामीलाई येशूका सहदर्शक नभनी सहकर्मीहरू भन्दछ । हामीले हाम्रो वरिपरिका मानिसहरूलाई येशू देखाइदिएर उहाँको राज्य विस्तार गर्ने काममा ध्यान दिनुपर्दछ - चाहे हामीले तिनीहरूलाई चिनौं चाहे नचिनौं । स्मरण रहोस्, परमेश्वरले तिनीहरूलाई जान्नुहुन्छ र तिनीहरू उहाँकहाँ आऊन् भन्ने चाहनुहुन्छ ।

बाइबलमा शैतानले बारम्बार "म....गर्नेछु" भन्यो भनी उल्लेख गरिएको छ । तर येशूले "मेरो इच्छा होइन, तर तपाईंको इच्छा पूरा होस्" भन्नुभयो भनी उल्लेख गरिएको छ । हामीले पनि "मेरो इच्छा" होइन, तर "तपाईंको इच्छा" पूरा होस् भन्ने जीवन जिउनुपर्दछ ।

यदि हामी येशूको अत्यन्त नजिक रहेर जिउँदछौं भने, हाम्रो शरीरको हरेक रेशाले परमेश्वरको महिमा गर्न चाहनेछौं । हामी त्यही कुरा गर्न चाहनेछौं जुन कुरा हामीले गरौं भन्ने उहाँ चाहनुहुन्छ । येशूले बाइबलमा यसो भन्नुभयो, "मेरो पछि लाग ।" मलाई थाहा भएको यत्ति हो कि हामीले "हुन्छ" भनेर उहाँलाई पछ्याउन थालेपछि, यो संसारको हरेक कुरा अत्यन्त उत्तम हुन्छ । पुराना र अनियन्त्रित समस्याहरू समाधान हुन थाल्दछन् ।

हामीले अनुभव गर्न सक्ने सबैभन्दा उच्च स्तरको र परमेश्वरलाई महिमा दिने जीवन जिउनको लागि हामीले उहाँको आज्ञा पालन गर्नुपर्दछ र

उहाँलाई पछ्याउनुपर्दछ । आज्ञाकारिता एउटा छनौट हो र यो कति असल छनौट !

> अनि उनलाई शुद्ध र चम्किलो मिहिन मलमल पहिरने अधिकार दिइयो; किनकि मिहिन मलमलचाहिँ पवित्र जनहरूका धार्मिकताका कामहरू हुन् । *प्रकाश १९:८*

उद्धार गरिएपछि, तपाईं परमेश्वरको पवित्र जन हुनुहुन्छ । तपाईंका धार्मिक कामहरूले परमेश्वरको महिमा गर्नको निम्ति तपाईं सृष्टि गरिनुभएको थियो । तपाईंले सबै कुरा त्याग्नुहोस् र परमेश्वरलाई महिमा दिनुहोस् भन्ने परमेश्वर चाहनुहुन्छ ।

त्यसो नै गर्नुहोस् !

> किनकि शरीरमा गरिएका कामहरूका निम्ति, चाहे असल होस् चाहे खराब, हरेकले जे गरेको छ, त्यसअनुसारको फल पाउनलाई हामी सबै ख्रीष्टको न्यायआसनको सामु देखा पर्नुपर्छ । *२ कोरिन्थी ५:१०*

यो न्याय सबै विश्वासीहरूले शारीरिक रूपमा मरेपछि भोग्नुपर्दछ । योचाहिँ तपाईं स्वर्ग जानुहुन्छ कि नरक जानुहुन्छ भनी गरिने न्याय होइन । आखिर, तपाईं स्वर्गमा पुगिसक्नुभएको हुन्छ । योचाहिँ तपाईंले आफ्नो जीवन चलाउन येशूलाई कति राम्रोसँग अनुमति दिनुभयो भन्ने कुराको न्याय हो:

> अब कुनै मानिसले त्यस जगमाथि सुन, चाँदी, रत्नहरू, काठ, घाँस, परालले बनाउँदै लैजान्छ भने, हरेकको काम प्रकट हुनेछ; किनकि त्यो दिनले त्यो काम देखाउनेछ, किनभने त्यो आगोद्वारा प्रकट गरिनेछ; अनि हरेकको काम, त्यो कस्तो किसिमको रहेछ भनी आगोले जाँच गर्नेछ ।
>
> कुनै मानिसको काम, जो उसले त्यसमाथि बनाएको छ, रहिरह्यो भने, उसले पुरस्कार पाउनेछ । कसैको काम जलिजान्छ भने, उसले हानि भोग्नेछ; तर ऊ आफैचाहिँ बाँच्नेछ, तर आगोबाट भएर उम्केजस्तो । *१ कोरिन्थी ३:१२-१५*

तपाईंले येशूलाई ग्रहण गर्नुभएपछिको तपाईंको सम्पूर्ण जीवनको न्याय गरिनेछ । हरेक कामको । अनि तपाईंले परमेश्वरको निम्ति जे काम गर्नुभयो त्यसको पुरस्कार स्वर्गमा दिइनेछ ।

> किनभने मानिसका पुत्र आफ्ना पिताको महिमामा आफ्ना दूतहरूका साथमा आउनेछन्, र त्यस बेला उनले हरेकलाई उसका कामहरूअनुसार प्रतिफल दिनेछन् । *मत्ती १६:२७*

सबैले स्वर्गमा उस्तै पुरस्कारहरू पाउनेछैनन् किनभने कुनै पनि दुई मानिसहरू एउटै हुने गरी सृष्टि गरिएका थिएनन्, र त्यसैकारण कुनै पनि दुईवटा जीवनहरू उस्तै हुँदैनन् ।

तपाईंले येशूलाई जीवन सुम्पिनुभएपछि गर्नुभएका कामहरूको पुरस्कार तपाईंले पाउनुहुनेछ । अनि उहाँको न्यायले उहाँले नै भिन्दै हुने गरी सृष्टि गर्नुभएको कसैसँग नभई उहाँले तपाईंलाई जस्तो हुनको निम्ति सृजनुभएको थियो त्यो तरिकासँग तुलना गर्नेछ ।

तपाईंले आफू मार्फत उहाँलाई गर्न दिनुभएका कुराहरूले पुरस्कार पाउनेछन्, र तपाईं आफैले गर्नुहुने कामहरू - क्षणिक महत्व मात्र भएका तर अनन्त महत्व नभएका कुराहरू - सुकेका पात झैं जलाइनेछन् ।

मानिसहरूलाई येशूको बारेमा बताउने वा तिनीहरूप्रति येशूले जस्तो व्यवहार गर्ने यो चाहना कुनै नयाँ कुरा होइन । बाइबलका मानिसहरूले पनि येशूलाई भेट्दा तिनीहरूलाई त्यस्तै भएको थियो भनी हामी पढ्न पाउँदछौं । तिनीहरूले अन्य मानिसहरूलाई त्यही कुरा बताउने चाहे जुन कुरा येशूले तिनीहरूको निम्ति पूरा गरिदिनुभएको थियो ।

अन्द्रियास, पत्रुस, इनारको डीलमा भेटिएकी स्त्री, पावल, यूहन्ना, सबैले परमेश्वरका पुत्रलाई भेटेका थिए र तिनीहरूले कसैलाई बताउनु नै पर्‍यो ।

अरूलाई येशूको बारेमा बताउनुले उहाँलाई महिमा दिन्छ । परमेश्वरले तपाईंलाई यस्तो तरिकाले चलाउन चाहनुहुन्छ जसले तिनीहरूलाई पश्चाताप गर्न र येशूमाथि विश्वास गर्न लगाउन सक्दछ । यही नै हाम्रो उद्धार गरिएपछि परमेश्वरले हामीलाई यहीँ पृथ्वीमा नै छोड्नुको मुख्य कारण हो: हराएकाहरू मरेर नरक जानुभन्दा पहिला नै तिनीहरूलाई सुसमाचार सुनाउनु ।

जब एउटी स्त्रीले बच्चा जन्माउँछिन्, तब उनले सबैलाई भन्दछिन् । किन ? किनभने उनीसँग असल खबर हुन्छ ! उनले त्यो बच्चालाई नौ महिनासम्म बोकेर हिँडेकी हुन्छिन्, बच्चा जन्मिन्छ, आमा उत्साहित हुन्छिन् । उनले कसैलाई भन्नु नै पर्दछ ।

"सुसमाचार" शब्दको अर्थ "शुभ खबर" हो । सत्यताचाहिँ यो हो कि यो त महान् खबर हो । परमेश्वर मसँग रिसाउनुभएको छैन । सर्वशक्तिमान् परमेश्वरविरुद्ध मैले गरेका अपराधहरूबाट क्षमा पाउने तरिका मलाई थाहा छ । येशू मेरा पापहरूको निम्ति मर्नुभयो, त्यसपछि मरेकाहरूबाट बौरेर उठ्नुभयो !

यदि मानिसहरूले नयाँ शिशुको खबर त अरूलाई बाँड्नुहुन्छ भने, किन तिनीहरूले यो महान् खबर भेटेजति मानिसहरूलाई बताउन नचाहने ?

अब तपाईं येशू ख्रीष्टको चेला हुनुभएपछि, मानिसहरू पक्रने बेला भएको छः

> अनि उहाँले उनीहरूलाई भन्नुभयोः "मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका मछुवा तुल्याउनेछु ।" *मत्ती ४:१९*

एक पटक कसैले यसो भनेका थिए कि यदि तपाईंले मानिसहरू पक्रिरहनुभएको छैन भने, पछ्याइरहनुभएको पनि छैन ।

म यसलाई दोहोर्‍याउन चाहन्छुः यदि तपाईंले मानिसहरूका प्राणलाई प्रभुमा जित्ने काम गरिरहनुभएको छैन भने, येशूले आज्ञा गर्नुभएअनुसार तपाईंले उहाँलाई पछ्याइरहनुभएको छैन ।

अब हामीले हराएकाहरूलाई सुसमाचार सुनाउने बेला आएको छ । योचाहिँ कोही पनि मरेर सदासर्वदाको लागि नरक नजाओस् भन्ने कुरा निश्चित गर्ने समय हो । योचाहिँ अत्यन्त अन्धकार संसारमा तपाईंको ज्योति लैजाने र अत्यन्त चहकिलो गरी चम्काउने बेला हो ।

येशूले भन्नुभयो कि हामी पृथ्वीका नून हौं । नूनले मानिसहरूलाई तिर्खाउने बनाइदिन्छ । मानिसहरूले हाम्रा जीवन देख्नुपर्दछ र हाम्रा आवाजहरू सुनेर येशू र केवल येशूको लागि तिर्खाउनुपर्दछ ।

> किनभने मानिसका पुत्र हराएकोलाई खोज्न र मुक्त गर्न आएका हुन् । लूका १९:१०

येशूले भन्नुभयो कि हामीले हराएकाहरूलाई खोज्नु र बचाउनुपर्दछ । यदि हराएकाहरूलाई सुसमाचार सुनाउने कार्य येशूको लागि त महत्वपूर्ण छ भने, हामीले पनि त्यसो नै गर्नु महत्वपूर्ण हुनुपर्दछ । योभन्दा बढी सरल आज्ञा अरू हुनै सक्दैन ।

परमेश्वरले हामीलाई जस-जसकहाँ डोर्‍याउनुहुन्छ तिनीहरू प्रत्येकलाई सुसमाचार सुनाउनको लागि हामी यहाँ छौं । हामी चेलाहरू बनाउनको लागि यहाँ छौं । परमेश्वरले तयार पार्नुभएका हृदयहरूमा बीउहरू रोप्नको लागि हामी यहाँ छौं, ताकि उहाँले त्यो बीउलाई बढाउन सक्नुहोस् । नरक जानेहरूको सङ्ख्या घटाउन र स्वर्ग जानेको सङ्ख्या बढाउन हामी यहाँ छौं ।

चार्ल्स स्पर्जनले यसो भनेका छन्:

यदि कुनै मानिसले नाश भइरहेका पापीहरू र उसका धन्यका मालिकप्रति एक पटक प्रेम गर्दछ भने, प्राणहरू बचाउने कार्य उसको लागि सबैभन्दा महत्वपूर्ण लालसा हुनेछ। यसले उसलाई यति व्यस्त बनाउनेछ कि अरूलाई बचाउँदा-बचाउँदा उसले आफैलाई समेत लगभग बिर्सनेछ। ऊ बहादुर अग्निनियन्त्रकजस्तै हुनेछ, जसले पोल्ने तापको वास्ता गर्दैन, ताकि उसले निरीह प्राणीलाई उद्धार गर्न सकोस् जसलाई साँचो मानवताले हृदयदेखि नै प्रेम गर्दछ।[८०]

एक दिन मेरा बुबाआमाको घरतिर कारमा जाँदै गर्दा, म रातो बत्तीमा रोकिएँ, र एउटी महिला मेरो कारको अगाडिबाट हिँडिन्। सडकको अर्कोतिरबाट बस आइरहेको थियो र अर्की महिलाले यी महिलालाई छिट्टो आउन ठूलो स्वरले बोलाइरहेकी थिइन् ताकि उनले त्यो बस नछुटाऊन्।

उनी मेरो अगाडि बाटो काट्नलाई दगुर्न थालिन्। त्यसपछि उनले त्यो बस समात्नलाई दगुरेरै अर्को बाटो काटिन्। हामीतिर रातो बत्ती बलेको हुनाले, अर्कोतिर भने त्यो बलेको थिएन। अचानक एउटा SUV ले दाडिरहेकी महिलालाई ठक्कर दियो। उनी हावामा उडिन्, सिसामा ठोक्किइन् र गुल्टिँदै छेउमा खसिन्।

म सकेसम्म छिट्टो कारबाट ओर्लिएँ र उनी भुइँमा पल्टिरहेको ठाउँतिर गएँ। मानिसहरू त्यहाँ पुगिसकेर तिनको वास्ता गर्दैथिए। तिनीहरूले प्रहरीलाई फोन गरे र मैले प्रार्थना गरेँ।

उनकी साथीले उनलाई भनेकी कुराहरूबाट मैले यति बुझेँ कि ती महिला पूर्वीयूरोपेली थिइन्। त्यसपछि मलाई कुनै कुराले छोयो: ती महिला घाइते हुँदा *सबैजना* उनीतिर दगुरे। पुरुषहरू, महिलाहरू, गोराहरू, कालाहरू, स्पेनिश भाषा बोल्नेहरू - सबैजना उनीतिर दगुरे।

कुनै पनि कुराले तिनीहरूलाई रोकेन। त्यहाँ जातीय अवरोधहरू थिएनन्। कुनै पनि आर्थिक अवरोधहरू थिएनन्। तिनीहरूले कसैलाई खाँचोमा परेका देखे र तिनीहरू सहायता गर्नलाई गए। कुनै पनि कुराले तिनीहरूलाई रोकेन।

ती महिलालाई के भयो भन्ने मलाई थाहा छैन, तर प्रार्थना गर्नको लागि म त्यहाँ थिएँ भन्ने मलाई थाहा छ।

अब यो कुरा पढ्दै गर्नुहुँदा, ती सबै मानिसहरूको बारेमा सोच्नुहोस् जो आत्मिक खाँचोमा परेका छन् र नरकतिर खसिरहेका छन्। अति धेरै मानिसहरूले

परमेश्वरसँग असल सम्बन्ध गाँस्न सकेका छैनन् र अनन्तताको लागि तिनीहरू तयार छैनन् । तिनीहरू अनन्त रूपमा दोषी ठहऱ्याइएका छन् ।

कसरी म एक छिनको लागि *शारीरिक रूपमा* चोट लागेका मानिसहरूतिर दगुर्न सक्दछु, तर अनन्तसम्मको लागि *आत्मिक रूपमा* चोट लागेका मानिसहरूति भने दगुर्न सक्दिनँ ? यदि कुनै मानिस डुब्दै गर्दाखेरि म पौडी-पोखरीको छेउबाट हिँड्दै छु भने, म हिँडिरहन सक्दै सक्दिनँ । मैले केही गर्नु नै *पर्दछ*।

एकजना मानिसले मलाई भने कि तिनले केवल "प्रतिक्रिया" जनाउँदथे र गएर त्यो डुबिरहेको मानिसलाई बचाउँदथे । अँ, यदि येशूले तपाईंका पापहरू क्षमा गर्नुहुन्छ भनी विश्वास गरिरहनुभएको छ भने, तपाईंले पनि केवल "प्रतिक्रिया" जनाउनुपर्दछ र तपाईंको वरिपरिको कुनै पनि मानिस सदासर्वदाको लागि नरक नजाओस् भन्ने कुरा निश्चित गर्न सकेसम्म सबै कुरा गर्नुपर्दछ ॥

स्पर्जनले यसो भनेः।

> तपाईंले तिनीहरूको मृत्युलाई रोक्न सक्नुहुन्न, अहो, तिनीहरू नाश हुनदेखि जोगाउनमा भने परमेश्वरले तपाईंलाई सहायता गर्न सक्नुहुन्छ ! तिनीहरूको शरीरदेखि फुस्किन लागेको स्वासलाई तपाईंले रोक्न सक्नुहुन्न, तर अहो, सुसमाचारले नै तिनीहरूका प्राण विनाश हुनदेखि रोक्न सकेको भए हुन्थ्यो ![८१]

स्वर्ग जानुभएपछि तपाईंले एउटा काम गर्न सक्नुहुन्न, र त्योचाहिँ हराएका मानिसहरूसँग तपाईंको विश्वास बाँड्नु हो । तिनीहरू त्यहाँ हुनेछैनन्, त्यसैले तपाईंले तिनीहरूलाई सुसमाचार सुनाउन सक्नुहुने समय *अहिले नै* हो ! तपाईंले तिनीहरूलाई सुसमाचार सुनाउन सक्नुहुने एउटा मात्र ठाउँ छ र त्यो *यहीँ* पृथ्वीमा नै हो ।

मेरो पहिलो पुस्तकको शीर्षक यो छः *स्वर्गमा गर्न नसकिने एउटा काम*। यो पुस्तकले धेरै मानिसहरूमा हराएकाहरूलाई साहसपूर्वक सुसमाचार सुनाउने जोश उत्पन्न गराइदिएको छ भनी तिनीहरूले मलाई भनेका छन् । तपाईं कुनै पनि ईसाई पुस्तक पसल वा www.markcahill.org मा गएर एउटा प्रति लिन सक्नुहुन्छ ।

यो संसारमा जिउनु एउटा असल कुरा हो, त्यसैले हामीले हराएकाहरूलाई सुसमाचार सुनाउन सक्दछौं । त्यसैकारण पावलले स्वर्ग जान अति इच्छा भए तापनि सकेसम्म बाँच्ने ठूलो अठोट लिएका थिए:

तर भाइहरूहो, जुन कुराहरू ममाथि आइपरे, ती सुसमाचारका प्रगतिका कारण भएका छन् - तिमीहरूलाई यो थाहा होस् भन्ने म चाह गर्दछु; यहाँसम्म कि सम्पूर्ण दरवार र अरू सबै ठाउँमा मेरो बन्धनचाहिँ ख्रीष्टको निम्ति भएको हो भन्ने कुरा प्रकट भएको छ; अनि प्रभुमा जो भाइहरू छन्, तीमध्ये अनकौं मेरा बन्धनद्वारा भरोसा पाएर बिनाडर वचन बोल्नको निम्ति बढी हिम्मती भएका छन् ।

साँच्चै कतिले चाहिँ डाहा र झगडाको कारणले ख्रीष्टलाई प्रचार गर्दछन्; र कतिले चाहिँ असल मनसायले पनि; यिनीहरूले चाहिँ साँच्चै चोखो मनले होइन, आपसी विरोधको कारणले मेरो बन्धनमाथि कष्ट थपिदिने विचार राखेर ख्रीष्टलाई प्रचार गर्दछन्; तर अरूले चाहिँ म सुसमाचारको प्रतिरक्षाको निम्ति नियुक्त गरिएको छु भन्ने कुरा जानेर प्रेमले प्रचार गर्दछन् ।

तब के ? जे भए तापनि, हर प्रकारले चाहे बहानामा होस् चाहे सत्यतामा, ख्रीष्ट प्रचारिनुहुन्छ; र यस कुरामा म आनन्द मनाउँछु, अँ, आनन्द मनाउने नै छु । किनकि म जान्दछु - तिमीहरूको अन्तर्बिन्ती र येशू ख्रीष्टका आत्माको सहायताद्वारा यो स्थिति मेरो निम्ति छुटकारामा परिणत हुनेछ, मेरो उत्कट चाहना र आशाअनुसार - कुनै कुरामा पनि म शर्ममा पर्नेछैनँ; तर सम्पूर्ण साहसमा अहिले पनि, सधैं झैं चाहे जीवनद्वारा होस् चाहे मृत्युद्वारा, ख्रीष्टको महिमा मेरो शरीरमा हुनेछ ।

किनकि मेरा निम्ति जिउनु ख्रीष्ट हुनुहुन्छ र मर्नुचाहिँ लाभ हो । तर शरीरमा म जिउँछु भने, मेरो लागियो परिश्रमको फल हो, तरै पनि म के चुनूँ, म जान्दिनँ । किनभने म दोधारमा परेको छु; इच्छा त हुन्छ, बिदा लिऊँ र ख्रीष्टसँग रहूँ; किनकि यो अति नै राम्रो हो; तरै पनि शरीरमा रहनुचाहिँ तिमीहरूको निम्ति धेरै खाँचो छ । अनि यो निश्चयता भएको हुनाले म जान्दछु, तिमीहरूको प्रगति र विश्वासको आनन्दको निम्ति म रहनेछु, र तिमीहरू सबैसित रहिरहनेछु; र तिमीहरूकहाँ म फेरि आएकोले मेरो विषयमा तिमीहरूको आनन्द येशू ख्रीष्टमा प्रशस्त होओस् । *फिलिप्पी १:१२-२६*

स्मरण रहोस्, येशूले हामीलाई हराएकाहरूका गएर सुसमाचार सुनाउन अनुरोध गर्नुभएको छैन। उहाँले यसलाई एउटा बिकल्प बनाइदिनुभएको छैन। तपाईंले यो विषयबारे उहाँका वचनहरू पढ्नुहुँदा त्यसबारे सोचविचार गर्नुहोस्:

> अनि उहाँले तिनीहरूलाई भन्नुभयो: "सारा संसारमा जाओ, र हरेक प्राणीलाई सुसमाचार प्रचार गर।"
>
> "जसले विश्वास गर्छ र बप्तिस्मा लिन्छ, उसले मुक्ति पाउनेछ; तर जसले विश्वास गर्दैन, त्यो दोषी ठहरिनेछ।" मर्कूस १६:१५-१६

हामीले यहाँ दुईवटा कुराहरूमा ध्यान दिनुपर्दछ। एउटा यो हो कि विश्वासीहरूलाई जान र "हरेक प्राणीलाई" सुसमाचार सुनाउन आज्ञा दिइएको छ।

अर्कोचाहिँ यो हो कि जसले आफूलाई त्यो असल खबरको बारेमा भनिएको कुरा विश्वास गर्दछ, ऊ स्वर्ग जानेछ, जबकि तिनीहरूलाई भनिएको कुरा अस्वीकार गर्नेहरू नरक जानेछन्।

सेनामा, तपाईंले कुनै सेनापतिको आज्ञा पालन गर्नुहुन्न भने, त्यसलाई "अवज्ञा" भनिन्छ। तपाईंले पानीजहाजको कप्तानको आज्ञा पालन गर्नुहुन्न भने, त्यसलाई "विद्रोह" भनिन्छ। सारा अनन्तताका सेनापनि, कप्तान र उद्धारकर्ताको आज्ञा पालन नगर्नुलाई के भनिन्छ त? हामीले यसबारे सोच्न पनि सुरु गर्नुहुँदैन। केवल उहाँको आज्ञा पालन गर्नुहोस् र हराएकाहरूलाई सुसमाचार सुनाउनुहोस्।

मेरा एकजना साथीले एकजना नास्तिकबाट एउटा चिट्ठी पाए। उसले लेखेको कुरा तपाईंले विश्वास गर्नुहुनेछैन। खुल्ला हृदय लिएर पढ्दै जानुहोस्:

> तपाईंले सबै जवाफहरू पाउनुभएको छ भन्ने कुरामा तपाईं वास्तवमै विश्वस्त हुनुहुन्छ। तपाईं १०० प्रतिशत सही हुनुहुन्छ भनी तपाईंले आफैलाई वास्तवमै विश्वास गर्न लगाउनुभएको छ। अँ, म तपाईंलाई केवल एउटा कुरा भन्न चाहन्छु। के तपाईंले आफूलाई अन्य मानिसहरूपैति दयालु भएको ठान्नुहुन्छ? यदि तपाईं परमेश्वरको विषयमा सही हुनुहुन्छ भने, जस्तो छु भनी तपाईं भन्नुहुन्छ, र तपाईं त्यो विश्वास पनि गर्नुहुन्छ, त्यसो भए तपाईं रातभरि कसरी सुत्न सक्नुहुन्छ?
>
> तपाईं मसँग बोल्नुहुँदा, यस्तो मानिससँग बोलिरहनुभएको थियो जो सीधै अनन्त विनाशतिर, तपाईंका प्रेमी परमेश्वरले नै सृष्टि गर्नुभएको

डरलाग्दो पीडाको अन्तहीन प्रकोपतिर लागिरहेको छ भनी तपाईं विश्वास गर्नुहुन्छ, तैपनि तपाईं हातमा हात बाँधेर बस्नुहुन्छ र केही पनि गर्नुहुन्न ।

यदि तपाईंले दिनहुँ हजारौंजना अनन्त र अपरीवर्तनीय भविष्यभित्र खसिरहेका थिए भनी विश्वास गर्नुहुन्थ्यो भने, तिनीहरूको अन्धोपना देखेर रिसले चिच्चाउँदै सडकहरूहुँदो दगुरिरहनुभएको हुनुपर्दथ्यो । त्यो त सडकको एउटा कुनामा बसेर तपाईंको अगाडिबाट हिँड्ने हरेक मानिस दायाँबायाँ नहेरीकन बसको अगाडि गएर मर्दा पनि तपाईंले मुकदर्शक भई उभिएर केही पनि नगर्नुभएजस्तै हो । तपाईंले त केवल औंला खेलाउँदै यो कुरा थाहा पाएर खुसी हुँदै उभिनुहुन्छ कि एक दिन बाटो काट्ने सङ्केत दिइन्छ ।

यसबारे विचार गर्नुहोस् । बाइबल साँचो हो भने, नरकले साँचिराखेका आतङ्कहरूको कल्पना गर्नुहोस् । तपाईंले केवल त्यसो हुन दिइरहनुभएको छ र आफूलाई बाहेक अरू कसैलाई पनि बचाउने बारेमा वास्ता गर्नुभएको छैन कि ? यदि तपाईं सही हुनुहुन्छ भने, तपाईं एउटा निर्दयी, भावशून्य र पूर्णतया स्वार्थी (ज्यादै रूखो शब्द) हुनुहुन्छ जोसँग प्रेम र वास्ताजस्ता विषयहरूबारे कुरा गर्ने कुनै अधिकार हुँदैन ।

मलाई यो कुरा आश्चर्यजनक लाग्दछ कि क्रिश्चियनहरूले भेटेजति हरेक मानिसलाई आफ्नो विश्वासको बारेमा बताउनुपर्दछ भन्ने कुरा एक नास्तिकलाई थाहा छ, तर केही क्रिश्चियनहरूले अझैसम्म पनि त्यो कुरा बुझेका छैनन् ।

उसले भन्न खोजेको कुरा यही हो कि आफ्नो विश्वासको प्रचार नगर्ने क्रिश्चियनहरू सबै मानिसहरूमध्ये सबैभन्दा स्वार्थी हुन् । त्यस्तो किसिमको क्रिश्चियन नहुनुहोस् । कृपया नहुनुहोस् । हरेक प्राण परमेश्वरको लागि महत्वपूर्ण हुन्छ । उहाँ तिनीहरूको निम्ति मर्नुभयो । उहाँले तिनीहरूलागि जे गर्नुभयो सो तिनीहरूलाई थाहा गराउनुहोस् ।

जनरल डग्लस म्याकअर्थरले लेखेक कुरा उद्दरण गरिएको एउटा टिसर्ट मैले देखें:

> शत्रु हाम्रो सामु छ, शत्रु हाम्रो पछाडि छ, शत्रु दाहिनेपट्टि छ, शत्रु देब्रेपट्टि छ । तिनीहरू यस पटक उम्कन सक्दैनन् ।

कस्तो भनाइ ! म शैतान र हराएका मानिसहरूदेखि भाग्नुपर्दैन । म त सीधै तिनीहरूतिर दौड्नुपर्दछ यो जानेर कि परमेश्वर मेरो सामर्थ्य हुनुहुन्छ !

परमेश्वरसँग सबैजनालाई स्वर्गमा बोलाउने निमन्त्रणाद्दपत्रहरू छन् । अब हामीले भेट्ने जति मानिसहरूलाई ती निमन्त्रणा-पत्रहरू दिने काम हाम्रो हो ।

मैले पहिला, भ्यानिला हिउँको कथामा नबताएको कुराचाहिँ वास्तवमा उल्लेख गर्नु नै पर्ने कुरा थियो । तिनी क्रिश्चियनमतभित्र थिए कि थिएनन् भनी हाम्रो कुराकानीको क्रममा मैले तिनलाई सोधेको थिएँ किनभने तिनी त्यसभित्र प्रवेश गरेका थिए भनी मैले सुनेको थिएँ ।

तिनले मलाई भने, “म त्यसभित्र हुने गर्दथेँ ।” कसरी कुनै मानिस परमेश्वरका पुत्रभित्र “हुने गर्दथ्यो” भनी म छक्क परेँ । त्यसपछि तिनले पाखुरामा खोपेका क्रूसको टाटू देखाए र मलाई भने कि तिनले “येशूको पवित्र हृदय” (एउटा क्याथोलिक चिन्ह) को टाटू आफ्नो छातीमा खोपेका थिए ।

त्यसैले अहिले तिनी केभित्र थिए भनी मैले तिनलाई सोधेँ । तिनले मलाई बताए कि तिनी अहिले अध्ययन गरेर ज्ञान लिने धर्ममा लागेका थिए । मैले भनेँ, “तपाईं कसरी त्यसमा लाग्नुभयो ?” तिनको जवाफलाई म मर्ने दिनसम्म पनि भुल्नेछैनँ । तिनले यसो भने, “जोन ट्राभोल्टाले मसँग कुरा गरे ।”

म छक्कै परेँ । जोन ट्राभोल्टाले के गरिरहेका थिए ? तिनी आफ्नो विश्वासमा अटल रहेका थिए, तर यहाँ हामीसँग सत्यता छ, तैपनि हामी अटल रहेर सुनाउन हिचकिचाउँदछौं ? मलाई त्यस्तो लाग्दैन ! म सक्दिनँ, जोन ट्राभोल्टाले मलाई साक्षी दिने मौका म तिनलाई दिनेछैनँ । तपाईंले पनि जोन ट्राभोल्टालाई तपाईंको सामु साक्षी बाँड्ने मौका नदिनुहोस् !

स्मरण गर्नुपर्ने अर्को कुरा यो हो कि तपाईंले आफ्नो विश्वासको प्रचार गर्नुहुँदा, तपाईंले रोप्नुभएको बीउमा परमेश्वरले पानी राख्नुहुनेछ । अनि स्वर्ग पुगेर त्यहाँ को छ भनी नहेरेसम्म तपाईंले यो कुरा कहिल्यै पनि थाहा नपाउन सक्नुहुन्छ ।

मैले टाइगर उड्सलाई साक्षी दिँदा, “निर्दोष” ठहरिने तरिका बताउन सक्नुभन्दा अगावै तिनी हिँडिहाले, अनि म निराश भएँ किनभने मैले तिनलाई बताउन बाँकी नै थियो ।

तर पछि परमेश्वरले मलाई यो कुरा देखाउनुभयो कि मैले सत्यको बीउ रोपेको छु, र बाँकी कुराको लागि परमेश्वरले त्यो बीउमा पानी राख्नुहुनेछ ।

टाइगरसँगको कुराकानी पूरा नभएको हुनाले, मैले केही मानिसहरूलाई तिनको निम्ति प्रार्थना गर्न र मैले रोपेको बीउलाई परमेश्वरले वृद्धि गराउनुहोस् भनी प्रार्थना गर्न अनुरोध गरेँ । एक हप्तापछि मेरा एकजना साथीले टाइगरसँग अनन्त विषयहरूको बारेमा कुरा गर्ने मौका पाए र टाइगरका एकजना साथीले बेलुकाको खाना खाने बेलामा तिनलाई साक्षी दिने मौका पाए ।

परमेश्वरले यी सबै अनुगमनका काम गराउनुभयो र त्यसको बारेमा मलाई थाहासमेत थिएन ! उहाँले यसको वास्ता गर्नुहुन्छ भनी मैले जान्नुपर्नेथियो किनभने यो **उहाँले** गर्न चाहनुहुने कुरा नै हो:

> यसकारण न त रोप्ने कोही हो, न त पानी हाल्ने, तर परमेश्वर नै हुनुहुन्छ, जसले बढाउनुहुन्छ । *१ कोरिन्थी ३:७*

यदि तपाईंले परमेश्वरसँग कुराकानी गर्दै हुनुहुन्छ भने, कृपया टाइगर उड्स र त्यो विज्ञापन निर्देशक दुवैको उद्धार गर्न उहाँसँग बिन्ती गर्नुहोस् । अहिले नै रोकिनुहोस् र त्यसो गर्नुहोस् । अनि तपाईंको परिवार र साथीहरूको लागि पनि यसो गर्नुहोस् ।

परमेश्वर विश्वासयोग्यभन्दा पनि बढी हुनुहुन्छ । प्रश्नचाहिँ यो छ, के तपाईं र म त्यति विश्वासयोग्य छौं । उहाँको राज्य विस्तार गर्नको लागि के उहाँ हामीमाथि भर पर्नुहुनेछ ?

मेरो घरको छिमेकी जेकी एउटी सानी छोरी छिन् । तिनीहरू छुट्टिमा मिन्नेसोटा जाँदैछन् । यात्रा गर्दाखेरि ऊ जहाजमा भन्दा कारमै यात्रा गर्न मन पराउँदछ, त्यसैले ऊ त्यहाँ कारमा जानेथिए भन्ने मैले सोचेँ । मैले उसको खर्चमा सहायता पुगोस् भनी एउटा खाममा केही पैसा राखेर उसलाई दिएँ । ऊ जहाजमा जाँदैथियो भनेर उसले मलाई छक्कै पाऱ्यो, त्यसैले मैले उसलाई छुट्टिमा उसकी छोरीलाई केही किनिदिन आग्रह गरेँ ।

लगभग आधा घण्टापछि, जेले मरो ढोकामा ढकढक्यायो र त्यो पैसा लिन नसक्ने कुरा बतायो; त्यो अति धेरै थियो भनेर भन्यो । मैले उसलाई भनेँ कि मैले त्यो फिर्ता लिन सक्दैनथेँ किनभने त्यो एउटा उपहार थियो ।

मैले उसलाई भनेँ कि परमेश्वरले अति धेरै मानिसहरूलाई मेरो पहिलो पुस्तक किन्न लगाउनुभयो, त्यसैले मसँग केही रकम बाँच्यो र म यसले अरूलाई आशिष दिन चाहन्छु । मैले उसलाई यो कुरा पनि बताएँ कि "लिनुभन्दा दिनु बढी आशिषको कुरा हो" भनी मैले अन्ततः सिकेको छु ।

मैले यसो भनें, “यो सिजनपछि तपाईंले प्रशिक्षण दिनुहुने बास्केटबल टिमलाई किन साँझको खाना खान नलैजाने ?” त्यसैले ऊ मिन्नेसोटातिर लाग्यो ।

उक्त यात्राबाट फर्किएपछि, जेले मलाई बतायो कि त्यो यात्राभरि उसले मेरो र मैले दिएको पैसाको बारेमा सोचिरहेको थियो । उक्त उपहारले उसलाई वास्तवमै आशिषित पारेको थियो भन्ने कुरा उसको आँखामा हेरेरै भन्न सकिन्थ्यो ।

त्यसपछि उसले मेरो लागि मिन्नेसोटामा किनेको उपहार मलाई दियो र उक्त यात्रामा उसले मेरो पुस्तक पढ्न चाहेको तर अत्यन्त व्यस्त भएको कुरा बतायो ।

भोलिपल्ट, जे एउटी महिलाको घरमा जान लागेका थिए । ती महिलाका चारजना सन्तान थिए र यिउगक सँग सङ्घर्ष गर्दैथिइनँ । मैले उसलाई दिएको पैसामध्ये आधा पैसाले उनलाई आशिष दिने उसले निर्णय गरेको थियो ! त्यसैले ऊ गयो ।

भोलिपल्ट, मेरो ढोकामा अर्को पटक ढकढक्याइयो ! जेको आँखामा उस्तै भाव थियो । ऊ अत्यन्त उत्साहित भएको थियो । उसले त्यो पैसा ती महिलालाई दिँदा उनी रुन थालिन् । उनलाई आर्थिक समस्या परिरहेको थियो र त्यो पैसा एउटा ठूलो आशिष भयो । त्यसले जेमाथि पारेको प्रभाव देख्न सकिन्थ्यो ।

त्यसपछिको दिनमा, मैले ढोका खोलेँ र त्यसमा एउटा नोट टेपले टाँसिएको थियो । जेले उक्त पैसाको लागि धन्यवाद दिँदै मलाई दुई पृष्ठ लामो चिट्ठी लेखेको थियो । उसले आफ्नो चिट्ठीमा लेखेको थियो कि ऊसँग २९ डलर र केही खुद्रा बाँचेको थियो जसद्वारा उसले आफ्नी तीन वर्षकी छोरीलाई पहिलो बाइबल किनेर दिन लागेको थियो ।

अब त्यसबारे विचार गर्नुहोस् । ऊ चर्च जाँदैन, तर उसले अहिले आफ्नी छोरीको लागि बाइबल किनिदिन चाहेको थियो । मेरा बुबाआमाको घरमा बालबालिकाको लागि लेखिएको बाइबल थियो, त्यसैले मैले त्यो ल्याएर जेकी छोरीलाई दिनको लागि जेलाई दिएँ । ऊ अति धन्यावादी भयो ।

ऊसँग बाइबल थियो कि थिएन भनी मैले सोधेँ; ऊसँग रहेनछ । “के तपाईं एउटा लिन चाहनुहुन्छ ?” उसले इच्छा देखायो । मैले उसलाई एउटा

बाइबल दिएँ र त्यो पढ्न सुरु गर्ने तरिकाबारे उसले मसँग केही सहायता माग्यो ।

जसरी परमेश्वरले तपाईंकहाँ सुसमाचार ल्याइदिनुभयो, त्यसरी नै अरूकहाँ सुसमाचार पुऱ्याउनुहोस् । यो काम हजारौं तरिकाले हुन्छ । तर तपाईंले आफ्नो हृदयमा येशूको "मधुरो, सानो आवाज" सुनिरहनुभएको हुनुपर्दछ र त्यसलाई पालन गर्नुपर्दछ ।

स्पर्जनले यसो भने:

यदि हामीले वर्षैपिच्छे हजारौंजनालाई प्रचार गर्नुपरेको भए, र एउटा मात्र प्राण बचाउन सकेका भए, त्यही एउटा प्राण नै हाम्रो सम्पूर्ण परिश्रमको पूरा पुरस्कार हुनेथ्यो, किनकि एउटा प्राणको मूल्य असीमित हुन्छ ।[८२]

अमेरिकाभरिका विभिन्न जवान झुण्डहरूबाट आएका कोरियाली वयस्कहरू र समवयस्कहरूको माझमा म बोल्दैथिएँ । त्यो सम्मेलन शिकागोको छेउछाउमा पर्ने नर्थ सेन्ट्रल कलेजमा भइरहेको थियो ।

म त्यो कलेजमा पुग्दा, म बसिरहेको सामूहिक कोठाको नजिकै रहेको टेबलको वरिपरि कलेज जाने उमेरका केही केटीहरू बसिरहेका मैले देखें । त्यसैले मैले तिनीहरूसँग कुराकानी सुरु गरें ।

तिनीहरूले प्रिमियर भन्ने समूहसँग काम गर्दथे । यो समूहको उद्देश्य पिछडिएका सबै विद्यार्थीहरूलाई पढाइ सुरु हुनुभन्दा लगभग ६ हप्ता पहिला क्याम्पसमा ल्याउनु थियो जसले गर्दा अरू विद्यार्थीहरू आउनुभन्दा अगावै तिनीहरू "घुलमिल" हुन सकून् ।

यो चाखलाग्दो देखियो, तर मैले तिनीहरूको जीवनमा अनन्त भिन्नता गराउन खोजिरहेको थिएँ । येशूको नाउँमा परमेश्वरको शक्तिले सम्पूर्ण जातीय बाधाहरू भत्काउनेछ ।

मैले तिनीहरूलाई साक्षी दिन थालें, तर तिनीहरूले यो वार्तालापको कुनै पनि अंश मन पराएनन् । त्यसैले मैले तिनीहरूलाई भनें कि मैले एउटा पुस्तक लेखेको थिएँ, र तिनीहरूको लागि एक-एकवटामा हस्ताक्षर गरेर दिन चाहन्थें ।

मैले तिनीहरूको लागि एक-एकवटा पुस्तकमा हस्ताक्षर गरिरहँदा, एउटी जवान महिला हिँड्दै मकहाँ आइन् र मैले के गरिरहेको थिएँ भनी सोधिन् । उनको नाउँ तमारा थियो र उक्त कार्यक्रम प्रायोजन गरेको बहुसांस्कृतिक विविधता विभागतिर उनी लागिन् ।

म त्यहाँ भएकोमा तिनी कत्ति पनि खुसी थिइनन् भन्ने कुरा आवाजको शैली र शारीरिक हावभावले नै बताउँदथ्यो । त्यसैले मैले के गरिरहेको थिएँ भनी मैले उनलाई भनेँ । उनले मलाई भनिन् कि ती महिला कर्मचारीसँग कुरा गर्नु त ठीकै थियो, तर पिछडिएका विद्यार्थीहरू क्याम्पसमा आइपुगेपछि भने मैले तिनीहरूसँग बोल्नुहुँदैनथ्यो !

स्वतन्त्र खुल्ला समाजजस्तो कुनै पनि कुरा थिएन जहाँ हामीले हाम्रा मौलिक अधिकारहरू अभ्यास गर्न सक्दैनौं !

त्यसैले मैले उनलाई साक्षी दिन थालेँ र उनले त्यसलाई वास्तै गर्न चाहिनन् । त्यसैले म गएँ, अनि उनको लागि एउटा पुस्तक ल्याएर हस्ताक्षर गरी उनलाई दिएँ । पछि मैले नजिकैको फोहोर फाल्ने भाँडोमा हेरेँ र त्यसमा कुनै पनि पुस्तकहरू देखिनँ ! मैले कम्तिमा पनि एउटा त भेट्टाउनेथिएँ भन्ने सोचेको थिएँ ।

भोलिपल्ट, तमारा मकहाँ आउँदा म मेरो समूहका केही मानिसहरूसँग कुरा गरिरहेको थिएँ । उनले भनिन् कि मैले यहाँ कलेजका कुनै पनि विद्यार्थीहरूसँग कुरा गर्नुहुँदैनथ्यो । मसँग त्यसो गर्ने अधिकार थियो भनी मैले उनलाई जानकारी गराएँ । क्याम्पसको सुरक्षाकर्मीलाई बोलाइसकिएको थियो भनी उनले भनिन् । उनले कतै हेरिनँ र यसो भनिन्, "अनि ऊ यहीँ छ ।"

एउटा कुनाबाट बीस वर्षको जस्तो देखिने सुरक्षाकर्मी घाममा लगाउने चश्मा नै लगाएर आयो । उसले मलाई हेरेर यसो भन्यो, "तपाईंले यो क्याम्पसमा मानिसहरूसँग कुरा गर्न र पुस्तक बाँड्न पाउनुहुन्न । यदि तपाईंले तुरुन्तै क्याम्पस छोड्नुहुन्न भने, तपाईंलाई गिरफ्तार गरिनेछ ।" त्यो त मार्क केहिलको जीवनमा अर्को एउटा सामान्य दिन मात्र थियो !

त्यसैले मैले उसलाई हेरेर यसो भनेँ, "म कोरियाली झुण्डसँग आएको हुँ र मसित मानिसहरूसँग कुराकानी गर्ने अधिकार छ भनी म विश्वास गर्दछु ।"

अब ऊ अलिकति हच्कियो । मलाई लाग्दछ, म एउटा परदेशी त्यो कोठामा यत्तिकै घुमिरहेको थिएँ भन्ने उसले सोचेको थियो । त्यसपछि उसले मलाई भन्यो कि मैले मेरो समूहका मानिसहरूसँग मात्र कुरा गर्न सक्दथेँ, तर अर्को समूहका मानिसहरूसँग भने कुरा गर्न सक्दैनथेँ !

मैले उसलाई हेरेर सोधेँ, "के मैले यो क्याम्पसभित्र छिरेपछि मेरा मौलिक अधिकारहरू गुमाएँ ?"

मैले उसलाई यो प्रश्न तीन पटक सोधेँ र उसले मलाई जवाफ दिएन । त्यसैले उसले मलाई भन्यो कि हामीले क्याम्प प्रमुखसँग कुरा गर्नुपर्दथ्यो जसले हामीलाई त्यहाँ आउन दिने अनुमतिमा हस्ताक्षर गरेका थिए ।

त्यसपछि मैले उसलाई सोधेँ, "मेरो विरुद्धको उजुरी कस्तो किसिमको थियो ?" उसले त्यो कुरा मलाई बताउन नसक्ने जानकारी दियो ।

त्यसैले मैले उसलाई हेरेर भनेँ, "तपाईंको लागि एउटा प्रश्न । यदि तपाईं आज राती मर्नुभयो भने, स्वर्ग जानुहुन्छ भन्ने कुरामा के तपाईं १०० प्रतिशत निश्चित हुनुहुन्छ ?" चाखलाग्दो कुरा के हो भने, यदि मैले गरिरहेको काम गैरकानूनी थियो भने, उसले मलाई त्यहीँ र त्यति बेला नै पक्रनुपर्नेथियो ! तर वास्तवमा उसले पक्रेन ।

उसले यसो भन्यो, "म अहिले नै यो प्रश्नको जवाफ दिन ठाडै अस्वीकार गर्दछु ।" हामी सबैले स्मरण गर्नुपर्ने कुरा यो हो कि मानिसहरूले त्यो प्रश्नको जवाफ तत्कालै नदिने निर्णय गर्न सक्दछन्, तर हामी सबैले एक दिन त्यसको जवाफ दिनुपर्नेछ ।

त्यसैले म दिउँसोको खाना खान गएँ । म उक्त कलेजका केही फुटबल खेलाडीहरूसँग बस्न पुगेँ जसले केही जवान केटाहरूको लागि फुटबल क्याम्प सञ्चालन गर्न लागेका थिए । हामी तुरुन्तै साथी बन्यौं । कोही-कोही त विश्वासीहरू थिए, कोही भने थिएनन् ।

एकजना क्याथोलिक केटाले मलाई भन्यो कि उसले दुई दिन पहिला मात्र आफ्नो बाइबल पहिलो पटक खोलेको थियो ! उसले भन्यो कि ऊसँग केही प्रश्नहरू थिए, त्यसैले मैले केही जवाफहरू दिएँ !

ती केटाहरू सबैले मेरो पुस्तक लिन चाहे, त्यसैले मैले हस्ताक्षर गरेर तिनीहरूलाई दिएँ । मैले हस्ताक्षर गरिरहँदा, मैले एउटा छेउतिर हेरेँ र तमाराले मलाई नियालिरहेकी थिइन् ! यो उनका योजनाअनुसार भइरहेको थिएन ।

मैले भोलिपल्ट थाहा पाएँ कि त्यो क्याथोलिक केटाले एक दिनमा मेरो पुस्तकको ८० भन्दा बढी पृष्ठहरू पढेको थियो !

अनि पछि मैले थाहा पाएँ कि ती फुटबल खेलाडीहरूमध्ये एकजनाले क्याम्पसमै एउटा बाइबल अध्ययन सुरु गरेको थियो जसमा, मैले अन्तिम पटक सुनेअनुसार, २० जना भन्दा बढी मानिसहरू सहभागी हुन्थे ।

हाम्रो समूहका अगुवा पास्टर डेविड गए र मलाई गरिएको कुराबारे क्याम्प प्रमुखसँग कुरा गरे । त्यो कुरा सोमबार भएको थियो ।

आइतबार, अघिल्लो दिनमा, कोरियाली बालबालिका छुट्टिएर शनिबारको सङ्गतिको लागि शहरका विभिन्न चर्चहरूमा गएका थिए । क्याम्प प्रमुखले पास्टर डेविडलाई बताए कि कोरियाली बालबालिकाको एउटा समूह आइतबार तिनको चर्चमा गएको थियो ! तिनीहरू त्यहाँ आउनु त ठूलो आशिषको कुरा भएको थियो भनी तिनले भने ।

तिनले पास्टर डेविडलाई यो कुरा पनि बताए कि मैले गरिरहेको काम ठीकै थियो, सुरक्षाकर्मीले नचाहिँदो काम गरेको थियो र तिनले उसलाई त्यसैअनुसार कारवाही गर्नेथिए ।

त्यसपछि पास्टर डेविडले तिनलाई भने कि - मैले त्यो रातमा समवयस्कहरूसँग कुरा गरेपछि - त्यहाँ लगभग ९० जना कोरियनहरूले ठीक त्यही काम गर्नेथिए !

क्याम्प प्रमुखले त्यो कुरा पनि ठीकै थियो भनी पास्टर डेविडलाई भने । आहा !

> तब राती दर्शनद्वारा प्रभु पावलसँग बोल्नुभयो: "नडराऊ; तर बोल्दै जाऊ, र चुप नलाग; किनकि म तिम्रो साथमा छु, र तिम्रो हानि गर्नलाई कोही पनि तिमीमाथि आइलाग्नेछैन; किनकि यस शहरमा मेरा धेरै मानिसहरू छन् ।" *प्रेरित १८:९-१०*

चुप नलाग्नुहोस् । हामी प्रभुको निम्ति साहसपूर्वक अत्यन्त अटल रहौं भन्ने उहाँ चाहनुहुन्छ । उहाँ हामीसँग हुनुहुन्छ । सबै उचित स्थानहरूमा उहाँका मानिसहरू छन् - जस्तै ती क्याम्प प्रमुख - जसको हामी कल्पना नै गर्न सक्दैनौं । हाम्रो काम भनेको केवल येशू ख्रीष्टको सत्यको पक्षमा अटल भएर उभिनु हो ।

त्यो हप्तामा केही कोरियाली बालबालिकाले कलजेका विद्यार्थीहरूसँग महान् कुराकानीहरू गरे । कृपया तमारा र त्यो सुरक्षाकर्मीको मुक्तिको निम्ति प्रार्थना गरिदिनुहोला ।

स्पर्जनले यसो भनेका थिए:

यदि कुनै मानिसले एकै वचनमा नियागारालाई रोकेको कुरा मलाई बताउन सक्दछ भने, म उसको शक्तिको ईर्ष्या गर्दिनँ, परमेश्वरले मलाई एक

पापीलाई उसको अत्यन्त पापी व्यवहार रोक्ने अनुमति मात्र दिनुभए पुग्दछ । यदि कुनै प्राणीले वेसुवियसमाथि औंला राखेर त्यसको ज्वाला निभाउन सक्दछ भने, मसँग त्यस्तो शक्ति नभएकोमा म कत्ति पनि अफसोस मान्नेछैनँ, मलाई त एक ईश्वरनिन्दकसँग बसेर उसलाई प्रार्थना गर्न सिकाउने माध्यम हुन सके मात्र पुग्दछ । यो आत्मिक शक्ति कल्पना गर्न सकिनेभरिमा सबैभन्दा ठूलो र सबैभन्दा चाहना गर्नुपर्ने शक्ति हो ।[८३]

जून महिना असल महिना हो । धेरै शहरहरू र राज्यहरूको लागि, त्यो महिना यस्तो बनेको छ जसलाई धेरैले "घमण्ड" को महिना भन्दछन् । त्यसको अर्थ यो हो कि, योचाहिँ समलिङ्गी जीवनशैलीको उत्सव मनाउने महिना हो ।

यो त वर्षको यस्तो समय हो जति बेला त्यो अभियानले आफ्नो समुदायमा भइरहेको कुराको उत्सव मनाउँदछ, तर तिनीहरूको मुख्य लक्ष्य भने तिनीहरूको जीवनशैली वास्तवमै ठीक छ भनी अरू मानिसहरूलाई विश्वस्त पार्नु हो ।

मैले तिनीहरूका कार्यक्रमको लागि "घमण्ड" चाहिँ एउटा आश्चर्यजनक शीर्षक भएको सदैव पाएको छु । गर्वले सदैव कुख्याति कमाएको छ:

> विनाशको अघि घमण्ड आउँछ, र पतनको अघिचाहिँ हठी मन आउँछ । *हितोपदेश १६:१८*

अनन्त विनाशको अघि घमण्ड आउँदछ भनी सबै मानिसहरूले बुझ्नुपर्दछ; र घमण्डी र अभिमानीहरू सबैको लागि, त्यो पतन एक दिन अवश्य आउँदछ ।

सन् २००३ को जून महिना समलिङ्गी समुदायको लागि विशेष महत्वको भयो किनभने सर्वोच्च अदालतले घरको गोपनियतामा गरिने समलिङ्गी यौनसम्पर्क कानूनी थियो भनी फैसला गरेको थियो ।

यो कुरा सदैव स्मरण गर्नुहोस् कि मानिसहरूले, सर्वोच्च अदालतको मानिसहरूलगायतले, जेसुकै भने तापनि, परमेश्वरको वचन नै सर्वोच्च भइरहन्छ ।

> ती दिनहरूमा इस्राएलमा कुनै राजा थिएनन्, हरेक मानिसले आफ्नो दृष्टिमा जे ठीक लाग्यो त्यही गर्दथ्यो । *न्यायकर्ता २१:२५*

यदि मानिसहरूले राजा येशूलाई पछ्याउँदैनन् भने, तिनीहरूले बगाललाई पछ्याउन पुग्दछन्, वा जे गर्न मन लाग्यो त्यही गर्दछन् । हामीले पमेश्वरको

नजरमा सही हुने कुरालाई भन्दा हाम्रा आफ्नै नजरमा सही लाग्ने कुरा गर्न जोर दिइरह्यौं भने, हाम्रो जीवनमा सदैव नकारात्मक परिणामहरू आउनेछन् ।

जून महिनाको अन्तिम सप्ताहन्तको अवधिमा देशभरिका प्रमुख शहरहरूले मेलाहरू आयोजना गर्दछन् जसमा समलिङ्गी अभियान विजयी होस् भन्ने आशाको उत्सव मनाइन्छ ।

एटलाण्टामा, त्यो कार्यक्रमलाई "घमण्ड मेला" भनिन्छ । त्यो विशेष वर्षमा, सर्वोच्च अदालतको फैसला सार्वजनिक भएको केही दिनपछि नै उक्त मेला आयोजना गरियो । त्यसैले समलिङ्गीहरू अत्यन्त उत्साहित भएका थिए र भोज खान तयार थिए भनी तपाईं कल्पना गर्न सक्नुहुन्छ ।

विगत ६ वा ७ वर्षदेखि म यो मेलामा गएको छु । एटलाण्टामा देशकै दोश्रो ठूलो समलिङ्गी मेला लाग्दछ जहाँ २००,००० देखि ३००,००० सम्म मानिसहरू उपस्थित हुन्छन् ।

अनि वास्तवमा म जानुको कारणचाहिँ केही मानिसहरूसँग कुरा गर्नु र तिनीहरूलाई अनन्त सत्यता बताउनु हो । त्यो सप्ताहन्तमा हामी दशजनाजतिले साक्षी दिएका थियौं ।

हामीले यी मेलाहरूमा निश्चय पनि सहायता पुऱ्याउन सक्दछौं । त्यहाँ अति धेरैजना हराएका मानिसहरू हुन्छन् र अति थोरै क्रिश्चियनहरू हुन्छन् जसले तिनीहरूलाई सुसमाचार सुनाउने प्रयास गर्ने गरी अति प्रेम गर्दछन् । किन हामी पापीहरूले वास्तवमै खोजिरहेका सत्यता लिएर तिनीहरूतिर दगुर्नुको सट्टा तिनीहरूदेखि टाढा भाग्दछौं ?

शनिबार, मैले छजना मानिसहरूको एउटा समूह बसिरहेको देखें । त्यसैले मैले प्रार्थना गरेँ र त्यसपछि तिनीहरू भएका ठाउँमा गएँ । एउटी केटी मोबाइलमा कुरा गर्नको लागि समूहदेखि पर गइन् । त्यहाँ बाँकी रहेकाहरूसँग मैले कुराकानी सुरु गरेँ र तिनीहरू सबैलाई यो प्रश्न सोधेँः "तपाईं मर्नुहुँदा, अर्कोपट्टि के हुन्छ भन्ने तपाईं ठान्नुहुन्छ ?"

अचानक, एकजनाले त्यो मोबाइल भएकी केटीलाई हरेर यसो भन्यो, "मिसेली, तुरुन्त यहाँ आऊ त ।"

के भइरहेको थियो भनी मैले पत्ता लगाउन सकिनँ । उनी त्यहाँ आएपछि, उसले मलाई त्यो प्रश्न दोहोऱ्याउन लगायो । मैले दोहोऱ्याएँ र अचानक उनका आँखा ठूल्ठूला भए । "के हुँदैछ ?" मैले सोधेँ ।

उनले भनिन्, "एक हप्ता पहिला हामीले त्यही प्रश्नबारे चार घण्टा कुरा गरेका थियौं !" त्यसपछि तिनीहरूले गरेका छलफलबारे तिनीहरूले टिपेका नोटहरू एउटा कपीमा थियो भनी उनले मलाई भनिन् ! त्यसैले हामीले मरेपछि के हुन्छ भन्ने बारेमा एक घण्टाभन्दा पनि बढी समयसम्म कुरा गऱ्यौं ।

उदाहरणको लागि, यो वार्तालापको क्रममा, मैले एकजना केटालाई उसको बुबासँगको उसको सम्बन्ध कस्तो थियो भनी सोधेँ । उसले मलाई यसो भन्यो, "म मेरो बुबालाई घृणा गर्दछु !" एक पटक उसको बुबाले उसलाई झ्यालबाट बाहिर पुग्ने गरी हिर्काएका थिए भनी उसले भन्यो । ऊ सानो छँदा उसको बुबाले चुरोटको धुँवा आफूतिर कसरी फाल्दथे भनी मलाई बतायो ।

त्यसपछि मैले उसलाई उसको जीवनमा कुनै यौन दुर्व्यवहार भएको थियो कि भनेर सोधेँ । ऊ पन्ध्र वर्षको हुँदा, अरू कसैको बुबाले केटाहरूको स्काउट क्याम्पमा उसलाई दुर्व्यहार गरेको कुरा उसले मलाई बतायो । यसका समलिङ्गी विचारहरू त्यही बेलामा नै सुरु भएका थिए भनी उसले भन्यो । उसले मलाई यो कुरा भन्दै गर्दा, उसका आँखामा आँसु टलपलाए ।

त्यो दिनमा पछि, मैले एलेक्स नाउँ गरेको एकजना १७ वर्षेसँग कुरा गरेँ । उसले आफ्नो बुबासँगको सम्बन्ध डरलाग्दो भएको कुरा मलाई भन्यो । उसको काकाले उसलाई तीन वर्षसम्म, ऊ छदेखि आठ वर्षको हुँदासम्म, यौन दुर्व्यवहार गरेका थिए भनी उसले भन्यो ।

हामीले समस्या देख्दछौं भन्ने हामी प्रायः ठान्दछौं, तर वास्तवमा हामीले लक्षण मात्र देख्दछौं । उदाहरणको लागि, धेरै मानिसहरूले समलिङ्गीपनालाई समस्या ठान्दछन् । वास्तवमा यो त लक्षण मात्र हो ।

सामाजिक तत्वहरूले मानिसहरूलाई समलिङ्गीपनको भिरतिर धकेल्दछन् भन्ने कुरा अनुसन्धानकर्ताहरूले थाहा पाइरहेका छन् । यसरी धकेल्ने कार्यमा दुईवटा ठूल्ठूला तत्वहरूले काम गर्दछन् । एउटाचाहिँ एउटै लिङ्गी अभिभावकसँग बालबालिकाको सम्बन्ध टुट्नु हो । उदाहरणको लागि, एउटा छोरा उसको बुबाबीचको वा एउटी छोरी र उसकी आमाबीचको सम्बन्ध टुटदछ । प्रायः, विवाह विच्छेद भएको हुन्छ वा एकजना अभिभावकले जति बेला पनि काम गरिरहेको हुन्छ ।

बालबालिकालाई समलिङ्गीपनाको बाटोमा लगाउने दोश्रो मुख्य तत्व दुर्व्यवहार हो र त्यो सामान्यतया यौनसम्बन्धी दुर्व्यवहार हुन्छ ।

त्यसैले हामी ती मानिसहरूसँग कुरा गर्दछौं जसको जीवनमा अति धेरै पीडा हुन्छ र हामीसँग त्यो पीडादेखि मुक्त हुने जवाफ वास्तवमै हुन्छ । अनि योचाहिँ येशू ख्रीष्टको शक्ति, चङ्गाइ, क्षमादान र छुटकारा हो ।

तैपनि, हामीले समलिङ्गी मानिसहरूलाई निको पार्ने सत्य बताउनुको सट्टा कति पटक तिनीहरूलाई दोष लगाउँदछौं ?

समलिङ्गी जीवनशैलीदेखि वास्तवमै छुटकारा पाउने कार्यमा गरिने सहायता एक्जोडस ग्लोबल अलायन्स (www.exodusglobalalliance.org) र स्टिफन बेनेट मिनिष्ट्रिज (www.sbministries.org) दुवैमा पाउन सकिन्छ । ती दुवैसँग यस्तो प्रशस्त जानकारी छन् जसलाई तपाईंले छुटकारा पाउनको लागि वा तपाईंको विश्वासलाई समलिङ्गीहरूसँग बाँड्नमा सहायता पाउनको लागि प्रयोग गर्न सक्नुहुन्छ ।

उक्त मेलामा मिशेलीसँग भएको कुराकानीतर्फ नै लागौं: हाम्रो कुराकानीको अन्तमा, उनले मलाई हेरेर यसो भनिन्, “मैले त यस्तो मानिसलाई भेट्न मरिहत्ते नै गरेकी थिएँ जसले अनन्तताको बारेमा अती कट्टरतापूर्वक विश्वास गर्दछ । म तपाईंका आँखामा र तपाईंको अनुहारको भावलाई हेर्दछु र म निश्चय गरी थाहा पाउँदछु कि यो साँचो हो भन्ने तपाईं जान्नुहुन्छ ।”

केवल एक सेकेण्डको लागि यसबारे सोच्नुहोस् त । तिनीहरूले हाम्रा कुराहरू सुन्नुपर्दछ भन्ने हामी सदैव सोच्दछौं । तर बोली मात्र होइन, तर हामीले बोल्ने तरिकाले पनि ती चोटग्रस्त मानिसहरूलाई येशूको प्रभाव पार्न सक्दछ ।

तपाईंले जोशको नक्कल गर्न सक्नुहुन्न । या त तपाईंले प्रभुलाई प्रेम गर्नुहुन्छ या गर्नुहुन्न । तपाईंले उहाँलाई साँचो रूपमा प्रेम गर्नुहुँदा, त्यो तपाईंको वरिपरिकाहरूकहाँ चर्को र प्रष्ट रूपमा प्रकट हुन्छ ।

मिशेली र उनको एकजना साथीले मेरो पहिलो पुस्तक मगाउँदै मलाई इमेल लेखेका छन् । आत्मिक रूपमा भोकाएका मानिसहरूले आफूलाई अनन्ततासम्मको लागि तृप्त पार्न सक्ने कुरा खोजिरहेका हुन्छन् ।

यदि तपाईंसँग येशू हुनुहुन्छ भने, के तपाईंले उहाँलाई ती भोकाएका मानिसहरूमाझ बाँडिरहनुभएको छ ?

चार्ल्स स्पर्जन - म यी मानिसलाई वास्तवमै मन पराउँदछु भन्ने के तपाईंले याद गर्नुभएको छ ? - ले यसो भनेका छन्:

> यदि उद्धारकर्तालाई प्रेम नगर्ने एकजना मात्र मानिस थियो र त्यो व्यक्ति साइबेरियाको जङ्गलमा बस्दथ्यो, र उसलाई विश्वासमा ल्याउनको लागि पृथ्वीमा भएका सबै करोडौं विश्वासीहरू त्यहाँ जानु र तिनीहरू प्रत्येकले उसलाई येशूकहाँ आउन निवेदन गर्नु आवश्यक पर्दथ्यो भने, त्यो सबै जोश, मेहनत र खर्च अत्यन्त योग्य हुन्थ्यो ।....त्यो एउटा प्राण नै करोडौं जोशिला क्रिश्चियनहरूको सम्पूर्ण मेहनतको पूरा पुरस्कार हुन्छ, किनकि एउटा प्राण अमूल्य हुन्छ ।[८४]

हालसालै डालसतर्फको हवाइयात्रामा, म एकजना मानिसको छेउमा परेँ जो सन फ्रान्सिस्कोमा बस्दथ्यो, र उसले फ्रेन्च भाषालाई बढी महत्व दिन्थ्यो । ऊ फ्रान्समा जन्मिएको थियो, तर विगत १५ वर्षदेखि अमेरिकामा बस्दै आएको रहेछ ।

हामीले जीवन र परमेश्वरका कुराहरूबारे कुरा गरेर असल समय बितायौं । ऊ तबसम्म विश्वासी भएको थिएन, तर ऊ अत्यन्त खुल्ला थियो र ऊसँग धेरै प्रश्नहरू थिए । केहीबेरपछि, उसले केही काम सिध्याउनुपर्ने कुरा मलाई भन्यो र उसले पछि मलाई एउटा कथा सुनाउनेथियो ।

हामी अवतरण हुनुभन्दा केहीबेर अगाडि, उसले आफ्नो काम सिध्यायो र छ महिना पहिला उसको बुबाको मृत्यु भएको कुरा मलाई भन्यो । उसको बुबा फ्रान्समा बस्दथे र समय फरक परेको कारण उसले १२ घण्टापछि मात्र आफ्नो बुबाको मृत्युबारे थाहा पायो ।

ऊ त्यस बिहान बिउँझिँदा, उसलाई फेरि सुत्न मन लागेको थियो भनी उसले भन्यो । तर त्योचाहिँ एक प्रकारको बीचको अवस्था - वास्तवमै नजागेको र वास्तवमै ननिदाएको - र उसले एकजना मानिस ऊसँग कुरा गरेको एउटा दर्शन देख्यो । त्यो मानिसको कपाल सेतो थियो, र ऊ टेलिभिजनबाट सुसमाचार प्रचार गर्नेजस्तै थियो, तर त्योभन्दा पनि धेरै बढी कुराहरू थिए भनी उसले भन्यो ।

त्यो मानिसले उसलाई परमेश्वरको बारेमा बताउने प्रयास गरिरहेको थियो भनी उसले बुझेको कुरा बतायो । तर उसले उसको कुरा सुनेन । किन नसुनेको भनी मैले उसलाई सोधेँ, र उसले मलाई भन्यो, “किनभने मैले सुन्न चाहिनँ ।”

के त्यो सत्य होइन र ? केही मानिसहरूले त्यति बेला सुन्न नै चाहँदैनन् जति बेला परमेश्वरले तिनीहरूको ध्यान खिच्ने प्रयास गरिरहनुभएको हुन्छ ।

सेप्टेम्बर ११ तारिख अमेरिकाको लागि "बिउँझने घण्टी" थियो । धेरै मानिसहरूले परमेश्वरका कुराहरूबारे सोच्न सुरु गरे । तर तिनीहरूमध्ये अधिकांश त छिट्टै नै परमेश्वरदेखि तर्किगए, फेरि जीवनकै हतारो र चटारोतर्फ ।

अब त्यो जहाजमै त्यो मानिसलाई भएको अर्को कुरा सुन्नुहोस्: सपनाको दृश्य परिवर्तन भयो । अचानक ऊ एउटा ठूलो रङ्गशालामा पुग्यो । त्यही रहस्यमयी मानिस मञ्चमा उभिइरहेको थियो र उसको सामु धेरै मानिसहरू थिए । मानिसहरू एक-एक गरी ऊ भएको ठाउँमा जान्थे ।

सन फ्रान्सिस्कोको त्यो मानिसले यी सबै कुराहरू मञ्चको पछाडिबाट हेरिरहेको थियो । त्यो बोल्ने मानिस उसले पहिला देखेकै मानिस थियो भनी उसले भन्यो, तर अब उसले उसलाई पछाडिबाट मात्र देख्न सक्दथ्यो । त्यो मानिसको कपाल लामो, सेतो, सर्लक्क परेको थियो र उसको लबेदा सेतो, लामो, सर्लक्क परेको थियो ।

यो दृश्य महत्वपूर्ण थियो भन्ने कुरा मसँगै बसेको त्यो मानिसलाई थाहा थियो, तर त्यसबाट के गर्ने भन्ने कुरा भने उसलाई थाहा थिएन । मैले मेरो बाइबल निकालेँ र उसलाई प्रेरित २:१७ देखाएँ, जसले पुरानो करारका भविष्यवक्ता योएलको लेख उद्दरण गर्दछ, जसले यसो भनेका थिए:

> त्यसपछि म मेरो आत्मा सबैमाथि खन्याउनेछु, र तिमीहरूका छोराछोरीहरूले भविष्यवाणी कहनेछन्, तिमीहरूका बूढा मानिसहरू स्वप्नदर्शी हुनेछन्, र तिमहिरूका तन्नेरीहरूले दर्शन देख्नेछन् । अनि ती दिनमा तिमीहरूका दास र तिमीहरूका दासीहरूमाथि पनि म आफ्नो आत्मा खन्याउनेछु । *योएल २:२८-२९*

अनि परमेश्वरले यो काम यी दिनहरूमा गरिरहनुभएको छ ! मानिसहरूले देखेका सपनाहरूका केही आश्चर्यजनक कथाहरू मैले सुनेको छु ।

परमेश्वरले यो अविश्वासी मानिसलाई उसको सपनाद्वारा सुसमाचार सुनाउने प्रयास गरिरहनुभएको थियो भनी मैले विश्वास गरेँ । मैले उसलाई प्रकाश १:१४ देखाएँ जसले यसो भन्दछ, "उहाँका शिर र केश ऊनजस्तै सेता, हिउँजस्तै सेता थिए...," जसले येशूलाई जनाउँदछ । साथै, मर्कूस

९:३ ले भन्दछ कि डाँडामा येशूको रूप परिवर्तन हुँदा, उहाँका वस्त्रहरू अत्यन्तै सेता थिए ।

मैले त्यो मानिसलाई बताएँ कि उसले उनै प्रभुको दर्शन देखेको थियो भनी मैले विश्वास गरेको थिएँ जसको सामु एक दिन ऊ उभिनेथियो । त्यसैले मैले उसलाई सोधेँ: "के तपाईं त्यहाँ उभिन तयार हुनुहुन्छ ? तपाईंको बुबा त्यहाँ उभिनुभयो । अनि म त्यहाँ उभिनेछु, र तपाईं त्यहाँ उभिनुहुनेछ ।"

न्याय सबैको लागि आउँदैछ । प्रश्नचाहिँ यो छ: के तपाईं न्यायको दिनको लागि तयार हुनुहुन्छ ? अनि यदि हुनुहुन्छ भने, के तपाईंले अरूलाई पनि त्यसको लागि तयार हुनमा सहायता गरिरहनुभएको छ ?

त्यसैकारण हामी यहाँ छौं । मेरो आदर्श-वाक्य यो हो: यदि तिनीहरूले स्वास फेरिरहेका छन् भने, तिनीहरूलाई येशू चाहिन्छ ।

धर्मीजनको फल जीवनको रूख हो; अनि जसले प्राणहरू जित्छ, ऊ बुद्धिमान् हो । हितोपदेश ११:३०

तपाईं सदैव एक बुद्धिमान् मानिसको रूपमा जिउन चाहनुहुन्छ । परमेश्वरको नजरमा, प्राणहरू जित्ने मानिस नै बुद्धिमान् मानिस हो । बुद्धिमान् हुनुहोस् ।

चार्ल्स स्पर्जनले यसो भनेका थिए:

> के तपाईं प्राणहरू जित्ने विषयमा तर्कवितर्क गर्न चाहनुहुन्छ ? स्वर्गतिर हेर्नुहोस् र "उद्धार गर्न सक्नुहुने" येशूको बारेमा कसैले नसुनाएसम्म कसरी पापीहरूले ती सुनका वीणाहरू छुन र त्यो अनन्त गीत सिक्न सक्दछन् भनी आफैसँग सोध्नुहोस् । तर सबैभन्दा उत्कृष्ट तर्कवितर्कचाहिँ येशूका घाउहरूमा पाइन्छ । तपाईं उहाँलाई आदर गर्न चाहनुहुन्छ, तपाईं उहाँको शिरमा मुकुटहरू पहिऱ्याउन चाहनुहुन्छ, र यो काम तपाईंले उहाँको लागि प्राणहरू जितेर सबैभन्दा राम्रोसँग पूरा गर्न सक्नुहुन्छ । यी नै त्यो लूटका माल हुन् जसको उहाँ लोभ गर्नुहुन्छ, यी नै ती पदकहरू हुन् जसको निम्ति उहाँ लड्नुहुन्छ, यी नै ती गहनाहरू हुन् जुन उहाँको उत्कृष्ट श्रृङ्गार हुनेछन् ।[८५]

एक दिन मेरो घर पानीले भरिन थाल्यो ! कतै पाइप फुटेको हुनुपर्दथ्यो, तर मर्मत गर्ने मानिसहरूले त्यो पानी कहाँबाट आइरहेको थियो भनी भन्न सकेनन् - तर त्यो मेरो घरभित्रबाट आइरहेको थिएन भन्ने कुरामा तिनीहरू निश्चित थिए ।

अन्तमा तिनीहरूले मेरो घरसँगै जोडिएको घरमा समस्या भएको कुरा थाहा पाए । म समयमै घर नपुगेको भए, म नियमित रूपमा घर फर्कने समयसम्ममा त मेरो घरभरि ६ इञ्च गहिरो पानीको पोखरी बन्नेथियो । यताउति जानलाई मलाई डुङ्गा चाहिनेथियो !

अनि मैले प्रार्थना गर्न थालेँ । यो अवस्थालाई क्रिश्चियन तरिकाले समाधान गर्नमा मलाई सहायता गर्न मैले परमेश्वरसँग बिन्ती गरेँ, यद्यपि मेरो कार्पेटमाथि यति धेरै पानी आउनु त उदास पार्ने कुरा नै थियो । यो सबै कुराको कारण उहाँले मेरो सामु ल्याउनुहुने मानिसहरूलाई साक्षी दिने मौका मलाई दिनुहोस् भनी मैले परमेश्वरसँग बिन्ती गरेँ ।

मर्मत गर्ने मानिसको नाउँ रमादान थियो ! कति असल मुस्लिम नाउँ । मैले उसलाई साक्षी दिन सुरु गर्दा, ऊ अत्यन्त बलियो क्रिश्चियन थियो भन्ने मैले थाहा पाएँ । उसले आफ्नो नाउँ परिवर्तन गर्न नचाहेको कुरा मलाई भन्यो किनभने यसले त अरूलाई येशूको बारेमा बताउने अति धेरै ढोकाहरू उसको लागि खोलिदिएको थियो ! मैले मेरो पहिलो पुस्तक उसलाई दिएँ र त्यो पाउँदा ऊ अति खुसी भयो ।

केही बेरपछि, पानीले बिगारेको कारण मेरो कार्पेट काटेर फाल्न एकजना मानिस त्यहाँ आउनुपऱ्यो । उसको नाउँ लौरेन्स थियो । मैले ऊसँग कुरा गर्न सुरु गर्दा, ऊ वास्तवमै खुल्ला भयो । ऊ विश्वासी थिएन, तर नरक जानदेखि बच्ने तरिकाको बारेमा हामीले बीस मिनेटभन्दा बढी समयसम्म कुरा गऱ्यौं । उसले त्यससम्बन्धी एउटा पुस्तक लिन चाह्यो, त्यसैले मैले उसलाई एक प्रति दिएँ ।

हरेक हप्ताको अन्तमा ऊ आफ्नी आमालाई भेट्न जान्थ्यो जो यिउगक को कारण मर्नै लागेकी थिइन् । उसले उनको उपचार खर्च तिर्न सहायता गरिरहेको थियो । मैले अलाबामाका केही सन्तहरूबाट पैसाको आशिष पाएको थिएँ, त्यसैले मैले त्योद्वारा उसलाई आशिष दिने, उसकी आमाका खर्चहरूमा सहायता गर्ने निर्णय गरेँ ।

ऊ जानुभन्दा पहिला मैले ऊसँग प्रार्थना गर्ने मौका पाएँ र ऊ अति प्रभावित भयो । मैले त्यो कुरा उसको आँखामा देख्न सकेँ र मैले ऊसँग कुरा गरेकोमा ऊ कति आभारी भएको थियो भनी उसले पनि मलाई भन्यो ।

मानिसहरू सत्यको लागि भोकाएका छन् । तिनीहरूलाई तिनीहरूको प्राणको तिर्खा तृप्त पार्न परमेश्वरको जिउँदो पानी दिनुहोस् । तपाईंको पुरानो,

मृत आरामदायी क्षेत्रबाट बाहिर निस्कनुहोस् । त्यसको बाहिर नै, वास्तविक रूपमा जिउने एक मात्र स्थान हुन्छ ।

म टेनेस्सीमा आयोजित एउटा जवान सम्मेलनमा बोलें र त्यहाँ उपस्थित जवान पास्टरहरूमध्ये एकजनाले पठाएका एउटा चिट्ठीको सङ्क्षिप्त संस्करण यहाँ दिइएको छ:

नयाँ वर्षको उत्सव आउनै लागेको थियो । घरतिर जाँदैगर्दा (उक्त क्याम्पबाट) हामी खाना खानलाई टाको बेलमा रोकियौं । हामी त्यहाँ पुग्दा एउटा पाङ्ग्रा पड्कियो, त्यसैले हामीले एकजना मिस्त्री खोज्यौं । उसलाई पर्खंदै गर्दा, डेसीले ब्रेकको एउटा भाग टुक्रिएर त्यो पाङ्ग्रामा ठोकी त्यसलाई फुटाइदिएको थियो ।

अँ, नयाँ वर्षको सङ्घारमा पुरानो विद्यालय बसको पुर्जा खोज्ने प्रयास गरिरहेका कल्पना गर्नुहोस् त ! अनि मचाहिँ १९ जना समवयस्कहरूसँग - लगभग ४ घण्टासम्म - टाको बेलमा रोकिएँ !

त्यति नै बेला आश्चर्यकर्महरू हुन थाले । एक-एक गरी ती केटाकेटीहरू बसमा आउन थाले र तिनीहरूले तपाईंबाट पाएका *स्वर्गमा गर्न नसकिने एउटा काम* पुस्तकहरू निकाल्न थाले । अधिकांश केटाकेटीले ती पुस्तकहरू पाएर पनि पढेकै थिएनन् होला । तर तिनीहरू त्यहीँ रोकिएका थिए, त्यसैले तिनीहरू सबैजना त्यहाँ बसेर त्यो पढिरहेका थिए । त्यसपछि, एक-एक गरी, तिनीहरूले साक्षी दिन थाले - टाको बेलमा, र त्योसँगै रहेको पेट्रोल पम्पमा ।

हामीलाई लिन अर्को बस आउँदा म छक्कै परें । कसरी यस्तो भयो भनी मैले चालकसँग सोधें, किनभने मेरा श्रीमान् जानुभएको लगभग ४ घण्टा भएको थियो र तबसम्म पनि मैले उहाँको खबर पाएकी थिइनँ । उनले भनिन् कि नक्सभिल्लीमा मेरा श्रीमान्‌ले हाम्रो समस्याको बारेमा बताउनुभएको उनले सुनेकी थिइन् र उनका धेरै बसहरू भएका हुनाले, उनले हामीलाई लिएर हाम्रो होटलमा पुऱ्याइदिने निर्णय गरेकी थिइन् ।

ती केटाकेहीहरू सबैले आफूसँग बाँकी रहेको पैसा एक ठाउँमा जम्मा गर्न थाले, जसले अर्को एक रात होटलमा बस्ने खर्च पुग्यो - होटलको प्रबन्धकले हामीलाई दया गरेर छुट दिएपछि मात्र । त्यसपछि ती केटाकेटीहरू येशूको निम्ति यति जोशिला भए कि वास्तवमा त्यो

प्रबन्धकले हामीसँग कुरा नै गर्नुपर्‍यो किनभने त्यति धेरै मानिसहरूले येशूको बारेमा कुरा गरेका बारेमा ऊसँग केही गुनासोहरू थिए ! (हामीले गुनासो गर्ने मानिसहरू देखाइदिन अनुरोध गर्दा, एकजना मात्र मानिस देखा पर्‍यो ।)

आखिर त्यो रात सबैभन्दा आशिषमय रात भयो । त्यो पुस्तकले तिनीहरूको जीवन परिवर्तन गरिदियो भनी ती केटाकेटीले भने ! सुरुमा साक्षी दिँदाखेरि तिनीहरू मर्नदेखि कति डराएका थिए तर साक्षी दिँदै जाँदा त्यो कति सजिलो भयो भन्ने बारेमा तिनीहरूले कुरा गरिरहेका थिए । तिनीहरू इण्डियानामा रहेका आफ्ना मानिसहरूको लागि वास्तवमै बोझ लिन सुरु गरे ।

तिनीहरूले त्यो कुरा विद्यालयमा पनि गर्ने योजना बनाए र हरेक कक्षाको सूची बनाए, अनि हरेक विद्यार्थीलाई येशूको बारेमा बताउने लक्ष्य बनाए ।

परमेश्वरले यो सबै गर्नुभएको तरिका अति आश्चर्यजनक थियो, मार्क । कस्तो आशिष !

व्यक्तिगत रूपमा कुरा गर्दा, मैले तपाईंको सन्देश सुन्दाखेरि, मेरा आँखाबाट पनि कत्लाहरू खसेकाजस्तो मैले महसुस गरेँ ! मैले सधैंभन्दा बढी वचन अध्ययन गरिरहेको थिएँ र सेवकाइमा "व्यस्त" थिएँ....तर मले परमेश्वरसँग महसुस गर्ने गरेको घनिष्ठता हराइरहेको थियो, र मैले त्यसको कारण बुझ्न सकिनँ । (कसरी शैतानले क्रिश्चियनहरूलाई समेत अन्धो पार्न सक्दछ भन्ने चाखलाग्दो कुरा ।)

त्यसपछि त्यसले त मलाई ढुङ्गै-ढुङ्गाले हिर्काएजस्तै भयो: मैले व्यक्तिगत रूपमा प्राण जित्ने कार्यलाई लगभग छोडिसकेको थिएँ । हो, बालबालिकाहरू त्यो सेवकाइद्वारा नै प्रभुमा आउँदछन् । तर सेवकाइभन्दा बाहिर गर्नुपर्ने व्यक्तिगत साक्षी दिने कार्य मैले गुमाइरहेको थिएँ ! त्यो त म "परमेश्वरको काम" मा "व्यस्त" भएको तर परमेश्वरको काममा वास्तवमै लाग्ने तरिका बिर्सिएको जस्तै हो: प्राण जित्दाखेरि परमेश्वरसँ महसुस गरिने एकताको आश्चर्य; व्यक्तिगत रूपमा जितिने प्राणहरूबाट उत्पन्न हुने प्राणहरूप्रतिको बोझ; उहाँले सबै कुराहरू मिलाउनुहुने कुरा नियाल्नु - मैले भन्न खोजेको कुरा तपाईं बुझ्नुहुन्छ !

तपाईंको सन्देशले वास्तवमै काम गऱ्यो । परमेश्वरले हाम्रो जवान झुण्ड र त्यसका अगुवाहरूलाई प्रोत्साहन दिन वास्तवमै तपाईंलाई चलाउनुभयो ।

किन समवयस्कहरूले हराएकाहरूलाई सुसमाचार सुनाउने तरिकासम्बन्धी सत्यता सुन्दछन् र त्यसअनुसार गर्दछन् पनि, तर हामी वयस्कहरूमध्ये केहीले यसको बारेमा अति धेरै सोच्दछौं र केही पनि गर्दैनौं ?

किनकि अब म मानिसहरूलाई मनाउँदैछु कि परमेश्वरलाई ? अथवा के म मानिसहरूलाई खुसी पार्न खोज्दैछु ? किनकि अझै मैले मानिसहरूलाई खुसी पारेको छु भने म ख्रीष्टको दास हुनेथिइनँ । *गलाती १:१०*

किनकि तिनीहरूले परमेश्वरको प्रशंसालाई भन्दा मानिसहरूकै प्रशंसालाई धेरै प्रेम गरे । *यूहन्ना १२:४३*

तपाईंको हाकिम वा तपाईंका साथीहरूले तपाईंको बारेमा भन्ने कुराले केही पनि फरक पार्दैन । येशूले तपाईंको बारेमा भन्नुहुने कुराले मात्र फरक पार्दछ । त्यसैले मानिसलाई खुसी पार्ने नहुनुहोस् । परमेश्वरलाई खुसी पार्ने हुनुहोस् ! यही नै जिउने एक मात्र तरिका हो !

चार्ल्स स्पर्जनले यसो भनेका थिए:

यदि तपाईंलाई कहिल्यै निद्रा नलागेको छैन भने, यदि तपाईं कहिल्यै रुनुभएको छैन भने, यदि तपाईंको हृदय फुट्ला झैं गरी कहिल्यै पनि फुलेको छैन भने, तपाईंलाई जोशिलो भनिनेछ भनी तपाईंले आशा गर्नुपर्दैन । तपाईंलाई साँचो जोशको सुरुवात् नै थाहा छैन, किनकि क्रिश्चियन जोशको जग हृदयमा रहेको हुन्छ । हृदय वेदनाले गह्रुङ्गो हुनुपर्दछ र पनि पवित्र जोशसहित तीव्र गतिमा धड्किनुपर्दछ । हृदय परमेश्वरको महिमाको निम्ति निरन्तर तीव्र गतिमा धड्किँदै लालसाले ओतपोत हुनुपर्दछ, नत्र भने हामीले जानौं भनी परमेश्वरले चाहनुहुने जोशजस्तो कुनै पनि कुरा हामीले कहिल्यै पनि हासिल गर्नेछैनौं ।[८६]

प्रार्थनाको भजनहरूका महान् लेखकले यसरी लेखेका छन्:

योचाहिँ चन्द्रमा झैं सदाको निम्ति स्थापित हुनेछ, आकाशमा विश्वासयोग्य साक्षी झैं बनिरहनेछ । सेला । भजनसङ्ग्रह ८९:३७

मैले एक दिन यो पदको बारेमा मनन गरिरहेको थिएँ । चन्द्रमाचाहिँ आकाशमा रहेको एउटा विश्वासयोग्य साक्षी थियो । अब हामीले यो पुस्तकको

पहिलो अध्यायबाट (सृष्टिसम्बन्धी) यो कुरा थाहा पाउँदछौं कि चन्द्रमाले आकाशमा रहेर मात्र पनि परमेश्वरको महिमा गर्दछ ।

चन्द्रमालाई हेर्नुहोस् र त्यो कसरी त्यहाँ अडिन्छ भन्ने कुरामै हामी छक्क पर्दछौं । यो संसार कति राम्रोसँग मिलाइएको छ, कसरी वैज्ञानिकहरूले पूर्णिमा हुने वा ग्रहण लाग्ने दिनको सही मिति भन्न सक्दछन् भन्ने कुरामै हामी अचम्भित हुन्छौं । चन्द्रमाले समुद्री ज्वारभाटाहरू र पृथ्वीको घुमाइमा समेत प्रभाव पार्दछ भन्ने कुरा हामीलाई थाहा छ ।

तर हामी सामान्य मानिसहरूको लागि, जो वैज्ञानिक कुराहरूमा केन्द्रित हुँदैनौं, चन्द्रमाले एउटा मुख्य काम गर्दछः यसले सूर्यको प्रकाश परावर्तन गर्दछ । त्यो हसियाकार, अर्ध गोलाकार वा पूर्णिमा हुन सक्दछ । तर मुख्य कुरा यहाँ छः चन्द्रमाबाट परावर्तन हुने सूर्यको प्रकाश मानिसहरूले देख्नको निम्ति चन्द्रमा हामी र सूर्यतिर सही कोणमा कोल्टी पर्नुपर्दछ ।

त्यसपछि यसले मलाई प्रभावित तुल्यायो । के येशू ख्रीष्टका विश्वासीहरू पनि त्यस्तै हुनुपर्दैन र ? के हामीले पुत्रको ज्योति परावर्तन गर्नुपर्ने होइन र ? हामीले परमेश्वरका पुत्रको ज्योति परावर्तन गरिरहनुपर्दछ । तर मुख्य कुरा के हो त ? हामी पुत्रतर्फ सही कोणले झुकेका हुनुपर्दछ ।

हामीले पमेश्वरको वचन पढ्दा, पढेको कुरा पालन गर्दा, आराधना गर्दा, र हामीले पाएका ज्ञानअनुसार जिउँदा, हामीले परमेश्वरका पुत्र येशू ख्रीष्टको ज्योति परावर्तन गरेर अन्य मानिसहरूको जीवनमा चम्काउन सक्दछौं । मानिसहरू सत्यको निम्ति भोकाएका छन् र तिनीहरूले त्यो देखून् भनी हामी त्यसलाई "परावर्तन" गर्न चाहन्छौं ।

चार्ल्स स्पर्जनले यसो भनेका थिएः

म यसको बारेमा निश्चित छुः अरूलाई पनि मुक्तिमा ल्याइएको हेर्ने चाहनाबिना मुक्तिको महत्व थाहा पाउन असम्भव हुन्छ । प्रख्यात प्रचारक ह्विटफिल्डले यसो भनेका थिए, "म विश्वासमा आउने बित्तिकै, मैले चिनेका जति सबैको मुक्तिको माध्यम हुने चाहना गरेँ । मसँग तास खेल्ने, पाप गर्ने, अपराध गर्ने जवान मानिसहरू प्रशस्तै थिए । मैले गरेको पहिलो कामचाहिँ यो थियो, तिनीहरूको मुक्तिको लागि मैले के गर्न सक्दथेँ भनी हेर्नु म तिनीहरूका घरमा गएँ । तिनीहरूमध्ये धेरैजना उद्धारकर्ताकहाँ ल्याइएका देख्नुको आनन्द नमनाएसम्म मैले विश्राम गर्न सकिनँ ।"[८७]

मैले हालसालै एटलाण्टाको एउटा बाइबल अध्ययन कक्षामा बोलेँ, जहाँका एकजना सहभागी एर्नी जोन्सन थियो, जसले TNT प्रसारण कम्पनीमा "NBA भित्र" भन्ने कार्यक्रम सञ्चालन गर्दछन् । तिनी परमेश्‍वरका अत्यन्त नम्र मानिस हुन् र हामीले पछि असल कुराकानी गऱ्यौं । तिनले मलाई TNT का प्रमुख स्टुडिओहरूमा रेकर्ड गर्नको लागि आउन निम्तो दिए । त्यसैले म एउटा बुधबार राती त्यहाँ गएँ ।

म कार राख्ने ठाउँमा पुगेपछि मैले त्यहाँको सुरक्षाकर्मीसँग कुरा गरेँ । ऊ मण्डली जानमा विश्‍वासयोग्य रहेछ, तर मरेपछि स्वर्ग जाने कुरामा भने ऊ १०० प्रतिशत निश्‍चित रहेनछ । मैले एउटा पुस्तकमा हस्ताक्षर गरेर उसलाई दिएँ र मेरो कार राखेँ ।

एर्नी आए र मलई तिनको कार्यालयमा लगे । हामीले असल कुराकानी गऱ्यौं, तर छिट्टै नै तिनी जानुपऱ्यो र कार्यक्रमको लागि तयार हुनुपऱ्यो । त्यसैले तिनले त्यहाँ काम गर्ने महिलाहरूमध्ये एउटीलाई मसँग आएर कुराकानी गर्न अह्राए ।

उनी र मैले आश्‍चर्यजनक कुरा गऱ्यौं । उनी जीवनको त्यस क्षणमा "खोजी गर्ने अवस्थामा" रहिछन् । उनी एउटा क्याथोलिक परिवारमा हुर्किएकी थिइन्, तर आफैले सत्यता पत्ता लगाउन चाहेकी थिइन् । एर्नी त्यो कोठामा फर्किआउँदा मैले उनको लागि एउटा पुस्तकमा हस्ताक्षर गरिरहेको थिएँ ।

यसरी, तपाईं जीवनमा जहाँ जानुभए पनि हराएकाहरूलाई सुसमाचार सुनाउने मौकाहरू खोज्नुहोस् । हरेक कुनामा मौकाहरू रहेका हुन्छन् ।

एर्नी र म छायाङ्कन गर्ने ठाउँमा गयौं र तिनले मलाई सबै कुरा देखाए । कसरी कार्यक्रम तयार पारिन्छ भन्ने कुरामा मलाई रुचि लाग्यो र तिनले मलाई खास गरी कार्यक्रमका सबै पक्षहरूको बारेमा बताए ।

कार्यक्रम सुरु हुनुभन्दा पहिला, म्याजिक जोन्सन, चार्ल्स बार्क्ली र केन्नी स्मिथ, जसले त्यो कार्यक्रम सङ्युक्त रूपमा सञ्चालन गर्दछन्, एउटा ठूलो कोठामा भेला हुन्छन् र खेल हेर्दै कुरा गर्दछन् । त्यहाँ धेरै पटक छायाङ्कन रद्द गरिन्छ र त्यति धेरै खेल हेरिँदैन !

खेलको मध्यान्तरको कार्यक्रमपछि, तर पूरा खेलपछिको कार्यक्रमभन्दा पहिला, मैले म्याजिक जोन्सनसँग लगभग बीस मिनेटसम्म प्रभुका कुराहरूको बारेमा कुराकानी गर्ने मौका पाएँ । त्यो एउटा आश्‍चर्यजनक कुराकानी

थियो । त्यो पूरै अवधिमा म्याजिकले एक पटकभन्दा बाहेक मदेखि आँखा हटाएनन् ।

म्याजिक लस एञ्जलसमा मण्डली जाने विश्वासयोग्य मानिस थिए, र मण्डलीमै हुर्किएका थिए । एक पटक मैले कोठामा रहेका चार्ल्सलाई हेरें र म्याजिकलाई यसो भनें, "के तपाईं एक दिन चार्ल्सलाई स्वर्गमा देख्न चाहनुहुन्छ ?" तिनले त्यो चाहन्थे भनी जवाफ दिए । अनि मैले उनलाई हेरेर यसो भनें, "तपाईंले त्यसको बारेमा के गर्नुहुनेछ ?"

त्यो कुरा त्यस क्षणमा अलिकति तनावयुक्त भयो, तर मानिसहरूलाई जीवनम येशूको पक्षमा उभिन चुनौती दिइनुपर्दछ । हामीले कसैलाई स्वर्गमा देख्न चाहन सक्दछौं, तर मुख्य प्रश्नचाहिँ यो हो, हामीले यसको बारेमा के गर्नेछौं ? मैले साक्षी दिने सम्बन्धी मरो एउटा पुस्तकमा हस्ताक्षर गरेर म्याजिकलाई दिएँ ।

एर्नी जोन्सनले पछि मलाई भने कि म्याजिकले तिनलाई यसो भनेका थिए, "तपाईंले आज राती ल्याउनुभएका मित्र मलाई वास्तवमै मन पऱ्यो ।"

उक्त कार्यक्रमपश्चात्, चार्ल्स र केही कर्मचारीहरू एटलाण्टाको रेष्टुराँ भएको क्षेत्रको एउटा क्लबतिर लागे । मैले तिनीहरूसँग जाने निर्णय गरेँ । पहिलो क्लबमा मैले एकजना मानिससँग कुरा गरेँ र अन्तमा उसले मलाई यसो भन्यो, "तपाईंसँग कुरा गर्नु त आत्मिक रूपमा अत्यन्त आशिषित साँझ भएको छ ।"

मसँग कुरा गरिरहेकी एउटी केटीले मलाई भनिन् कि उनले प्रभुलाई सम्पूर्ण हृदयले प्रेम गर्दथिन्, तर उनलाई रक्सी पिउन र नाच्नको लागि बाहिर आउन मन पर्दथ्यो । यो क्लबम कोही मरेर नरकतिर जान लागेको थियो भनी उनले सोचेकी थिइन् कि थिइनन् भनी मैले उनलाई सोधेँ । उनले जवाफ दिइन्, "छु ।" त्यसपछि उनले त्यसबारे के गर्नेथिइन् भनी मैले उनलाई सोधेँ ।

उनी केवल रुन थालिन् । यदि हामीले विश्वास गर्दछौं भनी भन्दछौं, तर मानिसहरू मरेर नरकतिर गइरहेका छन् भन्ने सत्यताबारे केही पनि गर्दैनौं भने, प्रश्नचाहिँ यो हुन्छः के हामीले वास्तवमै विश्वास गर्दछौं ? चार्ल्स स्पर्जनले यसो भनेका थिएः "के तपाईंसँग अरूको उद्धार गरिएको हेर्ने चाहना छैन ? त्यसो भए तपाईंको समेत उद्धार गरिएको छैन, तपाईं यस कुरामा

निश्चित हुन सक्नुहुछ ।" क्रिश्चियन हुँ भनी दाबी गर्ने अधिकांश मानिसहरूमा अरूको उद्धार गरिएको हेर्ने चाहना हुन्छ । तिनीहरूलाई त केवल तिनीहरूको विश्वासको बारेमा बताउने तरिका थाहा हुँदैन ।

म तपाईंलाई मेरो पहिलो पुस्तक, *स्वर्गमा गर्न नसकिने एउटा काम* को एउटा प्रति लिन फेरि हौसला दिन चाहन्छु, जसले गर्दा तपाईंले तपाईंको विश्वासलाई प्रभावकारी र बाइबलीय रूपमा प्रचार गर्ने तरिका सिक्न सक्नुहुन्छ (www.markcahill.org) ।

त्यसको केही बेरपछि, हामी त्यही क्षेत्रको अर्को क्लबमा गयौं । एकजना चर्चित व्यक्ति टेरिल ओवेन्स त्यहाँ थिए । हामीले तिनीसँग केही बेर कुराकानी गर्ने मौका पायौं । मैले तिनको आँखामा हेरेर यो प्रश्न सोधेँ, "आज राती तपाईं मर्नुभयो भने, स्वर्ग जानुहुनेछ भन्ने कुरामा के तपाईं १०० प्रतिशत निश्चित हुनुहुन्छ ?"

उक्त क्लबबाट बाहिर निस्कँदै गर्दा, मैले त्यहाँ काम गर्नेहरू, नाच्नेहरू र उभिएकाहरूलाई केही सुसमाचारीय पुस्तिकाहरू बाँडे । एकजना मानिसले मसँग दुई मिनेट कुरा गऱ्यो । मैले एउटा पुस्तक लेखेको कुरा उसलाई भनेँ र मेरो परिचय भएको कार्ड उसलाई दिएँ ताकि उसले मलाई उसको ठेगाना पठाउन सकोस् । मैले उसलाई एउटा पुस्तक पठाउने कुरा बताएँ ।

म फर्किएर बाहिर निस्किएँ किनभने बिहानको साढे तीन बजिसकेको थियो । तर केही दिनपछि, त्यो मानिसले मलाई इमेल गऱ्यो र मैले उसलाई एउटा पुस्तक पठाएँ । सबै ठाउँका मानिसहरू शुभ खबर सुन्नलाई पर्खिरहेका छन् । तपाईंलाई यो थाहा भएको हुनाले, गएर तिनीहरूलाई बताउनुहोस् !

चार्ल्स स्पर्जनले यसो भने:

> आजकलका नैतिक नियमहरूले एक क्रिश्चियनबाट यस्तो माग गर्दछन् कि उसले साथीहरूको माझमा उसको धर्मलाई घुसाउनुहुँदैन । यस्तो नियमहरूलाई धिक्कार ! यो त नरकको नैतिक नियम हो । मेरा मित्रको प्राणप्रतिको साँचो शिष्टाचारले मलाई तिनीसँग बोल्न लगाउँदछ, यदि त्यो प्राण खतरामा परेको छ भनी म विश्वास गर्दछु भने ।[८८]

> स्पर्जनले यसो पनि भनेका छन्:

> परमेश्वरको मण्डलीमा सहभागी भएपछि, के तपाईंहरूमध्ये कोही मौन रहनुमै सन्तुष्ट हुनुभएको छ ? तपाईंको वरिपरिका मानिसहरू नरक

जान दिनुमै के तपाईं सन्तुष्ट हुनुहुन्छ ? के अरे ! ख्रीष्टको प्रेमबारे कहिल्यै पनि बताउनुहुन्न ? के अरे ! मुक्तिको बारेमा आफ्नै छोराछोरीलाई पनि कहिल्यै बताउनुहुन्न ? के यो सही हुन सक्दछ ? परमेश्वरको नाउँमा, बिउँझनुहोस् ! तपाईं किन यो पृथ्वीमा छोडिनुभएको छ ? तपाईंले केही पनि गर्नुपर्नेछैन भने, तपाईं किन यो पापी संसारमा हुनुहुन्छ ?[८९]

तपाईं कुनै अन्त्येष्टी कार्यक्रममा जानुहुँदा, त्यो व्यक्ति मरेको छ भन्ने झुटमा नफस्नुहोस् । त्यो सामान्यतया साँचो भनाइ होइन । हजुर, तिनीहरूको शरीर मरेको छ, तर शरीर त प्राणले पृथ्वीमा हिँड्डुल गर्न प्रयोग गर्ने साधन मात्र हो । यो कहिल्यै पनि मर्न सक्दैन - केवल नयाँ ठाउँमा सर्न मात्र सक्दछ ।

त्यसैले मरेको हरेक मानिसको प्राण या त स्वर्गमा जीवित र कुशलै हुन्छ या नरकमा जीवितै हुन्छ । दुईवटा गन्तव्यहरूमध्ये एउटाः त्यति नै हो । तपाईंले भेट्नुहुने जति हरेक व्यक्ति एक दिन तपाईंसँगै स्वर्गम हुनेछ भन्ने कुरा निश्चित गर्न तपाईंले के गर्नुहुनेछ ?

अब एकजना मानिसको अन्तिम इच्छा र करार पढ्नुहोस् जसमा प्राणहरूप्रतिको जोश येशूप्रतिको उसको प्रेमबाट वृद्धि भएको थियोः

## लाज नमान्नेहरूको सङ्गति

(एकजना अफ्रिकन शहीदका अन्तिम शब्दहरू)

म "लाज नमान्नेहरूको सङ्गति" को अंश हुँ । पासा फालिएको छ, मैले सीमा पार गरेको छु । निर्णय गरिएको छ । म येशू ख्रीष्टको चेला हुँ ।

म पछाडि हेर्नेछैनँ, कमजोर, सुस्तो हुनेछैनँ, पछाडि भाग्नेछैनँ, वा शान्त रहनेछैन । मेरो विगत बितेको छ, मेरो वर्तमान अर्थपूर्ण छ, र मेरो भविष्य सुरक्षित छ ।

मैले सामान्य जीवन जिइसकेको छु, दृश्यावलोकन, Smooth knees, नीरस सपनाहरू देखिसकेको छु, दर्शनहरू पालिसकेकको छु, उत्साहविहीन गफ गरिसकेको छु, थोरै दान गरिसकेको छु र स-साना लक्ष्यहरू हासिल गरिसकेको छु ।

मेरो कदम तय भएको छ, मेरो हिँडाई छिटो छ; मेरो लक्ष्य स्वर्ग हो, मेरो बाटो साँघुरो छ, मेरो मार्ग कच्ची छ, मेरा साथीहरू थोरै छन्, मेरा मार्गदर्शक विश्वसनीय हुनुहुन्छ, मेरो कर्त्तव्य प्रष्ट छ ।

खीष्टको निम्ति प्रचार नगरेसम्म, प्रार्थना नगरेसम्म, मूल्य नचुकाएसम्म, जम्मा नगरेसम्म र अटल नरहेसम्म म हार मान्नेछैनँ, पछाडि हट्नेछैनँ, कमजोर हुनेछैनँ वा चूप लाग्नेछैनँ । उहाँको पुनरागमन नभएसम्म जानुपर्दछ; म नढलेसम्म दिनुपर्दछ, सबैले थाहा नपाएसम्म प्रचार गर्नुपर्दछ र उहाँ नआउनुहुँदासम्म काम गर्नुपर्दछ ।

अनि उहाँ आफ्नाहरूलाई लिन आउनुहुँदा, मलाई चिन्न उहाँलाई कठिन हुनेछैन । मेरा रङ्गहरू प्रष्ट हुनेछन् । "किनकि म खीष्टको सुसमाचारसित लजाउँदिनँ ।" (रोमी १:१६)

यो एउटा उद्धार गरिएको प्राणको जोश हो जसले उद्धार नपाईकन मरिरहेका मानिसहरूको विपत्तिलाई बुभ्दछ । उसले सकेसम्म धेरै मानिसहरूलाई आफूसँगै परमेश्वरको राज्यमा ल्याउनमै आफ्नो जीवन समर्पण गऱ्यो ।

मलाई आशा छ, तपाईंले भेट्नुभएजति मानिसहरूले एक दिन तपाईंलाई स्वर्गमा भेट्नेछन् र "हजुर, येशूले मेरो लागि पूरा गरिदिनुभएको कामको बारेमा मलाई भनिदिनुभएको निम्ति धन्यवाद !" भन्नेछन् भन्ने कुरा निश्चित गर्ने यात्रामा प्रवेश गर्नुहुँदा, यी कथाहरूले तपाईंलाई हौसला दिन्छन् ।

सुसमाचार सुनाउनुपर्ने एउटा हराएको संसार छ र त्यसो गर्ने समय अहिले नै हो !

अध्याय १२

# टिक, टिक, टिक

हरेक दिन तपाईंको अन्तिम दिन हो कि भैंm गरी जिउनुहोस्
र एक दिन तपाईं सही हुनुहुनेछ।
– अज्ञात

तपाईं एउटा बास्केटबलको रङ्गशालामा प्रवेश गर्नुहुँदा, त्यहाँ जहिले पनि एउटा घडी भएको अङ्क-तालिका हुन्छ। मैले एक दिन त्यो घडी चलिरहेको हेरिरहेको थिएँ। पाँच, चार, तीन, दुई, एक, शून्य, सिटी बज्यो र खेल समाप्त भयो।

अनि यसले मलाई सोच्न लगायो: हाम्रा जीवन ठीक त्यस्तै हुन्छन्। हाम्रो घडीले हरेक दिन समय उल्टो गन्दैछ र एक दिन हामी मर्नेछौं। घडी सधैं चलिरहेको हुन्छ। तर घडीमा कति समय बाँकी छ भन्ने कुराचाहिँ हामीलाई थाहा हुँदैन।।

तर हामीलाई एउटा कुरा भने निश्चय गरी थाहा हुन्छ: घडी टिक, टिक, टिक....चलिरहन्छ। तपाईंसँग बाँकी रहेको समयमा तपाईं के गर्नुहुनेछ ?

चार्ल्स स्पर्जनले यसो भनेका थिए:

> त्यो घडीको टिक-टिक आवाजलाई एक छिन सुन्नुहोस् ! यो त अनन्तताको नाडीको धडकन हो। यो त तपाईंलाई पछ्याइरहने मृत्युको पाइलाको आवाज हो ! घडीले हरेक पटक टिक-टिक गर्दा, मृत्युका पाइलाहरू तपाईंको पछिल्तिर नजिकै परिरहेका हुन्छन्।[९०]

स्पर्जनले यसो पनि भनेका थिए:

घडीको टिक-टिक आवाज सुन्नुहोस् ! घडीको लङ्गुर अगाडि र पछाडि हल्लिँदा, यसले तपाईंहरूमध्ये कतिजनालाई यसो भन्दछ, "अहिले वा छैन ! अहिले वा छैन ! अहिले वा छैन ! अहिले वा छैन !" के तपाईंले आफ्नो प्राण येशूलाई सुम्पनुहुनेछ ?[९१]

हामीले आफूसँग भएको हरेक मिनेत समयलाई सकेसम्म सदुपयोग गर्नुपर्दछ भनी परमेश्वरले हामीलाई चेतावनी दिनुहुन्छ:

समय खेर जान नदेओ, किनकि दिन खराब छन् । *एफेसी ५:१६*

तपाईंले आफ्नो समयलाई सकेसम्म सदुपयोग गर्नुपर्दछ । हामी खराब समयमा जिउँदछौं । हामीले आज यस्ता कुराहरू भइरहेका देखेका छौं जुन कुराहरू हाम्रो जीवनकालमा कहिल्यै पनि देख्नेथियौं भनी हामीले सोचेका थिएनौं, तैपनि ती भइरहेका छन् ।

यदि तपाईंले आफ्नो कमीज कसैलाई दिनुहुन्छ भने, पसलमा गएर अर्को किन्न सक्नुहुन्छ । यदि तपाईंले कसैलाई १०० रूपैयाँ दिनुहुन्छ भने, तपाईंले कुनै जागिर खाएर फेरि पैसा कमाउन सक्नुहुन्छ । तर समय यस्तो कुरा हो जुन एक पटक बितेर गएपछि कहिल्यै पनि फिर्ता पाउन सकिँदैन ।

तपाईं जन्मिनुभएको र तपाईं मनुहुने दिन परमेश्वरलाई थाहा छ । तपाईं पृथ्वीमा रहनुहुने समय सीमित र क्षणिक छ; यसको प्रष्ट सीमा छ । तर यहाँबाट जानुभएपछि भने, तपाईंसँग अनन्त समय हुन्छ । तपाईंको प्राण अनन्तताभरि कुनै ठाउँमा वास गर्नेछ ।

तपाईंको अनन्तता आनन्दमय होस् भन्ने कुरा निश्चित गर्न तपाईंले यहाँको आफ्नो समयलाई के गर्नुहुनेछ ?

चार्ल्स स्पर्जनले यसो भनेका थिए:

> स्वर्ग र नरक टाढा छैनन् । घडी फेरि टिक गर्नुभन्दा पहिला तपाईं स्वर्गमा हुन सक्नुहुन्छ, यो अति नजिक छ । अहो, यस्ता कुराहरू अति टाढा देखिने हुनाले तिनलाई तुच्छ ठान्नुको विपरीत, हामीले तिनलाई प्रष्ट रूपमा महसुस गर्दछौं, किनकि ती अति नजिक छन् ! आज नै, घाम अस्ताउनुभन्दा अगावै, अहिले यो स्थानमा बसिरहनुभएको कुनै श्रोताले स्वर्ग वा नरकका वास्तविकताहरू देख्न सक्नुहुन्छ ।[९२]

## अन्तिम शब्दहरू

मानिसहरूले मर्नुभन्दा ठीक पहिला भनेका कुराहरू - तिनीहरूले सबैभन्दा अन्तिम स्वासले भनेका अन्तिम भनाइ - पढ्नु एउटा सबैभन्दा आश्चर्यजनक कुरा हो । ती मानिसहरूले भनेका कुरा सुनेर तपाईंले तिनीहरूको लागि सबैभन्दा महत्वपूर्ण भएको कुराको धेरै जानकारी थाहा पाउन सक्नुहुन्छ । अनि तिनीहरूले अन्तिम पटक स्वास फेरेपछि तिनीहरूको लागि के साँचेर

राखिएको हुन सक्दछ भन्ने कुराको केही जानकारी पनि त्यसले तपाईंलाई दिन सक्दछ ।

यी उद्धरणहरू रे कम्फर्टद्वारा लिखित *द इभिडेन्स बाइबल* बाट लिइएका हुन् ।

कार्डिनल बोर्गिया: "मेरो जीवनकालमा मलाई मृत्युबाहेक सबै कुरा दिइयो, र अहिले हाय, म बिनातयारी मर्नुपर्दछ ।"

एलिजावेथ प्रथम: "मेरा सारा धनसम्पत्तिहरू समयको एक निमेषको लागि मात्र ।"

थोमस हब्स (तानाशाही राजाहरूको शासन र मानिसहरूको अत्याचारलाई सही ठहऱ्याउनलाई लेखिएको पुस्तक "लेभियाथन" का नास्तिक लेखक): "मैले अन्तिम यात्रा गर्न लागेको छु; अन्धकारमा ठूलो छलाङ्ग मार्दै ।"

आनी बोलेइन (हेनरी आठौंकी श्रीमती, जसले उनलाई मृत्युदण्ड दिए): "हे परमेश्वर, मेरो प्राणमाथि दया गर्नुहोस् । हे परमेश्वर, मेरो प्राणमाथि दया गर्नुहोस् ।"

हेनरी, वेल्सका राजकुमार: "मेरो शरीरको वरिपरि एउटा डोरीले बाँध्नू, मेरो ओछ्यानबाट मलाई तानेर निकाल्नू र मलाई खरानीहरूमा सुताउनू, ताकि म चिढिनुभएका परमेश्वरप्रति पश्चातापी प्रार्थनाहरू गर्दै मर्न सकूँ । अहो ! मैले तिमी र अरूसँगको व्यर्थ मनोरञ्जनमा गुमाएको समय फेरि पाउने व्यर्थ आशा गर्दछु ।"

सुकरात: "यो संसारको सारा बुद्धि एउटा सानो गिँड मात्र हो जसमाथि बसेर तैरिँदै हामीले यो पृथ्वी छोड्नुपर्दछ । त्यसरी तैरनको लागि कुनै ज्यादै अलियो आधार, शायद परमेश्वरको वचन मात्र भएको भए ।"

टोनी हानकोक (बेलायती हास्यकलाकार): "म थिएँ भनेर कसैले कहिल्यै थाहा पाउनेछैन । मेरो पछाडि छोड्नलाई केही पनि छैन । अरूलाई दिनको लागि केही पनि छैन । मेरो निम्ति शोक गर्ने कोही पनि छैन । योचाहिँ सबैभन्दा कटु मुक्का हो ।"

फिलिप तृतीय, फ्रान्सका राजा: "मैले परमेश्वरलाई दिनुपर्ने यो कस्तो लेखा ! मैले जिएको भन्दा भिन्दै तरिकाले जिउनुपर्ने यो कस्तो तरिका ।"

भोल्टेयर (सन्देही दर्शनशास्त्री): "म परमेश्वर र मानिसद्वारा त्यागिएको छु ! तपाईंले मलाई छ महिना थप आयु दिनुभएमा म जुन कुराको योग्य छु

त्यसको आधा म तपाईंलाई दिनेछु । त्यसपछि म नरक जानेछु र तपाईं पनि मसँगै जानुहुनेछ । हे ख्रीष्ट ! हे येशू ख्रीष्ट !"

यी प्रतिभाशाली फ्रान्सेली लेखकले येशूको बारेमा एक पटक यसो भनेका थिए, "नीच श्रापित !"

अल्डौस हक्स्ली (मानवतावादी/नास्तिक): "जीवनभरि मानवीय समस्याप्रति चिन्तित हुनु र अन्तमा दिनको लागि एउटा सल्लाहभन्दा बढी नभएको कुरा थाहा पाउनु अलिकति लाजमर्दो छः सानो शिशु हुने प्रयास गर्नुहोस् र हुनुहोस् पनि ।"

कार्ल मार्क्स: "जाओ, निस्केर गइहाल ! अन्तिम शब्दहरू त मूर्खहरूका लागि हुन् जसले पर्याप्त बोलेका हुँदैनन् !"

नेपोलियन: "मलाई आश्चर्य लाग्दछ कि मेरा र अलेक्ज्याण्डरका र सिजरका महत्वाकांक्षी सपनाहरू पातलो हावामा बिलाइगएका छन् भने, एकजना यहूदी किसान, येशूले भने शताब्दीऔंसम्म हातहरू तन्काउन र मानिसहरू र राष्ट्रहरूका भविष्यहरू नियन्त्रण गर्न सक्दछन् ।"

डायना, वेल्सकी राजकुमारी (प्रहरीको प्रतिवेदनअनुसार): "हे मेरा परमेश्वर । यो के भयो ?"

जेम्स डिन: "मेरा रमाइला दिनहरू पूरा भए ।"

जोनाथन एडवार्डस्: "डाक्टर, मर्नै लागेको मानिसको लागि ख्रीष्टको धर्म कति वास्तविक र लाभदायी छ भनी तपाईंले जाँच गर्नुहोस् भन्ने म चाहन्छु..."

(तिनले आफ्नो इच्छापत्रमा यसरी लेखेका थिए: "मैले मेरो प्रिय परिवारलाई दिने सम्पूर्ण सम्पत्ति यही हो: ख्रीष्टको धर्म जसले तिनीहरूलाई एकजना दिनेछ जसले तिनीहरूलाई वास्तवमै धनी बनाउनुहुनेछ ।")

डी.एल. मूडी (प्रचारक): "म पृथ्वी पछि गइरहेको देख्दछु स्वर्ग खुलिरहेको छ । परमेश्वरले मलाई बोलाइरहनुभएको छ ।"

विलियम शेक्सपियर: "म मेरो प्राण मेरा सृष्टिकर्ताको हातमा सुम्पन्छु, मेरा उद्धारकर्ता येशू ख्रीष्टका उपलब्धीहरूद्वारा मात्र, अनन्त जीवनको हकवाला बनाइने आशा गर्दै र पूर्ण रूपमा विश्वास गर्दै; अनि मेरो शरीर पृथ्वीको हातमा सुम्पन्छु, जसबाट त्यो बनाइएको थियो ।"

मार्टिन लूथरः "तपाईंकै हातमा म मेरो आत्मा सुम्पन्छु ! तपाईंले मलाई छुटकारा दिनुभएको छ, हे सत्यका परमेश्वर ।"

जोन मिल्टन (बेलायती कवि): "मृत्यु नै त्यो महान् चाबी हो जसले अनन्तताको दरवार खोलिदिन्छ ।"

चार्ल्स डिकन्सः "म मेरो प्राण परमेश्वरको कृपामा सुम्पन्छु, हाम्रा प्रभु र उद्धारकर्ता येशू ख्रीष्टद्वारा, र म मेरा प्रिय छोराछोरीलाई नयाँ करारको शिक्षाअनुसार जिउने प्रयास गर्न म नम्रतापूर्वक अर्ती दिन्छु ।"

दानियल वेब्स्टरः "म अझै पनि जिउँछु ।"

उनले मर्ने बेलामा यसो भनेका थिए, "महान् रहस्य येशू ख्रीष्ट हुनुहुन्छ, अर्थात् सुसमाचार हो । हामीसँग अमरत्वको आशा छैन भने हामीमध्ये कसैको पनि अवस्था कस्तो हुन्छ होला ?....परमेश्वरलाई धन्यवाद होस्, येशू ख्रीष्टको सुसमाचारले जीवन र अमरत्व देखाइदियो ।"

आन्द्रिऊ ज्याक्सनः "मेरा प्रिय छोराछोरीहो, मेरो निम्ति शोक नगर....म मेरा परमेश्वरको हुँ । म उहाँको हुँ । म त तिमीहरूभन्दा केही समय पहिला मात्र जान्छु, र ....तिमीहरू सबैलाई स्वर्गमा भेट्ने म आशा र भरोसा गर्दछु ।"

हेनरी वार्ड बीचरः "अब रहस्यको कुरा आउँदछ ।"

बीचर, महान् दिमाग भएका एक मानिसलाई मृत्युपारिको रहस्यको जवाफ थाहा थिएन । बीचरलाई थाहा नगराइएको हुन सक्दछ, तर यो पुस्तक पढ्नुभएपछि तपाईंले भने थाहा पाउनुभएको छ । प्रश्न यो छः तपाईंले थाहा पाउनुभएको कुराको बारेमा तपाईंले के गर्नुभएको छ ?

महान् पुरातनवादी जोन ओवेन मृत्युशैय्यामा पल्टिरहँदा, उनले एकजना साथीको लागि यो सन्देश लेख्न आफ्नो सहायकलाई अह्राए, "म अझै पनि जीवनको देशमा छु ।" त्यसपछि ओवेन ठूलो स्वरले कराए, "रोक ! त्यसलाई परिवर्तन गरेर यसरी लेख, 'म अझै पनि मृत्युको देशमा छु, तर म छिट्टै नै जीवनको देशमा हुने आशा गर्दछु ।'"

समय प्रगतिशील छ, तर यो भौतिक राज्यमा हुने हामी प्रत्येकको लागि त्यो अन्ततः शान्त हुनेछ । तपाईंको अन्तिम स्वास आज नै फुस्कन सक्दछ । त्यसो भए, तपाईंका अन्तिम शब्दहरू के हुन्छन् होला ?

तपाईंः

तपाईंले जीवनमा धेरै आयु पाउनुभयो भने नि ? तपाईंले अहिले जिउनुभएको भन्दा भिन्दै तरिकाले जीवन जिउन सक्नुभयो भने नि ? तपाईं मर्नुभन्दा पहिलाका तपाईंका अन्तिम शब्दहरू हुनेछन् भनी तपाईंले आशा गर्नुभएका कुरा तपाईंले लेख्न सक्नुभयो भने नि ? त्यसपछि तपाईंले ती शब्दहरूलाई वास्तवमै झल्काउने जीवन जिउन सक्नुभयो भने नि ? ती शब्दहरू के हुन्छन् होला ?

> ....हजूरले .... सुन, चाँदी, पीतल, फलाम, काठ र ढुङ्गाका देवताहरूको प्रशंसा गर्नुभयो । तिनीहरूले न त देख्छन् न सुन्छन्, न केही जान्दछन्, तर परमेश्वर जसको हातमा हजूरको सास र हजूरका सबै चालहरू विदित छन् उहाँको सम्मान हजूरले गर्नुभएन । *दानियल ५:२३*

तपाईंको स्वास, वास्तवमा तपाईंको जीवन नै परमेश्वरको हातमा छ । उहाँले कुनै पनि बेलामा त्यसलाई खोस्न र तपाईंलाई अनन्ततामा लैजान सक्नुहुन्छ । उहाँले तपाईंलाई यस क्षणमा अर्को स्वास लिन दिने निर्णय गर्नुभएको छ । तपाईंले त्यो स्वासद्वारा के गर्नुहुनेछ ? तपाईंले उहाँलाई महिमा दिनुहुनेछ कि छैन ? यो तपाईंकै रोजाइ हो ।

यो पुस्तक मैले लेखेको हुँ र अब यसलाई तपाईंले पढ्नुभएको छ । तपाईंले यसलाई पढिसकेर आफ्नो जीवनलाई जारी राख्नुहुँदा, यो कुरा याद राख्नुहोस्: तपाईंले कसै न कसैको सेवा गरिरहनुभएको हुन्छ ।

कृपया तपाईंले स्वास फेरिरहनुहुँदा नै याद गर्नुहोस् कि परमेश्वरले तपाईंलाई यस घडी त्यो जीवनको स्वास दिनुभएको छ । एक मात्र प्रश्न यो छ: त्यसद्वारा तपाईंले के गर्नुहुनेछ ?

यदि तपाईंको उद्धार गरिएको छैन भने, अब परमेश्वरसमक्ष आत्मसमर्पण गर्ने बेला आएको छ । यदि तपाईंको उद्धार गरिएको छ भने, जोशिलो भएर उहाँको निम्ति जिउनुहोस् । तपाईं मर्नुभएर स्वर्ग वा नरक जानुभएपछि, एकातिरबाट अर्कोतिर जाने कुनै मौका हुँदैन ।

सत्य भेट्टाइएको छ । तपाईंको जीवनको यात्रा जारी नै छ । कुनै पनि काम बाँकी राखेर नमर्नुहोस् । न्यायको दिनमा कुनै पछुतो नमान्नुहोस् । तपाईंको जीवन खेर नफाल्नुहोस् ।

तपाईंको जीवनमा अझै पनि बाँच्नुपर्ने पलहरू छन् । ती पलहरू कसरी बिताइनेछन् भनी म फिक्री गर्दछु । तपाईंको समय बुद्धिमानीपूर्वक उपयोग गर्नुहोस्....

तपाईं जन्मिनुभयो । तपाईंले हिँड्न र कुरा गर्न सिक्नुभयो । तपाईं प्राथमिक विद्यालय जान्नुभयो । तपाईंले खेलहरु खेल्न सिक्नुभयो । तपाईं निम्नमाध्यमिक र माध्यमिक विद्यालय जानुभयो । तपाईंले परीक्षामा कति अङ्क आउँदछ भनी अत्यन्त चिन्ता गर्नुभयो । तपाईंले सवारी चालक अनुमति-पत्र लिनुभयो । तपाईं कलेज जानुभयो । तपाईं केही साङ्गीतिक कार्यक्रमहरुमा जानुभयो । तपाईंले जागिर पाउनुभयो । तपाईंले विवाह गर्नुभयो । तपाईंले छोराछोरी पाउनुभयो । तपाईं आफ्नो मनपर्दो खेलकूद टोलीको पक्षमा चिच्याउनुभयो । तपाईं सेवानिवृत्त हुनुभयो ।

***तपाईं मर्नुभयो ।***

अब के ?

हामीले अन्तिम स्वास लिएपछि के हुन्छ ? हामी मरेपछि त्यहाँ कुनै कुरा हुन्छ कि ?

तपाईंको जीवन एउटा यात्रा हो जुन अन्त हुनेछ - कुनै समयमा कतै । के यति नै हो त ? यो जीवन मात्र र अरु केही पनि छैन ? हामी यहाँ पनि किन छौं ?

यो पुस्तकमा तपाईंले यी सबै प्रश्नहरुका जवाफ पाउनुहुनेछ र तिनलाई तर्कपूर्ण, चाखलाग्दो र प्रष्ट तरिकाले प्रस्तुत गरिएको छ ।

आनन्द लिनुहोस् !